# राजस्व न्यायाधिकरण फैसला संग्रह

## भाग–४ (२०७८)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

लाजिम्पाट, काठमाडौं

# राजस्व न्यायाधिकरणबाट भएका कर राजस्व सम्बन्धी फैसला संग्रह २०७८


**संरक्षक**

महानिर्देशक : रितेश कुमार शाक्य

**सम्पादक मण्डल**

उपमहानिर्देशक : गोविन्द प्रसाद सुवेदी
उप न्यायधिवक्ता : गोविन्द उपाध्याय
लेखा नियन्त्रक : नारायण उपाध्याय
निर्देशक : लाल प्रसाद पंगेनी
निर्देशक : प्रकाश पौडेल
निर्देशक : पदम कुमार श्रेष्ठ
निर्देशक : खिम बहादुर कार्की
कानून अधिकृत : बालकृष्ण मिश्र

**विशेष भूमिका**

निर्देशक : गणेश विक्रम शाही
लेखा अधिकृत : भरतराज पोखरेल
शाखा अधिकृत : विनिता कपाली



**आन्तरिक राजस्व विभाग**

लाजिम्पाट, काठमाडौं

फोन नं.: ०१-५०१०१०१/१०७

# राजस्व न्यायाधिकरण काठमाडौं

मुकाम ललितपुर

पत्र संख्या र च.नं.:-

प्राप्त पत्र संख्या/मिति:- ..........................

मिति:- ..............................

## शुभकामना

आन्तरिक राजस्व विभागले राजस्व न्यायाधिकरणबाट भएका ६० वटा फैसला समेटी कर राजस्व सम्बन्धी फैसला संग्रह, २०७८ प्रकाशन गर्न लागेको कुरा जानकारी पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ।

राज्य सञ्चालन खर्चको प्रमुख स्रोतको रुपमा राजस्व असुली गर्ने आधारभुत कर्तव्य सरकारसँग रहेको हुन्छ। राजस्व असुली गर्दा संविधान तथा सम्वद्ध कानूनको परिधिभित्र रही सारभूत तथा कार्यविधिगत उचित प्रक्रिया अवलम्वन गर्नुपर्ने आवश्यकता पर्दछ। कानूनबमोजिम असुली गरिने राजस्वको विषयमा उठ्ने विवादहरुलाई स्वच्छ एवम् निष्पक्ष न्यायका मूल्य मान्यताको परिपालना गरी छिटो, छरितो तवरले न्याय निरुपण गर्ने उद्धेश्यका साथ राजस्व न्यायाधिकरणको स्थापना भएको तथ्य सर्वविदितै छ। राजस्व न्यायाधिकरणबाट भएका फैसलाहरु उपर सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदनको अनुमति पाएको अवस्था र रिट क्षेत्राधिकार अन्तर्गत चुनौति दिएको अवस्थामा बाहेक अन्तिम हुने भएकाले त्यस्ता फैसलाहरुको महत्व राजस्व प्रशासनका सरोकारवालाहरु बीच झनै बढेको देखिन्छ। राजस्व न्यायाधिकरणले राजस्व सम्बन्धी विवादको निरुपण गर्दा न्यायिक स्वच्छता, निष्पक्षता र कानूनको शासनको मर्मलाई आत्मसात गर्दै करदातालाई न्याय प्रदान गर्ने दिशामा क्रियाशिल रही कार्य सम्पादन गर्ने गरेको छ। यस सन्दर्भमा प्रकाशित फैसलाहरुको अध्ययनबाट राजस्व प्रशासन तथा राजस्व न्यायाधिकरणमा कार्यरत जनशक्ति, करदाता, अनुसन्धानकर्ता, विद्यार्थी एवम् सरोकारवालाहरु सबै लाभान्वित हुने विश्वास लिएको छु।

अन्त्यमा यो फैसला संग्रह, २०७८ प्रकाशनको लागि आन्तरिक राजस्व विभाग परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दै प्रकाशनको सफलताको लागि शुभकामना दिन चाहन्छु।

श्री टेकप्रसाद ढुङ्गाना
कानून सदस्य एवम् अध्यक्ष
राजस्व न्यायाधिकरण, काठमाडौं

# भूमिका

नेपालको संविधानले कानून बमोजिम बाहेक कर लगाउन नपाइने व्यवस्था गरेको छ। सोही व्यवस्था बमोजिम नेपालको संविधानको अनुसूची-१ मा संघीय सरकारको अधिकारक्षेत्र भित्र रहेको राजस्व प्रशासनको लागि विभिन्न कर कानूनहरुको व्यवस्था गरिएको छ। कर कानून आफैंमा जटिल हुने भएकोले कानून कार्यान्वयनको सिलसिलामा विभिन्न विवादहरु सिर्जना हुने गरेका छन्। त्यस्ता विवादहरुको समाधान समयमै सरल विधिबाट भएमा कर प्रणाली मितव्ययी, करदातामैत्री तथा लगानीमैत्री हुनसक्दछ। कर सम्बन्धी विवाद समाधानलाई सरल र मितव्ययी बनाउने उद्देश्यले नै राजस्व न्यायाधिकरणको स्थापना भएको हो।

कर प्रशासन र करदाता बीच सिर्जना भएका कतिपय कर विवादहरु राजस्व न्यायाधिकरणबाट निरुपण भएका छन्। यसरी विवादहरु निरुपण हुँदा कर कानूनमा भएको व्यवस्था र सोको अभ्यास सम्बन्धमा न्यायिक मान्यताहरु स्थापित भएका छन्। स्थापित मान्यताहरुको कर प्रशासन तथा करदाताबाट इमान्दारीपूर्वक परिपालना भएमा विवादको सिर्जना हुन पाउँदैन। राजस्व न्यायधिकरणबाट भएका फैसलाहरुको सबैलाई जानकारी होस् र कर कानूनको परिपालनामा एकरुपता कायम भई कर विवाद सिर्जना नहोस् भन्ने उद्देश्यले यो फैसलाहरुको संग्रह प्रकाशन गरिएको छ। यस संग्रहमा मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क एवम् भन्सार सम्बन्धी मुद्दामा भएका फैसलाहरु समावेश गरिएका छन्। प्रस्तुत प्रकाशनबाट सम्पूर्ण कर्मचारी, करदाता, लेखापरीक्षक, पेशाविद एवम् सरोकारवाला निकायहरु समेत लाभान्वित हुने विश्वास लिएको छु ।

यस संग्रह प्रकाशनको क्रममा आफ्नो सारगर्भित मन्तव्य र मार्गदर्शनका लागि राजस्व न्यायधिकरण काठमाण्डौका अध्यक्ष श्रीमान् टेक प्रसाद ढुङ्गानाज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै प्रकाशनमा अग्रसरता लिने यस विभागका उप महानिर्देशक श्री गोविन्द प्रसाद सुवेदी, उपन्यायाधिवक्ता श्री गोविन्द उपाध्याय, कानून अधिकृत बालकृष्ण मिश्र र शाखा अधिकृत बिनिता कपालि समेत सबैलाई धन्यवाद दिन चाहन्छु।

२०७९ जेठ

(रितेश कुमार शाक्य)
महानिर्देशक

**महानिर्देशक**

# मुद्दा सूची


| सि.नं. | निवेदक | विपक्षी | मुद्दा | पेज नं. |
|---|---|---|---|---|
| १ | स्वस्तिक ट्रेड लिंक प्राइभेट फर्म | श्री आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन | आयकर | १ |
| २ | श्री काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेड | ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | ६ |
| ३ | युनाइटेड पोलिस्याक्स प्रा.लि. | श्री वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज | मु.अ.कर | १३ |
| ४ | नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. | श्री आन्तरिक राजस्व कार्यालय काठमाण्डौ | शिक्षा सेवा शुल्क | २० |
| ५ | वर्जर जेन्सन एण्ड निकल्सन (नेपाल)प्रा.लि. | श्री महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ | पूर्वादेश (आयकर) | २४ |
| ६ | एन. आई. सि. बैंक लि. | ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | ३० |
| ७ | एन. आई. सि. बैंक लि. | ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | ४१ |
| ८ | एम.ए. डब्लु इन्जिनियरिंग प्रा.लि. | आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं | | ५२ |
| ९ | खेतान ओभरसिज(स्था.ले.नं.300164626) को प्रोपाइटर रामचन्द्र खेतान | सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज | भंसार मूल्य निर्धारण | ५६ |
| १० | श्री शिवशक्ती दाल मिल प्रा.लि. जीतपुर बारा | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | ६१ |
| ११ | Telecom Network Solutions Pvt. Ltd. | श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट | पूवार्देश | ६७ |
| १२ | एनसेल प्रा.लि. | श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट | पूवार्देश | ७५ |
| १३ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | अग्रिम कर | ८३ |
| १४ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | मु.अ.कर | ९० |
| १५ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | १०० |
| १६ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | मु.अ.कर | १०९ |
| १७ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | मु.अ.कर | ११७ |
| १८ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | १२४ |
| १९ | सी.जी. फुड्स नेपाल प्रा.लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | मु.अ.कर | १३३ |

| सि.नं. | निवेदक | विपक्षी | मुद्दा | पेज नं. |
|---|---|---|---|---|
| २० | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. | साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ | आयकर | १४० |
| २१ | बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. | ठूला करदाता कार्यालय, ललितपुर | आयकर | १४८ |
| २२ | वेष्टार प्रोपर्टिज प्रा.लि. | राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर | मु.अ.कर | १५७ |
| २३ | कास ट्रेडिङ्ग हाउस प्रा. लि. | आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १, बबरमहल | आयकर | १६८ |
| २४ | फर्निचरल्याण्ड स्टोर प्रा. लि. | आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २, बबरमहल | मु.अ.कर | १७४ |
| २५ | प्रिमियर वायर्स प्रा. लि. | ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर | मु.अ.कर | १८४ |
| २६ | एनडिइपी डेभलपमेन्ट बैंकलिमिटेड, राइजिङ्ग डेभलपमेन्ट बैंक लि. | श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर | १८९ |
| २७ | चन्द्रा एण्ड बसन्त कन्सट्रक्सन प्रा.लि. | आन्तरिक राजस्व कार्यालय, भैरहवा समेत | आयकर | २०३ |
| २८ | सिद्धार्थ बैंक लिमिटेड | ठूलाकरदाता कार्यालय, हरीहरभवन, ललितपुर | अग्रिम कर कट्टि | २१८ |
| २९. | पोखरा अल्ट्रालाइट प्रा.लि. | नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, पोखरा, कास्की | मु.अ.कर | २२६ |
| ३०. | पोखरा अल्ट्रालाइट प्रा.लि. | आन्तरिक राजस्व ,अर्थ मन्त्रालय ,नेपाल सरकार कास्की ,पोखरा ,कार्यालय | आयकर | २४१ |
| ३१. | एभरेष्ट डि कार्गो प्रा.लि. | त्रिभुवन विमानस्थल भन्सार कार्यालयका | सुन चोरी पैठारी | २५४ |
| ३२. | टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि. | त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर,काठमाण्डौ | बढी भन्सार महसुल | २६४ |
| ३३. | टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि. | त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर,काठमाण्डौ | मु.अ.कर | २७० |
| ३४. | नाजिर अन्सारीसमेत | त्रिभुवन विमानस्थल भन्सार | सुन भन्सार चोरी पैठारी | २७६ |
| ३५. | मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि. | भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाण्डौ | बढी भन्सार महसुल माग | २८२ |
| ३६. | नेपाल सरकार सर्लाही जिल्ला मलंगवा वडा, नगरपालिका बस्ने वर्ष ३५ को सद्रे आलम | निर्देशक राम प्रसाद रेग्मी समेतको प्रतिवेदनले नेपाल सरकार | सुन भन्सार चोरी पैठारी | २९१ |

| सि.नं. | निवेदक | विपक्षी | मुद्दा | पेज नं. |
|---|---|---|---|---|
| ३७. | खेतान ओभरसिज | सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज | भंसार मूल्य निर्धारण | २९९ |
| ३८. | शिवशक्ति केमोप्लाष्ट प्रा.लि. | श्री वीरगंज भन्सार कार्यालय, वीरगंज | छुट अन्त:शुल्क र मूल्य अभिबृद्धि कर समेत | ३०४ |
| ३९. | खेतान ओभरसिज | सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज | भंसार मूल्य निर्धारण | ३११ |
| ४०. | The Leaf Hospitality Pvt.Ltd. | श्री भंसार जाँचपास परिक्षण कार्यालय, तीनकुने काठमाण्डौँ | भंसार महसुल र मू.अ. कर निर्धारण | ३१६ |
| ४१. | BAGAPPA SHETTY HOUSE PADEBETTU PADUBIDRI BANGALORE, INDIA स्थाई ठेगाना भएको India को राहदानी नं.R2342388 वाहक VINOD NARAYAN SHETTY | त्रिभुवन विमानस्थल भन्सार कार्यालय | सुन चोरी पैठारी। | ३२२ |
| ४२. | बंगलादेशी नागरिक राहदानी नं.AE4052096 वाहक MD Khalilur Rahman | महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय | सुन चोरी पैठारी | ३२७ |
| ४३. | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. | साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली | आयकर | ३३३ |
| ४४. | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. | साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली | आयकर | ३४२ |
| ४५. | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. | साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली | आयकर | ३५० |
| ४६. | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. | साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली | आयकर | ३५८ |
| ४७. | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. | साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली | आयकर | ३६६ |
| ४८. | रौतहट गौर नगरपालिका वडा नं २ बस्ने सहदेव साहको नाति नथुनी साहको छोरा वर्ष २५ को दिनानाथ प्रसाद गुप्ता | नेपाल सरकार | **सुन चोरी पैठारी** | ३७३ |
| ४९. | वेष्टार प्रोपर्टिज प्रा.लि. | राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर | मु.अ.कर | ३७८ |
| ५०. | कास ट्रेडिङ्ग हाउस प्रा. लि. | आन्तरिक राजस्व कार्यालय काठमाण्डौ | आयकर | ३८९ |

| सि.नं. | निवेदक | विपक्षी | मुद्दा | पेज नं. |
|---|---|---|---|---|
| ५१. | करण मोटर कम्पनी प्रा. लि. | विरगञ्ज भन्सार कार्यालय, पर्सा, विरगञ्ज | बढी भन्सार महशुल फिर्ता | ३९५ |
| ५२. | लाइफ अटोमोबाइल प्रा. लि. | विरगञ्ज भन्सार कार्यालय, पर्सा, विरगञ्ज | भन्सार मूल्याङ्कन | ४०३ |
| ५३. | फर्निचरल्याण्ड स्टोर प्रा. लि. | आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २, बबरमहल .. | मु.अ.कर | ४१२ |
| ५४. | प्रिमियर वायर्स प्रा. लि. | ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर | मु.अ.कर | ४२२ |
| ५५. | प्रिमियर वायर्स प्रा. लि. | आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर | मु.अ.कर | ४२७ |
| ५६. | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. | सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | बढी भन्सार महसुल असूल उपर | ४३२ |
| ५७. | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. | सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | बढी भन्सार महसुल असूल उपर | ४३७ |
| ५८. | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. | सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | बढी भन्सार महसुल असूल उपर | ४४२ |
| ५९. | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. | सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | बढी भन्सार महसुल असूल उपर | ४४७ |
| ६०. | सिद्धार्थ बैंक लिमिटेड | ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | अग्रिमकर कट्टि | ४५२ |
| ६१. | सिद्धार्थ बैंक लिमिटेड | ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | आयकर | ४६० |
| ६२. | सिद्धार्थ बैंक लिमिटेड | ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | अग्रिमकर कट्टि | ४६६ |
| ६३. | सिद्धार्थ बैंक लिमिटेड | ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | आयकर | ४७६ |
| ६४. | सिद्धार्थ बैंक लिमिटेड | ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | अग्रिमकर कट्टि | ४८२ |
| ६५. | सिद्धार्थ बैंक लिमिटेड | ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | अग्रिमकर कट्टि | ४८८ |

# सार संक्षेप

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| १ | २०७७।०७८ सालको निर्णय नं. १ पुनरावेदन नं. ०७६-RB-०००५ मुद्दाः– आयकर (२०६९/०७०) | स्वस्तिक ट्रेड लिंक प्राइभेट फर्म **विरुद्ध** श्री आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन | करदाताले आर्थिक वर्षमा भुक्तानी गरेको भएतापनि सम्बन्धित आय वर्षको मात्र नभई अर्को आय वर्षको दायित्व बहन गर्नका लागि समेत भएको सो खर्च सम्बन्धित आय वर्षको हदसम्मको रू. ५०००।- मात्र दावी गर्नपुर्नेमा सम्पूर्ण खर्च दावी गरेकोले आयकर ऐन, २०५८ को दफा १३ बमोजिमको खर्च नभएको हुँदा सोही ऐनको दफा २१ (१) (च) बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी भएको निर्णय कानूनसम्मत नै देखिन आयो । | १ |
| २ | २०७६।०७७ सालको निर्णय नं. २७ पुनरावेदन नं. ९७—०७४-RB-००५६ मुद्दाः— आयकर (२०६९/०७०) | श्री काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेड **विरुद्ध** ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | महिलाहरुमा उद्यमशिलता बृद्धिहोस र आत्मनिर्भरता कायम हुन सकोस भन्ने समेतको अभिप्रायले बिधायिकाले दिएको यसप्रकारको सुविधालाई अन्यथा अर्थ गरी कर सुविधाबाट बन्चित गर्नु बिशेष संरक्षणको संबैधानिक मान्यता तथा सम्बन्धित कानुनी ब्यवस्था बिपरित हुन जान्छ । आयकर निर्देशिका २०६६ (संशोधन २०६८) को पृष्ट १५४ मा उदाहरणसहित सो सुविधा दिन मिल्ने गाइडलाइन आन्तरिक राजस्व बिभागबाट जारी भएको स्थितिमा दम्पति सुविधा लिएका महिला कर्मचारिहरुले थप १० प्रतिशत कर छुटको सुविधा नपाउने भन्नु न्याय संगत हुँदैन । कानुनको सम्बन्धित दफाको प्रतिबन्धात्मक वाक्यांशमा यो यस्तो अवस्थामा नपाउने भनी स्पष्ट रुपमा ब्यबस्था गरेको अवस्थामा बाहेक कानुनमा लेखिएको ब्यबस्थालाई अन्यथा अर्थ गरी अर्थात दम्पत्ति सुविधा लिएका महिला कर्मचारीहरुले थप १० प्रतिशत कर छुट नपाउने भन्ने अर्थ गरी सो सुविधाबाट बन्चित हुने गरी भएको उक्त सम्बद्ध निर्णय कानुन, स्वविवेदक र न्यायका मान्य सिद्धान्त प्रतिकूल भएको देखिन आयो । अतः उक्त रकम छुट नदिने गरी भएको शुरु निर्णय मिलेको देखिन आएन। | ६ |
| ३ | २०७४ सालको मुद्दा नं. ०७३-RB- ०६४२ निर्णय नं. ४९ मुद्दाः- छुट अन्तःशुल्क र मूल्य अभिबृद्धि कर। | युनाइटेड पोलिस्याक्स प्रा. लि. **विरुद्ध** श्री वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज | अर्धन्यायिक अधिकारीले गर्ने निर्णयमा निर्णयकर्तालर् न्यायिक मनको प्रयोग गरी निर्णयमा पुग्ने आधार र कारण खुलाइएको हुनुपर्छ। अरु कुनै अधिकारी वा निकायले लाए अह्याए अनुसार वा लेखेको पत्र अनुसारको कार्य गर्ने प्रशासकीय अधिकारी बाहेकका अर्धन्यायिक अधिकारीले कसैको जीउ, धन र वैयक्तिक स्वतन्त्रतामा असर पर्ने निर्णय गर्दा आफै आधार र कारण खोली बुझ्नुपर्ने प्रमाण भए बुझी न्यायिक मनको प्रयोगका साथ गर्नु पर्छ । अर्काको आदेश तामेल गर्ने दृष्टिले गरिएको आफ्नो विश्लेषण विवेचना र मूल्याङ्कन बिनाको निर्णयले न्यायिक निर्णयको स्थान लिन सक्दैन । न्यायिक मनको प्रयोग विना भएको निर्णयलाई कानूनसम्मत निर्णय मान्न मिल्दैन । प्रत्यर्थीले पुनरावेदक माथि भन्सार महसुलको भार बढी पर्ने पत्राचार गर्दा सो अनुसार नगरी महालेखा परीक्षकको पत्रको कार्यान्वयन गर्ने शैली र तरिकाबाट मात्र गरेको देखिदा उक्त निर्णयमा न्यायका आधारभूत मान्यताको ठाडो उलंघन भएको भन्ने देखिन आयो। यस आधारमा उक्त निर्णय मिलेको देखिएन । | १३ |
| ४ | २०७५ सालको मुद्दा नं. ०७५-RB- ००२० निर्णय नं. ५० मुद्दाः— शिक्षा सेवा शुल्क(०७१/२०७०) | नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. **विरुद्ध** श्री आन्तरिक राजस्व कार्यालय काठमाण्डौ | कर प्रशासन संचालन गर्दा हुन सक्ने त्रुटी कानून एवं न्यायिक सिद्धान्त प्रतिकुल कुनै कार्य भएमा आन्तरिक रुपमै प्रशासकीय पुनरावलोकनको माध्यमबाट त्रुटी सच्चाउने मार्ग प्रसस्त गर्न प्रशासकीय पुनरावलोकनको व्यवस्था गरिएको हुन्छ । उक्त मार्ग अवलम्बन गरी सकेपछि मात्र सो निर्णय पुनरावेदन गर्नका लागि परिपक्व हुन्छ । कुनै न्यायिक निकायले शुरु कारवाही सुनुवाई गरी फैसला वा अन्तिम आदेश र किनारा गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन सुन्ने सम्बन्धित अदालतमा कानून बमोजिम पुनरावेदन गर्ने अधिकार हुन्छ। यद्यपी उक्त अधिकार प्रयोग गर्न शुरु फैसलाले तोकेको प्रकृया अवलम्बन गरी आउनु पर्ने हुन्छ । तसर्थ पुनरावेदक करदाता सोझै पुनरावलोकनका लागि शुरु निर्णय अनुसारको निकायमा नगई यस अदालतमा पुनरावेदन दिन आउने कार्य विधिसम्मतको हो भनी मान्न मिलेन । | २० |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| ५ | २०७४ सालको मुद्दा नं. ०७४-**RB**-०१३६<br>नि.नं. ५२<br><br>मुद्दा पूर्वादिश (आयकर) | वर्जर जेन्सन एण्ड निकल्सन (नेपाल)प्रा.लि.<br><br>**विरुद्ध**<br>श्री महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ | करको दरमा २० प्रतिशत छुट दिएकोले लाग्ने करको दर २० प्रतिशतमा २० प्रतिशतले छुट हुँदा १६ प्रतिशतका दरले कर लाग्ने/नलाग्ने विषयमा द्विविधा भई स्पष्ट हुन पूर्वादिश माग गरेकोमा आयकर ऐन २०५८ को दफा १४२ मा कर सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने भनिएको र सो दफामा आर्थिक ऐन बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका करका व्यवस्थाहरुमा कुनै पनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्थाहरु गर्न सक्ने छैन भन्ने उल्लेख रहेकोले आयकरको दर तथा छुट सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम कै प्रावधानहरु लागू हुने स्पष्ट व्यवस्था भएकोले आयकर ऐन नियममा स्पष्ट भएको विषयमा पूर्वादिश जारी गर्न पर्ने नदेखिएकोले पूर्वादिश जारी नगरिएको व्यहोरा अनुरोध छ। | २४ |
| ६ | २०७४।०७५ सालको निर्णय नं. ७१<br>पुनरावेदन नं. ९७-०७३-००६४०<br><br>मुद्धा-आयकर<br>(आ.व-२०६७/०६८) | एन. आई. सि. बैंक लि.<br><br>**विरुद्ध**<br>ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | Himalayan cooperative society Ltd. TU staff provident Fund & TU staff welfare Fund , Third Livestock development Project. लाई भुक्तानी गरेको ब्याजमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कर कट्टी गर्दै आएकोमा आन्तरिक राजश्व कार्यालयबाट कर छुट को प्रमाणपत्र पाएको भन्ने आधारबाट सबै आर्जनमा समेत कर छुट पाएको भन्न मिल्ने देखिदैन । सर्वोच्च अदालतको मिति ३-९-२०७० को विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) विरूद्ध विपक्षी नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार समेत भएको रिट -०६९W००८२९- को (प्रकरण नं. १४) मा "कर छुटका आफ्नै सिमा हुन्छन् । त्यो सिमाभन्दा बाहिर गएर न त राज्यले कर लगाउन सक्दछ न त आय प्राप्त गर्ने व्यक्ति वा संस्थाले इन्कार गर्न नै । कर छुटको प्रमाणपत्र जारी हुँदैमा करमुक्त हुन नसक्ने विशुद्ध व्यापारिक कारोबार गरी आय आर्जन गरेको छ भने त्यस्तो अवस्थामा सो संस्थाले प्राप्त गरेको आयलाइ करको दायरामा ल्याउनु हुँदै हुँदैन भन्ने तर्क गर्नु करका मूल्य मान्यता र सिद्धान्त विपरित हुन जाने ।<br>मुनाफारिहत संस्था भन्ने बित्तिकै व्यापार व्यवसायलाइ छुट भनेको होइन । वित्तीय कारोबार गर्नु विशुद्ध सेवामूलक मात्र नभई नाफामूलक व्यापार व्यवसाय पनि हो । मुनाफा पनि व्यापार व्यवसायबाट हुन्छ भने त्यस्तो रकम कररहित हुन सक्दैन । त्यसकारण वित्तिय कारोबारबाट प्राप्त आयमा सम्पूर्ण कर छुटको दावी गर्न र छुट दिन मिल्ने नदेखिंने" उल्लेख भएकोले कर योग्य आय आर्जनका कारोवारमा कर कट्टी गरी छुट पाउने कारोवारमा मात्र कर कट्टी गर्न नपर्ने भनी लेखिएको देखिदा ब्याज भुक्तानी गरेको रकममा कर लाग्ने भएकाले आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्नुपर्नेमा सो भए गरेको नदेखी शुरु कार्यालयले गरेको कर दावीको निर्णय कानून सम्मत नै देखिन आयो । | ३० |
| ७ | २०७४।०७५ सालको निर्णय नं. ७२<br>पुनरावेदन नं. ९७—०७३—००६४१<br><br>मुद्धा आयकर<br>(आ.ब. २०६८/०६९) | एन. आई. सि. बैंक लि.<br><br>**विरुद्ध**<br>ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | सन्दभर्मा करदाताले पेश गरेको जवाफमा SWIFT, Reuters, Software जस्ता सेवाहरू विदेशमा संयन्त्र स्थापित गरी सञ्चालन गरेको र नेपालमा श्रोत नै नरहेकोले भुक्तानीमा अग्रिमकर कट्टी नगरेको भनी मू.अ.कर तर्फ कुनै पनि जिकिर नलिइ प्रत्यर्थी कार्यालयबाट माग गरेको Reverse Vat अनुचित भनी व्यहोरा उल्लेख गरेकोमा मू.अ.कर ऐन, २०५२ को दफा १)२०) (ञ), नियमावलीको नियम २९ अनुसार निर्धारण भएको मू.अ.करको सम्बन्धमा आयकर तर्फको जिकिर सान्दर्भिक रहेन । तसर्थ, मू.अ.कर छुट हुने सूचीमा नपरेको SWIFT सेवाको भुक्तानीमा मू.अ.कर ऐन, २०५२ को दफा २)८) आकर्षित हुने देखिन्छ। पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन । | ४१ |
| ८ | २०७४।०७५ सालको निर्णय नं. ७४<br>पुनरावेदन नं. ९७—०७२—००२५६ | एम.ए. डब्लु इन्जिनियरिंग प्रा.लि.<br><br>**विरुद्ध**<br>आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं | जुन निर्णय वदर गरी पाउन माग गरी पुनरावेदकका तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको हो सोही निर्णय प्रशासकीय पनुरावलोकनको तहबाट नै वदर भई पुनः निर्णय गर्न आदेश भइसकेको अवस्था देखिंदा प्रस्तुत पुनरावेदनको रोहबाट पुनरावेदनपत्रमा उठाइएका जिकिरहरुका हकमा केही बोलिरहनुको औचित्य देखिएन । | ५२ |

| आयकर ⁄ अन्तःशुल्क ⁄ मूल्य अभिवृद्धि ⁄ भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष ⁄ विपक्ष | सार ⁄ संक्षेप | पेज नं |
| ९ | २०७७/०७८ सालको निर्णय नं.४४ पुनरावेदन नं. ०७६-००२८ पुनरावेदन दर्ता मिति : २०७६।०५।१० मुद्दा : भंसार मूल्य निर्धारण | खेतान ओभरसिज **विरुद्ध** सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज | यसरी मालवस्तुको जाँचपासको सम्बन्धमा मिति १४/११/२०७४ मा महानिर्देशकबाट पुनः मूल्यांकनको लागि आदेश भै सो आदेश बमोजिम पुनः मूल्य निर्धारण भएको निर्णय बदरभागी रहेको भनि पैठारीकर्ताले लिएको दावी समेत युक्ति संगत मान्न नसकी पैठारी गरेको सामान प्रति किलो अमेरिकी डलर १.६० को कारोबार मूल्य वास्तविक मान्यता दिन नसकी २.२५ कायम गर्ने गरि मूल्याङ्कन पुनरावलोकन समितिबाट गरेको निर्णय कानुन सम्मत नै देखिन आयो। | ५६ |
| १० | २०७६।०७७ सालको निर्णय नं. ९३ पुनरावेदन नं. ९७–०७५-RB-०१५१ मुद्दाः– आयकर (२०७२/०७३) | श्री शिवशक्ती दाल मिल प्रा.लि. जीतपुर बारा **विरुद्ध** श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट यी करदाताका आ.व. २०७२।०७३ कर निर्धारण गर्दा आ.व. २०७०।०७१ र २०७१।०७२ को आयकर निर्धारणको क्रममा नोक्सानी खर्च, ह्रास खर्च र मर्मत सम्भार खर्च सम्बन्धमा प्रत्यर्थी कार्यालयले गरेको निर्णय उपर पुनरावेदन परेको र पुनरावेदन तहबाट निर्णय भै आएको बखत आवश्यक कारवाही हुने नै हुँदा भनी निर्णय पर्चामा उल्लेख गरेको देखिंदा गत वर्षहरुको ह्रास खर्चहरुलाई समायोजन गर्ने गरी न्यायाधिकरणबाट फैसला भएको खण्डमा त्यस्तो खर्च समायोजन हुन सक्ने सम्भावनालाई कायमै राखेको देखिंदा र यस न्यायाधिकरणबाट आ.व. २०७०।०७१ र २०७१।०७२ को नोक्सानी खर्चलाई मान्यता दिने गरी फैसला नै भैसकेको अवस्थामा उक्त वर्षदेखिको खर्च कट्टिलाई मान्यता दिन नमिल्ने भनी शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट गरेको निर्णय कानूनसम्मत मान्न मिलेन । | ६१ |
| ११ | २०७६।०७७ सालको निर्णय नं. ९४ पुनरावेदन नं. ९७-०७५-RB-०२२५ मुद्दाः– पूर्वादिश | **Telecom Network Solutions Pvt. Ltd.** **विरुद्ध** श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट | नेपाल भारत बीच सम्पन्न दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सन्धीको धारा ५ को प्रकरण ३ को (क) र (ख) बमोजिम ९० दिन भन्दा बढी नेपालमा बसी परामर्श सेवा आपूर्ति गरेको भनी मान्न मिल्ने समेत नदेखिएकोले उक्त कम्पनी स्थायी संस्थापन हो भन्न मिल्ने देखिएन । सोही सन्धीको धारा ७ को प्रकरण १ बमोजिम स्थायी संस्थापनको हैसियतले नेपालमा व्यवसाय संचालन नगरेसम्म भारतीय कम्पनीलाई नेपालमा कर लगाउन नमिल्ने हुँदा कर नै लगाउन नमिल्ने पक्षलाइ आयकर ऐन २०५८ को दफा ८९(१) बमोजिम करकट्टि गर्न समेत मिल्ने देखिएन । | ६७ |
| १२ | २०७६।०७७ सालको निर्णय नं. ९५ पुनरावेदन नं. ९७–०७६–RB-००७३ मुद्दाः– पूर्वादिश | एनसेल प्रा.लि. **विरुद्ध** श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट | पूर्वादिश जारी गर्दा आफ्नो निर्णयलाइ पुष्टि गर्ने कुनै आधार कारण खोलेको देखिंदैन। एनसेल प्रा.ली. ले माग गरेको विषय यो यस कारणले ठेक्का वा करार हो भनी स्पष्टरुपमा बोल्न सकेको अवस्था पनि छैन। यसरी अनुमान र शंकाको भरमा करको दायित्व वहन गराउने गरी भएको पूर्वादिश सम्बन्धी आन्तरिक राजस्व विभागको निर्णय कानून सम्मत नदेखिदा आयकर ऐन, २०५८ को दफा ३) ८९)(क) बमोजिम पाँच प्रतिशत ले कर कट्टी गर्नु पर्ने भनी पुनरावेदकले माग गरेको विवादित विषयमा वस्तुको आपूर्ती तथा ठेक्का वा करार हो वा होइन भनी स्पष्ट तवरमा नबोली कानूनको प्रावधान सम्म उल्लेख गरी निर्णय भएको देखिदा सो निर्णय मिलेको नदेखिदा बदर गरी दिएको छ। | ७५ |
| १३ | २०७५।०७६ सालको निर्णय नं. ११९ पुनरावेदन नं. ९७-०७३-RB-००४५९ मुद्दाः– अग्रिम कर (२०६७/०६८) | सी.जी. फुड्स नेपाल प्रा. लि. **विरुद्ध** श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | अतः स्थायी लेखा नं. ३०००१०२८२ भएका पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा. लि. को आ.व. २०६७/०६८ को अग्रिम कर कट्टि रकम निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।१०।२९ को निर्णय र सोलाइ समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ को निर्णयमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । | ८३ |
| १४ | २०७५।०७६ सालको निर्णय नं. १२१ पुनरावेदन नं. ९७-०७३–RB-००४६० मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८) | सी.जी. फुड्स नेपाल प्रा. लि. **विरुद्ध** श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | करदाता कम्पनी तथा रचना एण्ड ट्रेडर्स र संयुक्त स्टोर्स एण्ड सप्लायर्सका विचमा भएको विक्री कारोबारमा रु. ४१६७९२।–घटी विक्री देखाएको र डालिमिया प्रिन्ट एण्ड प्याकेजिङ्ग उद्योग प्रा.लि. सँगको खरिद कारोबारमा रु. ६१२६०।– बढी खरिद देखाएको भन्ने Mismatch रिपोर्टको आधारमा नमिलेको भनी उल्लेखित रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको देखिन्छ। तर मिसम्याचका सम्बन्धमा अर्को करदाताको अभिलेख पुनरावेदकको अभिलेखसँग भिडाई दुईमध्ये कुन करदाताको कारणबाट घटी विक्री र बढी खरिद हुन गएको भन्ने सम्बन्धमा कुनै अनुसन्धान तथा छानविन भएको देखिंदैन। | ९० |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्धा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| | | | पुनरावेदक करदाताले ती पार्टीहरुले अनुसूची १३ मा गल्तीले बढी र घटी उल्लेख गरिदिएको कारण मिसम्याच हुन गएको हो । करदाताले देखाएको विवरण यकिन छ भनी जिकिर लिएको देखिएतापनि सो सम्बन्धमा मिसम्याच हुनुपर्ने कारण के हुन सक्दछन् भनी कुनै किसिमको छानविन भएको अवस्था नै देखिदैन । निर्णयमा मिसम्याच भएको भनेर मात्र पुग्दैन सो प्रमाणित हुने बस्तुनिष्ठ सबुत प्रमाणबाट प्रमाणित भएको भनी देखाउन सक्नुपर्ने हुन्छ । अन्यथा विना आधार कर निर्धारण गरिनु मनोगत हुन जान्छ । न्याय प्रमाणमा आधारित हुन्छ, प्रमाणले समर्थन वा खण्डित गरेको अवस्था छ, छैन भन्ने सम्बन्धमा न्यायको रोहमा अनिवार्य रुपमा हेर्नुपर्ने विषय हो । खरिद विक्री कारोबारको मिसम्याच कर अधिकृतको लागि छानविन अनुसन्धान गर्ने आधार भएपनि करदाताले पेश गरेको प्रमाण एवं जिकिरको विश्लेषण नै नगरी थप मूल्य अभिवृद्धि कर निर्धारण आदेशसँग सहमत हुन सकिएन। | |
| १५ | २०७५।०७६ सालको निर्णय नं. १२२ पुनरावेदन नं. ९७-०७३-RB-००४६१<br><br>मुद्दाः– आयकर (२०६८/०६९) | सी.जी. फुड्स नेपाल प्रा. लि.<br><br>**<u>विरुद्ध</u>**<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर ऐन २०५८ को दफा ११९ को उपदफा (३) अनुसार अग्रिम कर कट्टि गरेको रकम वा अग्रिम कर कट्टि नगरेको भए पनि कट्टि गर्नु पर्ने समयमा सो कर कट्टि गरेको मानिने रकम भुक्तानी गर्नेले अग्रिम कर कट्टी वापतको रकम दाखिला नगरेमा व्याज लाग्ने देखिन्छ । ऐनको दफा ९०(८) मा दाखिला गर्नु पर्ने अग्रिम कर कट्टि रकमको विवरण वा कर दाखिला नगरेको अवस्थामा दाखिला नगरेको र घटी दाखिला गरेको रकम र सो रकममा दफा ११९ बमोजिम व्याज मात्र लाग्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कानूनमा भएको व्यवस्था विपरित अग्रिम कर कट्टि गर्नु पर्ने रकम नगरेमा वा कट्टि गर्न छुट भएमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको अवस्थामा दफा १२०(क) को शुल्क लगाउनु न्यायसँगत देखिंदैन । कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा ढिला दाखिला भयो भन्ने आधारमा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन।<br>अतः स्थायी लेखा नं. ३०००१०२८२ भएका पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा. लि. को आ.व. २०६७/०६८ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।०३।३१ मा भएको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णयमा Mismatch तर्फ खरिद र विक्री कारोबारमा फरक परेको रकम आय कायम गरेको र Suspicious करदाताबाट खरिद गरेको भनी खर्च कट्टि अमान्य गरेको र अग्रिम करकट्टी तर्फ दफा १२०(क) को शुल्क लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।त्यसै गरी विरेन्द्र कनौडिया समेतलाई Advance दिएको, संचालक सापटी दिएको र निर्माणधिन भवनमा भएको खर्च कर्जा रकमबाट दिएको भनी सोको हुने व्याज रकम खर्च कट्टी अमान्य गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर गरी दिएको छ । अब सो सम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । | १०० |
| १६ | २०७५।०७६ सालको निर्णय नं. १२३ पुनरावेदन नं. ९७-०७३-RB-००४६२<br><br>मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६८/०६९) | सी.जी. फुड्स नेपाल प्रा. लि.<br><br>**<u>विरुद्ध</u>**<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | स्थायी लेखा नं. ३०००१०२८२ भएका पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा.लि.. को आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।३।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ को निर्णयमा Mismatch तर्फ खरिद र विक्री कारोबारको फरक परेको रकममा मू.अ.कर लगाएको र Suspicious करदाताबाट खरिद गरेको भनी करकट्टी अमान्य गरेको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । त्यसै गरी **Thai Preserved Foods Factory Ltd.**, थाइल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । | १०९ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| १७ | २०७५।०७६ सालको निर्णय नं. १२५ पुनरावेदन नं. ९७-०७३-RB-००४६४<br>मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६९/०७०) | सी.जी. फुड्स नेपाल प्रा. लि.<br>**विरुद्ध**<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | Mismatch Report का आधारमा नमिलेको भनी उल्लिखित रकममा कर, निर्धारण गरेको देखिन्छ । तर Mismatch का सम्बन्धमा अर्को करदाताको अभिलेख पुनराबेदकको अभिलेख सँग भिडाई दुइमध्ये कुन करदाताको खर्च दाबी ठिक र कुन करदाताको बेठिक भन्ने सम्बन्धमा कुनै अनुसन्धान तथा बिबेचना भएको देखिंदैन । पुनरावेदक करदाताले खरीदकर्तालाइ क्रेडिट नोट जारी गरेको भनि जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा एवं Mismatch हुन पर्ने कारण के हुन भन्ने तर्फ कुनै किसिमको छानविन भएको पाइदैन । निर्णयमा Mismatch भएको भनेर मात्र हुदैन । अनुसन्धान भएको देखिने वस्तुनिष्ठ आधार हुनु वा देखाउनु पर्छ । अन्यथा विना आधार खर्च अमान्य गर्नु वा आय कायम गर्नु मनोगत निर्णय हुन जान्छ । न्याय प्रमाणमा आधारित हुन्छ ।<br>प्रमाणले समर्थन वा खण्डन गरेको अवस्था छ छैन भन्ने सम्बन्धमा न्यायको रोहमा अनिवार्य रुपमा हेर्नुपर्ने बिषय हो। खरीद बिक्री एवं आसामी साहु कारोबारको मिसम्याच कर अधिकृतका लागि छानविन अनुसन्धान गर्ने आधार भए पनि करदाताले पेश गरेका प्रमाण एवं जिकिरको विश्लेषण नगरी आय कायम गरी कर निर्धारण गरेको निर्णयसँग सहमत हुन सकिएन। | ११७ |
| १८ | २०७५।०७६ सालको निर्णय नं. १२६ पुनरावेदन नं. ९७-०७३-RB-००४६५<br>मुद्दाः– आयकर (२०७०/०७१) | सी.जी. फुड्स नेपाल प्रा. लि.<br>**विरुद्ध**<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा ढिला दाखिला भयो भन्ने आधारमा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन । | १२४ |
| १९ | २०७५।०७६ सालको निर्णय नं. १२७ पुनरावेदन नं. ९७-०७३-RB-००४६६<br>मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७०/०७१) | सी.जी. फुड्स नेपाल प्रा. लि.<br>**विरुद्ध**<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | समयमा कर दाखिला गर्ने कर्तव्य करदाताको भएको र सो कर्तव्य पुरा नगरी कर रकम ढिला दाखिल भएको भन्ने आधारमा मात्र छुट पाउन सक्ने अवस्था नभएको र के कति कारणबाट ढिला दाखिला भएको भन्ने सबुत प्रमाण समेत पेश दाखिल गर्न नसकेको अवस्थामा ऐन, नियम अनुसार नै ६ महिना ढिला दाखिला गरे वापत थप दस्तुर र व्याज लगाउने गरी भएको कर किर्यालय समेतको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन । | १३३ |
| २० | २०७६।०७७ सालको निर्णय नं. १३६ पुनरावेदन नं. ९७-०७५-RB-०२६९<br>मुद्दाः– आयकर (२०७१/०७२) | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा. लि.<br>**विरुद्ध**<br>साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ | आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० क बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ । | १४० |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | पेज नं |
| २१ | २०७५।०७६ सालको निर्णय नं. १६६ पुनरावेदन नं. ९७-०७४-RB-०२०७<br><br>मुद्दाः– आयकर (२०७०/०७१) | बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.<br><br>**विरुद्ध**<br>ठूला करदाता कार्यालय, ललितपुर | बैंक मेसिन खरिद गरि प्रयोग सम्म गर्ने अधिकार प्रदान गरी वितरकहरुलाई सम्झौता गरी प्रदान गरेको कार्यलाई कलर बैंक मेसिन विक्री नै गरेको भनी सो मेसिनलाई कम्पनीको स्थायी सम्पत्तिको रुपमा समावेश गर्न नमिल्ने भनी ह्रास खर्च कट्टि अमान्य गरेको कार्य आयकर अवितरि बोनस खर्चलाई आयकर ऐन २०५८ को दफा २५(१) को प्रावधान बमोजिम ह्रास खर्च कट्टिको दावी अमान्य गरेको विभागको मिति २०६४।२।२० को परिपत्र अनुसार प्राकृतिक व्यक्तिको आयमा लाग्ने उपल्लो दरले करकट्टी गर्नु पर्ने भनी कर निर्धारण भएको देखिन्छ । कम्पनीले सो बमोजिम वर्ग विभाजन गरी ह्रास खर्च दावी गर्दा विशेष उद्योगले दावी गर्न पर्ने थप एकतिहाइ गणना नगरी दावी गरेको देखिएकोले आ.व. ०६९।०७० र २०७०।०७१ मा घटि रकम ह्रास कट्टी दावी गरेको पाइयो ।करदाताले दावी गरेको खर्चलाई आयकर ऐन २०५८ को दफा २१(३) अनुसार सम्पत्तिमा समावेश गरी पूजिकृत गर्नु पर्ने हुन्छ सो गरेको अवस्था पनि छैन । खर्चकट्टिको दावी प्रमाणित हुने सबुत प्रमाण आवश्यक कागजात पेश गरी प्रमाणित गर्न सकेको अवस्था पनि छैन । केवल पुनरावेदन लेखको भरमा मात्र दावी गरेको खर्च सही हो भनी मान्न नमिल्ने हुँदा सो प्रशासनिक विषयमा भएको खर्च कट्टिको दावी अमान्य हुने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने देखिन आएन । | १४८ |
| २२ | २०७४/७५ सालको निर्णय नं. ३१५ पुनरावेदन नं. ९७-०७३-००५७०<br><br>मुद्दा : मूल्य अभिवृद्धि कर (आ.व. २०६६/६७ देखि २०७२/७३ | वेष्टार प्रोपर्टिज प्रा.लि.<br><br>**विरुद्ध**<br>राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर | मू.अ.कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएको कुरामा आन्तरिक राजस्व विभागको निर्णयपर्चामा पनि स्वीकारै गरेको देखिएको, दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो पपित्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रभावित भइरहेको र यस्ता विषयमा मू.अ.कर ऐन २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि थप दस्तुर र व्याज लगाएको हदसम्म राजस्व अनुसन्धान विभाग, ललितपुरको मिति २०७३।५।२१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । | १५७ |
| २३ | २०७४/७५ सालको निर्णय नं. ३२१ पुनरावेदन नं. ९७-०७३-००५६९<br><br>मुद्दा : आयकर (आ. व. २०७१/०७२) | कास ट्रेडिङ्ग हाउस प्रा. लि.<br><br>**विरुद्ध**<br>आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १, बबरमहल | प्रस्तुत मुद्दामा लिफ्ट जडान नभएको भन्न नसकिएको अवस्थामा संचालनमा नरहेको भन्ने आधारमा मात्र ह्रासखर्च कट्टि गर्न नपपाउने भन्न मिल्ने नदेखिंदा लिफ्टको ह्रासखर्च नदिएको हदसम्म आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ काठमाडौंका प्रमुख कर प्रशासकबाट भएको मिति २०७३।४।११ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ । आय विवरण पेश नगरेको भनी उल्लेखित रु. ४८,०६,२५०।६१ का हकमा यो विषय यसै मुद्दासँग लगाउको मुद्दा ९७-०७३-००२८३ सँग सम्बन्धित रहेको र उक्त मुद्दामा आज यसै न्यायाधिकरणबाट पुनः निर्णय गर्न पठाउने ठहर भएकोले सो मुद्दामा पुनः निर्णय हुँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दामा पनि प्रमुख कर प्रशासकबाट मिति २०७३।४।११ मा भएको निर्णय बदर भई पुनः तीन महिना भित्र कानून बमोजिम निर्णय गर्नु भनी मिसिल र पक्ष सहित आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ मा लेखी पठाइ दिने ठहर्छ । | १६८ |
| २४ | २०७४/७५ सालको निर्णय नं. ३४३ पुनरावेदन नं. ९७-०७३-००६०१<br><br>मुद्दा : मूल्य अभिवृद्धि कर (२०७१ जेठ) | फर्निचरल्याण्ड स्टोर प्रा. लि.<br><br>**विरुद्ध**<br>आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २, बबरमहल | त्यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनिएकोमा उक्त दफामा उल्लेख भए मध्येको कुन अवस्था परी कर निर्धारण गर्नु परेको हो सो नखुलेको, कर निर्धारण गर्नु पर्नाको कारण र आधार पनि पर्याप्त नखुलेको तथा पुनरावेदक कम्पनीले मौकामा लिएको जिकिरहरुका सम्बन्धमा पनि कुनै बिचार गरी तथ्ययुक्त प्रमाणहरुबाट खण्डन गर्न सकेको अवस्था नदेखिंदा विवादित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने पुनरावलोकनको निर्णयलाई मान्यता दिन सकिने अवस्था देखिएन मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम समेत कर जरिवाना निर्धारण गरिएको भनी उल्लेख भएको देखिएको तर उक्त दफा २०(१) मा उल्लेख भएका विभिन्न अवस्थाहरु मध्ये कुन अवस्था परी कर निर्धारण गरिएको हो भन्ने कुरा खुलाइएको नपाइएको र केवल कानूनको दफाको उल्लेखनले मात्र कर लगाउनु पर्ने अवस्थाको पुष्टि भएको मान्न मिल्ने नदेखिंदा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा भएको कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको नदेखिंदा वदर गरी दिएको छ । उल्लिखित अनुसन्धान प्रतिवेदनका सम्बन्धमा पुनरावेदक कम्पनीले मिति २०७१।४।१ मा दिएको निवेदन, मौकामा गरेको बयान र मिति २०७१।८।४ मा पेश गरेको जबाफ व्यहोरा कुन कारण र आधारले पुष्टि नहुने हो ? सम्बन्धित कानूनी व्यवस्था र कारण एवं आधार सहित ३ महिना भित्र पुनः निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं २ मा लेखी पठाइदिने ठहर्छ । | १७४ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| २५ | २०७४/७५ सालको निर्णय नं. ३५१<br>पुनरावेदन नं. ९७-०७३-००४३७<br><br>मुद्दा : मूल्य अभिवृद्धिकर<br>(आ.व. २०७०/०७१) | प्रिमियर वायर्स प्रा. लि.<br><br>**विरुद्ध**<br>ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर | ।भन्सार दरबन्दी शीर्षक उपशीर्षक हेर्दा फलाम वा अमिश्रित स्पातका तारहरु (वायर) भन्सार शीर्षक उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा नपरी भन्सार शीर्षक नं ७२१७ मा परेको देखिन्छ ।फलामे डण्डीहरु भन्सार शीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा पर्ने तथा वायर भन्सार शीर्षक नं ७२१७ मा पर्ने गरी छुट्टै वर्गीकरण गर्नुको मतलब डण्डी र वायर एउटै वस्तु नभई फरक फरक वस्तु भएको कुरा यो व्यवस्थाले स्वीकार गरेको देखिएको छ ।यो स्थितिमा वायर्सलाई पनि फलामे डण्डी मानी फलामे डण्डीमा लाग्ने गरी भएको अन्तःशुल्कको व्यवस्था वायर्सका हकमा पनि लागू हुने गरी भएको निर्णयलाई कानूनसंगत मान्न मिलेन भनी यिनै पुनरावेदक र प्रत्यर्थी भएको यसै लगाउको पुनरावेदन नं. ००४३९-०७३-९७ नि.नं. ३५० को अन्तःशुल्क मुद्दामा आज यसै न्यायाधिकरणबाट निर्णय भएको पाइन्छ । जुन वस्तुको बिक्रीमा अन्तशुल्क लाग्ने भन्ने ठहराई सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर लाग्ने भनी निर्णय भएको हो अन्तशुल्क लाग्ने गरी भएको सो निर्णय नै कानूनसंगत नभएको भनी उल्टि भएको अवस्थामा अन्तशुल्क लाग्ने रकमलाई आधार बनाई मूल्य अभिवृद्धि कर लगाउने गरी भएको निर्णयलाई पनि कानूनसंगत मान्न मिलेन । | १८४ |
| २६ | २०७७।०७८ सालको निर्णय नं.५३<br>पुनरावेदन नं. ०७५-RB-०३४९<br><br>मुद्दाः — आयकर<br>(२०६६/०६७) | एनडिइपी डेभलपमेन्ट बैंक लिमिटेड, राइजिङ्ग डेभलपमेन्ट बैंक लि. र युनियन फाइनान्स<br><br>**विरुद्ध**<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | आयकर ऐन,२०५८ को दफा २७ को उपदफा (१)(घ) बमोजिम कुनै व्यक्तिले ऋण वापत तिरेको व्याज प्रचलित व्याजदर अनुसार तिर्नुपर्ने व्याजदर भन्दा कम भएमा सो कम भएजति रकम ती कर्मचारीको आयमा समावेश गरी रोजगारी आय गणना र करकट्टी गरी कर दाखिला गर्नुपर्नेमा सो अनुसार करको गणना गरेको नदेखिएकोले करकट्टी गरी दाखिला गर्न बाँकी रकममा कर कट्टी दाखिला गर्न लगाउने गरी भएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेकै देखिन्छ।<br>**फरक मत :** आयकर ऐन२०५८ को दफा ९४ अनुसार दाखिला गर्नु पर्ने किस्ताको रकम आय विवरण अनुसार नपुग भएमा प्रशासकीय पुनरावलोकनका लागि आयकर ऐन२०५८ को दफा ११५ उपदफा (१) बमोजिम निवेदन दिँदा सो दफाको उपदफा (६) बमोजिम अनिवार्य दाखिला गर्नु पर्ने रकम र अग्रिम दाखिला तथा गत आर्थिक वर्षहरुबाट सरेर आएको बढी दाखिला भएको कर राजस्व रकम सहित हालसम्म सो आर्थिक वर्षको लागि कुल रु.२,४४,६९,८७७।५५ मात्र सर्वसञ्चित कोषमा दाखिला भएको मिसिल संलग्न फोटोकपी भौचर तथा विवरणबाट देखिएको छ। सो कर रकम बाहेक पुनरावेदन दर्ता गर्दाका बखत आवश्यक पर्ने ऐन बमोजिम तोकिएको धरौटी रकम दाखिला गरेको देखिएन।आयकर ऐन२०५८ को दफा १०२ बमोजिमको सूचनापत्रमा उल्लेख गरिए अनुसारको थप निर्धारित कर रु.३१,३५,४४६।९१ को ५० प्रतिशतले हुने रु.१५,६७,७२३।४६ धरौटी नराखी लाग्नै नसक्ने पुनरावेदन दर्ता भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रस्तुत मुद्दा खारेज हुने ठहर्छ। | १८९ |
| २७ | सम्वत् २०७३ सालको पु.दा.नं. ०७३०००००७<br><br>मुद्दाः- आयकर<br>(आ.व. ०६६/०६७)<br>नि.नंः-१५ | चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन प्रा.लि.<br><br>**विरुद्ध**<br>आन्तरिक राजस्व कार्यालय, भैरहवा समेत | आ.व. २०६६/०६७ को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१।०३।१७ मा भई १५ दिन भित्र प्रमाण पेश गर्ने सूचना सोही मितिमा बुझाइएकोमा मिति २०७१।०३।३२ मा १५ दिनकै दिन अन्तिम कर निर्धारणको निर्णय भएको देखिएको र मुकेश निर्माण सेवासँग कुनै कारोवारनभएको भन्ने र जगदम्वा ट्रेडिङ संग आंशिक कारोवार भएको तथा जगदम्वा सिमेन्ट इण्डष्ट्रिजसंग सो आ.व. मा कुनै कारोवार नभएको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा सम्बन्धित कम्पनीहरु र पुनरावेदकवाट समेत तत् सम्बन्धि आवश्यक प्रमाण दाखिल गर्ने अवसर प्रदान गरी, प्रमाणको समुचित मुल्याङ्कन गरी निर्णय गर्नु पर्नेमा तदनुरुपको निर्णय भएको नदेखिंदा आन्तरिक राजश्व कार्यालय, भैरहवाको निर्णय र सो निर्णय सदर गर्ने गरेको आन्तरिक राजश्व विभागको मिति २०७३।०३।०९ को पुनरावलोकन निर्णय समेत बदर हुने ठहर्छ।अब, पुनरावेदकलाई प्रमाण पेश गर्ने अवसर प्रदन गरी कार्यालयका तर्फवाट पनि अन्य आवश्यक जे, जो, बुझ्न झिकाउनु पर्छ, बुझी झिकाई प्रमाणको समूचित मूल्याङ्कन गरी पुनः निर्णय गर्नु भनी तारेखमा रहेका पक्षलाई तारेख तोकी मिसिल आन्तरिक राजश्व कार्यालय, भैरहवामा पठाई दिनुहोला। | २०३ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| २८ | २०७७/०७८ सालको निर्णय नं. १३ पुनरावेदन नं. ०७५-RB-०३६७ पुनरावेदन दर्ता मितिः २०७६।०२।१४<br><br>मुद्दाः अग्रिमकर कट्टि।(२०६९/०७०) | सिद्धार्थ बैंक लिमिटेड<br><br>**विरुद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर | कर्मचारी पोशाक खर्च र कर्जामा करकट्टी सम्बन्धमा औषतकर्जाको व्याजदर १०.७३ प्रतिशत भएतापनि कर्मचारी सापटीमा ९.९१ प्रतिशत व्याज लिने गरेको प्रचलित व्याजदर भन्दा कम रकम व्याज भुक्तानी गरेको अवस्थामा फरक रकमलाई आयकर ऐनको दफा १)२७)(घ) बमोजिम आयमा समावेश गर्नुपर्ने हुन्छ । बोनस रकमको सम्बन्धमा बोनस ऐनको दफा ५ बमोजिम मुनाफाको १० प्रतिशत बोनस वापत छुट्याउनु पर्नेमा ३० प्रतिशत रकम कल्याणकारी कोषमा, बोनस वापत छुट्याइएको रकम मध्ये आंशिक वा पुरै रकम उल्लेखित समय भित्र वितरण नभएमा आयकर ऐनको दफा १)२५)(ग) बमोजिम बोनस खर्चकट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा समावेश गर्नुपर्ने व्यवस्था समेत रहेको पाइन्छ। | २१८ |
| २९ | सम्वत २०७५ सालको पु.दा.नं. ०७५०००००८<br><br>मुद्दा :- मूल्य अभिवृद्धि कर (आ.व. ०७०/०७१)<br>नि.नं. :-८ | पोखरा अल्ट्रालाइट प्रा.लि.<br><br>**विरुद्ध**<br>नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, पोखरा, कास्की | लगाउको ०७५०००००९ को आयकर मुद्दामा प्रमाण परीक्षण गरी पुनः निर्णय गर्न सुरु कार्यालयमा मिसिल पठाउने गरी निर्णय भएको र प्रस्तुत मुद्दा सो मुद्दासँग अन्तरप्रभावी देखिएकोले प्रस्तुत मुद्दा समेत आन्तरिक राजश्व कार्यालय, पोखराको मिति २०७५।०२।३१ को निर्णय र सो निर्णय सदर गरेको आन्तरिक राजश्व विभागका महानिर्देशकको मिति २०७५।०९।०४ को निर्णय समेत मिलेको नदेखिंदा बदर गरी दिएको छ। अब, प्रस्तुत मुद्दामा समेत पुनरावेदकलाई झिकाई प्रेषित कागज प्रमाण लगायत अन्य जे जो बुझ्नुपर्छ, आवश्यक प्रमाण बुझी पुनः निर्णय गर्नु भनी मिसिल आन्तरिक राजश्व कार्यालय, पोखरामा पठाई दिने समेत ठहर्छ। | २२६ |
| ३० | सम्वत २०७५ सालको पु.दा.नं. ०७५०००००९<br><br>मुद्दा :- आयकर (आ.व. ०७०/०७१)<br>नि.नं. :-७ | पोखरा अल्ट्रालाइट प्रा.लि.<br><br>**विरुद्ध**<br>नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, पोखरा, कास्की | पोखरा अल्ट्रालाइट प्रा.लि. को आ.व. ७१/२०७० मा जम्मा २६६५ यात्रु मध्ये १६१९ जना यात्रुलाई निशुल्क मनोरञ्जनात्मक सेवा प्रदान गरेको भनिएको र प्रा.लि. को मिति २०७०।०४।०२ को निर्णयवाट व्यवशाय प्रबर्द्धनको लागि निशुल्क योजना पारित गरी मिति २०७१।०४।१०को प्रा.लि. को सञ्चालक समितिको निर्णयवाट निशुल्क सेवा उपलब्ध गराएकोलाई अनुमोदन गर्ने निर्णय समेत भएको तथा निशुल्क सेवा लिने व्यक्तिका नामावली सहित टिकटहरु समेत पेश भएकोमा सो कागज प्रमाणको सक्कल कागजात समेत पेश गराइप्रमाणको परीक्षण समेत नगरी आन्तरिक राजश्व कार्यालय, पोखरावाट मिति २०७५।०२।३१ मा र सो निर्णय सदर गर्ने गरेको मिति २०७५।०९।०४ को आन्तरिक राजश्व विभागको महानिर्देशकवाट प्रशासकिय पुनरावलोकनको निर्णय बदर गरिदिएको छ। अब, पुनरावेदकलाई झिकाई प्रा.लि. वाट पेश भएका उल्लिखित निर्णय सहितका सक्कल कागजात दाखिल गराई तत् सम्बन्धमा अन्य आवश्यक जो जे बुझ्नु पर्छ बुझी, प्रमाणको परीक्षण गरी पुनः निर्णय गर्नु भनी मिसिल आन्तरिक राजश्व कार्यालय, पोखरामा पठाई दिने समेत ठहर्छ। | २४१ |
| ३१ | २०७४ सालको मुद्दा नं. ०७३-RB-०६०० निर्णय नं. १५<br><br>मुद्दाः-सुन चोरी पैठारी । | एभरेष्ट डि कार्गो प्रा.लि.<br><br>**विरुद्ध**<br>त्रिभुवन विमानस्थल भन्सार कार्यालयका | भन्सार लाग्ने प्रकृतिको डकुमेन्टमा विवरण खुलेको आधारमा प्रज्ञापनपत्र भरेर भन्सार तिरेर लगी प्रापकलाई वितरण गर्ने हो भनी एभरेष्ट डि कार्गोका प्रोपराइटर रविन्द्रमान सिंह प्रधानले सुरु कार्यालयमा वयान गरेको पाइन्छ । यसरी यी पुनरावेदकको कार्यको प्रकृति विचार गर्दा विदेशबाट प्राप्त कार्गो वा पार्सललाई प्राप्त विवरणको आधारमा प्रज्ञापनपत्र भरी भन्सारबाट छुटाई सम्बन्धित प्रापकलाई बुझाउनेसम्म देखिन्छ । प्रज्ञापनपत्र भरेर बुझाएको आधारमा मात्र पुनरावेदक नै सो मालवस्तुको धनि हुन भनी मान्न मिल्ने पनि देखिदैन । पुनरावेदकले आफूलाई प्राप्त विवरण बमोजिमका सामान घोषणा गरी प्रज्ञापनपत्र भरेको देखिन्छ ।<br><br>आफूलाई प्राप्त विवरण भन्दा बाहेकका सामान पनि उक्त प्याकिङ्ग गरेको सामान भित्र छ भन्ने कुरा निजलाई थाहा हुने र सो सामानको प्रज्ञापनपत्रमा घोषणा गर्ने कुरा निजको कारोबारको प्रकृतिबाट पनि सम्भव नदेखिने हुँदा भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (९) विपरीतको कसूर गरेको भनी विगो बमोजिम जरिवाना हुने र अन्य मालवस्तुको सोको मूल्यको दुईसय प्रतिशत जरिवाना हुने ठहर्याएको सुरु विमानस्थल भन्सार कार्यालयको निर्णय मिलेको देखिएन । उपरोक्त बमोजिम कसूर गरेको नदेखिई सजाय कायम रहन नसक्ने भएपछि भन्सार ऐन,२०६४ को दफा ५९(१) बमोजिमको भन्सार एजेन्टलाई हुने कसूर समेत स्थापित हुन सक्ने देखिएन । | २५४ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| ३२ | २०७४ सालको मुद्दा नं. ०७४-RB-०१४०(९७-०७४-००१४०)<br>निर्णय नं. २२<br><br>मुद्दाः—बढि भन्सार महसुल M१६८३४ (छुट रकम दाखिला गर्ने बारे) । | टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि.<br><br>**<u>विरुद्ध</u>**<br>प्रमुख भन्सार अधिकृत, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ.....१ | भन्सार ऐन, २०६४ को दफा ६२ अध्ययन गर्दा भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको देखिन्छ । कानूनी प्रकृया थालनी भई नटुंगिएको विवादको सम्बन्धमा कुनै आदेश भएको अवस्थामा चित्त नबुझ्ने पक्षले फरक प्रकृतिको निवेदन लिई आउन सक्ने कानूनी उपचारको बाटो हुँदाहुँदै पुनरावेदनको रोहबाट हेरी प्रस्तुत विवादलाई निराकरण गर्न कानूनसंगत देखिन आएन । यद्यपी पुनरावेदन जिकिर उक्त आदेश बदर गर्न नभई मिति २०७४/११/२५ को पत्र बदर गरी पाउँ भन्ने देखिन्छ । यसरी मिति २०७४/११/२१ को आदेश भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम पुनरावेदन लाग्न सक्ने अन्तिम प्रकृतिको देखिन नआई अन्तरकालिन आदेशसम्म भएको हुँदा उक्त निकायबाट अन्तिम निर्णय भएपछि कानूनबमोजिम पुनरावेदकको पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहने नै हुँदा हाल निर्णय परिपक्व नभई दायर हुन आएको पुनरावेदकको पुनरावेदनपत्र बमोजिम ईन्साफ गर्ने अवस्थाको विद्यमानता देखिन आएन । | २६४ |
| ३३ | २०७४ सालको मुद्दा नं. ०७४-RB-०१४०(९७-०७४-००१४०)<br>निर्णय नं. २२<br>मुद्दाः—बढि भन्सार महसुल M१६८३४ (छुट रकम दाखिला गर्ने बारे) । | टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि.<br><br>**<u>विरुद्ध</u>**<br>प्रमुख भन्सार अधिकृत, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ | कानूनी प्रकृया थालनी भई नटुंगिएको विवादको सम्बन्धमा कुनै आदेश भएको अवस्थामा चित्त नबुझ्ने पक्षले फरक प्रकृतिको निवेदन लिई आउन सक्ने कानूनी उपचारको बाटो हुँदाहुँदै पुनरावेदनको रोहबाट हेरी प्रस्तुत विवादलाई निराकरण गर्न कानूनसंगत देखिन आएन । यद्यपी पुनरावेदन जिकिर उक्त आदेश बदर गर्न नभई मिति २०७४/११/२५ को पत्र बदर गरी पाउँ भन्ने देखिन्छ । यसरी मिति २०७४/११/२१ को आदेश भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम पुनरावेदन लाग्न सक्ने अन्तिम प्रकृतिको देखिन नआई अन्तरकालिन आदेशसम्म भएको हुँदा उक्त निकायबाट अन्तिम निर्णय भएपछि कानूनबमोजिम पुनरावेदकको पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहने | २७० |
| ३४ | २०७७/०७८ सालको निर्णय नं. २४<br>पुनरावेदन नं. : ०७७- ७<br><br>मुद्दा :-०७६-RB-०१४४ | **<u>विरुद्ध</u>**<br>त्रिभुवन विमानस्थल भन्सार | विमानस्थल पार्किङस्थलबाट १ थान सुनको वाला (४९.८ ग्राम) बरामद भएको भन्ने देखिएको स्थितिमा उक्त माल बस्तुको धनि यो हो भनी खुल्न नआएको अवस्था हुँदा भन्सार ऐन, २०६४ को दफा ४४ अनुसार उक्त बस्तु कब्जामा लिन पर्ने र ऐ. दफा ४७(१) बमोजिम उक्त माल बस्तु नेपाल सरकारको हुने भएकोले सो बमोजिम नेपाल सरकारको ढुकुटीमा दाखिल गर्नुपर्ने देखियो। | २७६ |
| ३५ | २०७६।०७७ सालको निर्णय नं. २९<br>पुनरावेदन नं. ९७–०७५-RB-०२७९<br><br>मुद्दाः बढी भन्सार महसुल माग । | मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि.<br><br>**<u>विरुद्ध</u>**<br>भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौं | पैठारीकर्ता कम्पनीले पैठारी गरेको सामान भन्सार कार्यालयमा जाँचपासको लागि प्रज्ञापनपत्र भरी सो प्रज्ञापन पत्रमा सामानको मूल्य भन्सार उपशिर्षक यकिन गरी स्वयं घोषणा प्रणाली (Self Decleration Methd) अन्तर्गत करदाता कम्पनीले पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको र सो प्रावधान बमोजिम करदाता कम्पनीले पेश गरेको विवरणमा भन्सार वर्गिकरण शिर्षक, उपशिर्षक फरक परेको छ, छैन ? मूल्य सहि हो होइन भनी जाँच गरी जाँचपास गर्ने अधिकार सम्बन्धित भन्सार कार्यालयको भन्सार अधिकृतमा रहने हुन्छ । भन्सार अधिकृतलाई सो पैठारी गरिएको मालबस्तु को भन्सार वर्गिकरण शिर्षक, उपशिर्षक र सोको मूल्यसम्बन्धमा यकिन नभएमा भन्सार अधिकृतले भन्सार विभागका महानिर्देशक समक्ष लेखी पठाउन सक्ने र महानिर्देशकबाट भएको निर्णय अन्तिम हुने कानूनी प्रावधान रहेको पाइन्छ । पुनरावेदक करदाताले मिति २०७३।९।१३ देखि २०७४।३।१४ सम्म आयात गरेको विवादित सामानमा भन्सार वर्गिकरण फरक परेको कारणले थप महसूल निर्धारण गरिएको देखिन्छ । तर निर्णय पर्चामा खुलाइएको विवरण हेर्दा भन्सार विभागको२०७४।५।१४ को पत्रानुसार पुनरावेदक करदाताले पैठारी गरेको प्रकारको मालबस्तुको वर्गिकरण भन्सार उपशिर्षक ८७०५४००० बाट गर्ने निर्णय भएको र उक्त निर्णय मिति २०७४।५।११ मा भएको देखिन्छ । निर्णय गर्दा उक्त निर्णय भूतलक्षी तवरमा लागू हुने भनी उल्लेख भएको नदेखिएको अवस्थामा निर्णय मिति पूर्व नै आयात भएको मालबस्तुमा उक्त निर्णय व्यहोरा लागू हुने भनी मान्न सकिदैन । यस अर्थमा भन्सार महानिर्देशकबाट पुनरावेदक कम्पनीले आपूर्ति गरेको सामान भन्सार वर्गिकरण शिर्षक नम्बर ८७०५४०० मा पर्ने भनी निर्णय भएको भनी सोही निर्णयलाई आधार मानी सो निर्णय हुनु पूर्व नै भन्सार अधिकृतबाट भएका भन्सार जाँचपास सम्वन्धि कार्यलाई भूतलक्षी प्रभाव पर्ने गरी भएको भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णयलाई कानूनसम्मत मान्न नमिल्ने | २८२ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ३६ | सम्बत् २०७४ सालको मुद्दा नं.०७४-RB-००८५<br>निर्णय नं. ३७<br><br>मुद्दा : सुन भन्सार चोरी पैठारी । | सर्लही जिल्ला, मलंगवा नगरपालिका, वडा नं ६ बस्ने वर्ष ३५ को सद्रे आलम<br><br>**विरुद्ध**<br>निर्देशक राम प्रसाद रेग्मी समेतको प्रतिवेदनले नेपालसरकार..१ | कुनै व्यक्तिसँग सुन वरामद हुन्छ र निजले उक्त सुन मैले अमुक ठाउँ वा व्यक्तिसँग खरिद गरी ल्याएको हुँ भनी जिकिर लिन्छ भने त्यस्तो जिकिरको प्रमाण निजले नै पेश गर्न सक्नु पर्दछ । सुन जस्तो बहुमूल्य वस्तु कसैबाट वरामद हुने र उक्त सुन अमुक ठाउँबाट किनी ल्याएको हुँ भनी जिकिर लिने तर आफूले जिकिर लिएको सुन बैंकको भएकोले विल आवश्यक पर्दैन भनी खरिद गरेको स्थानमा भनेको भनी प्रतिवादीले व्यक्त गरेको तथ्यलाई नै कसूर पुष्टि गर्ने प्रमुख आधारको रुपमा लिनुपर्ने देखिन आयो । यसरी हेर्दा वरामद भएको सुन गैरकानूनी भएकोमा विवाद देखिन नआइ उक्त वरामद सुन बोकी हिड्ने व्यक्ति नै कसूरको भागिदार हुने । | २९१ |
| ३७ | २०७७/०७८ सालको निर्णय नं.४४<br>पुनरावेदन नं. ०७६-RB-००२८<br>पुनरावेदन दर्ता मिति : २०७६।०५।१०<br><br>मुद्दा : भंसार मूल्य निर्धारण | खेतान ओभरसिज<br><br>**विरुद्ध**<br>सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज........१<br>मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ १ | भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम आशिक्यूडा डाटावेससमेतको आधारमा मूल्य निर्धारण गरेको देखिन्छ। यसरी मालवस्तुको जाँचपासको सम्बन्धमा मिति २०७४/११/१४ मा महानिर्देशकबाट पुनः मूल्यांकनको लागि आदेश भै सो आदेश बमोजिम पुनः मूल्य निर्धारण भएको निर्णय बदरभागी रहेको भनि पैठारीकर्ताले लिएको दावी समेत युक्ति संगत मात्र नसकी पैठारी गरेको सामान प्रति किलो अमेरिकी डलर १.६० को कारोबार मूल्य वास्तविक मान्यता दिन नसकी २.२५ कायम गर्ने गरि मूल्याङ्कन पुनरावलोकन समितिबाट गरेको निर्णय कानुन सम्मत नै देखिन आयो। | २९९ |
| ३८ | २०७४ सालको मुद्दा नं. ०७३-RB- ०५९०<br>निर्णय नं. ६१<br>मुद्दाः- छुट अन्तःशुल्क र मूल्य अभिबृद्धि कर समेत । | शिवशक्ति केमोप्लाष्ट प्रा. लि.<br>**विरुद्ध**<br>श्री वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज ..१ | महसुल निर्धारणको सम्बन्धमा भन्सार अधिकृतबाट हुने निर्णय शुद्ध प्रशासकीय नभई अर्धन्यायिक प्रकृतिको निर्णय हो । अर्धन्यायिक अधिकारीले गर्ने निर्णयमा निर्णयकर्तालाई न्यायिक मनको प्रयोग गरी निर्णयमा पुग्ने आधार र कारण खुलाइएको हुनुपर्छ। अरु कुनै अधिकारी वा निकायले लाए अराए अनुसार वा लेखेको पत्र अनुसारको कार्य गर्ने प्रशासकीय अधिकारी बाहेकका अर्धन्यायिक अधिकारीले कसैको जीउ, धन र वैयक्तिक स्वतन्त्रतामा असर पर्ने निर्णय गर्दा आफै आधार र कारण खोली बुझ्नुपर्ने प्रमाण भए बुझी न्यायिक मनको प्रयोगका साथ गर्नु पर्छ । अर्काको आदेश तामेल गर्ने दृष्टिले गरिएको आफ्नो विश्लेषण विवेचना र मूल्याङ्कन बिनाको निर्णयले न्यायिक निर्णयको स्थान लिन सक्दैन । न्यायिक मनको प्रयोग विना भएको निर्णयलाई कानूनसम्मत निर्णय मान्न मिल्दैन । | ३०४ |
| ३९ | २०७७/०७८ सालको निर्णय नं.४४<br>पुनरावेदन नं. : ०७६-RB-००२८<br>पुनरावेदन दर्ता मिति : २०७६।०५।१०<br><br>मुद्दा : भंसार मूल्य निर्धारण | खेतान ओभरसिज<br><br>**विरुद्ध**<br>सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज.......१<br>मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ | मूल्य निर्धारण गर्ने सिलसिलामा भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम आशिक्यूडा डाटावेससमेतको आधारमा मूल्य निर्धारण गरेको देखिन्छ। यसरी मालवस्तुको जाँचपासको सम्बन्धमा मिति २०७४/११/१४ मा महानिर्देशकबाट पुनः मूल्यांकनको लागि आदेश भै सो आदेश बमोजिम पुनः मूल्य निर्धारण भएको निर्णय बदरभागी रहेको भनि पैठारीकर्ताले लिएको दावी समेत युक्ति संगत मात्र नसकी पैठारी गरेको सामान प्रति किलो अमेरिकी डलर १.६० को कारोबार मूल्य वास्तविक मान्यता दिन नसकी २.२५ कायम गर्ने गरि मूल्याङ्कन पुनरावलोकन समितिबाट गरेको निर्णय कानुन सम्मत देखिन आयो। | ३११ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ४० | २०७६/०७७ सालको निर्णय नं. ९२ पुनरावेदन नं. ०७५-RB-००९४<br><br>मुद्दाः भंसार महसुल र मू.अ. कर निर्धारण | The Leaf Hospitality Pvt. Ltd.<br><br>**विरूद्ध**<br>श्री भंसार जाँचपास परिक्षण कार्यालय, तीनकुने काठमाण्डौं. | पैठारी गरेको मालबस्तु आर्थिक ऐन २०७२ को अनुसूची १ को दफा १५(३)(छ) मा पर्ने हुँदा पाँच प्रतिशत भन्सार महसूल लाग्ने देखिन्छ । आर्थिक ऐन २०७२ ले मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची १(कर छुट हुने बस्तु तथा सेवाको सूची) मा गरेको संशोधन बमोजिम उक्त पैठारी गरेका बस्तुहरु भन्सार उपशिर्षक ८५०९८०० र ८५१६६००० बाट पैठारी हुने देखिएको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची १ को समूह ११ अन्य बस्तु तथा सेवाको (अ) मालबस्तुहरुको सूचीमा परेको नदेखिएकोले सो बस्तुहरुमा मूल्य अभिवृद्धि कर लाग्ने आर्थिक ऐन २०७३ को दफा २ को उपदफा (१), अनुसूची १ को दफा १४ को उपदफा (३) को खण्ड (ग) बमोजिम भाग ८४ को पाँच प्रतिशत भन्सार महसूल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल मेशिनरी एवं यन्त्रोउपकरणहरुमा चार प्रतिशत भात्र भन्सार महसूल लाग्ने व्यवस्था रहेको र दफा १५ को उपदफा (३) को खण्ड (छ) को उपखण्ड (अ) मा उल्लेखित मालबस्तुहरूमा ५ प्रतिशत भन्सार महसूल लाग्ने व्यवस्था गरेको र सो अवस्थाबाट पुनरावेदक कम्पनीले पैठारी गरी ल्याएका मालबस्तुहरू भन्सार दरबन्दी शिर्षक नम्बर ८५१६६० अन्तर्गत पर्ने देखिएको र सो अन्तर्गत पर्ने मालसामानको पैठारीमा ५ प्रतिशत भन्सार महसूल महसूल लाग्ने स्पष्ट कानूनी व्यवस्था रहेको साथै पैठारी गरिएका मालबस्तुमा आर्थिक ऐन २०७३ बमोजिम मूल्य अभिवृद्धिकर ऐन २०५२ को अनुसूची १ अन्तर्गत कर छुट हुने बस्तु तथा सेवामा नपरेको हुँदा ती बस्तुहरूमा मु.अ.कर समेत लाग्ने कानूनी व्यवस्था भएको समेतबाट थप भन्सार महसूल र मु.अ.कर लगाउने भनी भएको भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन । | ३१६ |
| ४१ | २०७५ सालको मुद्दा नं. ०७५-RB-०१३३ निर्णय नं. ९७<br><br>मुद्दाः- सुन चोरी पैठारी । | **BAGAPPA SHETTY HOUSE PADEBETTU PADUBIDRI BANGALORE, INDIA** स्थाई ठेगाना भएको**India** को राहदानी नं.**R2342388** वाहक **VINOD NARAYAN SHETTY**<br><br>**विरुद्ध**<br>त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री चुडाराज सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार.........१ | वरामदित सुन नेपालको विद्यमान कानूनले ल्याउन पाउने भन्दा बढी परिणामको देखिनुका अतिरिक्त कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तका आधारमा प्रतिवादीले आफूलाई कानून थाहा नभएको भनी लिएको जिकिर समेत विधिसम्मत देखिन आएन । मूलतः कुनै व्यक्तिसँग गैरकानूनी सुन वरामद हुन्छ र निजले उक्त सुन मैले कानूनसम्मत तरिकाबाट ल्याएको हुँ भनी कुरा प्रमाणद्वारा प्रमाणित गर्न सक्नु पर्दछ । यसरी मिसिल संलग्न वरामदी मुचुल्काबाट वरामदित सुन प्रतिवादीबाट वरामद भएकोमा विवाद नदेखिएको, प्रतिवादीले अनुसन्धान अधिकृत र शुरु मुद्दा हेर्ने अधिकारी समक्ष उक्त सुन आफ्नो भएको कुरालाई स्वीकार गरिदिएको तथ्यलाई नै कसूर पुष्टि गर्ने प्रमुख आधारको रुपमा लिनुपर्ने देखिन आयो । | ३२२ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ४२ | २०७५ सालको मुद्दा नं. ०७५-**RB**-००९३ निर्णय नं. ९८<br><br>मुद्दाः- सुन चोरी पैठारी । | बंगलादेशी नागरिक राहदानी नं.**AE4052096**वाहक**MD KhalilurRahman**<br><br>**<u>विरुद्ध</u>**<br>महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय प्र.ना.म.नी. गोविन्दप्रसाद निरौला समेतको प्रतिवेदनले नेपाल सरकार | भन्सार ऐन,२०६४ को दफा ६२ को उपदफा (१) मा दफा १३ बमोजिम निर्णय वा आदेशबाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय ... उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैँतिस दिनभित्र राजस्व न्यायाधिकरण पुनरावेदन दिन सक्नेछ भनी कानूनी व्यवस्था गरेको पाइन्छ । यसरी उक्त ऐनमा पुनरावेदन गर्ने कार्यविधि सम्बन्धमा उल्लेख नगरे तापनि मुद्दा निर्णय हुँदाका अवस्थामा प्रचलित मुलुकी ऐनको पुनरावेदन गर्ने कार्यविधि सम्बन्धमा हेर्दाउक्त ऐनको अदालती बन्दोबस्तको १९५ नं.मा थुनिएको मानिसले आफू थुनिएको अड्डा मार्फत पुनरावेदन दिन सक्ने व्यवस्था गरेतापनि सो पुनरावेदन गर्ने म्यादको प्रारम्भ सोही ऐन सोही महलको १९३ नं. बमोजिम फैसला सुनिपाएको व्यहोराको कागज गरेको मितिबाट वा प्रतिवादी हाजिर नरहेको अवस्थामा जारी हुने म्याद तामेल भएको मितिबाट हुने र त्यसरी म्याद नै जारी नभएको अवस्थामा सोही महलको १९७ नं. बमोजिम प्रतिवादीले आफूलाई लागेको दण्ड सजाय तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अघिल्ला मितिमा भए गरेको छ सोहि मितिले पुनरावेदनको म्याद कायम गर्नुपर्ने | ३२७ |
| ४३ | २०७६।०७७ सालको निर्णय नं. १३२ पुनरावेदन नं. ९७-०७५-RB-०२६५<br><br>मुद्दाः- आयकर (२०६७/०६८) । | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा. लि.<br>**<u>विरुद्ध</u>**<br>साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ | सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुर्‍याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो । | ३३३ |
| ४४ | २०७६।०७७ सालको निर्णय नं. १३३ पुनरावेदन नं. ९७-०७५-RB-०२६६<br><br>मुद्दाः- आयकर (२०६८/०६९) । | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा. लि.<br><br>**<u>विरुद्ध</u>**<br>साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ | कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने । | ३४२ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ४५ | २०७६।०७७ सालको निर्णय नं. १३४ पुनरावेदन नं. ९७-०७५-RB-०२६७<br><br>मुद्दाः– आयकर (२०६९/०७०) | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा. लि.<br>**विरुद्ध**<br>साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ | व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारणको आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने | ३५० |
| ४६ | २०७६।०७७ सालको निर्णय नं. १३५ पुनरावेदन नं. ९७-०७५-RB-०२६८<br><br>मुद्दाः– आयकर (२०७०/०७१) | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा. लि.<br>**विरुद्ध**<br>साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ | निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर | ३५८ |
| ४७ | २०७६।०७७ सालको निर्णय नं. १३६ पुनरावेदन नं. ९७-०७५-RB-०२६९<br><br>मुद्दाः– आयकर (२०७१/०७२) | त्रिशक्ति इन्भेष्टमेन्ट प्रा. लि.<br>**विरुद्ध**<br>साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ......... | प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने | ३६६ |
| ४८ | २०७४/७५ सालको निर्णय नं. ३०३ पुनरावेदन नं. ९७-०७४-००११९<br><br>मुद्दा :- सुन चोरी पैठारी | रौतहट गौर नगरपालिका वडा नं २ बस्ने सहदेव साहको नाति नथुनी साहको छोरा वर्ष २५ को दिनानाथ प्रसाद गुप्ता<br><br>**विरुद्ध**<br>प्र. उ. यज्ञ विनोद पोखरेल समेतको प्रतिवेदनले नेपाल सरकार | कसूरमा इन्कार रहनु अस्वाभाविक होइन तर इन्कारी बयान व्यहोरा प्रमाणित गराउनु अर्को कुरा हो । प्रमाण ऐन बमोजिम कुनै अभियुक्त सावित भए त्यस्तो साविती निजको विरुद्धमा प्रमाण लाग्ने हो तर इन्कारी भएको अवस्थामा इन्कारी बयान निजको पक्षमा प्रमाण लाग्ने स्थिति होइन । इन्कारी बयान निजको पक्षमा प्रमाणको रुपमा ग्राह्य हुन त्यस्तो इन्कारी बयान व्यहोरा अन्य प्रमाणहरुबाट समर्थित भएको हुनुपर्ने हुन्छ<br><br>पुनरावेदक प्रतिवादी कसूरमा इन्कार रहेको भए पनि आफ्नो इन्कारी बयान व्यहोरालाई तथ्ययुक्त प्रमाण पेश गरी प्रमाणित गराउन सकेको नदेखिएको, मिसिल संलग्न सम्पूर्ण कागजातहरुको अध्ययनबाट प्रस्तुत कसूरमा निजको संलग्नता नरहेको भन्न सकिने अवस्था नभएको, गाडी भन्सार विन्दुबाट प्रवेश गरेको समय र पक्राउ परेको समय बीचको अन्तराललाई बिचार गर्दा तथा भन्सार विन्दुबाट चन्द्रनिगाहपुर पुगी पक्राउ परेको समयमा पुनः गौर आइपुगेको देखिएको समयको अन्तराल स्वाभाविक नदेखिएको अवस्थालाई बिचार गर्दा यी पुनरावेदक प्रतिवादीको पनि प्रस्तुत कसूरमा संलग्नता रहेको मान्नु पर्ने | ३७३ |
| ४९ | २०७४/७५ सालको निर्णय नं. ३१५ पुनरावेदन नं. ९७-०७३-००५७०<br><br>मुद्दा : मूल्य अभिवृद्धि कर (आ.व. २०६६/६७ देखि २०७२/७३ | वेष्टार प्रोपर्टिज प्रा.लि.<br><br>**विरुद्ध**<br>राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर ..१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट ...१ | मूल्य अभिवृद्धिकर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको दफा ८(३) बमोजिम मूल्य अभिवृद्धिकर दाखिला गर्ने सम्बन्धमा मू.अ.कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएको कुरामा आन्तरिक राजस्व विभागको निर्णयपर्चामा पनि स्वीकारै गरेको देखिएको, दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो पपित्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रभावित भइरहेको र यस्ता विषयमा मू.अ.कर ऐन २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि थप दस्तुर र व्याज लगाएको हदसम्म राजस्व अनुसन्धान विभाग, ललितपुरको मिति २०७३।५।२१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने | ३७८ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्धा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| ५० | २०७४/७५ सालको निर्णय नं. ३२१ पुनरावेदन नं. ९७-०७३-००५६९<br><br>मुद्दा : आयकर (आ. व. २०७१/०७२) | कास ट्रेडिङ्ग हाउस प्रा. लि.<br><br>**विरुद्ध**<br>आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १, बबरमहल......१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ | आयकर ऐन, २०५८ को दफा १९ अध्ययन गर्दा "कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भए बापत अनुसूची-२ बमोजिम ह्रास खर्च कट्टी गर्नुपर्नेछ" भनी उल्लेख भएको देखिन्छ । यो दफामा "प्रयोग गरेको" भन्ने शब्दावली प्रयोग भएको र निरीक्षणका बखत लिफ्ट प्रयोग गर्न नसकिएको कारणले प्रत्यर्थी कार्यालयले ह्रास खर्च अमान्य गरेको हुनसक्छ । उक्त दफामा प्रयुक्त "प्रयोग गरेको" भन्ने शब्दावलीले अमुक समयमा सञ्चालनमा आउन नसकेको कुरालाई जनाउने नभई व्यवसायका लागि प्रयोग गर्न कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति बुझ्नुपर्ने हुन्छ । यदि कर कार्यालयले व्याख्या गरे जस्तो हरसमय सञ्चालनमा रहनु पर्ने कुरालाई मान्नु पर्ने हो भने लिफ्ट लगायतका अन्य सम्पत्तिहरु बिग्रन पनि नहुने, हरसमय चालु हालतमा रहनु पर्ने भनी बुझ्नु पर्ने हुन्छ जुन संधै सम्भव हुने कुरा होइन । अमुक समयमा बिग्रन गएको वा विधुत शक्तिको आपूर्ति नभएको वा अन्य कारणले पनि कुनै खास समयमा सञ्चालनमा आउन नसकेको हुनसक्छ तर अमुक समयमा सञ्चालनमा नआएको कुराले व्यवसायको प्रयोगमा नरहेको तर्क गर्नु मनासिब हुने देखिंदैन ।लिफ्ट जडान नै नगरी त्यसै राखेको भन्ने भनाइ पनि छैन । त्यसैले तत्कालको समयमा लिफ्ट सञ्चालन हुन नसकेको कारण देखाई प्रयोग मै नरहेको मानी सो को ह्रासखर्च नपाउने भनी लिफ्टको ह्रास खर्च नदिएको हदसम्म आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ बाट भएको निर्णय मिलेको देखिएन ।<br>मूल्य अभिवृद्धि करका सन्दर्भमा त झन् मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले कर निर्धारण गर्दा प्रमाणको भार पुर्‍याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ भनी स्पष्ट व्यवस्था गरेको अवस्था पनि छ ।त्यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनिएकोमा उक्त दफामा उल्लेख भए मध्येको कुन अवस्था परी कर निर्धारण गर्नु परेको हो सो नखोलेको, कर निर्धारण गर्नु पर्नाको कारण र आधार पनि पर्याप्त नखोलेको तथा पुनरावेदक कम्पनीले मौकामा लिएको जिकिरहरुका सम्बन्धमा पनि कुनै बिचार गरी तथ्ययुक्त प्रमाणहरुबाट खण्डन गर्न सकेको अवस्था नदेखिंदा विवादित मूल्य अभिवृद्धि कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने पुनरावलोकनको निर्णयलाई मान्यता दिन सकिएन | ३८९ |
| ५१ | २०७४/७५ सालको निर्णय नं. ३२६ पुनरावेदन नं. ९७-०७३-००१९८<br><br>मुद्दा : बढी भन्सार महशुल फिर्ता | करण मोटर कम्पनी प्रा. लि.<br><br>**विरुद्ध**<br>विरगञ्ज भन्सार कार्यालय, पर्सा, विरगञ्ज १<br>मूल्याङ्कन पुनरावलोकन समिति, भन्सार विभाग, काठमाण्डौ | पुनरावेदकले उठाएका कतिपय विषयहरुमा कारण र आधार खोली निर्णय हुँदाका बखत विवेचना हुने विषय भएको र यी विषयहरुमा मूल्याङ्कन पुनरावलोकन समितिबाटै पनि आवश्यकता अनुसार बुझी निर्णय हुन सक्ने अवस्था देखिएको तथा पुनः निर्णय हुँदा लाग्नसक्ने समायवधिलाई समेत बिचार गर्दा पुनः निर्णयका लागि मूल्याङ्कन पुनरावलोकन समितिमा पठाउन मनासिब देखिन आयो ।पुनरावेदकले वदर गरी पाउन माग गरेको निर्णय सदर नभई पुनः निर्णयका लागि पठाउने पुनरावेदकले मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिंदा ब्यापारिक बिजकमा उल्लेख भएको मूल्य CNF Rate भएको भनी जिकिर लिएको देखिएकोमा निर्णय गर्दा CIF हो भन्ने दावी युक्तिसंगत मान्न मिलेन भनी दावी जिकिर भन्दा बाहिर गई बोलेको देखिएको र डेमरेज वापतको रकम भन्सार ऐन, २०६४ को दफा ७२ विपरीत असूल गरिएको भनी जिकिर लिएको देखिएकोमा सो तर्फ केही नबोली मूल्याङ्कन पुनरावलोकन समिति भन्सार विभागबाट मिति २०७२।११।१३ मा भएको निर्णय मिलेको नदेखिंदा वदर गरिदिएको | ३९५ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **मुद्दा** | **पक्ष/विपक्ष** | **सार/संक्षेप** | **पेज नं** |
| **५२** | २०७४/७५ सालको निर्णय नं. ३४० पुनरावेदन नं. ९७-०७३-००२११ मुद्दा : भन्सार मूल्याङ्कन | लाइफ अटोमोबाइल प्रा. लि. **विरुद्ध** विरगञ्ज भन्सार कार्यालय, पर्सा, विरगञ्ज ..............१ मूल्याङ्कन पुनरावलोकन समिति, भन्सार विभाग, काठमाण्डौ... | पैठारीकर्ता पुनरावेदकले आफूले पेश गरेको Export Invoice मा उल्लेख भएको मूल्य भित्रै भाडा रकम र वीमा रकम पनि समावेश भइसकेको भनी मूल्य घोषणा फाराममा उल्लिखित मूल्यलाई मान्यता दिई भन्सार मूल्य निर्धारण गर्नुपर्ने भनी जिकिर लिएको भए पनि E-Annex Checklist र Tax Invoice मा पुनरावेदकले उल्लेख गरेको मूल्यलाई FOB Value र Assessable Value को रुपमा उल्लेख भएको देखिएको, FOB Value र Assessable Value मा भाडा र वीमा वापतको रकम समावेश भएको भनी मान्न मिल्ने नदेखिएको, बिक्रेताले जारी गरेको Invoice को तुलनामा E-Annex Checklist र Tax Invoice लाई बढी विश्वासनीय मान्नुपर्ने देखिएको अवस्था हुँदा E-Annex Checklist र Tax Invoice मा उल्लिखित मूल्यमा भाडा र वीमा वापतको रकम थप जोडी भन्सार मूल्य कायम गरेको वीरगञ्ज भन्सार कार्यालयको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७३।३।२० को निर्णय मिलेकै देखिंदा सदर हुने | ४०३ |
| **५३** | २०७४/७५ सालको निर्णय नं. ३४३ पुनरावेदन नं. ९७-०७३-००६०१ मुद्दा : मूल्य अभिवृद्धि कर (२०७१ जेठ) | फर्निचरल्याण्ड स्टोर प्रा. लि. **विरुद्ध** आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २, बबरमहल ...... | तर उक्त दफा २०(१) मा खण्ड (क) देखि खण्ड (ट) सम्मका जम्मा ११ वटा अवस्थाहरु उल्लेख भएको पाइएकोमा ती मध्ये कुन अवस्था, कारण र आधार परी कर र जरिवाना लगाउनु परेको हो भन्ने सम्बन्धमा शुरु कार्यालयको निर्णय पर्चामा र आन्तरिक राजस्व विभागको निर्णयपर्चामा समेत केही खुलेको पांइदैन ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) मा कर विगोको शतप्रतिशत रकम जरिवाना गर्न सकिने व्यवस्था भएको पाइन्छ तर उक्त दफा २९(२) मा पनि खण्ड (क) देखि (ङ) सम्मका अवस्थाहरुको उल्लेख भएकोमा यी पुनरावेदक करदाताका हकमा ती मध्ये कुन अवस्था परी शतप्रतिशत जरिवाना गर्नु परेको हो सो सम्बन्धमा पनि निर्णयपर्चामा केही उल्लेख भएको देखिंदैन ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम समेत कर जरिवाना निर्धारण गरिएको भनी उल्लेख भएको देखिएको तर उक्त दफा २०(१) मा उल्लेख भएका विभिन्न अवस्थाहरु मध्ये कुन अवस्था परी कर निर्धारण गरिएको हो भन्ने कुरा खुलाइएको नपाइएको र केवल कानूनको दफाको उल्लेखनले मात्र कर लगाउनु पर्ने अवस्थाको पुष्टि भएको मान्न मिल्ने नदेखिंदा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा भएको कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको नदेखिंदा वदर गरी दिएको | ४१२ |
| **५४** | २०७४/७५ सालको निर्णय नं. ३४९ पुनरावेदन नं. ९७-०७३-००४३४ मुद्दा : मूल्य अभिवृद्धिकर (आ.व. २०६९/०७०) | प्रिमियर वायर्स प्रा. लि. **विरुद्ध** ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर आन्तरिक राजस्व विभाग, लाजिम्पाट | साथै २० गेज भन्दा बढीको वायर्सलाई डण्डी मानिने गरी कुनै परिभाषा वा व्यवस्था भएको पनि देखिंदैन ।भन्सार दरबन्दी शीर्षक उपशीर्षक हेर्दा फलाम वा अमिश्रित स्पातका तारहरु (वायर) भन्सार शीर्षक उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा नपरी भन्सार शीर्षक नं ७२१७ मा परेको देखिन्छ ।फलामे डण्डीहरु भन्सार शीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा पर्ने तथा वायर भन्सार शीर्षक नं ७२१७ मा पर्ने गरी छुट्टै वर्गीकरण गर्नुको मतलब डण्डी र वायर एउटै वस्तु नभई फरक फरक वस्तु भएको कुरा यो व्यवस्थाले स्वीकार गरेको देखिएको छ ।यो स्थितिमा वायर्सलाई पनि फलामे डण्डी मानी फलामे डण्डीमा लाग्ने गरी भएको अन्तःशुल्कको व्यवस्था वायर्सका हकमा पनि लागू हुने गरी भएको निर्णयलाई कानूनसंगत मान्न मिलेन जुन वस्तुको बिक्रीमा अन्तशुल्क लाग्ने भन्ने ठहराई सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर लाग्ने भनी निर्णय भएको हो अन्तशुल्क लाग्ने गरी भएको सो निर्णय नै कानूनसंगत नभएको भनी उल्टि भएको अवस्थामा अन्तशुल्क लाग्ने रकमलाई आधार बनाई मूल्य अभिवृद्धि कर लगाउने गरी भएको निर्णयलाई पनि कानूनसंगत मान्न मिलेन । | ४२२ |
| **५५** | २०७४/७५ सालको निर्णय नं. ३५१ पुनरावेदन नं. ९७-०७३-००४३७ मुद्दा : मूल्य अभिवृद्धिकर (आ.व. २०७०/०७१) | प्रिमियर वायर्स प्रा. लि. **विरुद्ध** ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर ......................... १ आन्तरिक राजस्व विभाग, लाजिम्पाट | भन्सार दरबन्दी शीर्षक उपशीर्षक हेर्दा फलाम वा अमिश्रित स्पातका तारहरु (वायर) भन्सार शीर्षक उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा नपरी भन्सार शीर्षक नं ७२१७ मा परेको देखिन्छ ।फलामे डण्डीहरु भन्सार शीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा पर्ने तथा वायर भन्सार शीर्षक नं ७२१७ मा पर्ने गरी छुट्टै वर्गीकरण गर्नुको मतलब डण्डी र वायर एउटै वस्तु नभई फरक फरक वस्तु भएको कुरा यो व्यवस्थाले स्वीकार गरेको देखिएको छ ।यो स्थितिमा वायर्सलाई पनि फलामे डण्डी मानी फलामे डण्डीमा लाग्ने गरी भएको अन्तःशुल्कको व्यवस्था वायर्सका हकमा पनि लागू हुने गरी भएको निर्णयलाई कानूनसंगत मान्न मिलेन | ४२७ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ५६ | २०७४/७५ सालको निर्णय नं. ३५४<br>पुनरावेदन नं. ९७-०७२-००२७०<br><br>मुद्दा : बढी भन्सार महसुल असूल उपर | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि.<br><br>**विरुद्ध**<br>सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन । | ४३२ |
| ५७ | २०७४/७५ सालको निर्णय नं. ३५५<br>पुनरावेदन नं. ९७-०७२-००२७४<br><br>मुद्दा : बढी भन्सार महसुल असूल उपर | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि.<br><br>**विरुद्ध**<br>सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन । | ४३७ |
| ५८ | २०७४/७५ सालको निर्णय नं. ३५६<br>पुनरावेदन नं. ९७-०७२-००२७५<br><br>मुद्दा : बढी भन्सार महसुल असूल उपर | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि.<br><br>**विरुद्ध**<br>सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन । | ४४२ |
| ५९ | २०७४/७५ सालको निर्णय नं. ३५७<br>पुनरावेदन नं. ९७-०७२-००२७६<br><br>मुद्दा : बढी भन्सार महसुल असूल उपर | ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि.<br><br>**विरुद्ध**<br>सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन । | ४४७ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्धा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ६० | २०७७/०७८ सालको निर्णय नं. ०८ पुनरावेदन नं. ०७५-RB-०२८४ पुनरावेदन दर्ता मितिः २०७५।१२।१४<br><br>मुद्दाः अग्रिमकर कट्टि।(२०७०/०७१) | सिद्धार्थ बैंक लिमिटेड<br><br>**विरूद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ...१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च  अमान्य गर्ने ।<br>सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर  खर्च  अमान्य गर्ने।<br>पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज रकम र दफा १२०(क) शुल्क लाग्ने गरि गरिएको निर्णय कानुन सम्मत नै देखिन्छ।<br>आयकर ऐन,२०५८को दफा २(ध)(१) बमोजिम नाफा नकमाउने उद्देश्य स्थापना भएको संस्थाको ऐ ऐनको दफा १० को खण्ड छ बमोजिम रकमहरुमा मात्र कर छुट हुने र अग्रिम करकट्टी रकममा छुट नपाइने अवस्थामा समेत त्यस्ता संस्थाहरुलाई भुक्तानी गरेको व्याज रकममा ऐ ऐनको दफा ८८ बमोजिम १५ प्रतिशत अग्रीम करकट्टी गरि दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिएकोले अग्रिम कर तथा सोको व्याज र शुल्क माग गर्ने गरि प्रत्यर्थीको कर निर्धारण आदेश मिलेकै देखिन।<br>आयकर ऐन, २०५८ को दफा ८८ (२ )(क (बमोजिम रोजगारदाताबाट प्राकृतिक व्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ ।<br>एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी व्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु | ४५२ |
| ६१ | २०७७/०७८ सालको निर्णय नं. ९ पुनरावेदन नं. ०७५-RB-०२८६ पुनरावेदन दर्ता मितिः २०७५।१२।१४<br><br>मुद्दाः आयकर।(२०७०/०७१) | सिद्धार्थ बैंक लिमिटेड<br><br>**विरूद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ....१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ... | कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन ।<br>आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यवसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची — २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ।<br>सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च  अमान्य गर्ने।<br>सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर  खर्च  अमान्य गर्ने। | ४६० |
| ६२ | २०७७/०७८ सालको निर्णय नं. १० पुनरावेदन नं. ०७५-RB-०२८३ पुनरावेदन दर्ता मितिः २०७५।१२।१४<br><br>मुद्दाः अग्रिमकर कट्टि।(२०६९/०७०) | सिद्धार्थ बैंक लिमिटेड<br><br>**विरूद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर .....१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ...१ | लाभांश आय तर्फ एक मुष्ट रकम देखाई सकेपछि आयकर ऐन २०५८ को दफा ९२ (१)(क) बमोजिम बासिन्दा व्यक्तिले भुक्तानी गरेको लाभांश अन्तिम रुपमा करकट्टी हुने भुक्तानी भएको र दफा ७(३) अनुसार अन्तिम रुपमा करकट्टी हुने भुक्तानीहरु व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नु नपर्ने।<br>Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने।<br>घर बहाल सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ८८(१)(५) बमोजिम भाडा वापतको रकम भुक्तानी गर्दा १० प्रतिशतले दाखिला गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको।<br>पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज रकम र दफा १२०(क) शुल्क लाग्ने।<br>आयकर ऐन, २०५८ को दफा ८८ (२ )(क (बमोजिम रोजगारदाताबाट प्राकृतिक व्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ।<br>एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी व्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु। | ४६६ |

| आयकर/अन्तःशुल्क/मूल्य अभिवृद्धि/भंसार | | | | |
|---|---|---|---|---|
| सि.नं | मुद्दा | पक्ष/विपक्ष | सार/संक्षेप | पेज नं |
| ६३ | २०७७/०७८ सालको निर्णय नं. ११<br>पुनरावेदन नं. ०७५-RB-०२८५<br>पुनरावेदन दर्ता मितिः २०७५।१२।१४<br><br>मुद्दाः अग्रिमकर कट्टि ।(२०६९/०७०) | साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि.<br><br>**विरूद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर | बैंकले कर्जा अपलेखन गरेको रकम नाफा नोक्सान हिसाबको अनुसूची ४.१३ मा समायोजन गरेको पाइएको साथै नाफा नोक्सानी र कर प्रयोजनको लागि गणना गरिएको विवरणमा समेत कर्जा अपलेखनको रकम फिर्ता आम्दानी जनाउनुपर्नेमा खर्च दावी गरेको पाइयो। कर्जा अपलेखन भएको रकमको शतप्रतिशत रकम करयोग्य आयमा कट्टी भैसकेको सो रकमलाई आयकर प्रयोजनको लागि आम्दानी तर्फ समावेश नगरि पुनः खर्च कट्टी दिदां दोहोरो खर्च कट्टी हुने अवस्था देखिएको हुदां कर्जा अपलेखन रकम खर्चकट्टी नहुने गरि आयमा समावेश गर्ने गरि गरेको निर्णय कानुन सम्मत भएकाले मिलेकै देखिन आयो। | ४७६ |
| ६४ | २०७७/०७८ सालको निर्णय नं. १२<br>पुनरावेदन नं. ०७५-RB-०३६६<br>पुनरावेदन दर्ता मितिः २०७६।०२।१४<br><br>मुद्दाः आयकर। (२०६९/०७०) | सिद्धार्थ बैंक लिमिटेड<br><br>**विरूद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर .१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं .१ | कर्मचारीलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, संस्थाको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र संस्थाको स्वामित्व कायम राख्न सवारी साधन संस्थाको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार Possession Right सम्बन्धित कर्मचारीमा नै रहने, ब्यवसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको निश्चित अवधि पुरा भएपछि कर्मचारीले नै सवारी साधन लैजान पाउने देखिंदा लामो अवधि सेवामा रहने कर्मचारीले पटक पटक नै सवारी साधनको स्वामित्व बहन गर्न पाउने समेत देखिन आएको र कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व हो भन्न सकिने अवस्था देखिएन। सवारी साधनमा संस्थाको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत संस्थाका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्ने बोनस वितरण र राष्ट्रियस्तरको कोषमा जम्मा गरि अवितरित रुपमा रहेको बाँकी रकम मात्र आयमा समावेश गर्ने गरि गरेको निर्णय आयकर ऐन,२०५८ को दफा २५(१)(ग) बमोजिम कानुन सम्मत भएकाले मिलेकै देखिन आयो। | ४८२ |
| ६५ | २०७७/०७८ सालको निर्णय नं. १३<br>पुनरावेदन नं. ०७५-RB-०३६७<br>पुनरावेदन दर्ता मितिः २०७६।०२।१४<br><br>मुद्दाः अग्रिमकर कट्टि ।(२०६९/०७०) | सिद्धार्थ बैंक लिमिटेड<br><br>**विरूद्ध**<br>ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर...१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं | पुनरावेदक बैंकले लेखांकन गरेपश्चात दफा ८८(१) बमोजिम करकट्टी गरिएको रकम दफा ९०(१) ले दिएको समय सिमा T.D.S. रकम अन्य विविध शिर्षक अन्तर्गत जम्मा गरेतापनि सो रकम पृष्टी गर्ने प्रमाण समेत दाखिला गरेको पाइएन्न।<br><br>पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने ब्याज रकम र दफा १२०(क) शुल्क लाग्ने गरि गरिएको निर्णय कानुन सम्मत नै देखिन्छ।<br><br>पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर गरी यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु । | ४८८ |

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक, ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाई**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं. १

पुनरावेदन नं. ०७६-RB-०००५

<u>मुद्दाः– आयकर (२०६९/०७०)</u>

| | |
|---|---|
| चितवन जिल्ला साविक भरतपुर नगर पञ्चायत वडा नं. ३ हाल भरतपुर म.न.पा. वडा नं. १ स्थित स्वस्तिक ट्रेड लिंक प्राइभेट फर्म (स्थायी लेखा नं. ३०००१०७४५) को तर्फबाट संचालक देशीराम प्रधान ............१ | पुनरावेदक |

<u>**विरुद्ध**</u>

| | |
|---|---|
| श्री आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन...................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

<u>**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**</u>

शुरु निर्णय गर्ने कार्यालयः- श्री आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन
शुरु निर्णय गर्ने अधिकारीः श्री थानप्रसाद प्रज्ञानी
शुरु कार्यालयको निर्णय मितिः—२०७४/०३/२९

<u>**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**</u>

प्रशासकीय पुनरावलोकन गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग
प्रशासकीय पुनरावलोकन गर्ने अधिकारी :- महानिर्देशक, श्री विष्णुप्रसाद नेपाल
प्रशासकीय पुनरावलोकन निर्णय मिति : २०७६/०२/१२

श्री आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनसमेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक स्वस्तिक ट्रेड लिंक प्राइभेट फर्मले आ.व. २०६९/०७० को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ७,८४,४६५।०० देखाई आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनमा मिति २०७१९/०९/० मा विवरण पेश गरेको।

२. करदाताको आ.व. २०६९/०७० को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ थप गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रीम करकट्टी गर्नुपर्ने भुक्तानीमा करकट्टी गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनबाट करदाताको नाममा मिति २०७४/०२/२९मा सूचना जारी भएको।

३. आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनबाट मिति २०७४/०२/२९मा जारी भएको सूचनाको जवाफ मिति २००/७४३/०६ मा पेश गरेको।

४. करदाताको आ.व. २०६९/०७० का लागि रु. १४,६२,३९६।९२ (चौध लाख बैसठ्ठी हजार तीन सय छ्यानब्बे रुपैंया र बैयानब्बे पैसा) करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने र अग्रिम कर बापतको रकम सोही ऐनको दफा ११८, ११९ र १२०(क) बमोजिमको व्याज र शुल्कसमेत गणना गरी दाखिला गर्न लगाउने भनी आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनबाट मिति २०७४/०३/२९ मा खडा भएको निर्णय पर्चा।

५. आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनले मिति २०७४/०३/२९ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी

स्वस्तिक ट्रेड लिंक प्राइभेट फर्मले मिसम्याच भई कम दायित्व देखाएको भनी आयमा समावेश गर्ने गरी कर निर्धारण भएको, बिमा खर्चको सबै रकमलाई खर्च कट्टी नदिई आयमा समावेश गरिएको, विज्ञापन खर्चको रकम कट्टी अमान्य भएको भनी प्रशासकीय पुनरावलोकनका लागि मिति २००/७४८/१८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको ।

६. आन्तरिक राजस्व कार्यालयबाट मिति २०७४/०३/२९ मा भएको निर्णय कानून सम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत बेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति १२/०२/२०७६ मा भएको प्रशासकीय पुनरावलोकनको निर्णय।

७. यसमा प्रत्यार्थी कार्यालयले कर निर्धारण गर्दा स्याकर ट्रेडिङ कम्पनी प्रा.लि. को प्रतिवेदन वा भुलवश २ पटक प्रविष्टी हुन गएको हिसाबलाई आधार लिई मिसम्याच रकमलाई दायित्व निसर्ग भएको मानी आयमा समावेश गरेको, सो विषयमा नागरिकको सम्पत्ति सम्बन्धी हक, पेशा व्यवसाय गर्न पाउने हकसमेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पर्ने गरी न्यायिक मनको विवेचना नै नगरी श्री आन्तरिक राजस्व विभागका महानिर्देशकज्यूबाट यथोचित मुल्याङ्कन नगरिएको, बिमा खर्चकट्टी दावी गरेको सम्बन्धमा खर्च भएको रकम व्यवसायको आय आर्जनसँग प्रत्यक्ष सम्बन्धित रहेकोले समानुपातिक किसिमले खर्च विभाजन गरी खर्च कट्टी लिनुपर्ने आधारहिन तर्क उठाई भुक्तानी भएको समयमा नै खर्चकट्टी अमान्य गरेको, विज्ञापन बापत खर्च भएको रकम समेत आय आर्जनसँग सम्बन्धित रहेको र सो तथ्यको सम्बन्धमा बिल भरपाई पेश भएकोमा निर्णयकर्ताले ध्यान नदिइकन गलत तवरबाट निर्णय गरी विज्ञापन खर्च अमान्य गरेको मिति २०७६/०२/१२ मा भएको आन्तरिक राजस्व विभागको निर्णय पर्चा त्रुटिपूर्ण रहेकोले सो निर्णय पूर्ण रुपमा बदर गरी न्याय दिलाई पाउँ भन्ने समेत बेहोराको मिति २०७६/०४/२० को पुनरावेदन पत्र।

८. फौज्दारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजानार्थ प्रत्यार्थी झिकाउने गरी मिति २०७६।०८।०६ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा प्रत्यर्थी आन्तरिक राजस्व कार्यालयका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायधिवक्ता श्री दिपक भण्डारीले पुनरावेदक स्वस्तिक ट्रेड लिंकले भुक्तानी दिने विषय **mismatch** रकमलाई दायित्व निसर्ग भएको मानी आयमा समावेश गरेको, यसरी दायित्व

कम देखाई सो रकम आम्दानीमा देखाई **double entry** भएको भन्ने पत्रमार्फत स्वस्तिकले जानकारी समेत नगराएको, त्यस्तै विमा खर्च ५९,३८७/- नदिएको सन्दर्भमा सम्बन्धित आय वर्षमा मात्र हो वा अर्को आय वर्ष हो भन्ने पृष्टी गर्ने विल भरपाई समेत पेश गर्न नसकेकोले शूरु कार्यालयबाट भएको निर्णय सदर हुनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु विद्धान अधिवक्ताबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहाय बमोजिम हुने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा स्याकार ट्रेडिङग कम्पनी प्रा.लि.समेतसँग भएको कारोबारको सम्बन्धमा पुनरावेदक स्वस्तिक ट्रेड लिंकले आर्थिक वर्ष ०७०/२०६९ मा स्याकार ट्रेडिङ कम्पनी प्रा.लि.(स्थायी लेखा नं.६००२३०५९५) लाई रु.१,४३,३८,३४०।९५ बराबरको रकम भुक्तानी दिन बाँकी रहेको लेजर अन्य विवरणबाट देखाएको तर स्याकार ट्रेडिङ कम्पनी प्रा.लि.ले रु.१,२१,८५,९८६।— मात्र भुक्तानी लिन बाँकी भनि प्रतिवेदन गरी कम दायित्व देखाएको रकम रु.२१,५२,३५४।९५ लाई आयकर ऐन ,२०५८ को दफा २)४०) बमोजिम दायित्व निसर्ग भएको भनी सोही ऐनको दफा २)७) बमोजिम मुनाफा तथा लाभमा समावेश गरिएको पाइयो। यसरी स्याकार ट्रेडिङ कम्पनी प्रा.लि.ले नै मिति १३/०३/२०७४ र मिति २६/०३/२०७४ मा पुनरावेदक फर्मको दायित्व सम्बन्धमा गलत डाटा इन्ट्री हुन पुगेको भनि लेखेको पत्र कर निर्धारणको क्रममा पेश गरेको भनेपनि त्यस्तो प्रमाण कर निर्धारणको क्रममा पेश गरेको नपाइएको भनी सो रकमलाई आयमा समावेश गरिएको मनासिव देखिन आयो ।

१२. त्यस्तै विमा खर्च तर्फ पुनरावेदक करदाताले आर्थिक वर्षमा भुक्तानी गरेको भएतापनि सम्बन्धित आय वर्षको मात्र नभई अर्को आय वर्षको दायित्व बहन गर्नका लागि समेत भएको सो खर्च सम्बन्धित आय वर्षको हदसम्मको रू. ५०००।- मात्र दावी गर्नपुर्नेमा सम्पूर्ण खर्च दावी गरेकोले आयकर ऐन, २०५८ को दफा १३ बमोजिमको खर्च नभएको हुँदा सोही ऐनको दफा १)२१)(च) बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी भएको निर्णय कानूनसम्मत नै देखिन आयो ।

१३. त्यस्तै विज्ञापन वापत खर्च भएको रकम करदाताको व्यापार व्यवसायको प्रवर्द्धन र आय आर्जनसंग सम्बन्धित भएको खर्च रकम कट्टी लिन पाउने भनी दावी गरिएतापनि सो खर्चलाई पुष्टी गर्ने बिल भरपाई लगायतका कुनै प्रमाण कागजातहरु पेश गरेको पाइएन। सो सम्बन्धमा खर्च कट्टी गर्न नमिल्ने गरी शूरु कार्यालय तथा विभागको निर्णय मनासिव देखियो।

१४. अतः माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक करदाता स्वस्तिक ट्रेड लिंक प्राइभेट फर्मको आ.ब.०७०/०६९ को आयकर निर्धारणका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय भरतपुरबाट मिति २०७४।३।२९ मा भएको कर निर्धारण उपर आन्तरिक राजस्व विभागबाट मिति १२/०२/२०७६ मा भएको निर्णय मिलेकै देखिदाँ सदर हुने ठहर्छ।पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू......................................................................१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू..................२

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू............................................................३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजश्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

शाखा अधिकृतः श्री सनिता लामा

टिपोट गर्नेः डिठ्ठा श्री सुनिता थापा

इतिसम्बत २०७७ साल मंसिर १६ गते रोज ३ शुभम्.........................................

## राजस्व न्यायाधिकरण काठमाडौ
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की

## फैसला

२०७६।०७७ सालको निर्णय नं. २७
पुनरावेदन नं. ९७-०७४-RB-००५६

**मुद्दाः- आयकर (२०६९/०७०) ।**

श्री काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेड (स्थायी लेखा नं. ३०३८५१७६९) को तर्फबाट अधिकार प्राप्त प्राचार्य डा. चन्दा कार्की.............१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर....................................१
श्री महानिर्देशकज्यू, आन्तरिक राजस्व विभाग, लाजिम्पाट.......................१ } प्रत्यर्थी

**बहसका लागि उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री तारादेव जोशी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर
निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री सोभाकान्त पौडेल
शुरु कर्यालयको निर्णय मितिः—२०२८/१२/७२

**अविलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०२८/१२/७२ मा भएको निर्णय उपर परेको निवेदनमा आन्तरिक राजस्व विभागबाट आयकर ऐन २०५८ को दफा ११५ बमोजिम ६० दिनभित्र प्रशासकिय पुनरावलोकन सम्बन्धी निर्णय नभै राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. स्वास्थ्य सेवा तथा मेडिकल कलेज संचालन गर्ने करदाता काठमाडौं मेडिकल कलेज प्रा.लि.ले आ.व. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. १४,०३,६२,४१८।— कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०२१/०९/७० मा पेश गरेको आय विवरण ।

२. करदाताले व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम गणना नगरिएको र खर्च कट्टी दावी गर्न नपाइने शीर्षकमा खर्च दावी गरिएको तथा भुक्तानीमा अग्रिम कर कटी गर्नु पर्नेमा सो कट्टी गरेको नदेखिदा यि करदाताको आ.व. ०६९।७० को लागि संशोधित करयोग्य आय रु. १४,१५,७५,२९५।- कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम संशोधित विवरण कायम हुनु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७२।१२।२ मा जारी भएको सुचना ।

३. उक्त सुचना करदाताले २०७२।१२।३ मा बुझीलिइ संशोधित कर निर्धारण हुनु नपर्ने सम्बन्धमा आई.एम.ई. अक्सिजन सँगको कारोबारमा भएको खरिदमा कुनै **Mismatch** नरहेकोले सो खर्च आयमा समावेश हुने अवस्था नरहेको, बोनस खर्चलाई आयमा समावेश गर्न उपयुक्त नहुने हुँदा खर्च कट्टि हुनुपर्ने, व्यवसायिक प्रयोजनका लागि भएका **Reception & Refreshment** खर्चलाई खर्च कट्टिमा समावेश गर्न पाउनुपर्ने, मर्मत खर्च भुक्तानीलाइ आयमा समावेश गर्न नमिल्ने, आयकर ऐनको व्यवस्था अनुसार सम्पूर्ण महिलालाई १० प्रतिशत छुट दिन मिल्ने कानूनी व्यवस्था रहेकोमा सो वापतको छुटलाइ थप कर योग्य आयमा समावेश गर्नुपर्ने अवस्था छैन भन्ने समेत व्यहोराको करदाताको तर्फबाट पेश भएको जवाफ ।

४. करदाताले **Mismatch** को सम्बन्धमा कुनै ठोस प्रमाण पेश गर्न नसकेको हुँदा सो रकम आयकर ऐन अनुसार खर्च कट्टि गर्न नमिल्ने, बोनस खर्च दावी सम्बन्धमा जिकिर सम्म लिएको तर बढी दावी गरेको सम्बन्धमा प्रमाण पेश हुन नसकेको, मदिरा लगायतका खर्चलाई **Reception & Refreshment** खर्च मान्न नमिल्ने, **Image Key Board** निकासी गरेको देखिदा मर्मत लागत खर्च दावी गर्न नमल्निुका साथै दम्पत्ति सुविधा लिएको महिला कर्मचारीलाई थप १० प्रतिशत बढी छुट दिन कानूनत: मिल्ने अवस्था नहुँदा करदाताले पेश गरेको आय विवरण संशोधन भै कर योग्य आय रु. १४,१५,१५,२९५।–

कायम गरी कर निर्धारण आदेश जारी गर्ने गरी शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७२।१२।२८ मा भएको निर्णय ।

५. शुरु निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनको निवेदन गरीएकोमा कानूनमा निर्धारण भएको समयभित्र निवेदन उपर निर्णय नभएको ।

६. **Mismatch** वापत मेडिसर्ज इन्टरनेशनल संगको रु. १,५८,९८६।– बराबरको कारोबार रकमलाई सिधै खर्च लेखी बैंक अफ काठमाडौंको नाममा खिचिएको एकाउण्टपेयी चेकबाट भुक्तानी गरिएकाले उक्त खर्च आयकर ऐनको दफा १३ अनुसार कट्टि गर्न मिल्ने अवस्था रहेको । कलेजले अनुसूची १३ मा देखाएको खरिद वापतको रकममा खरिद फिर्ताको रकम समेत समावेश भएकोले आई.एम.ई. अक्सिजन सँगको कारोबारमा सो रकमलाई घटाउदा खरिद रकममा कुनै **Mismatch** नरहने हुँदा सो खर्च आयमा समावेश गर्नु पर्ने अवस्था नरहेको, बोनस ऐन २०३० को व्यवस्था अनुसार भुक्तानी गरिएको बोनस खर्चलाई खर्च शिर्षकमा राख्न आयकर ऐनले नै अनुमति दिएको, **Reception & Refreshment** खर्च विवरण अनुसार सबै खर्चहरु कम्पनीको व्यवसायिक प्रयोजनका लागि भएका खर्चहरु भएको सो शीर्षकमा मदिरा लगायतका खर्चहरु समावेश नभएकाले खर्च कट्टि गर्न कानूनतः पाउनुपर्ने अवस्था रहेको । **Image Key Board** प्रयोग गर्ने क्रममा विग्रन गई मर्मत संभारका लागि उत्पादनकर्ताकोमा पठाइएकोमा मर्मत बापत लागेको खर्च भुक्तानी गरिएको रकमलाई आयमा समावेश गर्नु न्यायसँगत नहुने भएकाले छुट प्रदान हुनुपर्ने । महिला कर्मचारीलाई ऐनले प्रदान गरेको दश प्रतिशतको विषेश छुटमा समेत दम्पती तर्फको सुविधा लिएको भनी अग्रिम कर कट्टि दाखिला गराउने गरी भएको निर्णय कानून अनुरुप नहुदा उक्त निर्णय उल्टी गरी कलेजको तर्फबाट पेश भएको आय विवरणलाइ नै कर योग्य आयको रुपमा कायम गरीपाउँ भन्ने समेत व्यहोराको करदाता काठमाडौं मेडिकल कलेज प्रा लि को तर्फबाट यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदनपत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति ०४/०३/२०७६ मा भएको आदेश ।

**<u>ठहर खण्ड</u>**

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

९. पुनराबेदक काठमाडौं मेडिकल कलेज प्रा.लि को तर्फबाट उपस्थित हुनु भएका विद्वान

अधिवक्ता श्री तारादेव जोशीले आयकर ऐनले दिएको सुविधा प्रयोग गरि आय विवरणमा लागत खर्चमा दावी गरिएको विषयमा आधार र कारण विना खर्च तर्फ अमान्य गर्ने र कानूनले महिलालाइ दिएको विशेष छुटमा समेत अग्रिम आयकर दाखिला गराउने गरी भएको शुरु ठूला करदाता कार्यालयको निर्णय कानुन विपरित रहेको हुँदा उक्त निर्णय उल्टी गरी कलेजले पेश गरेको आय विवरण अनुसार करयोग्य आय कायम गरिनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. त्यसैगरी विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार वस्नेतले आयकर ऐन नियम र निर्देशिकाले यि करदातालाइ दिएको अधिकारभन्दा बाहिर गै लागत खर्च देखाएको अवस्थामा त्यसलाइ सुधार गर्न कर परिक्षणका क्रममा कर अधिकृतले कानून सम्वत रुपमा निर्धारण गरेको संशोधित कर योग्य आयमा परिवर्तन गर्नुपर्ने कानूनी आधार विद्यमान नहुँदा उक्त निर्णय सदर हुनु पर्छ भनि गर्नु भएको वहस समेत सुनियो।

११. प्रस्तुत मुद्दाको प्राप्त शुरु मिसिल र पुनरावेदन पत्र अध्ययन गरी उपरोक्तानुसारको विद्धान अधिवक्ता एवं विद्धान सरकारी वकिलको बहस जिकिर सुनी पुनरावेदकले पुनरावेदन जिकिरमा उल्लेख गरे अनुसार हुने हो वा होइन ? भन्ने सम्बन्धमा विवेचना गरी निर्णय दिनुपर्ने देखिन आयो ।

१२. यसमा आयकर ऐन २०५८ को दफा २१(२) मा कुनै आय वर्षमा बीस लाख रुपैया भन्दा बढीको बार्षिक कारोबार गर्ने व्यक्तिले देहायको अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा ५० पहजार रुपैयाँ भन्दा बढीको नगद भुक्तानी गरेमा सो कट्टि गर्न पाउने छैन भनी विभिन्न ६ वटा अवस्था उल्लेख गरेको देखिन्छ । पुनरावेदक करदाताले मेडिसर्ज इन्टरनेशनललाई व्यवसायिक कृयाकलापका क्रममा गरेको भुक्तानी मध्ये रु. १,५८,९८६।०५ रकम नगद मार्फत भुक्तानी भएको देखिएको हुँदा उक्त भुक्तानी भएको रकमको अंक ऐनमा उल्लेखति सीमाभन्दा बढी देखिएको अवस्था हुँदा मेडिसर्ज इन्टरनेशनललाई भएको उक्त भुक्तानी कर योग्य आयमा समावेश गर्ने शुरु कार्यालयको निर्णय मिलेकै देखिदा सो सम्बन्धमा पुनरावेदकको जिकिर पुग्न सक्ने देखिएन ।

१३. पुनरावेदक करदाताको नाफा नोक्सान हिसावमा बोनस वितरणको आधार रकम १४,९९,६५,७३४।–देखिन्छ । उक्त आधार रकमबाट बोनस ऐन, २०३० अनुसार वितरण गर्न सकिने अधिकतम दश प्रतिशत रकम नै बोनस वापत खर्च दावी गर्न सकिने अवस्था भएकोमा लाभांस समेतको अंकको आधारमा रु १,५५,६६,५७३।-बोनस खर्च दावी गरेको देखिन्छ । करदाताले यस आय वर्षमा नाफा नोक्सान हिसावमा अन्तिम रुपमा करकट्टी भै आएको रकम समेत गणना गरी कर योग्य आयको घोषणा गरेको

देखिन्छ । पुनरावेदकले अन्तिम रुपमा कर कट्टी भै आएको रकम अलग गरी कर गणना गरिसकेको र यसमा अन्यथा जिकिर लिएको पनि देखिएन । आयकर ऐन २०५८ को दफा ९२ (१)(क) मा वासिन्दा कम्पनीले भुक्तानी गरेको लाभांस रकम भुक्तानीकर्ताले अग्रिम कर कट्टि गरी भुक्तानी गरेकोले अन्तिम रुपमा कर कट्टि हुने भुक्तानी मानिएको छ । अग्रिम कर कट्टि रकम दाखिला भै सकेपछि प्राप्त भुक्तानी रकमका सम्बन्धमा कर दायित्व पुरा भएको मानिने कानूनी व्यवस्था दफा ९२(२) मा देखिन्छ । पुनरावेदकले अन्य निकायमा लगानी गरी प्राप्त गरेको लाभांश आय पनि यसै कानूनी व्यवस्था अनुसारको भएको पाइन्छ । यसरी प्राप्त हुने रकममा पुन आयकर तिर्नु पर्ने कानूनी व्यवस्था रहे भएको पाइदैन । लाभांस रकम व्यवसायको आयमा समावेश गरी कर तिर्नु नपर्ने आय भएकोले सो रकमको वोनस खर्च कट्टि गर्न पाउनुपर्छ भन्न मिल्ने नदेखिंदा बोनस गणना गर्ने प्रयोजनका लागि नाफा नोक्सान खातामा सो रकम समेत समावेश गरी बोनस ब्यबस्था गर्दा वास्तविक पाउने वोनस खर्च भन्दा बढी दावी हुन आएकोले खूद नाफा रकमको १० प्रतिशत मात्र बोनस ब्यबस्था वापत खर्चको रुपमा मान्यता दिएको निर्णय कानून सम्मत भएको देखिदा बढी खर्च दावी रकम अमान्य गरेको शूरुको निर्णय मिलेकै देखिन आयो ।

१४. पुनरावेदकले आईएमई. अक्सिजनसँग देखाएको खरिद अंक रु. २७,३६,२२५।–र आईएमई अक्सिजनले विक्रीमा देखाएको २७,०१,६००।–को हिसाव हेर्दा खरिद र विक्री विचको फरक रु. ३४६२५।–देखिन्छ । उक्त फरक रकम पुनरावेदकले नियमानुसार हिसाव मिलान गर्न पाउने खरिद फिर्ताको रकम देखिन आएकोले फिर्ता रकम समेत समावेश भएको अंकलाई कर योग्य आयमा समावेश गरेको हकमा शुरु कार्यालयको निर्णय मिलेको देखिन आएन ।

१५. पुनरावेदक करदाताको व्यवसायमा क्षमता अभिवृद्दिको विषय समेत महत्वपूर्ण पक्ष हुने देखिंदा पुर्नःताजगी लगायतका व्यवसायिक दक्षता अभिवृद्धिसँग सम्बन्धित कार्यक्रमलाई व्यवसायिक कार्य भित्रकै हिस्सा मान्नु पर्ने देखिदा उल्लेखित काममा भएको खर्चलाइ व्यवसायिक काम भन्दा बाहिरको खर्च मान्न मिल्ने देखिदैन । मदिरा समेतका आय आर्जनसँग असम्बन्धित खर्चलाइ समेत लागत खर्चमा समावेश गरिएको भनी निर्णयमा उल्लेख गरिएको भएपनि मदिरा खरिदको विल समावेश भएको नदेखिंदा क्षमता अभिवृद्धिमा खर्च गरी Reception & Refreshment तर्फको शीर्षकमा देखाइएको खर्च रु. ३३४४३६।– कानूनत खर्च तर्फ राख्न मिल्ने नै देखिदा लागत खर्चमा मान्यता नदिई कर योग्य आयमा समावेश गरेको मिलेको देखिन आएन ।

१६. आयकर ऐन २०५८ को दफा १६(१) मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै

व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको खर्चहरु कट्टि गर्न पाउने छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । पुनरावेदक करदाताले शिक्षण अस्पताल संचालनको क्रममा प्रयोगमा ल्याएको Image Key Board मेशिनरि उपकरण संचालनका क्रममा विग्रन गै मर्मत सम्भारको लागि बाहिर पठाएकोमा सो उपकरणको मर्मत संभार शुल्क भुक्तानी गरेको देखिदा उक्त भुक्तानी उल्लेखित कानूनी व्यवस्थाको रोहमा खर्च कट्टि गर्न पाउने अवस्थाको नै देखिंदा Image Key Board मर्मत सुधार वापतको खर्चलाई अमान्य गरी आयमा समावेश गरेको शुरु निर्णय मिलेको देखिन आएन ।

१७. महिला कर्मचारीहरुको तलवी बिबरणमा लाग्ने करमा १० प्रतिशतले घटी कर तिर्ने गरी सुविधा दिएकोलाई आय निर्धारणको क्रममा अमान्य गरी दम्पत्ति सुबिधा लिएका महिला कर्मचारिले उक्त सुविधा नपाउने भन्ने अर्थमा कर निर्धारण गरेको देखियो । ऐनको अनुसूचि-१ को दफा १(११) मा महिला कर्मचारीको आयकरमा लाग्ने करमा १० प्रतिशतले छुट पाउने भन्ने स्पष्ट ब्यबस्था गरेको देखिन्छ । महिलाहरुमा उद्यमशिलता बृद्धिहोस र आत्मनिर्भरता कायम हुन सकोस भन्ने समेतको अभिप्रायले बिधायिकाले दिएको यसप्रकारको सुविधालाई अन्यथा अर्थ गरी कर सुविधाबाट बन्चित गर्नु बिशेष संरक्षणको संबैधानिक मान्यता तथा सम्बन्धित कानुनी ब्यबस्था बिपरित हुन जान्छ । आयकर निर्देशिका २०६६ (संशोधन २०६८) को पृष्ट १५४ मा उदाहरणसहित सो सुविधा दिन मिल्ने गाइडलाइन आन्तरिक राजस्व बिभागबाट जारी भएको स्थितिमा दम्पति सुविधा लिएका महिला कर्मचारिहरुले थप १० प्रतिशत कर छुटको सुविधा नपाउने भन्नु न्याय संगत हुँदैन । कानुनको सम्बन्धित दफाको प्रतिबन्धात्मक वाक्यांशमा यो यस्तो अवस्थामा नपाउने भनी स्पष्ट रुपमा ब्यबस्था गरेको अवस्थामा बाहेक कानुनमा लेखिएको ब्यबस्थालाई अन्यथा अर्थ गरी अर्थात दम्पत्ति सुविधा लिएका महिला कर्मचारीहरुले थप १० प्रतिशत कर छुट नपाउने भन्ने अर्थ गरी सो सुबिधाबाट बन्चित हुने गरी भएको उक्त सम्बद्ध निर्णय कानुन, स्वविवेदक र न्यायका मान्य सिद्धान्त प्रतिकूल भएको देखिन आयो । अतः उक्त रकम छुट नदिने गरी भएको शुरु निर्णय मिलेको देखिन आएन ।

१८. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०३८५१७६९ भएका पुनरावेदक करदाता काठमाडौ मेडिकल कलेज पब्लिक लिमिटेड को आ.व २०६९।०७० को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय ललितपुरबाट भएको मिति २०७२।१२।२८ को निर्णयमा आइ.एम.ई अक्सिजन प्रा.लि सँगको खरिद खर्च, Reception & Refreshment खर्च कट्टी अमान्य गरेको, Image Key Board मर्मत गर्न

पठाउदा भन्सार आसिकुडा प्रणालीमा देखिएको रकम आयमा समावेश गरेको तथा अग्रिम करकट्टी तर्फ पारिश्रमिक आय आर्जन गर्ने महिलाको आयमा लाग्ने करमा दश प्रतिशतले हुने रकम छुट नदिने गरी कर निर्धारण गरेको मिलेको नदेखिदा सो हदसम्म उक्त निर्णय उल्टी हुने ठहर्छ । अन्य विवादित विषयको हकमा शुरु निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । सम्पूर्ण रुपमा शुरु निर्णय उल्टी इन्साफ गरीपाउँ भन्ने पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपशिल</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता काठमाडौ मेडिकल कलेज पब्लिक लिमिटेड को आ.व २०६९।०७० को आयकर निर्धारणका सम्बन्धमा आइ.एम.ई अक्सिजनसँग भएको खरिद खर्च, Reception & Refreshment खर्च, Image Key Board मर्मत सम्भार खर्च तथा अग्रिम करकट्टी तर्फ पारिश्रमिक आय आर्जन गर्ने महिला कर्मचारीको हकमा दश प्रतिशत कर नदिइ करदाताको आयतर्फ समावेश गर्ने गरी मिति २०७२।१२।२८ मा शुरु ठूला करदाता कार्यालय ललितपुरबाट भएको निर्णय सो हदसम्म उल्टी भएको हुँदा उक्त शुरु निर्णय अनुसारको करयोग्य आयको महलबाट उक्त विवरण हटाइ कर निर्धारण गर्नु भनी शुरु ठूला करदाता कार्यालय ललितपुरमा लेखि पठाइदिनु ................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित नक्कल उपलब्ध गराउनु ....३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू........................................................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्ने</u> :-
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७६ साल भदौ १५ गते रोज १ शुभम......

## राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

## फैसला

**२०७४ सालको मुद्दा नं. ०७३-RB- ०६४२**
**निर्णय नं. ४९**
**मुद्दाः- छुट अन्तःशुल्क र मूल्य अभिबृद्धि कर ।**

युनाइटेड पोलिस्याक्स प्रा.लि. (स्थायी लेखा नं. ३०००१०३१४) का अधिकार प्राप्त प्रबन्ध निर्देशक महेन्द्रकुमार श्रेष्ठ...............................................१ } पुनरावेदक

**विरुद्ध**

श्री वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज ...............................................१
श्री महालेखा परीक्षकको कार्यालय, ववरमहल,काठमाण्डौ..........................१ } प्रत्यर्थी

नियम बमोजिम मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वीरगञ्ज भन्सार कार्यालयबाट प्रेषित, आर्थिक ऐनले नदिएको सुविधा लिएको कारणले कारोबार मूल्यमा दश प्रतिशत भन्सार महसुल समावेश गर्दा हुने रकममा पाँच प्रतिशत अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि कर समेत छुट हुन गएको हुँदा कायम हुन आएको बेरुजू रकम ७(सात) दिन भित्र दाखिला गर्न भनी मिति ३१/०४/२०७३, प.सं. ०७४/०७३, च.नं.७ को पत्र उपर भन्सार ऐन,२०६४ को दफा ६२ र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम पुनरावेदक युनाइटेड पोलिस्याक्स प्रा.लि.को पुनरावेदन दर्ता भई पेश हुन आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

### तथ्य खण्ड

१. आर्थिक ऐन,२०७१ को दफा ३ सँग सम्बन्धित अन्तःशुल्क दरबन्दी अन्तर्गत शिर्षक ३९२० र ३९२१ मा पर्ने प्लाष्टिक शीटमा अन्तःशुल्क %५ लाग्ने व्यवस्था छ । यस्तै भन्सार विभागबाट जारी एकिकृत महसुल दर ७२/२०७१ को उपशिर्षक ३९२०१० मा इथाईलिन पोलिमर र ३९२०२० मा प्रापिलिन पोलिमरका मालवस्तुमा %१५ भन्सार

महशुल, %५ अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेको छ । साथै आर्थिक ऐन, २०७१ मा फिलर मास्टर व्याचको पैठारीमा %१० मात्र भन्सार महशुल लाग्ने र अन्तःशुल्क र मु.अ. कर छुट दिने व्यवस्था रहेको देखिदैन। कार्यालयले यस वर्ष निम्नानुसार क्याल्सियम कार्वोनेट फिलर मास्टर व्याच उपशिर्षक ३९२०९९०० बाट पैठारी गर्दा ३९२०९९०० बाट पैठारी गर्दा %१० भन्सार महशुल र मूल्य अभिवृद्धि कर लिए तापनि ५% अन्तःशुल्क छुट दिएको पाइयो । यसरी आर्थिक ऐनले नदिएको सुविधा दिएको कारणले कारोबार मूल्य रु.१३२०८०५१६/- मा १०% भन्सार महसुल समावेश गर्दा हुने रकममा ५ प्रतिशत अन्तःशुल्क रु.७२६४४३२/- र सो को मूल्य अभिवृद्धि कर रु. ९४४३७६/- समेत रु.८२०८८०८/- छुट हुन गएको छ । अत उक्त अन्तःशुल्क र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेत असूल गरी दाखिला गर्नुपर्ने भन्ने समेत व्यहोराको महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन पठाएको वारेको मिसिल संलग्न पत्र र प्रतिवेदन ।

२. सोही बमोजिम आर्थिक ऐनले नदिएको सुविधा लिएको कारणले कारोबार मूल्यमा दश प्रतिशत भन्सार महसुल समावेश गर्दा हुने रकममा पाँच प्रतिशत अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि कर समेत छुट हुन गएको हुँदा कायम हुन आएको उक्त वेरुजु रकम ७(सात) दिन भित्र यस कार्यालयमा दाखिला गर्नुहुन आदेशानसार अनुरोध छ भन्ने समेत व्यहोराको वीरगञ्ज भन्सार कार्यालयको मिति ३१/०४/२०७३, प.सं. ०७४/०७३, च.नं.७ को पत्र ।

३. पुनरावेदकले खरिद गरेको वस्तुको बिक्रीबाट जारी भएको व्यापारिक विजकमा आयात गरिएको वस्तुको हार्मोनाइज्ड कोड २८३६.५० प्रष्ट रुपमा उल्लेख भएको छ । उक्त विजकमा उल्लेखित हार्मोनाइज्ड कोड अनुसारको वस्तु नभएको प्रत्यर्थीहरुबाट उल्लेखन र प्रमाणित गर्न सकेको अवस्था पनि छैन । एउटा हार्मोनाइज्ड कोड अन्तर्गतको वस्तुलाई भुल वा त्रुटिवश अन्य हार्मोनाइज्ड कोड उल्लेख भएकै आधारमा वास्तविक र यर्थाथ हार्मोनाइज्ड कोड भन्दा फरक आधारमा कर निर्धारण हुन सक्दैन । कर निर्धारण कानूनबमोजिम मात्रै हुन सक्ने कर कानूनको मौलिक र मान्य सिद्धान्त रहेको छ । महालेखाको बेरुजू स्वंममा कर निर्धारण हुन सक्दैन र भन्सार कार्यालयले विधिवत निर्धारण गर्नुपर्नेमा नगरेको त्रुटिपूर्ण छ । अतः विपक्षी वीरगञ्ज भन्सार कार्यालयको मिति ३१/०४/२०७३ को निर्धारण असूलउपर तथा विपक्षी कार्यालयको सम्पूर्ण काम कारवाही आदेश समेतलाई उल्टी गरीपाउँ भन्ने समेत व्यहोराको पुनरावेदक युनाइटेड पोलिस्यक्स प्रा.लि.को मिति ०८/०३/२०७४ को पुनरावेदनपत्र ।

४. यसमा मुलुकी ऐन, अ.वं.२०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील

कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति ३०/०४/२०७५ को यस न्यायाधिकरणको आदेश ।

**<u>ठहर खण्ड</u>**

५. नियमबमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक तर्फबाट उपस्थित हुन भएका विद्वान वरिष्ठ अधिवक्ता श्री ठाकुररमण आचार्य एवं विद्वान अधिवक्ता श्री तुलसीराम काफ्लेले कर निर्धारण कानूनबमोजिम मात्रै हुन सक्ने कर कानूनको मौलिक र मान्य सिद्धान्त हो। महालेखाको वेरुजु स्वंममा कर निर्धारण हुन सक्दैन र भन्सार कार्यालयले विधिवत निर्धारण गर्नुपर्नेमा नगरेको त्रुटिपूर्ण छ ।यसै प्रकृतिको अन्य कम्पनीहरुको रिट निवेदन सम्मानित सर्वोच्च अदालतमा दायर भई अन्तरिम आदेश जारी भएको अवस्था छ । उक्त रिट निवेदन अन्तिम नभएसम्मका लागि प्रस्तुत मुद्दा तामेलीमा राख्दा पनि हुने र यदि निर्णय हुने भए विपक्षी वीरगञ्ज भन्सार कार्यालयको सम्पूर्ण काम कारवाही आदेश समेतलाई उल्टी गरी विपक्षी कार्यालयले मेरो पक्षबाट दाखिला गराएको रकम समेत फिर्ता हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

६. त्यसैगरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले महालेखा परीक्षकलाई संविधान बमोजिम वेरुजु औंल्याउने अधिकार रहेको, पुनरावेदकले आयात गरेको सामान महालेखा परीक्षकको कार्यालयले वेरुजु बमोजिम कै रहेको र सो वेरुजुको आधारमा असूल गरिएको करलाई त्रुटिपूर्ण भन्न नमिल्ने हुँदा पुनरावेदकको माग बमोजिम गर्न मिल्ने होईन, शुरु कार्यालयको काम कारवाही सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. उपरोक्त बमोजिम दुबै पक्षको बहस जिकिर सुनी मिसिल प्रमाणको अध्ययन गर्दा यसमा निम्न लिखित विषयमा निर्णय दिनु पर्ने देखियो:-

क) महालेखापरीक्षकको कार्यालयलाई सरकारी कार्यालयहरुले गरेको आर्थिक कारोबार परीक्षण गर्न पाउने अधिकार छ छैन ?

ख) शुरु वीरगञ्ज कार्यालयले महालेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदनको आधारमा जारी गरेको पत्रादेश अर्थात निर्णय मिलेको छ छैन ?

ग) पुनरावेदक माथि परेको आर्थिक दायित्ववाट पुनरावेदकले पूर्ण उन्मुक्ति पाउने हुन वा मुद्दा पुनः निर्णयार्थ शुरु कार्यालयमा पठाउनु पर्ने के हो ?

८. प्रथम प्रश्नको सम्बन्धमा हेर्दा महालेखा परीक्षकको कार्यालय सबै सरकारी कार्यालयहरुले

गरेको आर्थिक कारोबार कानुन सम्मत छ छैनन ? प्रचलित कानूनको रित पुर्‍याइ काम कारवाहीहरु भएका छन छैनन ? भन्ने सम्बन्धमा जाँच परीक्षण गर्ने संवैधानिक निकाय हो । यसले भन्सार कार्यालयले करदाताले पैठारी गरेको मालवस्तुमा कम भन्सार दर लगाएको देखेमा बेरुजू औल्याउने अधिकार राख्दछ । नेपालको संविधान २०७२ को भाग२२- को धारा २४१ को उपधारा (१) मा *"राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेख परीक्षकबाट हुनेछ ।"* भनी महालेखा परीक्षकको काम,कर्तव्य, अधिकारको व्यवस्था गरेको पाइन्छ । यसरी संविधानले नै महालेखा परीक्षकलाई सरकारी कार्यालयको लेखापरीक्षण गर्ने गरी अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा लेखा परीक्षण गर्ने अधिकार अन्तर्गत लेखा परीक्षणका क्रममा देखिएको त्रुटी औँल्याउने, बेरुजू जनाउने, त्यस्तो त्रुटी सच्याउन र बेरुजू असुल उपर गर्न निर्देशन दिने समेत अधिकार अन्तरनिहित हुने हुँदा संविधान प्रदत्त अधिकारमा संकुचन हुने गरी भन्सार अधिकृतले जाँचपास गरेको सम्बन्धमा बेरुजू औँल्याउने अधिकार महालेखा परीक्षकलाई छैन भनी मान्न मिलेन । यससम्बन्धमा जावालखेल डिस्टलरी प्रा. लि. बिरुद्द मन्त्रिपरिषद सचिवालय समेत भएको उत्प्रेषण समेत बिषयमा सम्मानित सर्वोच्च अदालतबाट *"संविधानले नै महालेखा परीक्षकलाई सरकारी कार्यालयको लेखा परीक्षण गर्ने गरी अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा लेखा परीक्षण गर्ने अधिकारअन्तर्गत लेखा परीक्षणका क्रममा देखिएका त्रुटि औंल्याउने, बेरुजु जनाउने, त्यस्तो त्रुटि सच्याउन र बेरुजु असूलउपर गर्नु भनी निर्देशन दिने समेतको अधिकार अन्तर्निहीत हुने हुँदा संविधानप्रदत्त त्यस्तो अधिकारमा संकुचन ल्याउने गरी यस अदालतबाट व्याख्या हुन नसक्ने ।"* भनी ने.का.प. २०६८, अङ्क १०, निर्णय नं. ८६९४ मा सिद्धान्त प्रतिपादन भएको समेतबाट महालेखा परीक्षकले बेरुजू औँलाएकोलाई अन्यथा भन्न मिल्ने देखिएन ।

९. अब दोस्रो प्रश्न तर्फ विचार गर्दा माथि पहिलो बूदाँमा उल्लेख भएअनुसार पुनरावेदकले पैठारी गरेका मालसामानहरु भन्सार दरबन्दी सङ्केत उपशिर्षक (HSCODE)३९२०९९०० थप ५% अन्तःशुल्क लगाउने निर्णय प्रत्यर्थी वीरगञ्ज भन्सार कार्यालयले गरेको भन्ने छुट्टै निर्णय पर्चा देखिदैन । महालेखा परीक्षकको कार्यालयले च.नं. ४ मिति ०७२।११।१८ को पत्रद्वारा वीरगञ्ज भन्सार कार्यालयलाई लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन पठाएको भन्ने विषयमा प्रतिवेदनमा उल्लेखित व्यहोरा सम्बन्धमा ३५ दिन भित्र असुल फछ्यौट भएको

प्रमाण वा बेरुजू कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जवाफ पठाउनु हुन अनुरोध भनी जानकारी गराएको र सोही आधारमा वीरगञ्ज भन्सार कार्यालयले च. नं. ७ मिति ०७३।४।३१ को पत्रद्वारा उक्त बेरुजू रकम दाखिला गर्न भनी पुनरावेदकलाई पत्राचार गरेको भन्ने पुनरावेदनपत्र साथ पेश उक्त पत्रको प्रतिलिपीबाट देखिन्छ । महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन बमोजिम बेरुजू कायम हुने नहुने के हो भन्ने बारे वीरगञ्ज भन्सार कार्यालयले कुनै प्रतिकृया लेखा परीक्षक समक्ष पठाएको नपठाएको भन्ने कुरा प्राप्त शुरु मिसिलबाट खुल्न आएको पाइदैन र शुरु मिसिलमा वीरगञ्ज भन्सार कार्यालयको उक्त च.नं. ७ मिति ३१/०४/२०७३ को पत्र समेत देखिंदैन ।

१०. महसुल निर्धारणको सम्बन्धमा भन्सार अधिकृतबाट हुने निर्णय शुद्ध प्रशासकीय नभई अर्धन्यायिक प्रकृतिको निर्णय हो । अर्धन्यायिक अधिकारीले गर्ने निर्णयमा निर्णयकर्ताले न्यायिक मनको प्रयोग गरी निर्णयमा पुग्ने आधार र कारण खुलाइएको हुनुपर्छ। अरु कुनै अधिकारी वा निकायले लाए अह्याए अनुसार वा लेखेको पत्र अनुसारको कार्य गर्ने प्रशासकीय अधिकारी बाहेकका अर्धन्यायिक अधिकारीले कसैको जीउ, धन र वैयक्तिक स्वतन्त्रतामा असर पर्ने निर्णय गर्दा आफै आधार र कारण खोली बुझ्नुपर्ने प्रमाण भए बुझी न्यायिक मनको प्रयोगका साथ गर्नु पर्छ । अर्काको आदेश तामेल गर्ने दृष्टिले गरिएको आफ्नो विश्लेषण विवेचना र मूल्याङ्कन बिनाको निर्णयले न्यायिक निर्णयको स्थान लिन सक्दैन । न्यायिक मनको प्रयोग विना भएको निर्णयलाई कानूनसम्मत निर्णय मान्न मिल्दैन । प्रत्यर्थीले पुनरावेदक माथि भन्सार महसुलको भार बढी पर्ने पत्राचार गर्दा सो अनुसार नगरी महालेखा परीक्षकको पत्रको कार्यान्वयन गर्ने शैली र तरिकाबाट मात्र गरेको देखिदा उक्त निर्णयमा न्यायका आधारभूत मान्यताको ठाडो उलंघन भएको भन्ने देखिन आयो । यस आधारमा उक्त निर्णय मिलेको देखिएन ।

११. त्यसैगरी तेस्रो प्रश्न भन्सार अधिकृतबाट भएको पत्रादेश मिलेको नदेखिएको परिप्रेक्ष्यमा उक्त निर्णयबाट पुनरावेदक माथि परेको आर्थिक दायित्ववाट पुनरावेदकले पूर्ण उन्मुक्ति पाउने हुन वा पुनः निर्णयार्थ शुरु कार्यालयमा पठाउनु पर्ने के हो ? भन्ने सम्बन्धमा विचार गर्दा अधिकार प्राप्त कुनै अधिकारीले गरेको निर्णयमा कुनै कार्यविधिगत त्रुटी भएको भन्ने इन्साफ जाँचको रोहमा माथिल्लो निकाय वा अदालत वा न्यायाधिकरणलाई लागेमा ततसम्बन्धमा आफैले प्रमाण बुझी इन्साफ गर्न मनासिब देखेको अवस्थामा बाहेक तत्सम्बन्धमा बुझ्नुपर्ने प्रमाण बुझी पुनः निर्णय गर्नु वा गराउनु भनी सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउन सक्ने माथिल्लो निकाय वा अदालत वा न्यायाधिकरणको अधिकार पुनरावेदकीय अधिकार क्षेत्रकै बिषय हो । शुरु निकाय वा अधिकारीले गर्नुपर्ने निर्णय पुनरावेदन तहले आफै गर्दा सम्बन्धित पक्षको एकतह पुनरावेदन गर्ने अधिकार

संकुचित हुन जाने र प्रस्तुत मुद्दामा शुरु कार्यालय भन्सार अधिकृतले आफै गर्नुपर्ने निर्णय नगरी महालेखा परीक्षकको बेरुजू पत्रको आधारमा पुनरावेदक माथि थप व्ययभार पर्ने पत्राचार गरेको विषयवस्तु देखिएको प्रस्तुत मुद्दाको सन्दर्भबाट पुनः निर्णयार्थ सोही कार्यालयमा पठाउनु कानुन एवम् न्यायसंगत हुने देखिन्छ ।

१२. अधिकार प्राप्त प्रशासकीय वा अर्धन्यायिक अधिकारीले गरेको न्यायिक निर्णयमा भएको कार्यविधिगत त्रुटीबाट करदाताले करको दायित्वबाट पूर्ण उन्मुक्ति पाउने भन्न मिल्लैन । पुनः निर्णय हुँदाका अवस्थामा ठहरेबमोजिम हुने र सो पश्चात पुनरावेदक करदाताले चित्त नबुझाएको अवस्थामा पुनः यस न्यायाधिकरणमा पुनरावेदन गर्ने अधिकार निजमा सुरक्षित रहने समेत हुँदा प्रत्यर्थीको कार्यविधिगत त्रुटीबाट भएको पत्रादेशको कारणबाट पुनरावेदकले थप महसुल तिर्न नपर्ने वा पुनरावेदकको जिकिर अनुसार कै भन्सार दरबन्दी कायम हुने भन्न मिलेन । उक्त पत्रादेश बदर गरी यस सम्बन्धमा पुनरावेदक करदाताले पैठारी गरेका मालवस्तु निजले जिकिर लिएअनुसारको भन्सार दरबन्दी भित्र पर्ने वा नपर्ने के हो ? नपर्ने भए के कति कारण र आधारमा भिन्न दरबन्दी कायम हुने हो ? तत्सम्बन्धमा, थप जो जे बुझ्नुपर्ने हो बुझी पुनः निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ को उपदफा (२) को देहाय (ख) अनुसार पुनः निर्णयार्थ शुरु कार्यालय अर्थात वीररगञ्ज भन्सार कार्यालयमा पठाउनु पर्ने देखिन आयो ।

१३. अतः बिबेचित आधार र कारणबाट भन्सार कार्यालय, वीरगञ्जबाट पुनरावेदक करदाताको हकमा च.नं. ७ मिति ३१/०४/२०७३ को पत्रद्वारा बेरुजू रकम दाखिला गर्ने सम्बन्धमा दिएको पत्रादेश मिलेको नदेखिँदा उक्त पत्रादेश बदर गरी दिएको छ । अब जो जे प्रमाण बुझ्नु पर्छ बुझी न्यायिक मनमा प्रयोगका साथ ३(तीन) महिना भित्र निर्णय गर्नू भनी प्राप्त शुरु मिसिल वीरगञ्ज भन्सार कार्यालय पर्सा वीरगञ्जमा पठाइदिने ठहर्छ । सो ठहर्नाले अरुमा तपसीलबमोजिम गर्नू ।

## तपसील

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाताको हकमा च.नं. ७ मिति ३१/०४/२०७३ को पत्रद्वारा बेरुजू रकम दाखिला गर्ने सम्बन्धमा दिएको पत्रादेश मिलेको नदेखिँदा उक्त पत्रादेश बदर गरी दिएको छ । अब जो जे प्रमाण बुझ्नु पर्छ बुझी न्यायिक मनमा प्रयोगका साथ ३(तीन) महिना भित्र निर्णय गर्नू भनि प्राप्त शुरु मिसिल विरगंज भन्सार कार्यालयमा पठाईदिने ठहरेकाले प्रस्तुत फैसलाको प्रतिलिपी राखी शुरु मिसिल फैसलाबमोजिम गर्नु भनी विरगंज भन्सार कार्यालय, पर्सा, वीरगञ्जमा पठाई दिनु साथै तारिखमा रुजु रहेका पुनरावेदक वारेशलाई विरगंज भन्सार कार्यालय, पर्सा, वीरगञ्जमा हाजिर हुन जानु भनी तारेख

तोकी पठाई दिनु ......................................................................................१

फैसलाको प्रतिलिपी विशेष सरकारी वकील कार्यालयलाई दिनु......................................२

सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु. ..................................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिन ..........................................................................४

किशोर सिलवाल

(अध्यक्ष)

उक्त रायमा सहमत छौं ।

डम्बर बहादुर कार्की

(लेखा सदस्य)

जीवन कुमार घिमिरे

(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री रवि न्यौपाने

इतिसम्बत २०७५ साल पौष ५ गते रोज ५  शुभम................................................

# राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

## फैसला

**२०७५ सालको मुद्दा नं. ०७५-RB-००२०**
**निर्णय नं. ५०**

**मुद्दाः- शिक्षा सेवा शुल्क(०७१/२०७०) ।**

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ११ स्थित नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. (स्थाई लेखा नं. ३०४९२७९०२) को अख्तियार प्राप्त ऐ. का प्रशासनिक निर्देशक बिरेन्द्र पोखरेल ..............................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बबरमहल ............१ } प्रत्यर्थी

यसमा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को निर्णय उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र दफा १)९) बमोजिम पुनरावेदकको पुनरावेदन दर्ता हुन आई यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको देखिन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको  छ ।

**तथ्य खण्ड**

१. निजी विद्यालय संचालनको कार्य गर्ने करदाता नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि.स्थाई लेखा नं. ३०४९२७९०२ को आ.व. ०७१/२०७० को कारोबारमा शिक्षा सेवा शुल्क लाग्ने सम्बन्धमा पेश भएको प्रतिवेदनको आधारमा आर्थिक ऐन, २०७० को दफा ८ बमोजिम लाग्ने शिक्षा सेवा शुल्क र व्याज समेत जम्मा रु. ४,८४,५२५/- को आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बाट मिति २३/०१/२०७५ मा जारी प्रारम्भिक शुल्क निर्धारण आदेश।

२. शुल्क निर्धारण हुनु नपर्ने वा त्यसमा कुनै परिवर्तन गर्नु पर्ने कुनै ठोस प्रमाण भए उक्त पत्र प्राप्त गरेको १५(पन्ध्र) दिनभित्र पेश गर्नुहोला भन्ने आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को पत्र ।

३. सो पत्र करदाताले बुझिलिई सोको जवाफ मिति २२/०२/२०७५ द.नं. ३२०० बाट आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ मा पेश गरेको ।

४. कार्यालयबाट परीक्षण गरी छानविन गर्दा शिक्षा सेवा शुल्क असुल नगरिएको आम्दानी रु.२,२०,३८,६९२/- मा थप शिक्षा सेवा शुल्क लगाउनु पर्ने देखियो भन्ने समेत व्यहोराको आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को मिति ३१/०२/२०७५ को निर्णय ।

५. विद्यायिकाले शिक्षा सेवा शुल्क लगाउने सम्बन्धमा अत्यन्त संवेदनशिल रहेको छ । प्रत्यर्थी कार्यालयले करको दायरा बृद्धि गर्ने अधिकार राख्दैन । कानूनले कर लाग्ने भनी तोकेको लक्ष्मण रेखा भन्दा वाहिर गई कर लगाईएको प्रतिपादित सिद्धान्त प्रतिकुल छ। अतः प्रत्यर्थी कार्यालयबाट मिति ३१/२/२०७५ मा भएको शिक्षा सेवा शुल्कको कर निर्धारणको निर्णय र सोको आधारमा जारी भएको कर निर्धारित आदेश कानून प्रतिकुल हुँदा उल्टी र बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदन जिकिर ।

६. यसमा मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४को दफा ३)१४०) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भन्ने मिति ०३/०८/२०७५ को यस न्यायाधिकरणको आदेश ।

<u>ठहर खण्ड</u>

७. नियमबमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले शुरु कार्यालयले आर्थिक ऐन बमोजिम नै शिक्षा सेवा शुल्क असुल उपर गर्ने निर्णय गरेको छ। पुनरावेदकले भने बमोजिम सो निर्णय बदर हुनुपर्ने अवस्थाको विद्यमानता छैन । तसर्थ शुरु निर्णय सदर हुनुपर्छ होइन भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्तानुसार प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान सरकारी वकीलको बहस सुनी मिसिल कागजातहरुको अध्ययन गरी हेर्दा शुरु आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. यसमा निर्णय तर्फ विचार गर्दा पुनरावेदकले शुरु आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बाट **Other Income** अन्तर्गत **Extra Class Tuition Fee, Fee Income** अन्तर्गतको **Fee Income A/C, Fee Income** अन्तर्गत कै **Annual Fee Income** समेतको आम्दानी रु.२,२०,३८,६९२/- मा थप शिक्षा सेवा शुल्क लगाउने गरी भएको निर्णयमा चित्त नबुझाई प्रस्तुत पुनरावेदन दर्ता गरेको पाईन्छ।

१०. शुरु निर्णय अध्ययन गर्दा उक्त निर्णयको तपसील खण्डको प्रकरण तीनमा यस निर्णय उपर चित्त नबुझेमा श्री आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सकिने व्यहोराको जानकारी करदातालाई दिने भनी उल्लिखित पाईन्छ । तर पुनरावेदक करदाताले सो प्रकृयाको अवलम्बन नगरी सोझै यस अदालतमा पुनरावेदनपत्र दिएको पाईयो । कर प्रशासन संचालन गर्दा हुन सक्ने त्रुटी कानून एवं न्यायिक सिद्धान्त प्रतिकुल कुनै कार्य भएमा आन्तरिक रुपमै प्रशासकीय पुनरावलोकनको माध्यमबाट त्रुटी सच्चाउने मार्ग प्रसस्त गर्न प्रशासकीय पुनरावलोकनको व्यवस्था गरिएको हुन्छ । उक्त मार्ग अवलम्बन गरी सकेपछि मात्र सो निर्णय पुनरावेदन गर्नका लागि परिपक्व हुन्छ । कुनै न्यायिक निकायले शुरु कारवाही सुनुवाई गरी फैसला वा अन्तिम आदेश र किनारा गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन सुन्ने सम्बन्धित अदालतमा कानून बमोजिम पुनरावेदन गर्ने अधिकार हुन्छ। यद्यपी उक्त अधिकार प्रयोग गर्न शुरु फैसलाले तोकेको प्रकृया अवलम्बन गरी आउनु पर्ने हुन्छ । तसर्थ पुनरावेदक करदाता सोझै पुनरावलोकनका लागि शुरु निर्णय अनुसारको निकायमा नगई यस अदालतमा पुनरावेदन दिन आउने कार्य विधिसम्मतको हो भनी मान्न मिलेन । तथापी शुरु निर्णय उपर यस न्यायाधिकरणमा प्रकृया पूरा नगरी आएको कारणले मात्र पुनरावेदकको हक अधिकारमा बाधा पुग्ने गरी निर्णय गर्न न्यायको मान्य सिद्धान्तका आधारमा मिल्ने देखिदैन। विभागबाट निर्णय भई शुरु निर्णय परिपक्व भए पश्चात पुनरावेदक करदाताले चित्त नबुझाएको अवस्थामा पुनः यस न्यायाधिकरणमा पुनरावेदन गर्ने अधिकार निजमा सुरक्षित रहने समेत हुँदा निर्णय पर्चामा उल्लेख भएबमोजिम तोकिएको म्याद भित्र निवेदन दिए कानूनले निर्धारण गरेको प्रकृया अवलम्बन गरी निर्णय गरिदिनु भनी कानूनतः भन्नु पर्ने हुन्छ र प्रस्तुत विवादमा पुनरावेदक सिधै यस न्यायाधिकरणमा प्रवेश गरेको हुँदा अब जो जे बुझ्नु पर्छ बुझी निर्णयमा पुग्नु भनी आन्तरिक राजस्व विभागमा लेखि पठाउनु उचित हुने देखिन आयो।

११. अतएव् माथि उल्लिखित आधार कारणबाट आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बाट स्थाई लेखा नं. ३०४९२७९०२ का करदाता श्री नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टरको आर्थिक वर्ष २०७०/०७१ को शिक्षा सेवा शुल्क तर्फको अन्तिम कर निर्धारण गर्ने गरी मिति २०७५/२/३० मा भएको निर्णय पर्चामा नै करदातालाई चित्त

नबुझेको अवस्थामा श्री आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सक्ने उल्लेख भएको देखिँदा आन्तरिक राजस्व विभागबाट हुने निर्णय उपर पुनरावेदन दिन सकिने नै अवस्था हुँदा हाल निर्णय पर्चामा उल्लेख भएबमोजिम तोकिएको म्याद भित्र निवेदन दिए जो जे बुझ्नु पर्छ बुझी निर्णय गरिदिनु भनी आन्तरिक राजस्व विभागमा लेखि पठाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नू ।

**<u>तपसील</u>**

यसमा माथि ठहरखण्डमा हाल निर्णय पर्चामा उल्लेख भएबमोजिम तोकिएको म्याद भित्र निवेदन दिए जो जे बुझ्नु पर्छ बुझी निर्णय गरिदिनु भनी आन्तरिक राजस्व विभागमा लेखि पठाउने ठहरेकोले प्रस्तुत फैसलाको जानकारी पाएको मितिले तोकिएको म्याद भित्र निर्णय पर्चामा उल्लेख भएबमोजिम पुनरावेदकको निवेदन परे जो जे बुझ्नु पर्छ बुझी निर्णय गरिदिनु भनी आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाण्डौमा लेखि पठाईदिनु.........................................१

प्रस्तुत फैसलाको जानकारी पुनरावेदकलाई दिनु...........................................................२

फैसलाको प्रतिलिपी विशेष सरकारी वकील कार्यालय, काठमाण्डौलाई दिनु..........................३

सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु..४

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिन ..........................................................................५

किशोर सिलवाल

(अध्यक्ष)

उक्त रायमा सहमत छौं ।

डम्बर बहादुर कार्की (लेखा सदस्य)

जीवन कुमार घिमिरे (राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री रवि न्यौपाने

इतिसम्बत २०७५ साल पौष ५ गते रोज ५ शुभम.................................................

## राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

## फैसला

**२०७४ सालको मुद्दा नं. ०७४-RB- ०१३६**

**निर्णय नं. ५२**

भक्तपुर जिल्ला, भक्तपुर उ.म.न.पा. व्यासीटोल स्थित वर्जर जेन्सन एण्ड निकल्सन (नेपाल)प्रा.लि. कोतर्फबाट अधिकार प्राप्त कन्ट्री मेनेजर ल.पु., ल.पु.उ.म.न.पा. धोविघाट बस्ने सैवाल घोष.............................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ............१
श्री आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाण्डौ....................................१ } प्रत्यर्थी

**मुद्दाः-** पूर्वादेश (आयकर)

यसमा प्रत्यार्थी आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष मिति २०७४।०९।२२ मा आयकर ऐन, २०५८ तथा औद्योगिक व्यवसाय ऐन, २०७३ ले प्रदान गरेको सुविधाको सम्बन्धमा दुविधा उत्पन्न भई आयकर ऐन,२०५८ को दफा ७६ अन्तर्गत पूर्वादिश माग गरि निवेदन दिएकोमा आयकर नियमावली,२०५९ को नियम ३)२२) ले व्यवस्था गरेको म्याद भित्र निर्णय नदिएकोले उक्त मितिले ३५ दिन भित्र सो नियमावलीको नियम ३)२२) ले निर्देश गरे बमोजिम आयकर ऐन, २०५८ को दफा ४)११६) बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्र यसै अदालतको क्षेत्राधिकार भित्र रही दर्ता हुन आएको भई संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

१. पुनरावेदक करदाताले आ.ब. ०७३।०७४ भरी नै आयकर ऐन, २०५८ द्वारा परिभाषित विशेष उद्योग संचालन गरेकोले ऐ. ऐनको अनुसुची १ को दफा २ को उपदफा ३ को खण्ड (क) ले तोके मुताविक पुनरावेदक उद्योगको करयोग्य आयमा लाग्ने करको दर

%२०हो। औद्योगिक ब्यवसाय ऐन,२०७३ को दफा २२(क)(१) ले उत्पादनमूलक उद्योगहरुलाई लाग्ने कर को दरमा %२०छुट हुँदा %१६ का दरले कर लाग्ने देखिन्छ। तर पुनरावेदक यसमा दुविधामा परी स्पष्ट हुन चाहेकोले प्रत्यर्थी समक्ष पूर्वादेश माग गरेकोमा प्रत्यर्थीबाट कुनै निर्णय नगरी दुविधा नै कायम राखी रहेको अवस्था छ। अतएव, पुनरावेदकलाई आ.ब. ०७३।०७४ तथा सो उप्रान्त आफ्नो आयमा १६ प्रतिशतका दरले आयकर लाग्ने स्पष्ट भएकोले सोही बमोजिम पूर्वादेश जारी हुने फैसला गरिपाउँ भन्ने समेत ब्यहोराको मिति २०७५।०१।११ को पुनरावेदनपत्र।

२. स्थाइ लेखा नं.३०००४४९७१ का करदाता वर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. लेयस विभागमा पूर्वादेश माग गरी मिति २४/०९/२०७४ मा निवेदन पेश गरेको।उक्त निवेदनमा करदाताले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा २२(१) (क) बमोजिम उत्पादन मूलक उद्योगहरुलाई लाग्ने करको दरमा २० प्रतिशत छुट दिएकोले लाग्ने करको दर २० प्रतिशतमा २० प्रतिशतले छुट हुँदा १६ प्रतिशतका दरले कर लाग्ने/नलाग्ने विषयमा द्विविधा भई स्पष्ट हुन पूर्वादेश माग गरेकोमा आयकर ऐन २०५८ को दफा १४२ मा कर सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने भनिएको र सो दफामा आर्थिक ऐन बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका करका व्यवस्थाहरुमा कुनै पनि संशोधन,परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्थाहरु गर्न सक्ने छैन भन्ने उल्लेख रहेकोले आयकरको दर तथा छुट सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम कै प्रावधानहरु लागू हुने स्पष्ट व्यवस्था भएकोले आयकर ऐन नियममा स्पष्ट भएको विषयमा पूर्वादेश जारी गर्न पर्ने नदेखिएकोले पूर्वादेश जारी नगरिएको व्यहोरा अनुरोध छ । साथै यस विषयमा स्पष्ट गरिदिन नेपाल उद्योग परिसंघले निवेदन दिएकोले उक्त संस्थालाई करदाताको निवेदन प्राप्त हुनु अघि नै पत्र सं. २०७४।०७५,च.नं. ५४,मिति २०७४।९।२३ को पत्रबाट जानकारी समेत गराइसकिएको र अन्य विभिन्न उद्योग तथा यस विभाग अन्तर्गतका कार्यालयहरुले समेत निर्देशन माग गरेको सन्दर्भमा विभागको पत्र सं. २०७४।०७५,च.नं. ५४,मिति २०७४।९।२५ को पत्रबाट सबै कार्यालयहरुलाई उक्त विषयमा जानकारीको लागि सूचना प्रवाह गरिसकेको तथा निवेदकको प्रतिनिधिलाई समेत यस विषयमा भएको परिपत्रको प्रतिलिपी सहितको मौखिक जानकारी प्रदान गरिसकिएको हुँदा यस विषयमा निज करदातालाई जानकारी भइसकेकै हो । आयकर ऐनमा स्पष्ट भएको विषयमा पूर्वादेश जारी गर्न आवश्यक नभएकोले छुट्टै निर्णय नगरिएकोले यस सम्बन्धी कुनै सक्कल मिसिल नभएको व्यहोरा सहित निवेदकले यस विभागमा पेश गरेको निवेदन तथा सो विषयमा विभागबाट जारी भएको पत्र/परिपत्रहरुको प्रतिलिपी यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार

अनुरोध छ भन्ने आन्तरिक राजस्व विभागको च.नं. १४१,मिति ०४/०३/२०७५ को पत्र ।

३. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २८/०३/२०७५ को आदेश ।

## ठहर खण्ड

४. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्वय श्री महेश थापा र श्री सुरज नेपालले औद्योगिक व्यवसाय ऐन, २०७३ उद्योगलाई सुविधा दिन बनेको कानून हो। उक्त ऐनमा उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने करको दरमा २० प्रतिशतले आयकर छुट हुने भनी सहुलियत एवं सुविधा प्रदान गरेको हो। औद्योगिक व्यवसाय ऐन, २०७३ ले लाग्ने आयकरको दर नतोकेको र आयकर ऐन,२०५८ ले विशेष उद्योगका लागी भनी तोकेको २० प्रतिशत दरमा औद्योगिक व्यवसाय ऐन,२०७३ को २० प्रतिशत छुट भई आ.ब. ०७३।०७४ को करयोग्य आयमा १६ प्रतिशतका दरले कर लाग्नु पर्ने र उक्त कानून अन्यथा संशोधन नभएसम्म आउदा आ.ब. मा पनि सोही मुताबिक आयकर लाग्ने प्रष्ट छ। यस्तो अवस्थामा दुविधा उत्पन्न भई पूर्वादेश माग गरि निवेदन दिंदा कुनै निर्णय नगरी दिंदा हाम्रो पक्ष मर्कामा परेको छ।तसर्थ पुनरावेदन जिकिर बमोजिमको पूर्वादेशको आदेश जारी होस् भनी बहस प्रस्तुत गर्नुभयो।

५. प्रत्यर्थी तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान शाखा अधिकृत श्री अञ्चन भट्टराईले पूर्वादेश कर निर्धारणको अपवाद होइन। कर सम्बन्धी कानूनमा दुविधा परेमात्र पूर्वादेशको आदेश माग गरिन्छ। पुनरावेदकले कर विवरण बुझाई सकेको सालका लागि पूर्वादेश माग गरेको देखिँदा पूर्वादेशको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता छैन भनी बहस प्रस्तुत गर्नु भयो।

६. उपरोक्त बमोजिम दुवै पक्षका विद्वान कानून व्यवसायीको बहस सुनी पुनरावेदनपत्र सहितको मिसिल कागजात अध्ययन गरी हेर्दा, यसमा पुनरावेदकको माग बमोजिम पूर्वादेश जारी हुने हो होइन भन्ने तर्फ निर्णय दिनु पर्ने देखियो।

७. अब पुनरावेदकको माग बमोजिम पूर्वादेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार

गर्दा पुर्वदिशको आदेश(ADVANCE TAX RULING) करदाताको निवेदन परेको (Only on application)अवस्थामा, केवल भविष्यको कामका लागि(Only for future actions) र करदाताले व्यवसाय वा सेवाको क्रममा गरेको आयको मूल्याङ्कन एवम् परीक्षणको रोहमा देखिएको दायित्वका सम्बन्धमा (Assessment of the tax liabilities of a concrete transaction) मात्र जारी हुन सक्ने सैद्धान्तिक अवधारणाको पृष्ठभूमीमा हेर्दा हाम्रो आयकर ऐन, २०५८ को दफा ७६ मा निम्न व्यवस्था भएको पाइन्छ।

<u>दफा ७६ पूर्वदिशः</u>(१) कुनै व्यक्तिले आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रबन्धका सम्बन्धमा यो ऐन लागू हुने अवस्थाबारे कुनै द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखतरुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वदिशद्वारा जारी गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमादेखापरेको कुनै द्विविधासम्बन्धी विषय अदालतमा बिचाराधिन रहेको वा अदालतबाटनिर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वदिश जारी गर्न सक्ने छैन।

(३) उपदफा (१) बमोजिम पूर्वदिश जारी गर्नु अगावै कुनै व्यक्तिले देहाय बमोजिम गरेमा सोव्यक्तिलाई दिएको पूर्वदिश बहाल रहेसम्म सो आदेश बमोजिम यस ऐनको कार्यान्वयन गर्न विभाग बाध्य हुनेछः–

(क) सो आदेशसँग सम्बद्ध विषयको पूर्ण यथार्थ विवरण विभाग समक्ष प्रस्तुत गरेमा, र

(ख) सो आदेशकोलागि सो व्यक्तिले दिएको निवेदनमा उल्लिखित बुंदा अनुरुपको प्रबन्ध भएमा।

(४) उपदफा ७५बमोजिम जारी गरिएका सार्वजनिक परिपत्र र उपदफा (१) बमोजिम जारी गरिएका पूर्वदिश एक आपसमा बाझिएमा पूर्वदिश जारी गरिएको व्यक्तिको हकमा पूर्वदिशमा उल्लिखित कुराहरुलाई प्राथमिकता दिइनेछ।

(५) उपदफा (१) बमोजिमको पूर्वदिश जारी गर्नु अघि विभागले निवेदकलाई आफैं वा आफ्नो प्रतिनिधि उपस्थित भै कुनै अपुग विवरण भएमा पेश गर्ने मौका दिन सक्नेछ ।

८. यसरी, उपरोक्त उल्लेखित सैद्धान्तिक पृष्ठभूमि एवंऐनमा प्रयुक्त माथि उल्लिखित

शब्दावलीहरु एवं वाक्यबाटै पूर्वादेश जारी हुने प्राथमिक अवस्था भनेको माग गरिएको विषयमाद्विविधा उत्पन्न भई काम सम्पन्न् गर्न नसकेको अवस्थामा सम्पन्न हुनुपर्ने कामलाई सुनिश्चितता प्रदान गर्नको लागि हो। पूर्वादेश हुँदा विद्यमान द्विविधा समाप्त हुन जान्छ । यस अर्थमा यो काम हुन नसकेको अवस्थामा मात्र जारी हुन्छ ।अर्ध सम्पन्न् वा पूर्ण रुपमा सम्पन्न् भइसकेको कामको हकमा वा पूर्ण रुपमा भुक्तानी भइसकेको करको सम्बन्धमा पुनः भुक्तानी भएको रकम फिर्ता गरी पूर्वादेश जारी हुन सक्ने देखिदैन।

९. प्रस्तुत मुद्दामा पुनरावेदन करदाताले आ.ब. २०७३।०७४ को आयमा आयकर ऐन,२०५८ को अनुसूचि १ को दफा २ को उपदफा (३) को खण्ड (क) ले तोकेको दरमा औद्योगिक ब्यवसाय ऐन,२०७३ को दफा १)२२)(क) ले दिएको सुविधा प्राप्त गर्ने वा नगर्ने बिषयमा द्विविधामा परि मिति २०७४।०९।२४ मा आयकर ऐन, २०५८ को दफा ७६ बमोजिमको पूर्वादेशको आदेश माग गरी आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गराएको पाइन्छ। आयकर ऐन,२०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय बर्ष समाप्त भएको तीन महिना भित्रमा दफा ९७,९८, र १०० को अधिनमा रही सो बर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिल गर्नुपर्ने छ भन्ने ब्यवस्था गरेको सन्दर्भमा पुनरावेदकले जिकिर लिएको आ.ब. ०७३।०७४ को आर्थिक बर्ष समाप्त मिति अर्थात २०७४ साल असार मसान्तदेखि ३ महिनाको अवधि २०७४ साल असोज मसान्तसम्म यी पुनरावेदकले आफ्नो उक्त आ.ब. ०७३।०७४ को कर निर्धारण गरी आय विवरण दाखिला गरि सकेको ब्यहोरा प्रमाण ऐन, २०३१ बमोजिम अनुमान गर्नुपर्ने देखियो, साथै उक्त आय विवरण दाखिला नगरेको भन्ने जिकिर यी पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा लिन सकेको समेत पाइदैन।

१०. यसरी २०७४ असोज मसान्तसम्म दाखिला गर्नुपर्ने आयविवरण पुनरावेदकले दाखिला गरेको अवस्थामा द्विविधा भयो भन्ने विषयमा आफूले माग गरे बमोजिमको छुट सुविधा दावी लिई आय विवरण पेश गर्न सक्ने नै हुन्छ र सोमा कर कार्यालयबाट संशोधित कर निर्धारण आदेश/निर्णय हुन गएमा कानूनी मार्ग अवलम्वन गर्दै यस न्यायाधिकरणमा पुनरावेदन पत्र दिन सक्ने अवस्थाबाट यी पुनरावेदक बञ्चित हुने अवस्था देखिदैन। यस्तो अवस्थामा आय विवरण पेश गरिसकपछि फेरी सोही विषयमा द्विविधा पर्न गयो भनी पूर्वादेशको आदेश माग गरेको देखिँदा पुनरावेदकको जिकिर बमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन।

११. अतएव, माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक स्थाई लेखा नंः ३०००४४९७१

का करदाता बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को पुनरावेदन माग बमोजिमको पूर्वादेशको आदेश जारी नहुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसील बमोजिम गर्नु।

<u>तपसील</u>

प्रस्तुत फैसलाको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनु.........१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनु...................................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।....................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री रबि न्यौपाने
कम्प्यूटर टाइपः श्री सुरज सिटौला

इतिसम्बत २०७५ साल पौष१८ गतेरोज ४ शुभम..............................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७४।०७५ सालको निर्णय नं. ७१**
**पुनरावेदन नं. ९७-०७३-००६४०**

जिल्ला काठमाडौं का.म.पा. वडा नं. ११ मा रजिष्टर्ड कार्यालय रहेको स्थायी लेखा नं.३००७५६०९० को तत्कालिन एन. आई. सि. बैंक लि. मर्जर पछि हाल एन. आई. सि. एसिया बैंक लि. का अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत लक्ष्मण रिसाल १ } पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१
आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ......................................१
} प्रत्यर्थी

मुद्दाः-आयकर (आ. व.२०६७/०६८)

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री उत्तमराज पाठक
विद्वान अधिवक्ता श्री मनोज भण्डारी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

**अविलम्वित नजीरः डिप्रोक्स नेपाल विरूद्ध नेपाल सरकार अर्थ मन्त्रालय समेत, नेकाप २०७१, नि.नं. ९१४३, अंक ४, भाग ५६**

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत शंकर प्रसाद खरेल
शुरु कार्यालयको निर्णय मितिः–२०७१।०९।२८

## <u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः चुडामणी शर्मा

निर्णय मितिः २०७३।११।१९

विपक्षी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०९।२९ मा पुनरावेदकको नाममा जारी गरिएको आयकर तर्फको संशोधित कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा निवेदन दिएकोमा सो विभागबाट समेत कार्यालयको संशोधित कर निर्धारण आदेशलाई सदर गर्ने गरी मिति २०७१।११।२९ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ ।सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेकोछः-

### <u>मुद्दाको तथ्य :</u>

१. बैंकिङ्ग कारोवार गर्ने पुनरावेदक करदाता नेपाल इण्डस्ट्रियल एण्ड कमर्सियल बैंक लि. ले आ. व. २०६७/०६८ को कर विवरण फर्म भरी पेश गरी उक्त आ. व. को लाग्ने करयोग्य आय रु. ७१,६४,७०,०६५।- देखाई कार्यालयमा विवरण पेश गरेको रहेछ। करदाताको उक्त आ.व. को कारोवारको पूर्ण कर लेखा परिक्षण गर्दा परिक्षणको क्रममा पेश भए सम्मका कारोवारको खाताबही तथा सोलाई पुष्टि गर्ने बिल भरपाई र प्रमाण समेतको आधारमा हेर्दा कट्टी गर्न नपाइने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश नभएको र भुक्तानीमा अग्रिम कर कट्टी नगरेको तथा आन्तरिक राजस्व विभागको मिति २०६४।११।०३ को परिपत्रानुसार Note Counting Machine, Locker, ATM जस्ता आयकर ऐन, २०५८ को अनुसूची-२(१) को (ख) मा पर्ने सम्पत्तिलाई (घ) मा वर्गीकरण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१।९।२८ मा निर्णय भएको रहेछ । सो निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७१।१०।२८ मा निवेदन दिएकोमा कार्यालयको निर्णयलाई नै समर्थन गर्ने गरी मिति २०७३।११।१९ मा विभागबाट निर्णय भएकोले सो निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र आयकर ऐन, २०५८ को दफा ११५(८) एवं दफा ११६ बमोजिम पुनरावेदक एनआइसी एशिया बैंक लि.का तर्फबाट यो पुनरावेदन यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक एनआइसी एशिया बैंक लि.का तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. विपक्षी विभागबाट मिति २०६४।११।३ मा जारी परिपत्रले समूह (ख) को कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु जस्ता सम्पत्ति समूह (घ) मा समुहिकृत गरी ह्रास कट्टी दावि गर्नु भनी जारी परिपत्र प्रारम्भमानै दुषित छ । उक्त दुषित परिपत्रका आधारमा कानूनतः प्राप्त जम्मा रु. २५८४६७७३।-रकम ह्रास कट्टि हुने सुविधाबाट बन्चित गरेको मिलेन,

ख. कानून बमोजिम हक भोग स्वामित्वमा रहेको सवारी साधन नामसारी नहुँदा सम्म त्यस उपरको दायित्व र हक समेत बैंकको हुने कुरालाई नेपाल लेखामान समेतले मान्यता दिएकोमा सोको विपरित अन्यथा तर्क गरी ह्रास कट्टिको सुविधा नदिएको,

ग. सवारी साधनहरु बैंकको हकभोग स्वामित्वको भएको हुँदा सो सम्पत्तिको सुरक्षाका लागि बुझाएको बिमा शुल्क र सवारी कर वापतको रकम समेत बैंकको व्यवसायिक कार्यमा भएको खर्च नै भएकोले उक्त रकम खर्च कट्टि नहुने ठहराएको विपक्षीहरुको निर्णय नमिलेको,

घ. प्रचलित लेखा मापदण्ड बमोजिम गरिएको खर्च लेखांकनलाई अस्वीकृत गरेको नमिलेको,

ङ. व्यवसायी आय आर्जनसँग सम्बन्धित सबै खर्चहरु कट्टा परिसोधन (Amortise) गर्न पाउने व्यवस्था भएकोले सो रकमलाई परिसोधन गरेको मिलेन भनी सदर गरेको विभागको निर्णय पनि नमिलेको,

च. कर्मचारीहरुलाई बोनस वितरण हुने रकम कम्पनीको व्यवसायको आय आर्जन गर्ने कार्यसँग सम्बन्धित रकम हुँदा सोलाई आयमा समावेश गर्ने गरी भएको कर्यालयको निर्णय त्रुटिपूर्ण छ ।

छ. व्याज भुक्तानीमा अग्रिम कर कटाई भुक्तानी गर्नुपर्ने कर्तव्य पुनरावेदकको हुने भनी गरिएको कार्यालयको निर्णय र सो त्रुटिपूर्ण निर्णयलाई सदर गरेको विभागको निर्णय समेतले १५ प्रतिशतका दरले हुने अग्रिम कर कट्टी दाखिला गर्न लगाउने कार्य समेत त्रुटिपूर्ण छ ।

ज. तसर्थ, विपक्षीहरूले हचुवाको भरमा कानून, लेखा मापदण्ड समेत विपरित थप आयकर निर्धारण गर्नु पर्नाको कानूनी आधार देखाउन नसकेको र देखाइएका कानून पनि असान्दर्भिक उल्लेखन गरी ठूला करदाता कार्यालय, हरिहरभवन,

ललितपुरबाट मिति २०७१।९।२९ मा जारी गरेको आयकर तर्फको आ.व. २०६७।०६८ को संशोधित कर निर्धारण आदेशले थप कूल रु. १,१३,९७,६०५।- को कर दायित्व व्यहोर्नु पर्ने गरी भएको आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०७३।११।०९ को निर्णय पर्चा बदर गरी पुनरावेदक बैंकले पेश गरेको कर विवरण अनुसार कर निर्धारण गर्न विपक्षीहरुको नाममा आदेश गरी न्याय पाउँ ।

ठहर

३. आज सुनुवाईका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा एनआईसी एशिया बैंक का तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री उत्तमराज पाठक र श्री मनोज भण्डारी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान सरकारी वकिल श्री अञ्चन भट्टराईको बहस सुनियो । बहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय र सरकारी वकिलबाट देहाय बमोजिमका जिकिरहरू प्रस्तुत गर्नु भएको छः-

| **पुनरावेदक एनआइसी एसिया बैंक लि. का तर्फबाट उपस्थित विद्धान अधिवक्ताबाट प्रस्तुत बहस जिकिरहरुः-** | **प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्धान सरकारी वकिलबाट प्रस्तुत बहस जिकिरहरुः-** |
|---|---|
| (Electronic Devices हरु बैंकको कार्य संचालनमा प्रयोग हुने Machinery भएकाले तिनको प्रयोगका कारण ह्रास खर्च कट्टि गर्न पाउने समूह अनुसार नै कट्टि गरेको खर्च अमान्य गर्न नमिल्ने ।<br>-बैंकले आफ्नो स्वामित्वमा राखी कर्मचारीलाई सुविधा स्वरुप प्रदान गरेको सवारी साधन बैंकको नियमित काममा र कर्मचारीको मनोवल वृद्धि गर्ने क्रममा प्रयोग भएको हुँदा सो को ह्रास कट्टि, बीमा खर्च, सवारी साधन कर आदि खर्च लेखु कानूनी प्रावधान बमोजिम नै भएकाले सो अमान्य गरेको कानून सम्मत भएन । | -Electronic Devices हरु मध्ये केही Efficiency बढाउने र केही Electronic Devices को कार्य Core Function प्रकृतिका हुनेहुँदा सबैलाई एउटै समूहमा राख्न मिल्दैन ।<br>-Bond, सवारी साधन, Swift, पोशाक सुविधा, व्याजमा अग्रिम करकट्टि लगायतका विषयमा स्थापित पूर्व फैसलाहरु बमोजिम नै हुने हुँदा यसमा अरु केही भनिरहन परेन ।<br>-Bonds को Premium कट्टी गरी Amortize गर्न Bank को Property मा Characterize भएको हुनुपर्छ अन्यथा निसर्ग हुँदा नाफा नोक्सान अवस्था अनुसार नै लेखांकन हुने हो। |

| | |
|---|---|
| -गैरबैंकिङ्ग सम्पत्तिमा भएको नोक्सानी दावी गरेको, Bank को Premium लाई बार्षिक रुपमा Amortize गरेको समेत प्रचलित कानून, लेखामान अनुसार नै दावी लिएकोले कानून एवं सिद्धान्त बमोजिमको दावी अमान्य गर्नु गैर न्यायिक हो ।<br>-अग्रिम कर कट्टि तर्फका विषयहरु पोशाक खर्च, बोनस व्यवस्था, लेखापरिक्षणका शुल्कमा अग्रिम कर छुट, संस्थालाई दिएको व्याज, Swift सेवा आदिका प्रचलित आधार ऐन बमोजिम अग्रिम कर नै लाग्ने प्रावधान नभएकोमा कानून विपरित कर निर्धारण गरी सो को थप दस्तुर व्याज समेत गणना गरी र कर दायित्व समेत बढाउने गरी निर्णय भएकाले बदर भागी छ । तसर्थ प्रत्यर्थी कार्यालयको निर्णय बदर गरी पाउँ। | -तसर्थ, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय मिलेकै देखिंदा सदर हुनु पर्छ । |

४. पुनरावेदक बैंकका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरू निर्णय दिनुपर्ने देखिन आयोः-

(क) बैंकमा प्रयोगमा रहने ATM, Lockers, Generator, Note Counting Machine बमोजिमको कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु जस्ता सम्पत्तिहरु समूह 'ख' वा 'घ' कुनमा पर्ने हो ?

(ख) कर्मचारीलाई सुविधा स्वरुप प्रदान गरिएको सवारी साधनको स्वामित्व र प्रयोगाधिकार बैंकको हुने वा नहुने ? सवारी साधनको प्रयोग आय आर्जनमा मात्र उपयोग हुने हो, होइन ? यी सवारी साधनको ह्रास, बीमा र सवारी इन्धन बैंकको खर्च भित्र पर्छ, पर्दैन?

(ग) गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी खर्च कट्टा गर्न पाइन्छ/पाइदैन ?

(घ) बण्ड (Bonds) को Premium वापतको रकम पारीसोधन (Amortize) गर्न मिल्ने, नमिल्ने ?

(ङ) वोनस व्यवस्था वापतको रकम खर्च दावी गर्न पाउने, नपाउने ?

(च) अग्रिम कर कट्टि तर्फ देहायका शिर्षकहरु अग्रिम कर कट्टा गर्नु पर्ने वा नपर्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

- लेखापरीक्षण खर्च भुक्तानीमा अग्रिम कर कट्टी
- कर छुट प्राप्त गर्ने संस्थालाई व्याज भुक्तानी गरेको आधारमा अग्रिम कर कट्टी ।
- कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिमकर कट्टि ।

५. निरुपण गर्नुपर्ने उल्लेखित प्रश्नहरुका सम्बन्धमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा प्रत्यर्थीले पुनरावेदकलाई आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिम संशोधित कर निर्धारण आदेशको जानकारी गराई संशोधित कर निर्धारण गर्नु नपर्ने भएमा सो को आधार कारण सहित जवाफ प्रतिक्रिया मिति २०७१।०९।११ मा माग गरेको देखिन्छ । प्रत्यर्थीले सम्बन्धित आर्थिक वर्षमा आफ्नो सबै कारोबारबाट रु. ७१,६४,७०,०६५।– मात्र करयोग्य भएको आयको विवरण पेश गरेकोमा प्रत्यर्थीबाट नपाउने खर्च कट्टि दावी अमान्य र आयमा थप गर्नुपर्ने हिसाव आयमा समावेस योग्य गरी रु. ७२,१८,४९,९१५।– कर योग्य आय कायम गरेको हुँदा माथि उल्लेखित निर्णय गर्नुपर्ने प्रश्नका आधारमा फरक परेको कर योग्य आयका सम्बन्धमा पुनरावेदकले पेश गरेको जवाफ सहित मूल्यांकन गरी हेर्दा निम्नानुसार हुने देखिन आयोः-

६. **<u>सम्पत्ति वर्गिकरणका सम्बन्धमाः</u>**

ATM, Lockers, Generator, Note Counting Machine कुन सम्पत्ति समूहमा पर्दछ भनी विवेचना गर्दा बैंकको नियमित र दैनिक कार्यमा प्रयोग हुने ATM, Lockers, and Generator, जस्ता Machine हरु बैंकिङ्ग कारोबारको Core Function गर्ने उपकरण भएकाले आयकर ऐन, २०५८ को दफा १९ सम्बद्ध अनुसूची २ को समूह 'घ' मा पर्ने देखिन्छ भने Note Counting Machine कार्यसम्पादनमा Accuracy र Efficiency बढाउने कार्यमा उपयोग हुने भएकाले कार्यालय उपकरण (समूह ख) मा पर्ने देखिंदा प्रत्यर्थीले Note Counting Machine लाई समेत समूह (घ) मा वर्गिकृत गरेको हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ ।

७. **<u>Own your vehicle scheme का सम्बन्धमाः-</u>**

बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित

वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार (Possession Right) सम्बन्धित कर्मचारीमा नै रहने, ब्यवसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only if, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने, वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा विवादित सवारी साधनहरू बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

<u>क) ह्रास खर्च कट्टी दावीः–</u> आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको निर्णय कानून सम्मत नै देखिन आयो ।

**ख) बीमा खर्चः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिंदा सवारी साधनका लागि गरेको बीमा खर्च  अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**ग) सवारी साधन करः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर  खर्च  अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

८. **गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी कट्टि सम्बन्धमा**

यसमा व्यवसाय संचालनको क्रममा प्राप्त भएको कर्जा ऋण असुल हुन नसकी धितो सकार भएको सम्पत्ति नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जा सरह नै शतप्रतिशत नोक्सानी प्रावधान (Provisin for Loss) गर्नुपर्ने देखिन्छ । आयकर ऐन, २०५८ को दफा ५९(१क) बमोजिम खर्च कट्टि लिएको प्रत्यर्थीबाट दावी पेश भएकोमा, नेपाल राष्ट्र बैंकको निर्देशन र आयकर ऐन २०५८ को दफा ५९(१क) बमोजिम जोखिम व्यहोर्ने कोषमा रहेको असूल हुन बाँकी ऋण रकमको बढीमा ५ प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टि गर्न पाउने प्रावधान रहेकोमा सो बमोजिम अलग्गै विशेष व्यवस्था भै सुविधा प्राप्त गरि सकेको हुँदा गैर बैंकिग संपत्ति नोक्सानी व्यवस्था करदाता बैंकले प्रवाह गरेको ऋण अन्तर्गत नपर्ने हुँदा खर्चको रुपमा कट्टा गर्न पाउने देखिदैन । तसर्थ, यसमा पुनरावेदकको जिकिर पुग्न सक्ने देखिएन ।

९. **विकास ऋणपत्रको premium लाई Amortize गरी खर्च लेखेको सम्बन्धमाः**

आयकर ऐन, २०५८ ले सम्पत्तिलाई व्यापारिक मौज्दात, व्यवसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति एवं गैर व्यवसायिक सम्पत्तिको रुपमा वर्गिकरण गरेको छ। करदाताले खरिद गरेको विकास ऋण पत्र (द्ययलम) आयकर ऐन, २०५८ को दफा २ खण्ड (क ट) अनुसार व्यवसायिक सम्पत्ति भित्र पर्दछ । जुन खरिद गर्दा भुक्तानी गरेको सम्पूर्ण रकम सोही सम्पत्तिको लागतमा समावेश गर्नुपर्दछ। आयकर ऐन २०५८ को दफा १९ सम्बद्ध अनुसूची-२ मा वर्गिकृत सम्पत्तिहरुको ह्रास रकम यकिन गरी खर्च दावी गर्न पाउने व्यवस्था गरेको छ। तर व्यवसाथिक सम्पत्तिको हकमा निसर्ग गर्दाको समयमा नाफा भए आम्दानी र नोक्सान भए सो हदसम्मको खर्चका रुपमा लेखांकन गर्न पाउने स्पष्ट प्रावधान आयकर ऐन २०५८ को परिच्छेद-८ मा उल्लेख भएको देखिन आयो । तसर्थ, पुनरावेदकको दावी अनुसार परिसोधन (Amortize) गर्न पाउने अवस्था देखिएन।

१०. **बोनस दावी व्यवस्था सम्बन्धमा**

पुनरावेदकले Income Statement मा उल्लेख गरिए बमोजिम Net Profit Before Tax अनुसार १० प्रतिशत ले हुने रकम बोनस व्यवस्था गरिएकोमा बोनस प्रावधान पछिको हुन आउने रकमको १० प्रतिशत मात्र व्यवस्था गर्न पाउने गरी आन्तरिक राजस्व विभागबाट भएको सार्वजनिक परिपत्र र वोनस ऐन २०३० को दफा ५ मा व्यवस्था भएको देखिन्छ । कानूनी व्यवस्था भन्दा बढी दावी गरेको बोनस रकम आयमा समावेश गर्ने गरी भएको शुरुको निर्णय मिलेकै देखिन आयो ।

११. **अग्रिम कर कट्टी सम्बन्धमाः-**

आयकर ऐन, २०५८ को परिच्छेद –१७ भुक्तानीमा कर कट्टी अन्तर्गत दफा ८७, ८८ र ८९ बमोजिम रोजगारदाता वा भुक्तानी दिने दायित्व भएका ब्यक्तिले भुक्तानी दिदा तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजश्व खातामा दाखिला गर्नुपर्ने प्रावधान रहेकोमा तोकिएको दरले कर कट्टी नगर्ने, कर कट्टी गरेको मध्ये आंशिक रकम मात्र दाखिला गर्ने, विलम्ब गरी दाखिला गर्ने गरेको देखिएमा सम्बन्धित कर प्रशासनले लेखापरीक्षण गर्दा प्राप्त तथ्याकंका आधारमा कट्टा नगरेको हकमा कट्टी गर्न लगाउने, दाखिला नगरेको हकमा दाखिला गर्न लगउने र सो मा ऐनको दफा ११८ र ११९ बमोजिम ब्याज समेत गणना गरी कर दायित्व यकिन गर्ने स्पष्ट कानूनी प्रावधान अनुसार प्रत्यर्थी कार्यालयबाट भएका अग्रिम कर निर्धारण सम्बन्धि निम्न विषयहरुमा हेर्दाः –

**क ) पोशाक खर्चमा अग्रिम कर सम्बन्धमाः—**

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८(२) खण्ड (क), (ख) र (छ) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिर पुग्न सक्दैन ।

**ख) ब्याज भुक्तानीमा अग्रिम कर सम्बन्धमाः–**

Himalayan cooperative society Ltd. TU staff provident Fund & TU staff welfare Fund , Third Livestock development Project. लाई भुक्तानी गरेको ब्याजमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कर कट्टी गर्दै आएकोमा आन्तरिक राजश्व कार्यालयबाट कर छुट को प्रमाणपत्र पाएको भन्ने आधारबाट सबै आर्जनमा समेत कर

छुट पाएको भन्न मिल्ने देखिदैन । सर्वोच्च अदालतको मिति २०७०-९-३ को विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) विरूद्ध विपक्षी नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार समेत भएको रिट ०६९-wo-०८२९ को (प्रकरण नं. १४) मा "कर छुटका आफ्नै सिमा हुन्छन् । त्यो सिमाभन्दा बाहिर गएर न त राज्यले कर लगाउन सक्दछ न त आय प्राप्त गर्ने व्यक्ति वा संस्थाले इन्कार गर्न नै । कर छुटको प्रमाणपत्र जारी हुँदैमा करमुक्त हुन नसक्ने विशुद्ध व्यापारिक कारोबार गरी आय आर्जन गरेको छ भने त्यस्तो अवस्थामा सो संस्थाले प्राप्त गरेको आयलाई करको दायरामा ल्याउनु हुँदै हुँदैन भन्ने तर्क गर्नु करका मूल्य मान्यता र सिद्धान्त विपरित हुन जाने । मुनाफारिहत संस्था भन्ने बित्तिकै व्यापार व्यवसायलाई छुट भनेको होइन । वित्तीय कारोबार गर्नु विशुद्ध सेवामूलक मात्र नभई नाफामूलक व्यापार व्यवसाय पनि हो । मुनाफा पनि व्यापार व्यवसायबाट हुन्छ भने त्यस्तो रकम कररहित हुन सक्दैन । त्यसकारण वित्तिय कारोबारबाट प्राप्त आयमा सम्पूर्ण कर छुटको दावी गर्न र छुट दिन मिल्ने नदेखिंने" उल्लेख भएकोले कर योग्य आय आर्जनका कारोवारमा कर कट्टी गरी छुट पाउने कारोवारमा मात्र कर कट्टी गर्न नपर्ने भनी लेखिएको देखिदा ब्याज भुक्तानी गरेको रकममा कर लाग्ने भएकाले आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्नुपर्नेमा सो भए गरेको नदेखी शुरु कार्यालयले गरेको कर दावीको निर्णय कानून सम्मत नै देखिन आयो ।

<u>ग ) लेखापरीक्षण र अन्य शूल्कमा अग्रिम कर कट्टीः–</u>

लेखा परीक्षण खर्च लेखा परीक्षण कार्य सम्पन्न गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्दा भएका सम्झौताका शर्त अनुसार खर्च हुने देखिन्छ । सम्झौतामा उल्लेख भएका शर्त अनुसारका सवै रकम लेखा परीक्षकको सुविधा अन्तर्गत पर्ने र यी रकमहरु भुक्तानी गर्दा ऐनको दफा ८८ (१) अनुसार अग्रिम कर कट्टी गर्न पर्ने देखिदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१२. यस प्रकार स्थायी लेखा नं. ३००७५६०९० भएका पुनरावेदक करदाता एन.आई.सी एशिया बैंकको आ.व. २०६७।०६८ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय ललितपुरको मिति २०७१।०९।२८ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।११।१९ को निर्णयमा आयकर ऐन, २०५८ को अनुसूची-२(१) को सम्पत्ति समूह (ख) मा पर्ने नोट काउण्टिङ मेशिनलाई सम्पति समूह (घ) मा वर्गिकरण गरेको हदसम्म उक्त निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अन्यमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता एन.आई.सी एशियाको आ.व. २०६७।०६८ को आयकर निर्धारणका सम्बन्धमा सम्पत्ति समूह (ख) मा पर्ने नोट काउण्टिङ मेशिनलाई सम्पत्ति समूह (घ) मा वर्गिकरण गर्ने गरी भएको शुरु कार्यालयको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्‍याई फैसला भएकोले पुनरावेदक करदाताको धरौटी रकम हिसाव गरी फिर्ता दिनु वा अर्को वर्षको कर रकममा मिलान गरिदिनुभनीशुरुकार्यालयमालेखिपठाउनु..........................................................१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु .......................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..........................................................................................३

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
टिपोट गर्नेः -श्री सीता अधिकारी (शाखा अधिकृत)
इति सम्वत् २०७४ साल माघ महिना १४ गते रोज ०१ शुभम् ..........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७४।०७५ सालको निर्णय नं. ७२**
**पुनरावेदन नं. ९७-०७३-००६४१**

| | |
|---|---|
| जिल्ला काठमाडौं का.म.पा. वडा नं. ११ मा रजिष्टर्ड कार्यालय रहेको स्थायी लेखा नं.३००७५६०९० को तत्कालिन एन. आई. सि. बैंक लि. मर्जर पछि हाल एन. आई. सि. एसिया बैंक लि. का अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत लक्ष्मण रिसाल १ | पुनरावेदक |

<u>विरुद्ध</u>

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१<br>आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं .....................................१ | प्रत्यर्थी |

<u>मुद्दाः-आयकर (आ. व.२०६८/०६९)</u>

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री उत्तमराज पाठक
विद्वान अधिवक्ता श्री मनोज भण्डारी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

**अविलम्वित नजीरः डिप्रोक्स नेपाल विरूद्ध नेपाल सरकार अर्थ मन्त्रालय समेत, नेकाप २०७१, नि.नं. ९१४३, अंक ४, भाग ५६**

<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत शोभाकान्त पौडेल
शुरु कर्यालयको निर्णय मितिः–२०७३।०३।१६

## प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः चुडामणी शर्मा

निर्णय मितिः २०७३।११।०९

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०९।२९ मा पुनरावेदकको नाममा जारी गरिएको आयकर तर्फको संशोधित कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा निवेदन दिएकोमा सो विभागबाट समेत कार्यालयको संशोधित कर निर्धारण आदेशलाई सदर गर्ने गरी मिति २०७१।११।२९ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ ।सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेकोछः-

**मुद्दाको तथ्य :**

१. बैंकिङ्ग कारोवार गर्ने पुनरावेदक करदाता नेपाल इण्डस्ट्रियल एण्ड कमर्सियल बैंक लि. ले आ. व. २०६७/०६८ को कर विवरण फर्म भरी पेश गरी उक्त आ. व. को लाग्ने करयोग्य आय रु. ७१,६४,७०,०६५।- देखाई कार्यालयमा विवरण पेश गरेको रहेछ । करदाताको उक्त आ.व. को कारोवारको पूर्ण कर लेखा परिक्षण गर्दा परिक्षणको क्रममा पेश भए सम्मका कारोवारको खाताबही तथा सोलाई पुष्टि गर्ने बिल भरपाई र प्रमाण समेतको आधारमा हेर्दा कट्टी गर्न नपाइने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश नभएको र भुक्तानीमा अग्रिम कर कट्टी नगरेको तथा आन्तरिक राजस्व विभागको मिति २०६४।११।०३ को परिपत्रानुसार ल्यतभ ऋयगलतष्लन :बअजष्लभ,ीयअपभच, ब्ट जस्ता आयकर ऐन, २०५८ को अनुसूची-२(१) को (ख) मा पर्ने सम्पत्तिलाई (घ) मा वर्गीकरण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१।९।२८ मा निर्णय भएको रहेछ । सो निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७१।१०।२८ मा निवेदन दिएकोमा कार्यालयको निर्णयलाई नै समर्थन गर्ने गरी मिति २०७३।११।१९ मा विभागबाट निर्णय भएकोले सो निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र आयकर ऐन, २०५८ को दफा ११५(८) एवं दफा ११६ बमोजिम पुनरावेदक एनआइसी एशिया बैंक लि.का तर्फबाट यो

पुनरावेदन यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक एनआइसी एशिया बैंक लि.का तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क) विपक्षी विभागबाट मिति २०६४।११।३ मा जारी परिपत्रले समूह (ख) को कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु जस्ता सम्पत्ति समूह (घ) मा समुहिकृत गरी ह्रास कट्टी दावि गर्नु भनी जारी परिपत्र प्रारम्भमानै दुषित छ । उक्त दुषित परिपत्रका आधारमा कानूनतः प्राप्त जम्मा रु. २५८४६७७३।- रकम ह्रास कट्टि हुने सुविधाबाट बन्चित गरेको मिलेन,

ख) कानून बमोजिम हक भोग स्वामित्वमा रहेको सवारी साधन नामसारी नहुँदा सम्म त्यस उपरको दायित्व र हक समेत बैंकको हुने कुरालाई नेपाल लेखामान समेतले मान्यता दिएकोमा सोको विपरित अन्यथा तर्क गरी ह्रास कट्टिको सुविधा नदिएको,

ग) सवारी साधनहरु बैंकको हकभोग स्वामित्वको भएको हुँदा सो सम्पत्तिको सुरक्षाका लागि बुझाएको बिमा शुल्क र सवारी कर वापतको रकम समेत बैंकको व्यवसायिक कार्यमा भएको खर्च नै भएकोले उक्त रकम खर्च कट्टि नहुने ठहराएको विपक्षीहरुको निर्णय नमिलेको,

घ) प्रचलित लेखा मापदण्ड बमोजिम गरिएको खर्च लेखांकनलाई अस्वीकृत गरेको नमिलेको,

ङ) व्यवसायी आय आर्जनसँग सम्बन्धित सबै खर्चहरु कट्टा परिसोधन (Amortise) गर्न पाउने व्यवस्था भएकोले सो रकमलाई परिसोधन गरेको मिलेन भनी सदर गरेको विभागको निर्णय पनि नमिलेको,

च) कर्मचारीहरुलाई बोनस वितरण हुने रकम कम्पनीको व्यवसायको आय आर्जन गर्ने कार्यसँग सम्बन्धित रकम हुँदा सोलाई आयमा समावेश गर्ने गरी भएको कर्यालयको निर्णय त्रुटिपूर्ण छ ।

छ) व्याज भुक्तानीमा अग्रिम कर कटाई भुक्तानी गर्नुपर्ने कर्तव्य पुनरावेदकको हुने भनी गरिएको कार्यालयको निर्णय र सो त्रुटिपूर्ण निर्णयलाई सदर गरेको विभागको निर्णय समेतले १५ प्रतिशतका दरले हुने अग्रिम कर कट्टी दाखिला गर्न लगाउने कार्य समेत त्रुटिपूर्ण छ ।

झ) तसर्थ, विपक्षीहरूले हचुवाको भरमा कानून, लेखा मापदण्ड समेत विपरित थप

आयकर निर्धारण गर्नु पर्नाको कानूनी आधार देखाउन नसकेको र देखाइएका कानून पनि असान्दर्भिक उल्लेखन गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१।९।२९ मा जारी गरेको आयकर तर्फको आ.व. २०६७।०६८ को संशोधित कर निर्धारण आदेशले थप कूल रु. १,१३,९७,६०५।- को कर दायित्व व्यहोर्नु पर्ने गरी भएको आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०७३।११।०९ को निर्णय पर्चा बदर गरी पुनरावेदक बैंकले पेश गरेको कर विवरण अनुसार कर निर्धारण गर्न विपक्षीहरुको नाममा आदेश गरी न्याय पाउँ ।

## ठहर

३. आज सुनुवाईका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा एनआईसी एशिया बैंक का तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री उत्तमराज पाठक र श्री मनोज भण्डारी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान सरकारी वकिल श्री अञ्चन भट्टराईको बहस सुनियो । बहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय र सरकारी वकिलबाट देहाय बमोजिमका जिकिरहरू प्रस्तुत गर्नु भएको छः-

| पुनरावेदक एनआइसी एसिया बैंक लि. का तर्फबाट उपस्थित विद्धान अधिवक्ताबाट प्रस्तुत बहस जिकिरहरुः- | प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्धान सरकारी वकिलबाट प्रस्तुत बहस जिकिरहरुः- |
|---|---|
| - (Electronic Devices हरु बैंकको कार्य संचालनमा प्रयोग हुने Machinery भएकाले तिनको प्रयोगका कारण ह्रास खर्च कट्टि गर्न पाउने समूह अनुसार नै कट्टि गरेको खर्च अमान्य गर्न नमिल्ने ।<br>- बैंकले आफ्नो स्वामित्वमा राखी कर्मचारीलाई सुविधा स्वरुप प्रदान गरेको सवारी साधन बैंकको नियमित काममा र कर्मचारीको मनोवल वृद्धि गर्ने क्रममा प्रयोग भएको हुँदा सो को ह्रास कट्टि, बीमा खर्च, सवारी साधन कर आदि खर्च लेख्नु कानूनी प्रावधान बमोजिम नै भएकाले सो अमान्य गरेको कानून सम्मत भएन । | - Electronic Devices हरु मध्ये केही Efficiency बढाउने र केही Electronic Devices को कार्य Core Function प्रकृतिका हुनेहुँदा सबैलाई एउटै समूहमा राख्न मिल्दैन ।<br>- Bond, सवारी साधन, Swift, पोशाक सुविधा, व्याजमा अग्रिम करकट्टि लगायतका विषयमा स्थापित पूर्व फैसलाहरु बमोजिम नै हुने हुँदा यसमा अरु केही भनिरहन परेन । |

| | |
|---|---|
| - गैरबैंकिङ्ग सम्पत्तिमा भएको नोक्सानी दावी गरेको, Bank को Premium लाई बार्षिक रुपमा Amortize गरेको समेत प्रचलित कानून, लेखामान अनुसार नै दावी लिएकोले कानून एवं सिद्धान्त बमोजिमको दावी अमान्य गर्नु गैर न्यायिक हो ।<br>- अग्रिम कर कट्टि तर्फका विषयहरु पोशाक खर्च, बोनस व्यवस्था, लेखापरिक्षणका शुल्कमा अग्रिम कर छुट, संस्थालाई दिएको व्याज, Swift सेवा आदिका प्रचलित आधार ऐन बमोजिम अग्रिम कर नै लाग्ने प्रावधान नभएकोमा कानून विपरित कर निर्धारण गरी सो को थप दस्तुर व्याज समेत गणना गरी र कर दायित्व समेत बढाउने गरी निर्णय भएकाले बदर भागी छ । तसर्थ प्रत्यर्थी कार्यालयको निर्णय बदर गरी पाउँ । | - Bonds को Premium कट्टी गरी Amortize गर्न Bank को Property मा Characterize भएको हुनुपर्छ अन्यथा निसर्ग हुँदा नाफा नोक्सान अवस्था अनुसार नै लेखांकन हुने हो ।<br>- तसर्थ, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय मिलेकै देखिंदा सदर हुनु पर्छ । |

५. पुनरावेदक बैंकका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरू निर्णय दिनुपर्ने देखिन आयोः-

(क) कर्मचारीलाई सुविधा स्वरुप प्रदान गरिएको सवारी साधनको स्वामित्व र प्रयोगाधिकार बैंकको हुने वा नहुने ? सवारी साधनको प्रयोग आय आर्जनमा मात्र उपयोग हुने हो, होइन ? यी सवारी साधनको ह्रास, बीमा र सवारी इन्धन बैंकको खर्च भित्र पर्छ, पर्दैन?

(ख) बण्ड (Bonds) को Premium वापतको रकम पारीसोधन (Amortize) गर्न मिल्ने, नमिल्ने ?

(ग) वोनस व्यवस्था वापतको रकम खर्च दावी गर्न पाउने, नपाउने ?

(घ) अग्रिम कर कट्टि तर्फ देहायका शिर्षकहरु अग्रिम कर कट्टा गर्नु पर्ने वा नपर्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

- लेखापरीक्षण खर्च भुक्तानीमा अग्रिम कर कट्टी,

- कर छुट प्राप्त गर्ने संस्थालाई व्याज भुक्तानी गरेको आधारमा अग्रिम कर कट्टी,
- कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिमकर कट्टि,
- SWIFT सेवामा अग्रिम कर लाग्ने/ नलाग्ने,
- Reverse VAT समबन्धमा ।

६. निरुपण गर्नुपर्ने उल्लेखित प्रश्नहरुका सम्बन्धमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा प्रत्यर्थीले पुनरावेदकलाई आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिम संशोधित कर निर्धारण आदेशको जानकारी गराई संशोधित कर निर्धारण गर्नु नपर्ने भएमा सो को आधार कारण सहित जवाफ प्रतिक्रिया मिति २०७१।०९।११ मा माग गरेको देखिन्छ । प्रत्यर्थीले सम्बन्धित आर्थिक वर्षमा आफ्नो सबै कारोबारबाट रु. ५८,५४,३२,०१९।– मात्र करयोग्य भएको आयको विवरण पेश गरेकोमा प्रत्यर्थीबाट नपाउने खर्च कट्टि दावी अमान्य र आयमा थप गर्नुपर्ने हिसाव आयमा समावेस योग्य गरी रु. ५९,५७,३८,७०३।१५– कर योग्य आय कायम गरेको हुँदा माथि उल्लेखित निर्णय गर्नुपर्ने प्रश्नका आधारमा फरक परेको कर योग्य आयका सम्बन्धमा पुनरावेदकले पेश गरेको जवाफ सहित मूल्यांकन गरी हेर्दा निम्नानुसार हुने देखिन आयोः-

७. **<u>Own your vehicle scheme का सम्बन्धमाः-</u>**

बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार (Possession Right) सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only if, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने, वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा विवादित सवारी साधनहरू बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

<u>क) ह्रास खर्च कट्टी दावीः–</u> आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको निर्णय कानून सम्मत नै देखिन आयो ।

<u>ख) बीमा खर्चः–</u> माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिंदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

<u>ग) सवारी साधन करः–</u> माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

८. <u>**विकास ऋणपत्रको premium लाई Amortize गरी खर्च लेखेको सम्बन्धमाः**</u>

आयकर ऐन, २०५८ ले सम्पत्तिलाई व्यापारिक मौज्दात, व्यवसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति एवं गैर व्यवसायिक सम्पत्तिको रुपमा वर्गिकरण गरेको छ। करदाताले खरिद

गरेको विकास ऋण पत्र (Bond) आयकर ऐन, २०५८ को दफा २ खण्ड (क ट) अनुसार व्यवसायिक सम्पत्ति भित्र पर्दछ । जुन खरिद गर्दा भुक्तानी गरेको सम्पूर्ण रकम सोही सम्पत्तिको लागतमा समावेश गर्नुपर्दछ। आयकर ऐन २०५८ को दफा १९ सम्बद्ध अनुसूची-२ मा वर्गिकृत सम्पत्तिहरुको ह्रास रकम यकिन गरी खर्च दावी गर्न पाउने व्यवस्था गरेको छ। तर व्यवसाथिक सम्पत्तिको हकमा निसर्ग गर्दाको समयमा नाफा भए आम्दानी र नोक्सान भए सो हदसम्मको खर्चका रुपमा लेखांकन गर्न पाउने स्पष्ट प्रावधान आयकर ऐन २०५८ को परिच्छेद-८ मा उल्लेख भएको देखिन आयो । तसर्थ, पुनरावेदकको दावी अनुसार परिसोधन (Amortize) गर्न पाउने अवस्था देखिएन।

९. <u>बोनस दावी व्यवस्था सम्बन्धमा</u>

पुनरावेदकले Income Statement मा उल्लेख गरिए बमोजिम Net Profit Before Tax अनुसार १० प्रतिशत ले हुने रकम बोनस व्यवस्था गरिएकोमा बोनस प्रावधान पछिको हुन आउने रकमको १० प्रतिशत मात्र व्यवस्था गर्न पाउने गरी आन्तरिक राजस्व विभागबाट भएको सार्वजनिक परिपत्र र वोनस ऐन २०३० को दफा ५ मा व्यवस्था भएको देखिन्छ । कानूनी व्यवस्था भन्दा बढी दावी गरेको बोनस रकम आयमा समावेश गर्ने गरी भएको शुरुको निर्णय मिलेकै देखिन आयो ।

१०. <u>अग्रिम कर कट्टी सम्बन्धमाः-</u>

आयकर ऐन, २०५८ को परिच्छेद –१७ भुक्तानीमा कर कट्टी अन्तर्गत दफा ८७, ८८ र ८९ बमोजिम रोजगारदाता वा भुक्तानी दिने दायित्व भएका ब्यक्तिले भुक्तानी दिदा तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजश्व खातामा दाखिला गर्नुपर्ने प्रावधान रहेकोमा तोकिएको दरले कर कट्टी नगर्ने, कर कट्टी गरेको मध्ये आंशिक रकम मात्र दाखिला गर्ने, विलम्ब गरी दाखिला गर्ने गरेको देखिएमा सम्बन्धित कर प्रशासनले लेखापरीक्षण गर्दा प्राप्त तथ्याकंका आधारमा कट्टा नगरेको हकमा कट्टी गर्न लगाउने, दाखिला नगरेको हकमा  दाखिला गर्न लगउने र सो मा ऐनको दफा ११८ र ११९ बमोजिम ब्याज समेत गणना गरी कर दायित्व यकिन गर्ने स्पष्ट कानूनी प्रावधान अनुसार प्रत्यर्थी कार्यालयबाट भएका अग्रिम कर निर्धारण सम्बन्धि निम्न विषयहरुमा हेर्दाः –

<u>क) पोशाक खर्चमा अग्रिम कर सम्बन्धमाः—</u>

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८(२) खण्ड (क), (ख) र (छ)

बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिर पुग्न सक्दैन ।

**<u>ख) ब्याज भुक्तानीमा अग्रिम कर सम्बन्धमाः–</u>**

Himalayan cooperative society Ltd. TU staff provident Fund & TU staff welfare Fund , Third Livestock development Project. लाई भुक्तानी गरेको ब्याजमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कर कट्टी गर्दै आएकोमा आन्तरिक राजश्व कार्यालयबाट कर छुट को प्रमाणपत्र पाएको भन्ने आधारबाट सबै आर्जनमा समेत कर छुट पाएको भन्न मिल्ने देखिदैन । सर्वोच्च अदालतको मिति २०७०-९-३ को विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) विरूद्ध विपक्षी नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार समेत भएको रिट ०६९-wo-०८२९ को (प्रकरण नं. १४) मा "कर छुटका आफ्नै सिमा हुन्छन् । त्यो सिमाभन्दा बाहिर गएर न त राज्यले कर लगाउन सक्दछ न त आय प्राप्त गर्ने व्यक्ति वा संस्थाले इन्कार गर्न नै । कर छुटको प्रमाणपत्र जारी हुँदैमा करमुक्त हुन नसक्ने विशुद्ध व्यापारिक कारोबार गरी आय आर्जन गरेको छ भने त्यस्तो अवस्थामा सो संस्थाले प्राप्त गरेको आयलाई करको दायरामा ल्याउनु हुँदै हुँदैन भन्ने तर्क गर्नु करका मूल्य मान्यता र सिद्धान्त विपरित हुन जाने । मुनाफारिहत संस्था भन्ने बित्तिकै व्यापार व्यवसायलाई छुट भनेको होइन । वित्तीय कारोबार गर्नु विशुद्ध सेवामूलक मात्र नभई नाफामूलक व्यापार व्यवसाय पनि हो । मुनाफा पनि व्यापार व्यवसायबाट हुन्छ भने त्यस्तो रकम कररहित हुन सक्दैन । त्यसकारण वित्तिय कारोबारबाट प्राप्त आयमा सम्पूर्ण कर छुटको दावी गर्न र छुट दिन मिल्ने नदेखिंने" उल्लेख भएकोले कर योग्य आय आर्जनका कारोवारमा कर कट्टी गरी छुट पाउने कारोवारमा मात्र कर कट्टी गर्न नपर्ने भनी लेखिएको देखिदा ब्याज भुक्तानी गरेको रकममा कर लाग्ने भएकाले आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्नुपर्नेमा सो भए गरेको नदेखी शुरु कार्यालयले गरेको कर दावीको निर्णय कानून सम्मत नै देखिन आयो ।

**<u>ग) लेखापरीक्षण र अन्य शूल्कमा अग्रिम कर कट्टीः–</u>**

लेखा परीक्षण खर्च लेखा परीक्षण कार्य सम्पन्न गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्दा भएका सम्झौताका शर्त अनुसार खर्च हुने देखिन्छ । सम्झौतामा उल्लेख

भएका शर्त अनुसारका सवै रकम लेखा परीक्षकको सुविधा अन्तर्गत पर्ने र यी रकमहरु भुक्तानी गर्दा ऐनको दफा ८८ (१) अनुसार अग्रिम कर कट्टी गर्न पर्ने देखिदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

घ) **SWIFT सेवामा कर कट्टी सम्बन्धमा-**

पुनराबेदक बैङ्कले Swift/ Router /VISA जस्ता सेवाहरु सम्बन्धित संस्था Worldwide Pte. बाट लिई सम्बन्धित उपभोक्ताहरुलाई सेवा प्रबाह गरिआएकोमा बिबाद छैन। उल्लिखित सेवाहरु बिदेशबाट प्रबाह हुने सेवा भएको भन्ने आधारमा नेपालभित्र आपूर्ति भएको मानिदैन भन्ने पुनराबेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको छ। मूल्यअभिबृद्धि कर र अग्रिम कर कट्टीको बिषय सेवाको आपूर्तिसँग भन्दा भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्यअभिबृद्धि कर ऐन २०५२ को दफा ८ को उपदफा (२) मा" नेपाल बाहिरको दर्ता नभएको कुनै ब्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएका वा नभएको ब्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने ब्यबस्था गरेको र मूल्यअभिबृद्धि कर ऐन २०५२ को अनुसुची १ मा समाबेश भएका कर छुट पाउने सेवा बाहेकका अन्य सबै सेबाहरुमा भएको भुक्तानीको रकममा कर लाग्ने हुदा सेवाको आपुर्ति मुलुक बाहिर भएको भन्ने मात्र आधारमा भुक्तानीको रकममा कर कट्टी नगर्नुपर्ने भन्ने पुनराबेदकको जिकिर कानुन सम्मत मान्न् मिलेन ।

ङ) **Reverse VAT सम्बन्धमा-**

SWIFT, Reuters तथा Software सेवा विदेशमा संयन्त्र स्थापना गरी सेवा पुर्‍याएको र सो सेवाको श्रोत नेपालमा नरहेकोले सो वापत अग्रिम कर कट्टी गर्न नपर्ने भनी आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्री बोनस र अवकास भुक्तानी रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र (१५) प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेछ भन्ने मात्र दावी लिएकोमा मू.अ.कर ऐन २०५२ को अनुसूची १ मा कर छुट पाउने सूचीमा सूचिकृत नगरिएको सेवा भएकाले ऐनको दफा ८(२) मा भएको व्यवस्था आकर्षित हुने देखिन्छ ।

मू.अ.कर ऐन २०५२ को दफा ८(२) को व्यवस्था -नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन

अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुल उपर गर्नुपर्नेछ ।

उल्लेखित सन्दभर्मा करदाताले पेश गरेको जवाफमा SWIFT, Reuters, Software जस्ता सेवाहरू विदेशमा संयन्त्र स्थापित गरी सञ्चालन गरेको र नेपालमा श्रोत नै नरहेकोले भुक्तानीमा अग्रिमकर कट्टी नगरेको भनी मू.अ.कर तर्फ कुनै पनि जिकिर नलिई प्रत्यर्थी कार्यालयबाट माग गरेको Reverse Vat अनुचित भनी व्यहोरा उल्लेख गरेकोमा मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(ञ), नियमावलीको नियम २९ अनुसार निर्धारण भएको मू.अ.करको सम्बन्धमा आयकर तर्फको जिकिर सान्दर्भिक रहेन । तसर्थ, मू.अ.कर छुट हुने सूचीमा नपरेको SWIFT सेवाको भुक्तानीमा मू.अ.कर ऐन, २०५२ को दफा ८(२) आकर्षित हुने देखिन्छ । पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन ।

११. यस प्रकार स्थायी लेखा नं. ३००७५६०९० भएका पुनरावेदक करदाता एन.आई.सी एशिया बैंकको आ.व. २०६७।०६८ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय ललितपुरको मिति २०७३।०३।१६ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।११।०९ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । अन्यमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ........................................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...................................................................................३

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

टिपोट गर्नेः -श्री सीता अधिकारी (शाखा अधिकृत)

इति सम्वत् २०७४ साल माघ महिना १४ गते रोज ०१ शुभम् ..........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७४।०७५ सालको निर्णय नं. ७४**
**पुनरावेदन नं. ९७-०७२-००२५६**

का.म.न.पा. वडा नं. ११ मा रजिष्टर्ड कार्यालय रहेको एम.ए. डब्लु इन्जिनियरिंग प्रा.लि. (स्थायी लेखा ६००८०४४०६) का संचालक विष्णु कुमार अग्रवाल....१ } पुनरावेदक

<u>विरुद्ध</u>

आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं.....................................१ } प्रत्यर्थी

<u>मुद्दाः-आयकर (आ. व.२०६९/०७०)</u>

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता सिताराम अग्रवाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान अधिवक्ता श्री अन्चन भट्टराई

**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ बबरमहल, काठमाडौंको मिति २०७१।३।३२ को कर निर्धारणको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ ।सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार र हेकोछः-

<u>मुद्दाको तथ्य :</u>

१. पुनरावेदक एम.ए. डब्लु इन्जिनियरिंग प्रा.लि.ले आ. व. २०७० को लागि आयकर ऐन २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.

९३२७६२७।९२ कर योग्य आय कायम गरी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ मा मिति २०७०।९।३० मा आय विवरण पेश गरेकोमा व्याज खर्च भुक्तानी रु. ७९५६६०।८४ र Gust Entertainment खर्च रु. २८३४१।४४ लाई मान्यता नदिई करयोग्य रकम कायम गरी आ.व. २०६९।७० को लागि जम्मा करयोग्य आय रु. १०१७९३९१।५९ संशोधन कर निर्धारण गरिएको भनी मिति २०७१।३।३२ मा निर्णय गरी उक्त निर्णय अनुसार करदाताको नाउमा मिति २०७१।३।३२ मा च.नं. ५९८६ को पत्रबाट बाँकी नमुग कर रकम रु. ३७३३११।४५ बुझाउन भनी १५ दिने सूचना सहितको पत्र पठाएको रहेछ । सो निर्णयमा चित्त नबुझी प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७१।५।२६ मा निवेदन दिएकोमा पटक—पटक अनुरोध गर्दा पनि उक्त निवेदन उपर विभागबाट निर्णय नभएको कारण राजस्व न्यायाधिकरण ऐन २०३१ को दफा ६ र आयकर ऐन २०५८ को दफा ११५(८) एवं दफा ११६ बमोजिम पुनरावेदक एम.ए.डब्लु इन्जिनियरिङ्ग प्रा.लि. का तर्फबाट यो पुनरावेदन यस न्यायाधिकरण समक्ष पनि आएको देखियो ।

२. पुनरावेदक भासु कलेक्सनका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क) पुनरावेदक प्रा.लि. ले एम.ए.डब्लु इन्टरप्राइजेजसँग विभिन्न मेशिनगरी सामान र Spare Parts Loan को रुपमा यस प्रा.लि. ले खरीद गरेकोमा बार्षिक १० प्रतिशत व्याज समेत जम्मा रु. ७९५६६०।८४ भुक्तानी गरेकोले आयकर ऐन २०५८ को दफा २१ बमोजिम विपक्षीको खर्च अमान्य निर्णय त्रुटिपूर्ण छ ।

ख) उक्त खर्च बास्तविक खर्च हो । उक्त खर्च भुक्तानी गर्दा अग्रीम आयकर कट्टा गरी बैंक भौचर विपक्षी कार्यालयमा दाखिल गरेकोमा अग्रिम करले मान्यता पाउने र खर्चले मान्यता नपाउने विपक्षीको निर्णय त्रुटिपूर्ण छ ।

ग) Gust Entertainment खर्च रु. २८३४१।४४ अमान्य गरी कर निर्धारण गरिने सम्बन्धमा पत्राचार हुंदा सो को पुष्ट्याई सहित मिति २०७१।३।३१ मा प्रमाण राखी लिखित अनुरोध गरेकोमा हाम्रो प्रमाणलाई बेवास्ता गरी उक्त प्रमाणलाई अमान्य प्रमाणित नगरी खर्च अमान्य गरेको विपक्षीको निर्णय त्रुटिपूर्ण छ ।

घ) तसर्थ मिति २०७१।३।३२.४ मा भएको भनिएको संशोधित कर निर्धारण आदेश वदर गरी पाउँ ।

## <u>ठहर</u>

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक भासु कलेक्सनका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राज कुमार श्रेष्ठको वहस सुनियो । वहसका क्रममा विद्वान अधिवक्ताले मूलतः पुनरावेदनपत्रमा उल्लिखित

जिकिरहरुलाई नै आधार बनाई पुनरावेदक फर्मले बुझाउनु पर्ने सम्पूर्ण कर बुझाई स्थायी लेखा नम्वर समेत स्थगन गराइसकेको अवस्थामा पुनः बक्यौता रहेको भनी आ.व. २०६५/६६ को हकमा मिति २०७०।१।३१ मा संशोधित कर निर्धारणको आदेश भएको हुँदा सो आदेश वदर गरी पाउँ भनी जिकिर लिनु भएको छ।

४. यसमा निर्णय तर्फ बिचार गर्दा पुनरावेदक फर्मका तर्फबाट प्रस्तुत पुनरावेदनमा करदाता सेवा कार्यालय, महाराजगञ्जबाट मिति २०७०।१।३१ मा भएको संशोधित कर निर्धारणको आदेश उपर चित्त नबुझाई आयकर ऐन, २०५८ को दफा ११५(१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७४।३।१४ मा निवेदन दिएकोमा सो निवेदन उपर म्याद भित्र विभागबाट निर्णय नभएकोले सोही ऐनको दफा ११५(८) र दफा ११६ बमोजिम यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको भनी उल्लेख भएको देखिन्छ । यसरी प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएको भनी उल्लेख भएको सन्दर्भमा उक्त निवेदन उपर विभागबाट के कसो भएको छ ? भनी यस न्यायाधिकरणको मिति २०७४।३।१ को आदेशानुसार आन्तरिक राजस्व विभागमा बुझिएकोमा आन्तरिक राजस्व विभागको च नं ४१२ मिति २०७४।८।४ को पत्रबाट विभागमा दायर रहेको प्रशासकीय पुनरावलोकनको निवेदनमा मिति २०७४।६।८ मा निर्णय भैसकेको भन्ने व्यहोराको जबाफका साथ सो निर्णयको प्रतिलिपि समेत प्राप्त हुन आएको देखिन्छ ।प्राप्त निर्णयको प्रतिलिपि अध्ययन गर्दा विभागमा दायर रहेको प्रशासकीय पुनरावलोकनको निवेदन उपर यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन मिति २०७४।६।२२ मा दायर हुन अघि नै मिति २०७४।६।८ मा निर्णय भैसकेको देखिएको छ ।साथै उक्त निर्णयको अध्ययनबाट पुनरावेदकले निवेदनमा माग दावी गरे बमोजिम नै सम्पूर्ण कागज प्रमाण हेरेर मात्र करदाताको वास्तविक दायित्व यकिन गर्नका लागि पुनः छानविन गरी संशोधित कर निर्धारणको आदेश गर्न सम्बन्धित कार्यालयको नाममा आदेश भएको देखिन्छ ।यसरी करदाता सेवा कार्यालयको जुन निर्णय वदर गरी पाउन माग गरी पुनरावेदकका तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको हो सोही निर्णय प्रशासकीय पनुरावलोकनको तहबाट नै वदर भई पुनः निर्णय गर्न आदेश भइसकेको अवस्था देखिंदा प्रस्तुत पुनरावेदनको रोहबाट पुनरावेदनपत्रमा उठाइएका जिकिरहरुका हकमा केही बोलिरहनुको औचित्य देखिएन ।

५. यस प्रकार मिति २०७०।०१।३१ मा करदाता सेवा कार्यालय, महाराजगञ्जबाट भएको संशोधित कर निर्धारणको आदेश बदर गरी पाउन आन्तरिक राजस्व विभागमा मिति २०७३।०३।१४ मा प्रशासकिय पुनरावलोकनका लागी निवेदन दिएकोमा उक्त विभागबाट म्याद भित्र निर्णय नभएको कारण देखाई प्रस्तुत पुनरावेदन पर्न आएकोमा

यस न्यायाधिकरणको मिति २०७४।०८।०३ को आदेशानुसार बुझ्दा आन्तरिक राजस्व विभागको च.नं. ४१२ मिति २०७४।०८।०४ को पत्रसाथ उक्त विभागबाट मिति २०७४।०६।०८ मा निर्णय भैसकेको भनी निर्णय पर्चाको प्रतिलिपी सहितको जवाफ प्राप्त हुन आएको देखिंदा यस न्यायाधिकरणमा पर्न आएको प्रस्तुत पुनरावेदनका सम्बन्धमा केही बोलिरहन परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा हुने भई यस न्यायाधिकरणमा पुनरावेदन गर्दा पुनरावेदकले राखेको धरौटी रकम नियमानुसार फिर्ता पाउने समेत ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ......................................................................१

पुनरावेदकले यस न्यायाधिकरण समक्ष पुनरावेदन गर्दा धरौट राखेको रकम नियमानुसार फिर्ता दिनु भनी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ बबरमहललाई जानकारी दिनु....२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.....................................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
**(लेखा सदस्य)**

जीवन कुमार घिमिरे
**(राजस्व सदस्य)**

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
टिपोट गर्नेः -श्री मनोज कुमार श्रीवास्तव (शाखा अधिकृत)
कम्प्यूटरः प्रदिप तिवारी

इति सम्वत् २०७४ साल पुस महिना ०९ गते रोज ०१शुभम् ..................

श्री

राजस्व न्यायाधिकरण काठमाडौं

<u>इजलास</u>

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्प प्रसाद गुरगाईं

**फैसला**

२०७७/०७८ सालको निर्णय नं.४४

पुनरावेदन नं. : ०७६-RB-००२८

पुनरावेदन दर्ता मिति : २०७६।०५।१०

का.जि.का.म.न.पा. वडा नं. १४ स्थित खेतान ओभरसिज (स्था.ले.नं.३००१६४६२६) को प्रोपाइटर रामचन्द्र खेतान ..........................................................१ } पुनरावेदक

<u>विरुद्ध</u>

सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज........................................ १ } प्रत्यर्थी

मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ..................................१ } प्रत्यर्थी

मुद्दा : <u>भंसार मूल्य निर्धारण</u>

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाटः विद्धान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी

शुरु निर्णय गर्ने कार्यालयः- सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज

शुरु निर्णय गर्ने अधिकारीः भन्सार अधिकृत सूर्य प्रसाद सेडाई

शुरु कार्यालयको निर्णय मितिः—२०७५।०६।२३

<u>मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालयः मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ

निर्णय गर्ने पदाधिकारी : अध्यक्ष निर्मलहरि अधिकारी, सदस्य तर्कराज भट्ट, सदस्य शिव प्रसाद भण्डारी

निर्णय मितिः—२०७६।०३।१९

पुनरावेदक खेतान ओभरसिजका हकमा सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट भएको मिति २०७५।०६।२३ को भंसार मूल्य निर्धारणको निर्णय उपर मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौमा मूल्य पुनरावलोकनका लागि निवेदन दिएकोमा मूल्यांकन पुनरावलोकन समितिबाट शुरु कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा ऐ.ऐनको दफा ९ को उपदफा (२) बमोजिम तोकिएको धरौटी दाखिला भए/नभएको एकिन गर्ने जिम्मेवारी राजस्व न्यायाधिकरण नियमावली,२०३० को नियम ४ अनुसार स्रेस्तेदारलाई तोकिएको छ।स्रेस्तेदारको काम,कदायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारी कर्ता खेतान ओभरसिजले चीनको ZHONGSHAN ZHENGFENG DRIED FRUIT FOODSTUFFS I & ECO LTD. बाट पैठारी गरेको MIX FRUIT JELLY CANDY को मूल्य सम्बन्धमा पैठारीकर्तालाई थप कागजात प्रमाण पेश गर्न मिति २०७५।०३।०५, मिति २०७५।०३।१४ तथा मिति २०७५।०५।१२ मा भएको पत्राचार।

२. मिति २०७५।०६।१५ मा भन्सार अधिकृत विष्णुप्रसाद शर्मालाई यस सम्बन्धमा राय सहित प्रतिवेदन पेश गर्न भनिएकोमा मिति २०७५।०६।१६ मा राय सहितको प्रतिवेदन प्राप्त भएको मिसिल संलग्न कागजातबाट देखियो।

३. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट मिति २०७४।१०।२१ मा घोषित मूल्यलाई मान्यता दिई भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा ४ बमोजिम भन्सार मूल्य निर्धारण गरी कारोबार मूल्य कायम गरिएको सन्दभर्मा भन्सार विभागको मिति २०७४।११।१४ को पत्र अनुसार पुनः मूल्य निर्धारण गर्न सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०३।०५ को निर्णयबाट पुनः मूल्य निर्धारणको प्रकृयामा पैठारीकर्तासँग घोषित मूल्यलाई मान्यता दिने कागजात र प्रमाणहरु भए पेश गर्न पत्राचार गरिए अनुसार मिति२०७५।०३।०६, मिति२०७५।०३।२७ तथा मिति२०७५।०६।१५ मा पेश गरेको कागजातहरुबाट पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नदेखिएकोले भन्सार ऐन,२०६४ को दफा ९)१३) बमोजिम मालबस्तुसँग मिल्दो जुल्दो मालववस्तु(Similar Goods) को कारोबार मुल्यको आधारमा निर्धारण गर्दा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD 2.25 कायम गर्दा बृद्धि भएको मूल्य USD 9307.35 को महशुल छुट हुन गएको हुँदा उक्त छुट भएको मूल्यको तत्कालको Exchange Rate अनुसार रु.९,६१,८२२।— को भन्सार महशुल र मु.अ.कर गरी जम्मा

रु.६,१४,१२४।— दाखिला गराउनु भन्ने सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०६।२३ को निर्णय।

४. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजले मिति २०७५।०६।२३ मा गरेको भन्सार मूल्य निर्धारणको निर्णय चित्त नबुझाई पैठारीकर्ता खेतान ओभरसिज ले मूल्य पुनरावलोकनका लागि मिति २०७५।०७।१९ मा मूल्याङ्कन पुनरावलोकन समितिमा पेश गरेको निवेदन। निवेदकको निवेदन, शुरु कार्यालयको निर्णय एवम् मिसिल संलग्न कागजातको अध्ययन गर्दा सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०६।२३ को निर्णय र सो बमोजिम जारी महशुल भन्सार ऐनमा तोकेको म्यादभित्र भन्सार कार्यालयले पुनःमूल्याङ्कनको निर्णय नगरेकै कारणले मात्र निजको प्रति किलो अमेरिकी डलर १.६० को कारोवार मूल्य बास्तविक मान्न सकिने अवस्था नदेखिएकोले उक्त निर्णय कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७६।०३।१९ मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ बाट भएको निर्णय।

५. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट हाम्रो प्रज्ञापन पत्र नं. M2714बाट Mixed Fruit Jelly Candy परिमाण १४२१९ के.जी. आयात गरी सोको विजक मूल्य U.S.D 1.60 per Kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागको पत्रानुसार भनि सो मूल्यलाई मान्यता नदिई U.S.D 2.25 per Kg मूल्य कायम गरी सोमा भंसार महसूल निर्धारण गर्ने गरी भएको निर्णय कानून लाई आधार लिईएको हो विपक्षीले खुलाउन सकेको पनि देखिदैन। केवल हाम्रो विल मूल्यलाई यथार्थ मान्न नसकिएकोले U.S.D 2.25 per Kg मूल्य निर्धारण भएको भन्ने उल्लेख छ। भंसार मूल्यांकन निर्देशिका,२०६८ को मर्म, भावना र यथार्थ विपरित हुँदा पनि प्रस्तुत मूल्य U.S.D 2.25 per Kgको आधारमा हाम्रो मूल्य कायम गर्न मिल्दैन। U.S.D 2.25 per Kgकायम हुनेगरी गरिएको विपक्षीहरुको मूल्य निर्धारण कानूनतः कायम रहन सक्दैन। हाम्रो विजक मूल्य U.S.D 1.60 per Kg नै कायम गरी न्याय निरोपण गरी पाउँ भन्नेसमेत जिकरि लिई पैठारी कर्ताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०५।१० मा दर्ता भएको पुनरावेदन पत्र।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री तारादेव जोशीले China बाट Mixed Fruit Jelly Candy प्रज्ञापनपत्र नं.M२७१४ बाट १४२१९ के.जी.आयात गरि विक्री वितरण गर्ने गरेको, विगत वर्षदेखि आयात समेत गरेको सामानको विजक मूल्य U.S.D.१.६० Per kg, सोको

विजक मूल्य U.S.D.१.६० Per kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागले महानिर्देशकको आदेश बमोजिम लिएर मूल्यलाई मान्यता नदिई U.S.D.२.२५ Per kg मूल्य निर्धारण गरियो। यसरी निर्णय भएको ७ दिनभित्र जानकारी गराउनुपर्नेमा सो समेत विपक्षी कार्यालयबाट भएको पाइदैन। भंसार ऐन,२०६४ को दफा १३ को उपदफा (८) र (९) बमोजिम कारोबार मूल्य विश्लेषण गर्दा स्वचालित भंसार प्रणाली Asycuda Data Base बाट उपलब्ध भएसम्मको पछिल्लो ९० दिनभित्रको तथ्यांक समेत लिई विश्लेषण गर्नपर्नेमा विपक्षी कार्यालयबाट कुनै निश्चित आधार कायम गरि जाँचपास भएको देखिँदैन। यसरी आधार र कारण प्रष्ट खुलाएर निर्णय गर्नुपर्नेमा महानिर्देशकको आदेश अनुसार भएको निर्णय कानुन सम्मत नभएकोले बदर हुनुपर्ने र विपक्षी तर्फबाट उपस्थित शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले पुनरावेदक खेतान ओभरसिजले पैठारी गरेको Jelly Candy China हुंदै कोलकत्ताबाट ल्याएको देखिन्छ। मूल्य तोकिएको अमेरिकी डलर १.६० मिलेट भनि जिकिर समितिले गरेको निर्णय मिलेन भनेकोमा सो सम्बन्धी कुनै कागजात समेत पेश गरेको स्थिति छैन। आशिक्यूडा मापदण्ड अनुसार हुने भनि खुलाइएको छ। उक्त पैठारी गरेको सामान १.६० प्रति किलो मान्यता दिन मिल्दैन, २.२५ नै कायम हुने गरि भएको निर्णय सदर हुनुपर्छ भन्ने व्यहोरा बहस प्रस्तुत गर्नुभयो।

७. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

८. निर्णय तर्फ विचार गर्दा पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नदेखिएकोले भन्सार ऐन,२०६४ को दफा ९)१३) बमोजिम मालबस्तुसँग मिल्दो जुल्दो मालवस्तु(Similar Goods) को कारोबार मुल्यको आधारमा निर्धारण गर्दा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD २.२५ कायम गर्दा बृद्धि भएको मूल्य USD 9307.35 को महशुल छुट हुन गएको, उक्त छुट भएको मूल्यको तत्कालको Exchange Rate अनुसार रु.९,६१,८२२।— को भन्सार महशुल र मु.अ.कर गरी जम्मा रु.६,१४,१२४।— दाखिला गराउनु भन्ने सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०६।२३ को निर्णय भएको देखियो।

९. त्यस्तै भन्सार कार्यालयले पुनःमूल्याङ्कनको निर्णय नगरेकै कारणले मात्र पैठारीकर्ताले पैठारी गरेको Mixed Fruit Jelly Candy सामानको प्रति किलो अमेरिकी डलर १.६० को कारोवार मूल्य बास्तविक मान्न सकिने अवस्था नदेखिएकोले उक्त निर्णय कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७६।०३।१९ मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौबाट निर्णय भएको पाइयो।

१०. यी पुनरावेदक करदाताले सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट प्रज्ञापन पत्र नं. M2714 बाट Mixed Fruit Jelly Candy परिमाण १४२१९ के.जी. आयात गरि सोको विजक मूल्य U.S.D १.६० per Kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागको पत्रानुसार भनि सो मूल्यलाई मान्यता नदिई U.S.D २.२५ per Kg मूल्य कायम गरी सोमा मूल्य निर्धारण गर्ने सिलसिलामा भन्सार ऐन,२०६४ को दफा ९)१३) बमोजिम आशिक्यूडा डाटावेससमेतको आधारमा मूल्य निर्धारण गरेको देखिन्छ। यसरी मालवस्तुको जाँचपासको सम्बन्धमा मिति १४/११/२०७४ मा महानिर्देशकबाट पुनः मूल्यांकनको लागि आदेश भै सो आदेश बमोजिम पुनः मूल्य निर्धारण भएको निर्णय बदरभागी रहेको भनि पैठारीकर्ताले लिएको दावी समेत युक्ति संगत मान्न नसकी पैठारी गरेको सामान प्रति किलो अमेरिकी डलर १.६० को कारोबार मूल्य वास्तविक मान्यता दिन नसकी २.२५ कायम गर्ने गरि मूल्याङ्कन पुनरावलोकन समितिबाट गरेको निर्णय कानुन सम्मत नै देखिन आयो।

११. माथी उल्लेखित आधार कारणबाट पुनरावेदक पैठारीकर्ता खेतान ओभरसिजलाई भन्सार महसुल निर्धारण गर्ने गरी मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौबाट मिति १९/०३/२०७६ मा गरेको निर्णय मिलेको देखिदाँ सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू ........................................................................ १
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू ......... २
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू ................................................... ३

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

उक्त रायमा हामी सहमति छौ।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्ने:</u>

शाखा अधिकृतःसनिता लामा

टिपोट गर्नेः डिठ्ठा मनोज फुयाँल

ईति सम्बत् २०७७ साल पुष २७ गते रोज २ शुभम्-----------------------------।

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नर नाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ९३

पुनरावेदन नं. ९७–०-७५RB-०१५१

**मुद्दाः– आयकर (२०७२/०७३) ।**

श्री शिवशक्ती दाल मिल प्रा.लि. जीतपुर बारा (स्थायी लेखा नं. ३०३९२५३९२) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संदिप कुमार अग्रवाल..............................१ } पुनरावेदक

विरुद्ध

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री विनोद उपाध्याय
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री गंगाराम गेलाल
शुरु कर्यालयको निर्णय मितिः—२०२१/०५/७४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री किशोरजंग कार्की
निर्णय मितिः २०२५/१२/७४

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०२८/०७/७५ को को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता श्री शिवशक्ती दाल मिल प्रा.लि.ले आ.व. २०७२/०७३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार औद्योगिक व्यवसाय तर्फ रू. ४७,९३,१६६।- नोक्सानी तथा निकासी तर्फ रू. ०।०० करयोग्य आय देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०२२/०८/७३ मा विवरण पेश गरेको ।

२. उक्त आ.व. को लागि यस कार्यालयबाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फाँटबारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाइ विश्लेषण गर्दा प्रस्तुत करदाताको यस आ.व. ०७३/२०७२ को सम्बन्धमा आयकर ऐन २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी गरेकोले, सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि औद्योगिक व्यवसाय तर्फको संशोधित नोक्सानी रू. ४,३८,१३४।- तथा निकासी तर्फको करयोग्य आय कायम गर्नुपर्ने भएकोले उल्लेख भए बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २००९/०५/७४ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २००९/०५/७४ मा जारी भएको सूचना करदाताले मिति २०१२/०५/७४ मा बुझी लिएको ।

४. करदाताले मिति २०१२/०५/७४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०२१/०५/७४ मा पेश गरेको ।

५. करदाताको आ.व. २०७२/०७३ का लागि नोक्सानी रू. ४,३८,१३४।- करयोग्य

आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०२१/५/७४ मा खडा भएको निर्णय पर्चा ।

६. पुनरावेदक करदाताले आ.व. २०७०।०७१ र आ.व. २०७१।०७२ को कर सम्बन्धमा भएको कर निर्धारण आदेश उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण पुनरावेदन गरेको भनी जिकिर लिएको र सो सम्बन्धमा राजस्व न्यायाधिकरणबाट निर्णय भई आएका बखत सम्बोधन हुने नै हुँदा यस कार्यालयबाट भएको संशोधित कर निर्धारण ओदशानुसार पुनरावेदक कम्पनीले कायमी नोक्सानी मात्र कट्टि लिन पाउनेमा बढी दावी नोक्सानी रु. २८,०६,२१९।- आयकर ऐन २०५८ को दफा २० को उपदफा (१) अनुसार खर्च कट्टि नपाउने कर निर्धारण आदेशानुसार कायम भएको ह्रास आधार अनुसार नै खर्च कट्टि लिनु पर्नेमा आयकर ऐन २०५८ को दफा १९ को व्यवस्था विपरित बढी दावी गरेको ह्रास खर्च रु. १४,६५,७६७।- खर्च कट्टि नपाउने । कर निर्धारण बखत कायम भएको ह्रास आधारको सिमा भित्र रही मर्मत सम्हार खर्च दावी गर्नुपर्नेमा आयकर ऐन २०५८ को दफा १६ को व्यवस्था विपरित बढी दावी गरेको मर्मत संभार ह्रास खर्च रु. ८३,०४६।- खर्च कट्टि नपाउने भनी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।५।२१ मा भएको निर्णय ।

७. बढी दावी भएको नोक्सानी रु. २८,०६,२१९।- बढी दावी गरेको ह्रास खर्च रु. १४,६५,७६७।- र बढी दावी गरेको मर्मत संभार खर्च रु. ८३,०४६।- खर्च कट्टि नपाउने भनी भएको कर निर्धारण आदेश कानून प्रतिकूल छ । आर्थिक वर्ष २०७०।०७१, ०७१।०७२ को कर निर्धारण आदेश उपर यसै राजस्व न्यायाधिकरणमा पुनरावेदन गरी मिति २०७५।६।७ पुनरावेदन जिकिर बमोजिम उल्टी फैसला समेत भैसकेको र सो मुद्दामा कायम भएको ह्रास आधार र मर्मत संभार खर्चमा कायम भएको आधारमा बढी दावी देखिन गएकोसम्मको आ.व. २०७०।०७१।०७१।०७२ मा कायम भएको ह्रास आधार समेतबाट मर्मत सुधार खर्च र नोक्सानीमा समेत फरक पर्न गएको हो । पुनरावेदक कम्पनीले नोक्सानी खर्च ह्रास खर्च र मर्मत सम्भार खर्च बढी दावी नगरेको हुँदा कम्पनीले पेश गरेको आय विवरणलाई कायम गरी शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेशलाई बदर गरी पाउँ भन्ने व्यहोराको जिकरि लिई करदाताको तर्फबाट मिति २०७५/००३/९ मा यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम

छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २९/०२/२०७६ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदकको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री विनोद कुमार उपाध्यायले पुनरावेदक कम्पनीको आ.व. २०७०।०७१ र २०७१।०७२ को नोक्सानी खर्च, ह्रास खर्च र मर्मत सम्भार खर्च मिलान नगरी दिएको कारणले मात्र रकम फरक पर्न गएको हो । यसै कम्पनीको आ.व. २०७०।०७१ र ०७१।०७२ को आयकर निर्धारण आदेश उपर यसै न्यायाधिकरणमा ०७४–RB–००७३ र ०७४ – RB–००७४ पुनरावेदन परी मिति २०७५।६।७ मा नोक्सानी, ह्रास खर्च र मर्मत सुधार खर्च समायोजन गरिदिनु पर्ने ठहरी उल्टी फैसला समेत भै सकेको हुँदा सो फैसला समेतलाई आधार मानी हिसाव मिलान गरिएमा कुनै शिर्षकमा पनि बढी दावी गरेको नदेखिंने हुँदा हिसाव मिलान गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले पुनरावेदक कम्पनीले कानूनले प्रदान गरेको सिमा भन्दा बढी मर्मत संभार खर्च, ह्रास खर्च र नोक्सानीको दावी गरेको हुँदा बढी दावी गरेको हदसम्म खर्च कट्टि अमान्य गर्ने गरी भएको संशोधित कर निर्धारण आदेश र निर्णय कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. यसमा कर कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश कानून सम्मत छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुनुपर्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

१३. यसमा पुनरावेदक शिवशक्ति दाल मिल प्रा.लि. ले आ.व. २०७०।०७१ र २०७१।०७२ को सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट कायमी नोक्सानी भन्दा बढी नोक्सानी दावी गरेको, वास्तविक ह्रास आधार भन्दा बढी ह्रास खर्च दावी गरेको र ह्रास आधारको सिमा भन्दा बढी मर्मत संभार खर्च दावी गरेको भनी भएको कर निर्धारण आदेश उपर यसै न्यायाधिकरणमा मिति २०७४।७।५ मा मुद्दा नं. ०७४–RB–००७३ र ०७४ –RB–००७२ को आयकर मुद्दा दायर भै उक्त मुद्दा मिति २०७५।६।७ मा उल्टी फैसला समेत भैसकेको हुँदा गत आ.व. सँग मिलान गर्न

नदिएको कारणले आ.व. २०७२।०७३ को नोक्सानी ह्रास खर्च र मर्मत सम्भार खर्चमा फरक परेको हो । मिलान गर्न दिएमा कुनै फरक नै पर्दैन भन्ने जिकिर लिई पुनरावेदन परेको पाइयो ।

१४. अब पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिर हेर्दा, ठूला करदाता कार्यालयबाट यी करदाताको आ.व. २०७०।०७१ र २०७१।०७२ को आयकर निर्धारण आदेश उपर यस न्यायाधिकरण समक्ष पुनरावेदन परेकोमा उक्त पुनरावेदन जिकिर बमोजिम नोक्सानी खर्च, ह्रास खर्च र मर्मत सम्भार खर्च समायोजन गरिदिनु पर्ने ठहरी मिति २०७५।६।७ मा फैसला भएको देखियो । यसरी गत वर्ष नै नोक्सानीलाई समायोजन गर्ने गरी यस न्यायाधिकरणबाट निर्णय भैसकेको परिप्रेक्ष्यमा स्वयंकर निर्धारण अनुसारको नोक्सानीलाई आधार नमान्ने गरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट भएको निर्णय विधिसम्मत मान्न मिल्ने देखिंदैन । साथै प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट यी करदाताका आ.व. २०७२।०७३ कर निर्धारण गर्दा आ.व. २०७०।०७१ र २०७१।०७२ को आयकर निर्धारणको क्रममा नोक्सानी खर्च, ह्रास खर्च र मर्मत सम्भार खर्च सम्बन्धमा प्रत्यर्थी कार्यालयले गरेको निर्णय उपर पुनरावेदन परेको र पुनरावेदन तहबाट निर्णय भै आएको बखत आवश्यक कारवाही हुने नै हुँदा भनी निर्णय पर्चामा उल्लेख गरेको देखिंदा गत वर्षहरुको ह्रास खर्चहरुलाई समायोजन गर्ने गरी न्यायाधिकरणबाट फैसला भएको खण्डमा त्यस्तो खर्च समायोजन हुन सक्ने सम्भावनालाई कायमै राखेको देखिंदा र यस न्यायाधिकरणबाट आ.व. २०७०।०७१ र २०७१।०७२ को नोक्सानी खर्चलाई मान्यता दिने गरी फैसला नै भैसकेको अवस्थामा उक्त वर्षदेखिको खर्च कट्टिलाई मान्यता दिन नमिल्ने भनी शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट गरेको निर्णय कानूनसम्मत मान्न मिलेन । पुनरावेदक करदाताले पुनरावेदनमा जिकिर लिए बमोजिमको खर्चहरुलाई समायोजन गरिदिनुपर्ने देखियो ।

१५. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०३९२५३९२ भएका पुनरावेदक करदाता शिवशक्ती दाल मिल प्रा.लि. को आ.व. २०७२/०७३ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०५।२१ मा भएको निर्णय त्रुटिपूर्ण देखिंदा उल्टी हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

**<u>तपशिल</u>**

१६. माथी इन्साफ खण्डमा बमोजिम पुनरावेदक करदाता शिवशक्ती दाल मिल प्रा.लि. को

आ.व. २०७२/०७३ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०५।२१ मा भएको निर्णय त्रुटिपूर्ण देखिंदा उल्टी हुने ठहरी फैसला भएको हुँदा पुनरावेदक करदाताले धरौटीमा राखेको रकम फिर्ता दिनु वा अर्को आ.व. को कर रकममा मिलान गरिदिनु भनी शुर कार्यालयमा लेखी पठाइदिनू .................................................................................. १

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ........................................................................................................ २

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.......................................................................................................... ३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू........................................................ ४

किशोर सिलवाल

(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई

(लेखा सदस्य)

नर नाथ गिरी

(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल माघ ०६ गतेरोज २ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नरनाथ गिरी**
**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाई**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ९४
पुनरावेदन नं. ९७–०७५-RB-०२२५

<u>**मुद्दाः– पूर्वादेश ।**</u>

**C-403, Pavitra Apartments, Vasundhara Enclave, New Delhi-11 096,** भारतमा रजिष्टर्ड कार्यालय रहेको **Telecom Network Solutions Pvt. Ltd.** को तर्फबाट ऐ. का अधिकार प्राप्त संचालक **471 Sector 28, Noida 201301, Up** भारत बस्ने इला रमण पन्त........................................................................१ } पुनरावेदक

<u>**विरुद्ध**</u>

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..............................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताहरू श्री महेश कुमार थापा, श्री श्रद्धा भट्टराई, श्री आकृति खनाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः ×**

<u>**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**</u>

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट
शुरु कर्यालयको निर्णय मितिः—२०१२/०९/७५

आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौंले पुनरावेदक Telecom Network Sulutions Pvt. Ltd. ले माग गरेको पूर्वादिशको सम्बन्धमा मिति २०७५।०९।१२ मा गरेको निर्णय चित्त

नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ:-

<u>तथ्य खण्ड</u>

१. टेलिकम नेटवर्क सोलुसन प्रा.लि. भारतको नयाँ दिल्लीस्थित बि–३१३ न्यू अशोक नगरमा मुख्य कार्यालय भएको यस कम्पनीले टेलिकम नेटवर्कसँग सम्बन्धित बस्तुहरुको उत्पादन, विक्री वितरण तथा सेवाहरु प्रदान गर्ने गर्दछ । यसै सिलसिलामा कम्पनीले सन् २०१५–२–१२ मा नेपालमा दर्ता भई कार्य गरिरहेको Huawei Technologies Nepal Co. Pvt. Ltd. सँग "२०१५–२०१६ Nepal Tower Supply Frame Building" को Sub-Contract Agreement गरेको तथा सो सम्झौता अन्तर्गत कम्पनीले गर्नुपर्ने कार्य विवरण संलग्न Sub-Contract Agreement को " Article-२ः Scope of Works" तथा "Annex-१ः Responsibility Matrix" मुख्यतः उल्लेख गरिए बमोजिम टेलिकम नेटवर्क टावर सँग सम्बन्धित सरसामानहरुको Supply, Delivery तथा Warrenty Service रहेको व्यहोरा अनुरोध छ । Huawei Technologies Nepal Co. Pvt. Ltd. ले यस कम्पनीसँग टेलिकम नेटवर्क टावर सँग सम्बन्धित सरसामानहरुको Supply, Delivery तथा Warrenty Service को लागि गरेको सम्झौता कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय बोलपत्र आह्वानबाट आपूर्तिकर्ताको छनौट भई नभएको, यकिनका साथ यति नै परिमाणमा सरसामानहरुको आपूर्ति हुने भन्ने उलेख नभएको, प्रत्येक पटक जारी गरिएको खरिद आदेश अनुसार खरिद आदेशमा उल्लेख गरिएका परिमाण बमोजिम सरसामानहरु मात्र आपूर्ति हुने जस्ता अवस्थाहरु रहेको हुँदा, उक्त आपूर्ति बस्तुगतः रुपमा सामान्य चलन–चल्तिमा रहेको व्यापारिक सम्झौता अन्तर्गत Import Transaction रहेको व्यहोरा अनुरोध छ । अतः उक्त आपूर्ति अन्तर्गतको भुक्तानी आयकर ऐन २०५८ को दफा ८९ को स्पष्टिकरण अन्तर्गत परिभाषित गरिएको 'ठेक्का वा करार' को भुक्तानी नहुने हुँदा सो भुक्तानीमा भुक्तानीकर्ताले करकट्टि गर्न नपर्ने । नेपाल सरकार तथा गणतन्त्र भारत सरकार बीच आयमा लाग्ने करहरुका सम्बन्धमा द्बैध कराधान मुक्ति तथा वित्तीय छल निरोधका लागि सम्पन्न सम्झौता को राधा ७ व्यापार मुनाफा अन्तर्गतको व्यवस्था अनुसार गणतन्त्र भारतको कुनै प्रतिष्ठानले नेपालमा अवस्थित स्थायी संस्थापनको माध्यमबाट नेपालमा व्यवसायन नगरेसम्म सो प्रतिष्ठानको मुनाफामा गणतन्त्र भारतमा मात्र कर लाग्ने तथा सो प्रतिष्ठानले नेपालमा अवस्थित स्थायी संस्थापनको माध्यमबाट नेपालमा व्यवसाय गरेकोमा, प्रतिष्ठानको मुनाफामा सो स्थायी संस्थापनका हकमा लागू हुने जति

मात्र नेपालमा कर लगाउन सकिने उल्लेख छ । यस कम्पनीको नेपालमा कुनै कार्यालय नरहेको तथा सम्पन्न सम्झौता को धारा ५ 'स्थायी संस्थापन' अन्तर्गतको व्यवस्था अनुसार स्थायी संस्थापन हुन आउने अवस्थाहरु समेत नरहेको हुँदा सम्पन्न सम्झौताको व्यवस्था अनुरुप यस Supply, Delivery तथा Warrenty Service Contract बाट अर्जित आयमा नेपालमा आयकर नलाग्ने हुँदा भुक्तानीकर्ताले दफा ८९ अन्तर्गत करकट्टि गर्न नपर्ने अवस्था भुक्तानीमा आयकर ऐन २०५८ तथा नेपाल सरकार तथा गणतन्त्र भारत सरकार बिच आयमा लाग्ने करहरु सम्बन्धमा द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोधका लागि सम्पन्न सम्झौता अन्तर्गत भुक्तानीकर्ताले श्रोतमा करकट्टि गर्न नपर्ने विषयमा पूर्वादेश जारी गरी पाउँ भनी पुनरावेदक टेलिकम नेटवर्क सोलुसन प्रा.लि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौंमा पेश गरेको निवेदन ।

२. टेलिकम नेटवर्क सोलुसन प्रा.लि. नयाँ दिल्ली भारतले नेपामा दर्ता भई कार्य गरिरहेको Huawei Technologies Nepal Co. Pvt. Ltd. सँग २०१५–२०१६ Nepal Tower Supply Frame Building" को Sub-Contract Agreement सम्झौता बमोजिम टेलिकम नेटवर्क सोलुसन प्रा.लि. ले Huawei Technologies Nepal Co. Pvt. Ltd. सँग सामान वा सेवा समेतको कामको लागि टावर जडान गर्ने, सो को सम्भार गर्नुपर्ने लगायतका विषयमा सम्झौताको Article ४,८,११,१४,१५, लगायतमा भएको व्यवस्थाले आयकर ऐन २०५८ को परिभाषको दफा (कद) मा स्थायी संस्थापनमा उल्लेख भए अनुसार र आयकर निर्देशिका (सं.स) २०६६ अनुसार निवेदक स्थायी संस्थापनको रुपमा रहेको देखिएको साथै दोहोरो कराधार मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता को दफा ७ बमोजिम पनि कर लाग्नेनै अवस्था भएको देखिएको हुँदा आएकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम करकट्टि गर्नुपर्ने र स्थायी संस्थापनले आयकर ऐन (सं.स), २०५८ र आयकर नियमावली (सं.स) २०५९ बमोजिमको कर सम्बन्धी व्यवस्थाहरु समेतको पालना गरी कर तिर्नुपर्ने व्यहोराको जानकारी पूर्वादेश माग कर्ता करदाता कम्पनीलाई गराउने भनी आन्तरिक राजस्व विभागबाट मिति २०७५।९।१२ मा भएको पूर्वादेश सम्बन्धी निर्णय ।

३. Huawei Technologies Nepal Co. Pvt. Ltd. र भारतमा रजिष्ट्रार कार्यालय रहेको Telecom Network Solutions Pvt. Ltd. को विचमा ३० जनवरी २०१८ मा भएको Sub Contract Agreement अन्तर्गत टेलिफोनको टावर विक्री कारोबारमा नेपाल र भारत बीचमा भएको दोहोरो कर मुक्ति तथा वित्तीय छल विरोध सम्झौताले कानून भन्दा माथि रही सोही सम्झौताको प्रावधान नै कानून सरह लागू हुने, सम्झौताको दफा ५(१) ले

स्थायी संस्थापन नभएको र पुनरावेदक कम्पनीले बस्तु बिक्री गर्ने कार्य स्थायी संस्थापनको दायराभित्र नपर्ने नेपाल संधि ऐन २०४७ को दफा ९ ले नेपाल कानून भन्दा सन्धि ठूलो हुने र दुईथरी व्यव्स्था भएमा सन्धिको व्यवस्था लागू हुने । दोहोरो करमुक्ति सम्झौता नभएको अवस्थामा मात्रै आयकर ऐन २०५८ को दफा २ (कद) को व्यवस्था आकर्षित हुने हो । ऐनको दफा ८९ बमोजिम स्थायी संस्थापन नै नभएको कम्पनीले कर तिर्ने कुरै आउँदैन । कानूनी रुपमा गर्न नपर्ने र व्यवहारिक दृष्टिकोणले गर्न सम्भव समेत नभएको अवस्थामा Huwaei ले पुनरावेदकलाई गरेको तथा पछि गर्ने भुक्तानीमा नेपालमा कर तिर्नु नपर्ने र अग्रिम कर कट्टि समेत गर्नु नपर्ने भएकोले आन्तरिक राजस्व विभागको मिति २०७५।९।१२ को निर्णय र मिति २०७५।९।१७ को पूर्वादिश सम्बन्धी निर्णय उल्टी गरी कर तिर्नु नपर्ने गरी इन्साफ गरी पाउँ भन्ने पुनरावेदक कम्पनीको पुनरावेदन पत्र ।

४. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति १२/०३/२०७६ मा भएको आदेश ।

## ठहर खण्ड

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

६. पुनरावेदकको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताहरू श्री महेश कुमार थापा, श्री श्रद्धा भट्टराई, श्री आकृति खनालले पूर्वादिशको अर्थ द्विविधाको निराकरण हो । Huawei Technologies Nepal Co. Pvt. Ltd. र भारतमा रजिष्ट्रार कार्यालय रहेको Telecom Network Solutions Pvt. Ltd. को विचमा ३० जनवरी २०१८ मा भएको Sub Contract Agreement अन्तर्गत टेलिफोनको टावर बिक्री कारोबारमा नेपाल र भारत बीचमा भएको दोहोरो करमुक्त तथा वित्तीय छल विरोध सम्झौताले कानून भन्दा माथि रही सोही सम्झौताको प्रावधान नै कानून सरह लागू हुने, सम्झौताको दफा ५(१) ले स्थायी संस्थापन नभएको र पुनरावेदक कम्पनीले बस्तु बिक्री गर्ने कार्य स्थायी संस्थापनको दायराभित्र नपर्ने नेपाल संधि ऐन २०४७ को दफा ९ ले नेपाल कानून भन्दा सन्धि ठूलो हुने र दुईथरी व्यवस्था भएमा सन्धिको व्यवस्था लागू हुने । दोहोरो करमुक्ति सम्झौता नभएको अवस्थामा मात्रै आयकर ऐन २०५८ को दफा २ (कद) को व्यवस्था आकर्षित हुने हो । ऐनको दफा ८९ बमोजिम स्थायी संस्थापन नै नभएको कम्पनीले

कर तिर्ने कुरै आउँदैन । कानूनी रुपमा गर्न नपर्ने र व्यवहारिक दृष्टिकोणले गर्न सम्भव समेत नभएको अवस्थामा Huwaei ले पुनरावेदकलाई गरेको तथा पछि गर्ने भुक्तानीमा नेपालमा कर तिर्नु नपर्ने र अग्रिम कर कट्टि समेत गर्नु नपर्ने गरी पूर्वादेश जारी गरी पाउँ भनी गर्नुभएको वहस समेत सुनियो।

७. प्रत्यार्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार वस्नेतले पुनरावेदक **Telecom Network Sulutions Pvt.Ltd.** आयकर ऐन, २०५८ को दफा २ को उपदफा (कद) को देहाय खण्ड ३ र ४ अनुसार सम्झौताको आधारमा स्थायी संस्थापन भएको प्रष्ट देखिएको छ । पूर्वादिश मागकर्ता **Telecom Network Sulutions Pvt.Ltd.** ले आयकर ऐन २०५८ र नियमावली २०५९ को पालना गर्नुपर्ने देखिएको हुँदा करकट्टि गर्नुपर्ने देखिन्छ । दोहोरा करमुक्ति तथा छल निरोध सम्झौताको दफा ७(१) बमोजिम समेत कर लाग्ने अवस्था देखिएको हुँदा कर लाग्ने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०७५।९।१२ को पूर्वादेश सम्बन्धी निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

८. यसमा आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौंबाट मिति २०७५।९।१२ मा भएको पूर्वादेश सम्बन्धी निर्णय मिलेको छ वा छैन? पुनरावेदक Telecom Network Sulutions Pvt.Ltd. को पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय हुनुपर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदक Telecom Network Sulutions Pvt.Ltd. ले Huawei Technologies Nepal Co. Pvt. Ltd. र भारतमा रजिष्ट्रार कार्यालय रहेको Telecom Network Solutions Pvt. Ltd. को विचमा ३० जनवरी २०१८ मा भएको Sub Contract Agreement अन्तर्गत टेलिफोनको टावर विक्री कारोबारमा नेपाल र भारत बीचमा भएको दोहोरो करमुक्त तिथा वित्तीय छल विरोध सम्झौताले कानून भन्दा माथि रही सोही सम्झौताको प्रावधान नै कानून सरह लागू हुने, सम्झौताको दफा ५(१) ले स्थायी संस्थापन नभएको र पुनरावेदक कम्पनीले बस्तु विक्री गर्ने कार्य स्थायी संस्थापनको दायराभित्र नपर्ने, नेपाल संधि ऐन २०४७ को दफा ९ ले नेपाल कानून भन्दा सन्धि ठूलो हुने र दुईथरी व्यवस्था भएमा सन्धिको व्यवस्था लागू हुने । दोहोरो करमुक्ति सम्झौता नभएको अवस्थामा मात्रै आयकर ऐन २०५८ को दफा २ (कद) को व्यवस्था आकर्षित हुने हो । ऐनको दफा ८९ बमोजिम स्थायी संस्थापन नै नभएको कम्पनीले कर तिर्ने कुरै आउँदैन । कानूनी रुपमा गर्न नपर्ने र व्यवहारिक दृष्टिकोणले गर्न सम्भव

समेत नभएको अवस्थामा Huwaei ले पुनरावेदकलाई गरेको तथा पछि गर्ने भुक्तानीमा नेपालमा कर तिर्नु नपर्ने र अग्रिम कर कट्टि समेत गर्नु नपर्ने गरी पूर्वादेश जारी गरी पाउँ भन्ने निवेदन दावी भएको प्रस्तुत मुद्दामा टेलिकम नेटवर्क सोलुसन प्रा.लि. नयाँ दिल्ली भारतले नेपालमा दर्ता भई कार्य गरिरहेको Huawei Technologies Nepal Co. Pvt. Ltd. सँग २०१५–२०१६ Nepal Tower Supply Frame Building" को Sub-Contract Agreement सम्झौता बमोजिम सामान वा सेवा समेतको कामको लागि टावर जडान गर्ने, सो को सम्भार गर्नुपर्ने लगायतका विषयमा सम्झौताको Article ४,८,११,१४,१५, लगायतमा भएको व्यवस्थाले आयकर ऐन २०५८ को परिभाषको दफा (कद) मा स्थायी संस्थापनमा उल्लेख भए अनुसार र आयकर निर्देशिका (सं.स) २०६६ अनुसार निवेदक स्थायी संस्थापनको रुपमा रहेको देखिएको साथै दोहोरो कराधार मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता को दफा ७ बमोजिम पनि कर लाग्नेनै अवस्था भएको देखिएको हुँदा आएकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम करकट्टि गर्नुपर्ने र स्थायी संस्थापनले आयकर ऐन (सं.स), २०५८ र आयकर नियमावली (सं.स) २०५९ बमोजिमको कर सम्बन्धी व्यवस्थाहरु समेतको पालना गरी कर तिर्नुपर्ने व्यहोराको जानकारी पूर्वादेश माग कर्ता करदाता कम्पनीलाई गराउने भनी आन्तरिक राजस्व विभागबाट मिति २०७५।९।१२ मा भएको पूर्वादेश सम्बन्धी निर्णयमा चित्त नबुझाइ Huawei Technologies Nepal Co. Pvt. Ltd. र भारतमा रजिष्ट्रार कार्यालय रहेको Telecom Network Solutions Pvt. Ltd. को विचमा ३० जनवरी २०१८ मा भएको Sub Contract Agreement अन्तर्गत टेलिफोनको टावर विक्री कारोबारमा नेपाल र भारत बीचमा भएको दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताले कानून भन्दा माथि रही सोही सम्झौताको प्रावधान नै कानून सरह लागू हुने, सम्झौताको दफा ५(१) ले स्थायी संस्थापन नभएको र पुनरावेदक कम्पनीले बस्तु विक्री गर्ने कार्य स्थायी संस्थापनको दायराभित्र नपर्ने नेपाल संधि ऐन २०४७ को दफा ९ ले नेपाल कानून भन्दा सन्धि ठूलो हुने र दुईथरी व्यव्स्था भएमा सन्धिको व्यवस्था लागू हुने । दोहोरो करमुक्ति सम्झौता नभएको अवस्थामा मात्रै आयकर ऐन २०५८ को दफा २ (कद) को व्यवस्था आकर्षित हुने हो । ऐनको दफा ८९ बमोजिम स्थायी संस्थापन नै नभएको कम्पनीले कर तिर्ने कुरै आउँदैन । कानूनी रुपमा गर्न नपर्ने र व्यवहारिक दृष्टिकोणले गर्न सम्भव समेत नभएको अवस्थामा Huwaei ले पुनरावेदकलाई गरेको तथा पछि गर्ने भुक्तानीमा नेपालमा कर तिर्नु नपर्ने र अग्रिम कर कट्टि समेत गर्नु नपर्ने भएकोले आन्तरिक राजस्व विभागको मिति २०७५।९।१२ को निर्णय र मिति २०७५।९।१७ को पूर्वादेश सम्बन्धी निर्णय उल्टी गरी कर तिर्नु नपर्ने गरी इन्साफ गरी पाउँ भन्ने जिकिर सहित

पुनरावेदकको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

१०. भारतमा दर्ता रहेको टेलिकम नेटवर्क सोलुसन प्रा.लि., नयाँ दिल्ली र नेपालमा दर्ता रहेको Huawei Technologies Nepal Co. Pvt. Ltd. बीच Nepal Tower Supply Frame Building को Sub contract Agreement अन्तर्गत टावर आपूर्ति गर्ने गराउने हदसम्म मात्र सम्झौता भएको देखिन्छ । उक्त कम्पनीबीच भएको सो सम्झौताको धारा १५ मा उल्लेख भएको Warranty सम्बन्धी प्रावधान केवल मालसामान आपूर्तिको हदसम्म मात्र रहेकोले सो प्रावधानको आधारमा हेर्दा करदाताले गर्ने जिम्मेवारीलाई सेवा प्रदान कार्य भन्न मिल्ने देखिएन, र सो टावर नेपालको कम्पनी Huwaei ले आफैले जडान गर्ने भएकोले सम्झौतामा उल्लेखित भारतीय कम्पनी नेपालमा जडान, मर्मत तथा सम्भारको कुनै सेवा कार्य नगर्ने र निज कम्पनीको कार्यालय, गोदाम तथा कर्मचारी समेत नेपालमा नरहने हुँदा आयकर ऐन, २०५८ को दफा (कद) को खण्ड (३) तथा (४) बमोजिम ९० दिन भन्दा बढी र नेपाल भारत बीच सम्पन्न दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सन्धीको धारा ५ को प्रकरण ३ को (क) र (ख) बमोजिम ९० दिन भन्दा बढी नेपालमा बसी परामर्श सेवा आपूर्ति गरेको भनी मान्न मिल्ने समेत नदेखिएकोले उक्त कम्पनी स्थायी संस्थापन हो भन्न मिल्ने देखिएन । सोही सन्धीको धारा ७ को प्रकण १ बमोजिम स्थायी संस्थापनको हैसियतले नेपालमा व्यवसाय संचालन नगरेसम्म भारतीय कम्पनीलाई नेपालमा कर लगाउन नमिल्ने हुँदा कर नै लगाउन नमिल्ने पक्षलाई आयकर ऐन २०५८ को दफा ८९(१) बमोजिम करकट्टि गर्न समेत मिल्ने देखिएन । तसर्थ निवेदक Telecom Network Solutions Pvt. Ltd. नयाँ दिल्लीलाई भुक्तानी गर्ने रकममा दफा ८९(१) बमोजिम कर कट्टि हुने भनी आन्तरिक राजस्व विभागबाट जारी गरिएको मिति २०७५।९।१२ को पूर्वादेश सम्बन्धी निर्णय मिलेको देखिन आएन ।

११. तसर्थ माथि विवेचित आधार कारण समेतवाट पुनरावेदक करदाता Telecom Network Sulutions Pvt.Ltd. ले पूर्वादेश माग गरी दिएको निवेदन सम्बन्धमा आन्तरिक राजस्व विभागबाट मिति २०७५।०९।१२ मा भुक्तानीकर्ताले स्रोतमा अग्रिम कर कट्टि गर्नु पर्ने गरी भएको निर्णय मिलेको नदेखिंदा उल्टी भै अब भुक्तानी कर्ताले श्रोतमा अग्रिम कर कट्टी गर्नु नपर्ने गरी पूर्वादेश जारी हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता Telecom Network Sulutions Pvt.Ltd. ले पूर्वादेश माग गरी दिएको निवेदन सम्बन्धमा आन्तरिक राजस्व

विभागबाट मिति २०७५।०९।१२ मा भुक्तानीकर्ताले स्रोतमा अग्रिम कर कट्टि गर्नु पर्ने गरी भएको निर्णय मिलेको नदेखिंदा उल्टी भै अब भुक्तानी कर्ताले श्रोतमा अग्रिम कर कट्टी गर्नु नपर्ने गरी पूर्वादेश जारी हुने ठहरी फैसला भएको हुंदा फैसलाको प्रतिलिपी सहित मिसिल शुरू आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौंमा पठाई दिनू ...१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू......................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू......................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू..........................................................४

नरनाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल माघ महिना ९ गते रोज ५ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नरनाथ गिरी**
**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाई**

## फैसला

२०७६।०७७ सालको निर्णय नं. ९५
पुनरावेदन नं. ९७–०७६-RB-००७३

**मुद्दाः– पूर्वादेश ।**

| | |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४, नख्खुमा कर्पोरेट कार्यालय रहेको एनसेल प्रा.लि. (स्थायी लेखा नं. ३००३२५६९४) को तर्फबाट अधिकार प्राप्त प्रमुख अधिकृत, रमेश घिमिरे र ऐ.को अधिकार प्राप्त कम्पनी सचिव निशिका शर्मा.......................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट.................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताहरू श्री कैलाश प्रसाद न्यौपाने
श्री महेश कुमार थापा,
श्री श्रद्धा भट्टराई, श्री आकृति खनाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट
शुरु कर्यालयको निर्णय मितिः—२०२७/०४/७६

आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौंले पुनरावेदक एनसेल प्रा.लि. ले माग गरेको पूर्वादेशको सम्बन्धमा मिति २०७६।०४।२७ मा गरेको निर्णय चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## <u>तथ्य खण्ड</u>

१. एनसेल प्रा.लि.ले दूरसंचार सेवा संचालनार्थ विभिन्न विदेशी उपकरण/सामान आपूर्तिकर्ता कम्पनीहरुबाट दूरसंचारका टावर तथा दूरसंचारका उपकरण/सामानहरु (बस्तु) आयात गर्दै आएको व्यहोरा अनुरोध गर्दछौं । यस्ता बस्तुहरु विभिन्न बैंक मार्फत एल.सी. (Letter of Credit) खोली विभिन्न भन्सार विन्दुहरुबाट भन्सार ऐन अनुसार लाग्ने कर तथा शुल्क भुक्तानी गरी आयात गरिन्छ । यसरी आयात गरिने बस्तुको भुक्तानी गर्दा भुक्तानी रकममा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने भन्ने विषयमा आपूर्तिकर्ताहरुले प्रश्न उठाई एल.सी. मार्फत भुक्तानी गरी आयात गरिने यस्ता सामानहरुको आपुर्तिमा कर कट्टिको प्रावधान लागू नहुने जिकिर गरेको र आयकर ऐनका दफा ८९ मा भएको व्यवस्था बमोजिम समेत विदेशबाट एल.सी. वा भुक्तानीका यस्तै प्रकृतिका माध्यमबाट गरिएको खरिदलाई स्पष्ट रुपमा करार भनी व्याख्या नगरेको परिप्रेक्षमा यस्ता विदेशी आपूर्तिकर्तालाई गरिने भुक्तानीमा कर कट्टिका सम्बन्धमा द्विविधा भएको र नेपाल आयकर ऐन, २०५८ को दफा ८८(१) ले सेवाको भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टि गर्नु पर्ने प्रावधान राखेको र यसमा बस्तुको खरिदका लागि कर कट्टिको प्रावधान लागू हुने व्यवस्था छैन । तर, दफा ८९(३)(क) बमोजिम ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीबाट ५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने प्रावधान रहेकोमा उक्त ऐनको दफा ८९मा प्रयुक्त "ठेक्का वा करार" भन्ने शब्दावलीलाई स्पष्टीकरणमार्फत परिभाषित गरेकोछ, जसअनुसार बस्तु आपूर्तिको सन्दर्भमा आपूर्ति गर्ने करार वा सम्झौतालाई बुझाउने र त्यस्तो करार वा सम्झौताले निर्माण वा जडान वा स्थापनासँग सम्बन्धित सेवा समेतलाई समेटेको भए सो सेवा वापतको भुक्तानी समेत करार अन्तर्गत भएको भुक्तानी मानिने व्यवस्था रहेको छ । दूरसंचार सेवा विस्तारको लागि आवश्यक पर्ने उपकरणहरु एल.सी. मार्फत एकैचोटी वा आवश्यकता अनुसार पटक–पटक आयात गरी ल्याउने भएको र त्यस्तो खरिदमा आपूर्तिकर्ताले जडान सम्बन्धी कार्य नगर्ने र ती बस्तुहरुको भुक्तानी केवल सामानको मूल्य मात्रै भएको कारणले यस्तो उपकरणहरु आयात गर्ने कार्य आयकर ऐन २०५८ को दफा ८९(३)(क) अन्तर्गतको "ठेक्का वा करार" मानिने देखिदैन । त्यसमाथि ती सामानहरु एउटै विक्रेताबाट निरन्तर खरिद गरिने पनि होइन, एउटा प्रकृतिको सामान एउटा विक्रेताबाट

एकै पटक मात्र खरिद हुने (One time Purchase, no recurrent) कारणले पनि यस्तो खरिदमा अग्रिम कर कट्टि गर्नुपर्ने अवस्था देखिदैन । तसर्थ यस्तो कारोबारमा ऐनको दफा ८९(३)(क) आकृष्ट हुदैन र सो भुक्तानीमा कर कट्टि गर्नुपर्ने देखिदैन ।

सोही सन्दर्भमा मिति २०६४।६।१० गते त्यसै विभागबाट श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागलाई च.नं. १८८४ मिति २०६४।३।१८ को पत्रको जवाफमा "नेपाल टेलिकम लगायत युनाइटेड टेलिकम लि.ले आफ्नो सेवा विस्तारको क्रममा वभिन्न टावरहरु तथा उपकरणहरु खरिद वापत भुक्तानी गर्दा लाग्ने TDS को दर सम्बन्धमा सोधनी भएको व्यहोरा पेश हुँदा सामानको मुल्यमा TDS गर्नुपर्ने देखिएन" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । त्यस विभागले उपरोक्त पत्राचारमार्फत स्पष्ट गरेको नेपाल टेलिकम र युनाइटेड टेलिकम लिमिटेडको कारोबार र यस निवेदनमार्फत पूर्वादेश माग गरेको निवेदक कम्पनीको कारोबार दुवैमा दूरसंचारसँग सम्बन्धित टावर वा उपकरणहरु खरिद गर्दा बस्तुको मूल्य वापत गरिने भुक्तानीमा कर कट्टि गर्नुपर्ने वा नपर्ने भन्ने रहेको र नेपाल टेलिकम तथा युनाइटेड टेलिकम लिमिटेडले गर्ने भुक्तानीमा त्यसै विभागको निर्णयले अग्रिम कर कट्टि गर्न नपर्ने व्यवस्था भैरहेकोले सोही बमोजिम यस निवेदकले विदेशी आपूर्तिकर्तालाई गर्ने बस्तुको मुल्य भुक्तानीमा अग्रिम कर कट्टि गर्न नपर्ने हाम्रो जिकिर रहेको हुँदा एल.सी. मार्फत भुक्तानी हुने गरी आपूर्ति गरिने बस्तुको खरिद मूल्यमा करकट्टि गर्नु नपर्ने स्पष्ट व्यवस्था सहितको पूर्वादेश तथा विभागबाट जारी भैसकेको हुँदा सोही अनुकूलको पूर्वादेश जारी गरीपाउँ भन्ने एनसेल प्रा.लि. ले आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

२. यसमा निवेदक करदाता एनसेल प्रा.लि. ले दूरसंचाल सेवा संचालनार्थ विदेशबाट दूरसंचारका टावर तथा उपकरण सामानहरु एल.सी.बाट आयात गर्दा आपूर्ति वापतको भुक्तानीमा गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८९(३(क) बमोजिम करकट्टी गर्नु नपर्ने पूर्वादेश माग गरेको विषयमा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको राय एवं विभागको आदेश तथा पोलिसी कोर ग्रुपमा भएको निर्णय समेतको आधारमा आयकर ऐन २०५८ को दफा ८९ को उपदफा(३) को खण्ड (क) बमोजिम कुनै वासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर वासिन्दा व्यक्तिलाई वायुयान मर्मत तथा अन्य ठेक्का वा करार वापतको भुक्तानीमा पाँच प्रतिशतले कर कट्टि गर्नुपर्ने व्यहोराको जानकारी एनसेललाई गराउने भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७६।४।२७ मा भएको पूर्वादेश सम्बन्धी निर्णय ।

३. पूर्वादेशको अर्थ द्विविधाको निराकरण हो । पुनरावेदक एनसेल प्रा.लि.ले दूरसंचार सेवा

संचालकको लागि विदेशबाट दूरसंचारका टावर तथा उपकरणहरु एल.सी.बाट आपूर्ति गर्दा आपूर्ति वापतको भुक्तानीमा वासिन्दा व्यक्तिले गैरवासिन्दा व्यक्तिलाई भुक्तानी गर्ने रकममा कर कट्टि गर्नुपर्ने वा नपर्ने सम्बन्धमा द्विविधि भएको र आयकर ऐन, २०५८ को दफा ८९ को स्पष्टिकरण र सोही ऐनको दफा ८९(३)(क) समेतको ठेक्का वा करार भन्ने शब्दावलीले समेट्न नसकेको हुँदा पुनरावेदक एनसेल प्रा.लि.ले विदेशी संस्थाहरुबाट एल.सी.मार्फत खरिद गरेका दूरसंचारका टावर तथा उपकरणको भुक्तानीमा अग्रिमकर कट्टि गर्नु नपर्ने विधायिकी मनसाय रहेको स्पष्ट हुँदा हुँदै नेपाल टेलिकम, युनाइटेड टेलिकम र यस्तै प्रकृतिका अन्य कम्पनीले यस्तै प्रकृतिको भुक्तानीमा आग्रिम कर कट्टि गर्नु नपर्ने र एनसेल प्रा.लि. ले मात्र कर कट्टि गर्नुपर्ने भनी भएको विभागको पूर्वादेश सम्बन्धी निर्णय कानूनको दृष्टिकोणमा असमान व्यवहार हुन गएको हुँदा आन्तरिक राजस्व विभागको मिति २०७६।४।२७ को निर्णय र सोही आधारमा जारी भएको मिति २०७६।५।१ को पूर्वादेश बदर उल्टी गरी पुनरावेदकले एल.सी. मार्फत विदेशबाट खरिद तथा आयात गर्ने दूरसंचारका टावर लगायतका अन्य उपकरणको भुक्तानीमा अग्रिमकर कट्टि गर्न नपर्ने गरी न्याय पाउँ भन्ने पुनरावेदक एनसेल प्रा.लि. को पुनरावेदन पत्र ।

४. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति ११/०९/२०७६ मा भएको आदेश ।

## ठहर खण्ड

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

६. पुनरावेदकको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताहरू श्री कैलाश प्रसाद न्यौपाने, श्री महेश कुमार थापा, श्री श्रद्धा भट्टराई, श्री आकृति खनालले पूर्वादेशको अर्थ द्विविधाको निराकरण हो । पुनरावेदक एनसेल प्रा.लि.ले दूरसंचार सेवा संचालकको लागि विदेशबाट दूरसंचारका टावर तथा उपकरणहरु एल.सी.बाट आपूर्ति गर्दा आपूर्ति वापतको भुक्तानीमा वासिन्दा व्यक्तिले गैरवासिन्दा व्यक्तिलाई भुक्तानी गर्ने रकममा कर कट्टि गर्नुपर्ने वा नपर्ने सम्बन्धमा द्विविधि भएको र आयकर ऐन, २०५८ को दफा ८९ को स्पष्टिकरण र सोही ऐनको दफा ८९(३)(क) समेतको ठेक्का वा करार भन्ने शब्दवलिले समेटन नसकेको हुँदा पुनरावेदक एनसेल प्रा.लि.ले विदेशी संस्थाहरुबाट प्रतितपत्र मार्फत खरिद गरेका दूरसंचारका टावर तथा उपकरणको भुक्तानीमा अग्रिमकर

कट्टि गर्नु नपर्ने विधायिकी मनसाय रहेको स्पष्ट हुँदा हुँदै नेपाल टेलिकम, युनाइटेड टेलिकम र यस्तै प्रकृतिका अन्य कम्पनीले यस्तै प्रकृतिको भुक्तानीमा आग्रिम कर कट्टि गर्नु नपर्ने र एनसेल प्रा.लि. ले मात्र कर कट्टि गर्नुपर्ने भनी भएको विभागको पूर्वादेश सम्बन्धी निर्णय कानूनको दृष्टिकोणमा असमान व्यवहार हुन गएको हुँदा आन्तरिक राजस्व विभागको मिति २०७६।४।२७ को निर्णय र सोही आधारमा जारी भएको मिति २०७६।५।१ को पूर्वादेश बदर उल्टी गरी पुनरावेदकले एल.सी. मार्फत विदेशबाट खरिद तथा आयात गर्ने दूरसंचारका टावर लगायतका अन्य उपकरणको भुक्तानीमा अग्रिमकर कट्टि गर्न नपर्ने गरी न्याय पाउँ भनी गर्नु भएको वहस समेत सुनियो।

७. प्रत्यार्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार वस्नेतले पुनरावेदक एनसेल प्रा. लि.ले दूरसंचार सेवा संचालनको लागि दूरसंचारका उपकरणहरु पैठारी गर्दा वासिन्दा व्यक्तीले गैरवासिन्दा व्यक्ति वा कम्पनीलाई भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्ने वा नपर्ने भन्ने सम्बन्धमा दुविधा भयो भनी राजस्व अनुसन्धान विभाग समक्ष पूर्वादेशको माग गरेको देखिन्छ। विभागवाट आयकर ऐन, २०५८ को दफा ८९ (३) (क) ले स्पष्ट रुपमा ठेक्का वा करारको माध्यमबाट वस्तु वा सेवा प्राप्तिको भुक्तानी गर्दा पाँच प्रतिशत करकट्टी गर्नुपर्ने भनी उल्लेख भएको र पुनरावेदक एनसेल प्रा.लि.ले पैठारी गरी ल्याएका दूरसंचारका उपकरणहरु सोही कानूनी व्यवस्था अन्तर्गत नै पर्ने हुंदा करकट्टी गर्नु पर्ने भनी भएको विभागको पूर्वादेश सम्बन्धी निर्णय कानून सम्मत छ। एल.सी.को माध्यमबाट पैठारी गरेको भन्ने आधारमा कर नै लाग्दैन भन्न मिल्दैन। एल.सी. भनेको बैंकले दिने ग्यारेण्टी सम्म हो। आन्तरिक राजस्व विभागबाट भएको पूर्वादेश सम्बन्धी मिति २०७६।४।२७ को निर्णय सदर हुनुपर्छ भनी गर्नु भएको वहस समेत सुनियो।

८. यसमा आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौंबाट मिति २०७६।४।२७ मा भएको पूर्वादेश सम्बन्धी निर्णय मिलेको छ वा छैन? पुनरावेदक एनसेल प्रा.लि.को पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय हुनुपर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदक एनसेल प्रा.लि. ले विदेश स्थित विभिन्न कम्पनीहरुबाट एल.सी.को माध्यमबाट पैठारी गरि ल्याएका दूरसंचारका उपकरणहरुको भुक्तानीमा वासिन्दा व्यक्तिले गैर वासिन्दा व्यक्ति वा निकायलाई भुक्तानी गर्नु पर्ने सामानको मूल्यमा अग्रिमकर कट्टी गर्नु पर्ने वा नपर्ने सम्बन्धमा दुविधा भएको हुंदा अग्रिमकर कट्टी

गर्नु नपर्ने गरी पूर्वादेश जारी गरी पाउँ भनी आन्तरिक राजस्व विभाग समक्ष दिएको निवेदन दावी र आन्तरिक राजस्व विभाग लाजिम्पाटले निवेदक करदाता एनसेल प्रा.लि. ले दूरसंचार सेवा संचालनार्थ विदेशबाट दूरसंचारका टावर तथा उपकरण सामानहरु एल.सी.बाट आयात गर्दा आपूर्ति वापतको भुक्तानीमा गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८९(३)(क) बमोजिम करकट्टी गर्नु नपर्ने पूर्वादेश माग गरेको विषयमा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको राय एवं विभागको आदेश तथा पोलिसी कोर ग्रुपमा भएको निर्णय समेतको आधारमा आयकर ऐन २०५८ को दफा ८९ को उपदफा(३) को खण्ड (क) बमोजिम कुनै वासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर वासिन्दा व्यक्तिलाई वायुयान मर्मत तथा अन्य ठेक्का वा करार वापतको भुक्तानीमा पाँच प्रतिशतले कर कट्टि गर्नुपर्ने व्यहोराको जानकारी एनसेललाई गराउने भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७६।४।२७ मा भएको पूर्वादेश सम्बन्धी निर्णयमा चित्त नबुझाई पूर्वादेशको अर्थ द्विविधाको निराकरण हो । पुनरावेदक एनसेल प्रा.लि.ले दूरसंचार सेवा संचालकको लागि विदेशबाट दूरसंचारका टावर तथा उपकरणहरु एल.सी.बाट आपूर्ति गर्दा आपूर्ति वापतको भुक्तानीमा वासिन्दा व्यक्तिले गैरवासिन्दा व्यक्तिलाई भुक्तानी गर्ने रकममा कर कट्टि गर्नुपर्ने वा नपर्ने सम्बन्धमा द्विविधि भएको र आयकर ऐन, २०५८ को दफा ८९ को स्पष्टिकरण र सोही ऐनको दफा ८९(३)(क) समेतको ठेक्का वा करार भन्ने शब्दवलिले समेटन नसकेको हुँदा पुनरावेदक एनसेल प्रा.लि.ले विदेशी संस्थाहरुबाट प्रतितपत्र मार्फत खरिद गरेका दूरसंचारका टावर तथा उपकरणको भुक्तानीमा अग्रिमकर कट्टि गर्नु नपर्ने विधायिकी मनसाय रहेको स्पष्ट हुँदा हुँदै नेपाल टेलिकम, युनाइटेड टेलिकम र यस्तै प्रकृतिका अन्य कम्पनीले यस्तै प्रकृतिको भुक्तानीमा आग्रिम कर कट्टि गर्नु नपर्ने र एनसेल प्रा.लि. ले मात्र कर कट्टि गर्नुपर्ने भनी भएको विभागको पूर्वादेश सम्बन्धी निर्णय कानूनको दृष्टिकोणमा असमान व्यवहार हुन गएको हुँदा आन्तरिक राजस्व विभागको मिति २०७६।४।२७ को निर्णय र सोही आधारमा जारी भएको मिति २०७६।५।१ को पूर्वादेश बदर उल्टी गरी पुनरावेदकले एल.सी. मार्फत विदेशबाट खरिद तथा आयात गर्ने दूरसंचारका टावर लगायतका अन्य उपकरणको भुक्तानीमा अग्रिमकर कट्टि गर्न नपर्ने गरी न्याय पाउँ भन्ने पुनरावेदन जिकिर सहित प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

१०. यसमा पुनरावेदक एनसेल प्रा.ली. ले आयकर ऐनमा भएको कानूनी व्यवस्थाले एल.सी. मार्फत विदेश स्थित कम्पनीबाट आयात गरिने दूरसंचारका उपकरणहरुको भुक्तानीमा वासिन्दा व्यक्तिले गैरवासिन्दा व्यक्ति वा कम्पनीलाई भुक्तानी गर्नु पर्ने वस्तुको मूल्यमा

अग्रिमकर लाग्ने नलाग्ने भनी स्पष्ट रुपमा नवोलिएको हुंदा दुविधा भयो भनी पूर्वादेश माग गरेको देखिन्छ। पुनरावेदकले दुविधा भयो भनी उठाएको प्रश्नको निराकरण गरी सोको कानून सम्मत आदेश जारी गर्ने कर्तव्य आयकर ऐनले आन्तरिक राजस्व विभागलाई प्रदान गरेको देखिन्छ।पुनरावेदक एनसेल प्रा.ली.ले पूर्वादेश माग गरेको विषय आयकर ऐन २०५८ को दफा ३) ८९)(क) मा वायुयान मर्मत तथा अन्य ठेक्का वा करार अन्तर्गत गैरवासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा पाँच प्रतिशत कर कट्टी गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्थाले समेटेको छैन। सोही दफाको स्पष्टीकरणले समेत ठेक्का वा करार अन्तर्गत नै पुनरावेदन एनसेल प्रा.ली. ले विदेशस्थित कम्पनी वा संस्थावाट एल.सी.को माध्यमबाट खरिद गरी ल्याएको दूरसंचारका टावर तथा उपकरणहरुको भुक्तानीमा वासिन्दा व्यक्तिले गैर वासिन्दा व्यक्ति वा कम्पनीलाई दायित्व वहन गराउन सुविधा दिनुको सट्टा दुविधा सिर्जना गर्नु सरह हुने हुन्छ। दुविधामा सुविधा दिनु राज्यको दायित्व हो । पुनरावेदक कम्पनीले दुविधा भयो भनी पूर्वादेश माग गरेको विषयमा आन्तरिक राजस्व विभाग प्रवेश नै नगरी आयकर ऐन,२०५८ को दफा ३) ८९)(क) को कानूनी व्यवस्थासम्म उल्लेख गरी कर लाग्ने भनी पुनरावेदक कम्पनीलाई जानकारी गराउने गरी भएको निर्णयमा के कारणले पूर्वादेश हुने हो वा नहुने हो भनि आधार कारण सहित निर्णय गर्नुपर्नेमा प्रस्तुत पूर्वादेश जारी गर्दा आफ्नो निर्णयलाई पुष्टि गर्ने कुनै आधार कारण खोलेको देखिदैन। एनसेल प्रा.ली. ले माग गरेको विषय यो यस कारणले ठेक्का वा करार हो भनी स्पष्टरुपमा बोल्न सकेको अवस्था पनि छैन। यसरी अनुमान र शंकाको भरमा करको दायित्व वहन गराउने गरी भएको पूर्वादेश सम्बन्धी आन्तरिक राजस्व विभागको निर्णय कानून सम्मत नदेखिदा कायम रहन सक्ने अवस्था देखिन आएन।

११. तसर्थ माथि विवेचित आधार कारण समेतवाट स्थायी लेखा नं ३०४३२५६९४ भएका पुनरावेदक करदाता एनसेल प्रा.लि. ले एल.सी. मार्फत भुक्तानी हुने गरी आपूर्ती गरेको वस्तुको मुल्यमा गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा अग्रिमकर कट्टी गर्नु पर्ने वा नपर्ने सम्बन्धमा पूर्वादेश माग गरेकोमा शुरु आन्तरिक राजस्व विभागबाट मिति २०७६।०४।२७ मा भएको निणयमा आयकर ऐन, २०५८ को दफा ३) ८९)(क) बमोजिम पाँच प्रतिशत ले कर कट्टी गर्नु पर्ने भनी पुनरावेदकले माग गरेको विवादित विषयमा वस्तुको आपूर्ती तथा ठेक्का वा करार हो वा होइन भनी स्पष्ट तवरमा नबोली कानूनको प्रावधान सम्म उल्लेख गरी निर्णय भएको देखिदा सो निर्णय मिलेको नदेखिदा बदर गरी दिएको छ। अब पुनरावेदकले निवेदन दिदा उठाएको विषयमा जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसलाको जानकारी पाएको एक महिना भित्र निर्णय गर्नु भनी मिसिल आन्तरिक राजस्व विभागमा पठाईदिनु। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिए बमोजिम सुरु आन्तरिक राजस्व विभागबाट मिति २०७६।०४।२७ मा भएको पूर्वादेश सम्बन्धी निर्णय मिलेको नदेखिदा बदर भई उक्त विवादित विषयमा जो जे बुझ्नु पर्छ बुझि प्रस्तुत फैसलाको जानकारी पाएको एक महिना भित्र निर्णय गर्नु भनी मिसिल आन्तरिक राजस्व विभागमा पठाउने ठहरी फैसला भएको हुंदा फैसलाको प्रतिलिपी सहित पुन निर्णयको लागी मिसिल आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौंमा पठाई दिनू ..........................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.................................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू...........................................................४

नरनाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल माघ महिना ९ गते रोज ५ शुभम......

राजस्व न्यायाधिकरण काठमाडौ
इजलास
माननीय अध्यक्ष श्री किशोर सिलवाल
राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
लेखा सदस्य श्री डम्बर बहादुर कार्की

## फैसला

२०७५।०७६ सालको निर्णय नं. ११९
पुनरावेदन नं. ९७–०७३-RB-००४५९

मुद्दाः– अग्रिम कर (२०६७/०६८) ।

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की.......१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अन्चन भट्टराई
**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः–२०७१/१०/२९
प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी
**निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग**
**निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा**
**निर्णय मितिः २०७३।३।८**

पुनरावेदक कम्पनीका हकमा **ठूला करदाता कार्यालय, ललितपुबाट** मिति २०७१।१०।२९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत चाउचाउ जंग फूड्स तथा जुस उत्पादन गरी विक्री वितरण गर्ने करदाता सी.जी. फुड्स (नेपाल) प्रा.लि.ले आ.व. २०६७/०६८ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ६,६३,६९,४९३।४० कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६८/०९/२८ मा आय विवरण पेश गरेको ।

२. सि.जि. फुड्स नेपाल प्रा.लि को आ.व. २०६७।०६८ को कारोबारको परिक्षणको सन्दर्भमा विज्ञापन खर्च अन्तर्गत **FM Release, Press Release, Tv, Release, Modeling Fee** घर बहाल खर्च, **Employee Benefit** अन्तर्गतको **Rewards** समेतमा अग्रिम कर कट्टि गर्नुपर्नेमा नगरेको, घरबहाल शिर्षकमा घटी दाखिला गरेको र अग्रिम कर कट्टि गरेको रकम समेत ढिला दाखिला गरेको देखिएको हुँदा करदाताबाट आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क, ११९(१) बमोजिमको व्याज समेत गरी १५,३१,३९८।– अग्रिम कर दाखिला गर्नुपर्ने र सो कर दाखिला गर्नु नपर्ने कुनै सबुत प्रमाण भए सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न करदातालाई सूचना दिने भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७१/९/०८ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/९/०८ मा जारी भएको सूचना करदाताले मिति २०७१/९/२४ मा बुझी लिएको ।

४. करदाताले मिति २०७१/९/२४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१/१०/५ मा पेश गरेको ।

५. करदाता कम्पनीको आ.व. २०६७।०६८ को कर परीक्षण गर्दा विज्ञापन खर्च अन्तर्गतको शिर्षकमा अग्रिम कर कट्टि नै नगरेको, घर बहाल शिर्षकमा घटी अग्रिम कर दाखिल गरेको कर्मचारीलाई **Employee Benefit** अन्तर्गत **Rewards** भनी वितरण गरेको

रकममा समेत २५ प्रतिशतले अग्रिम कर कट्टि गरी दाखिला गर्नुपर्ने र कर कट्टि गरेको अग्रिम कर समेत ढिला दाखिला गरेकोले सो रकममा १२०क को शुलक, ११९(१) को व्याज समेत गरी करदाताबाट रु. १५३१३९८।–अग्रिम कर दाखिला गर्न लगाउने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/१०/२९ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१/१०/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को अग्रिम कर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०१/०३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. आयकर ऐन, २०५८ को दफा ८८(१) र ८८(४) को कानूनी प्रावधान बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्त वा निकायलाई १५ प्रतिशत र मूल्य अभिवृद्धि करमा दर्ता भएकालाई १.५ प्रतिशत भुक्तानीका बखत अग्रिम कर कट्टि गर्न पर्नेमा करदाता कम्पनीले विज्ञापन खर्च टि.भी., एफ.एम र प्रेस रिलिज मूल्य अभिवृद्धि करमा दर्ता भएका र मोडलिङ्ग फि मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्तिबाट भएको देखिंदा क्रमश १.५ र १५ प्रतिशत अग्रिम कर लगाउने गरी भएको निर्णय कानून सम्मत देखिन्छ । आयकर ऐन २०५८ को दफा ८८.....(१)(५) को कानूनी व्यवस्था बमोजिम १० प्रतिशत घर भाडाको भुक्तानीमा कर कट्टि गर्नुपर्नेमा कर कट्टि गरिएको निर्यात तर्फको गोदाम भाडा मूल्य अभिवृद्धि कर विलबाट भुक्तानी भएको भन्ने जिकिर लिएपनि सोको सबुत प्रमाण पेश नभएको हुँदा अग्रिम कर कट्टि गनुपर्ने भनी कायम भएको कर निर्धारण कानून सम्मत रहेको । आयकर ऐन, २०५८ को दफा ८८क(१) बमोजिम कर्मचारीलाई प्रदान गरेको Insentive मा कर्मचारीको आयमा समावेश गरी अग्रिम कर कट्टि गर्नुपर्नेमा कम्पनीले नगरेको हुँदा २५ प्रतिशतका दरले अग्रिम कर कट्टि गरेको कानून सम्मत रहेको । साथै आयकर ऐन २०५८ को दफा ९०(२) बमोजिम कर कट्टि गरेको रकम करदाताले महिना समाप्त भएको २५ दिनभित्रमा दाखिला गरी सक्नु पर्नेमा दाखिला गरेको नदेखिंदा सो ऐनको दफा ११९(१) बमोजिम व्याज लगाउने गरी भएको कर निर्धारण कानून सम्मत रहेको भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/३/८ मा भएको निर्णय ।

८. निवेदकलाई गैर कानूनी रूपमा नलाग्नु पर्ने कर लगाइएको कारणबाट निवेदकलाई गम्भिर अन्याय परेको हुँदा विपक्षी कार्यालय तथा विभागको निर्णय बदर गरी थप कर दायित्वबाट उन्मुक्ति समेत पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७३/९/२७ मा दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०८/१२ मा भएको आदेश ।

ठहर खण्ड

१०. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र एवं प्राप्त शुरू मिसिल समेत अध्ययन गरियो ।

११. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले विक्री वितरण खर्च तर्फको विभिन्न माध्यमबाट विज्ञापन गर्दा गरेको खर्च मूल्य अभिवृद्धि करमा दर्ता भएका पार्टिहरुबाट भएको छ । विज्ञापन खर्चमा करकट्टि गर्नुपर्ने भन्ने आयकर ऐनमा बाध्यात्मक व्यवस्था नभएको हुँदा करकट्टि नगरेको हो । कम्पनीले २४४०००।- घरबहाल खर्च दावी गरी सोको नियमानुसार लाग्ने अग्रिम कर कट्टि गरी दाखिला समेत गरि सकेको छ । मूल्य अभिवृद्धि कर विलबाट भुक्तान भएको भन्सार कार्यालयको गोदाममा मालबस्तु रहे वापत रु. ८८७४८१।- खर्च लेखी सोको १० प्रतिशतले ८८७४८।- कर कट्टि गर्नुपर्नेमा रु. २४६८०।- मात्र दाखिल गरेको भनी बाँकी रु. ६४०६८।- र सोमा शुल्क तथा व्याज समेत लगाउने गरी भएको कर निर्धारण आदेश कानून प्रतिकूल छ । कर्मचारीहरुको मनोवल बढाउनको लागि प्रदान गरेको Employee Benefit अन्तर्गतको Rewand मा अग्रिम कर कट्टि गर्नुपर्ने होइन सोमा समेत कर कट्टि गर्नुपर्ने भनी भएको कर निर्धारण आदेश कानून प्रतिकूल छ । अग्रिम कर समेत दाखिला भइ सकेको अवस्थामा ढिला दाखिल गरेको भनी व्याज समेत लगाउने भनी भएको कर निर्धारण आदेश कानून प्रतिकूल हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले करदाता कम्पनीले विज्ञापन खर्च, घरभाडा, कर्मचारीहरुलाई प्रदान गरेको Incentive मा समेत अग्रिम कर कट्टि गर्नुपर्नेमा घटी गरेको र नगरेको हुँदा सोमा कर लगाउने र कर कट्टि रकम समयमा दाखिल नगरेको हुँदा सोमा व्याज समेत लगाउने गरी भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय हुनुपर्ने देखिन आयोः–

१४. FM Release, Press Release, Tv Release, Modeling Fee सम्बन्धमा पुनरावेदक करदाताले मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति तथा विज्ञापन एजेन्सीहरुलाई भुक्तानी गरेको हुँदा विज्ञापन खर्चमा अग्रिम कर कट्टि गर्नुनपर्ने भनी पुनरावेदनमा जिकिर लिएको देखिन्छ । सो जिकिरका सम्बन्धमा हेर्दा, आयकर ऐन २०५८ को दफा ८८(१) मा सेवा शुल्क भुक्तानी गर्नुपर्दा १५ प्रतिशतका दरले अग्रिम करकट्टि गर्नुपर्ने तर मूल्य अभिवृद्धि करमा दर्ता भएका सेवा प्रदायकलाई भुक्तानी गर्दा १.५ प्रतिशत र आयकरमा दर्ता नभएका सेवा प्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा १५ प्रतिशत अग्रिम करकट्टि गर्नुपर्ने कानूनी प्रावधान रहेको पाइन्छ । करदाताले सो कानूनी प्रावधानको प्रतिकूल अग्रिम कर कट्टि गरी दाखिल गर्नुपर्ने नै होइन भनी लिएको जिकिर कानून प्रतिकूल रहेको देखिन्छ । पुनरावेदकले सेवा शुल्क भुक्तानी गरेको FM Release, Press Release, Tv Release का विज्ञापन एजेन्सीहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका एजेन्सीहरुसँग भए गरेको देखिएको हुँदा निजहरुलाई भुक्तानी गरेको सेवा शुल्कमा १.५ प्रतिशत अग्रिम कर लाग्ने र Modeling Fee मूल्य अभिवृद्धि करमा दर्ता नभएका प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको देखिएको हुँदा सोमा १५ प्रतिशत अग्रिम कर कट्टि गर्नेगरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतबाट भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने अवस्था नै देखिएन ।

१५. करदाताले घरबहाल रकमको नियमानुसार लाग्ने अग्रिम कर कट्टि गरी दाखिल गरी सकेको र सामान निर्यात तर्फको गोदाम भाडा सामान निर्यात गर्ने क्रममा विभिन्न भन्सार कार्यालयहरुमा मूल्य अभिवृद्धि कर विलबाट नै भुक्तानी गरिएको हुँदा पुनः भुक्तानी गर्नुपर्ने होइन भनी पुनरावेदन पत्रमा जिकिर लिएको देखिन्छ । सो जिकिरका सम्बन्धमा हेर्दा, आयकर ऐन २०५८ को दफा ८८ को उपदफा १(५) मा बासिन्दा वयक्तिले नेपालमा श्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशत का दरले कर कट्टि गर्नुपर्ने कानूनी प्रावधान रहेको देखिन्छ । करदाताले सो कानूनी प्रावधान बमोजिम गोदाम भाडा निर्यात गर्दाका बखत नै विभिन्न भन्सार कार्यालयहरुमा मूल्य अभिवृद्धि कर विलबाट भुक्तानी गरेको भने पनि सोको आधिकारिक विल भरपाई पेश दाखिल गर्न सकेको अवस्था नै छैन । पुनरावेदन लेखलाई मात्र आधार मानी कर दाखिला भै सकेको भनी अनुमान गर्नु कानून प्रतिकुल समेत हुने हुँदा सो सम्बन्धमा भएको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने अवस्था नै यहाँ देखिन आएन ।

१६. Employ Benefit अन्तर्गतको Free Distribution शिर्षकमा करदाता कम्पनीले विक्रीको लक्ष्य पुरा गर्नको लागि कर्मचारीहरुलाई Incentive स्वरूप भुक्तानी गरिएको र सो रकम कर्मचारीहरूलाई मनोबल बढाउनका लागि प्रदान गरिएको हुँदा अग्रिम कर नलाग्नुपर्ने

भनी दावी गरेको पाइन्छ । यसरी करदाता कम्पनीले Free Distribution को नाममा कर्मचारीहरूलाई प्रदान गरेको Incentive मा अग्रिम कर कट्टि गर्नुपर्नेमा गरेको देखिंदैन। जुन कर्मचारीहरुले उपहार प्राप्त गरेको हुन उनीहरुको आफ्नो पारिश्रमिक आयमा समावेश गरेको समेत देखिदैन । केवल उपहारका नाममा प्रदान गरेको भन्ने आधारमा खर्चकट्टिको दावी गरेको कानूनसंगत रहेको अवस्था पनि देखिदैन । करदाता कम्पनी कानूनी व्यक्ति भएको र सो कानूनी व्यक्तिले समेत मौजुदा कानूनको परिपालना गर्नु अनिवार्य मानिन्छ । कानूनले निर्दिष्ट गरेको सिमासम्म मात्र करदाताले छुट पाउने र छुटको दावी गर्नसक्ने हुँदा सो भन्दा बाहिर गै खर्च कट्टिको दावी गर्न सक्ने अवस्था समेत यहाँ नदेखिंदा निःशुल्क उपहार शिर्षकमा भएको करदाताको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय समेतको निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था समेत देखिन आएन ।

१७. करदाताले पुनरावेदन पत्रमा आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्क नलाग्नु पर्ने भनि लिएको जिकिरको सम्बन्धमा हेर्दाः आयकर ऐन २०५८ को दफा ११९ को उपदफा (३) अनुसार अग्रिम कर कट्टि गरेको रकम वा अग्रिम कर कट्टि नगरेको भए पनि कट्टि गर्नु पर्ने समयमा सो कर कट्टि गरेको मानिने रकम भुक्तानी गर्नेले अग्रिम कर कट्टी वापतको रकम दाखिला नगरेमा व्याज लाग्ने देखिन्छ । सो ऐनको दफा ९० को उपदफा (८) मा उपदफा (१) वा (२) बमोजिम दाखिल गर्नु पर्ने विवरण वा कर दाखिला नगरेमा, उपदफा ५ को अवस्था रहेमा दफा ११९ दाखिला नगरेको वा घटी दाखिला गरेको रकमा दफा ११९ बोजिम व्याज दाखिला गर्न आदेश दिन सक्ने सम्मको कानूनी व्यवस्था रहेको पाइन्छ । कानूनमा भएको व्यवस्था विपरित अग्रिम कर कट्टि गर्नु पर्ने रकम नगरेमा वा कट्टि गर्न छुट भएमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको अवस्थामा दफा १२०(क) को शुल्क लगाउनु न्यायसँगत देखिंदैन । कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा ढिला दाखिला भयो वा घटी दाखिला भयो वा कर कट्टि भएन भन्ने आधारमा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन ।

१८. अतः स्थायी लेखा नं. **३०००१०२८२** भएका पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा.लि.** को आ.व. २०६७/०६८ को अग्रिम कर कट्टि रकम निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।१०।२९ को निर्णय र सोलाई

समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ को निर्णयमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा. लि..** को आ.व. २०६७/०६८ को अग्रिम कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।१०।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ को निर्णयमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू..................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू...........२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.....................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट

इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम......

राजस्व न्यायाधिकरण काठमाडौ
इजलास
माननीय अध्यक्ष श्री किशोर सिलवाल
राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
लेखा सदस्य श्री डम्बर बहादुर कार्की

# फैसला

२०७५।०७६ सालको निर्णय नं. १२१
पुनरावेदन नं. ९७-०७३-RB-००४६०

मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८) ।

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की...............१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................. १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट....................................................१ | प्रत्यर्थी |

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अन्चन भट्टराई
**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः–२०७१/१०/२९

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी
**निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग**
**निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा**
**निर्णय मितिः २०७३।३।८**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र परी आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत चाउचाउ जंग फूड्स तथा जुस उत्पादन गरी विक्री वितरण गर्ने करदाता सी.जी. फुड्स नेपाल प्रा.लि.को आ.व. २०६७/०६८ को कारोबारको कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मू.अ.कर तर्फ प्रतिवेदनमा उल्लेख भए अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम उक्त अवधिका लागि कर रू. १६४३८३३।-, जरिवाना रू. ८२६९५१।-, थप दस्तुर रू. ६०८०३३।- तथा व्याज रू. ९१२१८४।- गरी जम्मा रू. ३९९१००१।- को प्रारम्भिक कर निर्धारण आदेश भएको हुँदा उक्त आदेशानुसारको कर दाखिल गर्नु नपर्ने कुनै आधार प्रमाण भए सबुत प्रमाण सहित जवाफ पेश गर्न करदातालाई १५ दिनको सूचना गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७१/९/८ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/९/८ मा जारी भएको सूचना करदाताले मिति २०७१/९/१४ मा बुझी लिएको ।

३. करदाताले मिति २०७१/९/१४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१/१०/५ मा पेश गरेको ।

४. प्रचलित ऐन नियम एवं विभागीय परिपत्र तथा करदाताबाट मिति २०७१।१०।५ मा पेश भएको जवाफ तथा जिकिरलाई समेत विश्लेषण गरी उपरोक्तानुसार मू.अ.कर रु. १६४३८३३।-, जरिवाना रु. ८२६९५१।- एवं कम्प्यूटर प्रणालीबाट गणना भई आउने मू.अ.कर ऐन, २०५२ को दफा १९(२) अनुसार लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने व्याज समेत कर निर्धारण हुने ठहर गरिदिए । सोही बमोजिम मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७१/१०/२९ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१/१०/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०१/०३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. विक्री फिर्ता रकमको के कति अन्तःशुल्क हो, उक्त अन्तःशुल्क रकमले आय विवरण तर्फको विक्री र मू.अ.कर तर्फको विक्रीमा के कसरी के कति फरक परेको भन्ने स्पष्ट विवरण पेश नगरेको हुँदा आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. ३९५८१।-घटी विक्री देखाएको प्रमाणित हुने, फ्यूचर इन्जिनियरिङ्ग कन्सर्नसँग गरेको कारोबार प्रमाणित हुने कुनै सबुत प्रमाण पेश दाखिल हुन नसकेको अवस्थामा खरिद दावी र विजकबाट जारी गरेको मू.अ.कर क्रेडिट नपाउने । करदाताले नेपाल बाहिर दर्ता नभएको **Thai Preserved Foods Factory Ltd.** बाट सेवा लिई उक्त कम्पनीलाई रोयल्टी सेवा वापतको भुक्तानीका बखत मू.अ.कर ऐन २०५२ को दफा ८(२) बमामेजिम कर निर्धारण गरी असुल गरेको नदेखिंदा कर निर्धारण आदेश सदर हुने । व्यवसायिक प्रयोजनका लागि निर्धारण गरिने भवन लगायतका संरचना निर्माण मू.अ.करमा दर्ता भएको, नभएको वा आफैले.........बनाएको भए पनि मू.अ.कर ऐन २०५२ को दफा ८(३) आकर्षित हुने हुँदा सोही बमोजिम निर्धारण भएको कर निर्धारण आदेश सदर हुने । आवश्यक तथ्य प्रमाणको अभाव कम्पनीहरुले गलत रकम उल्लेख गरी **Mismatch** भएको भन्ने जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय ।

७. कम्पनीले वास्तविक खरिदको रितपूर्वकको खरिदबाट प्राप्त विलबाट क्रेडिट दावी गरी कानूनतः मू.अ.कर दाखिला गरेको र आयतर्फ लाग्ने कर समेत दाखिला गरिसकेको हुँदा कम्पनीले नपाउने क्रेडिट दावी नगरेको व्यहोरा अनुरोध गर्दै उक्त खरिदबाट क्रेडिट दावीलाई विक्रीमा मू.अ.कर संकलन गरेको र आय तर्फ समेत करयोग्य आय गणना गरी लाग्ने कर दाखिला गरिसकेको अवस्था हुँदा हुँदै बुझ्नु पर्ने प्रमाण नबुझी श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट गरिएको अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी भएको विपक्षी आन्तरिक राजस्व विभागको निर्णय बदर गरी कानून विपरित लगाइएको कर, जरिवाना, थप दस्तुर र व्याज समेत निर्धारण गरिएको नमिलेको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७३/०९/२७ मा यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदन पत्र ।

८. **यसमा** मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु **भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०८/१२ मा भएको आदेश ।**

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले आय विवरणमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत समावेश भएको हुँदा रकममा फरक परेको हो । मूल्य अभिवृद्धि कर विवरणमा घटी विक्री देखाएको होइन । फ्यूचर्स इन्जिनियरिङ्गसँग भएको कारोबारको प्रमाण र विजक समेत दाखिला भएको अवस्थामा मूल्य अभिवृद्धि कर क्रेडिट नपाउने भन्ने निर्णय गलत छ । रोयल्टीमा मूल्य अभिवृद्धि कर लगाउनु पर्दछ भन्ने आदेश गैर कानूनी छ । कम्पनीहरुले कारोबारको रकम गल्ती उल्लेख गरी दिएको कारणबाट मिसम्याच हुन गएको हो । पेश भएको विवरण यथार्थ हुँदा थप मूल्य अभिवृद्धिकर दाखिल गर्नुपर्ने समेत होइन भनी गर्नुभएको बहस समेत सुनियो ।

११. त्यसैगरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले करदाता कम्पनीले आय विवरणमा भन्दा मूल्य अभिवृद्धिकर विवरणमा घटी विक्री देखाएको छन् । फ्यूचर इन्जिनियरिङ्ग कन्सर्नसँग कारोबार भएको भन्ने स्पष्ट सबुत प्रमाण पेश दाखिल हुन नसकेको अवस्थामा मूल्य अभिवृद्धि कर क्रेडिट दावी गलत छ । मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(२) बमोजिम रोयल्टीमा समेत मूल्य अभिवृद्धि कर लाग्नेमा सो बमोजिम भएको कर निर्धारण ओदश कानून सम्मत छ । भवन लगायतका स्थायी संरचना नर्मिाणमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) आकर्षित हुने हुँदा कर निर्धारण भएको हो । के कति कारणले कारोबार गर्ने कम्प्नीहरुले गलत विवरण उल्लेख गरे भन्ने सबुत प्रमाण पेश भएको अवस्था नहुँदा सो तर्फको दावी नपुग्ने ठहर गरी करकार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

१२. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून

व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा अव शुरु कार्यालयको निर्णय मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर अनुसार हुनुपर्ने हो वा होइन ? भन्ने तर्फ निर्क्योलमा पुग्नु पर्ने देखिन्छ । सो सम्बन्धमा निम्न बमोजिम हुने देखिन आयोः-

१३. करदाता कम्पनीले दाखिल गरेको आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. ३९५८१।- घटी विक्री देखाएको भनी सो रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को २०(१) अनुसार रु. ५१४६।- कर निर्धारण आदेश भएको देखिन्छ । आय विवरण र मूल्य अभिवृद्धि कर विवरणमा के कसरी फरक पर्न गएको हो भन्ने जवाफमा करदाताले सामान फिर्ता हुँदा अन्तःशुल्क फिर्ता नहुने हुँदा फरक पर्न गएको हो र वास्तविक विक्रीमा कुनै फरक परेको छैन भनी उल्लेख गरेको देखिन्छ । तर पुनरावेदकले दावी गरे बमोजिम वास्तविक विक्रीमा कुनै फरक नपरेको भन्ने सबुत प्रमाण पुनरावेदक करदाताबाट पेश दाखिल हुन सकेको देखिदैन । विना सबुत प्रमाणाको पुनरावेदन जिकिरका भरमा मात्र कर कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा भन्न सकिने अवस्था नहुँदा कर कार्यालय र विभाग समेतबाट मूल्य अभिवृद्धि कर तर्फ घटी विक्री देखाइएको रकममा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१४. करदाता कम्पनीले फ्यूचर इन्जिनियरिङ्ग कन्सर्नसँग भएको कारोबारको मूल्य अभिवृद्धि कर कट्टि गर्न पाउनु पर्दछ भनी पुनरावेदनमा जिकिर लिएको देखिन्छ । सो जिकिरका सम्बन्धमा करदाता कम्पनीको सो फ्यूचर इन्जिनियरिङ्ग कन्सर्नसँग मिति २०६७।७।७ मा विल नं. ३४ र मिति २०६८।३।१२ को विल नं. १९२ का सम्बन्धमा विभागको सूचना प्रणाली EIMS मा अपलोड गरी हेर्दा सो कम्पनी Suspicious Pan मा देखिएको अवस्था छ । उक्त करदातासँगको कारोबारको लेजर तथा विजकहरु हेर्दा विभागबाट अनुसन्धानलाई विल नं. ३४ झुठ्ठा तथा बनावटी ठहर भई सो सम्बन्धमा मूल्य अभिवृद्धि कर निर्धारण आदेश भैसकेको भनी कर निर्धारण आदेशमा उल्लेख भएको अवस्था देखिन्छ । पहिलो विल नं. ४२ शंकास्पद रहेको भनी कारोबार बनावटी देखिइसकेको अवस्थामा सो पछि भएको करदाता कम्पनीको सो करदातासँगको कारोबारलाई वास्तविक मान्न मिल्ने अवस्था नै देखिदैन । कारोबर सही र ययार्थ हो भन्ने सबुत प्रमाण करदाता कम्पनीबाट पेश दाखिल हुन सकेको अवस्था पनि छैन । पुनरावेदन जिकिरका भरमा मात्र कर निर्धारण आदेशलाई अन्यथा हो भन्न सकिने अवस्था नै देखिएन ।

१५. करदाता कम्पनीले Future Engineering Concern लगायतका कम्पनीहरुसँग कारोबार

नै नगरी नक्कली कृतिम कारोबार गरेको देखाई कर दायित्व घटाई कर छली गरेको भनी कर निर्धारण भएको आदेश गैरकानूनी छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दाः हाम्रो देशमा स्वयंकर निर्धारण प्रणालीको अवलम्बन भएको र यसको मूल मर्म भनेको करदाताले आफ्नो कर आफै निर्धारण गर्न पाउने प्रणाली "स्वयम कर निर्धारण प्रणाली" हो । यसमा करदाताले आफ्नो कारोबारको सत्यता आफै प्रमाणित गर्नुपर्ने र आफूले आफ्नो सम्बन्धमा गरेको कर निर्धारण कारोबारको सत्यतामा र प्रमाणमा आधारित हुनु पर्ने भन्ने मान्यता रहेको हुन्छ ।आफ्नो कर निर्धारणको सम्बन्धमा इमान्दार रहेको देखाउनु करदाताकै दायित्वको बिषय हो । पुनराबेदकले आफूले गरेको कारोबारको सत्यता प्रमाणित गर्न तत्सम्बन्धी बिलबिजक पेश गरेर मात्र हुदैन, बिल बमोजिमको मालवस्तु वा सेवाको आपूर्ति प्रमाणित हुनुपर्छ र सेवाको आपूर्तिले मात्रपनि कारोबारको शंकारहित अवस्थालाई स्थापित गर्न सक्दैन ।त्यसका लागि खरिद गरेको मालवस्तुको कारोबार मूल्य वा सेवाको मूल्यको भुक्तानी प्रमाणित हुनुपर्छ। अर्को शब्दमा बिलबिजक, आपूर्ति र भुक्तानीको प्रमाणिकता रुपी त्रिबेणीको पवित्र संगमले मात्र कारोबार वा सेवाको सत्यता प्रमाणित हुन्छ । जहाँ यी तीनमध्ये कुनै एकको अभावमा दाबी गरिएको कारोबार वा सेवाको सत्यताले वैधानिक मान्यता पाउन सक्दैन।

प्रस्तुत मुद्दामा Future Engineering Concern लगायतका कम्पनीहरु दर्तावाला कम्पनी भएको र निज कम्पनीहरूबाट जारी भएको विल विजक सही हुन भने पुनरावेदकले लेखाउन र देखाउन सकेको अवस्था पनि छैन । प्रोपराइटर वा धनिको स्वीकृति बिना एकाको बिल अर्कोले काटेको देखिनु वा विल विजक अनाधिकृत रुपमा प्रयोग गरेको देखिनु बस्तु वा सेवाको आपूर्ति नगरी नक्कली बिलको प्रयोगको आधारमा कारोबार भएको प्रमाणित हुनु हो ।अनाधिकृत रुपमा जारी गरिएका बिल बिजकहरु नक्कली मानिन्छन र त्यसप्रकारका बिलबिजकहरुलाई आधार मानेर गरिएको आयकर कट्टीको दाबी कानुनतः मान्य हुन सक्दैन । यसप्रकार पुनराबेदकले आयकर कट्टीको दाबी गरेका बिलबिजकहरुको प्रकृति **खरीदका** बिल अनुसारको वस्तु वा सेवाको आपूर्ति र विल अनुसारको रकमको भुक्तानीको प्रमाणिकता हुनसक्ने अवस्थाको कारोबार सक्कली मानिन्छ, वस्तु वा सेवाको आपूर्ति र भुक्तानी प्रमाणित हुन नसकेको अवस्थामा जारी भएको बिल सक्कली भएपनि त्यसबाट हुने कारोबार नक्कली हुन जान्छ । स्वयम कर निर्धारण पद्धतिको मूल मान्यता एवम आयकर कानुन र मूल्यअभिबृद्धि कर कानुनको आँखामा नक्कली बिलको आधारमा भएको कारोबार मात्र नक्कली कारोबार हुने होइन, बिलको प्रकृति सक्कली तर आपूर्ति र भुक्तानी प्रमाणित हुन नसकेको अवस्थाको कारोबारपनि नक्कली हुन जान्छ । कारोबार नक्कली बनाटी हुनुमा अनुगमन र नियगमनको दृष्टिबाट कर प्रशासन र आपूर्ति

प्रमाणिकताको दृष्टिबाट पुनरावेदक केता जानकार हुनुपर्ने हुन्छ । यहाँ दुवै पक्ष चुकेका देखिन्छ । कर प्रशासनको समुचित अनुगमन मूल्यांकनको अभावमा कारोबार नै नगरेका अन्य उपभोक्ताहरु नक्कली विलमा सजायभागीदार हुने हुँदा कर प्रशासन सजक हुनुपर्ने र जारी विल अनुसारकै सामान आपूर्ति भएकै हो भनी देखाउने भार पुनरावेदक मा नै रहने हुन्छ । यो र त्योको बहानामा करदाताले उन्मुक्ति पाउन सक्ने अवस्था नै हुँदैन । यसरी सर्वस्वीकार्य मान्यता छ कि कानून भन्दा कोही पनि माथि हुँदैन । कानून राज्यको पनि अभिभावक हो । कानून विपरित भएका कार्यहरुले वैधानिकता प्राप्त गर्न नसक्ने हुँदा पुनरावेदक कम्पनीले जारी गरेको विल विजकहरु नक्कली देखिन आएको हुँदा सो नक्कली विल विजकलाई मान्यता दिनु गैर कानूनी हुने हुँदा खर्च कट्टिको दावी नपुग्ने गरी शुरु कर कार्यालय र विभागबाट भएको निर्णयलाई अन्यथा मान्न मिलेन ।

१६. पुनरावेदक करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., बाट उसको ब्राण्ड प्रयोग गरे वापत तिरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण भएको कर निर्धारण आदेश गैरकानूनी छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, ऐनको दफा ८(२) मा "नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मुल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिला हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । त्यसैगरी सोही ऐनको दफा ५ मा नेपाल भित्र आपूर्ति/आयात भएका बस्तु वा सेवा नेपाल बाहिर निर्यात गरिएको बस्तु वा सेवाको कर लाग्ने मूल्यमा मात्र मूल्य अभिवृद्धि कर लाग्ने भनी स्पष्ट रुपमा उल्लेख भएको र करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., थाइल्याण्डलाई भुक्तानी गरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर लाग्ने होइन करदाता कम्पनीले बस्तु वा सेवाको उपभोग नै नगरेको र सो कम्पनीको ब्राण्ड मात्र प्रयोग गरेको हो, ब्राण्ड प्रयोग गरे वापत मूल्य अभिवृद्धि कर लगाइनु गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको र सोही करदाता कम्पनीका उद्योग पति विनोद चौधरीको आत्मा कथाको पृष्ठ १२५ मा निजले Thai Preserved Foods Factory Ltd., को ब्राण्डको प्रयोग गरेको नभै ब्राण्ड नै खरिद गरेको भनी उल्लेख गरेको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा प्रमाण ऐन २०३१ को दफा ७(ग) मा "कुनै घटना वा मानिसहरुका आचरण वा काम कारोबारको सामान्यक्रम विचार गर्दा तर्कसँगत रुपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भनी उल्लेख भएको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा सहि हो भनी अदालतले अनुमान गरी प्रमाणको रूपमा स्वीकारी सो

आधारमा करदाता कम्पनीले बुझाएको रोयल्टीमा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेश नमिलेकोले बदर गरिदिएको छ । अब सो सम्बन्धमा आवश्यक छानविन जाँचबुझ गरी कर निर्धारण गर्नु भनी मिसिल कर कार्यालयमा पठाइदिनु पर्ने देखिन आयो ।

१७. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको, भवन लगायत स्थायी संरचना निर्माणमा दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१८. करदाता कम्पनी तथा रचना एण्ड ट्रेडर्स र संयुक्त स्टोर्स एण्ड सप्लायर्सका विचमा भएको विक्री कारोबारमा रु. ४१६७९२।- घटी विक्री देखाएको र डालिमिया प्रिन्ट एण्ड प्याकेजिङ्ग उद्योग प्रा.लि. सँगको खरिद कारोबारमा रु. ६१२६०।- बढी खरिद देखाएको भन्ने Mismatch रिपोर्टको आधारमा नमिलेको भनी उल्लेखित रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको देखिन्छ । तर मिसम्याचका सम्बन्धमा अर्को करदाताको अभिलेख पुनरावेदकको अभिलेखसँग भिडाई दुईमध्ये कुन करदाताको कारणबाट घटी विक्री र बढी खरिद हुन गएको भन्ने सम्बन्धमा कुनै अनुसन्धान तथा छानविन भएको देखिंदैन । पुनरावेदक करदाताले ती पार्टीहरुले अनुसूची १३ मा गल्तीले बढी र घटी उल्लेख गरिदिएको कारण मिसम्याच हुन गएको हो । करदाताले देखाएको विवरण यकिन छ भनी जिकिर लिएको देखिएतापनि सो सम्बन्धमा मिसम्याच हुनुपर्ने कारण के हुन सक्दछन् भनी कुनै किसिमको छानविन भएको अवस्था नै देखिंदैन । निर्णयमा मिसम्याच भएको भनेर मात्र पुग्दैन सो प्रमाणित हुने बस्तुनिष्ठ सबुत प्रमाणबाट प्रमाणित

भएको भनी देखाउन सक्नुपर्ने हुन्छ । अन्यथा विना आधार कर निर्धारण गरिनु मनोगत हुन जान्छ । न्याय प्रमाणमा आधारित हुन्छ, प्रमाणले समर्थन वा खण्डित गरेको अवस्था छ, छैन भन्ने सम्बन्धमा न्यायको रोहमा अनिवार्य रुपमा हेर्नुपर्ने विषय हो । खरिद विक्री कारोबारको मिसम्याच कर अधिकृतको लागि छानविन अनुसन्धान गर्ने आधार भएपनि करदाताले पेश गरेको प्रमाण एवं जिकिरको विश्लेषण नै नगरी थप मूल्य अभिवृद्धि कर निर्धारण आदेशसँग सहमत हुन सकिएन ।

१९. अतः स्थायी लेखा नं. **३०००१०२८२** भएका पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा.लि.** को आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।१०।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ मा भएको निर्णय Mismatch तर्फ खरिद एवं विक्री कारोबारमा फरक परेको रकममा मू.अ.कर निर्धारण गरेको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । त्यसै गरी **Thai Preserved Foods Factory Ltd.,** थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा. लि.** को आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।१०।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ मा भएको निर्णय Mismatch तर्फ खरिद एवं विक्री कारोबारमा फरक परेको रकममा मू.अ.कर निर्धारण गरेको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू...........................................................१

Thai Preserved Foods Factory Ltd., थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर हुने ठहरी फैसला भएको हुँदा सो सम्बन्धमा अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी  फैसलाको प्रतिलिपी सहित मिसिल शुरू कार्यालयमा पठाइदिनू.......२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू..........................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट
इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १२२
पुनरावेदन नं. ९७–०७३-RB-००४६१

मुद्दाः– आयकर (२०६८/०६९) ।

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की...............१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................. १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अन्चन भट्टराई
**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः–२०७२/३/३१

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी
**निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग**
**निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा**
**निर्णय मितिः २०७३।३।८**

पुनरावेदक कम्पनीका हकमा **ठूला करदाता कार्यालय, ललितपुबाट** मिति २०७२।३।३१ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत चाउचाउ जंग फूड्स तथा जुस उत्पादन गरी बिक्री वितरण गर्ने करदाता सी.जी. फुड्स (नेपाल) प्रा.लि.ले आ.व. २०६८/०६९ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ४,२४,०६,२४८।- कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६९/०९/११ मा आय विवरण पेश गरेको ।

२. उक्त आ.व. को लागि यस कार्यालयबाट कर परीक्षणको क्रममा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको कर लेखापरीक्षणको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताको आ.व. २०६८।०६९ को सम्बन्धमा आयकर ऐन २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐन को दफा १०१ (१) बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय रू. १०,७४,१४,१९८।- कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७२/१/२६ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/१/२६ मा जारी भएको सूचना करदाताले मिति २०७२/२/२२ मा बुझी लिएको ।

४. करदाताले मिति २०७२/२/२२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७२/३/४ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०६८/०६९ को लागि निम्न अनुसार संशोधित करयोग्य

आय रू. १०,७४,१४,१९८।- कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गर्ने गरी सोही ऐनको दफा १०२ बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/३/३१ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/०३/३१ मा जारी गरेको आ.व. २०६८/०६९ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०५/३० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. करदाताले आ.व. २०५७।०५८ मा थप स्थिर जेथामा लगानी गरेको १३,४८,१७,७९८।–को ४० प्रतिशत खुद आयबाट कट्टा पाउँने सुविधा नदिने कार्यालयको निर्णय सर्वोच्चको मिति २०६७।९।११ को आदेश र उद्योग विभागको २०६८।९।२७ को पत्रानुसार सुविधा दिने गरी कर निर्धारण गर्ने, आवश्यक तथ्य प्रमाणको अभावमा करदाताले शेर्पा स्टोर्स र पि एफ पि सप्लायर्सलाई विक्री गरेको रकम विजक तथा खाता अनुसार नै रहेकोमा सो क्रेताले अन्यथा उल्लेख गरी दिएको कारण रु. २,७१,३६९।–फरक पर्न गएको भन्ने पुनरावेदकको जिकिर मनासिव देखिएन । सम्पत्ति प्राप्त गर्दा तिरेको व्याज रु. २३,२६,५४४।–लाई पूजिकृत गर्नुपर्नेमा पूजिकृत नगरी खर्च दावी गरेको कानून सम्मत देखिएन । चाउचाउको MRP भित्र भारतमा पर्ने भन्सार ट्रान्सपोर्ट तथा अन्य खर्चहरु समावेश भएको देखिएको र सो खर्चहरु निकासिकर्ताले व्यहोर्नेमा सो खर्च सम्बन्धमा निकासिकर्ता र खरिदकर्ताका विचमा कुनै ठोस आधार प्रमाण पेश भएको नदेखिएको हुँदा जिकिर नपुग्ने ठहर्छ । उत्पादन खर्च मध्ये रु. २,९९,९९७।–को खर्च पुष्टि हुने कागज प्रमाण पेश नभएकोले खर्च कट्टि नपाउने । वासलातको अनुसूची १५ मा स्वदेश तर्फको विक्री वितरण खर्च अन्तर्गत रु. १४,०५,८५५।२१ खर्च भएको भन्ने पुष्टि गर्ने प्रमाण कागजको अभावमा खर्च कट्टिको दावी नपुग्ने, करदाताले व्यवसाय संचालन गर्न विभिन्न बैंकहरुबाट ऋण लिएको र सो ऋणको व्याज खर्च कट्टि दावी गरेको छ भने अर्कोतर्फ Casual Advance संचालकलाई दिएको रकम व्यवसायसँग सम्बन्धित नै नदेखिएको अवस्था हुँदा आयकर ऐन २०५८ को दफा १३(ग) तथा दफा १४ बमोजिम व्याज खर्च कट्टि गर्न मिल्दैन । हिमशिखर इन्टरप्राइजेजको कारोबार शंकास्पद रहेको भनी सबुत प्रमाणको अभावमा रु. ४८,६७३।–लाई आयमा समावेश नगर्ने । विज्ञापन खर्च, घरबहाल खर्च मा अग्रिम कर कट्टि Employee Benefits, TDS Payable का सम्बन्धमा कार्यालयबाट भएको निर्णय कानून सम्मत रहेको भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/३/८ मा भएको निर्णय ।

८. निवेदकलाई गैर कानूनी रूपमा नलाग्नु पर्ने कर लगाइएको कारणबाट निवेदकलाई गम्भिर अन्याय परेको हुँदा विपक्षी कार्यालय तथा विभागको निर्णय बदर गरी थप कर दायित्वबाट उन्मुक्ति समेत पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७३/९/२७ मा दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०८/१२ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

१०. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र एवं प्राप्त शुरू मिसिल समेत अध्ययन गरियो ।

११. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले कम्पनीले कम्पनीको आधिकारिक विक्रेता शेर्पा स्टोर्स र पि एण्ड पि. लाई विक्रि गरेको रकम विजक अनुसार नै रहेकोमा ती विक्रेताहरुको गल्तीले रकम फरक पर्न गएको सम्म हो । कम्पनीले पेश गरेको विवरण ठिक साचो हुँदा रु. २,७१,३६९।- लाई आयमा समावेश गर्नुपर्ने होइन । कम्पनीले स्थिर जेथा निर्माण गर्न तथा खरिद गर्न कुनै बैंक तथा वित्तिय संस्थाबाट ऋण नै लिएको छैन । लिएको T/R Loan लाई स्थिर जेथा निर्माण तथा खरिदमा प्रयोग नै नभएको अवस्थामा दफा १४ बमोजिम T/R Loan मा तिरेको व्याज सोही वर्षमा कट्टि गर्न पाउने प्रावधान विपरित आयमा समावेश गरेको मिलेको छैन । कम्पनीले उत्पादन गरेको चाउचाउको खुद्रा विक्री मूल्य निर्धारण गर्दा सो देशसम्म पुर्याउने भन्सार, ट्रान्सपोर्ट तथा अन्य खर्चहरु समेत समावेश गरी मूल्य कायम गरेको हुन्छ । सो सम्पूर्ण खर्च कम्पनीकै मानिनेमा सो खर्च अमान्य गर्ने गरी भएको कर निर्धारण आदेश गलत छ । कम्पनीले देखाएको उत्पादन खर्च बढी भयो भनी विना आधार प्रमाण खर्च अमान्य गर्ने कार्य भएको छ । वितरण खर्च शिर्षक अन्तर्गत विविध खर्च शिर्षकमा भएको खर्चको विल भरपाई र प्रमाण दाखिला गर्दा समेत खर्च अमान्य गर्ने कार्य भएको छ । Casual Advance को व्याज खर्च र हिमशिखर इन्टरप्राइजेजको विल शंकास्पद रहेको भनी खर्च अमान्य गरेको कर निर्धारण आदेश बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो ।

१२. त्यसैगरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल

कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले कम्पनी र आधिकारिक विक्रेताको विक्री वितरण नै फरक भएको हुँदा सो फरक रकमलाई आयमा समावेश गरेको हो । स्थिर जेथा खरिद तथा निर्माणमा ऋण रकम प्रयोग भएको छैन भनी व्याज खर्च कट्टि पाउनु पर्ने भन्ने जिकिर कानून सम्मत छैन । कम्पनीले देखाएको उत्पादन खर्च भन्दा बढी खर्च देखाएकोले खर्च अमान्य गरेको हो । शंकास्पद विल विजक दाखिला गरी कम्पनीले करछली गर्ने कार्य भएको हुँदा कर कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय हुनुपर्ने देखिन आयोः–

१४. करदाता कम्पनी र शेर्पा स्टोर्स तथा पि.एण्ड पि. सप्लायर्स विचमा भएको रु २७१३६८।९९ घटी विक्री देखाएको भन्ने Mismatch Report का आधारमा नमिलेको भनी उल्लिखित रकममा कर, निर्धारण गरेको देखिन्छ । तर Mismatch का सम्बन्धमा अर्को करदाताको अभिलेख पुनराबेदकको अभिलेख सँग भिडाई दुइमध्ये कुन करदाताको खर्च दाबी ठिक र कुन करदाताको बेठिक भन्ने सम्बन्धमा कुनै अनुसन्धान तथा बिबेचना भएको देखिदैन । पुनरावेदक करदाताले खरीदकर्तालाई क्रेडिट नोट जारी गरेको भनि जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा Mismatch हुन पर्ने कारण के हुन भन्ने तर्फ कुनै किसिमको छानविन भएको पाइदैन । निर्णयमा Mismatch भएको भनेर मात्र हुदैन। अनुसन्धान भएको देखिने वस्तुनिष्ठ आधार हुनु वा देखाउनु पर्छ । अन्यथा विना आधार खर्च अमान्य गर्नु वा आय कायम गर्नु मनोगत निर्णय हुन जान्छ । न्याय प्रमाणमा आधारित हुन्छ ।प्रमाणले समर्थन वा खण्डन गरेको अवस्था छ छैन भन्ने सम्बन्धमा न्यायको रोहमा अनिवार्य रुपमा हेर्नुपर्ने बिषय हो । खरीद विक्री एवं आसामी साहु कारोबारको मिसम्याच कर अधिकृतका लागि छानविन अनुसन्धान गर्ने आधार भए पनि करदाताले पेश गरेका प्रमाण एवं जिकिरको विश्लेषण नगरी आय कायम गरी कर निर्धारण गरेको निर्णयसँग सहमत हुन सकिएन ।

१५. करदाताले वासलातमा विरेन्द कनोडिया लगायतका व्यक्ति तथा निकायलाई Casual Advance को रूपमा दिएको रकम रु. १७९३५८२०।५३ आय आर्जनसँग सम्बन्धित नदेखिएको र Capital Wip मा रहेको रू. २०७८३५८२।६३ ऋण स्रोतबाट प्राप्त रकम उपयोग भएको देखिंदा सो रकमको हदसम्मको औषत व्याजदर १३.४५ प्रतिशतले हुने

रकम क्रमशः रु. २४१२३६८।- र रू. २३२५५४४।-  व्याज खर्च कट्टी अमान्य गरी कर निर्धारण गरेको सम्बन्धमा हेर्दाः आयकर ऐन, २०५८ को दफा १४(१) मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएका सोही वर्ष प्रयोग भएको वा सो वर्षमा प्रयोग गरिएको कुनै सम्पत्ति खरीद गर्न प्रयोग भएको कर्जाको व्याज खर्च कट्टी गर्न पाउने व्यवस्था रहेको देखिन्छ । यस सम्बन्धमा पुनरावेदकले TR Loan एवं Overdraft जस्ता चालुपूजीको रुपमा प्रयोग गर्न मात्र कर्जा लिएको छ । यी कर्जाबाट कच्चा पदार्थ तथा यस्तै अन्य सामान खरिद गर्न मात्र उपयोग गरेको भनी जिकिर लिएको देखिन्छ । Casual Advance  का सम्बन्धमा वीरेन्द्र कनौडिया विच महालक्ष्मी सुगर मिल्स लि. को शेयर किनबेचको लागि भुक्तानी गरिएको र नीजले शेयर हस्तान्तरण नगरेको हुँदा पाटन उच्च अदालतमा मुद्दा समेत रहेको भन्ने जिकिर समेत लिएको पाइन्छ । पुनरावेदक करदाताले लिएका उक्त जिकिर सम्बन्धमा शुरु निर्णयकर्ता एवं प्रशासकिय पुनरावलोकन तहबाट छानविन एवं विश्लेषण भएको भन्ने देखिदैन । चालु पुँजीको रुपमा लिएका कर्जा रकम कच्चा पदार्थ खरिदमा मात्र प्रयोग भएको छ भने कर्जाको रकम Advance र स्थिर सम्पत्ति खरिदमा प्रयोग भएको भनी व्याज खर्च कट्टि अमान्य गर्न मिल्ने नदेखिंदा शुरु तथा प्रशासकिय तहबाट भएका निर्णय बदर हुने ठहर्छ।

१६. Distribution cost अन्तर्गतको For Expert तर्फको खर्चको दावीका सम्बन्धमा करदाता कम्पनीले भारतमा समेत आफ्नो कम्पनीले उत्पादन गरेको चाउचाउ पठाउदा चाउचाउको मूल्य भित्र नै भारतमा पर्ने भन्सार, ट्रान्सपोर्ट तथा अन्य खर्चहरु पनि समावेश हुने भनी सो खर्चको दावी गरेको देखिन्छ । करदाता कम्पनीले उत्पादन गरेको चाउचाउ भारतमा पठाउँदा भारतमा लाग्ने भन्सार लगायतका खर्च समेत करदाता कम्पनीको नै हुने भए सो पुष्टि गर्न करदाता र क्रेताका विचमा आधिकारिक सम्झौता पत्र भएको भनी दाखिल गर्न सकेको अवस्था भने यहाँ देखिदैन । भारत तर्फको भन्सार महसूल तिर्ने दायित्व समेत खरिदकर्ताको नै हुने र अन्य व्यक्तिको खर्चलाई समेत करदाताकै खर्च मानी व्यवसाय कारोबारसँग सम्बन्धित रहेको भनी खर्च कट्टि गर्नु कानून प्रतिकूल हुने हुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालयको निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था देखिन आएन ।

१७. करदाता कम्पनीले आ.व. २०६८।०६९ को सम्पूर्ण उत्पादन खर्च रु. ३९,०९,२९,१२९।- भएको भनी खर्च कट्टिको दावी गरेको देखिन्छ । कर कार्यालयबाट सो कम्पनीको उत्पादन खर्चका सम्बन्धमा छानविन हुँदा जम्मा खर्च रु. ३९,०६,२९,१३२।- देखाई रु. २,९९,९९७।- बढी खर्च देखाएको पाइन्छ ।

करदाताले देखाएको खर्च नै बास्तविक र यथार्थ हो भन्ने सबुत प्रमाण विल भरपाई करदाता कम्पनीबाट पेश हुन सकेको अवस्था यहाँ देखिदैन । केवल दावी जिकिरको भरमा मात्र कर निर्धारण आदेश अन्यथा हो भन्न सकिने अवस्था नहुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय र विभाग समेतको निर्णयलाई अन्यथा मान्नु पर्ने देखिन आएन ।

१८. करदाता कम्पनीले आ.व. २०६८।०६९ को वितरण खर्च शिर्षकमा विविध खर्च भएको भनी रु. १४,०५,८५५।२१ खर्च कट्टिको दावी गरेको देखिन्छ । सो खर्चको समबन्धमा कर कार्यालयबाट छानविन हुँदा सोको पुष्ट्याई हुने सबुत प्रमाण करदाताबाट पेश हुन सकेको अवस्था नै देखिदैन । करदाताले दावी गरेको खर्च बास्तविक हो भन्ने बास्तविक र यथार्थ सबुत प्रमाण विल भरपाई करदाता कम्पनीबाट पेश हुन सकेको अवस्था यहाँ देखिदैन । सोसँग सम्बन्धित विल भरपाई पेश गर्न पुनरावेदकलाई यस न्यायाधिकरणबाट मौका प्रदान हुँदा समेत निजबाट सो खर्चसँग सम्बन्धित बिल भरपाई पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । केवल दावी जिकिरको भरमा मात्र कर निर्धारण आदेश अन्यथा हो भन्न सकिने अवस्था नहुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय र विभाग समेतको निर्णयलाई अन्यथा मान्नु पर्ने देखिन आएन ।

१९. Suspicious स्थायी लेखा नं. ३०००१०८५१ का करदाता हिमशिखर इन्टरनेशनल र स्थायी लेखा नं. ३००४२४०८९ का करदाता शिवम सप्लायर्स नामका २ वटा कम्पनी सूचना विभागको EIMS बाट पान Mismatch Report बाट Suspicious Pan मा देखिन आएका हुन् । ती कम्पनीबाट पुनरावेदक करदाताले विल नं. ८०८ र १५४१ क्रमशः मिति २०६८।१०।७ र २०६९।३।२२ मा टायर खरिद गरेको देखिन्छ । शंकास्पद देखिएका सो कम्पनीबाट करदाताले खरिद गरेको टायरको आधिकारिकता प्रमाणित गर्ने सबुत प्रमाण करदाताले पेश दाखिला गर्न नसकेको भनी रु. ४८,६७२।५६ खर्च मिनाहाको दावी अमान्य गरेको गैर कानूनी छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, करदाता कम्पनीले टायर खरिद गरिएका ती कम्पनीबाट जारी भएको भ्याटविल शंकास्पद हुन होइनन् भनी छानविन गर्ने अधिकार करदाता कम्पनीमा रहने अवस्था नै होइन । सामान खरिद गरेपछि नियमानुसार भुक्तानी समेत गरेको पुनरावेदकले ती कम्पनी आधिकारिक हुन होइनन् भनी सबुत प्रमाणबाट पुष्टि गर्न सक्ने अवस्था पनि रहदैन । कानूनी रुपमा अख्तियार प्राप्त निकायबाट छानविन गरी शंकास्पद देखिएमा सजायको भागीदार बनाउनु पर्नेमा करदाताले सबुत प्रमाण पेश दाखिल गर्न नसकेको भनी खर्च कट्टिको दावी अमान्य गरेको कर कार्यालय र विभाग समेतको निर्णय कानून सम्मत देखिन आएन ।

२०. करदाताले पुनरावेदन पत्रमा आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्क नलाग्नु पर्ने भनि लिएको जिकिरको सम्बन्धमा हेर्दाः आयकर ऐन २०५८ को दफा ११९ को उपदफा ९३० अनुसार अग्रिम कर कट्टि गरेको रकम वा अग्रिम कर कट्टि नगरेको भए पनि कट्टि गर्नु पर्ने समयमा सो कर कट्टि गरेको मानिने रकम भुक्तानी गर्नेले अग्रिम कर कट्टी वापतको रकम दाखिला नगरेमा व्याज लाग्ने देखिन्छ । ऐनको दफा ९०(८) मा दाखिला गर्नु पर्ने अग्रिम कर कट्टि रकमको विवरण वा कर दाखिला नगरेको अवस्थामा दाखिला नगरेको र घटी दाखिला गरेको रकम र सो रकममा दफा ११९ बमोजिम व्याज मात्र लाग्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कानूनमा भएको व्यवस्था विपरित अग्रिम कर कट्टि गर्नु पर्ने रकम नगरेमा वा कट्टि गर्न छुट भएमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको अवस्थामा दफा १२०(क) को शुल्क लगाउनु न्यायसँगत देखिंदैन । कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०९क० अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० ९क० मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा **ढिला दाखिला भयो भन्ने आधारमा** शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन ।

२१. अतः स्थायी लेखा नं. **३०००१०२८२** भएका पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा.लि.** को आ.व. २०६७/०६८ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।०३।३१ मा भएको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णयमा Mismatch तर्फ खरिद र विक्री कारोबारमा फरक परेको रकम आय कायम गरेको र Suspicious करदाताबाट खरिद गरेको भनी खर्च कट्टि अमान्य गरेको र अग्रिम करकट्टी तर्फ दफा १२०(क) को शुल्क लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । त्यसै गरी विरेन्द्र कनोडिया समेतलाई Advance दिएको, संचालक सापटी दिएको र निर्माणधिन भवनमा भएको खर्च कर्जा रकमबाट दिएको भनी सोको हुने व्याज रकम खर्च कट्टी अमान्य गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर गरी दिएको छ । अब सो सम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।

## <u>तपसिल</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा.लि.** को आ.व. २०६७/०६८ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट

मिति २०७२।०३।३१ मा भएको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णयमा Mismatch तर्फ खरिद र विक्री कारोबारमा फरक परेको रकम आय कायम गरेको र Suspicious करदाताबाट खरिद गरेको भनी खर्च कट्टि अमान्य गरेको र अग्रिम करकट्टी तर्फ दफा १२०(क) को शुल्क लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू...........................................१

विरेन्द्र कनौडियालाई एवं संचालकलाई Advance दिएको, संचालक सापटी दिएको र निर्माणधिन भवनमा भएको खर्च कर्जा रकमबाट दिएको भनी सोको हुने, व्याज रकम खर्च कट्टी अमान्य गरेको निर्णय मिलेको नदेखिंदा सो हदसम्म बदर हुने ठहरी फैसला भएको हुँदा अब सो सम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी पुनः निर्णय गर्नु भनी फैसलाको प्रतिलिपी सहित मिसिल शुरू कार्यालयमा पठाइदिनू...........................................२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू...........३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.....................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट

इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १२३
पुनरावेदन नं. ९७–०७३-RB-००४६२

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६८/०६९) ।**

ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की..............१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत अन्चन भट्टराई
**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः–२०७२/३/३१

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**
निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा
निर्णय मितिः २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र परी आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत चाउचाउ जंग फूड्स तथा जुस उत्पादन गरी वक्री वितरण गर्ने करदाता सी.जी. फुड्स नेपाल प्रा.लि.को आ.व. २०६८/०६९ को कारोबारको कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मू.अ.कर तर्फ प्रतिवेदनमा उल्लेख भए अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम उक्त अवधिका लागि कर रू. ९,०५,०९४।-, जरिवाना रू. ७,००,२५६।-, थप दस्तुर रू. २,५६,०३५।- तथा व्याज रू. ३,९५,१९४।- गरी जम्मा रू. २२,५६,५७९।- को प्रारम्भिक कर निर्धारण आदेश भएको हुँदा उक्त आदेशानुसारको कर दाखिल गर्नु नपर्ने कुनै आधार प्रमाण भए सबुत प्रमाण सहित जवाफ पेश गर्न करदातालाई १५ दिनको सूचना गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७२/१/२६ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/१/२६ मा जारी भएको सूचना करदाताले मिति २०७२/२/२२ मा बुझी लिएको ।

३. करदाताले मिति २०७२/२/२२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७२/३/४ मा पेश गरेको ।

४. प्रचलित ऐन नियम एवं विभागीय परिपत्र तथा करदाताबाट मिति २०७२।३।२ मा पेश भएको जवाफ तथा जिकिरलाई समेत विश्लेषण गरी उपरोक्तानुसार मू.अ.कर रु. ९,०५,०९४।–, जरिवाना रु. ७,००,२५६।–, थप दस्तुर रू. २,५६,०३५।- र व्याज रू. ३,९५,१९४।- समेत गरी जम्मा रू. २२,५६,५७९।- करदाताबाट कर असुल गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७२/३/३१ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/३/३१ मा जारी गरेको आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि

मिति २०७२/०५/३० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले नेपाल बाहिर दर्ता नभएको **Thai Preserved Foods Factory Ltd.** बाट सेवा लिई उक्त कम्पनीलाई रोयल्टी सेवा वापतको भुक्तानीका बखत मू.अ.कर ऐन २०५२ को दफा ८(२) बमामेजिम कर निर्धारण गरी असुल गरेको नदेखिंदा कर निर्धारण आदेश सदर हुने । हिमशिखर इन्टरनेशनलसँग गरेको कारोबार प्रमाणित हुने कुनै सबुत प्रमाण पेश दाखिल हुन नसकेको अवस्थामा खरिद दावी र विजकबाट जारी गरेको मू.अ.कर क्रेडिट नपाउने । विक्री फिर्ता रकमको के कति अन्तःशुल्क हो, उक्त अन्तःशुल्क रकमले आय विवरण तर्फको विक्री र मू.अ.कर तर्फको विक्रीमा के कसरी के कति फरक परेको भन्ने स्पष्ट विवरण पेश नगरेको हुँदा आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. १,१६,३२१।– घटी वित्रफी देखाएको प्रमाणित हुने, व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने भवन लगायतका संरचना निर्माण मू.अ.करमा दर्ता भएको, नभएको वा आफैले बनाएको भए पनि मू.अ.कर ऐन २०५२ को दफा ८(३) आकर्षित हुने हुँदा सोही बमोजिम निर्धारण भएको कर निर्धारण आदेश सदर हुने। आवश्यक तथ्य प्रमाणको अभावमा प्रविण ट्रेड कन्सर्न समेतले क्रेडिट नोटको रकम खातामा समायोजन नगरेको कारण फरक परेको भन्ने जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय ।

७. कम्पनीले वास्तविक खरिदको रितपूर्वकको खरिदबाट प्राप्त विलबाट क्रेडिट दावी गरी कानूनतः मू.अ.कर दाखिला गरेको र आयतर्फ लाग्ने कर समेत दाखिला गरिसकेको हुँदा कम्पनीले नपाउने क्रेडिट दावी नगरेको व्यहोरा अनुरोध गर्दै उक्त खरिदबाट क्रेडिट दावीलाई विक्रीमा मू.अ.कर संकलन गरेको र आय तर्फ समेत करयोग्य आय गणना गरी लाग्ने कर दाखिला गरिसकेको अवस्था हुँदा हुँदै बुझ्नु पर्ने प्रमाण नबुझी श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट गरिएको अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी भएको विपक्षी आन्तरिक राजस्व विभागको निर्णय बदर गरी कानून विपरित लगाइएको कर, जरिवाना, थप दस्तुर र व्याज समेत निर्धारण गरिएको नमिलेको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७३/०९/२७ मा यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०८/१२ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले आय विवरणमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत समावेश भएको हुँदा रकममा फरक परेको हो । मूल्य अभिवृद्धि कर विवरणमा घटी विक्री देखाएको होइन । हिमशिखर इन्टरनेशनलसँग भएको कारोबारको प्रमाण र विजक समेत दाखिला भएको अवस्थामा मूल्य अभिवृद्धि कर क्रेडिट नपाउने भन्ने निर्णय गलत छ । रोयल्टीमा मूल्य अभिवृद्धि कर लगाउनु पर्दछ भन्ने आदेश गैर कानूनी छ । कम्पनीहरुले क्रेडित नोटको रकम खातामा उललेख गरी नदिएको कारणबाट मू.अ.कर फरक पर्न गएको हो । पेश भएको विवरण यथार्थ हुँदा थप मूल्य अभिवृद्धिकर दाखिल गर्नुपर्ने समेत होइन भनी गर्नुभएको बहस समेत सुनियो ।

११. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले करदाता कम्पनीले आय विवरणमा भन्दा मूल्य अभिवृद्धिकर विवरणमा घटी विक्री देखाएको छन् । हिमशिखर इन्टरनेशनलसँग कारोबार भएको भन्ने स्पष्ट सबुत प्रमाण पेश दाखिल हुन नसकेको अवस्थामा मूल्य अभिवृद्धि कर क्रेडिट दावी गलत छ । मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(२) बमोजिम रोयल्टीमा समेत मूल्य अभिवृद्धि कर लाग्नेमा सो बमोजिम भएको कर निर्धारण ओदश कानून सम्मत छ । भवन लगायतका स्थायी संरचना नर्मिाणमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) आकर्षित हुने हुँदा कर निर्धारण भएको हो । के कति कारणले कारोबार गर्ने कम्पनीहरुले गलत विवरण उल्लेख गरे भन्ने सबुत प्रमाण पेश भएको अवस्था नहुँदा सो तर्फको दावी नपुग्ने ठहर गरी करकार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

१२. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा अव शुरु कार्यालयको निर्णय मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर अनुसार हुनेपर्ने हो वा होइन ? भन्ने तर्फ निर्क्योलमा पुग्नु पर्ने देखिन्छ । सो सम्बन्धमा निम्न बमोजिम हुने देखिन आयोः-

१३. पुनरावेदक करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., बाट उसको ब्राण्ड प्रयोग गरे वापत तिरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण भएको कर निर्धारण आदेश गैरकानूनी छ भन्ने

पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, ऐनको दफा ८(२) मा “नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मुल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिला हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ” भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । त्यसैगरी सोही ऐनको दफा ५ मा नेपाल भित्र आपूर्ति/आयात भएका बस्तु वा सेवा नेपाल बाहिर निर्यात गरिएको बस्तु वा सेवाको कर लाग्ने मूल्यमा मात्र मूल्य अभिवृद्धि कर लाग्ने भनी स्पष्ट रुपमा उल्लेख भएको र करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., थाइल्याण्डलाई भुक्तानी गरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर लाग्ने होइन करदाता कम्पनीले बस्तु वा सेवाको उपभोग नै नगरेको र सो कम्पनीको ब्राण्ड मात्र प्रयोग गरेको हो, ब्राण्ड प्रयोग गरे वापत मूल्य अभिवृद्धि कर लगाइनु गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको र सोही करदाता कम्पनीका उद्योग पति विनोद चौधरीको आत्मा कथाको पृष्ठ १२५ मा निजले Thai Preserved Foods Factory Ltd., को ब्राण्डको प्रयोग गरेको नभै ब्राण्ड नै खरिद गरेको भनी उल्लेख गरेको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा प्रमाण ऐन २०३१ को दफा ७(ग) मा “कुनै घटना वा मानिसहरुका आचरण वा काम कारोबारको सामान्यक्रम विचार गर्दा तर्कसँगत रुपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ” भनी उल्लेख भएको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा सहि हो भनी अदालतले अनुमान गर्नु पर्ने हुँदा करदाता कम्पनीले बुझाएको रोयल्टीमा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेश मिलेको नदेखिंदा बदर गरिदिएको छ अब सो सम्बन्धमा आवश्यक छानविन जाँचबुझ गरी कर निर्धारण गर्नु भनी मिसिल कर कार्यालयमा पठाइदिनु पर्ने देखिन आयो ।

१४. Suspicious स्थायी लेखा नं. ३०००१०८५१ का करदाता हिमशिखर इन्टरनेशनल र स्थायी लेखा नं. ३००४२४०८९ का करदाता शिवम सप्लायर्स नामका २ वटा कम्पनी विभागको सूचना प्रणाली EIMS बाट पान Mismatch Report बाट Suspicious Pan मा देखिन आएका हुन् । ती कम्पनीबाट पुनरावेदक करदाताले विल नं. ८०८ र १५४१ क्रमशः मिति २०६८।१०।७ र २०६९।३।२२ मा टायर खरिद गरेको देखिन्छ । शंकास्पद देखिएका सो कम्पनीबाट करदाताले खरिद गरेको टायरको आधिकारिकता प्रमाणित गर्ने सबुत प्रमाण करदाताले पेश दाखिला गर्न नसकेको भनी रु. ४८,६७२।५६ खर्च मिनाहाको दावी अमान्य गरेको गैर कानूनी छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, करदाता कम्पनीले टायर खरिद गरिएका ती कम्पनीबाट जारी भएको भ्याटविल शंकास्पद हुन होइनन् भनी छानविन गर्ने अधिकार करदाता कम्पनीमा रहने अवस्था नै होइन । सामान खरिद गरेपछि नियमानुसार भुक्तानी समेत गरेको

पुनरावेदकले ती कम्पनी आधिकारिक हुन होइनन् भनी सबुत प्रमाणबाट पुष्टि गर्न सक्ने अवस्था पनि रहदैन । कानूनी रुपमा अख्तियार प्राप्त निकायबाट छानविन गरी शंकास्पद देखिएमा सजायको भागीदार बनाउनु पर्नेमा करदाताले सबुत प्रमाण पेश दाखिल गर्न नसकेको खरीद अमान्य गरी खरीदमा तिरेको कर कट्टि दावी अमान्य गरेको ठूला करदाता कार्यालय र विभाग समेतको निर्णय कानून सम्मत देखिन आएन ।

१५. करदाता कम्पनीले दाखिल गरेको आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. ६३६१६००।- घटी विक्री देखाएको भनी सो रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को २०(१) अनुसार रु. ११६३२१।- कर निर्धारण आदेश भएको देखिन्छ । आय विवरण र मूल्य अभिवृद्धि कर विवरणमा के कसरी फरक पर्न गएको हो भन्ने जवाफमा करदाताले सामान फिर्ता हुँदा अन्तः शुल्क फिर्ता नहुने हुँदा फरक पर्न गएको हो र वास्तविक विक्रीमा कुनै फरक परेको छैन भनी उल्लेख गरेको देखिन्छ । वास्तविक विक्रीमा कुनै फरक नपरेको भन्ने सबुत प्रमाण करदाताबाट पेश दाखिल हुन सकेको देखिदैन । पुनरावेदन जिकिरका भरमा मात्र कर कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा भन्न सकिने अवस्था नहुँदा कर कार्यालय र विभाग समेतबाट मूल्य अभिवृद्धि कर तर्फ घटी विक्री देखाइएको रकममा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१६. करदाता कम्पनी र शेर्पा स्टोर्स तथा पि.एण्ड पि. सप्लायर्स विचमा भएको रु २७१३६८।९९ घटी विक्री देखाएको सो रकमलाई थप विक्री कायम गरी सो को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू. ३५२७७।९६ Mismatch Report का आधारमा नमिलेको भनी उल्लिखित रकममा कर, निर्धारण गरेको देखिन्छ । तर Mismatch का सम्बन्धमा अर्को करदाताको अभिलेख पुनराबेदकको अभिलेख सँग भिडाई दुइमध्ये कुन करदाताको खर्च दाबी ठिक र कुन करदाताको बेठिक भन्ने सम्बन्धमा कुनै अनुसन्धान तथा बिबेचना भएको देखिदैन । पुनरावेदक करदाताले खरीदकर्तालाई क्रेडिट नोट जारी गरेको भनि जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा Mismatch हुन पर्ने कारण के हुन भन्ने तर्फ कुनै किसिमको छानविन भएको पाइदैन । निर्णयमा Mismatch भएको भनेर मात्र हुदैन । अनुसन्धान भएको देखिने वस्तुनिष्ठ आधार हुनु वा देखाउनु पर्छ । अन्यथा विना आधार खर्च अमान्य गर्नु वा आय कायम गर्नु मनोगत निर्णय हुन जान्छ । न्याय प्रमाणमा आधारित हुन्छ । प्रमाणले समर्थन वा खण्डन गरेको अवस्था छ छैन भन्ने सम्बन्धमा न्यायको रोहमा अनिवार्य रुपमा हेर्नुपर्ने बिषय हो। खरीद विक्री एवं आसामी साहु कारोबारको मिसम्याच कर अधिकृतका लागि छानविन अनुसन्धान गर्ने आधार भए पनि करदाताले पेश गरेका प्रमाण एवं जिकिरको विश्लेषण नगरी आय कायम गरी कर निर्धारण गरेको निर्णयसँग सहमत हुन सकिएन ।

१७. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको भवन लगायतका स्थायी संरचना निर्माणमा दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१८. अतः स्थायी लेखा नं. **३०००१०२८२** भएका पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा.लि..** को आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।३।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ को निर्णयमा Mismatch तर्फ खरिद र बिक्री कारोबारको फरक परेको रकममा मू.अ.कर लगाएको र Suspicious करदाताबाट खरिद गरेको भनी करकट्टी अमान्य गरेको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । त्यसै गरी Thai Preserved Foods Factory Ltd., थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर गरी दिएको छ। अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता **सी.जी. फुड्स नेपाल प्रा. लि..** को आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला

करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।३।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ को निर्णयमा Mismatch तर्फ खरिद र विक्री कारोबारको फरक परेको रकममा मू.अ.कर लगाएको र Suspicious करदाताबाट खरिद गरेको भनी करकट्टी अमान्य गरेको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू......१

Thai Preserved Foods Factory Ltd., थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर हुने ठहरी फैसला भएको हुँदा अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी फैसलाको प्रतिलिपी सहित मिसिल शुरू कार्यालयमा पठाइदिने............................२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू............३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.....................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट

इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम.................

**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १२५
पुनरावेदन नं. ९७-०७३-RB-००४६४

मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६९/०७०) ।

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की..............१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................. १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ | प्रत्यर्थी |

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजीरः ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः—२०२७/५/७२

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी
निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा
निर्णय मितिः २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा १)६) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र परी आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत करदाता सी.जी. फुड्स नेपाल प्रा.लि.को आ.व. २०६९/०७० को लागि मूल्य अभिवृद्धि कर तर्फको कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर र व्याज समेत गणना गरी करदाताबाट असुल उपर गर्ने गरी करदाताबाट असुल उपर गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०१०/५/७२ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०१०/५/७२ मा जारी भएको सूचना करदाताले मिति २०११/५/७२ मा बुझी लिएको ।

३. करदाताले मिति २०११/५/७२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०२५/५/७२ मा पेश गरेको ।

४. मिति २०७२।५।१० मा जारी भएको प्रारम्भिकर कर निर्धारण बमोजिम थप दस्तुर र व्याज थप गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गरी सो कर करदाताबाट असुल गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०२७/५/७२ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०२७/५/७२ मा जारी गरेको आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०२९/०७/७२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले नेपाल बाहिर दर्ता नभएको **Thai Preserved Foods Factory Ltd.** बाट सेवा लिई उक्त कम्पनीलाई रोयल्टी सेवा वापतको भुक्तानीका बखत मू.अ.कर ऐन २०५२ को दफा ८(२) बमामेजिम कर निर्धारण गरी असुल गरेको नदेखिंदा कर निर्धारण आदेश सदर हुने । व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने भवन लगायतका संरचना निर्माण मू.अ.करमा दर्ता भएको, नभएको वा आफैले बनाएको भए पनि मू.अ.कर ऐन २०५२ को दफा ८(३) आकर्षित हुने हुँदा सोही बमोजिम निर्धारण भएको कर निर्धारण आदेश सदर हुने । विक्री फिर्ता रकमको के कति अन्तःशुल्क हो, उक्त

अन्तःशुल्क रकमले आय विवरण तर्फको विक्री र मू.अ.कर तर्फको विक्रीमा के कसरी के कति फरक परेको भन्ने स्पष्ट विवरण पेश नगरेको हुँदा आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. १०९४४।– घटी वित्रफी देखाएको प्रमाणित हुने, प्रविण ट्रेडर्स कन्सर्न समेतसँग गरेको कारोबार प्रमाणित हुने कुनै सबुत प्रमाण पेश दाखिल हुन नसकेको अवस्थामा रकम फकर परेको अंकमा मू.अ.कर र जरिवाना लगाउने आदेश अन्यथा देखिएन भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय ।

७. निवेदकलाई गैर कानूनी रूपमा नलाग्नु पर्ने कर लगाइएको कारणबाट निवेदकलाई गम्भिर अन्याय परेको हुँदा विपक्षी कार्यालयको उक्त निर्णय तथा सोही निर्णयलाई सदर गर्ने गरी भएको विपक्षी आन्तरिक राजस्व विभागको निर्णय बदर गरी थप कर दायित्वबाट उन्मुक्ति दिलाई समेत पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०२७/०९/७३ मा यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति १२/०८/२०७५ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd. को ब्राण्ड प्रयोग गरे वापत इजाजत शुल्कको रोयल्टी तिरेको हो । सो कम्पनीले करदातालाई कुनै प्रकारको सेवा प्रदान गरेको छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा सेवा प्राप्त गर्दा मात्र आकर्षित हुनेमा रोयल्टीको सम्बन्धमा यो दफा नै आकर्षित हुदैन । दफा ८(२) बमोजिम कर निर्धारण भएको मिलेकै छैन । बस्तु अथवा सेवाको आपूर्ति नभई मूल्य अभिवृद्धि कर आकर्षित हुदैन । भवन मूल्य अभिवृद्धि कर ऐनको अनुसूची १ मा पर्ने हुनाले यसको आपूर्तिमा मूल्य अभिवृद्धि कर आकर्षित नै हुदैन । ऐनको दफा ८(३) बमोजिम भएको कर निर्धारण आदेश गैरकानूनी छ । न्यू ओम ट्रेडर्स समेतले करदाता कम्पनीबाट खरिद गरिएको भन्दा बढी रकम उल्लेख गरेको कारणले कारोबारको रकम फरक परेको हो । करदाताको विवरण यथार्थ छ । फरक भयो भनी कर निर्धारण भएको समेत कर कार्यालय र विभागको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी पुनरावेदन जिकिर बमोजिम गरि पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd. बाट सेवा लिई सो सेवा वापत रोयल्टी भुक्तानी गरेको र सो भुक्तानीमा मूल्य अभिवृद्धि कर नलगाएको हुँदा लगाउने गरी भएको कर निर्धारण आदेश कानून सम्मत छ । भवन लगायतका स्थायी संरचना निर्माण आफैले वा ठेक्कामा जुनसुकै प्रकारबाट निर्माण गरेपनि मूल्य अभिवृद्धि कर ऐन २०५८ को दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने प्रावधान छ । करदाता कम्पनीले विक्री गरेको मूल्य भन्दा खरिदकर्ता कम्पनीले करदाता कम्पनीबाट खरिद गरेको मुल्य बढी उल्लेख भएको देखिएको हुँदा सो बढी रकममा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा अव शुरु कार्यालयको निर्णय मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर अनुसार हुनेपर्ने हो वा होइन ? भन्ने तर्फ निर्क्योलमा पुग्नु पर्ने देखिन्छ । सो सम्बन्धमा निम्न बमोजिम हुने देखिन आयोः-

१३. पुनरावेदक करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., बाट उसको ब्राण्ड प्रयोग गरे वापत तिरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण भएको कर निर्धारण आदेश गैरकानूनी छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, ऐनको दफा ८(२) मा "नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मुल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिला हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । त्यसैगरी सोही ऐनको दफा ५ मा नेपाल भित्र आपूर्ति।आयात भएका बस्तु वा सेवा नेपाल बाहिर निर्यात गरिएको बस्तु वा सेवाको कर लाग्ने मूल्यमा मात्र मूल्य अभिवृद्धि कर लाग्ने भनी स्पष्ट रुपमा उल्लेख भएको र करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., थाइल्याण्डलाई भुक्तानी गरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर लाग्ने होइन करदाता कम्पनीले बस्तु वा सेवाको उपभोग नै नगरेको र सो कम्पनीको ब्राण्ड मात्र प्रयोग गरेको हो, ब्राण्ड प्रयोग गरे वापत मूल्य अभिवृद्धि कर लगाइनु गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको र सोही करदाता कम्प्नीका उद्योग पति विनोद चौधरीको आत्मा कथाको पृष्ठ १२५ मा निजले Thai Preserved Foods Factory Ltd., को ब्राण्डको प्रयोग गरेको नभै ब्राण्ड नै खरिद

गरेको भनी उल्लेख गरेको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा प्रमाण ऐन २०३१ को दफा ७(ग) मा “कुनै घटना वा मानिसहरुका आचरण वा काम कारोबारको सामान्यक्रम विचार गर्दा तर्कसँगत रुपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ” भनी उल्लेख भएको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा सहि हो भनी अदालतले अनुमान गर्नु पर्ने हुँदा करदाता कम्पनीले बुझाएको रोयल्टीमा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेश मिलेको नदेखिंदा बदर गरिदिएको छ अब सो सम्बन्धमा आवश्यक छानविन जाँचबुझ गरी कर निर्धारण गर्नु भनी मिसिल कर कार्यालयमा पठाइदिनु पर्ने देखिन आयो ।

१४. करदाता कम्पनीले दाखिल गरेको आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. १०९४४।– घटी बिक्री देखाएको भनी सो रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को २०(१) अनुसार कर निर्धारण आदेश भएको देखिन्छ । आय विवरण र मूल्य अभिवृद्धि कर विवरणमा के कसरी फरक पर्न गएको हो भन्ने जवाफमा करदाताले सामान फिर्ता हुँदा अन्तः शुल्क फिर्ता नहुने हुँदा फरक पर्न गएको हो र वास्तविक बिक्रीमा कुनै फरक परेको छैन भनी उल्लेख गरेको देखिन्छ । वास्तविक बिक्रीमा कुनै फरक नपरेको भन्ने सबुत प्रमाण करदाताबाट पेश दाखिल हुन सकेको देखिदैन । पुनरावेदन जिकिरका भरमा मात्र कर कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा भन्न सकिने अवस्था नहुँदा कर कार्यालय र विभाग समेतबाट मूल्य अभिवृद्धि कर तर्फ घटी बिक्री देखाइएको रकममा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१५. करदाता कम्पनी र प्रविन ट्रेड कन्सन र न्यू ओम ट्रेडर्स समेतका साहु आसामी विचमा भएको रु ५४५५०८।७९ घटी बिक्री देखाएको भन्ने Mismatch Report का आधारमा नमिलेको भनी उल्लिखित रकममा कर, निर्धारण गरेको देखिन्छ । तर Mismatch का सम्बन्धमा अर्को करदाताको अभिलेख पुनराबेदकको अभिलेख सँग भिडाई दुइमध्ये कुन करदाताको खर्च दाबी ठिक र कुन करदाताको बेठिक भन्ने सम्बन्धमा कुनै अनुसन्धान तथा बिबेचना भएको देखिदैन । पुनरावेदक करदाताले खरीदकर्तालाई क्रेडिट नोट जारी गरेको भनि जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा एवं Mismatch हुन पर्ने कारण के हुन भन्ने तर्फ कुनै किसिमको छानविन भएको पाइदैन । निर्णयमा Mismatch भएको भनेर मात्र हुदैन । अनुसन्धान भएको देखिने वस्तुनिष्ठ आधार हुनु वा देखाउनु पर्छ । अन्यथा विना आधार खर्च अमान्य गर्नु वा आय कायम गर्नु मनोगत निर्णय हुन जान्छ । न्याय प्रमाणमा आधारित हुन्छ ।प्रमाणले समर्थन वा खण्डन गरेको अवस्था छ छैन भन्ने सम्बन्धमा न्यायको रोहमा अनिवार्य रुपमा हेर्नुपर्ने बिषय हो । खरीद बिक्री एवं आसामी साहु कारोबारको मिसम्याच कर अधिकृतका लागि छानविन अनुसन्धान गर्ने

आधार भए पनि करदाताले पेश गरेका प्रमाण एवं जिकिरको विश्लेषण नगरी आय कायम गरी कर निर्धारण गरेको निर्णयसँग सहमत हुन सकिएन ।

१६. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको भवन लगायतका स्थायी संरचना निर्माणमा दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१७. अतः स्थायी लेखा नं. ३०००१०२८२ भएका पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा.लि.. को आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।५।२७ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ मा भएको निर्णय Mismatch तर्फ खरिद र विक्री कारोबारमा फरक परेको रकममा मू.अ.कर लगाएको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएतको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । त्यसै गरी **Thai Preserved Foods Factory Ltd.**, थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्ने हो बुझी पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा. लि.. को आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।५।२७ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ मा भएको निर्णय Mismatch तर्फ खरिद र विक्री कारोबारमा फरक परेको रकममा मू.अ.कर लगाएको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएतको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू.........................................................१

**Thai Preserved Foods Factory Ltd.**, थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर हुने ठहरी फैसला भएको हुँदा अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी फैसलाको प्रतिलिपी सहित मिसिल शुरू कार्यालयमा पठाइदिनू.............................२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट

इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम .............

**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

# फैसला

२०७५।०७६ सालको निर्णय नं. १२६

पुनरावेदन नं. ९७–०७३-RB-००४६५

**<u>मुद्दाः– आयकर (२०७०/०७१) ।</u>**

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की..............१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अन्चन भट्टराई

**अविलम्वित नजीरः** ×

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल

शुरु कर्यालयको निर्णय मितिः—२०३१/५/७२

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७२।५।३१ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत करदाता सी.जी. फुड्स (नेपाल) प्रा.लि.ले आ.व. २०७०/०७१ को आफ्नो कारोबारको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. २३,७७,०७,१२०।७५ करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०२५/०९/७१ मा आय विवरण पेश गरेको ।

२. उक्त आ.व. को लागि यस कार्यालयबाट कर परीक्षण हुँदा सोको सिलसिलामा करदाताबाट पेश हुन आएको आय विवरण साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतलाई मुख्य आधार बनाई विचार गर्दा प्रस्तुत करदाताको आ.व. २०७०।०७१ को सम्बन्धमा आयकर ऐन २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको/कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐन को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०१४/५/७२ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०१४/५/७२ मा जारी भएको सूचना करदाताले मिति २०१६/५/७२ मा बुझी लिएको ।

४. करदाताले मिति २०१६/५/७२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०३१/५/७२ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०७०/०७१ को लागि निम्न अनुसार संशोधित करयोग्य आय रू. २४,७०,८८,२७४।४१ कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गर्ने गरी सोही ऐनको दफा १०२

बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०३१/५/७२ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०३१/०५/७२ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०२९/०७/७२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. करदाताले व्यवसाय संचालन गर्न विभिन्न बैंकहरुबाट ऋण लिएको र सो ऋणको व्याज खर्च कट्टि दावी गरेको छ भने अर्कोतर्फ संचालक कनौडियालाई **Advance** को रुपमा दिएको रकम व्यवसायसँग सम्बन्धित नै नदेखिएको अवस्था हुँदा आयकर ऐन २०५८ को दफा १३(ग) तथा दफा १४ बमोजिम व्याज खर्च कट्टि गर्न मिल्दैन । **Distribution cost (Domestic)** अन्तर्गत **Misc. Goods Expenses** को अन्तर्गत **Sales Claim** शिर्षक **Distribution cost (Domestic)** अन्तर्गत **Misc. Goods Expenses** शिर्षक अन्तर्गत **Sales Promotion** शिर्षकको खर्च अन्तर्गत **Distribution cost (Domestic)** तर्फ **Employe Benefit** अन्तर्गत **Distribution** को खर्च, प्रशासन र विक्री तर्फका कर्मचारीहरुलाई प्रदान गरेको, र **Administrative Expenses** तर्फ **Misc Expenses** शिर्षकमा भएको खर्चको समेत पुष्टि हुने सबुत प्रमाण पेश नभएको हुँदा खर्चको दावी नपुग्ने । ऋण रकम भवन निर्माणमा उपयोग नभएको भन्ने करदाताको जिकिर नमिल्ने देखिंदा आयकर ऐन, २०५८ को दफा २१(३) र दफा १४ व्याज खर्च मिन्हा नहुने । चाउचाउको MRP भित्र भारतमा पर्ने भन्सार ट्रान्सपोर्ट तथा अन्य खर्चहरु समावेश भएको देखिएको र सो खर्चहरु निकासिकर्ताले व्यहोर्नेमा सो खर्च सम्बन्धमा निकासिकर्ता र खरिदकर्ताका विचमा कुनै ठोस आधार प्रमाण पेश भएको नदेखिएको हुँदा जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०८/३/७३ मा भएको निर्णय ।

८. निवेदकलाई गैर कानूनी रूपमा नलाग्नु पर्ने कर लगाइएको कारणबाट निवेदकलाई गम्भिर अन्याय परेको हुँदा विपक्षी कार्यालय तथा विभागको निर्णय बदर गरी थप कर दायित्वबाट उन्मुक्ति समेत पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०२७/९/७३ मा दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति १२/०८/२०७५ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र एवं प्राप्त शुरू मिसिल समेत अध्ययन गरियो ।

११. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले करदाता कम्पनीले बैंकबाट ऋण लिई व्यवसाय संचालन गरेको हुँदा व्याजखर्च कट्टि दावी गरेको हो । संचालनक कनौडियालाई Advance दिएको रकम व्यवसायसँग सम्बन्धित नै होइन । कम्पनीको विभिन्न शिर्षकमा भएको खर्चहरुको सबुत प्रमाण नै पेश नभएको भनी खर्च दावी गर्न नपाउने गरी भएको निर्णय कानून प्रतिकूल छ । चाउचाउको MRP खर्च समेत चाउचाउको मूल्यमा समावेश हुनेमा असम्बन्धित भनी खर्च कट्टिको दावी समेत नपुग्ने भनी भएको कर कार्यालय र विभागको निर्णय समेत कानून प्रतिकूल हुँदा बदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. त्यसैगरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले कम्पनी ऋणबाट संचालित हुँदा हुँदै संचालक कनौडियालाई Advance दिएको देखिएको हुँदा व्याजखर्च अमान्य गरेको हो । चाउचाउको MRP खर्च खरिद कर्ता कम्पनीले व्यहोर्ने प्रावधान विपरित सो खर्च समेत व्यहोरेको भनी खर्च कट्टिको दावी कानून सम्मत देखिदैन । कम्पनीले विभिन्न शिर्षकमा गरेको खर्चको प्रमाणित विल भरपाई पेश गर्न नसकेको हुँदा खर्च कट्टि अमान्य गरेको कर कार्यालय र विभागको निर्णय सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय हुनुपर्ने देखिन आयोः–

१४. करदाताले वासलातमा विरेन्द कनौडिया लगायतका व्यक्ति तथा निकायलाई Casual Advance को रूपमा दिएको रकम रु. २७४८४२७४।४० आय आर्जनसँग सम्बन्धित नदेखिएको र Capital Wip मा रहेको रकम समेत ऋण स्रोतबाट प्राप्त रकम उपयोग भएको देखिंदा सो रकमको हदसम्मको औषत व्याजदर ८.६८ प्रतिशतले हुने रकम क्रमशः रु. २३८५६३५।- र रू. ३९५९००६।- व्याज खर्च कट्टी अमान्य गरी कर निर्धारण गरेको सम्बन्धमा हेर्दाः आयकर ऐन, २०५८ को दफा १४(१) मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएका सोही वर्ष प्रयोग भएको वा सो वर्षमा प्रयोग गरिएको कुनै सम्पत्ति खरीद गर्न प्रयोग भएको कर्जाको व्याज खर्च

कट्टी गर्न पाउने व्यवस्था रहेको देखिन्छ । यस सम्बन्धमा पुनरावेदकले TR Loan एवं Overdraft जस्ता चालुपूजीको रुपमा प्रयोग गर्न मात्र कर्जा लिएको छ । यी कर्जाबाट कच्चा पदार्थ तथा यस्तै अन्य सामान खरिद गर्न मात्र उपयोग गरेको भनी जिकिर लिएको देखिन्छ । Casual Advance का सम्बन्धमा वीरेन्द्र कनौडिया विच महालक्ष्मी सुगर मिल्स लि. को शेयर किनबेचको लागि भुक्तानी गरिएको र नीजले शेयर हस्तान्तरण नगरेको हुँदा पाटन उच्च अदालतमा मुद्दा समेत रहेको भन्ने जिकिर समेत लिएको पाइन्छ । पुनरावेदक करदाताले लिएका उक्त जिकिर सम्बन्धमा शुरु निर्णयकर्ता एवं प्रशासकिय पुनरावलोकन तहबाट छानविन एवं विश्लेषण भएको भन्ने देखिदैन । चालु पुँजीको रुपमा लिएका कर्जा रकम कच्चा पदार्थ खरिदमा मात्र प्रयोग भएको छ भन्ने कर्जाको रकम Advance र स्थिर सम्पत्ति खरिदमा प्रयोग भएको भनी व्याज खर्च कट्टि अमान्य गर्न मिल्ने नदेखिंदा शुरु तथा प्रशासकिय तहबाट भएका निर्णय बदर हुने ठहर्छ।

१५. वितरण खर्च (Distribution cost) अन्तर्गतको For Expert तर्फको खर्चको दावीका सम्बन्धमा करदाता कम्पनीले भारतमा समेत आफ्नो कम्पनीले उत्पादन गरेको चाउचाउ पठाउदा चाउचाउको मूल्य भित्र नै भारतमा पर्ने भन्सार, ट्रान्सपोर्ट तथा अन्य खर्चहरु पनि समावेश हुने भनी सो खर्चको दावी गरेको देखिन्छ । करदाता कम्पनीले उत्पादन गरेको चाउचाउ भारतमा पठाउँदा भारतमा लाग्ने भन्सार लगायतका खर्च समेत करदाता कम्पनीको नै हुने भए सो पुष्टि गर्न करदाता र क्रेताका विचमा आधिकारिक सम्झौता पत्र भएको भनी दाखिल गर्न सकेको अवस्था भने यहाँ देखिदैन । भारत तर्फको भन्सार महसूल तिर्ने दायित्व समेत खरिदकर्ताको नै हुने र अन्य व्यक्तिको खर्चलाई समेत करदाताकै खर्च मानी व्यवसाय कारोबारसँग सम्बन्धित रहेको भनी खर्च कट्टि गर्नु कानून प्रतिकूल हुने हुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालयको निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था देखिन आएन ।

१६. करदाता कम्पनीका आधिकारिक डिलरहरुले Distribution Expenses (Domestic) अन्तर्गत Misc. Goods Expenses को Sales Claim शिर्षक Redistribution वापतका खर्चहरु दावी गर्ने र सो दावीको सम्बन्धमा करदाता कम्पनीको आधिकारिक व्यक्तिले छानविन गरी ठिक भए स्वीकृत गर्ने र ठिक नभए अस्वीकृत गर्ने गरेको हुँदा सो शिर्षकमा भएको खर्च वास्तविक भएको हुँदा डिलरहरुलाई प्रदान गरेको हो भनी करदाता कम्पनीले खर्च कट्टिको दावी गरे पनि सो खर्च वास्तविक र यथार्थ हो भन्ने सबुत प्रमाण विल भरपाई करदाता कम्पनीले पेश गर्न सकेको अवस्था छैन । सोसँग सम्बन्धित विल भरपाई पेश गर्न पुनरावेदकलाई यस न्यायाधिकरणबाट मौका प्रदान हुँदा समेत निजबाट सो खर्चसँग सम्बन्धित बिल भरपाई पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । केवल

दावी जिकिरको भरमा मात्र कर निर्धारण आदेश अन्यथा हो भन्न सकिने अवस्था नहुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय समेतको निर्णयलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१७. Distribution Expenses (Domestic) अन्तर्गत Misc Goods Expenses को Sales Promotion शिर्षक अन्तर्गत करदाता कम्पनीले आफ्नो उत्पादनको बजार विस्तारको लागि विभिन्न व्यापरिक स्किमहरु लागू गर्ने गरिन्छ । आफ्नो कम्पनीको उत्पादति बस्तु अर्को कम्पनीबाट उत्पादन भएको त्यस्तै बस्तुको सम्बन्धमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । सो प्रतिस्पर्धाको लागि विभिन्न सामानहरु प्रदान गरिएको र सो शिर्षकमा भएको खर्चको विल भरपाई संलग्न छ भनी करदाताले जिकिर लिएपनि सो खर्च वास्तविक र यथार्थ हो भन्ने सबुत प्रमाण विल भरपाई करदाता कम्पनीले पेश गर्न सकेको अवस्था छैन । केवल दावी जिकिरको भरमा मात्र कर निर्धारण आदेश अन्यथा हो भन्न सकिने अवस्था नहुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय समेतको निर्णयलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१८. Distribution Expenses (Domestic) को Employ Benefit अन्तर्गतको Free Distribution शिर्षकमा करदाता कम्पनीले विक्री तर्फको कर्मचारीहरुलाई दशै तिहारमा आफ्नो उत्पादन उपहार दिएको भनी खर्च कट्टिको दावी गरेको पाइन्छ । यसरी करदाता कम्पनीले Free Distribution को नाममा प्रदान गरेको उपहारको खर्च कट्टि गर्न पाउने व्यवस्था आयकर ऐनमा रहेको पाइदैन । जुन कर्मचारीहरुले उपहार प्राप्त गरेको हुन उनीहरुको आफ्नो पारिश्रमिक आयमा समावेश गरेको समेत देखिदैन । केवल उपहारका नाममा प्रदान गरेको भन्ने आधारमा खर्चकट्टिको दावी गरेको कानून संगत रहेको अवस्था पनि देखिदैन । करदाता कम्पनी कानूनी व्यक्ति भएको र सो कानूनी व्यक्तिले समेत मौजुदा कानूनको परिपालना गर्नु अनिवार्य नै हुन्छ । कानूनले निर्देष्ट गरेको सिमासम्म मात्र करदाताले छुट पाउने र छुटको दावी गर्नसक्ने हुँदा सो भन्दा बाहिर गै खर्च कट्टिको दावी गर्न सक्ने अवस्था समेत यहाँ नदेखिंदा फ्रि उपहार शिर्षकमा भएको करदाताको खर्चलाई कानून सम्मत मान्न मिलेन । सोसँग सम्बन्धित विल भरपाई पेश गर्न पुनरावेदकलाई यस न्यायाधिकरणबाट मौका प्रदान हुँदा समेत निजबाट सो खर्चसँग सम्बन्धित बिल भरपाई पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय समेतको निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था समेत देखिन आएन ।

१९. प्रशासनिक खर्च (Administrative Expenses) अन्तर्गत विविध खर्च (Misc Expenses) को शिर्षकमा करदाताले प्रशासन तर्फका कर्मचारीहरुलाई दशै तिहारमा आफ्नो उत्पादन

उपहार दिएको भनी खर्च कट्टिको दावी गरेको पाइन्छ । यसरी करदाता कम्पनीले स्वतन्त्र वितरण (Free Distribution) को नाममा प्रदान गरेको उपहारको खर्च कट्टि गर्न पाउने व्यवस्था आयकर ऐनमा रहेको पाइदैन । जुन कर्मचारीहरुले उपहार प्राप्त गरेको हुन उनीहरुको आफ्नो पारिश्रमिक आयमा समावेश गरेको समेत देखिदैन । केवल उपहारका नाममा प्रदान गरेको भन्ने आधारमा खर्चकट्टिको दावी गरेको कानून संगत रहेको अवस्था पनि देखिदैन । करदाता कम्पनी कानूनी व्यक्ति भएको र सो कानूनी व्यक्तिले समेत मौजुदा कानूनको परिपालना गर्नु अनिवार्य नै हुन्छ । कानूनले निर्दष्टि गरेको सिमासम्म मात्र करदाताले छुट पाउने र छुटको दावी गर्नसक्ने हुँदा सो भन्दा बाहिर गै खर्च कट्टिको दावी गर्न सक्ने अवस्था समेत यहाँ नदेखिंदा फ्रि उपहार शिर्षकमा भएको करदाताको खर्च कट्टिको दावी कानून सम्मत मान्न मिलेन । सोसँग सम्बन्धित विल भरपाई पेश गर्न पुनरावेदकलाई यस न्यायाधिकरणबाट मौका प्रदान हुँदा समेत निजबाट सो खर्चसँग सम्बन्धित बिल भरपाई पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । खर्च कट्टीको दावी नपुग्ने ठहर गरेको कर कार्यालय समेतको निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था समेत देखिन आएन ।

२०. प्रशासनिक खर्च Administration Expenses अन्तर्गत करदाता कम्पनीले व्यवसाय संचालन गर्दा भएका साना खर्च र अन्यत्र उल्लेख गर्न नमिल्ने खर्चहरु विविध खर्च (Misc Expenses) शिर्षकमा राखी खर्चको दावी गरेको पाइन्छ । करदाता कम्पनीले सो खर्चका विल भरपाई संलग्न छ भनी जिकिर लिए पनि सो खर्च वास्तविक र यथार्थ हो भन्ने सबुत प्रमाण विल भरपाई करदाता कम्पनीले पेश गर्न सकेको अवस्था छैन । सोसँग सम्बन्धित विल भरपाई पेश गर्न पुनरावेदकलाई यस न्यायाधिकरणबाट मौका प्रदान हुँदा समेत निजबाट सो खर्चसँग सम्बन्धित बिल भरपाई पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । केवल दावी जिकिरको भरमा मात्र कर निर्धारण आदेश अन्यथा हो भन्न सकिने अवस्था नहुँदा सो शिर्षकमा भएको खर्च कट्टिको दावी नपुग्ने ठहर गरेको कर कार्यालय समेतको निर्णयलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

२१. करदाताले पुनरावेदन पत्रमा आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्क नलाग्नु पर्ने भनि लिएको जिकिरको सम्बन्धमा हेर्दाः आयकर ऐन २०५८ को दफा ११९ को उपदफा (३) अनुसार अग्रिम कर कट्टि गरेको रकम वा अग्रिम कर कट्टि नगरेको भए पनि कट्टि गर्नु पर्ने समयमा सो कर कट्टि गरेको मानिने रकम भुक्तानी गर्नेले अग्रिम कर कट्टी वापतको रकम दाखिला नगरेमा व्याज लाग्ने देखिन्छ । ऐनको दफा ९०(८) मा दाखिला गर्नु पर्ने अग्रिम कर कट्टि रकमको विवरण वा कर दाखिला नगरेको अवस्थामा दाखिला नगरेको र घटी दाखिला गरेको रकम र सो रकममा दफा ११९ बमोजिम व्याज मात्र लाग्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कानूनमा भएको व्यवस्था विपरित अग्रिम कर कट्टि गर्नु

पर्ने रकम नगरेमा वा कट्टि गर्न छुट भएमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको अवस्थामा दफा १२०(क) को शुल्क लगाउनु न्यायसँगत देखिंदैन । कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा **ढिला दाखिला भयो भन्ने आधारमा** शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन ।

२२. अतः स्थायी लेखा नं. ३०१३०७७१६ भएका पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा.लि. को आ.व. २०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।०५।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णयमा अग्रिम करकट्टि तर्फ दफा १२०(क) बमोजिमको शुल्क लगाएको मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । त्यसै गरी विरेन्द्र कनौडिया समेतलाई एड्भान्स दिंदा र निर्माणाधिन भवनमा कर्जा रकमको प्रयोग भएको भनी व्याज खर्च कट्टि अमान्य गरेको निर्णय सो हदसम्म मिलेको नदेखिंदा बदर गरिदिएको छ । अब सो सम्बन्धमा जो जे बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा. लि.. को आ.व. २०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।०५।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय अग्रिम करकट्टि तर्फ दफा १२०(क) बमोजिमको शुल्क लगाएको मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू.........................................................................१

विरेन्द्र कनौडिया समेतलाई Advance दिएको र निर्माणाधिन भवनमा कर्जा लिएको रकम प्रयोग गरेको भनी व्याज खर्च कट्टि अमान्य गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर हुने ठहरी फैसला भएको हुँदा अब सो सम्बन्धमा जो जे बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्नु भनी फैसलाको प्रतिलिपी सहित मिसिल शुरू कार्यालयमा पठाइदिनू................२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू..............३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.........................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट
इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १२७

पुनरावेदन नं. ९७-०७३-RB-००४६६

<u>मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७०/०७१) ।</u>

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका, वडा नं. २, सानेपामा प्रधान कार्यालय भएको सी.जी. फुड्स नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००१०२८२) को तर्फबाट ऐ. को अख्तियार प्राप्त सहायक प्रबन्धक टिकाराज कार्की.........१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर............................... १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ | प्रत्यर्थी |

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अन्चन भट्टराई

अविलम्वित नजीरः ×

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल

शुरु कर्यालयको निर्णय मितिः—२०३१/५/७२

<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा १)६) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र परी आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत करदाता सी.जी. फुड्स नेपाल प्रा.लि.को आ.व. २०७०/०७१ को लागि मूल्य अभिवृद्धि कर तर्फको कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर र व्याज समेत गणना गरी करदाताबाट असूल गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०१४/५/७२ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०१४/५/७२ मा जारी भएको सूचना करदाताले मिति २०१६/५/७२ मा बुझी लिएको ।

३. करदाताले मिति २०१६/५/७२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०३१/५/७२ मा पेश गरेको ।

४. मिति २०७२।५।१४ मा  जारी भएको प्रारम्भिकर कर निर्धारण बमोजिम थप दस्तुर र व्याज थप गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०२७/५/७२ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०३१/५/७२ मा जारी गरेको आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सी.जी. फुड्स नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०२९/०७/७२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले नेपाल बाहिर दर्ता नभएको **Thai Preserved Foods Factory Ltd.** बाट सेवा लिई उक्त कम्पनीलाई रोयल्टी सेवा वापतको भुक्तानीका बखत मू.अ.कर ऐन २०५२ को दफा ८(२) बमामेजिम कर निर्धारण गरी असुल गरेको नदेखिंदा कर निर्धारण आदेश सदर हुने । व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने भवन लगायतका संरचना निर्माण मू.अ.करमा दर्ता भएको, नभएको वा आफैले.........बनाएको भए पनि

मू.अ.कर ऐन २०५२ को दफा ८(३) आकर्षित हुने हुँदा सोही बमोजिम निर्धारण भएको कर निर्धारण आदेश सदर हुने । आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा घटी विक्री देखाएको सो प्रमाणित हुने, सबुत प्रमाण पेश दाखिल नभएको हुँदा करदाताको जिकिर नपुग्ने ठहर्छ । मू.अ.कर तर्फ छुट हुन गएको रकम आ.व. ०७१।०७२ को अन्य थपघट रकममा दाखिल गरी सकेको देखिएता पनि कर रकम ढिला दाखिला भएको देखिंदा सो अवधिको व्याज र जरिवाना लाग्ने हुँदा करदाताको जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय ।

७. निवेदकलाई गैर कानूनी रूपमा नलाग्नु पर्ने कर लगाइएको कारणबाट निवेदकलाई गम्भिर अन्याय परेको हुँदा विपक्षी कार्यालयको उक्त निर्णय तथा सोही निर्णयलाई सदर गरी भएको विपक्षी आन्तरिक राजस्व विभागको निर्णय बदर गरी थप करको दायित्वबाट उन्मुक्ति दिलाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०२७/०९/७३ मा यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति १२/०८/२०७५ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd. को ब्राण्ड प्रयोग गरे वापत इजाजत शुल्क रोयल्टी तिरेको हो । सो कम्पनीले करदातालाई कुनै प्रकारको सेवा प्रदान गरेको छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा सेवा प्राप्त गर्दा मात्र आकर्षित हुनेमा रोयल्टीको सम्बन्धमा यो दफा नै आकर्षित हुदैन । दफा ८(२) बमोजिम कर निर्धारण भएको मिलेकै छैन । बस्तु अथवा सेवाको आपूर्ति नभई मूल्य अभिवृद्धि कर आकर्षित हुदैन । भवन मूल्य अभिवृद्धि कर ऐनको अनुसूची १ मा पर्ने हुनाले यसको आपूर्तिमा मूल्य अभिवृद्धि कर आकर्षित नै हुदैन । ऐनको दफा ८(३) बमोजिम भएको कर निर्धारण आदेश गैरकानूनी छ । करदाताले पेश गरेको वित्तीय विवरण ठिक साचो हो । वित्तिय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा कम विक्री देखाएको होइन । कम विक्री देखाएको भनी थप कर असुल गर्ने गरी भएको

कर निर्धारण आदेश कानून विपरित छ । छुट भएको मूल्य अभिवृद्धि कर समेत दाखिल गरी सकेकोमा ढिला दाखिला गरेको भनी थप दस्तुर र व्याज समेत लगाउने गरी भएको कर निर्धारण आदेश बदर गरी पाउ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. त्यसै गरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd. बाट सेवा लिई सो सेवा वापत रोयल्टी भुक्तानी गरेको र सो भुक्तानीमा मूल्य अभिवृद्धि कर नलगाएको हुँदा लगाउने गरी भएको कर निर्धारण आदेश कानून सम्मत छ । भवन लगायतका स्थायी संरचना निर्माण आफैले वा ठेक्कामा जुनसुकै प्रकारबाट निर्माण गरेपनि मूल्य अभिवृद्धि कर ऐन २०५८ को दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने प्रावधान छ । करदाता कम्पनीले पेश गरेको वित्तीय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा कम विक्री देखाएको र दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर समेत समयमा दाखिल नगरेको हुँदा दस्तुर तथा व्याज समेत लगाउने गरी भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

१२. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा अव शुरु कार्यालयको निर्णय मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर अनुसार हुनेपर्ने हो वा होइन ? भन्ने तर्फ निर्क्योलमा पुग्नु पर्ने देखिन्छ । सो सम्बन्धमा निम्न बमोजिम हुने देखिन आयोः-

१३. पुनरावेदक करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., बाट उसको ब्राण्ड प्रयोग गरे वापत तिरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण भएको कर निर्धारण आदेश गैरकानूनी छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, ऐनको दफा ८(२) मा "नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मुल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिला हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । त्यसैगरी सोही ऐनको दफा ५ मा नेपाल भित्र आपूर्ति।आयात भएका बस्तु वा सेवा नेपाल बाहिर निर्यात गरिएको बस्तु वा सेवाको कर लाग्ने मूल्यमा मात्र मूल्य अभिवृद्धि कर लाग्ने भनी स्पष्ट रुपमा उल्लेख भएको र करदाता कम्पनीले Thai Preserved Foods Factory Ltd., थाइल्याण्डलाई भुक्तानी गरेको रोयल्टीमा मूल्य अभिवृद्धि कर लाग्ने होइन करदाता कम्पनीले बस्तु वा सेवाको

उपभोग नै नगरेको र सो कम्पनीको ब्राण्ड मात्र प्रयोग गरेको हो, ब्राण्ड प्रयोग गरे वापत मूल्य अभिवृद्धि कर लगाइनु गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको र सोही करदाता कम्प्नीका उद्योग पति विनोद चौधरीको आत्मा कथाको पृष्ठ १२५ मा निजले Thai Preserved Foods Factory Ltd., को ब्राण्डको प्रयोग गरेको नभै ब्राण्ड नै खरिद गरेको भनी उल्लेख गरेको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा प्रमाण ऐन २०३१ को दफा ७(ग) मा "कुनै घटना वा मानिसहरुका आचरण वा काम कारोबारको सामान्यक्रम विचार गर्दा तर्कसँगत रुपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भनी उल्लेख भएको देखिंदा सो आत्मकथामा उल्लेखित व्यहोरा सहि हो भनी अदालतले अनुमान गर्नु पर्ने हुँदा करदाता कम्पनीले बुझाएको रोयल्टीमा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेश मिलेको नदेखिंदा बदर गरिदिएको छ अब सो सम्बन्धमा आवश्यक छानविन जाँचबुझ गरी कर निर्धारण गर्नु भनी मिसिल कर कार्यालयमा पठाइदिनु पर्ने देखिन आयो ।

१४. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको भवन लगायतका स्थायी संरचना निर्माणमा दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१५. आय विवरण र मू.अ.कर विवरणमा करदाता कम्पनीले दाखिल गरेको आय विवरणमा भन्दा मूल्य अभिवृद्धि कर विवरणमा रु. ३७,१२६।–घटी विक्री देखाएको भनी सो रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को २०(१) अनुसार कर निर्धारण आदेश भएको देखिन्छ । आय विवरण र मूल्य अभिवृद्धि कर विवरणमा के कसरी फरक पर्न

गएको हो भन्ने जवाफमा करदाताले सामान फिर्ता हुँदा अन्तः शुल्क फिर्ता नहुने हुँदा फरक पर्न गएको हो र वास्तविक विक्रीमा कुनै फरक परेको छैन भनी उल्लेख गरेको देखिन्छ । वास्तविक विक्रीमा कुनै फरक नपरेको भन्ने सबुत प्रमाण करदाताबाट पेश दाखिल हुन सकेको देखिदैन । पुनरावेदन जिकिरका भरमा मात्र कर कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा भन्न सकिने अवस्था नहुँदा कर कार्यालय र विभाग समेतबाट मूल्य अभिवृद्धि कर तर्फ घटी विक्री देखाइएको रकममा मूल्य अभिवृद्धि कर लगाउने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१६. करदाताले आ.व. २०७०।०७१ को विक्री रकम रु. ३२,३४,७५४।–को मूल्य अभिवृद्धि कर रु. ४,२०,५१८।–दाखिला गर्न छुट भएको र सो रकम आ.व. २०७१।०७२ को पौष महिनामा मूल्य अभिवृद्धि कर विवरणको अन्य थप घटमा डेबिट गरी भुक्तानी समेत गरेको हुँदा थप दस्तुर र व्याज लगाएको मिलेको छैन भनी पुनरावेदनमा जिकिर लिएको देखिन्छ । सो जिकिर सम्बन्धमा हेर्दा, करदाताले आ.व. २०७०।०७१ को कर रकम आ.व. ०७१।०७२ को पौषमा मात्र भुक्तानी गरेको देखिन्छ । समयमा कर दाखिला गर्ने कर्तव्य करदाताको भएको र सो कर्तव्य पुरा नगरी कर रकम ढिला दाखिल भएको भन्ने आधारमा मात्र छुट पाउन सक्ने अवस्था नभएको र के कति कारणबाट ढिला दाखिला भएको भन्ने सबुत प्रमाण समेत पेश दाखिल गर्न नसकेको अवस्थामा ऐन, नियम अनुसार नै ६ महिना ढिला दाखिला गरे वापत थप दस्तुर र व्याज लगाउने गरी भएको कर किार्यालय समेतको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१७. अतः स्थायी लेखा नं. ३०००१०२८२ भएका पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा.लि. को आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।५।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ मा भएको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएकोमा जरिवाना, थप दस्तुर र व्याज लगाएतको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । त्यसै गरी **Thai Preserved Foods Factory Ltd.**, थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा बदर गरी दिएको छ । अब सो सम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी पुनः निर्णय गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता सी.जी. फुड्स नेपाल प्रा. लि. को आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।५।३१ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३।३।८ मा भएको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएकोमा जरिवाना, थप दस्तुर र व्याज लगाएतको हदसम्म मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू...........................................................................१

**Thai Preserved Foods Factory Ltd.**, थाईल्याण्डलाई रोयल्टी भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म बदर हुने ठहरी फैसला भएको हुँदा अब जो जे बुझ्नु पर्ने हो बुझी सो सम्बन्धमा पुनः निर्णय गर्नु भनी फैसलाको प्रतिलिपी सहित मिसिल शुरू कार्यालयमा पठाइदिनू..............................२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू....................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.........................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल बैशाख १५ गतेरोज १ शुभम.....

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नर नाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. १३६

पुनरावेदन नं. ९७–०७५-RB-०२६९

**मुद्दाः– आयकर (२०७१/०७२)।**

| | |
|---|---|
| का.जि..का.म.न.पा. वडा नं. ३० डिल्लीबजारस्थित त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. (स्थायी लेखा नं. ३०१२१८४०७) को तर्फबाट ऐ.को अधिकार प्राप्त प्रमुख उदयश्वर श्रेष्ठ..........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ................................................................. १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ श्री तुलसी भट्ट, अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कमल कुमार भट्टराई

शुरु कर्यालयको निर्णय मितिः—२०२४/१०/७३

<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०२८/०५/७५

पुनरावेदक कम्पनीका हकमा आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०२४/१०/७३ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार नोक्सानी रू. १०१५५७१।४७ देखाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीमा मिति २०१३/०६/७३ मा आय विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको राजस्व अनुसन्धान विभागको मिति २०७१।२।१८ मा स्वीकृत प्रारम्भिक अनुसन्धान प्रतिवेदन तथा आन्तरिक राजस्व विभागको मिति २०७३।५।६ को निर्णयको आधारमा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भई, आ.व. ०७२/२०७१ को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटबारी, प्रमाणहरु तथा करदाताका आधिकारिक प्रतिनीधिले अनुसन्धानका क्रममा दिएको बयान समेतको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको यस आ.व. को लागि करयोग्य आय रु. ४२,०६,४०७।०४ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट करदाताको नाममा मिति २०२९/०९/७३ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०२९/०९/७३ मा जारी भएको

सूचना करदाताले मिति २०२९/०९/७३ मा नै बुझी लिएको ।

४. करदाताले मिति २०२९/०९/७३ मा बुझी लिएको सूचनाको जवाफ मिति २०१४/१०/७३ मा पेश गरेको ।

५. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेश गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले पेश गरेको लिखित जवाफ र सो साथ पेश भएका प्रमाणहरु समेतलाई मध्यनजर राखी आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाउने खर्चहरु खर्च कट्टा नगरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम देहाय अनुसार करदाताको आ.व. २०७०।०७१ को लागि जम्मा रु. ४२०६०४७।०४ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम करको गणना गर्ने र सोही अनुसार संशोधित कर निर्धारण आदेश जारी गर्ने भनी आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०२४/१०/७३ मा खडा भएको निर्णय पर्चा ।

६. करदाता सेवा कार्यालय, बत्तीसपुतलीले मिति २०२८/१०/७३ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०२६/११/७३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० बमोजिमको व्याज शुल्क र जरिवाना लगायो भन्ने दावी उपरको जिकिर नपुग्ने भनी शुरु कर कार्यालयबाट भएको निर्णय सदर हुने र संचालकलाई पेश्की दिएको सापटी रकमको सम्बन्धमा कम्पनीले बैंकबाट ऋण लिएको भए सो ऋणमा तिरेको व्याज र बैंकबाट ऋण नलिएको भए बजारको सामान्य औषत दर अनुसार व्याज कायम गर्न भनी पुनः छानविन गरी कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाउने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।५।२८ मा भएको निर्णय ।

८. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य कानून प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना

निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने भन्ने व्यहोराको जिकरि लिई करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति ६/०७/२०७६ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य कानूनको प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भनी गरनु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले कम्पनीले संचालकलाई सापटी दिएको रकममा व्याज लगाएको कानून सम्मत छ । साथै आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० (क) र (ख) बमोजिम व्याज शुल्क र जरिवाना निर्धारण गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनु-पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. पनुरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने तथा सोमा लगानी गर्ने कम्पनी भएको र सो कम्पनीले शेयर तथा डिभेन्चर खरिदको लागि संचालकलाई Advance दिएको रकमलाई ऋण सापटी मानी Advance दिएको रकममा पुनरावेदक प्रा.लि.ले बैंकबाट दिएको ऋण र निज प्रा.लि. सम्बद्ध भएको त्रिशक्ति केवल इण्डष्ट्रिजले लिएको बैंक ऋणको व्याजदर समेतको औषत व्याजदर १०.५० प्रतिशतलाई आधार मानी उक्त सापटी रकमको व्याजलाई करयोग्य आयमा समावेश गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पुनरावेदक प्रा.लि.ले संचालकलाई दावीको रकम ऋण सापटी दिएको हो होइन ? र ऋण सापटी नै हो भने व्याज आयको गणना कानून सम्मत छ छैन ? सो समेत हेरिनु पर्ने हुन्छ । पुनरावेदक कम्पनीको आ.व. २०७१।०७२ को वित्तीय विवरणमा देखाएको Trade & other Receivables भनी रु. ४,९०,०७,०३५।– देखाएको र सो रकम कम्पनीको संचालकबाट लिनु पर्ने देखिन्छ । सो रकम संचालकलाई शेयर डिवेन्चर खरिदको लागि पेश्की दिएको र संचालकले समय समयमा फिर्ता समेत गरेको छ भनी जिकिर लिएको भए पनि कम्पनीको संचालकले यस्तो पेश्की लिएको रकमबाट कम्पनीको लागि शेयर खरिद गरेको प्रमाण समेत पेश भए गरेको देखिदैन । कम्पनी आफैमा कानूनी व्यक्ति भएको र कम्पनी आफ्नो लागि उचित समयमा उत्तम निर्णय गर्न सक्ने नै हुँदा संचालकलाई यति ठूलो रकम पेश्की सापटी दिनु पर्ने अवस्था समेत स्वाभाविक एवं व्यवसायिक मान्यता अनुरुप देखिदैन । संचालकलाई आ.व. २०७१।०७२ मा पेश्की दिएको भनिएको रकम रु. ३८,९०,०७,०३५।- मध्ये घोषित लाभांश रु. ३४ करोड बराबरको लाग्ने लाभांस कर र व्याज समेतको रकम मिति २०७२।१२।२२ मा दाखिला गरेको व्यहोरा पुनरावेदकको आ.व. २०६७।०६८ को निवेदनको प्रकरण नं. ११ मा उल्लेख भएबाट पनि सो पेश्की रकम भन्दा बढी भएको रकम संचालकलाई ऋण दिएको मानी सो वर्ष ऋणमा तिरेको व्याजदरले हुने रकम बराबर रकम खर्च अमान्य गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको कर निर्धारण मिलेकै देखिन्छ भनी यसै इजलासबाट आजै फैसला समेत भएको छ ।

१५. पुनरावेदकले यस आ.व. मा संचालकलाई पैश्की दिएको भनिएको रकम रु. ४,९०,०७,०३५।– मध्ये घोषित लाभांश रु. ३४ करोड भन्दा बढी हदसम्मको रकम ३८,९०,०७,०३५।- पुनरावेदक कम्पनीले संचालकलाई पेश्की दिएको र सो रकम

संचालकले आफ्नो नीजि काममा प्रयोग गरेको देखिन्छ । सामान्य अवस्थामा कुनै पनि कम्पनीको नगद तथा बैंक मौज्दाद (cash and bank balance) रहन्छ नै । तर उक्त नगद मौज्दात कम्पनी भन्दा अर्को पक्षले आफ्नो हितका लागि प्रयोग गर्दछ भने यस अवस्थामा अवसर आय (opportunity Income) सम्बन्धी विश्लेषण गर्न जरुरी देखियो । कम्पनीसँग रहेको नगद मौज्दात वित्तीय संस्थामा मुद्दती खातामा निक्षेप गरेको भए व्याज आय हुने देखिन्छ तर मुद्धती निक्षेप सामान्यतयाः लामो अवधिको हुने र व्यवसायमा तरलताको व्यवस्थापनमा कठिनाई पर्ने हुँदा व्यवसायिक फर्मलाई यसै गर्नुपर्थ्यो भनी ठहर गर्न सक्ने अवस्था देखिदैन । कम्पनीले संचालकलाई नगद सापटी दिएको र संचालकले समेत विभिन्न समयमा नगद कम्पनीलाई नै फिर्ता गरेको भन्ने कार्यालयको भनाई रहेको अवस्थामा माथि उल्लेख गरे जस्तो संचालकले पनि लामो अवधिका लागि मुद्धती खातामा निक्षेप गरेको भन्न मनासिव देखिदैन । तर यस परिप्रेक्ष्यमा उक्त सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने नै देखिन्छ ।

प्रस्तुत आ.व. मा कम्पनीले संचालकलाई प्रदान गरेको सापटी मध्ये बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण बराबरको रकममा तिरेको व्याजलाई अनुपातिक रुपमा अमान्य गरी बाँकी सापटीमा, तथा त्यस्तो बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम नरहेको अवस्थामा उक्त सापटीमा बजारको सामान्य औषत दर अनुसार व्याज आय गणना गरी आयकर ऐन, २०५८ को दफा ७(२)(ज) बमोजिम कम्पनीको करयोग्य आयमा समावेश गर्न कार्यालयबाट पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण हुनुपर्छ भनी आन्तरिक राजस्व विभागबाट समेत निर्णई भई सकेको देखिदा पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. कानून बमोजिम स्थापित कानूनी व्यक्ति भएको र यसले आफ्नो हकाधिकारको प्रयोग कानूनी व्यक्ति सरह गर्न सक्नेमा कुनै सन्देह देखिदैन । प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुर्‍याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको

नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफुले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो ।

१६. प्रत्यर्थी कार्यालयबाट करको गणनामा आयकर ऐन २०५८ को दफा १२० (क)(ख) बमोजिम शुल्क निर्धारण गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० क बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा बदर गरि पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीमा पठाइदिनुपर्ने देखिन आयो ।

१७. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०१२१८४०७ भएका पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. को आ.व. २०७१।०७२ को आयकर तर्फको कर निर्धारण सम्बन्धमा साविक करदाता सेवा कार्यालय, बत्तिसपुतली, हाल आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट मिति २०७३।१०।१४ मा भएको निर्णय र सोलाई केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।५।२८ मा भएको प्रशासकिय पुनरावलोकनको निर्णयमा व्याज आय समावेश गर्नेतर्फ पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण गर्नु भनी उल्लेख भएको देखिंदा सो आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ । अब जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसला प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र पुनः संशोधित कर निर्धारण गर्नु भनी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाइदिने ठहर्छ । अन्यमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## तपशिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्कको गणना र संचालकलाई सापटी दिएको रकमको सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्न शुरू कर कार्यालयमा पठाउने ठहरी फैसला भएको हुँदा फैसलाको प्रतिलिपी सहित सो विषयमा पुनः निर्णयको लागि मिसिल शुरू कर कार्यालयमा पठाईदिनू...............१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...............................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू............................................................४

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
<u>शाखा अधिकृतः श्री लेख बहादुर कोइराला</u>
<u>कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी</u>
इतिसम्बत २०७६ साल माघ २८ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १६६

पुनरावेदन नं. ९७–०७४-RB-०२०७

<u>मुद्दाः– आयकर (२०७०/०७१) ।</u>

| | |
|---|---|
| भक्तपुर जि. भक्तपुर उ.म.न.पा. औद्योगिक क्षेत्र व्यासिटोल स्थित बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. (स्थायी लेखा नं. ३०००४४९७१) को तर्फबाट ऐ का अधिकार प्राप्त कन्ट्री मेनेजर सैवाल घोष..........................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, ललितपुर................................................... १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री मन्जु बुढाथोकी
श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

**अविलम्वित नजीरः ×**

<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल

शुरु कर्यालयको निर्णय मितिः—२०१६/५/७२

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०१६/५/७२ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय

दिएको सूचनाको जानकारी हालसम्म नआएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले आ.व. २०७०/०७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. २५१०१५०००।- करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०३०/०९/७१ मा विवरण पेश गरेको ।

२. करदाताको आय विवरण अध्ययन, छानविन तथा परिक्षण गर्ने सिलसिलामा आयकर ऐन २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रू. २६७३५६९४९।९२ करयोग्य आय कायम गरी सोही बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०३२/०४/७२ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०३२/०४/७२ मा जारी भएको सूचना करदाताले मिति २०३/०५/७२ मा बुझी लिएको ।

४. करदाताले मिति २०३/०५/७२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०१६/०५/७२ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०७०/०७१ को लागि रु. २६७३५६९४९।९२ करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी सोही ऐनको दफा १०२ बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०१६/०५/७२ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०१६/०५/७२ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०२८/०६/७२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. विपक्षी कार्यालयबाट मिति २०७२।५।१६ मा जारी गर्नु भएको संशोधित कर निर्धारण

तथा निर्णय पर्चा त्रुटिपूर्ण एवं अनियमित हुँदा बदर गरी पाउँ । साथै, यस सम्बन्धमा विभागबाट पुनरावेदकको हित प्रतिकूल हुने गरी कुनै निर्णय वा काम कारवाही भए गरेको रहेछ भने सो समेत यसै पुनरावेदन पत्रको आधारमा बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०११/३/७५ मा पुनरावेदन पत्र दर्ता भएको ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०७/१३ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र सहितको मिसिल तथा शुरुबाट प्राप्त मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. को तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री मन्जु बुढाथोकी र श्री सुरज श्रेष्ठले अवितरित बोनस रकमलाई विना आधार आयमा समावेश गरेको शुरुको कर निर्धारण आदेश आयकर ऐनको भावना र मनसाय विपरित छ । करदाताले आफ्नो व्यवसायलाई सहज एवं) प्रभावकारी ढंगले संचालन गर्न Software सम्बन्धी सेवा शुल्क समेत बुझाउने सम्झौता गरी इन्टरनेटको प्रयोग गरेको सामान्य खर्च कट्टिको दावीलाई अमान्य गरेको निर्णय मिलेको छैन । कम्पनीले आफ्नो उत्पादनलाई सहजता प्रदान गर्नको लागि कलर बैंक मेसिन खरिद गरि प्रयोग सम्म गर्ने अधिकार प्रदान गरी वितरकहरुलाई सम्झौता गरी प्रदान गरेको कार्यलाई कलर बैंक मेसिन विक्री नै गरेको भनी सो मेसिनलाई कम्पनीको स्थायी सम्पत्तिको रुपमा समावेश गर्न नमिल्ने भनी ह्रास खर्च कट्टि अमान्य गरेको कार्य आयकर ऐनको भावना र मनसाय विपरित छ । पुनरावेदक कम्पनी विशेष उद्योग भएकोले थप एक तिहाई ह्रास कट्टि गणना गर्नु पर्ने भन्ने ऐनको प्रावधान स्वेच्छिक हो। अनिवार्य गर्नुपर्ने प्रावधान नै छैन । विपक्षी कार्यालयबाट अनिवार्य रुपमा थप एक तिहाई ह्रास कट्टि लिनुपर्ने भनी आगामी वर्षका लागि ह्रास आधार कायम गरेको मिलेको छैन । कम्पनीको बास्तविक खर्च समेत लाई खर्च कट्टि नै नदिई आयमा समावेश गरी १२०क को शुल्क दफा ११८ र दफा ११९ को व्याज समेत लगाउने गरी भएको कर निर्धारण आदेश कानून प्रतिकूल हुँदा बदर गरी पुनरावेदक कम्पनीले पेश गरेको आय विवरण र पुनरावेदन जिकिर बमोजिम गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले अवितरि बोनस खर्चलाई आयकर ऐन २०५८ को दफा २५(१) को प्रावधान बमोजिम र आयमा समावेश गरेको कर निर्धारण आदेश कानून सम्मत छ । विक्री भएको कलर बैंक मेसिनको ह्रास खर्च कट्टिको दावी अमान्य गरेको र विशेष उद्योगले अनिवार्य रुपमा कट्टा गर्नुपर्ने थप एक तिहाई ह्रास कट्टि नगरेको हुँदा कट्टि गरी ह्रास आधार कायम गर्ने गरी भएको प्रत्यर्थी कार्यालयको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. पुनरावेदक कम्पनीको तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा विपक्षी कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत छ, छैन र पुनरावेदक कम्पनीको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१३. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक करदाताको आ.व. २०७०।०७१ को वित्तिय विवरणमा बोनस वितरणका लागि छुट्याएको रु. २४२७१०००।–मध्ये कर्मचारीहरुलाई रु. ५५८४८७३।– वितरण गरी ३० प्रतिशतले हुन रकम राष्ट्रियस्तरको कर्मचारी कल्याण कोष जम्मा गरी बाँकी ७० प्रतिशतले हुने रकम प्रतिष्ठानस्तरको कल्याण कोष जम्मा गरेको रकममा विभागको मिति २०६४।२।२० को परिपत्र अनुसार प्राकृतिक व्यक्तिको आयमा लाग्ने उपल्लो दरले करकट्टी गर्नु पर्ने भनी कर निर्धारण भएको देखिन्छ । पुनरावेदकले कर्मचारीहरुलाई वितरण गरी बाँकी रकम मध्ये ७० प्रतिशतले हुने रकम प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा जम्मा गरेको रकममा ३५ प्रतिशतले हुने रकममा कर निर्धारण गरेको देखिन आयो । प्रत्यर्थी कार्यालयको निर्णय पर्चामा आन्तरिक राजस्व विभागको मिति २०६४।२।२० को परिपत्र अनुसार कर्मचारीलाई बाडेर बाँकी रहेको वोनस रकम कल्याणकारी कोषमा रकमान्तर गर्दा श्रोतमा कर कट्टि गर्नु पर्ने भन्ने व्यहोरा उल्लेख भएको छ । यसमा कर्मचारीलाई बोनस रकम वितरण गरी बाँकी रहेको रकमको हदसम्म रकमान्तर भएको देखिन्छ । परिपत्रलाई स्वीकार गर्ने हो भने पनि कुन अवस्थाको कति रकममा कर निर्धारण गरिने हो, यकिन भएको देखिदैन । कल्याणकारी कोषमा जम्मा हुने रकममा आयकर ऐनको कुन दफा अनुसार कर लाग्ने हो ? निर्णय पर्चामा कानूनी आधार लिएको समेत देखिएन । प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा जम्मा भएको रकममा प्राकृतिक व्यक्तिको आयमा लाग्ने उपल्लो करको दरले अग्रिम कर कट्टि गर्ने आधार र कानूनी व्यवस्था देखिएन । यस सम्बन्धमा प्रत्यर्थी कार्यालयको निर्णय पर्चामा समेत उल्लेख भएको देखिदैन ।

१४. पुनरावेदक करदाताले आ.व. २०७०।०७१ को नाफाबाट बोनस वापत छुट्याएको रु. २४२७१०००।–बाट कर्मचारीहरुलाई वितरण गरी बाँकी रहेको रकममा प्राकृतिक व्यक्तिलाई लाग्ने सरह अग्रिमकर निर्धारण गरेको पाइयो । उक्त रकम बोनस वितरण गरी बाँकी रहेको रकमको ७० प्रतिशतले हुने रकम भएको देखिन्छ । पुनरावेदक करदाताले बोनस ऐन २०३० को दफा १३ को कानूनी व्यवस्था अनुरुप श्रम ऐन २०४८ को दफा ३७ अनुसार खडा भएको प्रतिष्ठानस्तरको कोषमा जम्मा गरेको भन्ने जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा पुनरावेदकले आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टि पाएको बोनस रकमबाट वोनस ऐन र श्रम ऐनमा भएको कानूनी व्यवस्था अनुसार नै बोनस वितरण गरी बाँकी रहेको रकमको ७० प्रतिशतले हुने रकम प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा राखेको रकमान्तर सम्म भएको रकममा कर निर्धारण गर्न मिल्ने देखिएन । यस्तै कर निर्धारणका सम्बन्धमा विगतमा यसै न्यायाधिकरणबाट बोनस वितरण गरी बाँकी रही प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा जम्मा गरेको रकमलाई आयमा समावेश गरी कर कट्टी गर्न नमिल्ने भनि फैसला भएको देखिन्छ । पुनरावेदक एशियन पेन्स नेपाल प्रा.लि. विरूद्ध ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेत भएको (००२९२-०७३-९७) यसै विषयको कर निर्धारण उपर राजस्व न्यायाधिकरणबाट भएको फैसला चित्त नबुझाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले पुनरावेदनको अनुमति माग गर्दा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।९।२८ मा अनुमति नहुने भनी भएको निर्णय आधारबाट समेत प्रत्यर्थी कार्यालयको निर्णय मिलेको देखिएन ।

१५. <u>कलर बैंक मेसिनको ह्रास खर्च कट्टि सम्बन्धमा:</u>

पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. रंगको कारोबार गर्ने कम्पनी भएको र सो कम्पनीले आफ्नो कम्पनीको उत्पादनलाई सहजता प्रदान गर्नको लागि कलर बैंक मेसिन खरीद गरी वितरकहरुलाई सम्झौता गरी प्रयोग गर्न सम्म दिएको कार्यलाई "कलर बैंक मेसिन" विक्री नै गरिएको भनी सो मेसिनको ह्रास खर्च कट्टि अमान्य गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, पुनरावेदक कम्पनीले एकातर्फ कलर बैंक मेसिनहरुलाई स्थिर सम्पत्तिमा राखी ह्रास खर्च दावी गरेको छ भने अर्को तर्फ सो मेसिनलाई पुनरावेदक करदाताले आफ्नो वितरकहरुलाई सम्झौता गरी प्रदान गरेको देखिन्छ । करदाता र डिष्ट्रिव्यूटर बीच भएको सझौता अध्ययन गर्दा करदाताले डिष्ट्रिव्यूटरबाट निश्चित किस्ता रकम असुल गर्ने गरेको र निश्चित अवधिपछि सो मेसिन डिष्ट्रिव्यूटरलाई सोही मूल्यमा नै हस्तान्तरण गर्ने सम्झौतामा व्यवस्था गरेको पाइयो । सम्झौताको अध्ययन गर्दा मेसिनको भविष्यको

मुल्य करदाताले पहिले नै प्राप्त गरी सकेको र सो मेसिनको भौतिक स्वामित्व (Physical possession and Ownership) समेत डिष्ट्रिव्यूटरहरुको हुने निश्चत भएकोले करदाताको रंगको व्यवसायको गुणस्तरियता कायम गर्नको लागि तथा यस्तो मेसिनहरु निश्चित गुणस्तरको हुन Specific तोकिएको अवस्थाको लागि मात्र खरिद गरिएको अवस्थामा मेशिन मुल्य पनि शुरुमै लिई विक्री नभनी Advance from Dealers भनी धरौटीमा रकम राखी विक्रीको स्वरुपमात्र फरक गरेको देखिएको र यस्तो मेसिनबाट डिष्ट्रिव्यूटरको विक्री परिमाण बढ्ने सोही आधारमा डिष्ट्रिव्यूटर करदाताले प्रदान गर्ने बोनस स्किममा आवद्ध हुने अवस्थामा उक्त मेशिन प्रत्यक्ष रुपमा डिष्ट्रिव्यूटरले उपयोग (Use) गरी डिष्ट्रिव्यूटरकै आय आर्जनसँग सम्बन्धित देखिएको छ । यस्तो कारोबारलाई Deferred Sales मान्नु पर्ने हुन्छ ।

प्रस्तुत कार्य Nepal accounting Standards Board ले जारी गरेको Nepal Accounting Standard (NAS) 6 मा Property, Plant and Equipment को सम्बन्धमा गरिएको सम्पत्ति सम्बन्धमा व्यवस्थामा "Property, Plant and Equipment are tangible items that" (a) are held for use in the production or supply of goods or services, for rental to others, or for administrative purposes," भनी परिभाषित गरेबाट साथै सम्पत्तिको रुपमा समावेश (Recognition) हुन करदाता आफैले उपयोग गरेको हुनुपर्ने र निजकै आय आर्जनमा वृद्धि हुनुपर्ने स्पष्ट भएकोमा यी दुवै अवस्था करदाताको सम्बन्धमा स्थापित हुदैन ।

त्यस्तै The cost of an item of property, plant and equipment shall be recognized as an asset, if and only if: (a) It is probable that future economic benefits associated with the item will flow to the entiry सोही Standard को Paragraph 65 मा Derecognition सम्बन्धमा "The Carrying amount of an item of property, plant and equipment shall be derecognized: (a) On disposal: pr (b) When no future economic benefits are expected from the use or disposal" भनी उल्लेख गरेको छ । यसमा क्रेता निश्चित भएकोले यसरी निसर्ग भएकोलाई विक्री नै मान्नु पर्ने हुन्छ ।

लेखामान बोर्डको उपरोक्त व्यवस्था अनुसार योजना अन्तर्गतको यी मेसिनहरु करदाताको वास्तविक स्वामित्वको सम्पत्तिको रुपमा मान्न सकिदैन । त्यसैले करदाताले सम्पत्ति आफ्नो स्वामित्वमा भएको वा व्यवसायमा प्रयोग भएको मानि ह्रास खर्च दावी गर्न मिल्ने देखिएन । त्यस्तै, आयकर ऐन २०५८को दफा १९ ले कुनै आयवर्षमा आफ्नो स्वामित्वमा रहेको तथा प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको हकमा मात्र उक्त आयवर्षमा आय गणना गर्ने क्रममा त्यस्तो सम्पत्तिमा ह्रास खर्च दावी गर्न पाउने व्यवस्था गरेको छ । प्रस्तुत सुविधा अन्तर्गतको मेशिनहरु कम्पनीको आय आर्जन गर्न प्रयोग नभएको

अवस्थामा त्यस्ता मेशिनमाथि कम्पनीको वास्तविक स्वामित्व भएको नदेखिएको हुँदा ऐनको दफा १९ अनुसार ह्रास खर्च कट्टीको दावी नपुग्ने भनी शुरू कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

१६. <u>थप एकतिहाई ह्रास कट्टि सम्बन्धमाः</u>

करदाताले आफ्नो कम्पनीको स्वामित्वमा रहेको र व्यवसायको आय आर्जनमा प्रयोग भएको स्थायी सम्पत्तिको ह्रास खर्च आयकर ऐन २०५८ को अनुसूची २ बमोजिम कट्टि दावी गर्नुपर्ने व्यवस्था भएको पाइन्छ । कम्पनीले आयकर ऐन २०५८ को दफा १९ अनुसार ह्रास खर्च गणना गर्दा ऐनको अनुसूची २ को दफा ३ को उपदफा २ मा व्यवस्था भए बमोजिम ह्रास आधार गणना गरी कम्पनी ऐनको अनुसूची १ को दफा २ को उपदफा ३ को खण्ड क बमोजिमको विशेष उद्योग भएकोले सो उद्योगले पाउने सुविधा थप एकतिहाईको दरले हुने रकम समेत समावेश गरी ह्रास खर्च कट्टि दावी गरेको पाइन्छ । पुनरावेदक कम्पनीले आ.व. २०६९।०७०, २०७०।०७१ मा भएको संशोधित कर निर्धारण आदेशबाट कायम भएको ह्रास आधार तथा यस आ.व. मा थप भएको रकम समेत समावेश गरी ह्रास आधार कायम गरी ऐनको अनुसूची २ मा भएको वर्ग अनुसार ह्रास खर्च कट्टि दावी गर्नु पर्ने हुन्छ । कम्पनीले सो बमोजिम वर्ग विभाजन गरी ह्रास खर्च दावी गर्दा विशेष उद्योगले दावी गर्न पर्ने थप एकतिहाई गणना नगरी दावी गरेको देखिएकोले आ.व. ०६९।०७० र २०७०।०७१ मा घटि रकम ह्रास कट्टी दावी गरेको पाइयो । आ.व. २०७०।०७१ मा सोही ह्रास आधारबाट ह्रास कट्टि गणना गरेको हुँदा यस आय वर्षमा ह्रास गणना फरक परेको पाइन्छ । गत वर्षहरूमा थप एक तिहाई ह्रास रकम गणना नगरी ह्रास आधार कायम गरेको कारण विगत वर्षदेखिको थप एक तिहाई ह्रास समेत ह्रास खर्च गणना गरी समायोजन गर्दा यस वर्ष खर्च कट्टि पाउने भन्दा बढी ह्रास खर्च कट्टी गरेको देखिन्छ । अतः यस आ.व. को लागि नयाँ ह्रास आधार कायम गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत नै देखिएको हुँदा नयाँ ह्रास आधार कायम गरेको मिलेको छैन भन्ने पुनरावेदन जिकिर तथा विद्धानको बहस जिकिर समेतसँग सहमत हुन सकिएन ।

१७. <u>प्रशासनिक खर्च अमान्य सम्बन्धमा</u>

पुनरावेदक करदाताको Software and System Support को माध्यमबाट व्यवसायलाई सहज र प्रभावकारी ढंगले संचालन गर्नको लागि भएको खर्चलाई कट्टिको दावी गरिएको मा खर्च कट्टि नपाउने भनी भएको कर निर्धारण आदेश आयकर ऐनको दफा १३ को मनसाय विपरित हुँदा बदर गरी सो शिर्षकमा भएको खर्च कट्टि दिलाई पाउँ भनी

पुनरावेदनमा जिकिर लिएको देखिन्छ । सो जिकिरका सम्बन्धमा हेर्दा, करदाताले दावी गरेको खर्चलाई आयकर ऐन २०५८ को दफा २१(३) अनुसार सम्पत्तिमा समावेश गरी पूजिकृत गर्नु पर्ने हुन्छ सो गरेको अवस्था पनि छैन । खर्चकट्टिको दावी प्रमाणित हुने सबुत प्रमाण आवश्यक कागजात पेश गरी प्रमाणित गर्न सकेको अवस्था पनि छैन । केवल पुनरावेदन लेखको भरमा मात्र दावी गरेको खर्च सही हो भनी मान्न नमिल्ने हुँदा सो प्रशासनिक विषयमा भएको खर्च कट्टिको दावी अमान्य हुने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

**१८. कम्पनीको विभिन्न शिर्षकमा भएको खर्च कट्टि अमान्य सम्बन्धमा**

करदाता कम्पनीले आयविवरण साथ पेश गरेको वित्तिय विवरणको अनुसूची–१९ मा Office Supplies Maintaining Clearing Expenses अन्तर्गत रु. २५३५०००।– र अनुसूची २० मा Sales Promotion, Selling and Distribution अन्तर्गत रु. १९९०२१०००।– खर्च कट्टिको दावी गरेको पाइन्छ । करदाताले पेश गरेका रसिद तथा भौचरहरुको अध्ययन तथा छानविन गर्दा सबुत प्रमाणबाट पुष्टि भएसम्मका खर्चहरुलाई कट्टिको रुपमा मान्यता दिई सबुत प्रमाणबाट पुष्टि नभएका विल भौचरहरु मध्येको अनुसूची १९ मा रु. २२०६३१।२० र अनुसूची २० मा रु. २२७८९७।७६ खर्च कट्टि नपाउने भनी कर निर्धारण भएको देखिन्छ । पुनरावेदक कम्पनीले दावीको सम्पूर्ण खर्च खर्चकट्टिको दावी प्रमाणित हुने सबुत प्रमाण आवश्यक कागजात पेश गरी प्रमाणित गर्न सकेको अवस्था पनि छैन । केवल पुनरावेदन लेखको भरमा मात्र दावी गरेको खर्च सही हो भनी मान्न नमिल्ने हुँदा सो प्रशासनिक विषयमा भएको खर्च कट्टिको दावी अमान्य हुने गरी भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

१९. अतः स्थायी लेखा नं. ३०००४४९७१ भएका पुनरावेदक करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को आ.व. २०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा शुरु कार्यालयको मिति २०७२।५।१६ को निर्णयमा अग्रिम कर तर्फ प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा जम्मा गरेको रकममा ३५ प्रतिशत को दरले हुने रकम अग्रिम कर कट्टी गरेको मानी कर निर्धारण गरेको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को आ.व. २०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा अग्रिम कर तर्फ प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा जम्मा गरेको रकममा ३५ प्रतिशत को

दरले हुने रकम अग्रिम कर कट्टी गरेको मानी कर निर्धारण गरेको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहरी फैसला भएको हुँदा करदाताले धरौटीमा राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू...................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू............२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू..............३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट
इतिसम्बत २०७६ साल जेठ २८ गतेरोज ३ शुभम......

## राजस्व न्यायाधिकरण काठमाण्डौ
## इजलास
## माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर वहादुर कार्की

## फैसला

## २०७४/७५ सालको निर्णय नं. ३१५
## पुनरावेदन नं. : ९७-०७३-००५७०

काठमाण्डौ जिल्ला का. म. न. पा. वडा नं १३ अवस्थित स्थायी लेखा नं. ३०२८८८५६० भएको वेष्टार प्रोपर्टिज प्रा.लि. को तर्फबाट अधिकार प्राप्त शक्ति कुमार गोल्यण .........................................................................१ } पुनरावेदक

**विरुद्ध**

राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर ..............................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट ................................................१
} प्रत्यर्थी

**मुद्दा : मूल्य अभिवृद्धि कर (आ.व. २०६६/६७ देखि २०७२/७३**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री दिपक घिमिरे

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजिर :

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु कर निर्धारण गर्ने कार्यालयः राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर
शुरु कर निर्धारण गर्ने अधिकारीः उपमहानिर्देशक श्री गोविन्द वहादुर बानियां
शुरु कर निर्धारण मिति : २०७३।५।२१

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
पुनरावलोकनको निर्णय मिति : २०७३।१०।२४

पुनरावेदक कम्पनीका हकमा राजस्व अनुसन्धान विभाग, हरिहर भवनले मूल्य अभिवृद्धि कर र जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट समेत केही विषयमा सम्म आंशिक उल्टी भएको भए पनि ब्याज तथा थप दस्तुरका हकमा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कम्पनीले व्यावसायिक अपार्टमेन्टको रुपमा निर्माण कार्य शुरु गरी हाल होटल तथा मोटल सञ्चालन गर्नको लागि व्यावसायिक भवन निर्माण गरिरहेको रहेछ । यसै बीच आ. व. २०६६/६७ देखि आ. व. २०७२।७३ को बैशाख महिनासम्मको भवन निर्माणको WIP तर्फको कारोबारको अनुसन्धान तथा छानविन हुँदा पुनरावेदक कम्पनीले निर्माण गरेको भवन रु. पचासलाख भन्दा बढीको भएको र मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट निर्माण नगराई आफैले निर्माण गरेको देखिई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुने भन्दै राजस्व अनुसन्धान विभागबाट कर, जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रु. ४,०७,१७,५०७।०० कर निर्धारण भएको रहेछ । राजस्व अनुसन्धान विभागबाट भएको उक्त निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा निर्णय हुँदा मिति २०७०।७।३ को परिपत्रबाट मात्र कर दाखिला गर्ने अवधि तोकिएको स्थितिमा जरिवाना गर्न नमिल्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को विषयमा परिपत्र भएको महिना २०७० कार्तिकलाई कर अवधि मानी २०७० मंसिर देखि कर दाखिला भएको मितिसम्मको मात्र थप दस्तुर र ब्याज लाग्ने हुँदा भन्दै सोही अनुसार पुनः कर निर्धारण गर्नु पर्ने गरी निर्णय भएको पाइन्छ । आन्तरिक राजस्व विभागबाट मिति २०७३।८।२४ मा भएको उक्त निर्णय उपर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) का हकमा परामर्श सेवा लिए वापत भुक्तानी गरेको रकमको अङ्क गलत उल्लेख भएको र दफा ८(३) का हकमा ब्याज तथा थप दस्तुर लगाएको हदसम्म चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष दायर हुन आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) अनुसारको कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना वा ब्याज वा थप दस्तुर असूल गर्न नमिल्ने भन्ने कुरालाई निर्णयमा स्वीकार गर्दा गर्दै पनि आफ्नै निर्णय विपरीत मिति २०७०।७।३ मा भएको परिपत्रलाई आधार मानी ब्याज तथा थप दस्तुरमा पुनः कर निर्धारण गर्ने गरी भएको निर्णय कानूनसंगत नरहेको,

ख. कर कुन समयमा दाखिला गर्नुपर्ने हो भन्ने विषय सारभूत विषय भएको र यस्तो विषयमा परिपत्रबाट नियमित गर्न नमिल्ने भएको,

ग. परिपत्रहरु प्रभावकारी हुनको लागि मूल्य अभिवृद्धि कर ऐनको दफा ३२ख(२) बमोजिम सार्वजनिक माध्यमद्वारा प्रकाशित गर्नुपर्नेमा मिति २०७०।७।३ को परिपत्र मिति २०७३।१०।२१ को गोरखापत्रमा प्रकाशित पनि गरिएको तर सो प्रकाशित हुनु पूर्वको अवधिको ब्याज तथा थपदस्तुर गणान गर्ने गरी भएको निर्णय न्यायको मान्य सिद्धान्तको प्रतिकूल रहेको,

घ. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) का हकमा भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क गलत उल्लेख गरी कर निर्धारण भएको,

घ. तसर्थ आन्तरिक राजस्व विभागबाट भएको निर्णय मध्ये मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) को विषयमा २०७० मंसिर देखि कर दाखिला गरेको मितिसम्मको मात्र थप दस्तुर र ब्याज लाग्ने गरी पुनः कर निर्धारण गर्ने गरी भएको निर्णय र मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) को हकमा राजस्व अनुसन्धान विभागको निर्णय सदर गर्ने गरी भएको विभागको निर्णय उल्टि गरी नलाग्ने थपदस्तुर तथा ब्याज दायित्वबाट मुक्त गरी पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपक घिमिरे र प्रत्यर्थी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयहरु तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – पुनरावेदक कम्पनीले भवन निर्माण गरिरहेको र मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने कुरामा विवाद रहेको नभए पनि निर्माण सम्पन्न भएपछि वा निर्माण हुँदाहुँदै पनि कर दाखिला गर्नु पर्ने हो भन्ने सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था नभएको,<br>– मूल्य अभिवृद्धि कर ऐनको दफा ३२ख मा यस ऐनको कार्यान्वयनका लागि सम्बन्धमा परिपत्र जारी गर्न सकिने व्यवस्था भएको भए पनि त्यस्तो परिपत्र सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था भएको,<br>– कर अवधि तोकी मिति २०७०।७।३ मा परिपत्र जारी गरेको भए पनि उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक पत्रिकामा प्रकाशन गरेको देखिएको,<br>– परिपत्र सार्वजनिक रुपमा प्रकाशन गरे पछि मात्र लागू हुनुपर्नेमा उक्त परिपत्र सार्वजनिक हुनु भन्दा अगाडि परिपत्रले तोकेको कर अवधिलाई नै आधार मानी थप दस्तुर र ब्याज लाग्ने गरी भएको निर्णय कानूनसंगत नभएको,<br>– भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क विभागको निर्णयमा गलत उल्लेख भएको । | – पुनरावेदक कम्पनी मूल्य अभिवृद्धि करमा दर्ता भएको अवस्था भए पनि निर्माण शुरु गरेको धेरै पछि मात्र दर्ता भएको देखिंदा कम्पनीको नियत सफा नदेखिएको,<br>– पुनरावेदक कम्पनी विरुद्धमा अनुसन्धान प्रारम्भ भए पछि केही कर रकम बुझाएकोमा विवाद नभए पनि पुनरावेदक कम्पनीलाई परिपत्रका बारेमा जानकारी रहेको देखिएको हुँदा परिपत्र सार्वजनिक नभई जानकारी नहुने भन्ने तर्क यथार्थपरक नरहेको,<br>– भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क पनि गलत उल्लेख भएको नदेखिएको,<br>– तसर्थ आन्तरिक राजस्व विभागको निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) बमोजिमको कर दाखिला गर्नु पर्ने अवधि मिति २०७०।७।३ को परिपत्रबाट तोकी उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरेकोमा उक्त परिपत्र जारी हुँदा कै मिति देखि लागू हुने हो वा सार्वजनिक भएको मिति पछि मात्र लागू हुने हो ?

ख. मिति २०७०।७।३ को परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक

गरिएकोमा परिपत्र सार्वजनिक हुनुभन्दा अगाडिको अवधिलाई आधार मानी बुझाउनु पर्ने कर रकम म्याद भित्र नबुझाएको भनी थपदस्तुर र ब्याज लाग्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेको छ वा छैन ?

ग. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) का हकमा भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क पुनरावेदकले जिकिर लिए जस्तो गलत उल्लेख भएको हो वा होइन ?

५. निरुपण हुनुपर्ने प्रश्नका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा पुनरावेदक कम्पनीले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा उल्लेख भए बमोजिम व्यावसायिक प्रयोजनका लागि भवन निर्माण गरिरहेको र सोही दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने भएको कुरामा स्वीकारै गरेको देखिएको छ ।केवल दफा ८(३) बमोजिमको कर दाखिला गर्नु पर्ने अवधिका बारेमा ऐन नियममा व्यवस्था नभएको र त्यस्तो अवधि आन्तरिक राजस्व विभागको मिति २०७०।७।३ को परिपत्रबाट तोकी मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरेको हुँदा सो बमोजिमको अवधि सम्बन्धी व्यवस्था कहिले देखि लागू हुने हो भन्ने सम्बन्धमा प्रश्न उठाई प्रस्तुत पुनरावेदन यस न्यायाधिकरण समक्ष आइपुगेको देखिन्छ । खासमा कर दाखिला अवधि सम्बन्धी व्यवस्था परिपत्र सार्वजनिक भए पछि मात्र लागू हुनुपर्ने भन्दै परिपत्र सार्वजनिक हुनुभन्दा अगाडिको अवधिलाई आधार मानी म्याद भित्र कर दाखिला नगरेको कारण देखाई लगाएको थप दस्तुर र ब्याज नलाग्नु पर्ने भन्ने पुनरावेदकको जिकिर रहेको पाइन्छ ।आन्तरिक राजस्व विभागको निर्णयमा उल्लिखित व्यहोरा हेर्दा पुनरावेदकले जिकिर लिए जस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिमको कर दाखिला गर्ने सम्बन्धमा ऐन नियमावलीमा अवधि नतोकिएको कुरामा विभागको पनि स्वीकारोक्ति नै रहेको पाइन्छ । तर मिति २०७०।७।३ को परिपत्रबाट कर दाखिला अवधि तोकिएको हुँदा उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरिएको भए पनि सो बमोजिम कर दाखिला अवधि सम्बन्धी व्यवस्था परिपत्र भएकै मितिबाट लागू हुने कुरा उल्लेख गरेको पाइन्छ । त्यसैले मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) बमोजिमको कर दाखिला गर्नु पर्ने अवधि मिति २०७०।७।३ को परिपत्रबाट तोकी उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरेकोमा उक्त परिपत्र जारी हुँदा कै मिति देखि लागू हुने हो वा सार्वजनिक भएको मिति पछि मात्र लागू हुने हो ? भन्ने प्रश्न प्रस्तुत मुद्दामा निरुपणको मुख्य विषय बन्न आएको पाइन्छ ।

६. आजको प्रशासकीय युगमा परिपत्र जारी गर्ने अभ्यास हामीकँहा मात्र प्रचलनमा रहेको नभई संसारका सबैजसो मुलुकहरुमा प्रचलनमा रहेको अभ्यास हो ।प्रशासकीय काम कारबाहीहरुमा एकरुपता ल्याउन, ऐन नियमवलीमा रहेका अस्पष्टताहरुमा स्पष्टता ल्याउन र समयको अन्तरालसंगै सिर्जना हुनसक्ने परिस्थितिजन्य आवश्यकताहरुको तत्काल सम्वोधन गर्न परिपत्रको अभ्यास प्रभावकारी हुने विश्वासमा यस सम्बन्धी अभ्यासहरुले मान्यता पाएका हुन् । तर परिपत्र भन्दैमा सबै परिपत्रहरुको उत्तिकै कानूनी मान्यता हुन्छ भन्ने होइन ।त्यसैले कुनै परिपत्रको विषयलाई लिएर न्यायिक परीक्षण गर्नु पर्दा सर्वप्रथमतः त्यस्तो परिपत्रको कानूनी हैसियतका बारेमा स्पष्ट हुनु जरुरी हुन्छ ।कतिपय परिपत्रहरु मन्त्रालय वा विभाग स्तरका कार्यालयहरुलाई प्राप्त सामान्य प्रशासकीय अधिकार अन्तर्गत जारी भएका हुन्छन् ।यस्ता परिपत्रहरु आदेश र नियन्त्रण (Command and Control) को प्रशासकीय सिद्धान्त अन्तर्गत जारी हुने भएकोले कानूनी सन्दर्भमा खासै महत्व राख्दैनन् । अन्य कतिपय परिपत्रहरु भने ऐन नियमावलीमा भएका अस्पष्टता, रिक्तता र मौनताहरुलाई हटाई ऐन र नियमावलीको कार्यान्वयनलाई सहज तुल्याउने उद्देश्यले जारी भएका हुन्छन् । यस्ता परिपत्रहरुले व्यक्तिका हक अधिकारहरुलाई संकुचन गर्ने वा पाइरहेको सुविधाहरु कटौती गर्ने वा थप दायित्व थोपर्ने पनि हुनसक्छ ।यो अवस्था हो भने यस्ता परिपत्रहरुले नियम कानून कै प्रभाव राख्दछन्। त्यसैले यस्ता परिपत्रहरु न्यायिक परीक्षणको विषय बन्न आउँछन् र न्यायिक निकायहरुले पनि प्रत्यायोजित विधायन कै एउटा पक्षको रुपमा हेरी परीक्षण गर्नु पर्ने हुन आउँछ। Patchett v Leathem को मुद्दामा उल्लिखित यी वाक्याँशहरु मननीय छन् - "In some instances circulars provide mere administrative guidelines and have no legal effect. However, where circulars give effect to statutory requirements, they will have legal effect. In such cases circulars are subject to judicial review. Whether or not a particular circular has legal effect depends on the interpretation of the legislation in terms of which it was issued". (Patchett v Leathem [1949] 65 TLR 69; Gillick v West Norfolk and Wisbech Area Health Authority [1986] 1 AC 112 (http://oxfordindex.oup.com/view/10.1093/oi/authority.20110803095901899) ।

७. प्रस्तुत मुद्दामा विवादमा रहेको मिति २०७०।७।३ को परिपत्र हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को कार्यान्वयन सम्बन्धमा जारी भएको देखिएको र उक्त परिपत्रमा भएका प्रावधानहरु हेर्दा कतिपय व्यवस्थाहरु ऐनमा भएकै व्यवस्थाहरुलाई थप स्पष्ट गर्ने व्याख्यात्मक (Interpretative) प्रकृतिको रहेका, कर अवधि लगायतका

कतिपय व्यवस्थाहरु ऐन नियमावलीमा रहेका रिक्तता र मौनता (Gaps and Silence) लाई पूर्ति गर्ने प्रकृतिको रहेका तथा केही व्यवस्थाहरु जरिवाना तोक्ने दण्डात्मक (Punitive) प्रकृतिको रहेको देखिन्छ। यो स्थितिमा विवादित परिपत्र सामान्य प्रशासकीय प्रकृतिको मात्र नभएर नियम कानून कै प्रभाव राख्ने कानूनी प्रकृतिको रहेको मान्नुपर्ने देखिन आयो।

८. अब मिति २०७०।७।३ को विवादित परिपत्रको कानूनी वैधताका सम्बन्धमा बिचार गरौं ।नियम कानूनको प्रभाव राख्ने कुनै पनि परिपत्रले वैधता प्राप्त गर्नको लागि मुख्यरुपमा तीनवटा पूर्वशर्त पूरा गरेको हुनुपर्छ - (१) परिपत्र कानूनले दिएको अख्तियारी अन्तर्गत जारी भएको हुनुपर्छ, (२) परिपत्र कानूनले तोकेको सीमा भित्र रहेर जारी भएको हुनुपर्छ र (३) त्यस्तो परिपत्र कानूनले तोकेको कार्यविधि पूरा गरी जारी भएको हुनुपर्छ ।विवादित परिपत्र हेर्दा कुन कानूनले दिएको अख्तियारी अन्तर्गत जारी भएको हो भनी परिपत्रमा स्पष्ट उल्लेख भएको पांइदैन ।तथापि परिपत्रमा समावेश भएका व्यवस्थाहरु, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. मा भएका व्यवस्थाहरु र मिति २०७३।१०।२१ को गोरखापत्रमा प्रकाशित सूचनालाई आधार मान्दा उक्त परिपत्र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. ले दिएको अधिकार अन्तर्गत जारी भएको देखिन आउँछ ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. को उपदफा (१) मा "यस ऐनको कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउन ... विभागले यस ऐनमा भएका व्यवस्थाको सम्बन्धमा व्याख्या सहित लिखित सार्वजनिक परिपत्रहरु जारी गर्न सक्नेछ" भन्ने व्यवस्था भएको देखिंदा उल्लिखित परिपत्र कानूनी अख्तियारी बिना जारी भएको भन्न मिल्ने देखिंदैन। कानूनी अख्तियारीको सीमाभित्र रहेर जारी भए नभएको विषयमा बिचार गर्दा मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) बमोजिमको कर दाखिला गर्ने अवधिका सम्बन्धमा ऐन र नियमावलीमा व्यवस्था नभएको बारे पुनरावेदक स्वयंले स्वीकारै गरेको अवस्था भएको, प्रस्तुत मुद्दामा पुनरावेदकले मुख्यतः कर दाखिला अवधि कै विषयलाई आधार बनाई जिकिर लिएको देखिएको र ऐन नियमावलीमा मौन रहेका विषयमा अन्यत्र पनि परिपत्र जारी गर्न सकिने अदालती अभ्यासहरु विकसित भएको (P. M. Mohammed Ali v Union of India, AIR 1975 Ker. 157; Uttar Pradesh v Chandra Mohan, AIR 1977 SC 2411) पांइदा कर दाखिला अवधिको विषयको हदसम्म विवादित परिपत्र कानूनको सीमाभन्दा बाहिर गएर जारी भएको भन्न पनि मिल्ने देखिएन ।जहाँसम्म उक्त परिपत्र कानूनको कार्यविधि पूरा गरेर जारी भएको छ वा छैन भन्ने प्रश्न छ सो सम्बन्धमा बिचार गर्दा परिपत्र जारी गर्न अख्तियारी दिने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख को व्यवस्था हेर्दा उपदफा (१) मा "... सार्वजनिक परिपत्रहरु जारी गर्न सक्नेछ" भन्ने र उपदफा (२)

मा "विभागले उपदफा (१) बमोजिम जारी गरेका परिपत्रहरु सर्वसाधारणको जानकारीको लागि विभागको आफ्नो वेवसाइटमा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्न सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ । आन्तरिक राजस्व विभागबाट "मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ८(३) मा रहेको व्यवस्थालाई स्पष्ट पारी यस विभागबाट मिति २०७०।७।३ मा जारी गरिएको परिपत्र यस विभागको वेवसाइटमा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ" भनी मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेको देखिंदा सो मिति भन्दा पछिको अवधिको लागि दफा ३२ख. (२) मा उल्लिखित सार्वजनिक गर्नुपर्ने शर्त पनि पूरा भएको देखिन्छ ।वास्तवमा गोरखापत्रमा सूचना प्रकाशन भए पछिको अवधिलाई लिएर पुनरावेदकले कुनै अन्यथा जिकिर लिएको अवस्था पनि छैन ।प्रस्तुत मुद्दामा मिति २०७०।७।३ मा परिपत्र जारी भएपछि तर मिति २०७३।१०।२१ मा सार्वजनिक सूचना प्रकाशन हुनुभन्दा अगाडिको अवधिलाई लिएर विवाद उठाइएको हुँदा सो सम्बन्धमा सम्म यो फैसलामा बोल्नुपर्ने हुन आएको छ ।

९. माथि प्रकरण ८ मा उल्लेख भए बमोजिम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. (१) ले परिपत्र जारी गर्ने अधिकार दिएको भए पनि त्यसरी जारी हुने परिपत्र सोही दफाको ३२ख. (२) बमोजिम वेवसाइटमा वा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गर्नु पर्ने व्यवस्था भएको स्पष्ट छ ।परिपत्रको सार्वजनिकीकरणको अनिवार्यता प्राकृतिक न्यायको सिद्धान्तमा आधारित छ ।किनभने परिपत्रका कुनै कुराको पालना नभएको कारण कसैले जरिवाना वा थप आर्थिक दायित्व व्यहोर्नु पर्ने कुरा आउँछ भने उसले सो बारेमा पूर्व जानकारी पाएको हुनुपर्छ ।आफूले गल्ती गरेको छु भन्ने कुराको जानकारी बिनै दण्डित हुनुपर्ने अवस्थालाई प्राकृतिक न्यायको सिद्धान्तले मान्यता दिन सक्दैन ।यसै गरी कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने न्यायको अर्को सर्वमान्य सिद्धान्त पनि रहेको छ । कानूनको अज्ञानता क्षम्य हुँदैन भन्नुको अर्थ कानून सर्वसाधारण सबैको जानकारी हुनसक्ने गरी तिनीहरुको पहुँचमा पुर्‍याइएको हुन्छ र यदि यति गर्दा पनि जानकारी छैन भनी कसैले जिकिर लिन्छ भने त्यस्तो जिकिरलाई मान्यता प्राप्त हुँदैन भन्ने हो । BLACKPOOL CORPORATION V LOCKER को मुद्दामा न्यायाधीश Scott ले भनेका थिए - the very justification for that basic maxim is that the whole of our law, written or unwritten, is accessible to the public – in the sense, of course, that, at any rate, its legal advisers have access to it, at any moment, as of right' (BLACKPOOL CORPORATION V LOCKER [1948] 1 KB 349, [1948] 1 All ER 85) । यी सिद्धान्तहरुका सन्दर्भमा बिचार गर्दा नियम कानूनको प्रभाव राख्ने परिपत्र कानूनले अनिवार्य नगरेकै अवस्थामा पनि सार्वजनिक

गर्नुपर्ने मान्यता राखिन्छ ।जस्तो भारतको Maharashtra v. George को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको थियो - In a situation where there was no statutory requirement for publication of rules, it was necessary to publish the rules in the usual form, in such media as was generally adopted to notify to all persons concerned. (AIR 1965 SC 722) । तर प्रस्तुत मुद्दामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. (२) ले नै स्पष्टतः राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नु पर्ने व्यवस्था गरेबाट राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन हुनुभन्दा अगाडि देखि नै परिपत्रको व्यवस्था लागू भइसकेको मान्न सकिने अवस्था देखिएन ।यसका अतिरिक्त परिपत्र सार्वजनिक गर्नु पर्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. ले गरेको अनिवार्यतालाई मिति २०७०।७।३ मा जारी गरिएको परिपत्र मिति २०७३।१०।२१ मा गोरखापत्रमा प्रकाशित गरिएकोबाट आन्तरिक राजस्व विभाग स्वयंले पनि महशुस गरेको देखिन्छ ।

१०. जहाँसम्म यी पुनरावेदकले परिपत्र भएको अवस्था मै थाहा पाइसकेको भनी लिइएको आधारको कुरा छ सो सम्बन्धमा बिचार गर्दा निर्णयपर्चामा उल्लेख गरिए जस्तो पुनरावेदकले पहिल्यै थाहा पाएको मान्दा यस्तै अवस्थाका अरु करदाताका हकमा सूचना लागू हुने मिति एउटा र यी करदाताका हकमा सूचना लागू हुने मिति अर्कै हुन गई सूचनाको सामान्यता (Generality) मा आँच आउने र यस्तै अवस्थाका करदाताहरु बीच असमानता पनि सिर्जना हुने स्थिति हुनजान्छ । किनभने विवादित परिपत्रको प्रकृति हेर्दा पुनरावेदक एकजनाका हकमा मात्र लागू हुने किसिमको विशेष सूचना यो देखिंदैन । सामान्य प्रकृतिका यस्ता सूचनाहरुका बारेमा अमुक कुनै करदाताले वास्तव मै थाहा पाएको थियो कि थिएन भन्ने कुरा भन्दा पनि त्यस्तो परिपत्र लागू हुनका लागि आवश्यक पूर्वशर्तको रुपमा रहेको प्रकाशन गर्नु पर्ने अनिवार्यता तत्व पूरा भएको छ वा छैन भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ ।कानूनले अनिवार्य गरेको सार्वजनिकीकरणको शर्त पूरा नभएको अवस्थामा अमुक व्यक्तिले कुनै माध्यमबाट थाहा पाएको थियो भन्ने कुरालाई मान्यता दिई निजका हकमा परिपत्र सार्वजनिक हुनु अगाडि देखि नै लागू हुने गरी परिपत्रले सिर्जना गरेको थप दायित्व व्यहोर्नु पर्छ भन्न विवेकसंगत देखिएन ।

११. पुनरावेदकको अर्को जिकिर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) का हकमा भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क गलत उल्लेख गरी कर निर्धारण भएको भन्ने रहेको छ ।मिसिल संलग्न कागजातहरु अध्ययन गर्दा राजस्व अनुसन्धान विभागको मिति २०७३।५।२१ को अन्तिम कर निर्धारण आदेशमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा व्यवस्था भए विपरीत भारतीय कम्पनीलाई भुक्तानी गरेको परामर्श शुल्क भनी रु

९८,१०,०००७।०० उल्लेख भएको पाइन्छ भने आन्तरिक राजस्व विभागको मिति २०७३।१०।२४ को निर्णयमा पनि दफा ८(२) अनुसारको करका हकमा राजस्व अनुसन्धान विभागको निर्णय कानूनसम्मत रहेको देखिएको भनी सोही निर्णयलाई सदर ठहराएको पाइन्छ । शुरु अनुसन्धान प्रतिवेदनमा पनि भारतीय कम्पनीलाई परामर्श वापत भुक्तनी गरेको रकम भनी यही अङ्क उल्लेख भएको पाइन्छ ।यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) का हकमा पुनरावेदकले लिएको जिकिर पुग्न सक्ने देखिएन ।

१२. यसमा स्थायी लेखा नं. ३०२८८५६० भएका करदाता सिटी होटल प्रा.लि. को आ.व. ०६६।०६७-२०७२।०७३ सम्मको मूल्य अभिवृद्धिकर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको दफा ८(३) बमोजिम मूल्य अभिवृद्धिकर दाखिला गर्ने सम्बन्धमा मू.अ.कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएको कुरामा आन्तरिक राजस्व विभागको निर्णयपर्चामा पनि स्वीकारै गरेको देखिएको, दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो पपित्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रभावित भइरहेको र यस्ता विषयमा मू.अ.कर ऐन २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि थप दस्तुर र व्याज लगाएको हदसम्म राजस्व अनुसन्धान विभाग, ललितपुरको मिति २०७३।५।२१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार गोरखापत्रमा प्रकाशित उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि थप दस्तुर र व्याज लगाएको हदसम्म राजस्व अनुसन्धान विभाग, ललितपुरको मिति २०७३।५।२१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति

२०७३।१०।२४ मा भएको निर्णय सो हदसम्म उल्टी हुने ठहरेकोले थप दस्तुर र व्याजको रकम यकिन गरी पुनरावेदकलाई कानूनले तोकेको अवधि भित्र नियमानुसार फिर्ता दिनु........................................................................................................१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु......................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...................................................................................................३

तिल प्रसाद श्रेष्ठ

(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की

(लेखा सदस्य)

जीवन कुमार घिमिरे

(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना ३ गते रोज ०५ शुभम् ..........................

## राजस्व न्यायाधिकरण काठमाण्डौ

**इजलास**

**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

## फैसला

**२०७४/७५ सालको निर्णय नं. ३२१**

**पुनरावेदन नं. : ९७-०७३-००५६९**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ३२ मा रजिष्टर्ड कार्यालय रहेको कास ट्रेडिङ्ग हाउस प्रा. लि. को तर्फबाट ऐ. का अख्तियार प्राप्त सञ्चालक श्री राजन लाल श्रेष्ठ ..........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १, बबरमहल......................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ .................................१ | प्रत्यर्थी |

**मुद्दा : आयकर (आ. व. २०७१/०७२)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

अविलम्वित नजिर : ×

**शुरु निर्णय गर्ने कार्यालय र पदाधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १, बबरमहल

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री चन्द्रकला पौडेल

शुरु निर्णय मिति : २०७३।०४।११

आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ, क्षेत्र नं १ बाट पुनरावेदक कम्पनीको आ.व. २०७१/०७२ को संशोधित आयकर निर्धारण गर्ने गरी मिति २०७३।४।११ मा खडा भएको निर्णय पर्चा उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र ९ बमोजिम भनी पुनरावेदक कास ट्रेडिङ्ग हाउस प्रा. लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कास ट्रेडिङ्ग हाउस प्रा.लि. ले आ.व. २०७१।०७२ का लागि आयकर ऐन २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु. ३७३२१४६।२३ करयोग्य आय कायम गरी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ मा मिति २०७२।९।३० मा आय विवरण पेश गरेकोमा उक्त कम्पनीको आय विवरण पूर्ण कर परीक्षणको लागि छनौटमा परेको रहेछ ।परीक्षणका क्रममा कारोबारलाई प्रमाणित गर्ने कागजात फाँटबारी तथा प्रमाणहरु पेश गर्न आयकर ऐन २०५८ को दफा ८३ बमोजिमको सूचना मिति २०७२।११।२८ मा जारी भएकोमा सो सूचना बमोजिम करदाताबाट पेश भएका कागजात तथा प्रमाणहरुको अध्ययन एवं छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदनबाट प्रस्तुत करदाताको आ.व. २०७१।०७२ को लागि आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि रु. ८६,१५,००१।— करयोग्य आय कायम गर्नु पर्ने देखिएको भन्दै सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भनी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७३।३।३१ मा लिखित सूचना जारी गरिएको देखिन्छ। करदाताले उक्त पत्र सोही मितिमा बुझिलिई लिफ्टमा दावी गरेको ह्रास खर्च सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १९ अनुसार कम्पनीले प्रयोग गर्ने लिफ्टमा पुंजीगत खर्च गरी जडान गरेको लिफ्टमा ह्रास खर्च दिनुपर्ने हुन्छ, लिफ्ट बन्द वा नचलेको आधारमा ह्रास खर्च नपाइने होइन साथै न्यून मौज्दातको रु. ४८,०६,२५०।६१ लाई आय विवरणमा समावेश नगरिएको सम्बन्धमा मूल्य अभिवृद्ध कर निर्धारण निर्णयमा चित्त नबुझी आन्तरिक राजस्व विभागमा विचाराधिन भएकोले आय विवरणमा समावेश नगरिएको हो भनी मिति २०७३।४।२० मा जवाफ पेश गरेको देखिन्छ ।

पुनरावेदक कम्पनीले पेश गरेको जबाफ बिना आधार प्रमाणको मनगढन्ते रहेको भन्दै प्रत्यर्थी कार्यालयबाट जारी भएको प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै कर निर्धारण गर्ने गरी मिति २०७३।४।११ मा अन्तिम कर निर्धारणको निर्णय पर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व कार्यालयको उक्त आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि पुनरावेदक कम्पनीले आन्तरिक राजस्व विभागमा मिति २०७३।६।५ मा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय नगरेको हुँदा भनी आयकर ऐन, २०५८ को दफा ११५(९) बमोजिम विभागलाई

जानकारी दिई आन्तरिक राजस्व कार्यालयबाट भएको मिति २०७३।४।११ को निर्णय वदर गरी पाउन माग गरी पुनरावेदक कम्पनी कास ट्रेडिङ्ग हाउस प्रा. लि. का तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. लिफ्ट जडान भएकोमा लिफ्ट प्रयोगमा आएको नदेखिएको भनी ह्रास खर्च रु. ७६,६०४।- अमान्य गरेको कानूनसंगत नभएको,

ख. न्यून मौज्दात देखिएको मूल्य रु. ४८,०६,२५०।६१ लाई आय विवरण पेश गर्दा आयमा समावेश नगरेको भन्ने उल्लेख भएको सम्बन्धमा यसैसंग सम्बन्धित मूल्य अभिवृद्धि कर निर्धारणको विषयलाई लिएर पुनरावलोकनका लागि निवेदन परेकोमा सो निवेदनमा निर्णय भइनसकेको अवस्थाको कारण समावेश नभएको अवस्था रहेको,

ग. आयकर ऐन, २०५८ को दफा १२० बमोजिम भनी शुल्क वापत रु ६,१०,३५७।- लगाएको पनि कानून विपरीत भएको,

घ. तसर्थ आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय बदर गरी पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कास ट्रेडिङ्ग हाउस प्रा. लि. का तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो। वहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता एवं शाखा अधिकृतबाट देहाय बमोजिमका जिकिरहरु प्रस्तुत हुन आएको छ :-

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयकातर्फबाट उपस्थित विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – स्थलगत निरीक्षणका क्रममा मौज्दात विवरण किताबबाट मौज्दात स्थिति हेर्नुपर्नेमा सो नगरी पहिले मौज्दात स्थिति हेरी वारेण्टीका सामानहरुको समेत मौज्दात स्थिति देखाई गलत प्रतिवेदन तयार गरेको र यस्तो गलत मौज्दात प्रतिवेदन बमोजिमको सामानहरुलाई बिक्री भइसकेको भनी मूल्य अभिवृद्धि कर लगाई आयमा समावेश गरिएको निर्णय त्रुटिपूर्ण छ,<br>– अमुक समयमा लिफ्ट नचलेको भन्ने आधारमा लिफ्ट जडान ह्रासखर्च कट्टी नगरेको मिलेको छैन,<br>– तसर्थ आन्तरिक राजस्व कार्यालय र विभागबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा वदर गरी पाउँ । | – स्टक बुक पनि पुनरावेदकले नै देखाएको र मालवस्तुको स्टक पनि पुनरावेदकले नै देखाए अनुसार प्रतिवेदन तयार भएको अवस्था रहेको र सोलाई आधार मानी गरिएको आयकर निर्धारण मिलेकै देखिन्छ,<br>– लिफ्ट जडान गरेकोमा सो लिफ्टबाट सेवा सुविधा प्राप्त भएको स्थिति नहुँदा बन्द भएको कारण ह्रास खर्च नदिएको अवस्था देखिएको,<br>– तसर्थ आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय मिलेकै देखिंदा सदर हुनुपर्छ। |

४. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहसबुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयोः-

क. पुनरावेदक करदाताले जडान गरेको लिफ्टको ह्रास खर्च कट्टी गर्न नपाउने भनी गरेको निर्णय मिलेको छ वा छैन ?

ख. आ.व. २०७१/०७२ को अनुसन्धनात्मक कर लेखा परिक्षणबाट न्यून मौज्दात देखाएको मूल्य रू. ४८,०६,२५०।६१ लाई आयमा समावेश गरी कर निर्धारण गरिएको निर्णय कानूनसम्मत छ वा छैन ?

५. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गर्दा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ को मिति २०७१।८।२६ को पत्रानुसार खटिएका कर अधिकृतहरुको टोलीले कास ट्रेडिङ्ग हाउस प्रा. लि. को कारोबार स्थल पुतलीसडकमा आकस्मिक निरीक्षण गर्दा पुनरावेदक प्रा.लि. को लिज होल तर्फको लिफ्ट प्रयोग (संचालन) मा आएको नदेखिएको भन्ने आधारमा कर निर्धारण गर्दा उक्त लिफ्टको ह्रास खर्च आयकर ऐन, २०५८ को दफा १९ बमोजिम खर्च कट्टि नपाउने भनी उल्लेख भएको देखिन्छ ।स्थलगत निरीक्षणका क्रममा लिफ्ट जडान नै नभएको भन्न सकिएको अवस्था देखिंदैन ।लिफ्ट ह्रासयोग्य सम्पत्ति होइन भनी उल्लेख भएको पनि पांइदैन ।आयकर ऐन, २०५८ को दफा १९ अध्ययन गर्दा "कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भए बापत अनुसूची-२ बमोजिम ह्रास खर्च कट्टी गर्नुपर्नेछ" भनी उल्लेख भएको देखिन्छ । यो दफामा "प्रयोग गरेको" भन्ने शब्दावली प्रयोग भएको र निरीक्षणका बखत लिफ्ट प्रयोग गर्न नसकिएको कारणले प्रत्यर्थी कार्यालयले ह्रास खर्च अमान्य गरेको हुनसक्छ । उक्त दफामा प्रयुक्त "प्रयोग गरेको" भन्ने शब्दावलीले अमुक समयमा सञ्चालनमा आउन नसकेको कुरालाई जनाउने नभई व्यवसायका लागि प्रयोग गर्न कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति बुझ्नुपर्ने हुन्छ। यदि कर कार्यालयले ब्याख्या गरे जस्तो हरसमय सञ्चालनमा रहनु पर्ने कुरालाई मान्नु पर्ने हो भने लिफ्ट लगायतका अन्य सम्पत्तिहरु बिग्रन पनि नहुने, हरसमय चालु हालतमा रहनु पर्ने भनी बुझ्नु पर्ने हुन्छ जुन संधै सम्भव हुने कुरा होइन । अमुक समयमा बिग्रन गएको वा विधुत शक्तिको आपूर्ति नभएको वा अन्य कारणले पनि कुनै खास समयमा सञ्चालनमा आउन नसकेको हुनसक्छ तर अमुक समयमा सञ्चालनमा नआएको कुराले व्यवसायको प्रयोगमा नरहेको तर्क गर्नु मनासिब हुने देखिंदैन ।लिफ्ट जडान नै नगरी त्यसै राखेको भन्ने भनाइ पनि छैन । त्यसैले तत्कालको समयमा लिफ्ट

सञ्चालन हुन नसकेको कारण देखाई प्रयोग मै नरहेको मानी सो को ह्रासखर्च नपाउने भनी लिफ्टको ह्रास खर्च नदिएको हदसम्म आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ बाट भएको निर्णय मिलेको देखिएन ।

६. अब आय विवरण पेश नभएको भनी उल्लेखित रु. ४८,०६,२५०।६१ लाई आयमा समावेश गरी कर निर्धारण गरिएको कानूनसम्मत छ वा छैन ? भन्ने तर्फ हेर्दा प्रस्तुत मुद्दामा स्थलगत निरीक्षण भई सामानको मौज्दात गणना सम्पन्न भएको भोलिपल्टै पुनरावेदक कम्पनीले केही सामानहरु गणनामा छुटेका र केही फिर्ता आएका सामानहरु पनि परेका भनी निवेदन दिएको र पछि प्रारम्भिक कर निर्धारण आदेशका सन्दर्भमा जबाफ दिंदा पनि सामान गणना गर्न बाँकी छ छैन भनी नसोधिएको भनी उल्लेख गरेकोमा प्रत्यर्थी कार्यालयको कर निर्धारण आदेशमा पुनरावेदक कम्पनीको ती निवेदन व्यहोरा र जबाफका सम्बन्धमा केही बोलिएको अवस्था देखिंदैन । प्रस्तुत मुद्दामा सामानहरुको विवरण मै प्रश्न उठिरहेको छ र पुनरावेदक कम्पनीले राखेका भनाइहरु उपर उपयुक्त तवरबाट ध्यान दिइएको छ भन्ने कुरा देखिएको छैन । आकस्मिक निरीक्षण भए पछि सो सम्बन्धमा करदाताले दिएको निवेदन व्यहोरा र जबाफका सम्बन्धमा कुनै सुनुवाइ भएन भन्ने किसिमको भावना करदातामा पर्न दिनु राज्यका निम्ति शोभायमान कुरा होइन । मूल्य अभिवृद्धि करका सन्दर्भमा त झन् मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले कर निर्धारण गर्दा प्रमाणको भार पुर्‍याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ भनी स्पष्ट व्यवस्था गरेको अवस्था पनि छ ।त्यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनिएकोमा उक्त दफामा उल्लेख भए मध्येको कुन अवस्था परी कर निर्धारण गर्नु परेको हो सो नखोलेको, कर निर्धारण गर्नु पर्नाको कारण र आधार पनि पर्याप्त नखोलेको तथा पुनरावेदक कम्पनीले मौकामा लिएको जिकिरहरुका सम्बन्धमा पनि कुनै बिचार गरी तथ्ययुक्त प्रमाणहरुबाट खण्डन गर्न सकेको अवस्था नदेखिंदा विवादित मूल्य अभिवृद्धि कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने पुनरावलोकनको निर्णयलाई मान्यता दिन सकिएन भनी आज यसै इजलासबाट यसै लगाउको यिनै पुनरावेदक र प्रत्यर्थी भएको निर्णय नं. ३२० को पुनरावेदन नं. ९७-०७३-००२८३ को मूल्य अभिवृद्धिकर मुद्दामा पुनः निर्णय गर्न पठाउने ठहरी फैसला भएको अवस्था छ । प्रस्तुत आयकरको विवाद पनि सोही मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने भन्ने विषयसंग सम्बन्धित भएको र उक्त मुद्दामा पुनः निर्णयका लागि पठाउने फैसला भएकोले सोही आधार प्रमाणबाट समेत प्रस्तुत मुद्दा पनि आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ को निर्णयलाई सदर गर्न मिल्ने देखिएन ।

७. यसप्रकार प्रस्तुत मुद्दामा लिफ्ट जडान नभएको भन्न नसकिएको अवस्थामा संचालनमा नरहेको भन्ने आधारमा मात्र ह्रासखर्च कट्टि गर्न नपपाउने भन्न मिल्ने नदेखिंदा लिफ्टको ह्रासखर्च नदिएको हदसम्म आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ काठमाडौंका प्रमुख कर प्रशासकबाट भएको मिति २०७३।४।११ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ । आय विवरण पेश नगरेको भनी उल्लेखित रु. ४८,०६,२५०।६१ का हकमा यो विषय यसै मुद्दासँग लगाउको मुद्दा ९७-०७३-००२८३ सँग सम्बन्धित रहेको र उक्त मुद्दामा आज यसै न्यायाधिकरणबाट पुनः निर्णय गर्न पठाउने ठहर भएकोले सो मुद्दामा पुनः निर्णय हुँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दामा पनि प्रमुख कर प्रशासकबाट मिति २०७३।४।११ मा भएको निर्णय बदर भई पुनः तीन महिना भित्र कानून बमोजिम निर्णय गर्नु भनी मिसिल र पक्ष सहित आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ मा लेखी पठाइ दिने ठहर्छ ।अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा लेखिए अनुसार आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ का प्रमुख कर प्रशासकबाट मिति २०७३।४।११ मा भएको निर्णय मिलेको नदेखिंदा वदर हुने ठहरेकोले पुनः तीन महिना भित्र निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ लाई लेखी पठाइदिनु....१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु......................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..............................................................................................३

तिल प्रसाद श्रेष्ठ

(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की

(लेखा सदस्य)

जीवन कुमार घिमिरे

(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना १३ गते रोज १ शुभम् ...................................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

२०७४/७५ सालको निर्णय नं. ३४३
पुनरावेदन नं. : ९७-०७३-००६०१

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ११ स्थित फर्निचरल्याण्ड स्टोर प्रा. लि. को तर्फबाट ऐ. का अख्तियार प्राप्त प्रबन्ध निर्देशक श्री मदन लाल जोशी ......................................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २, बबरमहल ....................१ } प्रत्यर्थी

**मुद्दा : मूल्य अभिवृद्धि कर (२०७१ जेठ)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नारायण नेपाल
: विद्वान अधिवक्ता श्री राजेश्वर श्रेष्ठ
प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर : ×

**शुरु निर्णय गर्ने कार्यालय र पदाधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २, बबरमहल
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री किशोर जङ्ग कार्की
शुरु निर्णय मिति : २०७१।८।१७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
निर्णय मिति : २०७३।३।१०

आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ, क्षेत्र नं २ बाट मूल्य अभिवृद्धि कर अवधि २०७१ जेठको मूल्य अभिवृद्धि कर निर्धारण गरी मिति २०७१।८।१७ मा कर, जरिवाना, थप दस्तुर र ब्याज समेत तोकेकोमा कार्यालयको उक्त आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको तर आन्तरिक राजस्व विभागबाट पनि शुरु कार्यालयको कर निर्धारण आदेश कानूनसम्मत रहेको ठहराई मिति २०७३।३।१० मा खडा भएको निर्णयपर्चा उपर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम भनी पुनरावेदक फर्निचर ल्याण्ड स्टोर प्रा. लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक फर्निचरल्याण्ड स्टोर प्रा. लि. घर तथा अफिसको लागि आवश्यक पर्ने फर्निचर तथा सजावटका सामानहरु विभिन्न मुलुकबाट आयात गरी बिक्री वितरण गर्ने कम्पनी रहेछ । कम्पनीले त्रिपुरेश्वर, माइतीघर, महाराजगञ्ज र पोखराको न्यूरोडमा कारोबार गरी आएकोमा मिति २०७१।२।१२ मा आन्तरिक राजस्व कार्यालयका कर्मचारीहरु खटिई गई मौज्दात निरीक्षणको कार्य भएको रहेछ । मौज्दात विवरण भिडान गर्दा करदाता कम्पनीको उक्त दिनको मौज्दात विवरण भन्दा मौज्दात गणना प्रतिवेदन अनुसारको विवरणमा कम मौज्दात देखिन आएको व्यहोराको प्रतिवेदन पेश भएको रहेछ । यसै प्रतिवेदनलाई आधार मानी प्रत्यर्थी कार्यालयबाट न्यून मौज्दातका रुपमा उल्लेख भएका सामानहरुलाई २०७१ जेठ महिनामा बिक्री भैसकेको मानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) र दफा २९(२) बमोजिम भन्दै मिति २०७१।७।२० मा कर, जरिवाना र सो मा ब्याज तथा थप दस्तुर समेत गरी रु ५८,०३,१९२।०० को प्रारम्भिक कर निर्धारण गरी सो बमोजिम गर्नु नपर्ने कुनै कारण भए पेश गर्न पुनरावेदक कम्पनीलाई मिति २०७१।७।२० मा पत्र पनि जारी भएको रहेछ । सो पत्र अनुसार पुनरावेदक कम्पनीले मिति २०७१।८।४ मा आफ्नो जबाफ पेश गरेको देखिन्छ । पुनरावेदक कम्पनीले पेश गरेको जबाफ तथ्ययुक्त मान्न सकिने नदेखिएको भन्दै प्रत्यर्थी कार्यालयबाट जारी भएको प्रारम्भिक कर निर्धारण उपर हाल केही गरिरहनु परेन भनी मिति २०७१।८।१७ मा अन्तिम कर निर्धारणको निर्णय पर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व कार्यालयको उक्त आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि पुनरावेदक कम्पनीले आन्तरिक राजस्व विभागमा मिति २०७१।१०।१४ मा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।१० मा निर्णय पर्चा खडा हुँदा आन्तरिक राजस्व कार्यालयको निर्णय

कानूनसम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भनी निर्णय भएको पाइन्छ । आन्तरिक राजस्व कार्यालयबाट भएको मिति २०७१।८।१७ को निर्णय र आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।१० मा भएको निर्णय वदर गरी पाउन माग गरी पुनरावेदक फर्निचरल्याण्ड स्टोर प्रा. लि. का तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. विपक्षी कार्यालयबाट माग भएको सम्पूर्ण विवरण पेश गरी बयान समेत दिएकोमा बयानको व्यहोरा बङ्गयाई कर निर्धारण गरेको र सो उपर पुनरावलोकनका लागि निवेदन दिएकोमा निवेदनमा उठाइएको कुनै पनि तथ्यगत र कानूनी प्रश्नमा विवेचना नगरी एकतर्फी रुपमा कार्यालयको प्रतिक्रियालाई मात्र आधार बनाई निर्णय भएको,

ख. निरीक्षण गर्दा स्टक बुकसंग भिडान गरी भौतिक रुपमा गन्ती गरी मौज्दात विवरण तयार गर्नु पर्नेमा सो नगरी एकतर्फी रुपमा सामानको गणना गरेको तथा बेरितको कारबाही सच्याइपाउन मिति २०७१।४।१ मा निवेदन दिएकोमा सोको सुनुवाइ नभएको,

ग. कम्पनीको चारवटा शाखाहरु र एउटा गोदाम रहेकोमा कुन कुन शाखामा कुन कुन सामान कति परिमाणमा गणना गरिएको हो र ती प्रत्येक स्थानमा के कति सामान नभिडेको हो भन्ने नखुलाई हचुवाको आधारमा मौज्दात विवरण तयार गरेको,

घ. कर निर्धारण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनी कर निर्धारण गरेको तर उक्त दफा २०(१) अन्तर्गतको कुन अवस्था परी कर निर्धारण भएको हो निर्णयपर्चामा केही नखुलाइएकोले सोही ऐनको दफा २०(३) को विपरीत भएको,

ङ. तसर्थ आन्तरिक राजस्व कार्यालय र आन्तरिक राजस्व विभागबाट भएको निर्णय वदर गरी थप कर दायित्वबाट मुक्ति पाउँ ।

## <u>ठहर</u>

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक फर्निचरल्याण्ड स्टोर प्रा. लि. का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपाल र श्री राजेश्वर श्रेष्ठ तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो। वहसका

क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु र शाखा अधिकृतबाट देहाय बमोजिमका जिकिरहरु प्रस्तुत हुन आएको छ :-

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयकातर्फबाट उपस्थित विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – स्थलगत निरीक्षणका क्रममा मौजदात विवरण किताबबाट मौजदात स्थिति हेर्नुपर्नेमा सो नगरी बिलबिजकबाट बिक्री भैसकेका सामानहरु पनि नभेटिएको सूचीमा राखी गलत प्रतिवेदन तयार गरेको,<br>– कम्पनीले कुनै पनि सामान स्थानीय बिक्रेताबाट खरिद गर्ने नभई भन्सार विन्दुबाट मात्र आयात गर्ने भएकोमा प्रज्ञापनपत्रबाट पनि प्रमाणिकरण गर्न सकिने अवस्था भएकोमा सो नगरेको,<br>– आयकर प्रयोजनका लागि यही बिक्रीले मान्यता पाउने तर मूल्य अभिवृद्धि कर प्रयोजनका लागि मान्यता नपाउन नमिल्ने,<br>– सबुद प्रमाण पेश गर्न मौका दिइए बमोजिम जबाफ दिइएकोमा जबाफको व्यहोरा निर्णयमा उल्लेख नभएकोले पत्र औपचारिकताका लागि मात्र दिएको देखिएको,<br>– मूल्य अभिवृद्धि कर ऐनको दफा २०(१) सम्म उल्लेख गरेको तर उक्त दफा अन्तर्गतको कुन अवस्था परेको हो सो नखुलाइएको तथा दफा २०(३) बमोजिम प्रमाणको भार पुर्याउने अभिभारा कर अधिकृत कै हुने व्यवस्था भएकोमा सो बमोजिम प्रमाणको भार नपुर्याएको,<br>– तसर्थ आन्तरिक राजस्व कार्यालय र विभागबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा वदर गरी पाउँ । | – निरीक्षण मुचुल्कामा शाखा प्रमुखले दस्तखत गरेको देखिएको छ । शाखा प्रमुख बाहेक स्टोरका बारेमा जानकारी भएको आधिकारिक व्यक्ति को हुने हो नखुलाइएको,<br>– मौजदात किताब अनुसारको विवरण र मौजदात स्थिति फरक परेको कुरा स्वीकारेकै अवस्था छ,<br>– मूल्य अभिवृद्धि कर ऐनको दफा २०, २१ र २९(२) मा कर असूल गर्ने र जरिवाना गर्ने व्यवस्था रहेकै छ,<br>– तसर्थ आन्तरिक राजस्व कार्यालय र विभागबाट भएको निर्णय मिलेकै देखिंदा सदर हुनुपर्छ । |

४. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहसबुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयो:-

क. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनी लगाइएको कर जरिवाना सदर हुनु पर्ने हो वा होइन ?

ख. करदाता कम्पनीको स्थलगत निरीक्षणबाट सामानहरु न्यून मौजदात भनी देखाई पेश भएको प्रतिवेदनलाई पुनरावेदकको जिकिर बमोजिम गलत मान्न मिल्ने हो वा होइन?

ग. कर जरिवाना समेत निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २ बाट मिति २०७१।८।१७ मा भएको आदेश र सो आदेशलाई कानूनसम्मत ठहराई आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको छ वा छैन ?

५. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गर्दा आन्तरिक राजस्व विभागको मिति २०७१।२।१२ को पत्रानुसार खटिएका कर अधिकृतहरुको टोलीले फर्निचरल्याण्ड स्टोर प्रा. लि. को कारोबार स्थल त्रिपुरेश्वर समेतका स्थानहरुमा आकस्मिक निरीक्षण गरी सामानहरुको मौजदात गणना कार्य सम्पन्न गरेको देखिन्छ ।मिति २०७१।३।२९ मा पुनरावेदक कम्पनीका तर्फबाट प्रतिनिधि विनिशमान स्थापितले बयान गर्दा सवाल १६ को जबाफमा "टोलीले भौतिक गणना गर्दा सबै सामानहरु छुट्टाछुट्टै रुपमा एक एक गरी छुट्याई गणना गर्नु पर्नेमा सरसर्ती रुपमा मात्र गणना गरेकोले सबै सामानहरु पूर्ण रुपमा गणना नगरेकोले उक्त १५११६ को परिमाणमा घटी देखिएको हो, साथै हामीसंग रहेका स-साना सामानहरु र प्याकिङ्गमा रहेका सामानहरुको गणना समेत टोलीले गरेको थिएन । यस कार्यालयको माग अनुसार हामीसंगै रहेको मौज्दातको पूर्ण विवरण र परिमाण सहित कागजात पेश गरेको छु, सोही पेश गरेको मौज्दात विवरण अनुसारको सामानहरु अहिले पनि शाखाहरु र गोदाममा रहेको छ" भनी बयान गरेको र सवाल १७ को जबाफमा "सबै सामानको स्टक विवरण माग गरी सो अनुसार सामान मौज्दात रहे नरहेको अनुसन्धान गर्नुपर्नेमा सो अनुसार नभएको र सबै सामानहरुको गणना नगरिएको हुनाले सामानको गणना प्रक्रिया नै गलत भएको" भनी उल्लेख गरेको देखिन्छ । मिति २०७१।४।१ मा आन्तरिक राजस्व विभागका महानिर्देशकलाई सम्वोधन गरी लेखिएको पत्रमा भौतिक गन्ती गरी मौज्दात विवरण तयार गर्नु पर्नेमा सो नगरी कर्मचारीहरुले अगाडि भएको र देखिएका सामानहरुको मात्र सूचीमा उल्लेख गरेकोले पुनः गणनाका लागि निर्देशन जारी गरी पाउँ भनी उल्लेख गरेको देखिन्छ । प्रारम्भिक कर निर्धारण आदेशका सम्बन्धमा सोधिएको प्रतिक्रियामा पनि बयान र पूर्व अनुरोध पत्रहरुको सन्दर्भ उल्लेख गर्दै पूरा सामानहरु गणना नगरिएकोले घटी देखिएको व्यहोरा समेत उल्लेख गरी मिति २०७१।८।४ मा जबाफ पेश गरेको देखिन्छ । मिति २०७१।८।१७ मा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ बाट प्रारम्भिक कर निर्धारण उपर हाल केही गरिरहनु नपर्ने ठहर्छ भनी निर्णय पर्चा खडा भएको र आन्तरिक राजस्व विभागबाट पनि मिति २०७३।३।१० मा शुरु कार्यालयबाट भएको कर निर्धारण कानूनसम्मत रहेको भनी निर्णय भएको पाइन्छ।

६. आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ को मिति २०७१।८।१७ को निर्णय पर्चा हेर्दा "आन्तरिक राजस्व विभाग अनुसन्धान तथा विकास शाखाबाट लेखी आए बमोजिम र विभागबाट छानविन भई पेश भएको प्रतिवेदन अनुसार सिफारिश भई आए

बमोजिमको न्यून मौज्दातका रुपमा देखिएको सामानहरुलाई २०७१ जेष्ठ महिनामा बिक्री भइसकेको मानी जम्मा रु २७,५६,९०६।०० लाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण र सोमा सोही ऐनको दफा २९(२) बमोजिम कर रकमको शतप्रतिशत जरिवाना गरी सोमा ब्याज तथा थप दस्तुर गरी जम्मा रु ५८,०३,१९२।०० को प्रारम्भिक कर निर्धारण आदेश जारी भएकोमा यस कार्यालयबाट भएको कर निर्धारण नियम कानूनसम्मत नै भएको देखिन आएको सन्दर्भमा जारी प्रारम्भिक कर निर्धारण उपर हाल केही गरिरहनु नपर्ने ठहर्छ" भनी उल्लेख भएको देखिन्छ । तर उक्त दफा २०(१) मा खण्ड (क) देखि खण्ड (ट) सम्मका जम्मा ११ वटा अवस्थाहरु उल्लेख भएको पाइएकोमा ती मध्ये कुन अवस्था, कारण र आधार परी कर र जरिवाना लगाउनु परेको हो भन्ने सम्बन्धमा शुरु कार्यालयको निर्णय पर्चामा र आन्तरिक राजस्व विभागको निर्णयपर्चामा समेत केही खुलेको पांइदैन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) मा कर विगोको शतप्रतिशत रकम जरिवाना गर्न सकिने व्यवस्था भएको पाइन्छ तर उक्त दफा २९(२) मा पनि खण्ड (क) देखि (ङ) सम्मका अवस्थाहरुको उल्लेख भएकोमा यी पुनरावेदक करदाताका हकमा ती मध्ये कुन अवस्था परी शतप्रतिशत जरिवाना गर्नु परेको हो सो सम्बन्धमा पनि निर्णयपर्चामा केही उल्लेख भएको देखिंदैन ।

७. निर्णय गर्न अख्तियार प्राप्त कुनै अधिकारीले कसैको हक अधिकारमा प्रतिकूल असर पर्ने वा थप आर्थिक दायित्व व्यहोर्नुपर्ने वा कुनै दण्ड जरिवाना हुने गरी निर्णय गर्दछ भने त्यस्तो निर्णय गर्दा किन, के आधारमा र कुन कानून बमोजिम त्यस्तो निर्णयमा पुगिएको हो सो कुराको आधार र कारण खुलाउनु पर्ने कुरा न्यायिक प्रक्रियाको सर्वमान्य सिद्धान्तको रुपमा स्वीकारिएको विषय हो ।कुनै आदेश वा निर्णय गरिन्छ भने त्यस्तो आदेश वा निर्णयको समर्थनमा आधार र कारण खुलाउनु पर्ने कुरालाई प्राकृतिक न्यायको तेस्रो सिद्धान्तको रुपमा पनि मान्यता प्राप्त छ (V. G. Ramachandran's Law of Writs; Revised by Justice C. K. Thakker and Mrs. M. C. Thakker, 6th ed. Vol. 1, P. 384 (Eastern Book Company, 2006) ।वास्तवमा कुनै आदेश वा निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने कुरा असल प्रशासन (good administration) को पनि आधारभूत मान्यता हो (Lord Denning in Breen v. Amalgamated Engineering Union (1971) 1 All E R 1148) ।किनभने निर्णयकर्ताहरुबाट हुनसक्ने सम्भावित अन्याय र स्वेच्छाचारिताका विरुद्ध यही अनिवार्यताले सुरक्षाकवचको रुपमा काम गरेको हुन्छ । निर्णयमा आधार र कारण खुलाउनु पर्ने अनिवार्यताले निर्णयकर्ताहरुलाई आफूसमक्ष पेश हुन आएको फाइलमा संलग्न तथ्यहरु उपर बिचार गर्न र सोही आधारमा निष्कर्षमा पुग्नुपर्ने वाध्यता सिर्जना गर्दछ ।यदि तथ्य र निष्कर्ष बीचको सम्बन्ध स्थापित हुन सकेन भने निजले त्यस सम्बन्धमा या त आफ्नो न्यायिक विवेकको स्वच्छ प्रयोग नगरेको वा या त फाइल संलग्न तथ्य र प्रमाण भन्दा पनि अन्य बाह्य कुराबाट प्रभावित भएर निष्कर्षमा पुगेको

कुराको प्रमाण बन्दछ र पुनरावेदन तहबाट त्यस्तो निर्णयले मान्यता नपाउने स्थिति बन्दछ ।खासमा कुनै व्यक्तिको हक हित प्रतिकूल हुने गरी कुनै आदेश वा निर्णय गरिन्छ भने आफ्नो हक हित प्रतिकूल निर्णय हुनुको आधार र कारण थाहा पाउनु त्यसबाट प्रभावित हुने व्यक्तिको अधिकार नै हुने कुरा सामान्य समझको पनि विषय हो । De Smith भन्छन् - Basic fairness and respect for the individual requires that those in authority over others should tell them why they are subject to some liability or have been refused some benefit (De Smith's Judicial Review; 6th ed, P. 414-415, Sweet & Maxwell, London (2007) ।न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ भन्ने न्यायको सर्वमान्य मान्यताका सन्दर्भमा पनि यदि निर्णयबाट प्रभावित व्यक्तिले आफूलाई के कारणले असर पर्ने गरी निर्णय भएको हो सो को कारण बुझ्न नसक्ने तर निर्णयकर्ता आफूले मात्र बुझ्ने गरी कुनै मनोगत निर्णय हुन्छ भने त्यस्तो निर्णय कायम रहनु प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत हुन जान्छ ।त्यसैले Siemens Engineering v. Union of India (AIR 1976 SC 1785) को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको थियो - "The rule requiring reasons to be given in support of an order is, like the audi alteram partem, a basic principle of natural justice which must inform every quasi-judicial process and this rule must be observed in its proper spirit." निर्णयमा आधार र कारण नखुलाउनु 'अभिव्यक्त आदेश' (Speaking Order) को सिद्धान्तको पनि विपरीत हुन्छ । आधार र कारण बिनाको निर्णय पनि गलत नरहेको हुनसक्दछ तर गलत नरहेको भन्ने कुराको पुष्टयाइका लागि पनि आधार र कारण खुलाइएकै हुनु पर्दछ ता कि पुनरावेदन तहबाट कारणको परीक्षण हुनसकोस् ।यसैले भन्ने गरिन्छ - आधार र कारण बिनाको निर्णय उपर पुनरावेदनको अधिकारको पनि कुनै सार्थकता रहंदैन । N. M Desai v. The Testeels Ltd and Anr को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको छ - Unless reasons are given it would not be possible for the appellate authority to examine the correctness of the decision (AIR 1980 SC 2124) । यहाँनिर बिचार गर्नु पर्ने कुरा के हुन्छ भने केवल कानूनी दफाको उल्लेखनले मात्र पनि कारणको अनिवार्यताको स्थान ग्रहण गर्न सक्दैन (रमेश प्रसाद सर्राफ वि. कर कार्यालय जनकपुर, नेकाप २०५१ नि. नं. ४८७२ पृ १२९) । कानूनको दफाको उल्लेखनले कारणको स्थान ग्रहण गर्न त्यस्तो कानूनको प्रयोगको सान्दर्भिकतालाई पुष्टि गरेको हुनुपर्छ । सम्मानित सर्वोच्च अदालतबाट पनि यिनै मान्यताहरुलाई आत्मसात गरी "कुनै पनि न्यायिक निर्णय गर्दा निर्णयमा पुगेको कारण व्यक्त हुनुपर्ने सर्वमान्य न्यायिक परम्परा हो, सो को अभावमा भएको निर्णयमा न्यायिक मनको प्रयोग भएको भन्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ (रामकृत यादव वि. भूमि सुधार कार्यालय, महोत्तरी, नेकाप २०४४ नि. नं. ३१७४ पृ. ८२५) ।

८. कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो भन्ने कुरालाई हाम्रो सम्मानित

सर्वोच्च अदालतबाट स्वीकारी सकिएको अवस्था छ। कर अधिकृत कर निर्धारणको प्रकृयामा छानबिन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत आरोपी एवं निर्णयकर्ता दुवै हुने, कर सम्बन्धी विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ। कर लाग्ने आय हो भन्ने कुराको प्रमाण पुर्‍याउने भार कर कार्यालय वा कर अधिकृत उपर नै हुने भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको अवस्था पनि छ (कर कार्यालय विराटनगर वि. महेन्द्र कुमार गोल्छा, नेकाप २०६३ नि. नं. ७७३० पृ ८७१) । त्यसैले कुनै करदाताका हकमा कर निर्धारण गर्नु भन्दा अगाडि सुनुवाइको मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको अवलम्वन गर्नु अनिवार्य हुन्छ। सुनुवाइको मौका दिनु भनेको करदातालाई प्रस्तावित कर निर्धारणको विषयमा आफ्नो भनाइ राख्ने मौका दिनु मात्र पर्याप्त हुँदैन, यस सम्बन्धमा निजको कुनै भनाइ वा जिकिर प्राप्त हुन्छ भने ती भनाइ र जिकिरको सुनुवाइ हुनुपर्ने कुरा पनि पर्दछ ।प्रस्तुत मुद्दामा स्थलगत निरीक्षण भई सामानको मौजदात गणना सम्पन्न भए पछि सामानहरु पूरा गणना नगरिएकोले घटी देखिएको हो भनी बयान दिइरहेको अवस्था देखिएको छ भने सोही व्यहोरा समेत उल्लेख गरी सामान पुनः गणनाको व्यवस्थाको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएको देखिएको छ ।प्रारम्भिक कर निर्धारणका सम्बन्धमा जबाफ दिंदा पनि सोही कुरा उल्लेख गरेको देखिएको छ ।साथै पुनरावेदक कम्पनीले उल्लेख गरेको यी व्यहोराका सम्बन्धमा स्थलगत निरीक्षण भैसकेपछि पनि सामान थपी पूरा देखाउन सक्ने संभावनाको दृष्टिकोणबाट पनि हेर्न सकिएला तर पुनरावेदक कै भनाइमा आफूकहाँ कुनै पनि सामान स्थानीय खरिद नरहेको र सबै सामान आयात हुने प्रकृतिको रहेको भनी उल्लेख गरेको सन्दर्भलाई बिचार गर्दा यस्तो संभावना पनि रहने देखिंदैन वा भन्सार विन्दु मार्फत सहजै प्रमाणीकरण हुन सक्ने अवस्था देखिन्छ । निवेदन र जबाफमा उल्लेख गरेको यी व्यहोराका सम्बन्धमा प्रत्यर्थी कार्यालयको कर निर्धारण आदेशमा केही बोलिएको अवस्था देखिंदैन ।कर छली हुनसक्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु जति जरुरी छ, करका माध्यमबाट राज्यलाई योगदान गर्ने करदाताहरुको सम्मान हुनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।निश्चय पनि कर प्रणाली र करदाताको नियमन हुनु स्वयंमा गैरकानूनी र अनुचित कार्य होइन तर यस्तो नियमन स्वीकार्य विधि र प्रक्रियाको आधारमा हुनुपर्ने कुरालाई नजरअन्दाज गर्न सकिंदैन । राज्यको प्रतिनिधिको रुपमा कर प्रशासकहरु करदाताका अभिभावक पनि हुन् ।त्यसैले राज्य शक्तिको प्रयोग गर्दा करदाताहरुलाई आतंकित पार्ने भन्दा पनि वाञ्छित संयमता र गम्भीर सतर्कता अपनाउनु पर्ने हुन्छ ता कि त्यस्तो प्रक्रियामा स्वच्छता (Fairness) को सुनिश्चितता हुन सकोस् र स्वेच्छाचारिता (Arbitrariness) को अलिकति पनि गन्ध नआओस् ।प्रस्तुत मुद्दामा सामानहरुको विवरण मै प्रश्न उठिरहेको छ र पुनरावेदक कम्पनीले राखेका भनाइहरु

उपर उपयुक्त तवरबाट ध्यान दिई बिचार गरिएको छ भन्ने कुरा निर्णयपर्चाबाट देखिएको छैन । आकस्मिक निरीक्षण भए पछि सो सम्बन्धमा करदाताले दिएको निवेदन व्यहोरा र जबाफका सम्बन्धमा कुनै सुनुवाइ भएन भन्ने किसिमको भावना करदातामा पर्न दिनु राज्यका निम्ति शोभायमान कुरा होइन ।अझ मूल्य अभिवृद्धि करका सन्दर्भमा त झन् मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले कर निर्धारण गर्दा प्रमाणको भार पुर्‍याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ भनी स्पष्ट व्यवस्था गरेको अवस्था पनि छ ।त्यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनिएकोमा उक्त दफामा उल्लेख भए मध्येको कुन अवस्था परी कर निर्धारण गर्नु परेको हो सो नखुलेको, कर निर्धारण गर्नु पर्नाको कारण र आधार पनि पर्याप्त नखुलेको तथा पुनरावेदक कम्पनीले मौकामा लिएको जिकिरहरुका सम्बन्धमा पनि कुनै बिचार गरी तथ्ययुक्त प्रमाणहरुबाट खण्डन गर्न सकेको अवस्था नदेखिंदा विवादित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने पुनरावलोकनको निर्णयलाई मान्यता दिन सकिने अवस्था देखिएन ।उल्लिखित आधारमा कर निर्धारणको आदेशले मान्यता पाउन नसक्ने भई पुनः निर्णय गर्न पठाउने ठहरेकोले पुनरावेदनमा उठाइएका अन्य प्रश्नहरुमा अहिले यो फैसलाबाट बोलिरहन परेन ।

९. यस प्रकार आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा खडा भएको निर्णय पर्चा हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम समेत कर जरिवाना निर्धारण गरिएको भनी उल्लेख भएको देखिएको तर उक्त दफा २०(१) मा उल्लेख भएका विभिन्न अवस्थाहरु मध्ये कुन अवस्था परी कर निर्धारण गरिएको हो भन्ने कुरा खुलाइएको नपाइएको र केवल कानूनको दफाको उल्लेखनले मात्र कर लगाउनु पर्ने अवस्थाको पुष्टि भएको मान्न मिल्ने नदेखिंदा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा भएको कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको नदेखिंदा वदर गरी दिएको छ । उल्लिखित अनुसन्धान प्रतिवेदनका सम्बन्धमा पुनरावेदक कम्पनीले मिति २०७१।४।१ मा दिएको निवेदन, मौकामा गरेको बयान र मिति २०७१।८।४ मा पेश गरेको जबाफ व्यहोरा कुन कारण र आधारले पुष्टि नहुने हो ? सम्बन्धित कानूनी व्यवस्था र कारण एवं आधार सहित ३ महिना भित्र पुनः निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं २ मा लेखी पठाइदिने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा भएको कर निर्धारणको

निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको नदेखिंदा वदर हुने ठहरी फैसला भएकोले उल्लिखित अनुसन्धान प्रतिवेदनका सम्बन्धमा पुनरावेदक कम्पनीले मिति २०७१।४।१ मा दिएको निवेदन, मौकामा गरेको बयान र मिति २०७१।८।४ मा पेश गरेको जबाफ व्यहोरा कुन कारण र आधारले पुष्टि नहुने हो ? सम्बन्धित कानूनी व्यवस्था र कारण एवं आधार सहित ३ महिना भित्र पुनः निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं २ मा लेखी पठाइदिनु.......... १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु..............................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.....................................................................३

तिल प्रसाद श्रेष्ठ

(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की

(लेखा सदस्य)

जीवन कुमार घिमिरे

(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २० गते रोज १ शुभम् ..........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३५१**
**पुनरावेदन नं. : ९७-०७३-००४३७**

मोरङ्ग जिल्ला टंकिसिनुवारी गा. वि. स. वडा नं ६ मा कारखाना र ऐ विराटनगर उपमहानगरपालिका वडा नं ६ मा रजिष्टर्ड कार्यालय रहेको प्रिमियर वायर्स प्रा. लि. (स्थायीलेखा नं ३००२१२७८९) को हकमा ऐ का अधिकार प्राप्त संचालक श्रीनिवास शारडा.............................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर ........................... १
आन्तरिक राजस्व विभाग, लाजिम्पाट ............................................१
} प्रत्यर्थी

**मुद्दा : मूल्य अभिवृद्धिकर (आ.व. २०७०/०७१)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री दिपक घिमिरे
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर :

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल
शुरु कर निर्धारण मिति : २०७१।११।२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
पुनरावलोकनको निर्णय मिति : २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवनले **मूल्य अभिवृद्धिकर** र जरिवाना समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट समेत शुरु मूल्य अभिवृद्धि कर निर्धारण आदेश कानूनसम्मत रहेको भनी भएको निर्णय उपर **मूल्य अभिवृद्धिकर** ऐन, २०५२ को दफा ३२ (१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कम्पनीले भारत तथा अन्य मुलुकबाट औधोगिक कच्चा पदार्थ पैठारी गरी H B Wires/MS Wires Rods (Torkati) उत्पादन गरी आएको रहेछ ।आर्थिक वर्ष २०७०/०७१ को आय विवरण पेश भएकोमा प्रत्यर्थी कार्यालयबाट कर परीक्षण हुँदा पुनरावेदक कम्पनीले उत्पादन गरेको H B Wires/MS Wires Rods (Torkati) को बिक्रिमा अन्तशुल्क असूल उपर गर्नु पर्नेमा अन्तशुल्क असूलउपर नगरी बिक्री गरेको देखिएको भन्दै ठूला करदाता कार्यालय, ललितपुरका प्रमुख कर प्रशासकबाट मिति २०७१।११।२९ मा अन्तःशुल्क रकम रु ३५,४८,२६०।०० दाखिला गर्नु पर्ने गरी निर्णय भएको रहेछ। सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर असूल हुनुपर्ने भएको भनी सो रकमको १३ प्रतिशतले हुने **मूल्य अभिवृद्धिकर** रू. ४६१,२७४।०० र उक्त रकमको शत प्रतिशत जरिवाना समेत जम्मा रू. ९,२२,५४८।- असुल उपर गर्नु पर्ने गरी मिति २०७१।११।२९ मै अन्तिम कर निर्धारण आदेशको निर्णयपर्चा खडा भएको रहेछ । उक्त आदेश उपर मिति २०७२।१।७ मा पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट पनि मिति २०७३।३।८ मा शुरु कार्यालयको **मूल्य अभिवृद्धिकर** निर्धारण आदेश कानूनसम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भनी निर्णयपर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको उक्त निर्णय उपर **मूल्य अभिवृद्धिकर** ऐन, २०५२ को दफा ३२ (१) बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष दायर हुन आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. आर्थिक ऐन बमोजिम अन्तःशुल्क अनुसूचीमा ७२१३, ७२१४ र ७२१५ को फलामे डण्डीमा मात्र अन्तःशुल्क लाग्ने उल्लेख भएकोमा परिपत्र बमोजिम भनी वायर्सलाई

पनि फलामे डण्डी मानी अन्तःशुल्क निर्धारण गरेको र अन्तशुल्कको सोही रकमलाई मूल्यमा समावेश गरी १३ प्रतिशत **मूल्य अभिवृद्धिकर** र **सो**को शतप्रतिशत जरिवाना समेत लाग्ने गरी भएको निर्णय कानून विपरीत भएको,

ख. विभागीय परिपत्र कानून नभएको हुँदा परिपत्रको आधार लिई अन्तःशुल्क नलाग्ने वस्तुलाई अन्तःशुल्क लगाइ अन्तशुल्कको सो रकमलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर असूल गर्ने गरी निर्णय गर्न मिल्ने नदेखिंएको,**

ग. तसर्थ, **मूल्य अभिवृद्धिकर** लाग्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय उल्टि गरी विवादित **मूल्य अभिवृद्धिकर** र जरिवाना तिर्न बुझाउन नपर्ने व्यहोराको निर्णय गरी पाउँ ।

**<u>ठहर</u>**

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपक घिमिरे र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| **पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु** | **प्रत्यर्थी कार्यालयहरु तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु** |
|---|---|
| – आर्थिक ऐनको अनुसूची क्र. सं. २० मा फलामे डण्डीमा मात्र अन्तःशुल्क लाग्ने गरी व्यवस्था भई वायर्समा अन्तःशुल्क लाग्ने व्यवस्था नभएको,<br>– पुनरावेदक कम्पनी फलामे डण्डी उत्पादन गर्ने कम्पनी नभई वायर्स उत्पादन गर्ने कम्पनी भएको,<br>– वायर्स र डण्डी उत्पादनको प्रक्रिया नै फरक भएको,<br>– परिपत्रले कानूनको मान्यता पाउन नसक्ने हुँदा परिपत्रको आधारमा अन्तःशुल्क लगाउन मिल्ने नदेखिएको,<br>– अन्तशुल्कलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर र शतप्रतिशत जरिवाना निर्धारण गरेको निर्णय त्रुटिपूर्ण देखिएको,** | – कार्यालयको कार्यसम्पादनमा सहजताको लागि परिपत्र जारी गर्न नसकिने अवस्था नहुने,<br>– पुनरावेदकको सामान २० गेज भन्दा बढीको रहेको र २० गेज भन्दा बढीको वायर्सलाई भारतमा पनि रड मान्ने गरेको देखिएको,<br>– तसर्थ शुरु ठूला करदाता कार्यालयको निर्णय र आन्तरिक राजस्व विभागको निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. पुनरावेदक कम्पनीले उत्पादन गरेको वायर्सलाई परिपत्रको आधारमा फलामे डण्डी मानी अन्तःशुल्क कायम गरी सो अन्तःशुल्कलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर** लगाएको कार्य कानूनसंगत छ वा छैन ?

ख. पुनरावेदक कम्पनीले उत्पादन गरी बिक्री गरेको विवादित वस्तुहरुमा अन्तशुल्क लाग्ने निर्णय गरी सोही आधारमा **मूल्य अभिवृद्धिकर** र जरिवाना लगाउने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ वा छैन ?

५. निरुपण हुनुपर्ने प्रश्नका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा आर्थिक ऐन, २०७० बमोजिम व्यवस्था भएको अन्तःशुल्क दरबन्दीको क्र सं २० मा शीर्षक/ उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ अन्तर्गत फलामे डण्डी उल्लेख भई उक्त वस्तुमा प्रति मे. टन रु १०००।०० का दरले अन्तःशुल्क लाग्ने उल्लेख भएको पाइन्छ । उक्त क्रमसंख्यामा वायर्स भन्ने उल्लेख भएको पाइदैन । साथै २० गेज भन्दा बढीको वायर्सलाई डण्डी मानिने गरी कुनै परिभाषा वा व्यवस्था भएको पनि देखिंदैन। भन्सार दरबन्दी शीर्षक उपशीर्षक हेर्दा फलाम वा अमिश्रित स्पातका तारहरु (वायर) भन्सार शीर्षक उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा नपरी भन्सार शीर्षक नं ७२१७ मा परेको देखिन्छ ।फलामे डण्डीहरु भन्सार शीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा पर्ने तथा वायर भन्सार शीर्षक नं ७२१७ मा पर्ने गरी छुट्टै वर्गीकरण गर्नुको मतलब डण्डी र वायर एउटै वस्तु नभई फरक फरक वस्तु भएको कुरा यो व्यवस्थाले स्वीकार गरेको देखिएको छ ।यो स्थितिमा वायर्सलाई पनि फलामे डण्डी मानी फलामे डण्डीमा लाग्ने गरी भएको अन्तःशुल्कको व्यवस्था वायर्सका हकमा पनि लागू हुने गरी भएको निर्णयलाई कानूनसंगत मान्न मिलेन भनी यिनै पुनरावेदक र प्रत्यर्थी भएको यसै लगाउको पुनरावेदन नं. ९७-०७३-००४३९ नि.नं. ३५० को अन्तःशुल्क मुद्दामा आज यसै न्यायाधिकरणबाट निर्णय भएको पाइन्छ । जुन वस्तुको बिक्रीमा अन्तशुल्क लाग्ने भन्ने ठहराई सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर लाग्ने भनी निर्णय भएको हो अन्तशुल्क लाग्ने गरी भएको सो निर्णय नै कानूनसंगत नभएको भनी उल्टि भएको अवस्थामा अन्तशुल्क लाग्ने रकमलाई आधार बनाई मूल्य अभिवृद्धि कर लगाउने गरी भएको निर्णयलाई पनि कानूनसंगत मान्न मिलेन ।

६.	अतः यसमा यसै लगाउको ९७-०७३-००४३९ को पुनरावेदनमा अन्तःशुल्क लाग्ने गरी भएको **ठूला करदाता कार्यालय र आन्तरिक राजस्व विभागको निर्णय उल्टी हुने ठहरी अन्तःशुल्क नलाग्ने गरी आज यसै इजलाशबाट फैसला भएको हुँदा सोही आधार र कारण बमोजिम मूल्य अभिवृद्धिकर लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टी भई यी मालबस्तुमा मूल्य अभिवृद्धिकर नलाग्ने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।**

<u>तपसिल</u>

माथि ठहर खण्डमा लेखिए अनुसार **मूल्य अभिवृद्धिकर लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टी** भई मालबस्तुमा मूल्य अभिवृद्धि कर नलाग्ने ठहरेकोले उक्त कर रकम पुनरावेदकलाई ऐनको म्यादभित्र फिर्ता दिनु वा अर्को आ.व.को कर रकममा मिलान गरिदिनु भनी सम्बन्धित ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरलाई लेखी पठाइदिनु.............................................................................. १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.............................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...................................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २२ गते रोज ३ शुभम् ..........................

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाई**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.५३

पुनरावेदन नं. ०७५-RB-०३४९

**मुद्दाः– आयकर (२०६६/०६७)**

काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं १ बिणामार्ग स्थित साविक एनडिइपी डेभलपमेन्ट बैंक लिमिटेड, राइजिङ्ग डेभलपमेन्ट बैंक लि. र युनियन फाइनान्स मर्ज भई कायम भएको स्थायी लेखा नं.३०२२०८४१० हाल देव विकास बैंक लि. को तर्फबाट अख्तियार प्राप्त व्यक्ति ऐ.का.प्रमुख कार्यकारी अधिकृत विजय बहादुर श्रेष्ठ.....१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................१
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भिम बन्जारा

प्रत्यर्थी तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल

शुरु कार्यालयको निर्णय मिति : २०७१/०६/२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५/०२/२१

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय उपर आन्तरिक राजस्व विभागमा दिएको प्रशासकीय पुनरावलोकनको निवेदन उपर भएको निर्णय चित्त नबुझेकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२३ बमोजिम गुज्रेको म्याद थामी आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक बैंकिङ्ग व्यवसाय गर्ने करदाता साविक एनडिइपी डेभलपमेन्ट बैंक हाल देव विकास बैंक लि. ले आ.व. २०६६/०६७ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ६,६८,०३,८७८।०९ देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६७/०९/०८ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०६६/०६७ को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रीम करकट्टी गर्नुपर्ने भुक्तानीमा करकट्टी गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७१/०६/०१ मा सूचना जारी भएको ।

३. कारदाताले आ.व. २०६६/०६७ को लागि **ATM, Generator, Locker** जस्ता सम्पत्ति वर्ग "ख" बाट "घ" मा राखिएकोमा पूर्व दाखिला अनुसार नै ह्रास कट्टी पाउनुपर्ने, **T.D.S** को सम्बन्धमा भूलवश कर कट्टी गर्न छुट हुन गएकोले नियमानुसार करकट्टी दाखिला गरे बमोजिमको विवरण कार्यालयलाई मान्य भइसकेको हुदाँ बैंकले दाखिला गरे बमोजिम नै कायम हुनुपर्ने, अग्रीम कर कट्टी तर्फ पोशाक खर्च को रुपमा बैंकको कर्मचारीको पहिचानको लागि बैंक आफैले खरिद गरी दिएको र सो पोसाक कार्यालय बाहेक अन्य समयमा प्रयोग गर्न नपाउने भएकोले उक्त खर्च कर्मचारीको आयमा गणना गर्नु न्यायोचित नदेखिएको समेत भनी साविक एनडिइपी डेभलपमेन्ट बैंक हाल देव विकास बैंक लि.ले मिति २०७१।०६।०३ मा पत्र बुझिलिई मिति २०७१/०६/२२ मा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा दिएको जवाफ।

४. आयकर ऐन, २०५८ को दफा ७५(१) अनुसार परिपत्र जारी गरी तथा सोही ऐनको दफा १३९ बामोजिम आयकर निर्देशिका जारी गरी सामान्य कार्यालय उपकरणहरुलाई सम्पत्ति समूहको वर्ग 'ख' मा र आधारभूत सम्पत्तिलाई वर्ग 'घ' मा वर्गिकृत गर्नुपर्ने व्यवस्था गरे बमोजिम ह्रास खर्च कट्टी लिने प्रयोजनका लागि करदाताको सम्पत्ति वर्गिकरण नभएकाले सो अनुसार करदाताको सम्पत्तिको पूनः तालिकीकरण गर्दा देखिएको बढी दाबी ह्रास खर्च रु. १,४४,९०१।८० आयकर ऐन, २०५८ को दफा १९ उपदफा (१) बामोजिम खर्च कट्टी नपाउने ठहर्छ साथै बिगत बर्षको भुक्तानी गरीएको रकम तथा ब्याज वापत भुक्तानी गर्न बाँकी यस वर्षको अन्त्यमा रहेको दायित्व भनि लेखांकन गरेको देखिएकाले यस्तो वास्तविक रुपमा भुक्तानी गर्नु नपर्ने उक्त ब्याज वापतको दायित्व रकमलाई करदाताले आयकर ऐन, २०५८ को दफा २५ उपदफा १ बामोजिम समायोजन गरी आयमा समावेश गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले वास्तविक रुपमा भुक्तानी गर्नु नपर्ने ब्याज बापतको दायित्व रकम आयमा समावेश गर्नुपर्ने ठहरेको हुँदा करदाताको आ.व. २०६६।६७ को लागि उपरोक्त अनुसार रु. ७,३७,७१,५३७।८९ (सात करोड सैंतिस लाख एकहत्तर हजार पाँच सय सैंतिस रुपैया र पैसा उनान्नब्बे मात्र) करयोग्य आय कायम गरिएको भनी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१।०६।३० मा संशोधित कर निर्धारण आदेश जारी भएको।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१।०६।३० मा जारी गरेको आ.व. २०६६/०६७ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री एन.डि.ई.पि. डेभलपमेन्ट बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २००२/०९/७१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. **ATM machine, Locker, Generator** जस्ता सम्पत्तिहरु समूह 'ख' बाट 'घ' मा समुहीकृत गरी ह्रास खर्च गणना गर्दा हुन आउने समूह ख मा बढी ह्रासकट्टी दाबी गरेको ह्रास खर्च रकम आयकर ऐन, २०५८ को दफा १)१९) बामोजिम कट्टी नहुने भनी कार्यालयबाट भएको कर निर्धारण कानून सम्मत रहेको र आयकर ऐन, २०५८ को दफा १९ उपदफा (१) बमोजिम खर्च कट्टी नपाउने ठहर्छ साथै बिगत बर्षको भुक्तानी गरीएको रकम तथा ब्याज वापत भुक्तानी गर्न बाँकी यस वर्षको अन्त्यमा रहेको दायित्व भनि लेखांकन गरेको देखिएकाले यस्तो वास्तविक रुपमा भुक्तानी गर्नु नपर्ने उक्त ब्याज वापतको दायित्व रकमलाई करदाताले आयकर ऐन, २०५८ को दफा २५ को उपदफा १ बमोजिम समायोजन गरी आयमा समावेश गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले वास्तविक रुपमा भुक्तानी गर्नु नपर्ने ब्याज बापतको दायित्व देखाएको रकम आयमा समावेश गर्नुपर्ने भनि कर निर्धारण भएको सम्बन्धमा प्रस्तुत आ.ब.मा भएको वास्तविक व्याज, खर्च सो व्याज भुक्तानी गर्न भएको नगद प्रवाह नेपाल राष्ट्र बैंकको निर्देशन समेतका विषयमा बुझि

कार्यालयले पुनः निर्णय गर्नुपर्ने भन्ने समेत व्यहोराको आन्तरिक राजश्व विभागबाट मिति २०७५।०२।२१ मा भएको निर्णय।

७. लकर सामान्य सुझबुझको दृष्टीकोणले पनि दराज कै बर्गिकरणमा पर्ने हुँदा मेटल फर्निचर सरह मानिनुपर्ने तथा विद्युत आपुर्तिमा भईरहेको ठूलो कटौतीले गर्दा जेनेरेटरलाई दैनिक कार्य संचालनको लागि अत्यावश्यक कार्यालय उपकरणको रुपमा राख्नु पर्ने भएकोले ह्रास कट्टी गरिएको हुँदा ह्रासकट्टी सम्बन्धी बिभागको परिपत्र नै गलत भएकोले सो बदरभागी छ। बैंकले लेखांकन गरेको भुक्तानी गर्न बाँकी ब्याज दायित्व रु. १,६३,८२,०१७।— यथार्थ भएको हुँदाहुँदै सो दायित्वलाई होइन भनी लिएको जिकिर कानून संगत छैन। बैंकले ब्याज खर्च बापत भुक्तानी गरेको विवरणको तथ्यलाई विचारै नगरी भएको संशोधित कर निर्धारण आदेश बदरभागी छ। बैंकले वासलातको अनुसूची ७ मा भुक्तानी दिन बाँकी ब्याज रकम सहि र यथार्थ भएकोले तहाँबाट नगद प्रवाह विवरणको ब्याज खर्चसँग सम्बन्धित शीर्षकहरुको विश्लेषण नै नगरी भएको संसोधित कर निर्धारण आदेश बदरभागी छ। कर्मचारीको पोशाक खर्चको रकम कर्मचारीहरुको आयमा गणना गर्न नहुनेमा सो गरेको खाजा, स्टेसनरी, लजिङ्ग आदि वास्तविक खर्च भएको रकम बापत भुक्तानी दिईएको खर्चमा **T.D.S** कट्टी गर्न नपर्नेमा कटाउनु भनी मिति २०७१।०६।२९ मा ठूला करदाता कार्यालयबाट भएको कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागबाट मिति २०७५।०२।२१ मा भएको निर्णय बदर गरी गैरकानूनी करको भारबाट उन्मुक्ति दिलाई पाउँ भनी निर्धारित कर रु.२,३१,७६,६१०।— को ५० प्रतिशत रु.१,१५,८८,३०५।— हुनेमा रु.२,४३,४६,३९१।५५ अग्रिम दाखिला भएको निस्सा सहित मा यस न्यायाधीकरणमा मिति २०७६।०२।०५ पुनरावेदन दर्ता हुन आएको।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ प्रत्यर्थी झिकाउने गरी मिति २०७७।०८।११ यस न्यायाधिकरणबाट भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक देव विकास बैक लि. को तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री भिम बन्जाराले व्याज खर्च सम्बन्धमा पुनः निर्णय आदेश भएको ठिकै भएको, ह्रासयोग्य **ATM, Generator** र **locker** जस्ता उपकरणहरुलाई वर्गिकरणमा फरक पारी समुह 'ख' मा दावी गरेको ह्रास खर्च अमान्य गरी समुह 'घ' कायम गरेको, त्यस्तै कर्मचारीको ऋण पोशाक नगद कारोबार नभई अफिस प्रयोजनको लागि भएको पोशाक खर्च समेतलाई

अमान्य गरी शुरु कार्यालयबाट भएको निर्णय कानून विपरीत र मनोगत भएकोले बदरभागी छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

१०. त्यसै गरी प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले व्याज भुक्तानी खर्च दावी सम्बन्धमा पुनः निर्णय गर्न पठाएको **ATM, Generator** र **locker** जस्ता उपकरणहरुलाई बैंकिग ब्यबसायको **Core Function** गर्ने मेशनरीका रुपमा हेरी समूह (घ) मा कायम गरी ह्रास आधार निर्धारण गरेको समेतको शुरु कार्यालयको निर्णय सदर हुनुपर्छ भन्ने समेतको बहस जिकीर प्रस्तुत गर्नु भयो ।

११. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु,दुवै तर्फका विद्वान अधिवक्ताहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ,छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो, होइन? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

१२. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका सम्बन्धमा निम्न बमोजिम हुने देखिन आयो ।

(क) **ATM, Generator** र **locker** जस्ता कार्यालय उपकरणको ह्रास खर्च सम्बन्धमाः- ठुला करदाता कार्यालयले कार्यालय उपकरणका रुपमा रहेका **ATM, Generator** र **locker** जस्ता सामानहरुलाई समुह (घ) मा पर्ने भनी आयकर ऐन, २०५८ को अनुसूचि२- को १(घ) बमोजिमको ह्रास दर कायम गरी पुनरावेदकको ह्रास गणनालाई अमान्य गरेकोमा पुनरावेदकले उल्लेखित सम्पत्तिहरु बैंकको प्रयोजनको लागि कार्यालय उपकरण रहेको हुँदा आयकर ऐन, २०५८ को अनुसूचि२- को दफा १ को सम्पत्ति समूह "ख" अन्तर्गत नै कायम गरी ह्रास गणना पाउनु पर्ने भनि जिकिर लिएको सम्बन्धमा विचार गर्दा साविकमा राजस्व न्यायाधिकरण काठमाडौंबाट सोही मुतावित समूह 'घ' नै कायम गरी फैसला हुँदै आएकोमा सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं३७० .-RB-०१४६, मिति २०७४।७।१४ मा ती मेशिनरी औजारहरु समूह "ख" मा समुहीकृत हुनुपर्ने भनी फैसला भई नजीर कायम भएको देखिएकोले सो का आधारमा **ATM, Generator** र **locker** जस्ता कार्यालय उपकरणहरु सम्पत्ति समूह 'घ' मा नभई समूह 'ख' मा नै राखी वर्गीकरण गर्नुपर्ने र ह्रास खर्च कट्टी गर्नुपर्ने देखिएको हुदाँ सम्पत्तिको समुहीकीकरण सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय सो हदसम्म मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ ।

**(ख) ब्याज दायित्व सम्बन्धमाः**–पुनरावेदकले नाफा नोक्सान विवरण अनुसार चालु आ.व. को अन्त्यमा भुक्तान गर्न बाँकी ब्याज दायित्व रकम रु. ९५,५९,२५९।–रहेकोमा प्रत्यर्थीबाट रु. १,६३,८२,०१७।–मात्र हुनुपर्ने हुँदा रु. ६८,२२,७५,७५८।– भुक्तानी गर्नु नपर्ने ब्याज दायित्वलाई समेत लेखाकंन गरेको भनी आयमा समावेश गरेको सम्बन्धमा उक्त रकम रु.६८,२२,७५८।— का सम्बन्धमा प्रस्तुत आ.ब. मा भएको वास्तविक व्याज खर्च, सो व्याज भुक्तानी गर्न भएको नगद प्रवाह, नेपाल राष्ट्र बैंकबाट भएको निर्देशन समेतका आधारमा जे जे विषयहरु बुझ्नुपर्ने हो बुझी कार्यालयले पुनः निर्णय गर्नुपर्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेकै देखिदाँ सदर हुने ठहर्छ ।

**(ग)पोशाक खर्च सम्बन्धमा:-** बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होवोस् र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेक उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने भन्ने समेत पुनरावेदकले जिकीर लिएकोमा आयकर ऐन,२०५८ को दफा ८(२) खण्ड (क), (ख) र (छ) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन। उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्ने गरी भएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेकै देखिन्छ।

**(घ) लेखापरिक्षण खर्च सम्बन्धमाः-**

लेखा परीक्षण खर्च लेखापरीक्षण कार्य सम्पन्न गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्दा भएका सम्झौताका शर्तअनुसार खर्च हुने देखिन्छ ।सम्झौतामा उल्लेख भएका शर्तअनुसारका सवै रकम लेखापरीक्षकको सुविधा अन्तर्गत पर्ने र यी रकमहरु भुक्तानी गर्दा ऐनको दफा ८८(१) अनुसार अग्रिम करकट्टी गर्नुपर्ने देखिदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

**१३. सहुलियत कर्जा सम्बन्धमाः-**

आयकर ऐन,२०५८ को दफा २७ को उपदफा (१)(घ) बमोजिम कुनै व्यक्तिले ऋण वापत तिरेको व्याज प्रचलित व्याजदर अनुसार तिर्नुपर्ने व्याजदर भन्दा कम भएमा सो कम भएजति रकम ती कर्मचारीको आयमा समावेश गरी रोजगारी आय गणना र करकट्टी गरी कर दाखिला गर्नुपर्नेमा सो अनुसार करको गणना गरेको नदेखिएकोले करकट्टी गरी दाखिला गर्न बाँकी रकममा कर कट्टी दाखिला गर्न लगाउने गरी भएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेकै देखिन्छ।

१४. माथि उल्लिखित आधार र कारणबाट स्थायी लेखा नं.३०२२०८४१० भएका पुनरावेदक करदाता साविक एम.डि.ई.पी. डेभलेपमेन्ट बैंक हाल देव विकास बैंकको आ.ब.०६७/०६६ को आयकर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालयको मिति २९/०६/२०७१ को निर्णयमा **ATM ,Generator ,Locker** जस्ता मेशिनरी सामानहरु समुह 'घ' मा पर्ने भनी भएको निर्णय र सोलाई सर्मथन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति२१/०२/२०७५ मा भएको निर्णय मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसिल बमोजिम गर्नु।

## तपसील

माथि ठहर खण्डमा पुनरावेदक करदाताको आ.व. २०६६/०६७ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णयमा आयकर तर्फ **ATM Generator,locker** जस्ता सम्पत्तिलाई समूह 'ख' मा राख्नु पर्नेमा समूह 'घ' मा राखी ह्रास खर्च कायम गरी भएको निर्णय मिलेको नदेखिँदा केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठा इदिनु...............................................................................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनु.......२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनु.........................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु.....................४

राजेन्द्र पौडेल

(राजस्व सदस्य)

उक्त रायमा मेरो सहमति छ ।

विनोद शर्मा

(अध्यक्ष)

## लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

१. यसमा ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७१।०६।२९ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।०२।२१ मा प्रशासकीय

पुनरावलोकन गरी भएको निर्णय उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा लाग्ने धरौटी सम्बन्धमा ऐ ऐनको दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम निर्धारित रु.२,३१,७६,६१०।- कर रकमको राख्नु पर्ने आधा धरौटी रकम भन्दा वढी अग्रिम दाखिला गरेको छ भनी पुनरावेदकको पुनरावेदन पत्रमा खुलाई दर्ताका लागि स्रेस्तेदारबाट स्वीकृत भई दर्ता गरेको प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी सम्बन्धमा संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

२. आयकर ऐन,२०५८ बमोजिम शुरु कार्यालयबाट थप निर्धारित करको ५० प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख छ। सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दा राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ।आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ (हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२) को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

३. प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिम राजस्व खाता नं ११११२२ मा भौचर नं ०००३८९१३ बाट रु.१,२३,४८६।- दाखिला भएको तथा आयकर ऐन,२०५८ को दफा ९४ बमोजिमको आर्थिक वर्ष २०६६/६७ को तोकिएको वार्षिक किस्ता प्रतिशत अनुसार पक्षले मिति २०६६।०९।२९ मा प्रथम किस्ताको भौचर नं.१०६२४२०५ बाट रु.८५,००,०००/-, मिति २०६६।१२।२९ मा दोश्रो किस्ताको भौचर नं.१०६४७७२० बाट रु.८५,००,०००/-, मिति २०६७।०३।३२ मा तेश्रो किस्ताको भौचर नं.१०६२४२७७ बाट रु.४०,००,०००/-, मिति २०६७।०१।३१ मा तेश्रो किस्ता कै भौचर नं.१०६२४२५९ बाट रु.२५,००,०००/-, आर्थिक वर्ष २०६५।०६६ मा वढी दाखिला भनिएको रु.८,३८,५१९/६६, विभिन्न मितिमा विभिन्न फर्महरुबाट अग्रिम कर कट्टी रु.८,८७१/८९ र प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा दाखिला गरेको

रु.१,२३,४८६/- सर्वसञ्चित कोषमा दाखिला हुने रु.२,४४,६९,८७७।५५ लाई राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी हो भनि पुनरावेदन दर्ता गर्दाका बखत मिति २०७६।०२।०५ मा गणना गर्न प्रचलित कानूनमा भएको व्यवस्था र व्याख्या अनुसार पनि मिल्ने देखिएन ।

४. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउँ भनी दिएका रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५,२०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई सो ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

५. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण

भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु. ५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिनभित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएकोमा सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्यरुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरण साथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।— भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को (शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा ५० प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद) विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदनमा भएको सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण विषयमा अन्तरिम आदेश भएको छ।

६. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिध्दान्त विपरीत हुन्छ। कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५(६) को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण,काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

७. उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ देखि १७ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा समेत प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा आयकर ऐन, २०५८ को दफा ११५(६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा दुबै अवस्था सम्बन्धमा स्पष्ट उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी नराखी राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न नसक्ने भनी स्पष्ट व्याख्या, विश्लेषण र संवैधानिक परीक्षण समेत भएको छ।

८. आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) अनुसार प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिँदा विवादरहित करको शत प्रतिशत रकम र विवादित करको एकचौथाइ रकम दाखिला गर्न तोकिएको राजस्व खाता नं ११२२ मा भौचर नं ०००३८९१३ बाट रु.१,२३,४८६।- दाखिला भएको फोटोकपी भौचर मात्र मिसिलसाथ संलग्न रहेको देखिन्छ। यसरी नै आयकर ऐन,२०५८ को दफा ९४ अनुसार तोकिए बमोजिमको प्रतिशतले हुने करको किस्ता संशोधित कर निर्धारणको सूचना पाउनु अगाडि नै अग्रिम दाखिला गर्नु पर्ने व्यवस्था अनुसार माथि सि.नं. तिन बकोजिम पक्षले रु.२,४४,६९,८७७।५५ राजस्व खाता मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको संशोधित कर निर्धारणको च.नं. १३२ मिति २०७१।०६।३० को सूचनापत्रबाट देखिएको छ।ऐनको दफा ११५ को उपदफा (६) र दफा ९४ वमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने कर राजस्व बढी दाखिला भएको रहेछ भने पनि पछिल्ला आर्थिक वर्षका करदायित्वमा स्वतः मिलान गरिने हुन्छ।पुनरावेदन दर्ता मिति २०७६।०२।०५ भन्दा आठ (८) आर्थिक वर्ष अगाडि दाखिला भएको र पुनरावेदन गर्दा सम्वन्धित आर्थिक वर्षको करको रुपमा राजस्व शीर्षक नम्वर नै उल्लेख गरी सर्वसञ्चित कोषमा दाखिला भएको रु.२,४४,६९,८७७।५५ वाहेक राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) अनुसार पुनरावेदन गर्दा अनिवार्य रुपमा दाखिला गर्नु पर्ने धरौटी वापतको थप रकम आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२ (हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

नियमावली,२०७७ को नियम ६३) बमोजिमको धरौटी खातामा दाखिला गरी सोको भौचर मिसिलसाथ संलग्न भएको हुनुपर्नेमा सो समावेश गरेको देखिएन।

९. कर निर्धारण गर्ने अधिकृतको कार्यालयले दिएको लिखित सूचनाको पत्रानुसार विवादरहित करका अतिरिक्त कर, शुल्क तथा व्याज समेतको थप बुझाउनु पर्ने निर्धारित करको ५० प्रतिशतले हुने धरौटी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा त्यस्तो रकम निर्धारण गर्ने अधिकृतले तोकेको कार्यालयमा दाखिला गरेको धरौटीको सक्कल बैंक भौचर वा धरौटी खातामा रकम जम्मा भएको प्रमाणित गर्ने निस्सा मिसिलसाथ संलग्न हुनु पर्नेमा सो भएको छैन। पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने धरौटी रकम दाखिला गरेको निस्सा समावेश रहे/नरहेको, धरौटी रकम पुगे/नपुगेको यकिन गरी धरौटीको सक्कल भौचर वा प्रमाणित निस्सा हेरेर मात्र पुनरावेदन दर्ता गर्नु पर्नेमा सो गरेको समेत देखिएन।सर्वोच्च अदालतबाट माथिल्लो प्रकरणमा उल्लिखित नजिर सिद्धान्त र सम्वन्धित ऐनका दफाहरु समेतका आधारमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (कर, शुल्क, व्याज र जरिवाना) विवादित कर रु.३१,३५,४४६।९१ को ५० प्रतिशतले हुने धरौटी रु.१५,६७,७२३।४६ दाखिला भएको नदेखिएकोले धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई पेश गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट मिति २०७७।१०।०६ गते बसेको इजलासमा व्यक्त गरे झैं आफ्नो राय व्यक्त गरेकोमा सो रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट कुल निर्धारित करको ५० प्रतिशतले हुने रकम भन्दा वढी नै रकम दाखिला भएको देखिएकोले बोलिरहनु परेन भन्ने फरक राय व्यक्त भएको छ ।

१०.प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वान अधिवक्ताहरुलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री भिम बन्जाराबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको ५० प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

११. माननीय अध्यक्षज्यू र राजस्व सदस्यज्यूबाट पुनरावेदन नं ०७६-RB-००८५ को

आयकर मुद्दामा मिति २०७७।१०।६ मा नै भएको आदेश अनुसार हालसम्म राजस्व खातामा दाखिला भइसकेको कुल कर राजस्व रकम संशोधित कुल निर्धारित कर (विवाद रहित कर र विवादित कर, शुल्क, व्याज र जरिवानाको योग) को ५० प्रतिशत वा ५० प्रतिशत भन्दा बढी कर रकम राजस्व खातामा अग्रिम दाखिला गरेको देखिएकोले पुनरावेदन गर्दा राख्नु पर्ने थप धरौटी सम्बन्धमा बोलिरहनु परेन भन्ने आदेश नै बहुमत सदस्यको राय भएको राय व्यक्त गरी फैसला गर्ने निर्णय भएकोले उक्त राय ठहरमा सहमत हुन सकिएन।

१२. अतः आयकर ऐन,२०५८ को दफा ९४ र ११५ को उपदफा (६) मा तोकिए बमोजिमको राजस्व शीर्षकमा दाखिला भएको कर राजस्व रु.२,४४,६९,८७७।५५ मात्र जम्मा भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७०आयकर(०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने देखिएको धरौटी नराखेको यस मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट भएको "ATM, Locker, Generator जस्ता मेशिनी समानहरु समूह 'ख' मा राख्नु पर्ने देखिँदा यस सम्वन्धमा ठूला करदाता कार्यालयबाट मिति २०७१।०६।२९ मा भएको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।२।२१मा भएको निर्णय नमिलेको देखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ अन्य कुराका हकमा आन्तरिक राजस्व विभागबाट भएको प्रशासकीय पुनरावलोकनको निर्णय मिलेकै देखिँदा पुनरावेदन जिकिर पुग्न सक्दैन कानून बमोजिम गर्नु भन्ने ठहर" सहितको रायमा सहमत हुन नसकी देहाय बमोजिम फरक राय लेखेको छु:-

१३. आयकर ऐन,२०५८ को दफा ९४ अनुसार दाखिला गर्नु पर्ने किस्ताको रकम आय विवरण अनुसार नपुग भएमा प्रशासकीय पुनरावलोकनका लागि आयकर ऐन,२०५८ को दफा ११५ उपदफा (१) बमोजिम निवेदन दिँदा सो दफाको उपदफा (६) बमोजिम अनिवार्य दाखिला गर्नु पर्ने रकम र अग्रिम दाखिला तथा गत आर्थिक वर्षहरुबाट सरेर आएको बढी दाखिला भएको कर राजस्व रकम सहित हालसम्म सो आर्थिक वर्षको लागि कुल रु.२,४४,६९,८७७।५५ मात्र सर्वसञ्चित कोषमा दाखिला भएको मिसिल संलग्न फोटोकपी भौचर तथा विवरणबाट देखिएको छ। सो कर रकम बाहेक पुनरावेदन दर्ता गर्दाका बखत आवश्यक पर्ने ऐन बमोजिम तोकिएको धरौटी रकम दाखिला गरेको देखिएन। आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचनापत्रमा उल्लेख गरिए अनुसारको थप निर्धारित कर रु.३१,३५,४४६।९१ को ५० प्रतिशतले हुने

रु.१५,६७,७२३।४६ धरौटी नराखी लाग्नै नसक्ने पुनरावेदन दर्ता भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रस्तुत मुद्दा खारेज हुने ठहर्छ। नियमानुसार गर्नू।

(पुष्प प्रसाद गुरागाई)

लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतः श्री सनिता लामा

टिपोट गर्नेः डिठ्ठा श्री सुनिता थापा

ईति सम्वत् २०७७ साल माघ १८ गते रोज १ शुभम् ---------------

**श्री**

**राजस्व न्यायाधिकरण पोखरा**

संयुक्त इजलास

माननीय अध्यक्ष श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

लेखा सदस्य श्री रामजीप्रसाद शर्मा

**फैसला**

सम्वत् २०७३ सालको पु.दा.नं. ०७३०००००७

मुद्दाः- आयकर (आ.व. ०६६/०६७)

नि.नंः-१५

रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिकास्थित चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन प्रा.लि. का अख्तियार प्राप्त सञ्चालक वसन्तबहादुर चन्द.........................१ } पुनरावेदक

**विरूद्ध**

आन्तरिक राजस्व कार्यालय, भैरहवा समेत..................................१ } प्रत्यर्थी

सुरु निर्णय गर्ने निकाय: आन्तरिक राजस्व कार्यालय, भैरहवा

सुरु निर्णय गर्ने अधिकारी:प्रमुख कर अधिकृत श्री जनकराज शर्मा

सुरु निर्णय मिति:२०७१।०३।३२

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय गर्ने निकायः आन्तरिक राजस्व विभाग

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय गर्ने अधिकारीः महानिर्देशक श्री चूडामणी शर्मा

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय मितिः २०७३।०३।०९

आन्तरिक राजस्व कार्यालय,भैरहवाको मिति २०७१।०३।३२ को कर निर्धारणको आदेशर आन्तरिक राजस्व विभागको मिति २०७३।०३।०९को प्रशासकीय पुनरावलोकन निर्णय उपर पर्न आएको पुनरावेदन राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१)बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

**१) करदाता (पुनरावेदक) बाट मिति २०६७/१०/०४ पेसमा भएको आय विवरणः-**

यस (प्रा.) लि. को आ.व. २०६६/०६७ को करयोग्य आय रु.१३,११,२५०।०० रहेको र जम्मा आयकर रु.३,२७,८१२।५३ हुने भन्नेसमेत बेहोराको वित्तिय विवरणहरू सहितको करदाता चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन (प्रा.लि.)बाट मिति २०६७/१०/०४ मा पेस भएको वित्तिय विवरणहरू सहितको आय विवरण ।

**२) करदाता (पुनरावेदक) चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन (प्रा.) लि. का सञ्चालक गणेश चन्दको मिति २०७०/०९/१९ को बयानः-**

जगदम्बा ट्रेडिङ्गबाट मिति २०६७/०२/१५ बि.नं. ४६२ बाट रु.९,०६,२४०।— मात्रको कारोबार गरेको हो, सोबाहेक अरू कारोबार गरेको छैन,मुकेश निर्माण सेवासँग उक्त आ.व. मा कुनै कारोबार गरेको छैन, बागमती इन्टरप्राइजेजबाट उक्त आ.व. मा प्रा.लि. ले रु.५,०६,५३०।— मात्र खरिद गरेको हो, जगदम्बा सिमेन्ट इ. ले प्रा.लि. लाई रु.२३,८७,१६८।२ बराबर बिक्री गरेको भनी देखाएकोमा सो कारोबार हामीले गरेको होइन भन्नेसमेत बेहोराको करदाता (पुनरावेदक) चन्द्रा एण्ड वसन्त प्रा. लि. का सञ्चालक गणेश चन्दले मिति २०७०/०९/१९ मा आन्तरिक राजस्व कार्यालय, भैरहवामा गरेको बयान ।

**३) आन्तरिक राजस्व कार्यालय भैरहवाको मिति २०७१/०३/१७ कोआयकर सम्बन्धमा भएको कर लेखा परीक्षण प्रतिवेदनः-**

प्रा.लि. ले एकातर्फ बैङ्क कर्जा लिई ब्याज खर्च दाबी गरेको अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे.भी. लाई एडभान्स तथा धरौटी दिएको देखिएको र सोको कुनै औचित्यता प्रमाणित नभएकोले आयकर ऐन, २०५८ कोदफा १४ बमोजिम ब्याज खर्च कट्टी अमान्य हुने रकम रु.७,५३,७०८।३७, मुकेश निर्माण सेवाबाट रु.९,०९,६५०।०० बराबर न्युन खरीद देखाएकोले सो आय वर्षमा भएको कुल मुनाफा १८ प्रतिशतले मूल्य वृद्धि गरी सोको बिजक नै जारी नगरी बिक्री गरेको देखिन आएको तथा आ.रा.वि. को मिति २०६३/०४/०३ को च.नं. ७ बमोजिम खरीद लागत छुट दिई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश हुन आउने रकम रु.१,६३,७३७।००, करदाताले नियमानुसार पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम अमान्य हुने रकम रु.७७,१५७।००, प्रा.लि. ले प्रशासनिक खर्च अन्तर्गत दाबी गरेको टेलिफोन खर्च रु.१०८०५।२५, विद्युत खर्च रु.६२७९।५० को प्रमाण कर परीक्षणको समयमा पेस नभएकोले आयकर

ऐन, २०५८ को दफा २१ बमोजिम खर्च कट्टी दाबी अमान्य हुने रकम जम्मा रु.१७,०८४।७५, प्रा.लि. ले लेबर तथा ज्याला खर्च भनी रु.३८,६९,६४५।०० दाबी गरेकोमा सामाजिक सुरक्षा कर दाखिला गरेको नदेखिएकोले सो र ब्याज समेत गणना गरी माग गर्नुपर्ने समेत गरी आयमा थप समावेश गर्नुपर्ने रकम रु.१०,११,६८७।१२ हुन आउने र आ.व. २०६६/०६७ को लागि कुल करयोग्य आय रु. २३,२२,९३७।२६ हुन आउने भन्नेसमेत बेहोराको मिति २०७१/०३/१७ को कर लेखापरीक्षण प्रतिवेदन।

४) **मिति २०७१/०३/१७ को संशोधितआयकर निर्धारण आदेश सहितको सूचनाः-**

प्रा.लि. ले एकातर्फ बैङ्क कर्जा लिई ब्याज खर्च दाबी गरेको अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे.भी. लाई एडभान्स तथा धरौटी दिएको देखिएको र सोको कुनै औचित्यता प्रमाणित नभएकोले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम ब्याज खर्च कट्टी अमान्य हुने रकम रु.७,५३,७०८।३७, मुकेश निर्माण सेवाबाट रु.९,०९,६५०।०० बराबर न्युन खरीद देखाएकोले सो आय वर्षमा भएको कुल मुनाफा १८ प्रतिशतले मूल्य वृद्धि गरी सोको बिजक नै जारी नगरी बिक्री गरेको देखिन आएको तथा आ.रा.वि. को मिति २०६३/०४/०३ को च.नं. ७ बमोजिम खरीद लागत छुट दिई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश हुन आउने रकम रु.१,६३,७३७।००, करदाताले नियमानुसार पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम अमान्य हुने रकम रु.७७,१५७।००, प्रा.लि. ले प्रशासनिक खर्च अन्तर्गत दाबी गरेको टेलिफोन खर्च रु.१०,८०५।२५, विद्युत खर्च रु.६,२७९।५० को प्रमाण कर परीक्षणको समयमा पेस नभएकोले आयकर ऐन, २०५८ को दफा २१ बमोजिम खर्च कट्टी दाबी अमान्य हुने रकम जम्मा रु.१७,०८४।७५, प्रा.लि. ले लेबर तथा ज्याला खर्च भनी रु.३८,६९,६४५।०० दाबी गरेकोमा सामाजिक सुरक्षा कर दाखिला गरेको नदेखिएकोले सो र ब्याज समेत गणना गरी माग गर्नुपर्ने समेत गरी आयमा थप समावेश गर्नुपर्ने रकम रु.१०,११,६८७।१२ हुन आउने र आ.व. २०६६/०६७ को लागि कुल करयोग्य आय रु. २३,२२,९३७।२६ हुन आउने हुँदा सो बमोजिम संशोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले सोबमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिनभित्र पेस गर्नुहोलाभन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट करदाता चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन प्रा.लि. को नाउँमा जारी भएको संशोधित आयकर निर्धारण आदेश सहितको सूचना ।

५) **मिति २०७१/०३/३२ को आयकर तर्फको संशोधित कर निर्धारण गर्न खडा गरेको निर्णय पर्चाः-**

आ.व. २०६६/०६७ को लागि यस कार्यालयबाट भएको कर परीक्षणको करदाताबाट

पेस हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरू,फाँटवारी तथा प्रमाणहरूको अध्ययन,छानबिन् गरी सो समेतको आधारमा पेस हुन आएका प्रतिवेदन समेतबाट करदाताको उक्त आ.व. को लागि आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनका लागि संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले बिस्तृत बेहोरा खुलाई जारी गरिएको लिखित सूचना मिति २०७१/०३/१७ मा बुझी तोकिएको म्यादभित्र यस कार्यालयमा करदाताले कुनै जवाफ पेस नगरेको,प्रा.लि. ले एकातर्फ बैङ्क कर्जा लिई ब्याज खर्च दाबी गरेको अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे.भी. लाई एडभान्स तथा धरौटी दिएको देखिएको र सोको कुनै औचित्यता प्रमाणित नभएकोले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम ब्याज खर्च कट्टी अमान्य हुने रकम रु.७,५३,७०८।३७, मुकेश निर्माण सेवाबाट रु.९,०९,६५०।०० बराबर न्युन खरीद देखाएकोले सो आय वर्षमा भएको कुल मुनाफा १८ प्रतिशतले मूल्य वृद्धि गरी सोको बिजक नै जारी नगरी बिक्री गरेको देखिन आएको तथा आ.रा.वि. को मिति २०६३/०४/०३ को च.नं. ७ बमोजिम खरीद लागत छुट दिई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश हुन आउने रकम रु.१,६३,७३७।००, करदाताले नियमानुसार पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम अमान्य हुने रकम रु.७७,१५७।००, प्रा.लि. ले प्रशासनिक खर्च अन्तर्गत दाबी गरेको टेलिफोन खर्च रु.१०,८०५।२५, विद्युत खर्च रु.६,२७९।५० को प्रमाण कर परीक्षणको समयमा पेस नभएकोले आयकर ऐन, २०५८ को दफा २१ बमोजिम खर्च कट्टी दाबी अमान्य हुने रकम जम्मा रु.१७,०८४।७५, प्रा.लि. ले लेबर तथा ज्याला खर्च भनी रु.३८,६९,६४५।०० दाबी गरेकोमा सामाजिक सुरक्षा कर दाखिला गरेको नदेखिएकोले सो र ब्याज समेत गणना गरी माग गर्नुपर्ने समेत गरी आयमा थप समावेश गर्नुपर्ने रकम रु.१०,११,६८७।१२ हुन आइ आ.व. २०६६/०६७ को लागि कुल जम्मा करयोग्य आय रु.२३,२२,९३७।२६ हुन आउने हुँदा सो बमोजिम संशोधित कर निर्धारण गर्नेभन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय, भैरहवाको मिति २०७१/०३/३२ को आयकर तर्फको अन्तिम कर निर्धारण गर्न खडा गरेको निर्णय पर्चा ।

**६) पुनरावेदकले आन्तरिक राजस्व विभागसमक्ष पुनरावलोकनको लागि मिति २०७१/०५/२९ मा पेस गरेको निवेदन पत्रः-**

हाम्रो प्रा.लि. ठेक्कापट्टा सम्बन्धी कारोबार गर्ने उद्धेश्यले नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५१/०६/०६ मा द.नं. २५२३/०५१/०५२ बाट दर्ता भई

आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट स्थायी लेखा नं. ३०००३०४५५ प्राप्त गरी आयकर तथा मु.अ.करमा समेत दर्ता भई इमान्दारीपूर्वक कार्य गरी कानूनले तोके बमोजिमको कर तथा दायित्व बहन गर्दै आएकोमा कार्यालयले ब्याज दाबी गरेको, न्यून खरिद देखाएको मूल्य वृद्धिको बिजक नै नदेखाइ सामान बिक्री गरेको, पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेको अनावश्यक प्रशासकीय खर्च दाबी गरेको जस्ता कारण देखाइ करयोग्य आय कायम गरी आयकर तथा मूल्य अभिवृद्धि कर निर्धारण गरेको सम्बन्धमा यस कम्पनीका सञ्चालकले लिखित बयानमा स्पष्ट पारिसकेको,कम्पनीले जगदम्बा ट्रेडिङ्गबाट मिति २०६७/०२/१५ गते बिल नं. ४६२ बाट रु.९,०६,२४०।— सम्मको र बागमती इन्टरप्राइजेजसँग रु.५,०६,५३०।— बराबरको मात्र कारोबार गरेको,मुकेश निर्माण सेवा र जगदम्बा सिमेन्ट इ. सँग उक्त आ.व. मा कुनै पनि कारोबार नभएकोमा बिना प्रमाण र आधार कम्पनीको कर योग्य आय रु.२३,२२,९३७।२६ देखाइ सोही आधारमा आयकर तथा मू.अ. कर निर्धारण गरेको त्रुटिपूर्ण रहेको, मिति २०७१/०३/१७ मा पेस भई स्वीकृत भएको प्रतिवेदनको आधारमा सोही दिन प्रारम्भिक कर निर्धारण आदेश गरी सोही दिन करदातालाई बुझाइएको र १५ दिनको म्याद समाप्त हुन नपाइ मिति २०७१/०३/३२ मा अन्तिम कर निर्धारण आदेश भएबाट उक्त आदेशहरू पूर्वाग्रही एवं एकांकी रहेकोले आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट भएको मिति २०७१/०३/३१ को अन्तिम कर निर्धारण आदेश बदर गरिपाऊँ भन्नेसमेत बेहोराको पुनरावेदक चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन प्रा.लि. ले मिति २०७१/०५/२९ मा आन्तरिक राजस्व विभागसमक्ष पेस गरेको प्रशासकिय पुनरावलोकनको निवेदन पत्र ।

७) **आन्तरिक राजस्व कार्यालय, भैरहवाको मिति २०७१/०६/२६ को लिखित प्रतिक्रियाः-**

करदाताले पेस गरेको आय विवरणको अनुसूची १३ मा विभिन्न फर्महरूसँगको कारोबारमा फरक देखिन आएकोले सम्बन्धित कार्यालयमा कारोबार भिडानका लागि पठाएको पत्र करदाता सञ्चालकले बुझिलिइ गएको र उक्त पत्रहरू भिडान गरी जवाफ तोकिएको समय (२१ दिन) भित्र ल्याई पेस गर्नेछु भनी सञ्चालकले मिति २०७१/०९/१९ मा प्रमुख कर अधिकृतको इजलासमा बयानमा उल्लेख गरेकोमा सोको कारोबार भिडान सम्बन्धी जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट लेखी नआएको, करदाताको आ.व. ०६६/०६७ को पूर्ण कर परीक्षण गर्नुपर्ने अवधि मू.अ.कर ऐन, २०५२ को दफा २० को उपदफा ४ बमोजिम कर निर्धारण गरिसक्नुपर्ने अवस्था रहेकोले निर्धारित अवधिभित्र नै रीतपूर्वक कर परीक्षण भएको,मुकेश निर्माण सेवाले करदाता प्रा.लि. लाई बिक्री देखाएकोमा करदातालेखरिदमा सो समावेश गरेको नदेखिएको र सम्बन्धित आ.

रा.का. बाट समेत कुनै पत्र प्राप्त नभएको, करदाताले सो आ.व. मा बिजक जारी नै नगरी बिक्री गरेको अवस्था रहेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम कर निर्धारण गरिएको, करदाताले १५ दिनभित्र कुनै प्रमाण पेस नगरेकोले प्रारम्भिक कर निर्धारण आदेशानुसारको अन्तिम कर निर्धारण आदेश जारी गरिएको, करदाताले ह्रासकट्टी दाबी गरेको तालिकामा वर्गीकरण र समुहीकरण नमिलेका कारण आयकर ऐन, २०५८ को दफा १९ बमोजिम खर्चकट्टी अमान्य गरिएको समेत हुँदा अन्तिम कर निर्धारण आदेश बदर गर्नुपर्ने अवस्था देखिदैन भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्याल, भैरहवाको मिति २०७१/०६/२६ को लिखित प्रतिक्रिया ,

८) **आन्तरिक राजस्व विभागको मिति २०७३/०३/०९ को निर्णयः-**

विभिन्न फर्महरूसँगको कारोबारमा फरक देखिन आएकोले करदाताले घटी कारोबार देखाएको देखिन आएको र उक्त फर्महरूसँगको कारोबार फरक नपरेको भन्ने सम्बन्धमा ठोस प्रमाण र आधार बिना नै जिकिर मात्र लिएको भनी कार्यालयले कर निर्धारण गरेको देखिन आयो । निवेदकले जगदम्बा ट्रेडिङ्गबाट बिल नं.४६२ बाट रु.९,०६,२४०।०० सम्मको र बागमती इन्टरप्राइजेजसँग रु.५,०६,५३०।०० बराबरको मात्र कारोबार भएको, मुकेश निर्माण सेवा र जगदम्बा सिमेन्ट इन्डष्ट्रिजसँग उक्त आ.व. मा कुनै कारोबार नभएको भन्ने जिकिर लिएको तर उक्त जिकिरलाई प्रमाणित गर्ने कागजात तथा विवरण पेस नगरेको, निवेदकले एकातर्फ बैङ्क कर्जा लिई ब्याज तथा खर्च दाबी गरेको र अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे.भि. लाई एडभान्स तथा धरौटी दिएको देखिएको र सोबाट कुनै आय आर्जन नभएकोले दाबी गरेको ब्याज खर्च आयकर ऐन, २०५८ को दफा १४(१) बमोजिम अमान्य गर्नुपर्ने भनी कार्यालयबाट कर निर्धारण भएको देखिएकोले व्यवसायको आय आर्जन हुने कार्यमा प्रयोग नभएको ब्याज खर्च कट्टी पाउनुपर्ने अवस्था नदेखिएको, १५ प्रतिशत ह्रास खर्च कट्टी पाउने सम्पत्तिमा २५ प्रतिशतका दरले ह्रासकट्टी दाबी गरेकोले बढी दाबी गरेको ह्रास खर्च कट्टी दिन नमिल्ने भन्ने कार्यालयको निर्णय मिलेको देखिन आएकोले कार्यालयले गरेको कर निर्धारण मिलेको देखिदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व विभागको मिति २०७३/०३/०९ को निर्णय ।

९) **पुनरावेदनपत्रः-**

हाम्रो चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन (प्रा.) लि. ठेक्कापट्टा सम्बन्धी कारोबार गर्ने उद्धेश्यलेनेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५१/०६/०६ मा द.नं. २५२३/०५१/०५२ बाट दर्ता भई आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट स्थायी लेखा नं. ३०००३०४५५ प्राप्त गरी आयकर तथा मु.अ.करमा समेत दर्ता भई

इमान्दारीपूर्वक कार्य गरी कानूनले तोके बमोजिमको कर तथा दायित्व बहन गर्दै आएको, आयकर ऐनको दफा १४ मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यको लागि लिएको कर्जामा लाग्ने ब्याज खर्च कट्टी गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेकोमा सोही बमोजिम कम्पनीले ब्याज खर्च दाबी गरेको, मुकेश निर्माण सेवाबाट रु.९,०९,६५०।०० बराबर न्युन खरिद गरेको भनी कार्यालयले हचुवाको भरमा आरोप लगाएको, प्रा.लि. ह्रासयोग्य सम्पत्तिमा कानूनबमोजिम नै ह्रासकट्टी गरेको, टेलिफोन तथा विद्युत खर्च समेत वास्तविक बिल भरपाइको आधारमा खर्च कट्टा गरेकोलाई अमान्य गरेको कानून विपरीत रहेको, कार्यालयले कानूनी आधारबिना हचुवाको भरमा निर्णय गरेको, ब्याज दाबी गरेको, न्यून खरिद देखाएको मूल्य वृद्धिको बिजक नै नदेखाइ सामान बिक्री गरेको, पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेको अनावश्यक प्रशासकीय खर्च दाबी गरेको जस्ता कारण देखाइ करयोग्य आय कायम गरी आयकर तथा मूल्य अभिवृद्धि कर निर्धारण गरेको सम्बन्धमा यस कम्पनीका सञ्चालकले लिखित बयानमा स्पष्ट पारिसकेको, कम्पनीले जगदम्बा ट्रेडिङ्गबाट मिति २०६७/०२/१५ गते बिल नं. ४६२ बाट रु.९,०६,२४०।— सम्मको र बागमती इन्टरप्राइजेजसँग रु.५,०६,५३०।— बराबरको मात्र कारोबार भएको, मुकेश निर्माण सेवा र जगदम्बा सिमेन्ट इ. सँग उक्त आ.व. मा कुनै पनि कारोबार नभएकोमा बिना प्रमाण र आधार कम्पनीको कर योग्य आय रु.२३,२२,९३७।२६ देखाइ सोही आधारमा आयकर तथा मू.अ. कर निर्धारण गरेको त्रुटिपूर्ण रहेको, मिति २०७१/०३/१७ मा पेस भई स्वीकृत भएको प्रतिवेदनको आधारमा सोही दिन प्रारम्भिक कर निर्धारण आदेश गरी सोही दिन करदातालाई बुझाइएको र १५ दिनको म्याद समाप्त हुन नपाइ मिति २०७१/०३/३२ मा अन्तिम कर निर्धारण आदेश भएबाट उक्त आदेशहरू पूर्वाग्रही एवं एकांकी रहेकोले आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट भएको मिति २०७१/०३/३१ को अन्तिम कर निर्धारण आदेश र सोलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागबाट मिति २०७३/०९/९ मा भएको निर्णय समेत बदर गरिपाऊँ भन्नेसमेत बेहोराको पुनरावेदक चन्द्रा एण्ड वसन्त कन्सट्रक्सन प्रा.लि. को पुनरावेदन पत्र ।

**१०) यस न्यायाधिकरणको मिति २०७६/०२/०३ को आदेशः-**

यसमा आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम पुनरावेदकलाई सबुद प्रमाण पेस गर्न १५ दिनको सूचना मिति २०७१/०३/१७ मा दिएकोमा सबुद प्रमाण पेस गर्ने म्याद भुक्तानी नै नभई आन्तरिक राजस्व कार्यालय, भैरहवाले गरेको निर्णय विचारणीय भई फरक पर्न सक्ने देखिदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३ बमोजिम विपक्षी आन्तरिक राजस्व कार्यालय, भैरहवा र उच्च सरकारी

वकील कार्यालय, पोखरालाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६/०२/०३ को आदेश ।

## ठहर खण्ड

११)नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा समावेश भई आज यस इजलास समक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरी पुनरावेदक तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री रमेशप्रसाद धितालले, पुनरावेदक कम्पनीलेआयकर ऐनको दफा १४ वमोजिम व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यको लागि लिएको कर्जामा लाग्ने ब्याज खर्च कट्टी गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेकोमा सोही बमोजिम कम्पनीले ब्याज खर्च दाबी गरेको,पुनरावेदक कम्पनीलेह्रासयोग्य सम्पत्तिमा कानूनबमोजिम नै ह्रासकट्टी गरेको,टेलिफोन तथा विद्युत खर्च समेत वास्तविक बिल भरपाइको आधारमा खर्च कट्टा गरेको छ। पुनरावेदक कम्पनीका तर्फवाट कानूनवमोजिम गरेका कार्यलाई अमान्य गरी आन्तरिक राजश्व कार्यालय, भैरहवा र आन्तरिक राजश्व विभागले कानूनी आधारबिना करयोग्य आय कायम गरी आयकर तथा मूल्य अभिवृद्धि कर निर्धारण गरेको सम्बन्धमा कम्पनीका सञ्चालकले लिखित बयानमा स्पष्ट पारिसकेकोअवस्था छ। पुनरावेदक कम्पनीले जगदम्बा ट्रेडिङ्गबाट मिति २०६७/०२/१५ गते बिल नं. ४६२ बाट रु.९,०६,२४०।— र बागमती इन्टरप्राइजेजसँग रु.५,०६,५३०।— बराबरको मात्र कारोबार गरेको छ। मुकेश निर्माण सेवा र जगदम्बा सिमेन्ट इ. सँग उक्त आ.व. मा कुनै पनि कारोबार नभएकोमा बिना प्रमाण र आधार कम्पनीको कर योग्य आय रु.२३,२२,९३७।२६ निर्धारण गरी सोही आधारमा आयकर तथा मू.अ. कर निर्धारण गरेको कार्य त्रुटिपूर्ण छ। विपक्षी आन्तरिक राजश्व कार्यालय, भैरहवाले मिति २०७१/०३/१७ मा प्रारम्भिक कर निर्धारण आदेश गरी सोही दिन करदातालाई बुझाइएको र १५ दिनको म्याद समाप्त हुन नपाइ मिति २०७१/०३/३२ मा अन्तिम कर निर्धारण आदेश भएबाट उक्त आदेशहरू पूर्वाग्रही एवं एकांकी रहेकोले आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट भएको मिति २०७१/०३/३२ को अन्तिम कर निर्धारण आदेश र सोलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागबाट मिति २०७३/०३/९ मा भएको निर्णय समेत बदर गरिपाऊँ भनी गर्नुभएको वहस सुनियो।

१२)विपक्षी आन्तरिक राजश्व कार्यालय, भैरहवा समेतका तर्फवाट उपस्थित उच्च सरकारी वकिल कार्यालय, पोखराका विद्वान उपन्यायाधिवक्ता श्री केदारनाथ उपाध्यायले,पुनरावेदक कम्पनीले जगदम्बा ट्रेडिङ्गबाट बिल नं.४६२ बाट रु.९,०६,२४०।०० र बागमती इन्टरप्राइजेजसँग रु.५,०६,५३०।०० बराबरको मात्र कारोबार भएको, मुकेश निर्माण

सेवा र जगदम्बा सिमेन्ट इन्डष्ट्रिजसँग उक्त आ.व. मा कुनै कारोबार नभएको भन्ने जिकिर लिएको भए तापनि उक्त जिकिरलाई प्रमाणित गर्ने कागजात तथा विवरण पेस गरेको देखिंदैन। एकातर्फ बैङ्क कर्जा लिई ब्याज तथा खर्च दाबी गरेको र अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे.भि. लाई एडभान्स तथा धरौटी दिएको र सोबाट कुनै आय आर्जन नभएकोले दाबी गरेको ब्याज खर्च आयकर ऐन, २०५८ को दफा १४(१) बमोजिम अमान्य गर्नुपर्ने भनी कार्यालयबाट कर निर्धारण भएको देखिएकोले व्यवसायको आय आर्जन हुने कार्यमा प्रयोग नभएको ब्याज खर्च कट्टी पाउनुपर्ने अवस्था देखिंदैन। पुनरावेदकले १५ प्रतिशत ह्रास खर्च कट्टी पाउने सम्पत्तिमा २५ प्रतिशतका दरले ह्रासकट्टी दाबी गरेकोले बढी दाबी गरेको ह्रास खर्च कट्टी दिन नमिल्ने हुँदा आन्तरिक राजश्व कार्यालय, भैरहवा र आन्तरिक राजश्व विभागवाट भएका निर्णयहरु सदर कायम राखी पाउन अनुरोध छ भनी गर्नुभएको वहस जिकिर समेत सुनियो।

१३) उपरोक्तानुसारको वहस जिकिर समेत सुनी पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरी हेर्दा मूलतः आन्तरिक राजश्व कार्यालय, भैरहवावाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट प्रशासकिय पुनरावलोकनको रोहमा भएको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियो।

१४) प्रस्तुत मुद्दामा चन्द्रा एण्ड वसन्त कन्स्ट्रक्सन प्रा.लि.ले आ.व. २०६६/०६७ को कर परीक्षणको लागि करदाताबाट पेस हुन आएको आय विवरणसाथ संलग्न कागजातहरू,फाँटवारी समेतबाट करदाताको उक्त आ.व. को लागि आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनका लागि संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले लिखित सूचना मिति २०७१/०३/१७ मा बुझी तोकिएको म्यादभित्र कुनै जवाफ पेस नगरेको,प्रा.लि. ले एकातर्फ बैङ्क कर्जा लिई ब्याज खर्च दाबी गरेको अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे. भी. लाई एडभान्स तथा धरौटी दिएको देखिएको र सोको कुनै औचित्यता प्रमाणित नभएकोले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम ब्याज खर्च कट्टी अमान्य हुने रकम रु.७,५३,७०८।३७, मुकेश निर्माण सेवाबाट रु.९,०९,६५०।०० बराबर न्युन खरीद देखाएकोले सो आय वर्षमा भएको कुल मुनाफा १८ प्रतिशतले मूल्य वृद्धि गरी सोको बिजक नै जारी नगरी बिक्री गरेको देखिन आएको तथा आन्तरिक राजस्व विभागको मिति २०६३/०४/०३ को च.नं. ७ बमोजिम खरीद लागत छुट दिई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश हुन आउने

रकम रु.१,६३,७३७।००, करदाताले नियमानुसार पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम अमान्य हुने रकम रु.७७,१५७।००, प्रा.लि. ले प्रशासनिक खर्च अन्तर्गत दाबी गरेको टेलिफोन खर्च रु.१०,८०५।२५, विद्युत खर्च रु.६,२७९।५० को प्रमाण कर परीक्षणको समयमा पेस नभएकोले आयकर ऐन, २०५८ को दफा २१ बमोजिम खर्च कट्टी दाबी अमान्य हुने रकम जम्मा रु.१७,०८४।७५, प्रा.लि. ले लेबर तथा ज्याला खर्च भनी रु.३८,६९,६४५।०० दाबी गरेकोमा सामाजिक सुरक्षा कर दाखिला गरेको नदेखिएकोले सो र ब्याज समेत गणना गरी माग गर्नुपर्ने समेत गरी आयमा थप समावेश गर्नुपर्ने रकम रु.१०,११,६८७।१२ हुन आइ आ.व. २०६६/०६७ को लागि कुल जम्मा करयोग्य आय रु.२३,२२,९३७।२६ हुन आउने हुँदा सो बमोजिम संशोधित कर निर्धारण गर्नेभन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय, भैरहवावाट मिति २०७१/०३/३२ मा आयकर तर्फको अन्तिम कर निर्धारण भएकोमा, आन्तरिक राजश्व विभागवाट समेत आन्तरिक राजश्व कार्यालय, भैरहवाको निर्णयलाई सदर गर्ने गरी निर्णय भएकोमा सो निर्णयमा चित्त नबुझाई पुनरावेदकका तर्फवाट यस न्यायाधिकरण समक्ष उक्त आ.व. मा मुकेश निर्माण सेवा र जगदम्बा सिमेन्ट इ. सँग कुनै पनि कारोबार नभएकोमा बिना प्रमाण र आधार कम्पनीको कर योग्य आय रु.२३,२२,९३७।२६ निर्धारण गरी सोही आधारमा आयकर तथा मू.अ. कर निर्धारण गरेको कार्य त्रुटिपूर्ण छ। विपक्षी आन्तरिक राजश्व कार्यालय, भैरहवाले मिति २०७१/०३/१७ मा प्रारम्भिक कर निर्धारण आदेश गरी सोही दिन करदातालाई बुझाइएको र १५ दिनको म्याद समाप्त हुन नपाइ मिति २०७१/०३/३२ मा अन्तिम कर निर्धारण आदेश भएबाट उक्त आदेशहरू वदर गरी पाउँ भन्ने व्यहोराको पुनरावेदन परी पेश हुन आएको देखिन्छ।

१५) निर्णय तर्फ विचार गर्दा, प्रस्तुत मुद्दा आयकर सँग सम्बन्धित रहेकोमा सार्वजनिक वित्तको क्षेत्रमा कर नीतिको महत्वपूर्ण र नीति औजारको रुपमा आयकरलाई लिइन्छ। आयकर त्यस्तो कर हो जसमा व्यक्तिको आयआर्जन भएको आयमा त्यो आयआर्जनको क्रममा भएका व्यवशायसँग सम्बन्धित सबै खर्चहरु कट्टा गरी बाँकी हुन आउने नाफामा वा लाभमा, व्यक्तिगत आयमा व्यक्तिगत र संस्थागत आयमा Corporate करका दर अनुसार लगाइने कर नै आयकर हो। आयकर ऐन, २०५८ को दफा ७.२ अनुसार आयमा समावेश गर्ने रकमहरुलाई उल्लेख गरिएको छ। जहाँ श्रम र पुँजीको सम्मिश्रण भइ उत्पादनका साधनहरुको प्रयोग गरिन्छ त्यहाँ व्यवशायको आयको सिर्जना हुन्छ। व्यवशायिक सम्पति वा दायित्वको निसर्गवाट प्राप्त खुद लाभ र व्यवशायको ह्रासयोग्य सम्पतिको निसर्गवाट प्राप्त खुद लाभ पनि आयमा समावेश गरिन्छ। व्यवशायको सम्बन्धमा कुनै व्यक्तिवाट प्राप्त गरेको उपहार तथा व्यवशायको सञ्चालनको सम्बन्धमा

कुनै प्रतिबन्ध स्वीकार गरेवापत प्राप्त रकम, लगानी आयको प्रकृति भएतापनि त्यस्तो व्यक्तिले आफ्नो व्यवशायसँग प्रत्यक्ष रुपमा सम्बन्धित भइ प्राप्त गरेको आय र आयकर ऐन अनुसार लेखाङ्कनमा भएको परिवर्तनवाट हुने लाभको आयसमेत व्यवशायको आयमा समावेश गर्नु पर्दछ भन्ने उल्लेख भएको देखिन्छ। पुनरावेदक श्री चन्द्रा एण्ड वसन्त कन्स्ट्रक्सन प्र.लि. नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा निर्माण सेवा सम्बन्धि कारोवार गर्ने उद्देश्यले मिति २०५१।०६।०६ मा द.नं. २५२३वाट दर्ता भई आन्तरिक राजश्व कार्यालय, भैरहवावाट स्थाई लेखा नं. ३०००३०४५५ प्राप्त गरी व्यवशाय संचालन गरी आएको देखिन्छ।

१६) आन्तरिक राजश्व कार्यालय, भैरहवाले कर निर्धारण गर्दा, आ.व. २०६६/०६७ को कर परीक्षणको क्रममा करदातावाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटवारी समेतवाट उल्लिखित आ.व. को लागि आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ वमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनका लागि संशोधित कर योग्य आय कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७१।०३।१७ मा लिखित सूचना जारी गरेकोमा, करदाताले सोही मितिमा पत्र बुझी लगेकोमा पत्र बुझी लगेको मितिवाट म्याद पुरा हुने दिन मिति २०७१।०३।३२ सम्म उक्त कम्पनी सम्पर्कमा नआएकोले आयको गणना गर्दा समावेश गरिएका रकमहरु अन्तर्गतको विवरण क्र.स.१ मा प्रालि. ले एकातर्फ वैंक कर्जा लिई ब्याज खर्च दाबी गरेको अर्कोतर्फ सञ्चालक तथा विभिन्न जे.भी. लाई एडभान्स तथा धरौटी दिएको देखिएको र सोको कुनै औचित्यता प्रमाणित नभएकोले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम ब्याज खर्च कट्टी अमान्य हुने रकम रु.७,५३,७०८।३७, क्र.सं २ मा प्रा.लि. ले खरिद गरेका विभिन्न करदातावाट खरिद गरेको मध्ये खरिद भिडान नभएका मुकेश निर्माण सेवाबाट रु.९,०९,६५०।०० बराबर न्युन खरीद देखाएकोले सो आय वर्षमा भएको कुल मुनाफा १८ प्रतिशतले मूल्य वृद्धि गरी सोको बिजक नै जारी नगरी बिक्री गरेको देखिन आएको तथा आन्तरिक राजस्व विभागको मिति २०६३/०४/०३ को च.नं. ७ बमोजिम खरीद लागत छुट दिई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश हुन आउने रकम रु.१,६३,७३७।००, क्र.स. ३ मा करदाताले नियमानुसार पाउने भन्दा बढी ह्रासकट्टी दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम अमान्य हुने रकम रु.७७,१५७।००, क्र.सं. ४मा प्रा.लि. ले प्रशासनिक खर्च अन्तर्गत दाबी गरेको टेलिफोन खर्च रु.१०,८०५।२५, विद्युत खर्च रु.६,२७९।५० को प्रमाण कर

परीक्षणको समयमा पेस नभएकोले आयकर ऐन, २०५८ को दफा २१ बमोजिम खर्च कट्टी दाबी अमान्य हुने रकम जम्मा रु.१७,०८४।७५,र क्र.सं. ५ मा प्रा.लि. ले लेबर तथा ज्याला खर्च भनी रु.३८,६९,६४५।०० दाबी गरेकोमा सामाजिक सुरक्षा कर दाखिला गरेको नदेखिएकोले सो र ब्याज समेत गणना गरी माग गर्नुपर्ने समेत गरी आयमा थप समावेश गर्नुपर्ने रकम रु.१०,११,६८७।१२ हुन आइ आ.व. २०६६/०६७ को लागि कुल जम्मा करयोग्य आय रु.२३,२२,९३७।२६ कर निर्धारण गरेको देखिन्छ।

१७) पुनरावेदक कम्पनीले पुनरावेदन पत्रमा कम्पनीले आयलाई लुकाउने, छिपाउने मनसायवाट कुनै कार्य नगरेको, आयकर ऐनको दफा १४ बमोजिम व्यवशाय वा लगानी वाट आय आर्जन हुने कार्यका लागि लिएको कर्जामा लाग्ने ब्याज खर्चमा कट्टी गर्न पाउने व्यवस्था रहेको,मुकेश निर्माण सेवावाट कम्पनीले कुनै पनि वस्तु तथा सेवा खरिद नगरेको हुँदा आन्तरिक राजश्व कार्यालय, भैरहवावाट हचुवाको रुपमा खरिद गरेको भनी कुल मुनाफामा १८% ले मूल्य वृद्धि गरी विजक नै जारी नगरी बिक्री गरेको भन्ने आधार लगाई कायम गरेको आयकर ऐनको दफा ७(२) समेतको विपरीत छ। करदाताले नियमानुसार पाउने रकम भन्दा बढी ह्रासकट्टी रकम दावी गरेको भन्ने सम्बन्धमा आयकर ऐनको दफा १९ अनुसार कुनै व्यवशाय लगानीवाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रहि प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भएवाट अनुसुची २ बमोजमनै ह्रास कट्टी गरिएको एवं प्रशासनिक खर्च अन्तर्गत टेलिफोन र विद्युतमा वास्तविक विल वमोजिम गरिएको खर्च कट्टा अमान्य गरिएको कार्य आयकर ऐनको दफा २१ विपरित रहेको हुँदा वदर गरीपाउँ भन्ने जिकिर लिएको देखिन्छ।

१८) आन्तरिक राजश्व कार्यालय, भैरहवाले गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णयमा पुनरावेदक कम्पनीले विजक जारी नगरी विक्रि गरेको भने तापनि को व्यक्तिलाई विजक जारी नगरी के वस्तु विक्री गरेको हो? भनी एकिन रुपमा किटान साथ उल्लेख गर्न सकेको देखिदैन भने अर्कोतर्फ मुकेश निर्माण सेवा र जगदम्वा सिमेन्ट इण्डष्ट्रिजसँग के वस्तु कति परिणाममा खरिद गरेको हो? भनी आन्तरिक राजश्व कार्यालयवाट कर निर्धारणका क्रममा यो वस्तु यति परिणाममा खरिद गरेको भनी पुष्टी हुने गरी सो को विवरण समावेश गर्न सकेको देखिंदैन। पुनरावेदक कम्पनीका संचालक गणेश चन्दले आन्तरिक राजश्व कार्यालय, भैरहवाका प्रमुख कर अधिकृतसमक्ष गरेको वयानको स.ज.नं ४ मा जगदम्वा ट्रेडिङवाट मिति २०६७।०२।१५ मा विल नं. ४६२ वाट रु. ९,०६,२४०।- को मात्र कारोवार गरेको हो सो वाहेक अरु कारोवार गरेको छैन। स.ज.नं. ५ मा मुकेश निर्माण

सेवा सँग उक्त आ.व. मा कुनै कारोवार गरेको छैन, उक्त फर्मले किन कारोवार देखाएको हो, मलाई थाहा भएन भनी वयान गरेको देखिन्छ भने सोही वयानको स.ज.नं. ६ मा वाग्मती इण्टरप्राइजेज सँग समेत जम्मा रु.५,०६,५३०।- को मात्र कारोवार भएको हो, उक्त फर्मले कसरी कारोवार रकम फरक पार्न गयो हामिलाई थाहा भएन भनी वयान गरेको देखिन्छ।साथै सोही वयानको स.ज.नं. ७ मा जगदम्वा सिमेण्ट इण्डष्ट्रिजले हामिलाई विक्री देखाएको भने तापनि हाम्रो कम्पनीसंग कारोवार नै गरेको छैन, उक्त कारोवारमा समेत मेरो इन्कारी छ भनी वयान गरेकोमा कर निर्धारणको क्रममा पुनरावेदक कम्पनीले इन्कारी गरेको विषयमा के कुन आधार कारणवाट उक्त वमोजिमको रकम कारोवार भएको हो भनी यकिनसाथ निर्णयमा खुलाउन र प्राप्त गरेको आय रकम के कसरी व्यवस्थापन गरी कर छल्ने नियत राखेको थियो भनी निर्णयमा स्पष्ट खुलाउन सकेको देखिदैन।

१९) प्रमाण ऐन, २०३१ को दफा १४ ले नियमित रुपमा राखिएको खातावही हिसाव वा अन्य स्रेस्तामा जनिएका कुराहरुलाई प्रमाणमा लिनुपर्ने कानूनी व्यवस्था गरेकोमा पुनरावेदक कम्पनिले नियमित रुपमा राखेको कम्पनीको विवरण यो यस कारणले यो यसरी कर छली गर्ने उद्देश्यले तयार पारिएको हो भनी किटानीसाथ वस्तुनिष्ठ तवरवाट उल्लेख गर्न सकेको मिसिल संलग्न कागज प्रमाणवाट देखिन आउदैन।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट" *निवेदकले पेश गरेको विवरणलाई अमान्य गर्दा कसरी विवरणमा फरक पर्न गयो र के कुन तथ्यांक प्रमाणको आधारमा कर निर्धारण गरियो सो सम्पूर्ण कुरा स्पष्ट उल्लेख नगरी खूद आय कायम गरी कर निर्धारण गर्ने गरिएको निर्णयलाई कानुन अनुरुपको मान्न नमिल्ने "(ने.का.प.२०४७ अंक २ नि.नं.४०७३)* भनी नजिर सिद्धान्त समेत प्रतिपादन भइरहेको अवस्थामा कम्पनीले वाग्मती इण्टरप्राइजेज, मुकेश निर्माण सेवा र जगदम्वा सिमेण्ट सँग कारोवार नभएको भनी लिएको जिकिर र सो सँग सम्बद्ध प्रमाण कागजात समेत मिसिल संलग्न नदेखिइरहेकोमा त्यसको समुचित मूल्याङ्कन एवं प्रमाणको विसश्लेषण वेगर पुनरावेदकवाट प्रेषित विवरण एवं कागजातलाई विना पुष्ट्याई अमान्य गरी विल विजक जारी नगरेको र कर छली गरेको भन्नु कानून सम्मत देखिन आएन।

२०) साथै, आन्तरिक राजश्व कार्यालय, भैरहवावाट आ.व. २०६६/०६७ को संशोधित कर निर्धारण आदेश मिति २०७१।०३।१७ मा भई १५ दिन भित्र प्रमाण पेश गर्ने सूचना सोही मितिमा बुझाइएकोमा मिति २०७१।०३।३२ मा १५ दिनकै दिन अन्तिम कर निर्धारणको निर्णय भएको देखिन्छ।आयकर ऐन, २०५८ को दफा १०१ मा संशोधित कर निर्धारण सम्बन्धि व्यवस्था रहेको र सोहि दफा को उपदफा (६) मा यस दफा

वमोजिम कर निर्धारणमा संशोधन गर्दा विभागले त्यसरी संशोधन गर्नुपरेको आधार स्पष्ट खुलाई सो व्यक्तिलाई लिखित सूचना दिई त्यस्तो कर निर्धारण संम्बन्धमा सफाइको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनुपर्नेछ भनी स्पष्ट कानूनी व्यवस्था रहेको हुँदा आन्तरिक राजश्व कार्यालय, भैरहवावाट भएको संशोधित कर निर्धारण निर्णयमा कानूनले तोकेको १५ दिनको अवधि समेत व्यतित नहुँदै कर निर्धारण निर्णय भएको देखिंदा उक्त निर्णय समेत कानूनबमोजिमको मान्न मिलेन।

२१) अतः माथि विवेचित आधार, कारण समेतवाट आ.व. २०६६/०६७ को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१।०३।१७ मा भई १५ दिन भित्र प्रमाण पेश गर्ने सूचना सोही मितिमा बुझाइएकोमा मिति २०७१।०३।३२ मा १५ दिनकै दिन अन्तिम कर निर्धारणको निर्णय भएको देखिएको र मुकेश निर्माण सेवासँग कुनै कारोवारनभएको भन्ने र जगदम्वा ट्रेडिङ संग आंशिक कारोवार भएको तथा जगदम्वा सिमेन्ट इण्डष्ट्रिजसंग सो आ.व. मा कुनै कारोवार नभएको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा सम्बन्धित कम्पनीहरु र पुनरावेदकवाट समेत तत् सम्बन्धि आवश्यक प्रमाण दाखिल गर्ने अवसर प्रदान गरी, प्रमाणको समुचित मुल्याङ्कन गरी निर्णय गर्नु पर्नेमा तदनुरुपको निर्णय भएको नदेखिंदा आन्तरिक राजश्व कार्यालय, भैरहवाको निर्णय र सो निर्णय सदर गर्ने गरेको आन्तरिक राजश्व विभागको मिति २०७३।०३।०९ को पुनरावलोकन निर्णय समेत बदर हुने ठहर्छ। अब, पुनरावेदकलाई प्रमाण पेश गर्ने अवसर प्रदन गरी कार्यालयका तर्फवाट पनि अन्य आवश्यक जे, जो, बुझ्न झिकाउनु पर्छ, बुझी झिकाई प्रमाणको समूचित मूल्याङ्कन गरी पुनः निर्णय गर्नु भनी तारेखमा रहेका पक्षलाई तारेख तोकी मिसिल आन्तरिक राजश्व कार्यालय, भैरहवामा पठाई दिनुहोला। अरुमा तपसिल बमोजिम गर्नुहोला।

## तपसिल

यसमा माथि ठहर खण्डमा लेखिएबमोजिम आन्तरिक राजश्व कार्यालय, भैरहवाबाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागबाट भएको निर्णय बदर भई पुनः निर्णयका लागि पठाउने ठहर भएकोले प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखी मिसिल आन्तरिक राजश्व कार्यालय,भैरहवामा पठाइदिनुहोला....................१

माथि ठहर खण्डमा लेखिएबमोजिम आन्तरिक राजश्व कार्यालय, भैरहवाबाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागबाट भएको निर्णय बदर भई पुनः निर्णयका लागि पठाउने ठहर भएकोले प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखि फैसला भएको जानकारी उच्च सरकारी वकील कार्यालय, पोखरालाई दिनुहोला.......२

प्रस्तुत फैसलाको नक्कल माग्ने सरोकारवालाहरुलाई नियमानुसार नक्कल दिनुहोला........३

प्रस्तुत मुद्दाको दायरिको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनुहोला..४

(प्रमोदकुमार श्रेष्ठ वैद्य)

अध्यक्ष

उक्त रायमा म सहमत छु।

(रामजीप्रसाद शर्मा)

लेखा सदस्य

फैसला तयार गर्न सहयोग गर्नुहुनेः-

इजलास अधिकृत श्री हरिकृष्ण तिमिल्सेना

नायब सुब्बा श्री किरण गुरुङ

इति संवत् २०७८ साल पुष २गते रोज ६ शुभम्.................................।

फैसला प्रमाणीकरण मितिः २०७८/०९/३०

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## <u>फैसला</u>

२०७७/०७८ सालको निर्णय नं. १३

पुनरावेदन नं. : ०७५-RB-०३६७

पुनरावेदन दर्ता मितिः २०७६।०२।१४

**<u>मुद्दाः अग्रिमकर कट्टि ।(२०६९/०७०)</u>**

| | |
|---|---|
| का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम..........१ | पुनरावेदक |

**<u>विरूद्ध</u>**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ............................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ............................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक बलराम रिज्याल

शुरु निर्णय मिति : २०७४।०१।१३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भोलानाथ ढुंगाना

प्रत्यर्थीको तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७४।०१।१३ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१२।२९ उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दा दर्ता गर्दा ऐ ऐनको दफा ९ को उपदफा (१) बमोजिम तोकिएको धरौटी दाखिला भए/नभएको एकिन गर्ने जिम्मेवारी राजस्व न्यायाधिकरण नियमावली,२०३० को नियम ४ अनुसार स्रेस्तेदारलाई तोकिएको छ । स्रेस्तेदारको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र परेको नियम ४ को उपनियम (२) को देहायको (ख) अनुसार पुनरावेदन दर्ता गर्न नियम ४ को उपनियम (२) को देहायको (ञ) बमोजिम आवश्यक कागजपत्र हेरी/मगाई नियम ९ को खण्ड (च) बमोजिम भए/नभएको चेक जाँच गरी/गराई नियम १० बमोजिमको कार्यविधि पुरा गरी/गराई पुनरावेदन दर्ता भई नियमानुसार पेश भएको प्रस्तुत मुद्दामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम निर्धारित विवादित कर रु.१४,९४,५१६।८० को राख्नु पर्ने आधा रु.७,४७,२५८।४० धरौटी दाखिला गरेको छ भनी पुनरावेदकको पुनरावेदन पत्रमा खुलाई दर्ताका लागि तत्कालिन स्रेस्तेदारबाट स्वीकृत भई पेश हुन आएको प्रस्तुत मुद्दाको अन्य संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको तथ्य

१. करदाता श्री सिद्धार्थ बैंकले आर्थिक वर्ष २०६९।०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०।०९।१९ मा पेश भएको आय विवरण ।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०६९/०७० मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रु. ३१,९६,७८४।३८ (शुल्क तथा ब्याज सहित) आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम माग गर्नुपर्ने देखिएकोले सो बामोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।१२।२० मा लिखित सूचना जारी भएको ।

३. सो सूचनाको सम्बन्धमा करदाताले आ.ब. २०६९/७० को अन्तीम आषाढ महिनामा खर्चको सम्बन्धित बिल उपलब्ध भई नसकेको अवस्थामा लेखाङ्कनको प्रोदभावी

आधार मानी गरिएको व्यवस्था हो। उक्त व्यवस्था गरी खर्च लेखमङ्कन गरे पश्चात २०७० श्रावण महिनामा सम्बन्धित TDS रकम अन्य विविध शीर्षक अन्तर्गत जम्मा भई सकेको परिप्रेक्षमा उक्त TDS पुनः माग गर्नु न्याय संगत नहुने, ब्याज खर्च अग्रिम कर कट्टि सम्बन्धमा अधिकांश भुक्तानीमा आयकर छुट पाउने संस्था भएकोले उक्त संस्थाहरुको ब्याजमा करकट्टि दाखिला गर्नु नपर्ने, पोशाक खर्च र कर्मचारी कर्जामा कर कट्टि गर्नु नपर्ने, लेखापरीक्षण खर्च र बोनसमा पनि कर कट्टि गर्नु नपर्ने भनी मिति २०७४।०१।०७ मा ठूला करदाता कार्यालय, ललितपुरमा दिएको जवाफ ।

४. करदाताले पेश गरेको जवाफमा आ.व. २०६९।०७० को अन्तिम आषाढ महिनाको खर्चको बिल उपलब्ध नभएको भनी जिकिर लिएको देखिन्छ। बहाल रकम बुझाउन बिल प्राप्त हुन पर्ने र खर्च लेखिएपछि सो रकममा अग्रिम कर कट्टि गरी दाखिला गर्नुपर्ने, कर्मचारीलाई उपलब्ध गराईएको ओभरटाईम भत्तामा कर कट्टि गरी दाखिला गरिएको भनिएता पनि उक्त दाखिलाको प्रमाण पेश नभएको, आयकर छुट हुने संस्थालाई अग्रिम कर कट्टी रकम छुट नहुने साथै नेपाल राष्ट्र बैंकबाट सिमित कारोबार गर्ने इजाजत लिएका भनिएका संस्थाहरुको सम्बन्धमा समेत सोलाई पुष्टि गर्ने प्रमाण पेश हुन नआएको, पोशाक खर्चलाई व्यक्तिगत प्रयोजनमा प्रयोग हुन नसक्ने अर्थात बैंकभन्दा अन्य स्थानमा प्रयोग गर्न नसकिने भनी प्रमाण पेश गर्न नसकेको, लेखा परीक्षणसँग सम्बन्धित अन्य खर्चहरु लेखा परीक्षण सम्पन्न गर्नका लागि भुक्तानी गरिने भएको र एकमुष्ठ रुपमा लेखा परीक्षण सम्पन्न गर्नका लागि सम्झौता भएकोले यस्ता रकमहरु सो सम्झौतामा नै समावेश भएको हुने तथा ती खर्च लेखा परीक्षक कै सुबिधा अन्तरगत समावेश भएकोले कुल रकममा नै अग्रिम करकट्टि गर्नुपर्ने, प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस रकमका सम्बन्धमा लिईएको जीकिर कानून सम्मत नरहेकोहुँदा रु. ३२,१९,५७०।०८ (बत्तिस लाख उन्नाईस हजार पाँच सय सत्तरी रुपैयाँ पैसा आठ मात्र) दाखिला गर्न करदातालाई आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम आदेश दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।१३ मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।०१।१३ मा जारी गरेको आ.व. २०६९/०७० को अग्रिमकर कट्टी माग आदेशमा चित्त नबुझी सिद्धार्थ बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०३।११ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आर्थिक वर्ष २०६९।०७० को लागि कर परिक्षण गरी करदाताबाट पेश हुन

आएको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया, कर निर्धारण निर्णयको व्यहोरा एवं फाईलसाथ संलग्न कागजात तथा प्रमाण समेतको अध्ययन, बिश्लेषण गर्दा प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको वोनस रकमको सम्बन्धमा कर्मचारीलाई वितरण गरेको र राष्ट्रियस्तरको कल्याणकारी कोषमा पठाएको रकम बाहेक अवितरित रहेको वोनस रकमलाई आयकर ऐन २०५८ को दफा २५(१)(ग) बमोजिम आयमा समावेश गर्ने गरी पुनः संशोधित कर निर्धारण गर्न पठाउनु पर्छ भन्ने ठहर बाहेक ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको कर निर्धारण आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभाग काठमाण्डौंबाट मिति २०७५।१२।२९ मा भएको निर्णय।

७. आन्तरिक राजश्व बिभागबाट करदाताले नाफा नोक्सान हिसाबमा देखाएको अपलेखन खर्चलाई अग्रिम कर तर्फ खर्च कट्टी देखाएता पनि आयकर ऐनले प्रदान गरेको सुविधा अन्तर्गत जोखिम व्यहोर्नुपर्ने कोषमा कानुन बामोजिम खर्च कट्टी लिन मिल्ने सीमा भित्र रहेको देखिएकोले सो खर्चलाई अमान्य गरी गरेको कर निर्धारण सम्बन्धमा छानबीन तथा एकित गरी पुनः संशोधित  कर निर्धारण गर्नको लागि कार्यालयमा पठाउनु पर्ने ठहर्छ भनी भएको निर्णयमा बाहेक अरु निर्णय व्यहोरामा चित्त नबुझेको हुँदा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७४।०१।१३ कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१२।२९ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७६।०६।०८ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री भोलानाथ ढुंगाना र प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले गर्नुभएको बहस सुनियो। बहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता र सरकारी वकिलबाट देहाय बमोजिम जिकिर बहस प्रस्तुत गर्नुभयो ।

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत बहस जिकिरहरु | प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सरकारी वकिलबाट प्रस्तुत बहस जिकिरहरु |
|---|---|
| आ.व.०६९/०७० को घरबहाल अग्रिम – करकट्टी तर्फ आयकर ऐन,२०५८ को दफा ८८(१) बमोजिम करकट्टी गरिएको रकम दफा ९०(१) ले दिएको समय सिमा भित्र २०७० श्रावण महिनामा सम्बन्धित T.D.S.रकम अन्य विविध शिर्षक अन्तर्गत जम्मा भईसकेको अवस्था छ। व्याज रकममा १५ प्रतिशत का दरले करकट्टी गर्नुपर्ने उल्लेख भएको सन्दर्भमा विभिन्न कारणले गर्दा व्याजमा करकट्टी नगरिएको अवस्थामा ऐन नियमले दिएको सुविधा बमोजिम नै गरेको कार्यलाई मान्यता नदिएको, त्यस्तै अनुसूची ४.२३ कर्मचारी खर्च अन्तर्गत पोशाक खर्च उपलब्ध गराइएकोमा सापटी तथा कर्जा अन्तर्गत प्रदान गरेको कर्जा रकम ९.९१ प्रतिशतले व्याज लिदै आएकोमा आ.व.०६९/०७० मा औषत व्याज १०.७३ प्रतिशत एकै प्रकृतिको कर्जाको औषत व्याज भन्न मिल्दैन। कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस रकम खुद नाफाको १० प्रतिशत बोनस छुट्याउन सक्ने र बाँकी रकमको ३० प्रतिशतले हुने रकम कोषमा जम्मा गरी वितरण गर्न सकिने व्यवस्था बमोजिमको प्रावधानलाई आ.व.०६९/०७० को कर निर्धारण अस्तित्वमा नै नभएको परिपत्रलाई Restrospective Effect लागु गर्न मिल्दैन, विपक्षी कार्यालयको निर्णय कानून विपरित भएकाले बदरभागी छ भन्नुभयो । | - बहाल कर सम्बन्धमा ऐनको दफा ८८(१) बमोजिम करकट्टी गरी दफा ९०(१) ले दिएको समय सिमा भित्र T.D.S. रकममा जम्मा भईसकेको भनेतापनि सो रकम दाखिला पुष्टी गर्ने भौचर प्रमाण संलग्न राखी पेश गरेको देखिदैन। पुनरावेदकले वित्तीय विवरणको अनुसूची ४.२३ मा कर्मचारी खर्च अन्तर्गत ओभरटाइम भत्ता शिर्षकमा उल्लेख रकम कर्मचारीको पारिश्रमिक आयमा समावेश नभई फरक पर्न गएको रकमको करकट्टी माग गरेको देखिन्छ। कर्मचारी पोशाक खर्च र कर्जामा करकट्टी सम्बन्धमा औषतकर्जाको व्याजदर १०.७३ प्रतिशत भएतापनि कर्मचारी सापटीमा ९.९१ प्रतिशत व्याज लिने गरेको प्रचलित व्याजदर भन्दा कम रकम व्याज भुक्तानी गरेको अवस्थामा फरक रकमलाई आयकर ऐनको दफा २७(१)(घ) बमोजिम आयमा समावेश गर्नुपर्ने हुन्छ । बोनस रकमको सम्बन्धमा बोनस ऐनको दफा ५ बमोजिम मुनाफाको १० प्रतिशत बोनस वापत छुट्याउनु पर्नेमा ३० प्रतिशत रकम कल्याणकारी कोषमा, बोनस वापत छुट्याइएको रकम मध्ये आंशिक वा पुरै रकम उल्लेखित समय भित्र वितरण नभएमा आयकर ऐनको दफा २५(१)(ग) बमोजिम बोनस खर्चकट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा समावेश गर्नुपर्ने व्यवस्था समेत रहेको पाइन्छ।<br>तसर्थ, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय मिलेकै देखिंदा सदर हुनु पर्छ। |

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजप्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

<u>अग्रिम कर सम्बन्धमा</u>

क. बहाल कर सम्बन्धमाः

ख. कर्मचारीलाई उपलब्ध गराइएको ओभरटाइम भत्ता सम्बन्धमाः

ग. व्याज खर्च सम्वन्धमाः
घ. कर्मचारीलाई पोशाक खर्च र कर्मचारी सहुलियत कर्जा तथा
ङ. प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस रकममा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने ?

१. निरुपण गर्नुपर्ने उपरोक्त सन्दर्भमा मिसिल साथ संलग्न कागजातहरुको अध्ययन गर्दा प्रचलित कानूनी आधार र प्रचलित मापदण्डहरु समेतबाट निम्नानुसार देखिन आयो ।

क) <u>बहाल कर सम्बन्धमाः–</u>

घर बहाल सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ८८(१)(५) बमोजिम भाडा वापतको रकम भुक्तानी गर्दा १० प्रतिशतले दाखिला गर्नुपर्ने स्पष्ट व्यवस्था रहेकोमा पुनरावेदक बैंकले कम दाखिला गरेको देखिन आयो। पुनरावेदक बैंकले लेखांकन गरेपश्चात दफा ८८(१) बमोजिम करकट्टी गरिएको रकम दफा ९०(१) ले दिएको समय सिमा T.D.S. रकम अन्य विविध शिर्षक अन्तर्गत जम्मा गरेतापनि सो रकम पृष्टी गर्ने प्रमाण समेत दाखिला गरेको पाइएन।

ख) <u>ओभरटाइम भत्ता सम्बन्धमाः-</u>

पुनरावेदकले आ.०६९/०७० को खर्चको सम्बन्धित विल उपलब्ध नभएको अवस्थामा लेखाङ्कन प्रोदभावी आधार मानी T.D.S. रकम जम्मा गरी वित्तिय विवरणको अनुसूची ४.२३ मा कर्मचारी खर्च अन्तर्गत ओभरटाइम भत्ता शिर्षकमा उल्लेख भए अनुसारको रकम कर्मचारीको पारिश्रमिक आयमा समावेश नगरी फरक पर्न गएको रकमको कार्यालयबाट करकट्टी माग गरेतापनि सो रकम दाखिला प्रमाण पेश गर्न नसकि अग्रिम करकट्टी नगरी भुक्तानी दिएको देखिन आयो।यसरी पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज रकम र दफा १२०(क) शुल्क लाग्ने गरी गरिएको निर्णय कानुन सम्मत नै देखिन्छ।

ग) <u>व्याज खर्च सम्बन्धमाः</u> आयकर ऐन,२०५८ को दफा २(ध१) बमोजिम नाफा नकमाउने उद्देश्यले स्थापना भएका संस्थाको करमा आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लेख भएका रकमहरुमा मात्र छुट हुने प्रावधान रहेकोले सो व्यवस्था अनुसार अग्रिम कर कट्टी रकममा छुट नपाउने हुन्छ । त्यस्ता संस्थालाई भुक्तानी गरेको व्याज रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने देखिन्छ सो गरेको नदेखिएकोले ऐ

दफा अनुसार १५ प्रतिशतले हुने अग्रिमकर, दफा ११९ बमोजिमको व्याज र दफा १२०(क) बमोजिमको शुल्क समेत माग गर्ने भनि शुरु कार्यालयबाट भएको निर्णय बमोजिम नै आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानून सम्मत नै देखियो ।

घ) **पोशाक खर्च र कर्मचारी कर्जामा अग्रिमकर कट्टी सम्बन्धमाः—**
बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकिर लिएकोमा पोशाक व्यक्तिगत प्रयोजनमा प्रयोग हुन नसक्ने र व्यवसायिक प्रयोजनको लागि मात्र प्रयोग हुने भनी प्रमाण समेत पेश गर्न सकेको अवस्था देखिँदैन । तसर्थ आयकर ऐन, २०५८ को दफा ८७ तथा दफा ८(२)(छ) बमोजिम पोशाक वापतको खर्चमा अग्रिम करकट्टी गरी दाखिला गर्नु पर्नेमा सो दाखिला गरेको नदेखिएकोले पोशाक खर्चमा अग्रिमकर कट्टी हुन नहुने भन्ने पुनरावेदकको जिकिर र कर्मचारी कर्जा सुविधामा न्यूनतम व्याजदरको दरले गणना गर्दा हुने रकम आयमा थप गरी आयकर ऐन,२०५८ को दफा ८७ बमोजिम असूल नगरेको हकमा लगाएको कर, व्याज र शुल्क दाखिला गर्न ठहर भएको निर्णय उपर पुनरावेदनकको जिकिरसँग सहमत हुन सकिएन ।

ङ) **प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनसमा अग्रिमकर कट्टी सम्वन्धमाः**
करदाताले आन्तरिक राजस्व विभागको परिपत्रका सम्वन्धमा जिकिर लिएतापनि वोनस ऐन,२०३० अनुसार कर्मचारीहरुलाई वितरण गरी बाँकी रहेको आव २०६९।७० को वोनस रकम मध्ये कल्याणकारी कोषमा पठाएको रु २,७२,४५४।१६ मा अग्रिमकर कट्टी गरेको नदेखिएकोले २५ प्रतिशतले हुने अग्रिमकर रु ६८,११४।– सोमा लाग्ने आयकर ऐन,२०५८ को दफा ११९ बमोजिमको व्याज र दफा १२०(क) बमोजिम ५० प्रतिशत शुल्क समेत लाग्ने गरी शुरु कार्यालय तथा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेकै देखिन आयो ।

११. माथि विवेचित आधार र कारणबाट पुनरावेदक करदाता सिद्धार्थ बैंक लिमिटेडको आ.व.०६९/०७० को अग्रिमकर निर्धारणका सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७४/०१/१३ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१२/२९ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू-------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिलनियमानुसार अभिलेखशाखामा बुझाईदिनू----------------------------------३

(पुष्प प्रसाद गुरागाई)

लेखा सदस्य

उक्त रायमा हामी सहमत छौं।

(राजेन्द्र पौडेल)

राजस्व सदस्य

(विनोद शर्मा)

अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्ने:</u>

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने ना.सुः हेमन्त फुयाँल

इति सम्बत् २०७७ साल पुष ५ गते रोज १ शुभम्--------------------------------।

श्री

राजस्व न्यायाधिकरण पोखरा

संयुक्त इजलास

माननीय अध्यक्ष श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

लेखा सदस्य श्री रामजीप्रसाद शर्मा

## फैसला

सम्वत २०७५ सालको पु.दा.नं. ०७५००००८

मुद्दा :- मूल्य अभिवृद्धि कर (आ.व. ०७०/०७१)

नि.नं. :-८

| | |
|---|---|
| कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१७ मुस्ताङचोकस्थित पोखरा अल्ट्रालाइट प्रा.लि. को तर्फबाट अख्तियारप्राप्त सञ्चालक पोमनारायण श्रेष्ठ.........१ | पुनरावेदक |

विरूद्ध

| | |
|---|---|
| नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, पोखरा, कास्की.......१ | प्रत्यर्थी |

सुरु निर्णय गर्ने निकाय: आन्तरिक राजस्व कार्यालय, पोखरा

सुरु निर्णय गर्ने अधिकारी: प्रमुख कर अधिकृत केशव कुमार उप्रेती

सुरु निर्णय मिति:२०७५।०२।३१

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय गर्ने निकायः आन्तरिक राजस्व विभाग

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णुप्रसाद नेपाल

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय मितिः २०७५।०९।०४

आन्तरिक राजस्व कार्यालय पोखराको मिति २०७५।०२।३१ को संशोधित कर निर्धारणको आदेशर आन्तरिक राजस्व विभागको मिति २०७५।०९।०४ को प्रशासकीय पुनरावलोकन निर्णय उपर पर्न आएको पुनरावेदन राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१)बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## तथ्य खण्ड

**१) पोखरा नागरिक उड्डयन कार्यालय, पोखराको मिति २०७५/०१/०९ को पत्रः-**

आ.व. ०७०/०७१ मा पोखरा अल्ट्रालाइट प्रा.लि. बाट कुल २६६५ अल्ट्रालाइट उडान भएको भन्नेसमेत बेहोराको पोखरा नागरिक उड्डयन कार्यालयको पत्र ।

**२) पुनरावेदकको आन्तरिक राजस्व कार्यालय, पोखरामा मिति २०७५/०१/१३ मा भएको बयानः-**

मेरो पोखरा अल्ट्रालाइट प्रा.लि. ले यात्रुहरूलाई अल्ट्रालाइट सेवा प्रदान गर्दा बीजक जारी गरिने, यात्रुको तथ्याङ्क कम्प्युटर तथा लेजरमा राखिने, उक्त प्रा.लि. बाट नगद तथा उधारो कारोबार हुने,यस क्षेत्रका पर्यटन व्यवसायी, संघ संस्था तथा विदेशीहरूलाई व्यवसाय प्रचार प्रसार तथा प्रवर्द्धनका लागि निशुल्क सेवा समेत दिइएकोले ती यात्रुहरूको विवरण समावेश नगरिएको, निशुल्क सेवाबापत बिजक जारी गर्नुपर्छ भन्ने कुरा पुर्व जानकारी नभएको भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी पोखरा अल्ट्रालाइट प्रा.लि. का अख्तियार प्राप्त सञ्चालक पोमनारायण श्रेष्ठले आन्तरिक राजस्व कार्यालय,पोखरामा गरेको बयान ।

**३) मिति २०७५/०२/१३ को कर लेखा परीक्षण (मूल्य अभिवृद्धि करतर्फ थप कर निर्धारण गर्नुपर्ने कारण र रकम) प्रतिवेदन र प्रमुख कर अधिकृतको स्वीकृतिः-**

करदाताले आ.व.२०७०।०७१ मा १०४६ जना यात्रुले अल्ट्रालाइट मार्फत उडान गरी मनोरञ्जनात्मक लिएको भनी रु.१,०२,९८,२७९।०० को कारोबार देखाई आय विवरण तथा मू.अ.कर विवरण गरेको देखिएकोमानागरिक उड्डयन कार्यालय,पोखराको च.न.७०६,मिति २०७५।०१।०९ को पत्रमा करदाताबाट आ.व.२०७०।०७१ मा २६६५ जना यात्रुले अल्ट्रालाइटमार्फत मनोरन्जनात्मक सेवा लिएको भन्ने उल्लेख भएको, विभिन्न संघ संस्था,सरकारी तथा गैह सरकारी संस्थामा कार्यरत "व्यक्तित्वहरू विभिन्न देशका कुटनीतिज्ञ, राजनीतिज्ञ तथा गैरराजनीतिज्ञ विशिष्ट व्यक्तित्वहरू लगायतका १६१९ जना यात्रुलाई प्रदान गरिएको मनोरन्जनात्मक सेवामा मू.अ.कर असुल नगरिएको भनी विवरण पेस हुन आएकोमा मू.अ.कर ऐन,२०५२ (स.सं.) मा कुनै राजनीतिक व्यक्ति वा कुटनीतिक व्यक्ति वा अन्य कुनै विशिष्ट व्यक्ति विशेषलाई मू.अ.कर योग्य सेवा प्रदान गर्दा मू.अ.कर असूल गर्न नपर्ने भन्ने व्यवस्था नदेखिएको तर ऐ. ऐनको दफा २५(१)( क) ले कुटनैतिक सुविधा प्राप्त कुटनीतिज्ञले आफूले उपभोग गरेको हदसम्म नेपाल भित्र तिरेको करको रकम फिर्ता पाउने व्यवस्था गरेको, करदाताबाट पेस भएकोविवरणमा FOC (Free of Cost) Paxभनी १५ मिनेट उडाइएका १६१९ यात्रु संख्या

उल्लेख भएको देखिएको र करदाताले पेस गरेको विवरणमा यात्रा अवधिलाई १५ मिनेट, ३० मिनेट, ६० मिनेट र अधिकतम ९० मिनेट गरी वर्गीकरण गरएकोमा अल्ट्रालाइटबाट प्रदान गरिने सेवा एक प्रकारको विशेष मनोरञ्जनात्मक सेवा भएकोले सो सेवा लिने हरेक यात्रुले सकेसम्म बढी मनोरन्जन लिने प्रयत्न गर्ने हुँदा निशुल्क भनिएका १६१९ जना यात्रुले केवल १५ मिनेट मात्र यात्रा गरेको भन्ने पत्यार गर्ने ठोस आधार र प्रमाण पेस हुन नआएको, करदाताले पेस गरेको विवरणबमोजिम डिस्काउन्ट अघिको भाडादरका आधारमा रु.२,०६,६१,१५२।०० को करयोग्य रकममा बिजक जारी नगरी कारोबार लुकाइ आफ्नो वास्तविक दायित्व भन्दा घटी कर दायित्व देखाइ मू.अ.कर ऐन, २०५२(सं.स.) को दफा २९(२) (क) र (ख) को कसूर गरेको देखिएकोले करदाताले बिजक जारी नगरेका १६१९ जना यात्रुबाट प्राप्त गरेको करयोग्य कारोबार रु.२,०६,६१,१५२।०० लाई करदाताको आ.व. २०७०/७१ को अतिरिक्त करयोग्य बिक्री कायम गरी मु.अ.कर ऐन, २०५२(सं.स.) को दफा २०(१)(ज) बमोजिम रु.२६,८५,९५०।०० मू.अ.कर निर्धारण गरी सोही ऐनको दफा २९(२) बमोजिम रु.२६,८५,९५०।०० जरिबाना गर्नुपर्ने साथै मू.अ.कर ऐन, २०५२ को दफा १९ बमोजिमको थप दस्तूर तथा दफा २६ बमोजिमको ब्याज आन्तरिक राजस्व विभागको Officer Portal बाट गणना गरेबमोजिम हुने गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश जारी गर्नुपर्ने देखिन्छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय, पोखराका कर अधिकृत कमलप्रसाद काफ्लेसमेतको मिति २०७५/०२/१३ को प्रतिवेदनएवं मु.अ.कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको सूचना करदाताको नाउँमा जारी गर्ने गरी पेस भए अनुसारको प्रतिवेदन स्वीकृत गर्ने सोही मितिको प्रमुख कर अधिकृतको निर्णय।

४) **आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/१३ कोप्रारम्भिक मूल्य अभिवृद्धि कर निर्धारण गर्नुपर्ने कारण र आधारः-**

पोखरा अल्ट्रालाइट प्रा.लि.ले आ.व. २०७०।०७१ मा १०४६ जना यात्रुले अल्ट्रालाइटमार्फत उडान गरी मनोरञ्जनात्मक सेवा लिएको भनीरु. १,०२,९८,२७९।०० को कारोबार देखाई आय विवरण तथा मु.अ.कर विवरण पेस गरेको देखिएकोमा सो सम्बन्धमा पोखरा नागरिक उड्डयन कार्यालय, पोखराबाट प्राप्त तथ्याङ्कमा त्यस प्रा.लि. बाट आ.व. २०७०।०७१ मा २६६५ जना यात्रुले अल्ट्रालाइटमार्फत मनोरञ्जनात्मक सेवा लिएको देखिएको, त्यस प्रा.लि.ले अल्ट्रालाइटबाट प्रदान गर्ने मनोरञ्जनात्मक सेवा मूल्य अभिवृद्धिकर लाग्ने कारोबार देखिएको,अल्ट्रालाइट सेवा मू.अ.कर लाग्ने

मनोरञ्जनात्मक सेवा भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२(स.सं.) को दफा ५ बमोजिम त्यस्तो करयोग्य सेवा प्राप्त गर्ने हरेक यात्रुसँग भएको करयोग्य कारोबारमा मू.अ. कर असूल गर्नु पर्ने देखिएको,विभिन्न संघ, संस्था, सरकारी तथा गैह्र सरकारी संस्थामा कार्यरत व्यक्तित्वहरू, विभिन्न देशका कुटनीतिज्ञहरू राजनीतिज्ञ तथा गैरराजनीतिज्ञ विशिष्ट व्यक्तित्वहरूलगायतका १६१९ जना यात्रुलाई प्रदान गरिएको मनोरञ्जनात्मक सेवामा मू.अ.कर असुल नगरिएको भनी विवरण पेस हुन आएकोमा मू.अ.कर ऐन, २०५२(स.सं.) मा कुनै राजनीतिक व्यक्ति वा कुटनीतिक व्यक्ति वा अन्य कुनै विशिष्ठ व्यक्ति विशेषलाई मू.अ.कर योग्य सेवा प्रदान गर्दा मू.अ.कर असुल गर्न नपर्ने भन्ने व्यवस्था देखिदैन तर मू.अ.कर ऐन, २०५२ (स.सं.) को दफा २५ (१) (क) ले कुटनैतिक सुविधा प्राप्त कुटनीतिज्ञले आफुले उपभोग गरेको हदसम्म नेपालभित्र तिरेको करको रकम फिर्ता पाउने व्यवस्था गरेकोमा करदाताबाट पेस भएकोविवरणमा FOC (Free of Cost) Paxभनी १५ मिनेट उडाइएका १६१९ यात्रु संख्या उल्लेख भएको देखिएको र करदाताले पेस गरेको विवरणमा यात्रा अवधिलाई १५ मिनेट, ३० मिनेट, ६० मिनेट र अधिकतम ९० मिनेट गरी वर्गीकरण गरिएकोमा अल्ट्रालाइटबाट प्रदान गरिने सेवा एक प्रकारको विशेष मनोरञ्जनात्मक सेवा भएकोले सो सेवा लिने हरेक यात्रुले सकेसम्म बढी मनोरन्जन लिने प्रयत्न गर्ने हुँदा निशुल्क भनिएका १६१९ जना यात्रुले केवल १५ मिनेट मात्र यात्रा गरेको भन्ने पत्यार गर्ने ठोस आधार र प्रमाण पेस हुन नआएकोले ती यात्रुले केवल १५ मिनेट मात्र सेवा लिएका हुन भन्ने तथ्यमा सहमत हुन नसकिएको, सोही विवरणमा उल्लेखित डिस्काउन्ट अघिको भाडादरका आधारमा रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबारमा बिजक जारी नगरी कारोबार लुकाएको पाइएकोले जम्मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरञ्जनात्मक सेवा लिएको भएतापनि त्यस प्रा.लि.ले झुट्टाबिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबार लुकाई आफ्नो वास्तविक मू.अ.कर दायित्व भन्दा घटी कर दायित्व देखाई मू.अ.कर ऐन, २०५२ (स.सं.) को २९ (२) (क) र (ख) को कसूर गरेको देखिएकोलेबिजक जारी नगरेका १६१९ जना यात्रुबाट प्राप्त गरेको करयोग्य कारोबार रु.२,०६,६१,१५२।०० लाई करदाताको आ.व. २०७०।०७१ को अतिरिक्त करयोग्य बिक्री कायम गरी मू.अ.कर ऐन, २०५२ (स.सं.) को दफा २०(१) (ज) बमोजिम रु. २६,८५,९५०।०० मू.अ.कर निर्धारण गरी सोही ऐनको दफा २९ (२) बमोजिम रु. २६,८५,९५०।०० जरिबाना गर्नुपर्ने देखिन्छ। साथै मू.अ.कर ऐन, २०५२ को दफा १९ बमोजिमको थप दस्तुर रु.७,९३,९४०।— तथा दफा २६ बमोजिमको ब्याज रु.११,९२,७५७।०० समेत रु.७३,५८,५९७।०० निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को

नियम २९ (१) बमोजिम यो प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/१३ को प्रारम्भिक कर निर्धारण आदेश ।

५) **आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/१३ को प्रारम्भिक कर निर्धारण आदेशको सूचना पत्रः-**

आ.व. २०७०/०७१ को मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(ज) तथा मू.अ.कर नियमावली, २०५३ को दफा २९(१) बमोजिम रु.७३,५८,५९७।०० तिर्नु नपर्ने अथवा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए यो पत्र प्राप्त भएको पन्ध्र दिनभित्र कर अधिकृतसमक्ष पेस गर्नुहोला भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय पोखराको मिति २०७५/०२/१३ को पत्र ।

६) **पोखरा अल्ट्रालाइट प्रा.लि. को प्रारम्भिक कर निर्धारण आदेश जारी गर्नुनपर्ने सम्बन्धमा जिकिरः**

यस कम्पनीले अल्ट्रालाईटबाट पर्यटकहरूलाई प्रदान गरेको सहासिक पर्यटन सेवाबाट प्राप्त आयलाई मू.अ. कर बिजक जारी गरी वास्तविक र यथार्थ रूपमा लेखांकन गरी भएको आय रु.१,०२,९८,२७९।०० आय विवरण साथ संलग्न लेखापरीक्षण भएका वित्तियविवरण संलग्न गरी यथासमयमा नै कार्यालयमा दाखिला गरिएको, कम्पनीले यस वर्षबाट मात्र व्यावसायिक सेवा प्रारम्भ गरेकोले यस वर्षलाई बजार विस्तार र प्रतिस्पर्धामा अगाडि बढ्ने एवं सहासिक पर्यटनलाई प्रवर्द्धन गर्ने अवसरका रूपमा लिने ध्येयका साथ हामीले हाम्रा शेयरधनी र प्रवर्द्धकहरूको अन्य व्यवसायको माध्यमबाट स्थापित सन्तुष्ट ग्राहक सञ्जाललाई लक्षित गरी उहाँहरूलाई निशुल्क सेवा प्रदान गरी प्रतिस्पर्धात्मिक बजारमा आफ्नो उपस्थिति जनाई त्यस पछिका वर्षहरूमा उल्लेख्य रूपमा व्यापारविस्तार गरेकाछौं, यस कम्पनीले सेवा प्रदान गरी प्राप्त भएको वास्तविक आयलाई मू.अ.कर बिजक जारी गरी आम्दानी जनाएको र निशुल्क सेवा प्रदान गरेको हकमा प्रबर्द्धनात्मक कुपन उपलब्ध गराई उक्त कुपनहरूको आधारमा ग्राहकहरूको सान्दर्भिक विवरण सहितको अभिलेख राखी पारदर्शी रूपमा सेवा उपलब्ध गराएको एवं ग्राहकहरूलाई निशुल्क सेवा प्रदान गरेको पुष्टि हुने कुपनहरूको कार्यालयमा रहेको प्रतिको प्रमाणित फोटोकपी थान ३४३ र सम्पूर्ण उडानको ग्राहक रजिष्ट्ररको प्रमाणित प्रतिलिपि १०६ पाना समेत यसैसाथ पेस गरिएको, कम्पनीले आफ्ना ग्राहकहरूलाई सन्तुष्ट बनाउन र अन्य प्रतिस्पर्धी कम्पनीहरूसँग उपलब्ध सेवा योजना (प्याकेज) हरूलाई समेत ध्यानमा राखी मिति २०७०।०४।०२ मा बसेको कम्पनीको सञ्चालक समितिको निर्णयबाट १५ मिनेट, ३० मिनेट, ६० मिनेट र ९० मिनेटको सेवा योजना (प्याकेज), योजनाको

दर, उक्त दरमा दिन सकिने छुटहरू र प्रबर्द्धनात्मक उद्देश्यका लागि १५ मिनेट अवधिको मात्र लक्षित ग्राहकहरूका लागि निशुल्क योजना पारित भई सोही बमोजिम सेवा उपलब्ध गराएकोले कम्पनीको आर्थिक र प्रशासनिक पारदर्शिता पुष्टि भएको, आर्थिक र लागत मितव्ययितालाई ध्यानमा राखी निशुल्क योजनाको अवधि १५ मिनेट मात्र राखु परेको, कम्पनीले मिति २०७१।०४।१० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम प्रवर्द्धन योजना मुताविक निशुल्क उडान सेवा उपलब्ध गराएका १६१९ जना ग्राहकहरूका लागि भएको खर्चको अनुमोदन र उक्त योजनाको अन्त्य भएको र पछि उपयुक्त योजना पारित गर्ने निर्णय समेतबाट कम्पनीले संस्थागत रूपमा पारदर्शी तरिकाले आफ्नो व्यवसाय सञ्चालन गरेको पुष्टिभएको, कम्पनीले आफ्ना ग्राहकहरूबाट भएको आयलाई लुकाऊने छिपाउने मनसायबाट कुनै पनि कार्य नगरेको, कम्पनीले भएको आम्दानीको मू.अ.कर बिजक जारी गरी प्राप्त सेवा शुल्कमा मू.अ.कर असुल गरी पारदर्शी रूपमा लेखा राखी तिर्नु बुझाउनुपर्ने मू.अ.कर नियमित रूपमा दाखिला गरिरहेको, निशुल्क सेवा उपलब्ध गराएकोमा सोको स्पष्ट अभिलेख राखीप्रभाबकारी आन्तरिक नियन्त्रण प्रणाली विकास गरी कारोबार सञ्चालन गरेकोले कम्पनीको कारोबारलाई अन्यथा ब्याख्या गरी रु.२,०६,६१,१५२।०० बिक्री कायम गरिनु तथ्यसंगत नभएको, हाम्रो व्यवसायका ग्राहकहरूले प्रत्येक कारोबारको बिल बिजक लिने र कम्पनीले पनि तत्कालै बिजक दिएर मात्र उडानका लागि पठाउने र निशुल्क सेवा उपलब्ध गराएकोमा निशुल्क प्रवर्द्धन कुपनको अभिलेख राखी उक्त कुपन दिएर मात्र उडानका लागि पठाउने आन्तरिक नियन्त्रण प्रणाली बिकाश गरी सोही बमोजिम कार्य गरेकोले अनुमानका आधारमा तथ्य भन्दा बाहिर गई बिक्री कायम गरिनु त्रुटिपूर्ण रहेको र कायम गरिएको थप बिक्री रु.२,०६,६१,१५२।०० वास्तविक नभएको, हुँदै नभएको अबस्थाको कल्पना गरी अनुमान र औसत हिसाब गरी कायम गरिएको बिक्री रु.२,०६,६१,१५२।०० मा मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम भनी रु. २६,८५,९५०।००, मू.अ.कर निर्धारण गर्न नमिल्ने साथै कपोलकल्पित तर्क र अनुमानका आधारमा बिकी कायम गरी सोमा मू.अ. कर निर्धारण गरी सोमा मू.अ.कर ऐन, २०५२ को दफा २९(२) बमोजिम भनी रु.२६,८५,९५०।०० जरिबाना, सोही ऐनको दफा १९ बमोजिम भनी रु. ७,३९,९४०।०० थप दस्तूर तथा दफा २६ बमोजिम भनी ब्याज रु.११,९२,७५७।०० निर्धारण गर्न नमिल्ने हुँदा रु. ७३,५८,५९७।०० कर निर्धारण गर्नु नपर्ने भन्नेसमेत बेहोराको पोखरा अल्ट्रालाइट प्रा. लि. को जिकिर ।

७) **आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५।०२।३१ को अन्तिम कर निर्धारण गर्न खडा गरेको निर्णयः-**

आ.व. २०७०।०७१ मा जम्मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरन्जनात्मक सेवा लिएको भएतापनि करदाताले झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबार लुकाई आफ्नो वास्तविक मूल्य अभिवृद्धि कर दायित्व भन्दा घटी कर दायित्व देखाइ मूल्य अभिवृद्धि कर ऐन, २०५२(सं.स.) को दफा २९(२)(क) र (ख) को कसूर गरेको ठहर्छ । अतः मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम मूल्य अभिवृद्धि कर रु.२६,८५,९५०।००, दफा २९(२) बमोजिम जरिबानारु.२६,८५,९५०।००, दफा १९ बमोजिमको थप दस्तुररु.७,९३,९४०।०० र दफा २६ बमोजिमको व्याज रु.११,९२,७५७।०० समेत जम्मा रु.७३,५८,५९७।०० (अक्षरुपी त्रिहत्तर लाख अन्ठाउन्न हजार पाँचसय सन्तानब्बे रूपैयाँ मात्र) मूल्य अभिवृद्धि कर निर्धारण हुने नै ठहर्छ । सो अनुसार करदाताको नाममा यस कार्यालयबाट मिति २०७५।०२।१३ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशमा संशोधन गर्नुपर्ने अवस्था नरहेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम कर निर्धारण गरी अन्तिम कर निर्धारण आदेश जारी गर्न सम्पूर्ण प्रकृया पूरा भैसकेकोले मूल्य अभिवृद्धि कर रु.२६,८५,९५०।००, दफा २९(२) बमोजिम जरिबाना रु.२६,८५,९५०।००, आन्तरिक राजस्व विभागको Computer System बाट गणना गरे बमोजिम हुने दफा १९ बमोजिमको थप दस्तुर रु.७,९३,९४०।०० र दफा २६ बमोजिमको व्याज रु.११,९२,७५७।०० समेत जम्मा रु.७३,५८,५९७।०० (अक्षरुपी त्रिहत्तर लाख अन्ठाउन्न हजार पाँचसय सन्तानब्बे रूपैयाँ मात्र) तथा दफा १९ अनुसारको थप दस्तूर र दफा २६ अनुसारको व्याज गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२(सं.स.) को दफा २०१)(ज) अनुसार कर निर्धारण हुने ठहर्छ भन्नेसमेत बेहोराको अन्तिम कर निर्धारण निर्णय।

८) **आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/३१ को अन्तिममूल्य अभिवृद्धि कर निर्धारण गर्नुपर्ने कारण र आधारः-**

पोखरा अल्ट्रालाइट प्रा.लि. ले आ.व.२०७०।०७१ मा १०४६ जना यात्रुले अल्ट्रालाइट मार्फत उडान गरी मनोरञ्जनात्मक सेवा लिएको भनीरु.१,०२,९८,२७९।०० को कारोबार देखाई आय विवरण तथा मू.अ. कर विवरण पेस गरेको देखिएकोमा सो सम्बन्धमा पोखरा नागरिक उड्डयन कार्यालय, पोखराबाट प्राप्त तथ्याङ्कमा सो प्रा.लि. बाट आ.व.२०७०।०७१ मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरन्जनात्मक सेवा लिएको देखिएको, अल्ट्रालाइटबाट प्रदान गर्ने मनोरन्जनात्मक सेवा मूल्य अभिवृद्धि कर लाग्ने कारोबार भएको, मूल्य अभिवृद्धि कर ऐन, २०५२(सं.स.) को दफा ५ बमोजिम

त्यस्तो करयोग्य सेवा प्राप्त गर्ने हरेक यात्रुसँग भएको करयोग्य कारोबारमा मू.अ.कर असूल गर्नुपर्ने एवं विभिन्न संघ संस्था, सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत व्यक्तित्वहरू, विभिन्न देशका कुटनितिज्ञहरू राजतितिज्ञ तथा गैरराजनितिज्ञ विशिष्ठ व्यक्तित्वहरू लगायतका १६१९ जना यात्रुलाई प्रदान गरिएको मनोरन्जनात्मक सेवामा मू.अ.कर असुल नगरिएको भनी विवरण पेस हुन आएकोमा मू.अ.कर ऐन, २०५२ (स.सं.) मा कुनै राजनीतिक व्यक्ति वा कुटनितिक व्यक्ति वा अन्य कने विशिष्ट व्यक्ति विशेषलाई मू.अ.कर योग्य सेवा प्रदान गर्दा मू.अ.कर असूल गर्न नपर्ने भन्ने व्यवस्था नदेखिएको तर मू.अ.कर ऐन, २०५२(स.सं.) को दफा २५(१) (क) ले कुटनैतिक सुविधा प्राप्त कुटनितिज्ञले आफले उपभोग गरेको हदसम्म नेपाल भित्र तिरेको करको रकम फिर्ता पाउने व्यवस्था गरेकोमा सो व्यवस्था अनुसार त्यस्ता कुटनितिज्ञहरूसँग समेत करयोग्य कारोबारमा कर असुल भने गर्नुपर्दछ र ती कुटनैतिक सुविधा प्राप्त व्यक्तिले आफुले तिरेको कर रकमको कर फिर्ता माग गरेमा तोकिएको प्रक्रिया पूर गरी कर फिर्ता पाउने व्यवस्था देखिएको, त्यस प्रा.लि.बाट पेस भएको विवरणमा FOC (Free of Cost) Paxभनी १५ मिनेट उडाइएका १६१९ यात्रु संख्या उल्लेख भएको देखिएको, त्यस प्रा.लि.ले पेस गरेको विवरणमा यात्रा अवधिलाई १५ मिनेट, ३० मिनेट, ६०मिनेट र अधिकतम९० मिनेट गरी वगीकरण गरिएको र १६१९ जना यात्रुले १५ मिनेट मात्र यात्रा गरेको भन्ने उल्लेख भएकोमा अल्ट्रालाइटबाट प्रदान गरिने सेवा विशेष मनोरन्जनात्मक सेवा भएकोले सो सेवा लिने हरेकयात्रुले सकेसम्म बढी मनोरन्जन लिने प्रयत्न गर्ने हुँदानिशुल्क भनिएका त्यतिका यात्रुले केवल १५ मिनेट मात्र यात्रा गर्ने ठोस आधार र प्रमाण पेस हुन नआएको, यस आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले विवरणमा उल्लेखित डिस्काउन्ट अघिको भाडादरका आधारमा रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबारमा बिजक जारी नगरी कारोबार लुकाएको पाइएकोले जम्मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरन्जनात्मक सेवा लिएको भएतापनि त्यस प्रा.लि.ले झुट्टाबिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबार लुकाई आफ्नो वास्तविक मू.अ.कर दायित्व भन्दा घटी कर दायित्व देखाइ मू.अ.कर ऐन, २०५२(सं.स.) को दफा २९(२)(क) र (ख) को कसूर गरेको देखिएकोले त्यस प्रा.लि.ले बिजक जारी नगरेका १६१९ जना यात्रुबाट प्राप्त गरेको करयोग्य कारोबार रु.२,०६,६१,१५२।०० लाई करदाताको आ.व. २०७०।०७१ को अतिरिक्त करयोग्य बिक्री कायम गरी मू.अ. कर ऐन, २०५२(सं.स.) को दफा २०(१)(ज) बमोजिम रु.२६,८५,९५०।०० मू.अ.कर निर्धारण गरी सोही ऐनको दफा २९(२) बमोजिम रु.२६,८५,९५०।००जरिबाना गर्नुपर्ने, मू.अ. कर ऐन, २०५२ को दफा १९ बमोजिमको थप दस्तूररु.८,११,५५८।०० तथा दफा २६

बमोजिमको व्याज रु.१२,१८,६८७।०० समेत रु.७४,०२,१४५।००(अक्षरुपी चौरहत्तरलाख दुईहजार एकसय पैंचालिस रुपैयाँ मात्र) निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम यो अन्तिम कर निर्धारण आदेश जारी गरिएको छ । यसमा कर अवधि २०७० को तेस्रो चौमासिक कायम गरिएको छ भन्नेसमेत बेहोराको मु.अ.कर निर्धारण गर्नुपर्ने कारण र आधार ।

**९) आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/३१ को अन्तिम कर निर्धारण आदेशको सूचनाः-**

तपाईले पेस गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरूको मुल्याङ्कन गर्दा कर रकम रु.७४,०२,१४५।—तिर्नुपर्नेदेखिन आएकोले उक्त रकम यो आदेश भएको मितिले १५ दिनभित्र नबुझाएमा जरिबाना,थपदस्तूर, तथा ब्याज समेत लाग्ने भन्नेसमेत बेहोराको सूचना।

**१०) पुनरावेदकले राजस्व विभागसमक्ष पेस गरेको प्रशासकिय पुनरावलोकन निवेदनः-**

निशुल्क सेवा प्रदान गरेको विषय आन्तरिक राजस्व कार्यालयले स्वीकार गरिसकेको अवस्थामा कुनै रकम नै प्राप्त नगरेको अवस्थामा करयोग्य बिक्री कायम गर्नु आफैंमा विरोधाषपूर्ण रहेको, कम्पनीले निश्चित अवधिका लागि प्रवर्द्धनात्मक योजना बमोजिम निशुल्क उडान सेवा प्रदान गरेको र सोमा कम्पनीले करछली गर्ने मनसाय नराखेको,उक्त कार्यालयबाट कर,जरिबाना,थप दस्तूर र ब्याज लाग्ने नलाग्ने सम्बन्धमा पर्याप्त आधार र कारणहरू नखुलाई आदेश जारी गरिएको हुँदा स्वतःबदरभागीछ भन्ने समेत बेहोराको पुनरावेदकको निवेदन।

**११)राजस्व अनुसन्धान विभागको मिति २०७५/०९/०४ को निर्णयः-**

हवाइ उडान सेवालाई नियमन गर्ने संस्था उड्डयन प्राधिकरणले वर्षभरि उडान गरेको विवरण लिखित रूपमा कार्यालयलाई उपलब्ध गराएको तथ्यांक तथा निवेदक स्वयंले पेस गरेको विवरण समेतको आधारमा १६१९ जना यात्रुलाई प्रदान गरिएको सेवा निशुल्क भनी करयोग्य कारोबार लुकाइ बिजक जारी गरी सेवा प्रदान गरेको प्रमाणितरूपमा देखिएको अवस्थामा थप बिक्री कायम गरी कार्यालयबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिमको थप दस्तूर र दफा २६ बमोजिमको ब्याज समेत गणना गरी मूल्य अभिवृद्धि कर निर्धारण गरेको कानून सम्मत नै देखिदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व विभागको मिति २०७५/०९/४ को निर्णय ।

१२) **पुनरावेदनपत्रः-**

विपक्षी कार्यालयले यस कम्पनीले कानून बमोजिम अद्यावधिक राखेको सम्पूर्ण बिल भौचर, खाता समेतलाई अनुमानको भरमा नमानेको,कुपनबाट १६१९ जना यात्रुलाई प्रदान गरिएको निशुल्क सेवालाई केवल अनुमानको भरमा करयोग्य कारोबार लुकाइ बिजक जारी नगरी सेवा प्रदान गरेको भनी थप कर निर्धारण गरेको कानूनसम्मत नभएको,कम्पनीले कुनै पनि रकम प्राप्त नगरेको अवस्थामा करयोग्य बिक्री कायम गरेको देखिदा विपक्षी कार्यालयबाट भएको आदेश तथा त्यसलाई समर्थन गर्ने गरी भएको विपक्षी आन्तरिक राजस्व कार्यालयको निर्णय पर्चा पूर्णतः त्रुटिपूर्ण हुँदा उक्त निर्णय बदर गरी कर निर्धारण गरिएको रकम,जरिबाना,थपदस्तूर,ब्याजसमेतगरी रु.७४,०२,१४५।००अवाञ्छित कर दायित्वबाट मुक्त गरिपाऊँ भन्ने समेत बेहोराको मिति २०७५/११/१९ मा दर्ता भएको पोखरा अल्ट्रालाइट प्रा.लि. का तर्फबाट अ.प्रा. सञ्चालक पोमनारायण श्रेष्ठको पुनरावेदनपत्र ।

१३)**यस न्यायाधिकरणको मिति २०७६/१०/०३ को प्रत्यर्थी झिकाउने आदेशः**

यसमा, आन्तरिक राजस्व कार्यालय, पोखराबाट भएको मिति २०७५/०२/३१ को निर्णय विचारणीय देखिदा मुलुकी देवानी कार्यविधि संहिता,२०७४को दफा २१३ प्रयोजनार्थ उच्च सरकारी वकील कार्यालय,पोखरालाई छलफलका लागि उपस्थित हुन सूचना दिई नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६/१०/०३ को आदेश ।

१४) यसमा, पुनरावेदक पोखरा अल्ट्रालाइट प्रा.लि. को प्रबन्धपत्र नियमावली र प्रा.लि. दर्ता प्रमाणपत्र भए सो को प्रतिलिपि पेश गराउने र पेश गर्न नसक्ने भए सोही बमोजिमको कागज गराई नियमानुसार पेशी चढाई पेश गर्नुहोला भन्ने समेत बेहोराको आदेश मिति २०७७।०६।०९ मा भएकोमा पुनरावेदक तर्फबाट नियुक्त वारेसले मिति २०७७।०६।०९ देखि तारेख गुजारी बसेको।

**ठहर खण्ड**

१५) नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा समावेश भई आज यस इजलास समक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरी पुनरावेदक तर्फबाट रहेका वारेशले तारेख गुजारी बसेको र पुनरावेदक तर्फबाट वकालतनामा रहेका विद्वान अधिवक्तासमेत छलफलमा उपस्थित नभएकोले प्रत्यर्थी वादी आन्तरिक राजश्व कार्यालय, पोखरा समेतका तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय, पोखराका विद्वान उपन्यायाधिवक्ता श्री धर्मराज पौडेलले,

हवाइ उडान सेवालाई नियमन गर्ने संस्था नागरिक उड्डयन प्राधिकरणले वर्षभरि उडान गरेको विवरण लिखित रूपमा आन्तरिक राजश्व कार्यालय, पोखरालाई उपलब्ध गराएको तथ्यांकबाटपुनरावेदक पोखरा अल्ट्रालाइट प्रा.लि.ले १६१९ जना यात्रुलाई निशुल्क सेवा प्रदान गरिएको भनी करयोग्य कारोबार लुकाइ बिजक जारी गरेको प्रमाणित भएको छ।यस अवस्थामा आन्तरिक राजश्व कार्यालय, पोखरा र आन्तरिक राजश्व विभाग समेतवाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम कर निर्धारण भएको र सोही आधारमा आयकरतर्फ पनि सोही आधिकारिक तथ्याङ्कलाई आधार मानी निवेदकले हिसाबमा समावेश नगरेको यात्रु संख्या,पुनरावेदकलेनै देखाएको भाडादर र समयको अनुपात समेतका आधारमा झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।००को करयोग्य कारोबार लुकाएको देखिएकोले मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२)(क)(ख) र दफा १९, २६ र दफा २०(१)(ज) बमोजिम समेत थप दस्तुर, ब्याज समेत गणना गरी मुल्य अभिवृद्धि कर निर्धारण गर्ने गरी आन्तरिक रावश्व कार्यालय, पोखरावाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागवाट मिति २०७५/०९/४ मा भएको निर्णय कानून बमोजिमनै देखिंदा सदर गरीपाउन अनुरोध छ भनी गर्नुभएको वहस जिकिर समेत सुनियो।

१६)उपरोक्तानुसारको वहस जिकिर समेत सुनी पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरी हेर्दा मूलतः आन्तरिक राजश्व कार्यालय पोखरावाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट प्रशासकिय पुनरावलोकनको रोहमा भएको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियो।

१७)प्रस्तुत मुद्दामा आ.व. २०७०।०७१ मा पुनरावेदक पोखरा अल्ट्रालाइट प्रा.लि. बाट जम्मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरन्जनात्मक सेवा लिएको भएतापनि करदाताले झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको करयोग्य सेवा शुल्क आय लुकाइ आफ्नो वास्तविक कर दायित्व भन्दा घटी कर दायित्व देखाएको, करदाता स्वयंले पेस गरेका विवरण बमोजिम उक्त प्रा.लि.बाट उल्लिखित आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले अल्ट्रालाइटबाट मनोरञ्जन सेवा लिएको मान्दा रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबार बिजक जारी नगरी कारोबार लुकाएको, करदाताले कर छल्ने योजनाका साथ निशुल्क उडानको कृतिम योजना बनाइ बिजक जारी नगरी कुपनका आधारमा निशुल्क सेवा दिएको भनी यात्रु सँगको करयोग्य कारोवार रु.२,०६,६१,१५२।०० लुकाई घटीको दायित्व देखाई मुल्य अभिवृद्धि कर ऐन,

२०५२ को दफा २९(२)(क)(ख) दफा २०(१)(ज), दफा २९(२), २६ र दफा १९ बमोजिम मुल्य अभिवृद्धि कर निर्धारण, जरिवाना, थप दस्तुर र ब्याज समेत रु.७४,०२,१४५।-कर निर्धारण गर्ने गरी आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णय त्रुटीपूर्ण हुँदा१६१९ जना यात्रुलाई प्रदान गरिएको निशुल्क सेवालाई केवल अनुमानको भरमा करयोग्य कारोबार लुकाइ बिजक जारी नगरी सेवा प्रदान गरेको भनी थप कर निर्धारण गरेको उक्त निर्णय बदर गरी विपक्षी कार्यालयले निर्धारण गरेको मु.अ.कर रु.७४,०२,१४५।— मिनाहा गरीकरदायित्वबाटमुक्तगरिपाऊँ भनी पुनरावेदक पोखरा अल्ट्रलाइट प्रा.लि. पोखराका तर्फवाट यस न्यायधिकरण समक्ष प्रस्तुत पुनरावेदन परी पेश हुन आएको रहेछ।

१८) निर्णय तर्फ विचार गर्दा, प्रस्तुत मुद्दा मूल्य अभिवृद्धि सँग सम्बन्धित छ। कर संकलन भार प्रभावको दृष्टीले यो अप्रत्यक्ष कर हो।यो कर वस्तु तथा सेवामा लगाइन्छ । कुनै पनि वस्तु वा सेवाको साविक मूल्यमा विभिन्न तहमा विभिन्न क्रियाकलापद्वारा अतिरिक्त मूल्य र उपयोगिता वृद्धि गर्नाले वस्तु वा सेवाको वास्तविक मूल्यमा जति वृद्धि हुन्छ त्यसमा लिइने करलाई मूल्य अभिवृद्धिकर भनिन्छ अर्थात यो कर मूल्य अभिवृद्धि भएको अंकमा लिइन्छ। पुनरावेदक कम्पनी पोखरा अल्ट्रालाइट प्रा.लि.कम्पनी ऐन, २०६३ बमोजिम द.नं. ८६२७६ मिति २०६८।०५।२० मा दर्ता भई नागरिक उडयन प्राधिकरणवाट मिति २०७०।०१।३० मा AIR SPORTS OPERATOR CERTIFICATE प्राप्त गरी साहसिक हवाई खेल मार्फत व्यवशाय संचालन गरेको र मूल्य अभिवृद्धि करको दायराभित्र पर्ने कम्पनी रहेको देखिन्छ।

१९) आन्तरिक राजश्व कार्यालय, पोखराले कर निर्धारण गर्दा हवाई उड्डयन सेवालाई नियमन गर्ने संस्था नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत पोखरा नागरिक उड्डयन कार्यालय, पोखराको मिति २०७५।०१।०९ को च.नं. ७०६ मार्फत उपलब्ध गराएको तथ्याङ्कलाई आधार मानेको देखिन्छ। उक्त पत्रमा आय वर्ष २०७०।७१ मा पोखरा अल्ट्रालाइट प्रा.लि. ले २६६५ जना यात्रुलाई सेवा प्रदान गरेको भन्ने देखिन्छ।नागरिक उडयन प्राधिकरण, पोखरावाट पेश भएको तथ्याङ्क र पुनरावेदक कम्पनीका तर्फवाट सेवा प्रदान गरेको भनिएको विवरण एक आपसमा मिले तापनि प्रस्तुत मुद्दाको मुल विवाद जम्मा यात्रु मध्येका १६१९ जनालाई व्यवशाय प्रबर्द्धनका लागि निशुल्क सेवा प्रदान गरेको र बाँकि जम्मा १०४६ जना ग्राहकहरुलाई सःशुल्क सेवा प्रदान गरेको हुँदा सःशुल्क सेवा प्रदान गरिएकाको हकमा मात्र मूल्य अभिवृद्धिकर निर्धारण गरिपाँउ भन्ने रहेको देखिन्छ।आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णय र सोलाई सदर गर्ने गरी

आन्तरिक राजश्व विभाग, काठमाडौंवाट भएको निर्णयमा अल्ट्रालाइट प्रा.लि.ले आय वर्ष २०७०।७१ मा १६१९ जना यात्रुलाई प्रदान गरिएको सेवा निःशुल्क भनी करयोग्य कारोवार लुकाई विजक जारी नगरी सेवा प्रदान गरेको देखिएको अवस्थामा आधिकारीक निकायवाट प्राप्त तथ्याङ्क एवं प्रा.लि. ले पेश गरेको भाडादर र समयको अनुपात समेतका आधारमा झुठ्ठा विजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।- को करयोग्य कारोवार लुकाएको देखिएको भन्ने आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) दफा २९(२),दफा १९बमोजिम मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र दफा २६ बमोजिम व्याज समेत समावेश गरी कर निर्धारण निर्णय भएको देखिन्छ।

२०) पुनरावेदक कम्पनीले पुनरावेदनपत्रमा कम्पनीले आफ्ना ग्राहकहरुवाट भएको आयलाई लुकाउने छिपाउने मनसायवाट कुनै कार्य नगरेको, कम्पनीको व्यवशाय प्रवर्द्धन योजना अन्तर्गत निशुल्क सेवा लिने १६१९ जना यात्रुहरु पर्यटन व्यवशायी संघ सँस्था, विदेशी टुर अपरेटरहरु सरकारी तथा गैह्र सरकारी सँस्थामा कार्यरत व्यक्तित्वहरु, विभिन्न देशका कुटनितिज्ञहरु, राजनितिज्ञ तथा विशिष्ट व्यक्तित्वहरु रहेको भनी निशुल्क उडान मार्फत सेवा लिएका व्यक्तिहरुको फोटो सहितको नामावली एवं निशुल्क टिकटहरु समेत पेश गरेको देखिन्छ। व्यवशाय प्रवर्द्धनका लागि कम्पनिका तर्फवाट निशुल्क सेवा प्रदान गर्ने भन्ने सम्बन्धमा मिति २०७०।०४।०२ मा बसेको कम्पनिको संचालक समितिको वैठकवाट निर्णय नं. १ मा " यस पोखरा अल्ट्रालाइट प्रा.लि. ले आर्थिक वर्ष २०७०/७१ मा साहसिक पर्यटन व्यवशाय प्रवर्द्धनको लागि व्यवशाय प्रवर्द्धनका विभिन्न तरिकाहरु मध्ये १५ मिनेट अवधिको अल्ट्रालाईट उडानलाई मात्र लक्षित गरी विभिन्न व्यक्ति, सँस्था, एजेन्ट एवं भविश्यमा व्यापारमा परिणत हुन सक्ने व्यक्तिहरुलाई निशुल्क योजना पारित गरियो" भन्ने निर्णय गरेको देखिन्छ भने मिति २०७१।०४।१० मा बसेको संचालक समितिको बैठवाट "आर्थिक वर्ष २०७०/७१ मा १६१९ जनाले निशुल्क योजनाको लाभ उठाएको र उक्त निशुल्क योजनाको प्रतिफल कम्पनिले अब आउने वर्षहरुमा पाउने अपेक्षा सहित उक्त प्रबर्द्धनमा भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो" भन्ने रहेको देखिन्छ।

२१) आन्तरिक राजश्व कार्यालय, पोखराले गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णयमा पुनरावेदक कम्पनीले विजक जारी नगरी सेवा प्रदान गरेको भने तापनि को व्यक्तिलाई विजक जारी नगरी सेवा दिएको हो भनी एकिन रुपमा किटान साथ उल्लेख गर्न सकेको देखिदैन। पुनरावेदकले पेश गरेको विवरणमा १६१९ जनालाई निशुल्क सेवा प्रदान गरेको भनी जिकिर लिई सेवा लिने

व्यक्तिहरुको नामावली, टिकट समेत पेश गरेकोमा आन्तरिक राजश्व कार्यालयबाटमुल्य अभिवृद्धि कर निर्धारणका क्रममा ति व्यक्तिहरुले निशुल्क सेवा लिएका हुन वा होइनन् भनी उडान गरेको मिति, समय र तत्कालिन अवस्थाको भुक्तानी प्रक्रिया के थियो, कम्पनीले प्राप्त गरेको रकम के कसरी व्यवस्थापन गरी कर छल्ने नियत राखेको थियो भनी निर्णयमा वस्तुनिष्ट तवरवाट खुलाउन सकेको देखिदैन। प्रमाण ऐन, २०३१ को दफा १४ ले नियमित रुपमा राखिएको खातावही हिसाव वा अन्य स्रेस्तामा जनिएका कुराहरुलाई प्रमाणमा लिनुपर्ने व्यवस्था गरेकोमा पुनरावेदक कम्पनिले नियमित रुपमा राखेको कम्पनीको विवरण यो यस कारणले यो यसरी कर छली गर्ने उद्देश्यले तयार पारिएको हो भनी किटानीसाथ उल्लेख गर्न सकेको मिसिल संलग्न कागज प्रमाणवाट देखिन आउदैन। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट" *निवेदकले पेश गरेको विवरणलाई अमान्य गर्दा कसरी विवरणमा फरक पर्न गयो र के कुन तथ्यांक प्रमाणको आधारमा कर निर्धारण गरियो सो सम्पूर्ण कुरा स्पष्ट उल्लेख नगरी खूद आय कायम गरी कर निर्धारण गर्ने गरिएको निर्णयलाई कानुन अनुरुपको मान्न नमिल्ने "( ने.का.प.२०४७ अंक २ नि.नं.४०७३)* भनी नजिर सिद्धान्त समेत प्रतिपादन भइरहेको र लगाउको मुद्दा पुनः निर्णयार्थ सुरु कार्यालयमा पठाउने ठहर भएकोले प्रस्तुत मुद्दामा समेत पुनरावेदक कम्पनीले व्यवशाय प्रबर्द्धनको क्रममा निशुल्क सेवा प्रदान गरिएको भनी लिएको जिकिर र प्रेषित सम्बद्ध कागज प्रमाणको समुचित मुल्याङ्कन र विश्लेषण समेत नगरी मुल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज समेत निर्धारण गर्ने गरेको सुरु कार्यालयको निर्णय एवं सोलाई सदर गर्ने गरेको आन्तरिक राजश्व विभागको निर्णय कानून सम्मत देखिन आएन।

२२) अतः माथि विवेचित आधार कारण समेतवाट यसै लगाउको ०७५०००९ को आयकर मुद्दामा प्रमाण परीक्षण गरी पुनः निर्णय गर्न सुरु कार्यालयमा मिसिल पठाउने गरी निर्णय भएको र प्रस्तुत मुद्दा सो मुद्दासँग अन्तरप्रभावी देखिएकोले प्रस्तुत मुद्दा समेत आन्तरिक राजश्व कार्यालय, पोखराको मिति २०७५।०२।३१ को निर्णय र सो निर्णय सदर गरेको आन्तरिक राजश्व विभागका महानिर्देशकको मिति २०७५।०९।०४ को निर्णय समेत मिलेको नदेखिंदा बदर गरी दिएको छ। अब, प्रस्तुत मुद्दामा समेत पुनरावेदकलाई झिकाई प्रेषित कागज प्रमाण लगायत अन्य जे जो बुझ्नुपर्छ, आवश्यक प्रमाण बुझी पुनः निर्णय गर्नु भनी मिसिल आन्तरिक राजश्व कार्यालय, पोखरामा पठाई दिने समेत ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नुहोला।

## तपसिल

यसमा माथि ठहर खण्डमा लेखिएबमोजिम आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको

निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णय वदर भई पुनः निर्णयका लागि पठाउने ठहर भएकोले प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखी मिसिल आन्तरिक राजश्व कार्यालय, पोखरामा पठाइदिनुहोला.............१

माथि ठहर खण्डमा लेखिएबमोजिम आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णय वदर भई पुनः निर्णयका लागि पठाउने ठहर भएकोले प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखि फैसला भएको जानकारी उच्च सरकारी वकिल कार्यालय, पोखरालाई दिनुहोला......२

प्रस्तुत फैसलाको नक्कल माग्ने सरोकारवालाहरुलाई नियमानुसार नक्कल दिनुहोला.......३

प्रस्तुत मुद्दाको दायरिको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनुहोला........४

(प्रमोदकुमार श्रेष्ठ वैद्य)

अध्यक्ष

उक्त रायमा मसहमत छु।

(रामजीप्रसाद शर्मा)

लेखा सदस्य

फैसला तयार गर्न सहयोग गर्नुहुनेः-
इजलास अधिकृत श्री हरिकृष्ण तिमिल्सेना
नायब सुब्बा श्री किरण गुरुङ
इति संवत् २०७८ साल कार्तिक ५ गते रोज ६ शुभम्.............................................।
फैसला प्रमाणीकरण मितिः २०७८।०८।

श्री

राजस्व न्यायाधिकरण पोखरा

संयुक्त इजलास

माननीय अध्यक्ष श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

लेखा सदस्य श्री रामजीप्रसाद शर्मा

## फैसला

**सम्वत २०७५ सालको पु.दा.नं. ०७५०००९**

**मुद्दा :- आयकर (आ.व. ०७०/०७१)**

नि.नं. :-७

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१७ मुस्ताङचोकस्थित पोखरा अल्ट्रालाइट प्रा.लि. को तर्फबाट अख्तियारप्राप्त सञ्चालक पोमनारायण श्रेष्ठ........१ } पुनरावेदक

विरूद्ध

नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय,पोखरा,कास्की.......१ } प्रत्यर्थी

सुरु निर्णय गर्ने निकाय: आन्तरिक राजस्व कार्यालय, पोखरा

सुरु निर्णय गर्ने अधिकारी: प्रमुख कर अधिकृत केशव कुमार उप्रेती

सुरु निर्णय मिति: २०७५।०२।३१

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय गर्ने निकायः आन्तरिक राजस्व विभाग

प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णुप्रसाद नेपाल

प्रशासकीय पुनरावलोकन सम्वन्धी निर्णय मितिः २०७५।०९।०४

आन्तरिक राजस्व कार्यालय पोखराको मिति २०७५।०२।३१ को संशोधित कर निर्धारणको आदेश र आन्तरिक राजस्व विभागको मिति २०७५।०९।०४ को प्रशासकीय पुनरावलोकन निर्णय उपर पर्न आएको पुनरावेदन राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## तथ्य खण्ड

**१) आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७४/०८/२९ को पत्रः-**

पोखरा अल्ट्रलाइट प्रा.लि.ले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम मिति २०७१/०९/२९ मा पेस गरेको आ.व. २०७०/०७१ को आय विवरणको पूर्ण कर परीक्षण गर्न आवश्यक भएको हुँदा पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र कागजात तथा फाँटवारी पेस गर्नुहुन भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय,पोखराले पोखरा अल्ट्रालाइट प्रा.लि. पोखरा-१७ मुस्ताङ्गचोक कास्कीलाई लेखेको पत्र ।

**२) पोखरा नागरिक उड्डयन कार्यालय,पोखराको मिति २०७५/०१/०९ को पत्रः-**

आ.व. ०७०/०७१ मा पोखरा अल्ट्रालाइट प्रा.लि. बाट कुल २६६५ अल्ट्रालाइट उडान भएको भन्नेसमेत बेहोराको पोखरा नागरिक उड्डयन कार्यालयको पत्र ।

**३) पुनरावेदकको आन्तरिक राजस्व कार्यालय, पोखरामा मिति २०७५/०१/१३ मा भएको बयानः-**

मेरो पोखरा अल्ट्रालाइट प्रा.लि. ले यात्रुहरूलाई अल्ट्रालाइट सेवा प्रदान गर्दा बीजक जारी गरिने, यात्रुको तथ्याङ्क कम्प्युटर तथा लेजरमा राखिने, उक्त प्रा.लि. बाट नगद तथा उधारो कारोबार हुने, यस क्षेत्रका पर्यटन व्यवसायी,संघ संस्था तथा विदेशीहरूलाई व्यवसाय प्रचार प्रसार तथा प्रवर्द्धनका लागि निशुल्क सेवा समेत दिइएकोले ती यात्रुहरूको विवरण समावेश नगरिएको, निशुल्क सेवाबापत बिजक जारी गर्नुपर्छ भन्ने कुरा पुर्व जानकारी नभएको भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी पोखरा अल्ट्रालाइट प्रा.लि. का अख्तियार प्राप्त सञ्चालक पोमनारायण श्रेष्ठले आन्तरिक राजस्व कार्यालय,पोखरामा गरेको बयान ।

**४) मिति २०७५/०२/१३ को कर लेखा परीक्षण (आयमा थप समावेश गर्नुपर्ने र खर्च कट्टी नपाइने आधार र कारण) प्रतिवेदन र प्रमुख कर अधिकृतको स्वीकृतिः-**

करदाताले आ.व.२०७०।०७१ मा १०४६ जना यात्रुले अल्ट्रालाइट मार्फत उडान गरी मनोरञ्जनात्मक लिएको भनी रु.१,०२,९८,२७९।०० को कारोबार देखाई आय विवरण तथा मू.अ.कर विवरण गरेको देखिएकोमा पोखरा नागरिक उड्डयन कार्यालय,पोखराको च.न.७०६,मिति २०७५।०१।०९ को पत्रमा करदाताबाट आ.व.२०७०।०७१ मा २६६५ जना यात्रुले अल्ट्रालाइटमार्फत मनोरन्जनात्मक सेवा लिएको भन्ने उल्लेख भएको, करादाताले पेस गरेको विवरणमा यात्रा अवधिलाई १५ मिनेट, ३० मिनेट, ६० मिनेट र अधिकतम ९० मिनेट गरी वर्गीकरण गरएकोमा अल्ट्रालाइटबाट प्रदान गरिने सेवा एक प्रकारको विशेष मनोरञ्जनात्मक सेवा भएकोले सो सेवा लिने हरेक यात्रुले सकेसम्म बढी

मनोरन्जन लिने प्रयत्न गर्ने हुँदा निशुल्क भनिएका १६१९ जना यात्रुले केवल १५ मिनेट मात्र यात्रा गरेको भन्ने पत्यार गर्ने ठोस आधार र प्रमाण पेस हुन नआएको,उक्त प्रा.लि. बाट यस आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले करदाताले देखाएको समयावधिको अनुपातको समयावधिमा अल्ट्रालाइटबाट सेवा लिएको मान्दा उल्लिखित डिस्काउन्ट अघिको भाडादरका आधारमा १६१९ जना यात्रुबाट रु.२,०६,६१,१५२।००को करयोग्य कारोबारमा बिजक जारी नगरी कारोबार लुकाएको देखिदा करदाताले बिजक जारी नगरेका यात्रुबाट प्राप्त गरेको करयोग्य कारोबार रु.२,०६,६१,१५२।००लाई करदाताको यस आ.व. को करयोग्य बिक्री कायम आयकर ऐन,२०५८(सं.स.) को दफा ७(२)(ख) बमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्ने र आ.व. २०७०/०७१ को लागि करयोग्य आय रु.१,१२,३९,८८०।००हुनेभन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय, पोखराका कर अधिकृत कमलप्रसाद काफ्लेसमेतको मिति २०७५/०२/१३ को प्रतिवेदन एवं आयकर ऐन,२०५८ को १०१(६) बमोजिमको सूचना करदाताको नाउँमा जारी गर्ने गरी पेस भए अनुसारको प्रतिवेदन स्वीकृत गर्ने सोही मितिको प्रमुख कर अधिकृतको निर्णय।

५) **आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/१३ को संशोधित कर निर्धारण गर्नुपरेको आधार र कारणः-**

करदाताले आ.व.२०७०।०७१ मा १०४६ जना यात्रुले अल्ट्रालाइट मार्फत उडान गरी मनोरञ्जनात्मक लिएको भनी रु.१,०२,९८,२७९।०० को कारोबार देखाई आय विवरण तथा मू.अ.कर विवरण पेश गरेको देखिएकोमा पोखरा नागरिक उड्डयन कार्यालय,पोखराबाट प्राप्त तथ्याङ्कमाकरदाताबाट आ.व.२०७०।०७१ मा २६६५ जना यात्रुले अल्ट्रालाइटमार्फत मनोरन्जनात्मक सेवा लिएको भन्ने उल्लेख भएको, करादाताले पेस गरेको विवरणमा यात्रा अवधिलाई १५ मिनेट, ३० मिनेट, ६० मिनेट र अधिकतम ९० मिनेट गरी वर्गीकरण गरएकोमा अल्ट्रालाइटबाट प्रदान गरिने सेवा एक प्रकारको विशेष मनोरञ्जनात्मक सेवा भएकोले सो सेवा लिने हरेक यात्रुले सकेसम्म बढी मनोरन्जन लिने प्रयत्न गर्ने हुँदा निशुल्क भनिएका १६१९ जना यात्रुले केवल १५ मिनेट मात्र यात्रा गरेको भन्ने पत्यार गर्ने ठोस आधार र प्रमाण पेस हुन नआएको,उक्त प्रा.लि. बाट यस आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले करदाताले देखाएको समयावधिको अनुपातको समयावधिमा अल्ट्रालाइटबाट सेवा लिएको मान्दा उल्लिखित डिस्काउन्ट अघिको भाडादरका आधारमा १६१९ जना यात्रुबाट रु.२,०६,६१,१५२।००को करयोग्य कारोबारमा बिजक जारी नगरी कारोबार लुकाएको देखिंदा करदाताले बिजक जारी नगरेका यात्रुबाट प्राप्त गरेको करयोग्य कारोबार रु.२,०६,६१,१५२।००लाई करदाताको यस आ.व. को करयोग्य बिक्री कायम गरी

आयकर ऐन,२०५८(सं.स.) को दफा ७(२)(ख) बमोजिम मुनाफा र लाभमा रु.१,१२, ३९,८८०।००समावेश गर्नुपर्ने भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय पोखराको मिति २०७५/०२/१३ को संशोधित कर निर्धारण गर्नुपरेको आधार र कारण ।

६) **आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/१३ को संशोधित कर निर्धारण आदेशको सूचना पत्रः-**

पोखरा अल्ट्रलाइट प्र.लि.लेआ.व. २०७०/०७१ को लागि आयकर ऐन,२०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार यस कार्यालयमा मिति २०७१/०९/२९ मा दाखिला गरेको आय विवरणछानबिन तथा परीक्षण गर्ने क्रममा आयकर ऐन,२०५८अनुसारआयमा समावेश गर्नुपर्ने आम्दानी आयमा समावेश नभएको पाइएकोले सोही ऐनको दफा १०१ बमोजिम रु.१,१२,३९,८८०।—(अक्षरुपी एक करोड बाह्र लाख उन्चालिस हजार आठसय असी रुपैयाँ)करयोग्य आय कायम गरी संशोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नुनपर्ने कुनै ठोस प्रमाण भए यो पत्र प्राप्त भएको पन्ध्र दिनभित्र पेस गर्नुहोला भन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय पोखराको मिति २०७५/०२/१३ को पत्र।

७) **पोखरा अल्ट्रालाइट प्रा.लि. को संशोधित कर निर्धारण गर्नुनपर्ने सम्बन्धमा जिकिरः**

यस कम्पनीले अल्ट्रालाईटबाट पर्यटकहरूलाई प्रदान गरेको सहासिक पर्यटन सेवाबाट प्राप्त आयलाई मू.अ. कर बिजक जारी गरी वास्तविक र यथार्थ रूपमा लेखांकन गरी भएको आय रु.१,०२,९८,२७९।०० आय विवरण साथ संलग्न लेखापरीक्षण भएका वित्तिय विवरण संलग्न गरी यथासमयमा नै कार्यालयमा दाखिला गरिएको, कम्पनीले यस वर्षबाट मात्र व्यावसायिक सेवा प्रारम्भ गरेकोले यस वर्षलाई बजार विस्तार र प्रतिस्पर्धामा अगाडि बढ्ने एवं सहासिक पर्यटनलाई प्रवर्द्धन गर्ने अवसरका रूपमा लिने ध्येयका साथ हामीले हाम्रा शेयरधनी र प्रवर्द्धकहरूको अन्य व्यवसायको माध्यमबाट स्थापित सन्तुष्ट ग्राहक सञ्जाललाई लक्षित गरी उहाँहरूलाई निशुल्क सेवा प्रदान गरी प्रतिस्पर्धात्मक बजारमा आफ्नो उपस्थिति जनाई त्यस पछिका वर्षहरूमा उल्लेख्य रूपमा व्यापार विस्तार गरेकाछौं, यस कम्पनीले सेवा प्रदान गरी प्राप्त भएको वास्तविक आयलाई मू.अ.कर बिजक जारी गरी आम्दानी जनाएको र निशुल्क सेवा प्रदान गरेको हकमा प्रबर्द्धनात्मक कुपन उपलब्ध गराई उक्त कुपनहरूको आधारमा ग्राहकहरूको सान्दर्भिक विवरण सहितको अभिलेख राखी पारदर्शी रूपमा सेवा उपलब्ध गराएको एवं ग्राहकहरूलाई निशुल्क सेवा प्रदान गरेको पुष्टि हुने कुपनहरूको कार्यालयमा रहेको प्रतिको प्रमाणित फोटोकपी थान ३४३ र सम्पूर्ण उडानको ग्राहक रजिष्ट्ररको प्रमाणित प्रतिलिपि १०६ पाना समेत यसैसाथ पेस गरिएको छ। कम्पनीले आफ्ना ग्राहकहरूलाई सन्तुष्ट बनाउन र अन्य प्रतिस्पर्धी कम्पनीहरूसँग उपलब्ध सेवा योजना (प्याकेज) हरूलाई समेत ध्यानमा

राखी मिति २०७०।०४।०२ मा बसेको कम्पनीको सञ्चालक समितिको निर्णयबाट १५ मिनेट, ३० मिनेट, ६० मिनेट र ९० मिनेटको सेवा योजना (प्याकेज), योजनाको दर, उक्त दरमा दिन सकिने छुटहरू र प्रबर्द्धनात्मक उद्देश्यका लागि १५ मिनेट अवधिको मात्र लक्षित ग्राहकहरूका लागि निशुल्क योजना पारित भई सोही बमोजिम सेवा उपलब्ध गराएकोले कम्पनीको अर्थिक र प्रशासनिक पारदर्शिता पुष्टि भएकोछ। आर्थिक लागत र मितव्ययितालाई ध्यानमा राखी निशुल्क योजनाको अवधि १५ मिनेट मात्र राख्नु परेको हो। कम्पनीले मिति २०७१।०४।१० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम प्रवर्द्धन योजना मुताविक निशुल्क उडान सेवा उपलब्ध गराएका १६१९ जना ग्राहकहरूका लागि भएको खर्चको अनुमोदन र उक्त योजनाको अन्त्य भएको र पछि उपयुक्त योजना पारित गर्ने निर्णय समेतबाट कम्पनीले संस्थागत रूपमा पारदर्शी तरिकाले आफ्नो व्यवसाय सञ्चालन गरेको पुष्टि भएकोछ। कम्पनीले आफ्ना ग्राहकहरूबाट भएको आयलाई लुकाऊने छिपाऊने मनसायबाट कुनै पनि कार्य नगरेको, कम्पनीले भएको आम्दानीको मू.अ.कर बिजक जारी गरी प्राप्त सेवा शुल्कमा मू.अ.कर असुल गरी पारदर्शी रूपमा लेखा राखी तिर्नु बुझाउनुपर्ने मू.अ. कर नियमित रूपमा दाखिला गरिरहेको, निशुल्क सेवा उपलब्ध गराएकोमा सोको स्पष्ट अभिलेख राखीप्रभाबकारी आन्तरिक लेखा नियन्त्रण प्रणाली विकास गरी कारोबार सञ्चालन गरेकोले कम्पनीको कारोबारलाई अन्यथा ब्याख्या गरी रु.२,०६,६१,१५२।०० बिक्री कायम गरिनु तथ्यसंगत छैन। हाम्रो व्यवसायका ग्राहकहरूले प्रत्येक कारोबारको बिल बिजक लिने र कम्पनीले पनि तत्कालै बिजक दिएर मात्र उडानका लागि पठाउने र निशुल्क सेवा उपलब्ध गराएकोमा निशुल्क प्रवर्द्धन कुपनको अभिलेख राखी उक्त कुपन दिएर मात्र उडानका लागि पठाउने आन्तरिक नियन्त्रण प्रणाली बिकाश गरी सोही बमोजिम कार्य गरेकोले अनुमानका आधारमा तथ्य भन्दा बाहिर गई बिक्री कायम गरिनु त्रुर्टिपूर्ण रहेको र कायम गरिएको थप बिक्री रु.२,०६,६१,१५२।०० वास्तविक नभएकोर हुँदै नभएको अवस्थाको कल्पना गरी अनुमान र औसत हिसाब गरी कायम गरिएको आय रु.२,०६,६१,१५२।०० आयमा समावेश गर्नु नपर्ने भन्नेसमेत बेहोराको पोखरा अल्ट्रालाइट प्रा.लि. को जिकिर ।

**८) आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/३१ को संशोधित कर निर्धारण गर्नुपर्ने कारण र आधारः-**

करदाताले आ.व.२०७०।०७१ मा १०४६ जना यात्रुले अल्ट्रालाइट मार्फत उडान गरी मनोरञ्जनात्मक लिएको भनी रु.१,०२,९८,२७९।०० को कारोबार देखाई आय विवरण तथा मू.अ.कर विवरण गरेको देखिएकोमा पोखरा नागरिक उड्डयन कार्यालय, पोखराबाट प्राप्त तथ्याङ्कमाकरदाताबाट आ.व.२०७०।०७१ मा २६६५ जना यात्रुले अल्ट्रालाइटमार्फत मनोरन्जनात्मक सेवा लिएको भन्ने उल्लेख भएको, करादाताले पेस गरेको विवरणमा यात्रा

अवधिलाई १५ मिनेट, ३० मिनेट, ६० मिनेट र अधिकतम ९० मिनेट गरी वर्गीकरण गराएकोमा अल्ट्रालाइटबाट प्रदान गरिने सेवा एक प्रकारको विशेष मनोरञ्जनात्मक सेवा भएकोले सो सेवा लिने हरेक यात्रुले सकेसम्म बढी मनोरन्जन लिने प्रयत्न गर्ने हुँदा निशुल्क भनिएका १६१९ जना यात्रुले केवल १५ मिनेट मात्र यात्रा गरेको भन्ने पत्यार गर्ने ठोस आधार र प्रमाण पेस हुन नआएको,उक्त प्रा.लि. बाट यस आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले करदालताले देखाएको अनुपातको समयावधिमा अल्ट्रालाइटबाट सेवा लिएको मान्दा उल्लिखित डिस्काउन्ट अघिको भाडादरका आधारमा १६१९ जना यात्रुबाट रु.२,०६,६१,१५२।००को करयोग्य कारोबारमा बिजक जारी नगरी कारोबार लुकाएको देखिंदा करदाताले बिजक जारी नगरेका यात्रुबाट प्राप्त गरेको करयोग्य कारोबार रु.२,०६,६१,१५२।००लाई करदाताको यस आ.व. को  करयोग्य बिक्री कायम गरी आयकर ऐन,२०५८(सं.स.) को दफा ७(२)(ख) बमोजिम मुनाफा र लाभमा रु.१,१२, ३९,८८०।००समावेश गर्नुपर्ने र जम्मा दाखिला गर्नुपर्ने कर रु.७४,०५,९२०।००कायम हुने भन्नेसमेत बेहोराको संशोधित कर निर्धारण गर्नुपर्ने कारण र आधार ।

**९) आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५।०२।३१ को संशोधित आयकर निर्धारण गर्न खडा गरेको निर्णयः-**

आ.व. २०७०।०७१ मा पोखरा अल्ट्रालाइट प्रा.लि. बाट जम्मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरन्जनात्मक सेवा लिएको भएतापनि करदाताले झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको करयोग्य सेवा शुल्क आय लुकाइ आफ्नो वास्तविक कर दायित्व भन्दा घटी कर दायित्व देखाएको देखिन्छ। करदाता स्वयंले पेस गरेका विवरण बमोजिम उक्त प्रा.लि.बाट यस आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले उल्लिखित समयावधिमा अल्ट्रालाइटबाट मनोरञ्जन सेवा लिएको मान्दा रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबार बिजक जारी नगरी कारोबार लुकाएको ठहर्छ । तसर्थ करदाताले कर छल्ने योजनाका साथ निशुल्क उडानको कृतिम योजना बनाइ बिजक जारी नगरी कुपनका आधारमा निशुल्क सेवा दिएको भनी सेवा शुल्क आम्दानीमा समावेश नगरेको रु.२,०६,६१,१५२।०० आयकर ऐन,२०५८(सं.स.) को दफा ७(२)(क) बमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्ने ठहर्छ । तसर्थ यस करदाताकोआ.व.२०७०/०७१कोलागिकरयोग्यआयरु.१,१२,३९,८८०।००(अक्षरुपी एक करोड बाह्र लाख उन्चालिस हजार आठ सय असी रुपैयाँ) हुने ठहर्छभन्नेसमेत बेहोराको संशोधित कर निर्धारण निर्णय।

**१०) आन्तरिक राजस्व कार्यालय, पोखराको मिति २०७५/०२/३१ को अन्तिम कर निर्धारण आदेशको सूचनाः-**

त्यस फर्मले आ.व. २०७०/०७१ को मिति २०७१/०९/२९ मा दाखिला गरेको आय विवरणछानबिन तथा परीक्षण गर्ने क्रममा आयकर ऐन,२०५८अनुसारआयमा समावेश गर्नुपर्ने आम्दानी आयमा समावेश नभएको पाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण यस कार्यालयबाट मिति २०७५/०२/१३ मा जारी भएको सूचनामा उल्लेख भएबमोजिम उक्त आ.व. को लागि रु.१,१२,३९,८८०।—(अक्षरुपी एक करोड बाह्र लाख उन्चालिस हजार आठसय असी रुपैयाँ)करयोग्य आय कायम गर्नेगरी मिति २०७५/०२/३१ मा निर्णयभएकोले सोहीबमोजिम कर निर्धारण गरिएकोभन्नेसमेत बेहोराको आन्तरिक राजस्व कार्यालय पोखराको मिति २०७५/०२/३१ को पत्र।

११)**पुनरावेदकले राजस्व विभागसमक्ष पेस गरेको प्रशासकिय पुनरावलोकन निवेदनः-**

निशुल्क सेवा प्रदान गरेको विषय आन्तरिक राजस्व कार्यालयले स्वीकार गरिसकेको अवस्थामा कुनै रकम नै प्राप्त नगरेको अवस्थामा करयोग्य बिक्री कायम गर्नु आफैँमा विरोधाषपूर्ण रहेको, कम्पनीले निश्चित अवधिका लागि प्रवर्द्धनात्मक योजना बमोजिम निशुल्क उडान सेवा प्रदान गरेको र सोमा कम्पनीले करछली गर्ने मनसाय नराखेको,विपक्षी कार्यालयले अनुमानको आधारमा प्राकृतिक न्यायको सिद्धान्त विपरीत कर र शुल्क लगाउने गरी निर्णय गरेको हुँदा विपक्षीको कर निर्धारण गर्ने निर्णय एवं कर निर्धारण आदेश गैर कानूनी भएकोले बदर गरिपाऊँभन्नेसमेतबेहोराकोपुनरावेदककोनिवेदन।

१२) **राजस्व अनुसन्धान विभागको मिति २०७५/०९/०४ को निर्णयः-**

हवाइ उडान सेवालाई नियमन गर्ने संस्था नागरिक उड्डयन प्राधिकरणले वर्षभरि उडान गरेको विवरण लिखित रूपमा कार्यालयलाई उपलब्ध गराएको तथ्यांक तथा निवेदक स्वयंले पेस गरेको विवरण समेतको आधारमा १६१९ जना यात्रुलाई प्रदान गरिएको सेवा निशुल्क भनी करयोग्य कारोबार लुकाइ बिजक जारी गरी सेवा प्रदान गरेको प्रमाणितरूपमा देखिएको अवस्थामा थप बिक्री कायम गरी कार्यालयबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम कर निर्धारण भएको र सोही आधारमा आयकरतर्फ पनि सोही आधिकारिक तथ्याङ्कलाई आधार मानी निवेदकले हिसाबमा समावेश नगरेको यात्रु संख्या,स्वयं देखाएको भाडादर र समयको अनुपात समेतका आधारमा झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।००को करयोग्य कारोबार लुकाएको देखिएकोले आयकर ऐन,२०५८(सं.स.)को दफा ७(२)(क) बमोजिम मुनाफा र लाभमा समावेश गरी आयकर ऐन,२०५८(सं.स.) को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८,११९र१२०बमोजिम लाग्ने शुल्क तथा ब्याज समेत समावेश गर्ने गरी आन्तरिक रावश्व कार्यालय, पोखरावाट भएको संशोधित कर

निर्धारण कानून  सम्मत नै देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व विभागको मिति २०७५/०९/४ को निर्णय ।

**१३)पुनरावेदनपत्रः-**

आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको संशोधित कर निर्धारण निर्णय र सोहि निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णयमा चित्त बुझेन। विपक्षी कार्यालयले यस कम्पनीले कानून बमोजिम अद्यावधिक राखेको सम्पूर्ण बिल भौचर, खाता समेतलाई अनुमानको भरमा नमानेको, निर्णय बदर गरिपाऊँ भन्नेसमेत बेहोराको मिति २०७५/११/१९ मा दर्ता भएको पोखरा अल्ट्रालाइट प्रा.लि. का तर्फबाट अ.प्रा. सञ्चालक पोमनारायण श्रेष्ठको पुनरावेदनपत्र।

**१४) यस न्यायाधिकरणको मिति २०७६/१०/०३ को प्रत्यर्थी झिकाउने आदेशः**

यसमा, आन्तरिक राजस्व कार्यालय, पोखराबाट भएको मिति २०७५/०२/३१ को निर्णय विचारणीय देखिदा मुलुकी देवानी कार्यविधि संहिता,२०७४को दफा २१३ प्रयोजनार्थ उच्च सरकारी वकील कार्यालय,पोखरालाई छलफलका लागि उपस्थित हुन सूचना दिई नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६/१०/०३ को आदेश ।

१५) यसमा, पुनरावेदक पोखरा अल्ट्रालाइट प्रा.लि. को प्रबन्धपत्र नियमावली र प्रा.लि. दर्ता प्रमाणपत्र भए सो को प्रतिलिपि पेश गराउने र पेश गर्न नसक्ने भए सोही बमोजिमको कागज गराई नियमानुसार पेशी चढाई पेश गर्नुहोला भन्ने समेत व्यहोराको आदेश मिति २०७७।०६।०९ मा भएकोमा पुनरावेदक तर्फवाट नियुक्त वारेशले मिति २०७७।०६।०९ देखि तारेख गुजारी बसेको।

## ठहर खण्ड

१६)नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा समावेश भई आज यस इजलास समक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरीपुनरावेदक तर्फवाट रहेका वारेशले तारेख गुजारी बसेको एवं पुनरावेदक तर्फवाट वकालतनामा रहेका विद्वान अधिवक्तासमेत छलफलमा उपस्थित नभएकोले प्रत्यर्थी, वादी आन्तरिक राजश्व कार्यालय, पोखरा समेतका तर्फवाट उपस्थित उच्च सरकारी वकिल कार्यालय, पोखराका विद्वान उपन्यायाधिवक्ता श्री धर्मराज पौडेलले,हवाइ उडान सेवालाई नियमन गर्ने संस्था नागरिक उड्डयन प्राधिकरणले वर्षभरि उडान गरेको विवरण लिखित रूपमा आन्तरिक राजश्व कार्यालय, पोखरालाई उपलब्ध गराएको तथ्यांकवाटपुनरावेदक पोखरा अल्ट्रालाइट प्रा.लि.ले १६१९ जना यात्रुलाई निशुल्क सेवा प्रदान गरिएको भनी करयोग्य कारोबार लुकाइ बिजक जारी गरेको प्रमाणित

भएको छ। यस अवस्थामा आन्तरिक राजश्व कार्यालय, पोखरा र आन्तरिक राजश्व विभाग समेतवाटआयकर ऐन, २०५८ बमोजिम कर निर्धारण भएको र सोही आधारमा आयकरतर्फ पनि सोही आधिकारिक तथ्याङ्कलाई आधार मानी निवेदकले हिसाबमा समावेश नगरेको यात्रु संख्या,पुनरावेदकलेनै देखाएको भाडादर र समयको अनुपात समेतका आधारमा झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।००को करयोग्य कारोबार लुकाएको देखिएकोले आयकर ऐन,२०५८(सं.स.)को दफा ७(२)(क) बमोजिम मुनाफा र लाभमा समावेश गरी आयकर ऐन,२०५८(सं.स.) को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८,११९र१२०बमोजिम लाग्ने शुल्क तथा ब्याज समेत समावेश गर्ने गरी आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको संशोधित कर निर्धारण र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागवाट मिति २०७५/०९/४ मा भएको निर्णय कानून बमोजिमनै देखिंदा सदर गरीपाउन अनुरोध छ भनी गर्नुभएको वहस जिकिर समेत सुनियो।

१७) उपरोक्तानुसारको वहस जिकिर समेत सुनी पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरी हेर्दा मूलतः आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट प्रशासकिय पुनरावलोकनको रोहमा भएको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियो।

१८) प्रस्तुत मुद्दामा आ.व. २०७०।०७१ मा पुनरावेदक पोखरा अल्ट्रालाइट प्रा.लि. बाट जम्मा २६६५ जना यात्रुले अल्ट्रालाइट मार्फत मनोरन्जनात्मक सेवा लिएको भएतापनि करदाताले झुट्टा बिजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको करयोग्य सेवा शुल्क आय लुकाइ आफ्नो वास्तविक कर दायित्व भन्दा घटी कर दायित्व देखाएको, करदाता स्वयंले पेस गरेका विवरण बमोजिम उक्त प्रा.लि.बाट उल्लिखित आ.व. मा सेवा लिएका जम्मा यात्रुहरूले अल्ट्रालाइटबाट मनोरञ्जनात्मक सेवा लिएको मान्दा रु.२,०६,६१,१५२।०० को करयोग्य कारोबारको बिजक जारी नगरी कारोबार लुकाएको, करदाताले कर छल्ने योजनाका साथ निशुल्क उडानको कृतिम योजना बनाइ बिजक जारी नगरी कुपनका आधारमा निशुल्क सेवा दिएको भनी सेवा शुल्क आम्दानीमा समावेश नगरेको रु.२,०६,६१,१५२।०० आयकर ऐन,२०५८(सं.स.) को दफा ७(२)(क) बमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्ने देखिंदा आ.व. २०७०/०७१ को लागि करयोग्य आय रु.१,१२,३९,८८०।००(अक्षरुपी एक करोड बाह्र लाख उन्चालिस हजार आठ सय असी रुपैयाँ) हुने ठहर गरी आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णय त्रुटीपूर्ण हुँदा१६१९ जना यात्रुलाई प्रदान गरिएको निशुल्क सेवालाई केवल अनुमानको भरमा करयोग्य

कारोबार लुकाइ बिजक जारी नगरी सेवा प्रदान गरेको भनी थप कर निर्धारण गरेको उक्त निर्णय बदर गरी विपक्षी कार्यालयले निर्धारण गरेको आयकर रु.७४,०५,९२०।— मिनाहा गरीकरदायित्वबाटमुक्तगरिपाऊँ भनी पुनरावेदक पोखरा अल्ट्रलाइट प्रा.लि. पोखराका तर्फवाट यस न्यायधिकरण समक्ष प्रस्तुत पुनरावेदन परी पेश हुन आएको रहेछ।

१९) निर्णय तर्फ विचार गर्दा, प्रस्तुत मुद्दा आयकर सँग सम्बन्धित रहेकोमा सार्वजनिक वित्तको क्षेत्रमा कर नीतिको महत्वपूर्ण र नीति औजारको रुपमा आयकरलाई लिइन्छ। आयकर त्यस्तो कर हो जसमा व्यक्तिको आयआर्जन भएको आयमा त्यो आयआर्जनको क्रममा भएका व्यवशायसँग सम्बन्धित सबै खर्चहरु कट्टा गरी बाँकी हुन आउने नाफामा वा लाभमा, व्यक्तिगत आयमा व्यक्तिगत र संस्थागत आयमा Corporate करका दर अनुसार लगाइने कर नै आयकर हो। आयकर ऐन, २०५८ को दफा ७.२ अनुसार आयमा समावेश गर्ने रकमहरुलाई उल्लेख गरिएको छ। जहाँ श्रम र पुंजीको सम्मिश्रण भइ उत्पादनका साधनहरुको प्रयोग गरिन्छ त्यहाँ व्यवशायको आयको सिर्जना हुन्छ। व्यवशायिक सम्पति वा दायित्वको निसर्गवाट प्राप्त खुद लाभ र व्यवशायको ह्रासयोग्य सम्पतिको निसर्गवाट प्राप्त खुद लाभ पनि आयमा समावेश गरिन्छ। व्यवशायको सम्बन्धमा कुनै व्यक्तिवाट प्राप्त गरेको उपहार तथा व्यवशायको सञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरेवापत प्राप्त रकम, लगानी आयको प्रकृति भएतापनि त्यस्तो व्यक्तिले आफ्नो व्यवशायसँग प्रत्यक्ष रुपमा सम्बन्धित भइ प्राप्त गरेको आय र आयकर ऐन अनुसार लेखाङ्कनमा भएको परिवर्तनवाट हुने लाभको आयसमेत व्यवशायको आयमा समावेश गर्नु पर्दछ भन्ने उल्लेख भएको देखिन्छ। पुनरावेदक कम्पनी पोखरा अल्ट्रालाइट प्रा.लि.कम्पनी ऐन, २०६३ बमोजिम द.नं. ८६२७६ मिति २०६८।०५।२० मा दर्ता भई नागरिक उडययन प्राधिकरणवाट मिति २०७०।०१।३० मा AIR SPORTS OPERATOR CERTIFICATE प्राप्त गरी साहसिक हवाई खेल मार्फत व्यवशाय संचालन गरेको देखिन्छ।

२०) आन्तरिक राजश्व कार्यालय, पोखराले कर निर्धारण गर्दा हवाई उड्डयन सेवालाई नियमन गर्ने संस्था नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत पोखरा नागरिक उड्डयन कार्यालय, पोखराको मिति २०७५।०१।०९ को च.नं. ७०६ मार्फत उपलब्ध गराएको तथ्याङ्कलाई आधार मानेको देखिन्छ। उक्त पत्रमा आय वर्ष २०७०।७१ मा पोखरा अल्ट्रालाइट प्रा. लि. ले २६६५ जना यात्रुलाई सेवा प्रदान गरेको भन्ने देखिन्छ। नागरिक उड्डयन प्राधिकरण, पोखरावाट पेश भएको तथ्याङ्क र पुनरावेदक कम्पनीका तर्फवाट सेवा प्रदान गरेको भनिएको विवरण एक आपसमा मिले तापनि प्रस्तुत मुद्दाको मुल विवाद जम्मा यात्रु संख्या मध्येका १६१९ जनालाई व्यवशाय प्रबर्द्धनका लागि निशुल्क सेवा प्रदान गरेको र बाँकि जम्मा १०४६ जना ग्राहकहरुलाई सःशुल्क सेवा प्रदान गरेको हुँदा सःशुल्क सेवा प्रदान

गरिएकाको हकमा मात्र आयकर निर्धारण गरिपाँउ भन्ने रहेको देखिन्छ। आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभाग, काठमाडौंवाटभएको निर्णयमा अल्ट्रालाइट प्रा.लि.ले आय वर्ष २०७०।७१ मा १६१९ जना यात्रुलाई प्रदान गरिएको सेवा निःशुल्क भनी करयोग्य कारोवार लुकाई विजक जारी नगरी सेवा प्रदान गरेको देखिएको अवस्थामा आधिकारीक निकायवाट प्राप्त तथ्याङ्क एवं प्रा.लि. ले पेश गरेको भाडादर र समयको अनुपात समेतका आधारमा झुठ्ठा विजक तथा लेखा तयार गरी १६१९ जना यात्रुसँगको रु.२,०६,६१,१५२।- को करयोग्य कारोवार लुकाएको देखिएकोले आयकर ऐन, २०५८ को दफा ७(२)(क) बमोजिम मुनाफा र लाभमा समावेश गरी सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी दफा ११८,११९ र १२० बमोजिम लाग्ने शुल्क तथा ब्याज समेत समावेश गरी कर निर्धारण निर्णय भएको देखिन्छ।

२१) पुनरावेदक कम्पनीले पुनरावेदन पत्रमा कम्पनीले आफ्ना ग्राहकहरुवाट भएको आयलाई लुकाउने, छिपाउने मनसायवाट कुनै कार्य नगरेको, कम्पनीको व्यवशाय प्रवर्द्धन योजना अन्तर्गत निशुल्क सेवा लिने १६१९ जना यात्रुहरु पर्यटन व्यवशायी संघ सँस्था, विदेशी टुर अपरेटरहरु सरकारी तथा गैह्र सरकारी सँस्थामा कार्यरत व्यक्तित्वहरु, विभिन्न देशका कुटनितिज्ञहरु, राजनितिज्ञ तथा विशिष्ट व्यक्तित्वहरु रहेको भनी निशुल्क उडान मार्फत सेवा लिएका व्यक्तिहरुको फोटो सहितको नामावली एवं निशुल्क सेवा प्रदान गरिएका मानिसका टिकटहरु समेत प्रमाणको रुपमा पेश गरेको मिसिल संलग्न देखिन्छ। व्यवशाय प्रवर्द्धनका लागि कम्पनिका तर्फवाट निशुल्क सेवा प्रदान गर्ने भन्ने सम्बन्धमा मिति २०७०।०४।०२ मा बसेको कम्पनिको सञ्चालक समितिको वैठकवाट निर्णय नं. १ मा " यस पोखरा अल्ट्रालाइट प्रा.लि. ले आर्थिक वर्ष २०७०/७१ मा साहसिक पर्यटन व्यवशाय प्रवर्द्धनको लागि व्यवशाय प्रवर्द्धनका विभिन्न तरिकाहरु मध्ये १५ मिनेट अवधिको अल्ट्रालाईट उडानलाई मात्र लक्षित गरी विभिन्न व्यक्ति, सँस्था, एजेन्ट एवं भविश्यमा व्यापारमा परिणत हुन सक्ने व्यक्तिहरुलाई निशुल्क योजना पारित गरियो" भन्ने निर्णय गरेको देखिन्छ भने मिति २०७१।०४।१० मा बसेको सञ्चालक समितिको बैठवाट "आर्थिक वर्ष २०७०/७१ मा १६१९ जनाले निशुल्क योजनाको लाभ उठाएको र उक्त निशुल्क योजनाको प्रतिफल कम्पनिले अब आउने वर्षहरुमा पाउने अपेक्षा सहित उक्त प्रवर्द्धनमा भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो" भन्ने रहेको देखिन्छ।

२२) आन्तरिक राजश्व कार्यालय, पोखराले गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णयमा पुनरावेदक कम्पनीले विजक जारी नगरी सेवा प्रदान गरेको भने तापनि को व्यक्तिलाई विजक जारी नगरी सेवा दिएको हो भनी एकिन रुपमा किटान साथ उल्लेख गर्न सकेको देखिदैन। पुनरावेदकले पेश गरेको

मनोरञ्जनात्मक सेवा प्राप्त गर्ने व्यक्तिहरुको नामावली एवं टिकट सहितको विवरणमा १६१९ जनालाई निशुल्क सेवा प्रदान गरेको भनी जिकिर पेश गरेकोमा, आन्तरिक राजश्व कार्यालयवाट कर निर्धारणका क्रममा ति व्यक्तिहरुले निशुल्क सेवा लिएका हुन वा होइनन्? भनी उडान गरेको मिति समय रतत्कालिन अवस्थाको भुक्तानी प्रक्रिया के थियो, निशुल्क सेवा दिन मिल्छ मिल्दैन? कम्पनीले प्राप्त गरेको रकम के कसरी व्यवस्थापन गरी कर छल्ने नियत राखेको थियो भनी निर्णयमा स्पष्ट खुलाउन सकेको देखिदैन। प्रमाण ऐन, २०३१ को दफा १४ ले नियमित रुपमा राखिएको खातावही हिसाव वा अन्य स्रेस्तामा जनिएका कुराहरुलाई प्रमाणमा लिनुपर्ने कानूनी व्यवस्था गरेकोमा पुनरावेदक कम्पनिले नियमित रुपमा राखेको कम्पनीको विवरण यो यस कारणले यो यसरी कर छली गर्ने उद्देश्यले तयार पारिएको हो भनी किटानीसाथ वस्तुनिष्ठ तवरवाट उल्लेख गर्न सकेको मिसिल संलग्न कागज प्रमाणवाट देखिन आउदैन। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट" *निवेदकले पेश गरेको विवरणलाई अमान्य गर्दा कसरी विवरणमा फरक पर्न गयो र के कुन तथ्यांक प्रमाणको आधारमा कर निर्धारण गरियो सो सम्पूर्ण कुरा स्पष्ट उल्लेख नगरी खूद आय कायम गरी कर निर्धारण गर्ने गरिएको निर्णयलाई कानुन अनुरुपको मान्न नमिल्ने "(ने.का.प.२०४७ अंक २ नि.नं.४०७३)*भनी नजिर सिद्धान्त समेत प्रतिपादन भइरहेको अवस्थामा कम्पनीले व्यवशाय प्रबर्द्धनको क्रममा निशुल्क सेवा प्रदान गरिएको भनी लिएको जिकिर र सो सँग सम्बद्ध प्रमाण कागजात समेत मिसिल संलग्न रहेकोमा त्यसको समुचित मूल्याङ्कन एवं प्रमाणको विसश्लेषण वेगर पुनरावेदकवाट प्रेषित कागजातलाई विना पुष्टयाई अमान्य गरी विल विजक जारी नगरेको भन्नु कानून सम्मत देखिन आएन।

२३) अतः माथि विवेचित आधार, कारण समेतवाट पोखरा अल्ट्रालाइट प्रा.लि. को आ.व. २०७०/७१ मा जम्मा २६६५ यात्रु मध्ये १६१९ जना यात्रुलाई निशुल्क मनोरञ्जनात्मक सेवा प्रदान गरेको भनिएको र प्रा.लि. को मिति २०७०।०४।०२ को निर्णयवाट व्यवशाय प्रबर्द्धनको लागि निशुल्क योजना पारित गरी मिति २०७१।०४।१०को प्रा. लि. को सञ्चालक समितिको निर्णयवाट निशुल्क सेवा उपलब्ध गराएकोलाई अनुमोदन गर्ने निर्णय समेत भएको तथा निशुल्क सेवा लिने व्यक्तिका नामावली सहित टिकटहरु समेत पेश भएकोमा सो कागज प्रमाणको सक्कल कागजात समेत पेश गराइप्रमाणको परीक्षण समेत नगरी आन्तरिक राजश्व कार्यालय, पोखरावाट मिति २०७५।०२।३१ मा र सो निर्णय सदर गर्ने गरेको मिति २०७५।०९।०४ को आन्तरिक राजश्व विभागको महानिर्देशकवाट प्रशासकिय पुनरावलोकनको निर्णय बदर गरिदिएको छ। अब, पुनरावेदकलाई झिकाई प्रा.लि. वाट पेश भएका उल्लिखित निर्णय सहितका सक्कल कागजात दाखिल गराई तत् सम्बन्धमा अन्य आवश्यक जो जे बुझ्नु पर्छ बुझी, प्रमाणको

परीक्षण गरी पुनः निर्णय गर्नु भनी मिसिल आन्तरिक राजश्व कार्यालय, पोखरामा पठाई दिने समेत ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नुहोला।

**तपसिल**

यसमा माथि ठहर खण्डमा लेखिएबमोजिम आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णय बदर भई पुनः निर्णयका लागि पठाउने ठहर भएकोले प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखी मिसिल आन्तरिक राजश्व कार्यालय, पोखरामा पठाइदिनुहोला...........................१

माथि ठहर खण्डमा लेखिएबमोजिम आन्तरिक राजश्व कार्यालय, पोखरावाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागवाट भएको निर्णय बदर भई पुनः निर्णयका लागि पठाउने ठहर भएकोले प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखि फैसला भएको जानकारी उच्च सरकारी वकिल कार्यालय, पोखरालाई दिनुहोला.........२

प्रस्तुत फैसलाको नक्कल माग्ने सरोकारवालाहरुलाई नियमानुसार नक्कल दिनुहोला.................३

प्रस्तुत मुद्दाको दायरिको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनुहोला...४

(प्रमोदकुमार श्रेष्ठ वैद्य)

अध्यक्ष

उक्त रायमा मसहमत छु।

(रामजीप्रसाद शर्मा)

लेखा सदस्य

फैसला तयार गर्न सहयोग गर्नुहुनेः-

इजलास अधिकृत श्री हरिकृष्ण तिमिल्सेना

नायब सुब्बा श्री किरण गुरुङ

इति संवत् २०७८ साल कार्तिक ५ गते रोज ६ शुभम्..................................................।

फैसला प्रमाणिकरण मिति: २०७८।०८।

**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

# फैसला

**२०७४ सालको मुद्दा नं. ०७३-RB-०६००**

**निर्णय नं. १५**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. २८ बसन्तपुर स्थित एभरेष्ट डि कार्गो प्रा.लि. र भन्सार एजेन्ट नं. १०३, ऐ. प्रा.लि.(स्थायी लेखा नं. ५००००५३१४४) समेतको अधिकार प्राप्त संचालक निर्मला प्रधान................१<br>भन्सार एजेन्ट नं. १०३ एभरेष्ट डि कार्गो प्रा.लि. को कर्मचारी प्रतिनिधि दिनेशराज पोखरेल..........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टेकनाथ पौडेलसमेतको प्रतिवेदनले नेपाल सरकार...............................................१ | प्रत्यर्थी |

र

**२०७४ सालको मुद्दा नं. ०७४-RB-०१८७**

**निर्णय नं. १६**

| | |
|---|---|
| जिल्ला म्याग्दी, भगवती गा.वि.स., वडा नं. ६ राखुको हाल परिवर्तित रघुगङ्गा गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भई हाल का.जि. कागेश्वरी मनहरा न. पा. वडा नं. १३ बस्ने वर्ष ५७ की सीताकुमारी हमाल शाही..................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टेकनाथ पौडेलसमेतको प्रतिवेदनले नेपाल सरकार...............................................१ | प्रत्यर्थी |

**मुद्दाः–सुन चोरी पैठारी ।**

सुरू निर्णय गर्ने कार्यालयः त्रिभुवन विमानस्थल भन्सार कार्यालयका
सुरु निर्णय गर्ने पदाधिकारीः प्रमुख भन्सार प्रशासक नारायणप्रसाद सापकोटा
सुरू निर्णय मितिः २०७३/१२/११

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :अधिवक्ता श्री नारायण नेपाल, श्री भेषराज न्यौपाने र श्री डा.पवित्रबहादुर खडका ।

प्रत्यर्थीका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल ।

**अविलम्वित नजीरः** ×

यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक नारायणप्रसाद सापकोटाले मिति २०७३/१२/११ मा गर्नु भएको निर्णय उपर भन्सार ऐन,२०६४ को दफा ६२(१) बमोजिम प्रतिवादीहरुको पुनरावेदनपत्र दर्ता भई सुनुवाईको लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

<u>मुद्दाको तथ्य :</u>

१. मिति २०७३ साल मंसिर महिना १० गतेका दिन करिब १:०० बजेको समयमा प्रज्ञापनपत्र नं.एम (४८८४०) ता. २५।११।२०१६ तदनुसार मिति २०७३/०८/१० बाट आयातकर्ता Everest De Cargo Pvt. Ltd। (PAN 500053144), Agent NO. 103 Everest De Cargo Pvt. Ltd. (PAN 500053144) भएको र सो एजेन्टको तर्फबाट Dinesh Raj Pokharel ले दस्तखत गरेको प्रज्ञापनपत्रको आइटम नं. ३२/२ मा मूल्य रु.१३०९/- को Torchlight As gift थान दुई र आइटम नं. ३२/३ मा मूल्य रु. १८२६/- को Heater As gift तथा अन्य आइटम नं.हरुमा विभिन्न मालवस्तुहरु उल्लेख गरी अन्य मालवस्तुहरु समेतको घोषणा गरेको मालवस्तहरुको शंका लागि जाँचपास परीक्षण गर्ने क्रममा सो हिटर भित्र फिटिङ्ग गरेको अवस्थामा MENNICA POLSKA Au 999.9 50g उल्लेख भएको थान तीन र MENNICA POLSKA Au 999.9 100g उल्लेख भएको थान एक गरी थान चारको जम्मा मूल्य रु.११,६१,७५०/- बराबरको २५० ग्रामको सुनको विस्कुट आकारको सुनको प्रज्ञापनपत्रमा घोषणा नगरेको तथा हिटर भित्र फिटिङ्ग गरी लुकाई छिपाई ल्याएको अवस्थामा बरामद भएको भन्ने समेत व्यहोराको वरामदी मुचुल्का।

२. उपरोक्तबमोजिमको बरामदी सुन यस कार्यालयका गो.सि.टे.बाट परीक्षण गराउँदा सुन नै भएको एकिन समेत भएको हुँदा भन्सार ऐन, २०६४को दफा १८ को उपदफा (१) र दफा ३८ बमोजिम भन्सारमा प्रज्ञापनपत्र भरी महसुल तिरेको निस्सा वा घोषणा गरेको नदेखिएको र नेपाल सरकारले भन्सार ऐन,२०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रुले आफ्नो निजी गुण्टा, झिटी भारीमा आफूसँग ल्याएको वा लगेको (एकम्पनिड) वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको वा

पठाएको (अनएकम्पनिड) मालसामानमा लाग्ने भन्सार महसुल सम्बन्धमा मिति २०७३/०४/०१ गतेदेखि लागु हुने गरी प्रकाशन गरिएको निजि गुण्टा, झिटी भारी सम्बन्धी सूचनाले तोकेको भन्दा फरक स्वरुपमा काँचा सुन (विस्कुट) र वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६७/०५/१७ को सूचनाले रोक लगाएको मूल्य रु.११,६१,७५०/- बराबरको २५० ग्राम सुनको टुक्रा थान चार चोरी पैठारी गर्ने उद्देश्यले हिटरभित्र लुकाईछिपाई ल्याएको देखिएको र निजकै रोहवरमा निजले जाँचपासका लागि प्रस्तुत गरेका पोकाहरु मध्येबाट बरामद भएको हो भनी स्वीकार समेत गरेको हुँदा भन्सार ऐन, २०६४ बमोजिम कारवाहीका लागि पेश गरेका छौं । तसर्थ निकासी पैठारी ऐन, २०१३ र भन्सार ऐन, २०६४ बमोजिम कारवाही गरी कानूनबमोजिम पुरस्कार पाउन अनुरोध छ भन्ने समेत व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टंकनाथ पौडेलसमेतको मिति २०७३/०८/१० गतेको प्रतिवेदन।

३. उपरोक्त बमोजिमको प्रतिवेदन उजूरीलाई भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा (३) बमोजिम आवश्यक कारवाहीको लागि मुद्दा दर्ता गर्ने र निज प्रतिवादी दिनेशराज पोखरेलको वयान लिई कानूनी कारवाही अगाडि बढाउने र प्रतिवेदन साथ दाखिला हुन आएको सुनसमेत यस कार्यालयको मुद्दा शाखामा सुरक्षित राख्नु भन्ने समेत व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७३/०८/१० को आदेश।

४. मिति २०७३/०८/१० गतेका दिन करिब १३:०० बजेको समयमा आयातकर्ता Everest De Cargo Pvt. Ltd. को नामबाट भरिएको र मैले सोको तर्फबाट दस्तखत गरेको प्रज्ञापनपत्र नं. एम ४८८४० ता. २५/११/२०१६ तद्नुसार मिति २०७३/०८/१० भरी पेश गरेको, जाँचपास गर्नेक्रममा आइटम नं. ३२/२ भएको Torchlight र आइटम नं. ३२/३ मा रहेको Heater भित्र फिटिङ्ग गरेको अवस्थामा वरामदी मुचुल्का बमोजिमको विस्कुट सुन वरामद भएको हो । सो हिटर रहेको कार्टुनमा Sita Kumari Hamal Shahi, House No.82, Panchkanya, Baluwatar-4, kathamandu GPO 13663 NEPAL पाउने देखिएको । हाम्रो फर्मले कार्गो प्राप्त गर्ने मानिसलाई डेलिभरी दिने गरे अनुसार नै आएको सामानहरु जाँचपास गर्ने क्रममा सामानमा सुन फिटिङ्ग गरेको पाइएको र सोहिअनुसार सुन वरामद भएको हो। हाम्रो कार्गो वा मेरो सो सुन पैठारी गर्ने कुनै बदनियत छैन । सो सुन रहेको सामान धनी उल्लेख भएको निज सिता कुमारीलाई नै कारवाही हुन अनुरोध छ भन्ने समेत व्यहोराको प्रतिवादी दिनेशराज पोखरेलले गरेको सुरु भन्सार कार्यालयमा गरेको वयान।

५. मिति २०७३/०८/१० गते दिनको करिब २:०० बजे दिउसोको समयमा FedEx Express कार्गोबाट मलाई फोन गरी तपाईको नाममा डकुमेन्ट (कुरियर) आएको छ लिन

आउनु भनी फेडेक्सको अफिस कान्तिपथ बोलाई पछि एयरपोर्टमा छ भनी गाडीमा लिएर यहाँ आएको हो। मेरो नाममा आएको पार्सल (हिटर) भित्र सुन फिटिङ्ग गरेको चार टुक्रामा २५० ग्राम विस्कुट आकारको सुन वरामद भएको जानकारी पाएको हो । सो प्याकेट बाहिर प्रापकको नाम लेखिएको व्यक्ति म नै हुँ । मेरो छोरा ब्रिति बिक्रम शाहीले मेरो नामको स्टेण्डर्ड चार्टर बैंकको नाममा पोल्याण्डबाट पठाएको पत्र आउछ बैंकमा पेश गरिदिनु भनेको थियो। सुन पठाएको कुरा मलाई भनेन पछि छोरालाई सोध्दा हिटर र लाइट पठाएको छ तर सुन चाँही होइन भन्यो । वरामदी हिटरभित्र तारहरु काटिएको देखियो त्यस्तो तार काटिएको नचल्ने हिटर पठाउनु पर्ने कुनै अर्थ देख्दिन । छोराले साथिलाई कार्गो गर्न पठाएको हो भनेकोले निज Takashi उसको साथी होला । सुन छोराले र उसको साथीले पठाएको छैन तसर्थ सुन मेरो होइन। कसरी हिटर भित्र सुन फेला पर्‍यो छानविन गरी सहि अपराधीलाई सजाय गरी पाउँ। सामान बुझ्दा FedEx Express ले स्क्यान गरेर बुझेको हुनुपर्छ । कुरियर्सको अगाडि नै सामान प्याक गर्नुपर्ने चलन सबै ठाउँको छ । तसर्थ सुन पठाएको कुरियर्सले थाहा पाउनु पर्ने हो। सो कुरा विलविजक आदि कुनै कागजमा देखिदैन भन्ने व्यहोराको पुनरावेदक सिताकुमारी हमाल शाहीले सुरु भन्सार कार्यालयमा गरेको वयान ।

६. प्रज्ञापनपत्र नं. M 48840 ता. २५-११-२०१६(तद्नुसार मिति २०७३/०८/१०) को मालवस्तु देखाउनेक्रममा पठाउने Takashi Vera, Ogrodowa 48, Warshaw, Poland र प्रापक सिताकुमारी हमाल शाही बालुवाटार ४, काठमाण्डौ भएको प्याकेट खोलि जाँचपास गराउदा चार टुक्रा सुन (२५० ग्राम) फेला परेको जानकारी मलाई सो कार्यमा खटिएका प्रतिनिधिबाट जानकारी प्राप्त भएको । FedEx ले बुझेको कार्गोलाई सम्बन्धित प्रापकलाई बुझाउने हाम्रो कार्य हो । भन्सार लाग्ने प्रकृतिको डकुमेन्ट विवरण खुलेको आधारमा प्रज्ञापनपत्र भरेर भन्सार तिरेर लगी प्रापकलाई वितरण गर्ने हुन्छ । सोही क्रममा निज प्रापकको नाममा आएको AWB 777757312283 नं. को पार्सल खोली सो भित्र रहेको हिटर देखाउने क्रममा सुन फेला परेको भनी जानकारी प्राप्त भयो । तत्कालै सो प्रापकलाई कार्गो अफिसमा झिकाई भन्सारमा बुझाएको हो । सुन वरामद भएको सम्बन्धित सिताकुमारी हमाल शाहीलाई नै कारवाही होस भन्ने समेत व्यहोराको एभरेष्ट डि कार्गो प्रा.लि.का प्रोपराइटर रविन्द्रमान सिंह प्रधानले सुरु भन्सार कार्यालयमा गरेको वयान ।

७. भन्सार ऐन,२०६४ को दफा ३८ बमोजिम प्रतिवादी सिताकुमारी हमाल शाहीको नाममा आएको पार्सल भित्र रहेको सुन २५० ग्राम चोरी पैठारी ठहर्छ । दफा ५७ को उपदफा (१) बमोजिम वरामदित सुन २५० ग्राम जफत हुने ठहर्छ । सो ठहर्नाले प्रतिवादी

सिताकुमारी हमाल शाहीको हकमा निजलाई दफा ५७ को उपदफा (१) बमोजिम विगो रु.११,६१,७५०/- बराबर जरिवाना र दफा ५७ को उपदफा (१) को खण्ड (ख) बमोजिम दिन दुई कैद सजाय समेत हुने ठहर्छ । भन्सार एजेन्ट र पैठारीकर्ता रहेको देखिने एभरेष्ट डि कार्गोको हकमा सो कार्गोमा सामान पठाउने व्यक्तिहरुको मालवस्तुको जाँचबुझ नगरी अज्ञानतावश पैठारी गरेको भन्न सकिने अवस्था नरहेको र पैठारीकर्ता वा भन्सार एजेन्टले सुनको घोषणा नै नगरेको अवस्था देखिँदा दफा ५७ को उपदफा (९) बमोजिम एभरेष्ट डि कार्गो प्रा.लि.(स्थाई लेखा नं.५०००५३१४४) लाई सो जफत भएको २५० ग्राम सुनको मुल्य रु.११,६१,७५०/- बराबर जरिवाना हुने ठहर्छ । सो प्रज्ञापनपत्रका अन्य मालवस्तुहरुको सोहि उपदफा बमोजिम मालवस्तुको मूल्यको दुईसय प्रतिशतले रु.४४,७६६/- समेत जरिवाना हुने ठहर्छ । भन्सार एजेन्ट नं. १०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को हकमा दफा ५९ को उपदफा (१) बमोजिम रु.पचास हजार जरिवाना हुने ठहर्छ। निज भन्सार एजेन्टको दफा ५५ को उपदफा (१) बमोजिम मिति २०७३/०८/१० देखि २०७३/०९/२० सम्म भन्सार एजेन्टको कार्य निलम्बन भएको हुँदा भन्सार एजेन्टको कारोवार फुकुवा हुन्छ । एभरेष्ट डि कार्गोका प्रोपराइटर रविन्द्रमान सिंह प्रधानका सम्बन्धमा छुट्टै केहि उल्लेख गर्नुपर्ने देखिएन भन्ने समेत व्यहोराको सुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७३/१२/११ को फैसला ।

८. बरामद भएको सामान पुनरावेदकको होईन भन्ने तथ्य प्रष्ट भै सकेको छ । सामान धनि सीताकुमारी हमाल भन्ने तथ्य पनि पुष्टि भै सकेको अवस्थामा पुनरावेदकको कारोवारको प्रकृतिलाई वेवास्ता गरी कसूरदार ठहर गरी ऐन विपरीत जरिवाना गर्नु कानून विपरीत छ। पैठारकर्ता अर्थात मालधनी सीताकुमारी हमाल पुष्टी भै सकेको हकमा भन्सार ऐन,२०६४ को दफा ५७(९) प्रस्तुत कम्पनीको हकमा आकर्षित नै हुन सक्दैन। अर्कोतिर कम्पनीको कारोबारको प्रकृति बमोजिम कार्गो भित्र रहेको सामान फेडेक्सले पठाएको सामानको कागजातको आधारमा एवं कार्गोमा उल्लेख भएको आधारमा घोषणा गर्ने हो। कारोवारको प्रकृति र पारदर्शिता देखाई मालधनीको उपस्थिति समेत कम्पनी स्वयंले गराएको अवस्था एकातिर छ, अर्कोतिर मालधनीको विगो जफत भै विगो बराबर जरिवाना भै सकेको अवस्थामा पुनरावेदकलाई विगो बराबर जरिवाना गर्न मिल्दैन। फेडेक्सले सामान पठाउँदा उपलब्ध गराएको विवरण बमोजिम कै विवरण प्रज्ञापनपत्रमा भरी पेश गर्ने कार्य कदापी कसूर हुन सक्दैन । अत: त्रिभुवन विमानस्थल भन्सार कार्यालका प्रमुख भन्सार प्रशासकले एभरेष्ट डि कार्गो प्रा.लि.लाई रु.११,६१,७५०/- जरिवाना, अन्य मालवस्तुको सोहि उपदफा बमोजिम मालवस्तुको मूल्यको दुईसय प्रतिशतले

रु.४४,७६६/- जरिवाना र भन्सार एजेन्ट नं.१०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को हकमा रु. ५०,०००/- जरिवाना ठहर गरी गर्नु भएको निर्णय कारोबारको प्रकृति, तथ्य र कानून विपरीत हुँदा बदर गरी सो रकम समेत फिर्ता गरी पाउँ भन्ने समेत व्यहोराको एभरेष्ट डि कार्गो प्रा.लि.र भन्सार एजेन्ट नं.१०३ ऐ.प्रा.लि. तथा भन्सार एजेन्ट नं. १०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को कर्मचारी प्रतिनिधि दिनेशराज पोखरेलको पुनरावेदनपत्र।

९. मैले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा गरेको वयानको स.ज. ७,८,९ मा मेरो छोरा ब्रिति बिक्रम शाहीले मेरो नामको स्टेण्डर्ड चार्टर बैंकको नामा पोल्याण्डबाट पठाएको पत्र आउछ बैंकमा पेश गरिदिनु भनेको थियो तर सुन पठाएको कुरा मलाई भनेन पछि सोध्दा हिटर र लाइट पठाएको छ तर सुन चाँही होइन भन्यो । छोराले साथीलाई कार्गो गर्न पठाएको हो भनेकोले सामान पठाउने व्यक्ति Takasi छोराको साथी होला। मेरो छोराले सुन पठाएको होइन भनी फोनमा जानकारी गराएको छ ।तसर्थ सुन मेरो होइन। कसरी हिटर भित्र सुन फेला पर्‍यो छानविन गरी सहि अपराधीलाई सजाय गरी पाउँ भन्ने वयान गरेको छु। यसरी मैले मेरो वयानमा यथार्थ कुरा खोली आफ्नो निर्दोषिता व्यक्त गरी छानविन गरी यथार्थ सत्य कुरा पत्ता लगाई दोषिलाई कारवाही होस् भनेर वयान गरेको अवस्थामा त्यसतर्फ कार्य नगरी शंकाको सुविधा अभियुक्तले पाउछ भन्ने सर्वमान्य सिद्धान्त विपरीत हचुवाको भरमा म निर्दोष व्यक्तिलाई दोषि ठहर्‍याई कारवाही गर्न पुगेको छ । अत: त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७३/१२/११ मा भएको निर्णय बदर गरी सफाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक सीताकुमारी हमाल शाहीको पुनरवेदनपत्र ।

१०. मु. नं. ०७३-RB-०६०० को मुद्दामा मिति २०७४/०६/३० मा र मु. नं. ०७४-RB-०१८७ को मुद्दामा मिति २०७५/०५/२५ मा प्रत्यर्थी झिकाउने आदेश भई मिसिल सामेल रहेको देखियो।

<u>ठहर-खण्ड</u>

११. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक एभरेष्ट डि कार्गो प्रा.लि.र भन्सार एजेन्ट नं.१०३ ऐ.प्रा.लि. तथा भन्सार एजेन्ट नं. १०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को कर्मचारी प्रतिनिधि दिनेशराज पोखरेलको तर्फबाट विद्वान अधिवक्ता श्री नारायण नेपाल र श्री भेषराज न्यौपाने, पुनरावेदक सीताकुमारी हमाल शाहीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री डा.पवित्रबहादुर खडका तथा प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालयका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले गर्नु भएको बहस सुनियो । वहसका क्रममा

पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु एवं शाखा अधिकृतबाट देहाय बमोजिमका जिकिरहरु प्रस्तुत गर्नु भएको छ :-

| **पुनरावेदक एभरेष्ट डि कार्गो प्रा.लि.समेतका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरुः** | **प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरूः** |
| --- | --- |
| –मालधनीको विगो जफत भइ निजलाई विगो बमोजिम जरिवाना भएपछि मेरो पक्षलाई पुनः विगो बरावर जरिवाना गर्न मिल्दैन ।<br>–फेडेक्सले सामान पठाउदा उपलब्ध गराएको विवरण बमोजिम प्रज्ञापनपत्र भरी पेश गरेको कार्य कसूर हुन सक्दैन।<br>–मेरो पक्षले मालधनीको पहिचान गराई उपस्थित समेत गराएको अवस्था छ ।<br>–कारोबारको प्रकृतिलाई विचार नगरी तथ्य र कानून विपरीत भएको सुरु निर्णय त्रुटिपूर्ण हुंदा बदर गरी मेरो पक्षले सफाई पाउनु पर्छ ।<br>**पुनरावेदक सीताकुमारी हमाल शाहीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरुः**<br>–मेरो पक्षले सुरु भन्सार कार्यालयमा गरेको वयानमा छोराले हिटर र लाईट पठाएको कुरा उल्लेख गरेपनि सुन आफ्नो नभएको जिकिर लिएको छ ।<br>–सुन कस्को हो छानविन गरिपाउँ भनी लिएको जिकिर तर्फ ध्यान नदिई सजाय तोकिएको छ ।<br>–शंकाको आधारमा दोषि कायम गरी गरिएको निर्णय कानूनी त्रुटिपूर्ण हुँदा सुरु निर्णय बदर गरी मेरो पक्षले सफाई पाउनु पर्छ | –हिटर भित्र गैरकानूनी रुपमा लुकाई सुन पैठारी गरिएको विषयमा विवाद छैन ।<br>–प्रज्ञापनपत्र एभरेष्ट डि कार्गोका प्रतिनिधिले भरी पेश गरेको अवस्था छ र उक्त प्रज्ञापनपत्रमा वरामदी सुन घोषणा गरिएको अवस्था छैन ।<br>–सिताकुमारी हमाल शाहीले सुन आफ्नो नभएको व्यहोरा उल्लेख गरेपनि पार्सलमा लेखिएको प्रापकको नाम,ठेगाना आफ्नै भएको स्वीकार गरेको अवस्थामा सुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेकै देखिंदा सदर हुनु पर्दछ । |

१२. उपरोक्त बमोजिम वहस जिकिर सुनी पुनरावेदनपत्र एवं सुरु सक्कल मिसिल समेत अध्ययन गरी हेर्दा यसमा सुरु विमानस्थल भन्सार कार्यालयबाट मिति २०७३/१२/११मा भएको निर्णय मिलेको छ छैन ? पुनरावेदकहरुको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. सर्वप्रथम पुनरावेदक एभरेष्ट डि कार्गो प्रा.लि.र भन्सार एजेन्ट नं.१०३ ऐ.प्रा.लि. तथा भन्सार एजेन्ट नं. १०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को कर्मचारी प्रतिनिधि दिनेशराज पोखरेलसमेतको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा यी पुनरावेदकले मुख्यतः भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (९) बमोजिम एभरेष्ट डि कार्गो प्रा.लि. (स्था.ले.नं. ५०००५३१४४) लाई रु.११,६१,७५०/- जरिवाना, अन्य मालवस्तुको सोहि उपदफा बमोजिम मालवस्तुको मूल्यको दुईसय प्रतिशतले रु.४४,७६६/- जरिवाना र भन्सार एजेन्ट नं.१०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को हकमा दफा ५९ को उपदफा (१) बमोजिम रु. ५०,०००/- जरिवाना ठहर गरी भएको निर्णय कारोबारको प्रकृति, तथ्य र कानून विपरीत हुँदा बदर गरी सो रकम समेत फिर्ता गरी पाउँ भन्ने जिकिर लिएको पाइन्छ ।

१४. सुरु निर्णयले मालवस्तु पैठारीकर्ता एभरेष्ट डि कार्गो प्रा.लि.(स्था.ले.नं. ५०००५३१४४) लाई भन्सार ऐन,२०६४ को दफा ५७(९) बमोजिम जफत भएको सुनको विगो बराबर जरिवाना, प्रज्ञापनपत्रका अन्य मालवस्तुको मूल्यको दुईसय प्रतिशत जरिवाना र भन्सार एजेन्ट नं. १०३ को एभरेष्ट डि कार्गो प्रा.लि.को हकमा सोही ऐनको दफा ५९(१) बमोजिम रु.५०,०००/- (पचारहजार) जरिवाना गरेको मिलेको छ छैन भनी हेर्दा भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (९) मा *"पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुको मूल्य बराबर जरिवाना गरी सो मालवस्तु जफत गर्न वा निजबाट सो मालवस्तुको मूल्यको दुईसय प्रतिशत जरिवाना र लाग्ने महसुल असूल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।"* भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ । उपरोक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा यी पुनरावेदको कार्यको विवेचना गर्दा एभरेष्ट डि कार्गो प्रा.लि.ले FedEx Express International Inc. Dubai Airport Free Zone Branch सँग Global Service Program Contract गरेर FedEx को नेपाल स्थित Authorized Agent भएर काम गर्दै आएको । FedEx ले बुझेको कार्गोलाई सम्बन्धित प्रापकलाई बुझाउने हाम्रो कार्य हो । भन्सार लाग्ने प्रकृतिको डकुमेन्टमा विवरण खुलेको आधारमा प्रज्ञापनपत्र भरेर भन्सार तिरेर लगी प्रापकलाई वितरण गर्ने हो भनी एभरेष्ट डि कार्गोका प्रोपराइटर रविन्द्रमान सिंह प्रधानले सुरु कार्यालयमा वयान गरेको पाइन्छ । यसरी यी पुनरावेदकको कार्यको प्रकृति विचार गर्दा विदेशबाट प्राप्त कार्गो वा पार्सललाई प्राप्त विवरणको आधारमा

प्रज्ञापनपत्र भरी भन्सारबाट छुटाई सम्बन्धित प्रापकलाई बुझाउनेसम्म देखिन्छ । प्रज्ञापनपत्र भरेर बुझाएको आधारमा मात्र पुनरावेदक नै सो मालवस्तुको धनि हुन भनी मान्न मिल्ने पनि देखिदैन । यद्यपी अर्का पुनरावेदक सीताकुमारी हमाल शाहीले उक्त मालवस्तुको प्याकेटमा उल्लेखित प्रापकको नाम आफ्नो हो भनी स्वीकार गरिदिएको अवस्था छ । यी पुनरावेदकले नै निज प्रापकलाई उपस्थित गराएको देखिन्छ । पुनरावेदकले आफूलाई प्राप्त विवरण बमोजिमका सामान घोषणा गरी प्रज्ञापनपत्र भरेको देखिन्छ । आफूलाई प्राप्त विवरण भन्दा बाहेकका सामान पनि उक्त प्याकिङ्ग गरेको सामान भित्र छ भन्ने कुरा निजलाई थाहा हुने र सो सामानको प्रज्ञापनपत्रमा घोषणा गर्ने कुरा निजको कारोबारको प्रकृतिबाट पनि सम्भव नदेखिने हुँदा भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (९) विपरीतको कसूर गरेको भनी विगो बमोजिम जरिवाना हुने र अन्य मालवस्तुको सोको मूल्यको दुईसय प्रतिशत जरिवाना हुने ठहर्‍याएको सुरु विमानस्थल भन्सार कार्यालयको निर्णय मिलेको देखिएन । उपरोक्त बमोजिम कसूर गरेको नदेखिई सजाय कायम रहन नसक्ने भएपछि भन्सार ऐन,२०६४ को दफा ५९(१) बमोजिमको भन्सार एजेन्टलाई हुने कसूर समेत स्थापित हुन सक्ने देखिएन ।

१५. त्यसैगरी अर्का पुनरावेदक सीताकुमारी हमाल शाहीको पुनरावेदन जिकिर सम्बन्धनमा विचार गर्दा निजले सुरु विमानस्थल भन्सार कार्यालयमा वयान गर्दा वरामद भएको सुन आफ्नो भएको कुरामा इन्कार रहेतापनि प्राप्त पार्सलको प्याकेट बाहिर लेखिएको प्रापकको नाम सीताकुमारी हमाल शाही लेखिएको व्यक्ति आफू नै रहेको र आफ्नो छोराले हिटर र लाइट पठाएको सुन चाँही होइन भनेको, छोराले साथीलाई कार्गो गर्न पठाएको भनेको पठाउने निज Takashi उसको साथी होला भनी वयान व्यहोरा लेखाएको पाइन्छ । मिसिल संलग्न निज पुनरावेदकको सहिछाप भएको वरामदी मुचुल्काबाट समेत हिटर भित्र फिटिङ्ग गरेको अवस्थामा विवादित सुन वरामद भएको पाइन्छ । अन्य विपक्षी दिनेशराज पोखरेल र एभरेष्ट डि कार्गो प्रा.लि.का प्रोपराइटर रविन्द्रमान सिंह प्रधानको वयानबाट समेत कार्गो प्राप्त सामान निज सीताकुमारी हमाल शाहीको हो भनी लेखाइदिएको समेतका आधारमा निजलाई भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिम बरामदी सुन जफत गरी विगो बमोजिम जरिवाना र दिन दुई कैदसमेत हुने ठहर्‍याई भएको सुरु विमानस्थल भन्सार कार्यालयको निर्णय निजको हकमा अन्यथा नदेखिएको हुँदा सो निर्णय बदर गरि सफाई पाउँ भन्ने निज सीताकुमारी हमाल शाहीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१६. अत: माथि विवेचित आधार र कारणबाट सुरु त्रिभूवन विमानस्थल भन्सार कार्यालय, गौचरनबाट मिति २०७३/१२/११ मा भएको निर्णय प्रतिवादीद्वय भन्सार एजेन्ट नं.

१०३ को एभरेष्ट डि कार्गो प्रा.लि. एवं सो प्रा.लि.का कर्मचारी प्रतिनिधि दिनेशराज पोखरेललाई अभियोग दावी बमोजिम सजाय गर्ने गरी भएको निर्णय त्रुटिपूर्ण देखिदा उल्टी भई निजहरुले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । पुनरावेदक प्रतिवादी सीताकुमारी हमाल शाहीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसीलबमोजिम गर्नु ।

## तपसील

माथि ठहर खण्डमा प्रतिवादीद्वय भन्सार एजेन्ट नं. १०३ को एभरेष्ट डि कार्गो प्रा.लि. एवं सो प्रा.लि.का कर्मचारी प्रतिनिधि दिनेशराज पोखरेललाई अभियोग दावी बमोजिम सजाय गर्ने गरी भएको सुरु त्रिभूवन विमानस्थल भन्सार कार्यालय, गौचरनको मिति २०७३/१२/११को निर्णय त्रुटिपूर्ण देखिदा उल्टी भई निजहरुले अभियोग दावीबाट सफाई पाउने ठहरेकोले सुरु निर्णयको तपसील खण्डको प्रकरण २(दुई) बदर गरी सो खण्डमा उल्लिखित पुनरावेदकले राखेको नगद धरौटी रकम रु.१२,६७,१६२/- कानूनबमोजिम म्याद भित्र फिर्ता माग गर्न आए नियमानुसार फिर्ता दिनु भनी सुरु त्रिभूवन विमानस्थल भन्सार कार्यालय, गौचरनमा लेखी पठाइदिनु ।.........................१

प्रस्तुत मुद्दा फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु।........................................................................२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू ।..........................................................................३

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।.....................४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
टिपोट गर्नेः शा.अ. श्री रबि न्यौपाने
इति सम्वत् २०७५ साल असोज महिना १४ गते रोज १ शुभम् ............................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**फैसला**

**२०७४ सालको मुद्दा नं. ०७४-RB- ०१४०(९७-०७४-००१४०)**

**निर्णय नं. २२**

रुपन्देही जिल्ला सौफर्साटिकर गा.वि.स. वडा नं. ८ मा अवस्थित र का. जि.का.म.न.पा. वडा नं. २ गैरीधारा काठमाण्डौमा केन्द्रिय कार्यालय रहेको टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त व्यक्ति वर्ष ४९ को रामेश्वर पोखेल ..................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार विभाग त्रिपुरेश्वर ...................................................................१

प्रमुख भन्सार अधिकृत, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ.....१ } प्रत्यर्थी

त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ .............................१

**मुद्दाः–बढि भन्सार महसुल ः१६८३४ (छुट रकम दाखिला गर्ने बारे) ।**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : अधिवक्ताद्वय श्री सार्दुल थापा र श्री सपना सुवेदी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : श्री नगेन्द्र लम्साल

**अविलम्वित नजीरः ×**

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री ठगबहादुर महोत्राबाट पुनरावेदकले M.N.16834 Date: 09.04.2017 मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने भनी मिति २०७४/११/२५ को छुट रकम दाखिला गर्ने बारेको पत्र

उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेकोछः-

<u>मुद्दाको तथ्य :</u>

१. त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री ठगबहादुर महोत्राबाट पुनरावेदकले M.N.ज्ञटडघद्ध म्वतभर ण्ढाण्द्धाद्दण्ज्ञठ मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने मिति २०७४/११/२५ को छुट रकम दाखिला गर्ने बारेको पत्र प्राप्त भयो । उक्त पत्र प्राप्त भएपछि के कुन कारणले गर्दा थप रकम तिर्नलाई आदेश निर्णय गरेको हो सोको जानकारी पाउँ भनी प्रत्यर्थी भन्सार कार्यालयमा उपस्थित भई जानकारी माग्ने क्रममा प्राप्त नगरेकोले उक्त मिति २०७४/११/२५ को पत्रलाई पुनरावेदन म्याद मानी भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम ३५ दिनको म्यादमा अ.बं. ५९ बमोजिम थामी पुनरावेदन गरेका छौं भनी यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको देखियो ।

२. पुनरावेदक टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि.को तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. विपक्षी प्रमुख भन्सार अधिकृतज्यूले के कस्तो आधारमा उक्त मिति २०७४/११/२५ को निर्णय गर्नु भएको छ भन्ने उक्त निर्णयमा कतै खुल्दैन । उक्त निर्णयमा प्रतिवेदनको अनुसार भनी उल्लेख गरिएको भएतापनि सो को कुनै विवरण खुलाइएको छैन । विपक्षीले यसरी ठाडो रुपमा हामीसँग रु. ६१,३१,०४३/- बराबरको थप रकम बुझाउन पर्ने भनी भएको निर्णय त्रुटीपूर्ण रहेको,

ख. पुनरावेदकको हकअधिकार माथि हनन हुने गरी भएको उक्त निर्णय गर्दा हामीसँग कुनै पनि विवरणको माग गरिएन। न त कुनै स्पष्टिकरणको नै मौका समेत दिइयो । एकातिर निर्णय गर्दा हाम्रो स्वच्छ सुनुवाईको हक कुण्ठित गरिएको छ भन्दा पुनरावेदन गर्ने म्याद सकिन अवस्था सिर्जना हुँदा समेत सोसँग सम्बन्धित कुनै पनि मिसिल लगायतका प्रतिवेदनहरुको प्रतिलिपि उपलब्ध नगराउने विपक्षीबाट भए गरिएको कार्य गम्भीर रुपमा त्रुटिपूर्ण रहेको,

ग. हामीले आयात गरेको सामानहरुको वास्तविक विल अनुरुपको भन्सार भुक्तानी गरेका छौं। २०७३/१२/२७ मा पैठारी गरेको मालवस्तुको विपक्षी कार्यालयले विना कुनै आधार झन्डै एकवर्ष पश्चात मात्रै अझै सो मालवस्तुमा भाडा, विमा, भन्सार

महसुल, मु.अ. कर तथा जरिवाना गरी रु.६१,३१,०४३/- थप बुझाउनु पर्ने भनी भएको निर्णय त्रुटिपूर्ण रहेको,

घ. अतः त्रिभुवन भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृतज्यूबाट भएको मिति २०७४/११/२५ को निर्णय एकपक्षीय रुपमा गरिएको, स्वच्छ सुनुवाईको हकको विरुद्ध रहेको तथा हामी पुनरावेदकको प्राकृतिक न्यायको सिद्धान्त अनुरुपको हक माथि समेत आघात पुर्‍याउने गरी भएको हुँदा उक्त मिति २०७४/११/२५ को निर्णय त्रुटिपूर्ण हुँदा भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम बदर गरी हामीद्वारा विपक्षी कार्यालयमा दाखिला गरेको रु. ६१,३१,०४३/- पुनरावेदक कम्पनीलाई फिर्ता दिलाई पाउँ ।

३. त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाण्डौको च.नं. २०९४ मिति २०७५/०२/२० को पत्रसाथ सुरु सक्कल मिसिल प्राप्त भई पुनरावेदन मिसिल साथ रहेको एवं मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील कार्याललाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०३/२९ को आदेश ।

## ठहर

४. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक टाईगर ब्रुअरी इण्डष्ट्रिज प्रा.लि.का तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री सार्दुल थापा र श्री सपना सुवेदीले विपक्षी प्रमुख भन्सार अधिकृतज्यूले के कस्तो आधारमा उक्त मिति २०७४/११/२५ को निर्णय गर्नु भएको छ भन्ने उक्त निर्णयमा कतै खुल्दैन । उक्त निर्णयमा प्रतिवेदनको अनुसार भनी उल्लेख गरिएको भएतापनि प्रतिवेदनको कुनै विवरण खुलाइएको छैन । सुनुवाइको मौका नदिई मिसिल कागजातहरुको प्रतिलिपि उपलब्ध नगराई विपक्षीबाट भए गरिएको कार्य त्रुटिपूर्ण रहेको हुँदा उक्त निर्णय बदर गरी पुनरावेदकले विपक्षी कार्यालयमा दाखिला गरेको रु. ६१,३१,०४३/- फिर्ता दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

५. त्यसैगरी प्रत्यर्थी भन्सार विभाग त्रिपुरेश्वर समेतका तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले प्रत्यर्थी प्रमुख भन्सार प्रशासाकबाट अन्तिम निर्णय नभई थप निर्णय पछि गर्ने गरी प्रतिवेदनका आधारमा तत्काल असूल गर्न आदेश भई सो आदेश अनुरुप जारी पत्रलाई आधार बनाई प्रस्तुत पुनरावेदनपत्र पर्न आएको देखिँदा कानून विपरीतको पुनरावेदनपत्र खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो।

६. यसमा निर्णय तर्फ बिचार गर्दा पुनरावेदक इण्डष्ट्रिजका तर्फबाट त्रिभुवन विमानस्थल

भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट पुनरावेदकले M.N.ज्ञटडघद्ध म्बतभर ण्ढाण्द्धाद्दण्ज्ञठ मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने मिति २०७४/११/२५ को छुट रकम दाखिला गर्ने बारेको पत्रमा चित्त नबुझाई भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको भनी उल्लेख भएको देखिन्छ ।

७. त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट प्राप्त शुरु मिसिल हर्दा LUPEX GMBH HOPFENHANDEL UND, EXPORT-INPORT, MAINBURGER STR.19-84072 AU I.D. HALLERTAU, GERMANY को प्राप्त TIGERS BRESERIES IND. P. LTD. लाई बिक्री गरेको मूल्य 121110.00 EUR, को INVOICE NO. 16-81342 DATED 21.03.2017, AWB NO. 217-1367 6876 को विल विजक समेत कागजात सो विक्रेता कम्पनीबाट प्राप्त भएको सम्बन्धमा सो मालवस्तु सो टाइगर्स ब्रुअरी इण्डष्ट्रिज प्रा.ली. (एक्जिम कोड नं. ३०५६६०४९९०११७NP) रुपन्देहीले यस भन्सार कार्यालयको प्रज्ञापनपत्र नं. M 16834 DATE 09/04/2017 मिति २०७३/१२/२७ बाट जाँचपास गराई छुटाई लगेको प्रज्ञापनपत्र साथ संलग्न राखेको सोही बिक्रेताको INVOICE NO. 16-81342 DATED 21.03.2017, VALUE 31068$ र INVOICE NO 16-81342A DATED 21.03.2017, VALUE 18707$ को विजकहरु, AWB NO 217-1367 6876 र नेपाल बंगलादेश बैंक लि. को टि.टि. नं. 20022017 TT DT 23/02/2017(USD 31068/-) र सोहि बैंकको टि.टि. नं. 20022017 TT-2 DT 23/02/2017 (USD 18707/-) संलग्न राखी ज्यादै न्यून मूल्यको कागजात बनाई मालवस्तु जाँचपास गराई लगेको देखिने अवस्था रहेको, नक्कली कागजात खडा गरी भन्सार छली गरेको तथा भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४ को वर्खिलाप छलकपट गरेको जस्तो देखिएकोले सो सम्बन्धमा कागजात, ब्यक्ति जो जे बुझ्नुपर्ने हो बुझी, सत्य तथ्य छानविन गरी असुल गराउनु पर्ने महसुल तथा गर्नुपर्ने थप कारवाहीका सम्बन्धमा गहन अध्ययन गरी राय सहितको प्रतिवेदन १५ दिनभित्र पेश गर्न प्र.भ.अ. श्री मानबहादुर पौडेल, भ.अ. श्री रमेश सुकमनी र ना.सु. श्री राजकुमार महत सहितको ३ सदस्यीय छानविन टोली मिति २०७४/१०/०७ को निर्णयानुसार गठन गरिएकोमा सो छानविन समितिको प्रतिवेदन त्रिभुवन विमानस्थल कार्यालयमा मिति २०७४/११/२१ मा दर्ता हुन आएको देखिन्छ।

८. प्रमुख भन्सार प्रशासकबाट श्री टाइगर्स ब्रुअरी इण्डष्ट्रिज प्रा.ली. रुपन्देहीले मूल्य EURO 1,21,110.00 भएको INVOICE 16-81342 DT 21.03.2017 मा उल्लेखित विवरण बमोजिमको मालसामानहरु छुटाई लगेको र सो प्रा.लि.ले मालवस्तु छुटाउदाको वखत जालसाजी गरी कम मूल्यको नक्कली विजकहरु पेश गरेको पुष्टी हुन्छ । मालवस्तुको

विवरण फरक पारी कम मूल्यको विजक बनाएर नक्कली विजक पेश गरेको कारणले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने राजस्व नोक्सानी परेको देखिँदा सो सम्बन्धमा सो स्थानको दुतावासबाट विजकहरु प्रमाणित भई आए बमोजिम पछि थप निर्णय आदेश गर्ने गरी भनी प्रतिवेदनमा उल्लेख भएअनुसार जम्मा जरिवाना रु.६१,३१,०४३/- दाखिला गर्न लेखी पठाउनु। सक्कल विजक प्रमाणित भै आएमा सोही बमोजिम अन्य थप कानूनी कारवाहीको लागि पेश गर्नु भनी मिति २०७४/११/२१मा आदेश भएको देखिन्छ ।

९. यी पुनरावेदकलाई मिति २०७४/११/२५ मा पुनरावेदकले M.N.ज्ञटडघद्ध म्बतभरु ण्ढाण्द्धाद्दण्ज्ञठ मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने भन्ने व्यहोराको प्राप्त प्रतिवेदन अनुसारको सो रकम तीन दिन भित्र दाखिला गर्नु हुन अनुरोध छ भनी पत्र प्रेषित गरिए बमोजिम सो पत्रमा उल्लेखित रकम दाखिल गरी सो पत्रलाई निर्णय मानी भन्सार ऐन, २०६४ को दफा ६२ को आधारमा पुनरावेदन दर्ता गरेको देखिन्छ । भन्सार ऐन, २०६४ को दफा ६२ अध्ययन गर्दा भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको देखिन्छ । पुनरावेदकलाई रु.६१,३१,०४३/- दाखिला गराउने गरी भएको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आदेश अन्तिम नभई सक्कल बीजक प्रमाणित भै आएमा सोही बमोजिम अन्य थप कानूनी कारवाहीको लागि पेश गर्नु भनी उल्लेख भएको पाइन्छ।यसरी मिसिल संलग्न कागजातहरुलाई हेर्दा प्रस्तुत पुनरावेदक कम्पनीको सम्बन्धमा विपक्षी त्रिभुवन विमानस्थल भन्सार कार्यालयले गरेको कार्यको प्रकृति पूर्णरुपमा टुंगिएको नभई अन्तरकालिन प्रकृतिको देखिन आयो । कानूनी प्रकृया थालनी भई नटुंगिएको विवादको सम्बन्धमा कुनै आदेश भएको अवस्थामा चित्त नबुझ्ने पक्षले फरक प्रकृतिको निवेदन लिई आउन सक्ने कानूनी उपचारको बाटो हुँदाहुँदै पुनरावेदनको रोहबाट हेरी प्रस्तुत विवादलाई निराकरण गर्न कानूनसंगत देखिन आएन । यद्यपी पुनरावेदन जिकिर उक्त आदेश बदर गर्न नभई मिति २०७४/११/२५ को पत्र बदर गरी पाउँ भन्ने देखिन्छ । यसरी मिति २०७४/११/२१ को आदेश भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम पुनरावेदन लाग्न सक्ने अन्तिम प्रकृतिको देखिन नआई अन्तरकालिन आदेशसम्म भएको हुँदा उक्त निकायबाट अन्तिम निर्णय भएपछि कानूनबमोजिम पुनरावेदकको पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहने नै हुँदा हाल निर्णय परिपक्व नभई दायर हुन आएको पुनरावेदकको

पुनरावेदनपत्र बमोजिम ईन्साफ गर्ने अवस्थाको विद्यमानता देखिन आएन ।

१०. अत: माथि विवेचित आधार र कारणबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७४/११/२१ मा पुनरावेदक कम्पनीबाट रकम असूल गर्नू भनी पछि निर्णय गर्ने गरी आदेशसम्म भएको अवस्थामा नै पुनरावेदन दायर हुन आएको देखिँदा प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ । अरुमा तपसीलबमोजिम गर्नू ।

<u>तपसील</u>

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना विशेष सरकारी वकिलको कार्यालय, काठमाण्डौलाई दिनु ...........................................................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...............................................................................................................२

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

टिपोट गर्नेः - **शा.अ.** श्री रवि न्यौपाने

इति सम्वत् २०७५ साल असोज महिना १५ गते रोज २ शुभम् ............................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**फैसला**

**२०७४ सालको मुद्दा नं. ०७४-RB- ०१४०(९७-०७४-००१४०)**

**निर्णय नं. २२**

| | |
|---|---|
| रुपन्देही जिल्ला सौफर्साटिकर गा.वि.स. वडा नं. ८ मा अवस्थित र का. जि.का.म.न.पा. वडा नं. २ गैरीधारा काठमाण्डौमा केन्द्रिय कार्यालय रहेको टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त व्यक्ति वर्ष ४९ को रामेश्वर पोखेल ..................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| भन्सार विभाग त्रिपुरेश्वर ....................................................................१<br>प्रमुख भन्सार अधिकृत, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ.....१<br>त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ .............................१ | प्रत्यर्थी |

**मुद्दाः– बढि भन्सार महसुल :१६८३४ (छुट रकम दाखिला गर्ने बारे) ।**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : अधिवक्ताद्वय श्री सार्दुल थापा र श्री सपना सुवेदी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : श्री नगेन्द्र लम्साल

**अविलम्वित नजीरः ×**

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री ठगबहादुर महोत्राबाट पुनरावेदकले M.N.16834 Date: 09.04.2017 मिति २०७३/१२/२७ मा पैठारी भएको

मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने भनी मिति २०७४/११/२५ को छुट रकम दाखिला गर्ने बारेको पत्र उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेकोछः-

## मुद्दाको तथ्य :

१. त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री ठगबहादुर महोत्राबाट पुनरावेदकले M.N.16834 Date: 09.04.2017 मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने मिति २०७४/११/२५ को छुट रकम दाखिला गर्ने बारेको पत्र प्राप्त भयो । उक्त पत्र प्राप्त भएपछि के कुन कारणले गर्दा थप रकम तिर्नलाई आदेश निर्णय गरेको हो सोको जानकारी पाउँ भनी प्रत्यर्थी भन्सार कार्यालयमा उपस्थित भई जानकारी माग्ने क्रममा प्राप्त नगरेकोले उक्त मिति २०७४/११/२५ को पत्रलाई पुनरावेदन म्याद मानी भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम ३५ दिनको म्यादमा अ.बं. ५९ बमोजिम थामी पुनरावेदन गरेका छौं भनी यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको देखियो ।

२. पुनरावेदक टाईगर ब्रुअरी इन्डष्ट्रिज प्रा.लि.को तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. विपक्षी प्रमुख भन्सार अधिकृतज्यूले के कस्तो आधारमा उक्त मिति २०७४/११/२५ को निर्णय गर्नु भएको छ भन्ने उक्त निर्णयमा कतै खुल्दैन । उक्त निर्णयमा प्रतिवेदनको अनुसार भनी उल्लेख गरिएको भएतापनि सो को कुनै विवरण खुलाइएको छैन । विपक्षीले यसरी ठाडो रुपमा हामीसँग रु. ६१,३१,०४३/- बराबरको थप रकम बुझाउन पर्ने भनी भएको निर्णय त्रुटीपूर्ण रहेको,

ख. पुनरावेदकको हकअधिकार माथि हनन हुने गरी भएको उक्त निर्णय गर्दा हामीसँग कुनै पनि विवरणको माग गरिएन। न त कुनै स्पष्टिकरणको नै मौका समेत दिइयो। एकातिर निर्णय गर्दा हाम्रो स्वच्छ सुनुवाईको हक कुण्ठित गरिएको छ भन्दा पुनरावेदन गर्ने म्याद सकिन अवस्था सिर्जना हुँदा समेत सोसँग सम्बन्धित कुनै पनि मिसिल लगायतका प्रतिवेदनहरुको प्रतिलिपि उपलब्ध नगराउने विपक्षीबाट भए गरिएको कार्य गम्भीर रुपमा त्रुटिपूर्ण रहेको,

ग. हामीले आयात गरेको सामानहरुको वास्तविक विल अनुरुपको भन्सार भुक्तानी

गरेका छौं। २०७३/१२/२७ मा पैठारी गरेको मालवस्तुको विपक्षी कार्यालयले विना कुनै आधार झन्डै एकवर्ष पश्चात मात्रै अझै सो मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु.अ. कर तथा जरिवाना गरी रु.६१,३१,०४३/- थप बुझाउनु पर्ने भनी भएको निर्णय त्रुटिपूर्ण रहेको,

घ. अतः त्रिभुवन भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृतज्यूबाट भएको मिति २०७४/११/२५ को निर्णय एकपक्षीय रुपमा गरिएको, स्वच्छ सुनुवाईको हकको विरुद्ध रहेको तथा हामी पुनरावेदकको प्राकृतिक न्यायको सिद्धान्त अनुरुपको हक माथि समेत आघात पुर्‍याउने गरी भएको हुँदा उक्त मिति २०७४/११/२५ को निर्णय त्रुटिपूर्ण हुँदा भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम बदर गरी हामीद्वारा विपक्षी कार्यालयमा दाखिला गरेको रु. ६१,३१,०४३/- पुनरावेदक कम्पनीलाई फिर्ता दिलाई पाउँ ।

३. त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाण्डौको च.नं. २०९४ मिति २०७५/०२/२० को पत्रसाथ सुरु सक्कल मिसिल प्राप्त भई पुनरावेदन मिसिल साथ रहेको एवं मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०३/२९ को आदेश ।

## ठहर

४. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक टाईगर ब्रुअरी इण्डष्ट्रिज प्रा.लि.का तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री सार्दुल थापा र श्री सपना सुवेदीले विपक्षी प्रमुख भन्सार अधिकृतज्यूले के कस्तो आधारमा उक्त मिति २०७४/११/२५ को निर्णय गर्नु भएको छ भन्ने उक्त निर्णयमा कतै खुल्दैन । उक्त निर्णयमा प्रतिवेदनको अनुसार भनी उल्लेख गरिएको भएतापनि प्रतिवेदनको कुनै विवरण खुलाइएको छैन । सुनुवाइको मौका नदिई मिसिल कागजातहरुको प्रतिलिपि उपलब्ध नगराई विपक्षीबाट भए गरिएको कार्य त्रुटिपूर्ण रहेको हुँदा उक्त निर्णय बदर गरी पुनरावेदकले विपक्षी कार्यालयमा दाखिला गरेको रु. ६१,३१,०४३/- फिर्ता दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

५. त्यसैगरी प्रत्यर्थी भन्सार विभाग त्रिपुरेश्‍वर समेतका तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले प्रत्यर्थी प्रमुख भन्सार प्रशासाकबाट अन्तिम निर्णय नभई थप निर्णय पछि गर्ने गरी प्रतिवेदनका आधारमा तत्काल असूल गर्न आदेश भई सो आदेश अनुरुप जारी पत्रलाई

आधार बनाई प्रस्तुत पुनरावेदनपत्र पर्न आएको देखिँदा कानून विपरीतको पुनरावेदनपत्र खारेज हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो।

६. यसमा निर्णय तर्फ बिचार गर्दा पुनरावेदक इण्डष्ट्रिजका तर्फबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट पुनरावेदकले M.N.16834 Date: 09.04.2017 मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने मिति २०७४/११/२५ को छुट रकम दाखिला गर्ने बारेको पत्रमा चित्त नबुझाई भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको भनी उल्लेख भएको देखिन्छ ।

७. त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट प्राप्त शुरु मिसिल हर्दा LUPEX GMBH HOPFENHANDEL UND, EXPORT-INPORT, MAINBURGER STR.19-84072 AU I.D. HALLERTAU, GERMANY को प्राप्त TIGERS BRESERIES IND. P. LTD. लाई बिक्री गरेको मूल्य 121110.00 EUR, को INVOICE NO. 16-81342 DATED 21.03.2017, AWB NO. 217-1367 6876 को विल विजक समेत कागजात सो विक्रेता कम्पनीबाट प्राप्त भएको सम्बन्धमा सो मालवस्तु सो टाइगर्स ब्रुअरी इण्डष्ट्रिज प्रा.ली. (एक्जिम कोड नं. ३०५६६०४९९०११७NP) रुपन्देहीले यस भन्सार कार्यालयको प्रज्ञापनपत्र नं. M 16834 DATE 09/04/2017 मिति २०७३/१२/२७ बाट जाँचपास गराई छुटाई लगेको प्रज्ञापनपत्र साथ संलग्न राखेको सोही बिक्रेताको INVOICE NO. 16-81342 DATED 21.03.2017, VALUE 31068$ र INVOICE NO 16-81342A DATED 21.03.2017, VALUE 18707$ को विजकहरु, AWB NO 217-1367 6876 र नेपाल बंगलादेश बैंक लि. को टि.टि. नं. 20022017 TT DT 23/02/2017(USD 31068/-) र सोहि बैंकको टि.टि. नं. 20022017 TT-2 DT 23/02/2017 (USD 18707/-) संलग्न राखी ज्यादै न्यून मूल्यको कागजात बनाई मालवस्तु जाँचपास गराई लगेको देखिने अवस्था रहेको, नक्कली कागजात खडा गरी भन्सार छली गरेको तथा भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४ को वर्खिलाप छलकपट गरेको जस्तो देखिएकोले सो सम्बन्धमा कागजात, ब्यक्ति जो जे बुझ्नुपर्ने हो बुझी, सत्य तथ्य छानविन गरी असुल गराउनु पर्ने महसुल तथा गर्नुपर्ने थप कारवाहीका सम्बन्धमा गहन अध्ययन गरी राय सहितको प्रतिवेदन १५ दिनभित्र पेश गर्न प्र.भ.अ. श्री मानबहादुर पौडेल, भ.अ. श्री रमेश सुकमनी र ना.सु. श्री राजकुमार महत सहितको ३ सदस्यीय छानविन टोली मिति २०७४/१०/०७ को निर्णयानुसार गठन गरिएकोमा सो छानविन समितिको प्रतिवेदन त्रिभुवन विमानस्थल कार्यालयमा मिति २०७४/११/२१ मा दर्ता हुन आएको देखिन्छ।

८. प्रमुख भन्सार प्रशासकबाट श्री टाइगर्स ब्रुअरी इण्डष्ट्रिज प्रा.ली. रुपन्देहीले मूल्य EURO

1,21,110.00 भएको INVOICE 16-81342 DT 21.03.2017 मा उल्लेखित विवरण बमोजिमको मालसामानहरु छुटाई लगेको र सो प्रा.लि.ले मालवस्तु छुटाउदाको वखत जालसाजी गरी कम मूल्यको नक्कली विजकहरु पेश गरेको पुष्टी हुन्छ । मालवस्तुको विवरण फरक पारी कम मूल्यको विजक बनाएर नक्कली विजक पेश गरेको कारणले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने राजस्व नोक्सानी परेको देखिँदा सो सम्बन्धमा सो स्थानको दुतावासबाट विजकहरु प्रमाणित भई आए बमोजिम पछि थप निर्णय आदेश गर्ने गरी भनी प्रतिवेदनमा उल्लेख भएअनुसार जम्मा जरिवाना रु.६१,३१,०४३/- दाखिला गर्न लेखी पठाउनु। सक्कल विजक प्रमाणित भै आएमा सोही बमोजिम अन्य थप कानूनी कारवाहीको लागि पेश गर्नु भनी मिति २०७४/११/२१मा आदेश भएको देखिन्छ ।

९. यी पुनरावेदकलाई मिति २०७४/११/२५ मा पुनरावेदकले M.N.ज्ञटडघद्ध म्बतभक ण्ढाण्द्धाद्दण्ज्ञठ मिति २०७३/१२/२७ मा पैठारी भएको मालवस्तुमा भाडा, विमा, भन्सार महसुल, मु. अ. कर तथा जरिवाना समेत गरी रु.६१,३१,०४३/- थप रकम बुझाउनु पर्ने भन्ने व्यहोराको प्राप्त प्रतिवेदन अनुसारको सो रकम तीन दिन भित्र दाखिला गर्नु हुन अनुरोध छ भनी पत्र प्रेषित गरिए बमोजिम सो पत्रमा उल्लेखित रकम दाखिल गरी सो पत्रलाई निर्णय मानी भन्सार ऐन, २०६४ को दफा ६२ को आधारमा पुनरावेदन दर्ता गरेको देखिन्छ । भन्सार ऐन, २०६४ को दफा ६२ अध्ययन गर्दा भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको देखिन्छ । पुनरावेदकलाई रु.६१,३१,०४३/- दाखिला गराउने गरी भएको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आदेश अन्तिम नभई सक्कल बीजक प्रमाणित भै आएमा सोही बमोजिम अन्य थप कानूनी कारवाहीको लागि पेश गर्नु भनी उल्लेख भएको पाइन्छ।यसरी मिसिल संलग्न कागजातहरुलाई हेर्दा प्रस्तुत पुनरावेदक कम्पनीको सम्बन्धमा विपक्षी त्रिभुवन विमानस्थल भन्सार कार्यालयले गरेको कार्यको प्रकृति पूर्णरुपमा टुंगिएको नभई अन्तरकालिन प्रकृतिको देखिन आयो । कानूनी प्रकृया थालनी भई नटुंगिएको विवादको सम्बन्धमा कुनै आदेश भएको अवस्थामा चित्त नबुझ्ने पक्षले फरक प्रकृतिको निवेदन लिई आउन सक्ने कानूनी उपचारको बाटो हुँदाहुँदै पुनरावेदनको रोहबाट हेरी प्रस्तुत विवादलाई निराकरण गर्न कानूनसंगत देखिन आएन । यद्यपी पुनरावेदन जिकिर उक्त आदेश बदर गर्न नभई मिति २०७४/११/२५ को पत्र बदर गरी पाउँ भन्ने देखिन्छ । यसरी मिति २०७४/११/२१ को आदेश भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम पुनरावेदन

लाग्न सक्ने अन्तिम प्रकृतिको देखिन नआई अन्तरकालिन आदेशसम्म भएको हुँदा उक्त निकायबाट अन्तिम निर्णय भएपछि कानूनबमोजिम पुनरावेदकको पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहने नै हुँदा हाल निर्णय परिपक्व नभई दायर हुन आएको पुनरावेदकको पुनरावेदनपत्र बमोजिम ईन्साफ गर्ने अवस्थाको विद्यमानता देखिन आएन ।

१०. अत: माथि विवेचित आधार र कारणबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७४/११/२१ मा पुनरावेदक कम्पनीबाट रकम असूल गर्नू भनी पछि निर्णय गर्ने गरी आदेशसम्म भएको अवस्थामा नै पुनरावेदन दायर हुन आएको देखिंदा प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ ।अरुमा तपसीलबमोजिम गर्नू ।

## तपसील

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना विशेष सरकारी वकिलको कार्यालय, काठमाण्डौलाई दिनु ..........................................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू........................................................................२

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः - **शा.अ.** श्री रवि न्यौपाने

इति सम्वत् २०७५ साल असोज महिना १५ गते रोज २ शुभम् ..........................

श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरगाईं**

## फैसाल

२०७७/०७८ सालको निर्णय नं. २४

पुनरावेदन नं. : ०७७- ७

**ठहर खण्ड**

१. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी नाजिर अन्सारीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री गोविन्द भट्टराईले यी प्रतिवादी नासिर अन्सारी साडीमा बुट्टा भरेर काम गर्ने व्यक्ति हो ।बुट्टा भरेर सामान्य गुजारा चलाउदै बस्ने मानिस जसको सुन किन्ने हैसियत समेत छैन । मोफुज अन्सारी यी प्रतिवादीको गाउँमा शिक्षक पेशा गरी बस्दा चिनजानसम्म भएको निज पछि विदेश कतार गएका र कतारबाट फर्की आउँदा विमानस्थलमा लिन आउनु भनि त्रिभुवन विमानस्थलमा लिन गएको मात्रै हो।त्रिभुवन विमानस्थलको पार्किङमा मोफुज अन्सारी सहित निज नाजिर अन्सारीलाई पक्राउ गरि लगेको अवस्था छ। जो व्यक्ति विदेश कतारबाट आएको छ,जसबाट एक थान सुनको वाला ४९.९ ग्राम बरामद गरेको सो सुनको एक थान वाला मेरै हो समेत भनेको छ। एउटा व्यक्तिले ल्याएको सून निजलाई छुट हुने तर साधारण व्यक्तिलाई पार्किङ स्थलमा अनुसन्धानकर्ताले एक थान सुनको वाला तिम्रो हो भनि फसाएर ल्याउदै नल्याएको सुन बरामद भएको भनि सजाय गरेको कानून अनुरूप छैन । भन्सार कार्यालयभित्रै बरामद नभएको पार्किङ स्थलमा पर्खीबसेको मानिसलाई पक्राउ गरेको मिलेको छैन । भन्सार ऐन,२०६४ को दफा ५७ (१) बमोजिम कसूर नगरेको अवस्था हुदाँ कसुरदार कायम गर्ने गरि भएको शुरु कार्यालयको निर्णय बदर गरि निजले सफाई पाउनुपर्छ भन्ने समेत बहस सुनियो।

२. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद वास्ताकोटीले प्रतिवादीबाट बरामद भएको सुन निजकै हो।मिति२०७५/०६/०१ मा त्रिभुवन विमानस्थलमा यी प्रतिवादी नासिर अन्सारीले मोसुफ अन्सारीलाई लिन जाने क्रममा त्रिभुवन विमानस्थलको आगमन पार्किङ स्थलमा दुवै प्रतिवादीहरूबाट ९९.०८ ग्राम सुन बरामद भएको देखिन्छ । ५० ग्राम सम्म सुन ल्याउन सक्ने त्योभन्दा बढी सून निजले प्रज्ञापनपत्र समेत उल्लेख गर्नुपर्नेमा सो नगरेको देखिन्छ।बरामद भएको सुन निज प्रतिवादीले आफुबाट बरामद नभएको भन्ने प्रमाण समेत प्रस्तुत गरिएको पाइदैन।भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिम निजले कसुर गरेको देखिदाँ शूरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने जिकिर समेत सुनियो।

३. पुनरावेदक नाजिर अन्सारी साथी मोफुज अन्सारी विदेश कतारबाट फर्किने क्रममा मिति २०७५।०६।०१ गते निजलाई लिन त्रिभुवन विमानस्थल गएका, निज मोफुज अन्सारी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट सम्पूर्ण चेक जाँच गराई बाहिर पार्किङ्ग स्थलमा आई मसँग भेट भई डेरा तर्फ जाने क्रममा सिभिल ड्रेसका प्रहरी आई खानतलासी गरी मोफुज अन्सारीबाट १-थान सुनको बाला फेला पारी पुनः भन्सार कार्यालयमा लगि सोधपुछ गरि निजले ल्याएको सुन निजले पाउनु पर्ने सुविधा अनुसार ल्याएकाले भन्सार कार्यालयमा जवाफ दिएपछि पुनः मोफुज अन्सारी र म त्यहाँबाट मेरो डेरा तर्फ जाने क्रममा पुनः प्रहरीले पक्राउ गरी त्रिभुवन विमानस्थलका सुरक्षा निकायमा उपस्थित गराई मलाई समेत ४९.९ ग्रामको सुनको बाला प्रतिवादी मध्ये म नाजिर अन्सारीको हातमा थमाई यो पनि ल्याएको भनी भनेको उक्त सुन कसको हो? मलाई केही थाहा जानकारी समेत नभएकोमा प्रहरीबाट खानतलासी, बरामदी मुचुल्कामा उक्त सुन मेरै हो भनी सही सनाखत गराई सम्बन्धित भन्सार कार्यालयमा लगि बयान गराउँदा मैले अधिकार प्राप्त अधिकारी समक्ष उल्लेखित सुन मैले चोरी पैठारी गर्ने कार्य गरेको होइन। साधारण व्यक्ति भएको उक्त सुन किन्ने मेरो हैसियत पनि नरहेको भनि बयान गरेकोमा मेरो बयान र प्रतिवादी मोफुज अन्सारीको बयान र प्रमाण कागजलाई मूल्याङ्कन नै नगरी गरेको निर्णय त्रुटिपूर्ण छ। साथै मलाई ४९.९ ग्राम सुनको बाला सुन चोरी पैठारीमा आरोप लगाउँदा पनि उक्त सुनको मूल्य रु.२,४८,१०२।५० मात्र हुन्छ। भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिम माल दस्तुरको विगो बमोजिम जरिवाना हुनुपर्नेमा प्रतिवादी मोफुज अन्सारीबाट बरामदित सुन समेत गरी जम्मा ९९.०८ ग्राम सुनको मूल्य अनुसारको धरौटी रकम जम्मा रु.४,९६,२०५।— बराबर जरिवाना हुने गरी गरिएको निर्णय सरासर त्रुटिपूर्ण र विधायिका मनसाय विपरित भएको हुँदा उक्त

निर्णय बदर गरि न्याय इन्साफ पाउँ भन्ने समेत पुनरावेदक नाजिर अन्सारीका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०९।०६ मा परेको पुनरावेदन पत्र परेको देखिन्छ।

४. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकहरुको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

५. बरामदी मुचुल्का, प्रतिवेदन र प्रतिवादीको बयानमा कहीं कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएकोले बरामदित सुन प्रतिवादीहरु मध्ये नाजिर अन्सारीले विदेशबाट मगाई सुन संकलन गर्ने कार्य गरेकोले भन्सार ऐन,२०६४ को दफा ३८ बमोजिम निज प्रतिवादी नाजिर अन्सारीले चोरी पैठारी गरेको ठहर्छ। सो ठहर्नाले भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम निज प्रतिवादी नजिर अन्सारीबाट बरामद भएको ४९.९ ग्राम सुन जफत गरी, भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम प्रतिवादीबाट जफत भएको सुनको विगो मूल्य रु.४,९६,२०५।—बराबर जरिवाना हुने ठहर्छ भनी त्रिभुवन विमान स्थल भन्सार कार्यालयबाट मिति २०७६।०८।२७ मा निर्णय भएको पाइयो।

६. निर्णय तर्फ विचार गर्दा, मिति २०७५।०६।०१ गतेका दिन अं. ०९:३० बजेको समयमा सुराकको आधारमा त्रि.अ.वि.को अन्तराष्ट्रिय आगमन कार पार्किङ्ग एरियामा नेपाल एयरलायन्सको उडान नं. RA 240 द्वारा कतार बाट काठमाण्डौं आएका जि. महोत्तरी, सोनाम गा.पा. वडा नं. ८ स्थायी ठेगाना भएका नेपालको राहदानी नं. ०८४१९४७९ वाहक मोफुज अन्सारीले अबैध रुपमा भन्सार छली गरी सुन जस्तो देखिने पहेंलो रंगको धातुको वाला थान २ (९९.८ ग्राम) मूल्य रु.४,९६,२०५।—बराबरको धातुको बालाहरु ल्याई निजले जि.महोत्तरी सोनाम गा.पा. वडा नं. ७ स्थायी ठेगाना भएको नाजिर अन्सारीलाई दिंदै गरेको अवस्थामा फेला परेको हुँदा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका गोल्ड सिल्भर टेष्टरबाट समेत परिक्षण गराउँदा उक्त बस्तु बहुमुल्य धातु सुन नै भएको भनी प्रमाणित भएकोले भन्सार ऐन,२०६४ बमोजिम कारवाही गरि सुन चोरी पैठारीमा सजाय गरी पाउँ भन्ने प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ ।

७. मिति २०७५/०६/०१ गते अ.९:३० बजेको समयमा कतारबाट काठमाडौ आउदै गरेको चिनजानका मोफुज अन्सारीलाई लिनको लागि त्रिभुवन विमानस्थलको पार्किङ एरियामा गई मैले निजलाई लिएर आफ्नो कोठामा जाने क्रममा प्रहरीले मोफुजसंग रहेको वालामा शंका गरि मेरै भनि मोफुज सहित मलाई समेत पक्राउ गरि लगेकोमा

एक थान सुनको वाला उसले मेरो हो भनि अर्को वाला कसको हो थाहा नभएको, नेपाली नागरिकले काँचो सुन १०० ग्राम भन्दा बढी र गहना ५० ग्राम भन्दा बढी ल्याउन पाइदै भनेर मसंगबाट बरामद गरेको र दुई थान वाला कहाँबाट ल्यायो मलाई थाहा छैन भनि अबैध रुपमा सुन संकलन गरेको भनि उपस्थित गराएको भनि प्रतिवादी नाजिर अन्सारी र मोफुज अन्सारीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको पाइयो।

८. प्रस्तुत मुद्दाको समग्र अध्ययन तथा विश्लेषणबाट यी पुनरावेदक प्रतिवादी नाजिर अन्सारीको गाउँठाउँमा शिक्षण पेश गरी बस्दाका बखत चिनजान भएका अर्का प्रतिवादी मोफुज अन्सारी मिति २०७५।६।१ गते कतारबाट काठमाडौं आउने क्रममा आफूसँग भए ल्याएका कुनै सामानहरुको भन्सार घोषणा नगरी भन्सार चेकजाँच पार गरेर पार्किङ्ग स्थलमा आइपुगेपछि सुनको वाला १ थान यी पुनरावेदक प्रतिवादी नाजिर अन्सारीलाई दिंदै गर्दा पक्राउ परेको भन्ने देखिन्छ । विदेश कतारबाट RA २४० नं. को उडानबाट आएका भनिएका प्रतिवादी मोफुज अन्सारीले ल्याएको भनिएको २ थान सुनको वाला (९९.८ ग्राम) मध्ये १ थान सुनको वाला (४९.९ ग्राम) निजले पैठारी गर्न पाउने सिमाभित्रको रहेको भनि चोरी पैठारी गरेको नठहर्ने भई उक्त सुन निजलाई फिर्ता दिई अभियोग दावीबाट सफाई समेत हुने गरी फैसला भएको देखिन्छ। उक्त फैसला उपर बादी पक्षबाट पुनरावेदन परेको भन्ने पनि देखिदैन ।

९. यी पुनरावेदक प्रतिवादी विदेशबाट आएको भन्ने मिसिलबाट देखिदैन । निज प्रतिवादीको चिनजान रहेका विदेश कतारबाट आएका भनिएका सह–प्रतिवादी मोफुज अन्सारीलाई लिनको लागि विमानस्थलको पार्किङ्गस्थल सम्म गएको देखिन्छ । बरामदी मुचुल्काबाट विदेशबाट आएका प्रतिवादी मोफुज अन्सारीले ल्याएको सुनको वाला मध्ये एक थान वाला यी प्रतिवादी नाजिर अन्सारीलाई दिंदैगर्दा बरामद भएको भनिएपनि उक्त सुन विदेशबाट अवैध रुपमा पैठारी गरी भन्सार/अध्यागमनमा हुने जाँच परीक्षण समेत पार गर्न गराउनमा यी प्रतिवादीको के भूमिका थियो भन्ने बस्तु निष्ठ प्रमाण केही बादीबाट प्रस्तुत हुन सकेको देखिदैन । विदेशबाट २ थान सुनका वाला पैठारी गरी ल्याउने भनिएका अर्का प्रतिवादी मोफुज अन्सारीलाई सो मध्ये १ थान वाला पैठारी गर्ने सिमा भित्रको भनि निजलाई फिर्ता दिई अभियोग दावीबाट सफाई समेत दिएको अवस्थामा बाँकी १ थान वालाको हकमा नेपालमै रहे बसेका विदेशबाट पनि नआएका र भन्सार/अध्यागमन चेक जाँच क्षेत्रमा प्रवेश नै नगरी पार्किङ्ग एरियामा प्रतिक्षा गरी बसेका मानिसले सुन चोरी पैठारी गरी ल्याएको र निजबाट बरामद भएको भन्ने तथ्य नै वास्तवमा सन्देह स्पद देखिन्छ । यदि निज प्रतिवादीबाट सुनको वाला बरामद भएकै मानेको अवस्थामा पनि उक्त सामानको श्रोत के कसो हो भनी छानविन अनुसन्धान गरी

कानूनी वा गैरकानूनी स्रोतबाट प्राप्त भएको हो होइन भन्ने विषयमा निष्कर्ष निकाली यदि गैरकानूनी श्रोतबाट प्राप्त भएको देखिएमा त्यस्तो विषयलाई संबोधन गर्ने कानून अनुसार निजलाई कारवाही गर्न सकिने अवस्था रहन्थ्यो तर त्यसो नगरी भन्सार ऐन, २०६४ को दफा ५७(१) अनुसार भन्सार नाकाबाट चोरी पैठारी गरेको भनि लगाएको अभियोग उक्त कानून अनुसार पनि मिल्ने देखिएन।

१०. यसरी हेर्दा प्रतिवादी नाजिर अन्सारीले १ थान सुनको वाला (४९.८ ग्राम) चोरी पैठारी गरेको भन्ने अभियोग दावी रहेपनि निजैले चोरी पैठारी गरेको भन्ने तथ्य स्थापित नभएको, आफूले सुन चोरी पैठारी नगरेको भनी प्रतिवादीले इन्कारी बयान गरेको र विदेश कतारबाट सुन पैठारी गरी ल्याउने भनिएको सह–प्रतिवादी मोफुज अन्सारीले समेत आफूले १ थान सुनको वाला (४९.८ ग्राम) मात्र आफूले लिई आएको अर्को बालाका हकमा आफूलाई थाहा नभएको र यस कार्यमा सह–प्रतिवादी नाजिर अन्सारीको कुनै संलग्नता छैन भनी निजलाई सफाइ दिएको स्थितिमा यी पुनरावेदक प्रतिवादीबाट ४९.८ ग्राम सुन जफत हुने र जफत भएको सुनको विगो भनि रु. ४,९६,२०५।– जरिवाना हुने समेत ठहर्‍याएको शुरु फैसला कानून र न्याय सम्मत देखिन आएन।

११. प्रतिवादी नाजिर अन्सारी सुनको वाला पैठारी गरेमा इन्कार रहेका, अर्का सह–प्रतिवादी मोफुज अन्सारीले समेत उक्त सुनको वाला थान १ (४९.८ ग्राम) आफ्नो होइन भनिरहेका तर विमानस्थल पार्किङस्थलबाट १ थान सुनको वाला (४९.८ ग्राम) बरामद भएको भन्ने देखिएको स्थितिमा उक्त माल बस्तुको धनि यो हो भनी खुल्न नआएको अवस्था हुँदा भन्सार ऐन, २०६४ को दफा ४४ अनुसार उक्त बस्तु कब्जामा लिन पर्ने र ऐ. दफा ४७(१) बमोजिम उक्त माल बस्तु नेपाल सरकारको हुने भएकोले सो बमोजिम नेपाल सरकारको ढुकुटीमा दाखिल गर्नुपर्ने देखियो।

१२. तसर्थ यी पुनरावेदक नाजिर अन्सारीको हातबाट सूनको वाला एक थान बरामद भएको भन्ने समेत बरामदी मुचुल्का व्यहोरा देखिएपनि प्रतिवादीले बयान गर्दा उक्त व्यहोरा इन्कार गरेका,विदेश कतारबाट सुन पैठारी गरि ल्याउने भनिएका सह प्रतिवादीले बयान गर्दा पनि आफुबाट एक थान सुनको वाला बरामद भएको व्यहोरा सम्म स्वीकार गरि यी प्रतिवादी समेतलाई कुनै पोल नगरेको, निजबाट बरामद भएको एक थान सुनको वालाको हकमा कानून बमोजिम पैठारी गर्न पाउने सिमाभित्रको भई निजलाई दिई बुझाई अभियोग दावीबाट समेत सफाई दिएको सन्दर्भमा वस्तुनिष्ठ ठोस प्रमाण विना यी पुनरावेदक प्रतिवादी नाजिर अन्सारीलाई कसुरदार ठहर गर्न कानुन एंव न्यायका रोहमा मिल्ने नदेखिदाँ शूरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/०८/२७ मा भएको फैसला उल्टी भई प्रतिवादी नाजिर अन्सारीले सफाई पाउने ठहर्छ। साथै यो

यसको भनि एकिन हुन नआएको सुनको वाला थान एक(४९.९ ग्राम) का हकमा भन्सार ऐन,२०६४ को दफा ४४ बमोजिम जफत समेत हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी नाजिर अन्सारीलाई जनही रु. ४,९६,२०५।–जरिवाना गर्ने गरी भएको शुरु निर्णय सो हदसम्म केही उल्टी भै निजले कसूरबाट सफाइ पाउने ठहरी फैसला भएकोले मुद्दा पुर्पक्षको सिलसिलामा निज प्रतिवादीले दाखिला गरेको धरौटी रु. ४,९६,२०५।– निजलाई फिर्ता दिनु भनी शुरू भन्सार कार्यालयमा लेखी पठाइदिनु..........१

बरामद भएको सुनको वाला थान एक (४९.९ ग्राम ) भन्सार ऐन,२०६४ को दफा ४४ तथा दफा ४७ बमोजिम कब्जामा लिई नेपाल सरकारको ढुकुटीमा दाखेल गर्नु भनि सम्बन्धित कार्यालयमा लेखि पठाइदिनु......................................२

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु..................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू......................................४

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजश्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री सनिता लामा

टिपोट गर्ने डिठ्ठा श्री मनोज फुयाँल

फाँट क

इतिसम्बत २०७७ साल मंसिर १६ गते रोज ३ शुभम.........................

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७६।०७७ सालको निर्णय नं. २९**
**पुनरावेदन नं. ९७–०७५-RB-०२७९**

**मुद्दाः बढी भन्सार महसुल माग ।**

| | |
|---|---|
| जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. ३४ स्थित मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि. को तर्फबाट ऐ. कम्पनीको अधिकार प्राप्त एम.डि. श्रीराम अधिकारी....१ | पुनरावेदक |
| **विरुद्ध** | |
| भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौं............. १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री नारायण नेपाल
प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, काठमाडौं
निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार परीक्षण प्रशासक श्री किशोर जोशी
मितिः – २०७५/१०/२९

भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौंबाट भएको मिति २०७५।१०।२९ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र राजश्व न्यायाधिकरण

ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईका लागी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१. भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौंको कार्यक्षेत्र अन्तरगतका पैठारीकर्ता श्री MANSIRI TRADING ENTERPRISES ले भैरहवा भन्सार कार्यालयबाट प्रज्ञापन पत्र नं. विभिन्न मिति (सन्) २०१६।१२।२८ देखि २०१७।०६।२८ सम्म पैठारी गरेका Applo Carmix Self Loading Mobile Concrete Mixture Model 25FX र 4TT को भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुदाँ उक्त पैठारीसंग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनि भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौंबाट च.नं. ७३९ मिति २०७४।१०।०२ को पत्रमार्फत पत्राचार गरिएको देखिन्छ ।

२. उक्त प्रज्ञापन पत्रहरुवाट पैठारी भएका मालवस्तुहरुको लागि यस कार्यालयबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत पैठारीकर्ताले दरवन्दी फरक पारी घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (३) बमोजिम थप महशुल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (६) बमोजिम पैठारीकर्तालाई मिति २०७५।१०।१३ मा विस्तृत व्यहोरा खलाई लिखित सूचना पठाइएकोमा उक्त पत्र को जवाफ मिति २०७५।१०।२७ मा पश गरेको देखिन्छ ।

३. पैठारीकर्ताले लिखित जवाफमा उत्पादक कम्पनी Carmix Italy ले सामान निकासी गर्दा भन्सार उपशीर्षक ८४७४३१०० प्रयोग गरेको, SAFTA ले पनि सोही भन्सार उपशीर्षकबाट सामानको वर्गिकरण गरेको र भन्सार विभागको च.न. १०४७ मिति २०७४।०५।१४ को पत्रानुसार सोही प्रकारका मालवस्तुको वर्गिकरण भन्सार उपशीर्षक ८७०५४००० बाट गर्ने निर्णय भएकोले निर्णय मिति भन्दा अगाडि पैठारी भएका यस्ता सामानको नयाँ भन्सार दर लगाई बेरुजु कायम गरिएको निर्णय उपर सामान पैठारी भएको भैरहवा भन्सार र भन्सार विभागमा छानविनको लागी निवेदन प्रकृया अगाडि बढाएको तथा ताहाँबाट निर्णय नआएकाले महशुल निर्धारण अगाडि नबढाउन अनुरोध गर्दछौं भन्ने समेत व्यहोराको जवाफ पेश गरेको देखिन्छ ।

४. जाँचपासको लागी प्रज्ञापन पत्र मार्फत मालसामानको घोषणा गर्दा मालधनी आफैंले सो मालवस्तुको सही भन्सार उपशीर्षक यकिन गरि स्वंय घोषणा प्रणाली (Self Decleration Method) मार्फत भन्सारमा पेश गर्नुपर्नेमा पैठारीकर्ताले भन्सार उपशीर्षक ८७०५४००० बाट वर्गीकरण हुने सामानलाई भन्सार उपशीर्षक ८४७४३१०० बाट घोषणा गरी घटी महशुल दाखिला गरेको पाइयो, पैठारीकर्ताले जिकिर लिए जस्तो उक्त सामानको Harmoniczed Code को सम्बन्धमा कुनै विवाद देखिदैन किनभने भन्सार विभागबाट प्रकाशित विश्व भन्सार संगठन (हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतिकरण प्रणाली), व्याख्यात्मक टिप्पणीहरु (पाँचौ संस्करण, २०१२) खण्ड ५ को पेज नं. १८० मा शीर्षवक ८७.०५ को व्याख्या गरिएको छ । यस शीर्षकमा पर्ने भनेर दशौं नं. बुदामा "कंक्रिट बनाउने र कंक्रिट ढुवानी गर्न सक्ने, मोटर गाडीको च्यासिसमा कंक्रिट मिश्रण गर्ने साधन (कंक्रिट मिक्चर) स्थायी रुपले जडान गरिएको कोष्ठ (क्याब) सहितका कंक्रिट मिश्रण गर्ने लरी (ट्रक) हरु" भन्ने उल्लेख भएकाले पैठारी भएका मालवस्तु यसै व्याख्यामा समेटिने तथा उल्लेखित सामानहरु पैठारी भएको आ.ब. २०७३/०७४ को भन्सार महशुल दरबन्दीमा कंक्रिट मिक्चर लरी भन्सार उपशीर्षक ८७०५४००० बाट बर्गिकरण हुने स्पष्ट उल्लेख भएकाले मिति २०७५।०९।१३ मा जारी गरीएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको भन्सार महसुल तथा जरिवाना बापत रू. ५०,००,५१४।– र मूल्य अभिवृद्धि कर रू. १,१९,१७,८९४।– समेत जम्मा रू. १,६९,१८,४०८।– थप महशुल निर्धारण गरिएको भन्सार जाँचपास परीक्षण कार्यालय काठमाण्डौंबाट मिति २०७५।१०।२९ मा भएको निर्णय ।

५. भन्सार महशुल दरबन्दिको उपशिर्षक ८४७४३१०० मा स्पष्ट रुपमा कंक्रिट वा मोटर मिक्सरहरु भनि उल्लेख भएकोमा हामीले भारतबाट पैठारी गरेको कारमिक्स सेल्फ लोडिङ्ग मेसिन मिक्सर भएको हुँदा भन्सार दरबन्दिको उपशिर्षकमा कुनै पनि फरक परेको छैन, विपक्षी कार्यालयले दावी गरेको भन्सार उपशिर्षक ८७०५४००० मा कंक्रिट मिश्रण लहरीहरु पर्ने उल्लेख भएको छ । जबकी हामीले पैठारी गरेको कारमिक्स सेल्फ लोडिङ्ग मेसिन लहरी अर्थात भौतिक सामाग्रीबोकी ढुवानी गर्ने साधन होइन ।सेल्फ लोडिङ्ग मिक्सरलाई International Convention on the Harmonized Commodity Description and Coding System १९८३ महासन्धिको H.S. Code ८४७४.३१०० अन्तर्गत वर्गिकरण गरिने प्रचलन विश्वभर रहेको र हामीले सोही प्रचलन अनुसार पैठारी गर्दै आएकोमा विवाद छैन ।उक्त सेल्फ लोडिङ्ग मिक्सरलाई भन्सार विभागको च.नं. १०४७ मिति २०७४।०५।१४ को पत्रानुसार मात्र भन्सार उपशिर्षक ८७०५४००० बाट वर्गिकरण गर्ने निर्णय भन्सार विभागबाट भएकोमा सो निर्णय लागू भएको मिति अगावैको कारोबारमा शंसोधित व्यबस्था

लागु गरी भुतलक्षी प्रभाव गर्ने गरी भन्सार महसुल माग गर्नु गैर कानूनी भएको ।सामान पैठारी मूल्य घोषणाका सम्बन्धमा आशंका भएको स्थितमा तत्काल भंसार अधिकृतले, पहिले पैठारी भएका समरुप मालवस्तु वा उस्तै प्रकारका मालवस्तु कको आधारमा मूल्य कायम गर्ने थिए, यसरी भंसार बिन्दुबाट रितपूर्वक सामान जाँचपास भै सो सामान बजारमा रितपूर्वक बिक्री कारोबार भएको अवस्थामा भंसार विन्दुमा घोषणा गरेको मूल्य भन्दा कम भएको भन्ने तर्ककै आधारमा एकतर्फि मूल्य निर्धारण गर्नु न्याय संगत नहुने भएकाले भंसार जाँचपास परिक्षण कार्यालय काठमाण्डौं बाट थप महशुल दाखिल गर्ने गरी भएको निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि. का तर्फबाट यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

६. मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।२५ मा भएको आदेश ।

**ठहर खण्ड**

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

८. पुनराबेदक मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि.का तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री नारायण नेपालले भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौंबाट भएको भन्सार महशुल दरबन्दिको उपशिर्षक ८४७४३१०० मा स्पष्ट रुपमा कंक्रिट वा मोटर मिक्सरहरु भनि उल्लेख भएकोमा हामीले भारतबाट पैठारी गरेको कारमिक्स सेल्फ लोडिङ्ग मेसिन मिक्सर भएको हुँदा भन्सार दरबन्दिको उपशिर्षकमा कुनै पनि फरक परेको छैन, विपक्षी कार्यालयले दावी गरेको भन्सार उपशिर्षक ८७०५४००० मा कंक्रिट मिश्रण लहरीहरु पर्ने उल्लेख भएको छ । जबकी हामीले पैठारी गरेको कारमिक्स सेल्फ लोडिङ्ग मेसिन लहरी अर्थात भौतिक सामाग्रीबोकी ढुवानी गर्ने साधन होइन ।सेल्फ लोडिङ्ग मिक्सरलाई International Convention on the Harmonized Commodity Description and Coding System १९८३ महासन्धिको H.S. Code ८४७४.३१०० अन्तर्गत वर्गिकरण गरिने प्रचलन विश्वभर रहेको र हामीले सोही प्रचलन अनुसार पैठारी गर्दै आएकोमा विवाद छैन। उक्त सेल्फ लोडिङ्ग मिक्सरलाई भन्सार विभागको च.नं. १०४७ मिति २०७४।०५।१४ को पत्रानुसार मात्र भन्सार उपशिर्षक ८७०५४००० बाट वर्गिकरण गर्ने निर्णय भन्सार विभागबाट भएकोमा सो निर्णय लागू भएको मिति अगावैको कारोबारमा शंसोधित व्यबस्था

लागु गरी भुतलक्षी प्रभाव गर्ने गरी भन्सार महसुल माग गर्नु गैर कानूनी भएको ।सामान पैठारी मूल्य घोषणाका सम्बन्धमा आशंका भएको स्थितमा तत्काल भंसार अधिकृतले, पहिले पैठारी भएका समरुप मालवस्तु वा उस्तै प्रकारका मालवस्तु कको आधारमा मूल्य कायम गर्ने थिए, यसरी भंसार बिन्दुबाट रितपूर्वक सामान जाँचपास भै सो सामान बजारमा रितपूर्वक बिक्री कारोबार भएको अवस्थामा भंसार विन्दुमा घोषणा गरेको मूल्य भन्दा कम भएको भन्ने तर्ककै आधारमा एकतर्फि मूल्य निर्धारण गर्नु न्याय संगत नहुने भएकाले भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौंको आदेशलाई बदर गरी करदाताको पक्षमा न्याय हुनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. प्रत्यर्थी भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौं समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले "कंक्रिट बनाउने र कंक्रिट ढुवानी गर्न सक्ने, मोटर गाडीको च्यासिसमा कंक्रिट मिश्रण गर्ने साधन (कंक्रिट मिक्चर) स्थायी रुपले जडान गरिएको कोष्ठ (क्याब) सहितका कंक्रिट मिश्रण गर्ने लरी (ट्रक) हरु" भन्ने उल्लेख भएकाले पैठारी भएका मालवस्तु यसै व्याख्यामा समेटिने तथा उल्लेखित सामानहरु पैठारी भएको आ.ब. २०७३/०७४ को भन्सार महशुल दरबन्दीमा कंक्रिट मिक्चर लरी भन्सार उपशीर्षक ८७०५४००० बाट बर्गिकरण हुने स्पष्ट उल्लेख भएकाले मिति २०७५।०९।१३ मा जारी गरीएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको भन्सार महसुल तथा जरिवाना बापत रू. ५०,००,५१४।– र मूल्य अभिवृद्धि कर रू.१,१९,१७,८९४।– समेत जम्मा रू. १,६९,१८,४०८।– थप महशुल निर्धारण गरिएको भन्सार जाँचपास परीक्षण कार्यालय काठमाण्डौंबाट मिति २०७५।१०।२९ को निर्धारण आदेश न्यायसँगत छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

१०. पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता एवम विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान शाखा अधिकृतबाट भएको उपरोक्तानुसारको बहस सुनी हेर्दा भन्सार महसुल निर्धारण सम्बन्धी निर्णय मिलेको छ छैन ? पुनराबेदन जिकिर अनुसार हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखिन आयो ।

११. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि. ले Appolo Carmix Euipment Pvt. Ltd., Rajpur Mehsana, Gujrat, India बाट सन् २०१६।१२।२८ देखि २०१७।६।२८ सम्म विभिन्न प्रज्ञापन नम्बरहरुबाट पैठारी गरी ल्याएको Applo Carmix Self Loading Mobile Concrete Mixture Model 25FX र 4TT भैरहवा भन्सार कार्यालयबाट सामान जाँचपास गराउँदा पैठारी गरी ल्याएको बालबस्तु भन्सार वर्गिकरण उपशिर्षक नं.

८४७४३१०० मा पर्ने भनी मालबस्तुको घोषणा गरी भन्सार कार्यालयबाट जाँचपास गराई नियमानुसार लाग्ने दस्तुर समेत बुझाई सामान पैठारी गरेकोमा करदाता कम्पनीले पैठारी गरेको Applo Carmix Self Loading Mobile Concrete Mixture Model 25FX र 4TT को मालबस्तु भन्सार वर्गिकरण उपशिर्षक नं. ८४७४३१०० उल्लेख गरी घटी महसूल बुझाई भन्सार जाँचपास गरेको देखिएको भनी भन्सार जाँचपास परिक्षण कार्यालय सुविधानगर तिनकुने, काठमाडौंले पुनः परीक्षण गर्न करदाता कम्पनीसँग पैठारी गरिदिएका मालबस्तुको कागज प्रमाण पेश गर्न च.नं. ७३९ मिति २०७४।१०।२ को पत्राचारबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ ।

१२. पुनरावेदक कम्पनीले आपूर्ति गरेकै सामान कम्पनी Carmix Italy ले सामान निकासी गर्दा भन्सार उपशीर्षक ८४७४३१०० प्रयोग गरेको, SAFTA ले पनि सोही भन्सार उपशीर्षकबाट सामानको वर्गिकरण गरेको र भन्सार विभागको च.न. १०४७ मिति २०७४।०५।१४ को पत्रानुसार सोही प्रकारका मालवस्तुको वर्गिकरण भन्सार उपशीर्षक ८७०५४००० बाट गर्ने निर्णय भएकोले निर्णय मिति भन्दा अगाडि पैठारी भएका यस्ता सामानको नयाँ भन्सार दर लगाई बेरुजु कायम गरिएको निर्णय उपर सामान पैठारी भएको भैरहवा भन्सार र भन्सार विभागमा छानविनको लागी निवेदन प्रकृया अगाडि बढाएको तथा ताहाँबाट निर्णय नआएकाले महशुल निर्धारण अगाडि नबढाउन अनुरोध गर्दछौं भन्ने समेत व्यहोराको जवाफ पेश गरेको देखिन्छ ।

१३. पुनरावेदक कम्पनीले मालसामानको घोषणा गर्दा मालधनी आफैंले सो मालवस्तुको सही भन्सार उपशीर्षक यकिन गरि स्वंय घोषणा प्रणाली (Self Decleration Method) मार्फत भन्सारमा पेश गर्नुपर्नेमा पैठारीकर्ताले भन्सार उपशीर्षक ८७०५४००० बाट वर्गीकरण हुने सामानलाई भन्सार उपशीर्षक ८४७४३१०० बाट घोषणा गरी घटी महशुल दाखिला गरेको पाइयो, पैठारीकर्ताले जिकिर लिए जस्तो उक्त सामानको Harmonized Code को सम्बन्धमा कुनै विवाद देखिदैन किनभने भन्सार विभागबाट प्रकाशित विश्व भन्सार संगठन (हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतिकरण प्रणाली), व्याख्यात्मक टिप्पणीहरु (पाँचौ संस्करण, २०१२) खण्ड ५ को पेज नं. १८० मा शिर्षक ८७.०५ को व्याख्या गरिएको छ । यस शीर्षकमा पर्ने भनेर दशौं नं. बुदामा "कंक्रिट बनाउने र कंक्रिट ढुवानी गर्न सक्ने, मोटर गाडीको च्यासिसमा कंक्रिट मिश्रण गर्ने साधन (कंक्रिट मिक्चर) स्थायी रुपले जडान गरिएको कोष्ठ (क्याब) सहितका कंक्रिट मिश्रण गर्ने लरी (ट्रक) हरु" भन्ने उल्लेख भएकाले पैठारी भएका मालवस्तु यसै व्याख्यामा समेटिने तथा उल्लेखित सामानहरु पैठारी भएको आ.ब. २०७३/०७४ को भन्सार महशुल दरबन्दीमा कंक्रिट मिक्चर लरी भन्सार

उपशीर्षक ८७०५४००० बाट बर्गिकरण हुने स्पष्ट उल्लेख भएकाले मिति २०७५।०९।१३ मा जारी गरीएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको भन्सार महसुल तथा जरिवाना बापत रू. ५०,००,५१४।–र मूल्य अभिवृद्धि कर रू. १,१९,१७,८९४।– समेत जम्मा रू. १,६९,१८,४०८।–थप महशुल निर्धारण गरिएको भनी भन्सार जाँचपास परीक्षण कार्यालय काठमाण्डौंबाट मिति २०७५।१०।२९ मा निर्णय भएको देखिन्छ ।

१४. भन्सार महशुल दरबन्दिको उपशिर्षक ८४७४३१०० मा स्पष्ट रुपमा कंक्रिट वा मोटर मिक्सरहरु भनि उल्लेख भएकोमा हामीले भारतबाट पैठारी गरेको कारमिक्स सेल्फ लोडिङ्ग मेसिन मिक्सर भएको हुँदा भन्सार दरबन्दिको उपशिर्षकमा कुनै पनि फरक परेको छैन, विपक्षी कार्यालयले दावी गरेको भन्सार उपशिर्षक ८७०५४००० मा कंक्रिट मिश्रण लहरीहरु पर्ने उल्लेख भएको छ । जबकी हामीले पैठारी गरेको कारमिक्स सेल्फ लोडिङ्ग मेसिन लहरी अर्थात भौतिक सामाग्रीबोकी ढुवानी गर्ने साधन होइन ।सेल्फ लोडिङ्ग मिक्सरलाई International Convention on the Harmonized Commodity Description and Coding System १९८३ महासन्धिको H.S. Code ८४७४.३१०० अन्तर्गत वर्गिकरण गरिने प्रचलन विश्वभर रहेको र हामीले सोही प्रचलन अनुसार पैठारी गर्दै आएकोमा विवाद छैन ।उक्त सेल्फ लोडिङ्ग मिक्सरलाई भन्सार विभागको च.नं. १०४७ मिति २०७४।०५।१४ को पत्रानुसार मात्र भन्सार उपशिर्षक ८७०५४००० बाट वर्गिकरण गर्ने निर्णय भन्सार विभागबाट भएकोमा सो निर्णय लागू भएको मिति अगावैको कारोबारमा शंसोधित व्यबस्था लागु गरी भुतलक्षी प्रभाव पर्ने गरी भन्सार महसुल माग गर्नु गैर कानूनी भएको ।सामान पैठारी मूल्य घोषणाका सम्बन्धमा आशंका भएको स्थितिमा तत्काल भंसार अधिकृतले, पहिले पैठारी भएका समरुप मालवस्तु वा उस्तै प्रकारका मालवस्तुको आधारमा मूल्य कायम गर्ने थिए, यसरी भंसार बिन्दुबाट रितपूर्वक सामान जाँचपास भै सो सामान बजारमा रितपूर्वक बिक्री कारोबार भएको अवस्थामा भंसार विन्दुमा घोषणा गरेको मूल्य भन्दा कम भएको भन्ने तर्ककै आधारमा एकतर्फि मूल्य निर्धारण गर्नु न्याय संगत नहुने भएकाले भंसार जाँचपास परिक्षण कार्यालय काठमाण्डौं बाट थप महशुल दाखिल गर्ने गरी भएको निर्णय बदर गरिनु पर्दछ भनी पुनरावेदनमा जिकिर लिएको देखिन्छ ।

१५. पुनरावेदक कम्पनीले भारतको जुगरातबाट खरीद गरी पैठारी गरी ल्याएको सामान Applo Carmix Self Loading Mobile Concrete Mixture Model 25FX र 4TT को पैठारी अवधि हेर्दा, सन् २०१६।१२।२८ देखि २०१७।६।२८ (वि.सं. २०७३।९।१३ देखि २०७४।३।१४) सम्मको अवधि अन्तराल रहेको देखिन्छ । सो अवधिमा पैठारीकर्ता कम्पनीले पैठारी गरेको सामान भन्सार कार्यालयमा जाँचपासको लागि प्रज्ञापनपत्र भरी सो

प्रज्ञापन पत्रमा सामानको मूल्य भन्सार उपशिर्षक यकिन गरी स्वयं घोषणा प्रणाली (Self Decleration Methd) अन्तर्गत करदाता कम्पनीले पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको र सो प्रावधान बमोजिम करदाता कम्पनीले पेश गरेको विवरणमा भन्सार वर्गिकरण शिर्षक, उपशिर्षक फरक परेको छ, छैन ? मूल्य सहि हो होइन भनी जाँच गरी जाँचपास गर्ने अधिकार सम्बन्धित भन्सार कार्यालयको भन्सार अधिकृतमा रहने हुन्छ । भन्सार अधिकृतलाई सो पैठारी गरिएको मालबस्तु को भन्सार वर्गिकरण शिर्षक, उपशिर्षक र सोको मूल्यसम्बन्धमा यकिन नभएमा भन्सार अधिकृतले भन्सार विभागका महानिर्देशक समक्ष लेखी पठाउन सक्ने र महानिर्देशकबाट भएको निर्णय अन्तिम हुने कानूनी प्रावधान रहेको पाइन्छ । पुनरावेदक करदाताले मिति २०७३।९।१३ देखि २०७४।३।१४ सम्म आयात गरेको विवादित सामानमा भन्सार वर्गिकरण फरक परेको कारणले थप महसूल निर्धारण गरिएको देखिन्छ। तर निर्णय पर्चामा खुलाइएको विवरण हेर्दा भन्सार विभागको२०७४।५।१४ को पत्रानुसार पुनरावेदक करदाताले पैठारी गरेको प्रकारको मालबस्तुको वर्गिकरण भन्सार उपशिर्षक ८७०५४००० बाट गर्ने निर्णय भएको र उक्त निर्णय मिति २०७४।५।११ मा भएको देखिन्छ । निर्णय गर्दा उक्त निर्णय भूतलक्षी तवरमा लागू हुने भनी उल्लेख भएको नदेखिएको अवस्थामा निर्णय मिति पूर्व नै आयात भएको मालबस्तुमा उक्त निर्णय व्यहोरा लागू हुने भनी मान्न सकिदैन । यस अर्थमा भन्सार महानिर्देशकबाट पुनरावेदक कम्पनीले आपूर्ति गरेको सामान भन्सार वर्गिकरण शिर्षक नम्बर ८७०५४०० मा पर्ने भनी निर्णय भएको भनी सोही निर्णयलाई आधार मानी सो निर्णय हुनु पूर्व नै भन्सार अधिकृतबाट भएका भन्सार जाँचपास सम्बन्धि कार्यलाई भूतलक्षी प्रभाव पर्ने गरी भएको भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णयलाई कानूनसम्मत मान्न नमिल्ने हुँदा पुनरावेदक कम्पनीको पुनरावेदन जिकिरलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१६. अत माथि विवेचित आधार कारण समेतबाट स्थायी लेखा नं.३०४५२४११० भएका पुनरावेदक मानसिरी ट्रेडिङ्ग इन्टरप्राइजेज प्रा.लि.को भंसार महसुल निर्धारणका सम्वन्धमा भन्सार जाँचपास परिक्षण कार्यालय, तिनकुने काठमाण्डौको मिति २०७५।१०।२९ को निर्णय मिलेको नदेखिदा उल्टी हुने ठहर्छ ।अरुमा तपसिल वमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता मानसिरी ट्रेडिङ्ग इन्टरप्राईजेज प्रा.लि.को हकमा भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने काठमाण्डौको मिति २०७५।१०।२९को निर्णय मिलेको नदेखिदा उल्टी हुने ठहरी फैसला भएको हुँदा निजले दाखिल गरेको धरौटी रकम फिर्ता दिनु भनी शुरु कार्यालयमा लेखी पठाइ दिनु..१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.......................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू........................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
<u>शाखा अधिकृतः श्री लेख बहादुर कोइराला</u>
<u>कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी</u>
<u>फाँटः</u>
इतिसम्बत २०७६ साल भाद्र १७ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

**सम्बत् २०७४ सालको मुद्दा नं. ०७४-RB-००८५**

**निर्णय नं. ३७**

सर्लही जिल्ला, मलंगवा नगरपालिका, वडा नं ६ बस्ने वर्ष ३५ को सद्रे आलम ...१} पुनरावेदक

**विरुद्ध**

निर्देशक राम प्रसाद रेग्मी समेतको प्रतिवेदनले नेपाल सरकार .........................१} प्रत्यर्थी

मुद्दा : सुन भन्सार चोरी पैठारी ।

शुरु निर्णय गर्ने कार्यालय : राजस्व अनुसन्धान विभाग

शुरु निर्णय गर्ने अधिकारी : श्री यज्ञराज कोइराला

शुरु निर्णय मिति : २०७४/०७/१४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल

यसमा राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक (भन्सार अधिकृत) श्री यज्ञराज कोइरालाले मिति २०७४।७।१४ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रतिवादी सद्रे आलमको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

<u>मुद्दाको तथ्य</u>

१. का.जि.,का.म.न.पा.-२९ मित्रनगर स्थित सार्वजनिक स्थान सडकमा पूर्व जयलक्ष्मी हेयर ड्रेसर सैलुन, पश्चिममा खाली जग्गा, उत्तर दक्षिण नयाँ बसपार्क देखि म्हैपी तर्फ जाने आउने पक्की सडक यति चार किल्ला भित्र पर्ने सार्वजनिक स्थान सडकमा मिति २०७३/०६/१८ गते अं.१९:०० बजेको समयमा पछि नाम, थर र वतन खुल्न आएका जिल्ला सर्लाही, मलंगवा-६ घर भई हाल का.जि., सामाखुसी बस्ने वर्ष अं. ४३ को सदरे आलमलाई शंकास्पद अवस्थामा फेला पारी रितपूर्वक निजको शरीर खानतलासी गर्ने क्रममा निजले कम्मरमा बाधेको निलोमा अकाशे रंगको बुट्टा भएको कपडाको लामो थैली बनाई सो भित्र प्रमाणमा लाग्ने सुन अवैद्य लुकाई छिपाई राखेको अवस्थामा प्रकरण नं. ३ मा उल्लेखित (तत्काल मान्यता प्राप्त ढक तराजुमा तौल गर्दा सुनको बाला थान ३ गरी १२ तोला ८५ लाल, सुनको औंठी थान ४ गरी १७ तोला १४ लाल र सुनको विस्कुट १ गरी ४९ तोला ९८.६ लाल गरी जम्मा ७९.९७ तोला मात्र) अवैद्य सुन फेला पारी रितपूर्वक वरामद गरी दशी सहित प्रहरीले निजलाई पक्राउ गरी लगेको स्थानको दशी सहितको विवरण ठिक छ भन्ने समेत व्यहोराको मिति २०७३/०६/१८ को वरामदी मुचुल्का।

२. उक्त सुन र मानिसलाई म समेतको टोलीले पक्राउ गरी दाखिला गरेका छौं, नियमअनुसार पाउने कमिसन दिलाई कानूनबमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको प्र.नी. गोकर्ण थापा समेतको प्रतिवेदन ।

३. मिति २०७३।६।१८ गते अन्दाजी १९:०० बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं १६ बालाजु माछापोखरीमा काठमाडौं जिल्ला, सामाखुसी बस्ने वर्ष ४५ को सद्रे आलमले अबैध रुपमा सुनको ओसारपसार गरी रहेको छ भन्ने गोप्य सूचना प्राप्त हुनासाथ यस कार्यालयबाट खटिएको प्रहरी टोलीले उल्लेखित स्थानमा गई निज सद्रे आलमलाई पिछा गर्दै जाँदा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं २९ मित्रनगर स्थित सडक खण्डमा फेला पारी चेकजाँच गर्ने क्रममा निजले अवैध रुपमा भन्सार छली निकासी पैठारी गरेको सुन बोकेको अवस्थामा फेला पारी रितपूर्वक खानतलासी तथा वरामदी गरी वरामदी मुचुल्कामा उल्लेखित दशीको सामान सहित निज सद्रे आलमलाई आवश्यक कारवाहीको लागि पठाइएको भन्ने समेत व्यहोराको महानगरीय प्रहरी वृत वालाजु काठमाडौंको श्री राजस्व अनुसन्धान विभागलाई लेखेको च.नं. ४५७ मिति २०७३।६।१९ को पत्र ।

४. मेरो साथवाट वरामद भएको सुनको औंठी, सुनको वाला र सुनको विस्कुट आधा काटिएको अवस्थाको सुन नारायणप्रसाद श्रेष्ठसँग लिएको हो । निज पोखरा साहु भनेर प्रसिद्ध हुनुहुन्छ । ठेगाना काठमाण्डौ महानगरपालिका वडा नं. २९ सामाखुसी मित्रनगर साहीबाबा मन्दिर अगाडि हो । नारायणप्रसाद श्रेष्ठको पेसा सुनचाँदी बिक्री गर्ने हो । निजको घर ठेगाना देखाउन सक्दछु । निजको सम्पर्क नम्बर ९८५१०५२४३९, ९८२३३९६७६४ र ९८५१०३८५२५ हो। मेरो पेशा सुनचाँदीको गहना बनाई बिक्री वितरण गर्ने हो। सुनचाँदी बनाई बिक्री गर्न फर्मको नाम सदा सुहागन ज्वेलर्स हो। उक्त फर्म मेरो मामाको छोरा बद्रि आलमको नाममा दर्ता छ। म निर्दोष छु, नारायणप्रसाद श्रेष्ठलाई पक्राउ गरी मलाई छुटकारा दिलाई पाउँ। मैले सुन खरिद गर्दा बैक मार्फत भुक्तानी गर्ने गर्दथे । मैले नारायणप्रसाद श्रेष्ठको नाममा एन.आई.सि. बैंक सामखुसीको खाता नं १७५४४३४६२९५२४००१ बाट र अन्य खाताबाट भुक्तानी गर्ने गरेको थिएँ। सोको प्रमाण बापत बैंकमा जम्मा गरेको भौचरको फोटोकपी पेश गरेको छु। सामाखुसी स्थित मित्रनगरमा शान्ती श्रेष्ठले संचालन गरेको नागरीक किराना पसलबाट र उसको घरबाट समेत सुनको कारोबार हुने गर्दछ र मैले सुन खरिद गर्दा बैंकबाट भुक्तानी गर्ने गरेको थिएँ। सुनको विल माग्दा बैंकको सुन हो, बिल चाहिदैन भनी विल दिदैन थिए। मैले सुन किनेको विल विजक छैन, यहाँबाट बाहिर गएपछि पेश गर्नेछु। मैले मलंगवामा सुनचाँदीको पसल संचालन गरेको छु। सोही पसलमा गहना बनाई बिक्री गर्न नारायणप्रसाद श्रेष्ठबाट खरिद गरी लैजान लागेको थिएँ। नारायणप्रसाद श्रेष्ठलाई उपस्थित गराउन सक्दिन भन्ने समेत ब्यहोराको प्रतिवादी सद्रे आलमले शुरु राजस्व अनुसन्धान विभागमा गरेको वयान ।

५. प्रतिवादीले निजको साथबाट बरामद भएको सुनको सम्वन्धमा आफू सुनको गहनाहरु बनाई विक्री वितरण गर्ने गरेको, वरामद भएको सुन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका सामाखुसीका नारायणप्रसाद श्रेष्ठले दिएको भनी बयान गरेको, यस विभागबाट वरामद भएको सुनको भन्सार ऐन, २०६४ को दफा २६ अनुसार विजक/प्रमाण माग गर्दा पेश गर्न नसकेको र सुन दिने व्यक्ति नारायणप्रसाद श्रेष्ठलाई समेत पेश गर्न नसकेको हुँदा तत्काल प्राप्त प्रमाणको आधारमा उक्त सुनको धनी निज प्रतिवादी सद्रे आलम नै देखिन आएको र उक्त सुन भन्सार चोरी पैठारी गरेको हैन भनी भन्न सक्ने अवस्था नभएकोले पछि अनुसन्धानबाट ठहरे बमोजिम हुने गरी हाललाई उक्त सुन यसै विभागको कब्जामा राखी भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम सो सुनको नेपाल सुनचाँदी डिलर

एसोसियसनको वेबसाईटमा मिति २०७३/०६/१९ गते प्रकाशित प्रति दशग्राम सुनको मुल्य रु.४८,६१०।- को दरले ७९.९७ तोला (९३२.७७ ग्राम) को हुने रु.४५,३४,१९४/९७ (अक्षरेपी पैतालीस लाख, चौंतीस हजार, एकसय चौरानब्बे, पैसा सन्तानब्बे मात्र) जरिवाना र सोही ऐनको सोही दफाको उपदफा (१) को (ख) बमोजिम तीन महिना कैदको हुने रु.४५००/- समेत जम्मा रु.४५,३८,६९४/९७ (अक्षरेपी पैतालीस लाख, अठतिंस हजार छसय चौरानब्बे, पैसा सन्तानब्बे मात्र) सोही ऐनको दफा ४१(१) बमोजिम नगद धरौट माग गर्ने। अनुसन्धान पश्चात भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत हुने भए सोही ऐन र भन्सार नियमावली, २०६४ बमोजिम बिक्री गरी प्राप्त हुने रकम मध्येबाट प्रतिवेदकलाई पुरस्कार समेत उपलब्ध गराईदिनु भन्ने समेत निर्देशक रामप्रसाद रेग्मी समेतको अनुसन्धान प्रतिवेदन ।

६. तत्काल प्राप्त प्रमाणको आधारमा उक्त सुनको धनी निज प्रतिवादी सद्रे आलम नै देखिन आएको र उक्त सुन भन्सार चोरी पैठारी गरेको हैन भनी भन्न सक्ने अवस्था नभएकोले पछि अनुसन्धानबाट ठहरे बमोजिम हुने गरी हाललाई उक्त सुन यसै विभागको कब्जामा राखी भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम सो सुनको नेपाल सुनचाँदी डिलर एसोसियसनको वेबसाईटमा मिति २०७३/०६/१९ गते प्रकाशित प्रति दशग्राम सुनको मुल्य रु.४८,६१०।- को दरले ७९.९७ तोला (९३२.७७ ग्राम) को हुने रु.४५,३४,१९४/९७ (अक्षरेपी पैतालीस लाख, चौंतीस हजार, एकसय चौरानब्बे रुपैंया, पैसा सन्तानब्बे मात्र) जरिवाना र सोही ऐनको सोही दफाको उपदफा (१) को (ख) बमोजिम तीन महिना कैदको हुने रु.४५००/- समेत जम्मा रु.४५,३८,६९४/९७ (अक्षरेपी पैतालीस लाख, अठतिंस हजार छसय चौरानब्बे रुपैंया, पैसा सन्तानब्बे मात्र) सोही ऐनको दफा ४१(१) बमोजिम नगद धरौट माग गर्ने भन्ने समेत राजस्व अनुसन्धान विभागको मिति २०७३/०६/२० को आदेश ।

७. राजस्व अनुसन्धान विभागको च.नं. १३३५ मिति २०७३/०७/११ को पत्रबाट का.म.न.पा. सामाखुसी, काठमाण्डौका श्री नारायणप्रसाद श्रेष्ठलाई १५(पन्ध्र) दिन भित्र उपस्थित हुन पत्राचार गर्दा समेत निज उपस्थित हुन नभएकोले च.नं. १४९१ मिति २०७३/०७/३० को पत्रबाट पुनः निजलाई विभागमा ७(सात) दिन भित्र उपस्थित हुन भनी पत्राचार गर्दा समेत निज उपस्थित हुन नआएको र प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको च.नं. ६०८५ मिति २०७३/११/०३ को पत्रबाट समेत फेला नपरेको भनी लेखि आएकोले मिति

२०७३/११/२३ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा निज श्री नारायणप्रसाद श्रेष्ठ (ना.प्र.नं. १००३१ स्याङ्गजा) को नाममा विभागमा उपस्थित हुन भनी सूचना प्रकाशित गर्दा समेत निज उक्त म्याद भित्र विभागमा उपस्थित नभएको।

८. सद्रे आलमको उल्लेखित परिमाणको सुन निजको साथबाट वरामद भएको र उक्त सुन प्रचलित नियमानुसार प्राप्त गरेको प्रमाण पेश गर्न नसकेको हुँदा उक्त सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत हुन्छ र सो सुनको नेपाल सुनचाँदी डिलर एशोसिएसनको वेवसाइटमा मिति २०७३।६।१९ गते प्रकाशित प्रति दश ग्राम सुनको मुल्य रु.४८,६१०/- को दरले ७९.९७ तोला (९३२.७७ ग्राम) को हुने रु. ४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीस लाख चौंतीस हजार एकसय चौरानब्बे रुपैंया, पैसा सन्तानब्बे मात्र) विगो कायम गरी विगो बमोजिम रु.४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीस लाख चौंतिस हजार एकसय चौरानब्बे रुपैंया, सन्तानब्बे पैसा मात्र) जरिवाना र सोही ऐनको सोही दफाको उपदफा (१)(ख) बमोजिम दुई महिना चौध दिन कैद हुन्छ । अर्का प्रतिवादी नारायणप्रसाद श्रेष्ठले सद्रे आलमलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिमको कसुर गर्नाको लागि उक्साएको, मद्दत गरेको हुँदा सोहि ऐनको दफा ५७(३) बमोजिम कसुरदार सरह रु.४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीस लाख चौंतिस हजार एकसय चौरानब्बे रुपैंया, सन्तानब्बे पैसा मात्र) जरिवाना र दुई महिना चौध दिन कैद हुन्छ भन्ने समेत व्यहोराको राजस्व अनुसन्धान विभागको मिति २०७४।७।१७ को निर्णय ।

९. म पुनरावेदक सुनका समान्य गहना बनाउने पेशा गरी जीविकोपार्जन गर्दै आएको व्यक्ति भएको र सोही मुताविक भएको सत्य साँचो व्यहोराको स्पष्ट कुरा खुलाई बयान गरे थिएँ। विभिन्न मितिमा म पुनरावेदकले गरेको सत्यतथ्य बयानलाई आत्मसात नगरी, मेरो बयानको आधारमा खुल्न सक्ने अनुसन्धानको अर्को सिंगो पाटोमा प्रवेश नै नगरी म निर्दोषलाई मुख्य अभियुक्त कायम गरी अन्य संलग्नलाई उक्साएकोसम्म आरोप लगाई राजस्व अनुसन्धान विभागबाट भएको निर्णयमा मुलुकी ऐन अ.वं. १८४(क), १८५, प्रमाण ऐन, २०३१ को दफा ३,५४ समेतको त्रुटि विद्यमान भएको हुँदा मलाई रु.४५,३४,१९४/९७ विगो बमोजिम जरिवाना र दुई महिना चौध दिन कैद गर्ने गरी भएको निर्णय बदर गरी पूर्ण रुपमा अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सद्रे आलमको पुनरावेदन पत्र।

१०. यस अदालतबाट मिति २०७४।१०।२१ को प्रत्यर्थी लाई सुचना दिने भन्ने

आदेश भएको। पुनरावेदकले वारेस राख्ने अनुमति पाई निजका वारेसले मिति २०७५।६।२ को तारेख गुजारी थाम्ने थमाउने म्याद समेत व्यतित भइसकेको देखियो ।

<u>ठहर खण्ड</u>

११. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकले तारेख गुजारी बसेका र प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले प्रतिवादीवाट विवादीत सुन बरामद भएकोमा विवाद छैन, सुनको विल विजक छैन भनी पुनरावेदकले शुरु विभागमा बयान गरेको अवस्था समेतबाट शुरु विभागबाट पुनरावेदकसमेतलाई जरिवाना र कैद गर्ने गरी भएको निर्णय अन्यथा नदेखिँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१२. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु विभाग बाट मिति २०७४।७।१४ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. वरामदी मुचुल्कामा उल्लेखित परिमाणको सुन यी पुनरावेदक सद्रे आलमको साथबाट वरामद भएको र उक्त सुन प्रचलित कानूनअनुसार प्राप्त गरेको प्रमाण पेश गर्न नसकेको हुँदा उक्त सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सो सुनको रु. ४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीसलाख चौंतीसहजार एकसय चौरानब्बे, पैसा सन्तानब्बे मात्र) विगो कायम गरी पुनरावेदकलाई विगो बमोजिम रु.४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीसलाख चौंतिसहजार एकसय चौरानब्बे, सन्तानब्बे पैसा मात्र) जरिवाना र सोही ऐनको सोही दफाको उपदफा (१)(ख) बमोजिम दुईमहिना चौधदिन कैद हुने गरी राजस्व अनुसन्धान विभागबाट मिति २०७४।७।१४ मा भएको निर्णय उपर चित्त नबुझाई प्रतिवादी सद्रे आलमको तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१४. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः म पुनरावेदक सुनका समान्य गहना बनाउने पेशा गरी जीविकोपार्जन गर्दै आएको व्यक्ति भएको र सोही मुताविक भएको सत्य साँचो व्यहोराको स्पष्ट कुरा खुलाई बयान गरे थिएँ। विभिन्न मितिमा म पुनरावेदकले गरेको सत्यतथ्य बयानलाई आत्मसात नगरी,

मेरो बयानको आधारमा खुल्न सक्ने अनुसन्धानको अर्को सिंगो पाटोमा प्रवेश नै नगरी म निर्दोषलाई मुख्य अभियुक्त कायम गरी अन्य संलग्नलाई उक्साएकोसम्म आरोप लगाई राजस्व अनुसन्धान विभागबाट भएको निर्णय त्रुटीपूर्ण छ भनी उल्लेख गरिदिएको पाईन्छ । मिसिल संलग्न बरामदी मुचुल्का हेर्दा यी पुनरावेदक कै रोहवरमा सुन वरामद भएको देखिनुका साथै आफूबाट नै उक्त मुचुल्कामा उल्लेख गरेबमोजिमका सुन वरामद भएको कुरामा स्वीकार गरी पुनरावेदकले सहिछाप गरिदिएको अवस्था छ । त्यसैगरी पुनरावेदक सद्रे आलमको मौकामा राजस्व अनुसन्धान विभागमा भएको वयानमा समेत सुन आफूबाट वरामद भएको कुरा स्वीकार गर्नुका साथै उक्त वरामदी सुन आफ्नो सुनचाँदी पसलका लागि अर्का प्रतिवादी नारायणप्रसाद श्रेष्ठबाट खरिद गरी लिएको हो, रकम बैंकबाट भुक्तानी गर्ने गर्दथिएं । सुनको विल माग्दा बैंकको सुन हो विल चाहिदैन भनी विल दिदैन थिए । मैले सुन किनेको विल विजक छैन भनी उल्लेख गरिदिएको पाइन्छ । मूलतः कुनै व्यक्तिसँग सुन वरामद हुन्छ र निजले उक्त सुन मैले अमुक ठाउँ वा व्यक्तिसँग खरिद गरी ल्याएको हुँ भनी जिकिर लिन्छ भने त्यस्तो जिकिरको प्रमाण निजले नै पेश गर्न सक्नु पर्दछ । सुन जस्तो बहुमूल्य वस्तु कसैबाट वरामद हुने र उक्त सुन अमुक ठाउँबाट किनी ल्याएको हुँ भनी जिकिर लिने तर आफूले जिकिर लिएको सुन बैंकको भएकोले विल आवश्यक पर्दैन भनी खरिद गरेको स्थानमा भनेको भनी प्रतिवादीले व्यक्त गरेको तथ्यलाई नै कसूर पुष्टि गर्ने प्रमुख आधारको रुपमा लिनुपर्ने देखिन आयो । यसरी हेर्दा वरामद भएको सुन गैरकानूनी भएकोमा विवाद देखिन नआइ उक्त वरामद सुन बोकी हिड्ने व्यक्ति नै कसूरको भागिदार हुनेमा विवाद देखिएन। अतएवंः भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम वरामदी सुन जफत गरी सो सुनको रु. ४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीस लाख चौंतीस हजार एकसय चौरानब्बे रुपैंया, पैसा सन्ताननब्बे मात्र) विगो कायम गरी पुनरावेदकलाई विगो बमोजिम रु.४५,३४,१९४/९७ (अक्षरुपी पैंतालीस लाख चौंतिस हजार एकसय चौरानब्बे रुपैंया, सन्तानब्बे पैसा मात्र) जरिवाना र सोही ऐनको सोही दफाको उपदफा (१)(ख) बमोजिम दुई महिना चौध दिन कैद हुने गरी राजस्व अनुसन्धान विभागबाट भएको निर्णय मनासिब नै देखिन आयो । उक्त शुरु निर्णय बदर गरी आफूलाई अभियोग दावीबाट पूर्ण रुपमा सफाई होस भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१५. तसर्थ, माथि विवेचित सिद्धान्त एवं कारण समेतको आधारमा शुरु राजस्व अनुसन्धान विभागबाट प्रतिवादी सद्रे आलमलाई निजको साथबाट वरामद ७९.९७

तोला सुन भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम जफत गरी सो वापत रु.४५,३४,१९४/९७ विगो कायम गरी विगोबमोजिम जरिवाना एवं दुई महिना चौध दिन कैद तथा अर्का प्रतिवादी नारायणप्रसाद श्रेष्ठलाई भन्सार ऐन, २०६४ को दफा ५७ (३) बमोजिम रु.४५,३४,१९४/९७ जरिवाना र दुई महिना चौध दिन कैदसमेत हुने ठहर्‍याई भएको मिति २०७४/०७/१४ को निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू।

**तपसील**

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु----------------१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु-------------------------------------------------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु ------------------------------------------३

किशोर सिलवाल

(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौँ ।

डम्बर बहादुर कार्की (लेखा सदस्य)

जीवन कुमार घिमिरे (राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
टिपोट गर्नेः —श्री रबि न्यौपाने(शाखा अधिकृत)
इति सम्वत् २०७५ साल मंसिर महिना ०२ गते रोज १ शुभम् ...........................

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरगाईं**

**फैसला**

२०७७/०७८ सालको निर्णय नं.४४

पुनरावेदन नं. : ०७६-RB-००२८

पुनरावेदन दर्ता मिति : २०७६।०५।१०

का.जि.का.म.न.पा. वडा नं. १४ स्थित खेतान ओभरसिज(स्था.ले. नं.३००१६४६२६) को प्रोपाइटर रामचन्द्र खेतान ..............................१ } पुनरावेदक

**विरुद्ध**

सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज....................................१
मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ.............................१ } प्रत्यर्थी

**मुद्दा : भंसार मूल्य निर्धारण**

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः  विद्धान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी

शुरु निर्णय गर्ने कार्यालयः- सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज

शुरु निर्णय गर्ने अधिकारीः  भन्सार अधिकृत सूर्य प्रसाद सेडाई

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०६।२३

मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

**निर्णय गर्ने कार्यालयः** मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ

**निर्णय गर्ने पदाधिकारी : अध्यक्ष निर्मलहरि अधिकारी, सदस्य तर्कराज भट्ट, सदस्य शिव प्रसाद भण्डारी**

निर्णय मितिः–२०७६।०३।१९

पुनरावेदक खेतान ओभरसिजका हकमा सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज**बाट भएको** मिति २०७५।०६।२३ कोभंसार मूल्य निर्धारणको निर्णय उपर मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौमा **मूल्य पुनरावलोकन**का लागि निवेदन दिएकोमा मूल्यांकन पुनरावलोकन समितिबाट शुरु कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा ऐ.ऐनको दफा ९ को उपदफा (२) बमोजिम तोकिएको धरौटी दाखिला भए/नभएको एकिन गर्ने जिम्मेवारी राजस्व न्यायाधिकरण नियमावली,२०३० को नियम ४ अनुसार स्रेस्तेदारलाई तोकिएको छ। स्रेस्तेदारको काम,कदायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पैठारी कर्ता खेतान ओभरसिजले चीनको ZHONGSHAN ZHENGFENG DRIED FRUIT FOODSTUFFS I & ECO LTD. बाट पैठारी गरेको MIX FRUIT JELLY CANDY को मूल्य सम्बन्धमा पैठारीकर्तालाई थप कागजात प्रमाण पेश गर्न मिति २०७५।०३।०५, मिति २०७५।०३।१४ तथा मिति २०७५।०५।१२ मा भएको पत्राचार।

२. मिति २०७५।०६।१५ मा भन्सार अधिकृत विष्णुप्रसाद शर्मालाई यस सम्बन्धमा राय सहित प्रतिवेदन पेश गर्न भनिएकोमा मिति २०७५।०६।१६ मा राय सहितको प्रतिवेदन प्राप्त भएको मिसिल संलग्न कागजातबाट देखियो।

३. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट मिति २०७४।१०।२१ मा घोषित मूल्यलाई मान्यता दिई भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा ४ बमोजिम भन्सार मूल्य निर्धारण गरी कारोबार मूल्य कायम गरिएको सन्दभर्मा भन्सार विभागको मिति २०७४।११।१४ को पत्र अनुसार पुनः मूल्य निर्धारण गर्न सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०३।०५ को निर्णयबाट पुनः मूल्य निर्धारणको प्रकृयामा पैठारीकर्तासँग घोषित मूल्यलाई मान्यता दिने कागजात र प्रमाणहरु भए पेश गर्न पत्राचार गरिए अनुसार मिति२०७५।०३।०६, मिति२०७५।०३।२७ तथा मिति२०७५।०६।१५ मा पेश गरेको कागजातहरुबाट पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नदेखिएकोले भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम मालबस्तुसँग मिल्दो जुल्दो मालववस्तु(Similar Goods) को कारोबार मुल्यको आधारमा निर्धारण गर्दा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD 2.25 कायम गर्दा बृद्धि भएको मूल्य USD 9307.35 को महशुल छुट हुन गएको हुँदा उक्त छुट भएको मूल्यको तत्कालको Exchange Rate अनुसार रु.९,६१,८२२।— को भन्सार महशुल र मु.अ.कर गरी जम्मा रु.६,१४,१२४।— दाखिला गराउनु भन्ने सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा

विरगंजको मिति २०७५।०६।२३ को निर्णय।

४. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजले **मिति २०७५।०६।२३ मा गरेको** भन्सार मूल्य निर्धारणको **निर्णय चित्त नबुझाई पैठारीकर्ता** खेतान ओभरसिज **ले मूल्य पुनरावलोकनका लागि मिति २०७५।०७।१९ मा मूल्याङ्कन पुनरावलोकन समितिमा पेश गरेको निवेदन।** निवेदकको निवेदन, शुरु कार्यालयको निर्णय एवम् मिसिल संलग्न कागजातको अध्ययन गर्दा सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति **२०७५।०६।२३** को निर्णय र सो बमोजिम जारी महशुल भन्सार ऐनमा तोकेको म्यादभित्र भन्सार कार्यालयले पुनःमूल्याङ्कनको निर्णय नगरेकै कारणले मात्र निजको प्रति किलो अमेरिकी डलर १.६० को कारोवार मूल्य बास्तविक मान्न सकिने अवस्था नदेखिएकोले उक्त निर्णय कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७६।०३।१९ मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ बाट भएको निर्णय।

५. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट हाम्रो प्रज्ञापन पत्र नं. M2714बाट Mixed Fruit Jelly Candy परिमाण १४२१९ के.जी. आयात गरी सोको विजक मूल्य U.S.D 1.60 per Kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागको पत्रानुसार भनि सो मूल्यलाई मान्यता नदिई U.S.D 2.25 per Kg मूल्य कायम गरी सोमा भंसार महसूल निर्धारण गर्ने गरी भएको निर्णय कानून लाई आधार लिईएको हो विपक्षीले खुलाउन सकेको पनि देखिदैन। केवल हाम्रो विल मूल्यलाई यथार्थ मान्न नसकिएकोले U.S.D 2.25 per Kg मूल्य निर्धारण भएको भन्ने उल्लेख छ। भंसार मूल्यांकन निर्देशिका,२०६८ को मर्म, भावना र यथार्थ विपरित हुँदा पनि प्रस्तुत मूल्य U.S.D 2.25 per Kgको आधारमा हाम्रो मूल्य कायम गर्न मिल्दैन। U.S.D 2.25 per Kgकायम हुनेगरी गरिएको विपक्षीहरुको मूल्य निर्धारण कानूनतः कायम रहन सक्दैन। हाम्रो विजक मूल्य U.S.D 1.60 per Kg नै कायम गरी न्याय निरोपण गरी पाउँ **भन्नेसमेत जिकिर लिई पैठारी कर्ताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०५।१० मा दर्ता भएको पुनरावेदन पत्र।**

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री तारादेव जोशीले China बाट **Mixed Fruit Jelly Candy** प्रज्ञापनपत्र नं.M२७१४ बाट १४२१९ के.जी.आयात गरि विक्री वितरण गर्ने गरेको, विगत वर्षदेखि आयात समेत गरेको सामानको विजक मूल्य U.S.D.१.६० Per kg, सोको विजक मूल्य U.S.D.१.६० Per kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागले महानिर्देशकको आदेश बमोजिम लिएर मूल्यलाई मान्यता नदिई U.S.D.२.२५ Per kg मूल्य

निर्धारण गरियो। यसरी निर्णय भएको ७ दिनभित्र जानकारी गराउनुपर्नेमा सो समेत विपक्षी कार्यालयबाट भएको पाइदैन। भंसार ऐन,२०६४ को दफा १३ को उपदफा (८) र (९) बमोजिम कारोबार मूल्य विश्लेषण गर्दा स्वचालित भंसार प्रणाली Asycuda Data Base बाट उपलब्ध भएसम्मको पछिल्लो ९० दिनभित्रको तथ्यांक समेत लिई विश्लेषण गर्नपर्नेमा विपक्षी कार्यालयबाट कुनै निश्चित आधार कायम गरि जाँचपास भएको देखिदैन। यसरी आधार र कारण प्रष्ट खुलाएर निर्णय गर्नुपर्नेमा महानिर्देशकको आदेश अनुसार भएको निर्णय कानुन सम्मत नभएकोले बदर हुनुपर्ने र **विपक्षी तर्फबाट उपस्थित शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले पुनरावेदक खेतान ओभरसिजले पैठारी गरेको Jelly Candy China हुंदै कोलकत्ताबाट ल्याएको देखिन्छ। मूल्य तोकिएको अमेरिकी डलर १.६० मिलेट भनि जिकिर समितिले गरेको निर्णय मिलेन भनेकोमा सो सम्बन्धी कुनै कागजात समेत पेश गरेको स्थिति छैन। आशिक्यूडा मापदण्ड अनुसार हुने भनि खुलाइएको छ। उक्त पैठारी गरेको सामान १.६० प्रति किलो मान्यता दिन मिल्दैन, २.२५ नै कायम हुने गरि भएको निर्णय सदर हुनुपर्छ भन्ने व्यहोरा बहस प्रस्तुत गर्नुभयो।**

७. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

८. **निर्णय तर्फ विचार गर्दा** पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नदेखिएकोले भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम मालबस्तुसँग मिल्दो जुल्दो मालवस्तु(Similar Goods) को कारोबार मुल्यको आधारमा निर्धारण गर्दा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD २.२५ कायम गर्दा बृद्धि भएको मूल्य USD 9307.35 को महशुल छुट हुन गएको, उक्त छुट भएको मूल्यको तत्कालको Exchange Rate अनुसार रु.९,६१,८२२।— को भन्सार महशुल र मु.अ.कर गरी जम्मा रु.६,१४,१२४।— दाखिला गराउनु भन्ने सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०६।२३ को **निर्णय भएको देखियो।**

९. त्यस्तै भन्सार कार्यालयले पुनःमूल्याङ्कनको निर्णय नगरेकै कारणले मात्र पैठारीकर्ताले पैठारी गरेको **Mixed Fruit Jelly Candy** सामानको प्रति किलो अमेरिकी डलर १.६० को कारोवार मूल्य बास्तविक मान्न सकिने अवस्था नदेखिएकोले उक्त निर्णय कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७६।०३।१९ मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौबाट निर्णय भएको पाइयो।

१०. यी पुनरावेदक करदाताले सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट प्रज्ञापन पत्र नं. M2714 बाट **Mixed Fruit Jelly Candy** परिमाण १४२१९ के.जी. आयात गरि

सोको विजक मूल्य U.S.D १.६० per Kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागको पत्रानुसार भनि सो मूल्यलाई मान्यता नदिई U.S.D २.२५per Kg मूल्य कायम गरी सोमा मूल्य निर्धारण गर्ने सिलसिलामा भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम आशिक्यूडा डाटावेससमेतको आधारमा मूल्य निर्धारण गरेको देखिन्छ। यसरी मालवस्तुको जाँचपासको सम्बन्धमा मिति २०७४/११/१४ मा महानिर्देशकबाट पुनः मूल्यांकनको लागि आदेश भै सो आदेश बमोजिम पुनः मूल्य निर्धारण भएको निर्णय बदरभागी रहेको भनि पैठारीकर्ताले लिएको दावी समेत युक्ति संगत मान्न नसकी पैठारी गरेको सामान प्रति किलो अमेरिकी डलर १.६० को कारोबार मूल्य वास्तविक मान्यता दिन नसकी २.२५ कायम गर्ने गरि मूल्याङ्कन पुनरावलोकन समितिबाट गरेको निर्णय कानुन सम्मत नै देखिन आयो।

११. माथी उल्लेखित आधार कारणबाट पुनरावेदक पैठारीकर्ता खेतान ओभरसिजलाई भन्सार महसुल निर्धारण गर्ने गरी मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६/०३/१९ मा गरेको निर्णय मिलेको देखिदाँ सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसिल बमोजिम गर्नू।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू--------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू----------३

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

उक्त रायमा हामी सहमति छौ।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

फैसला तयार पार्न सहयोग गर्ने:
शाखा अधिकृतःसनिता लामा
टिपोट गर्नेः डिठ्ठा मनोज फुयाँल

ईति सम्बत् २०७७ साल पुष २७ गते रोज २ शुभम्----------------------।

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७४ सालको मुद्दा नं. ०७३-**RB**-०५९०

निर्णय नं. ६१

**मुद्दाः- छुट अन्तःशुल्क र मूल्य अभिबृद्धि कर समेत ।**

| | |
|---|---|
| श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि. स्थाई लेखा नं.३०१३४२३४० को अधिकार प्राप्त अध्यक्ष राहुल कुमार अग्रवाल......................................१ | पुनरावेदक |
| **<u>विरुद्ध</u>** | |
| श्री वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज ......................................१ | प्रत्यर्थी |

नियम बमोजिम मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वीरगञ्ज भन्सार कार्यालयबाट प्रेषित बेरुजु रकम दाखिल गर्ने सम्बन्धमा भन्ने मिति २०७३/०४/३१, प.सं. ०७३/०७४, च.नं.६ को पत्र उपर रकम रु. ६,०६,१४९/०१ प्रज्ञापनपत्र नं. **M40645** बाट मिति २०७३/१२/३१ बाट दाखिल गरी निर्धारण तथा असूलउपरमा चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२ र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम पुनरावेदक श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि.को पुनरावेदन दर्ता भई पेश हुन आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**<u>तथ्य खण्ड</u>**

१. आर्थिक ऐन,२०७१ को दफा ३ सँग सम्बन्धित अन्तःशुल्क दरबन्दी अन्तर्गत शिर्षक ३९२० र ३९२१ मा पर्ने प्लाष्टिक शीटमा अन्तःशुल्क ५% लाग्ने व्यवस्था छ । यस्तै भन्सार विभागबाट जारी एकिकृत महसुल दर २०७१/७२ को उपशिर्षक ३९२०१० मा इथाईलिन पोलिमर र ३९२०२० मा प्रापिलिन पोलिमरका मालवस्तुमा १५% भन्सार

महशुल, ५% अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेको छ । साथै आर्थिक ऐन, २०७१ मा फिलर मास्टर व्याचको पैठारीमा १०% मात्र भन्सार महशुल लाग्ने र अन्तःशुल्क र मु.अ. कर छुट दिने व्यवस्था रहेको देखिदैन। कार्यालयले यस वर्ष निम्नानुसार क्यालिसियम कार्वोनेट फिलर मास्टर व्याच उपशिर्षक ३९२०९९०० बाट पैठारी गर्दा १०% भन्सार महशुल र मूल्य अभिवृद्धि कर लिए तापनि ५% अन्तःशुल्क छुट दिएको पाइयो । यसरी आर्थिक ऐनले नदिएको सुविधा दिएको कारणले कारोबार मूल्य रु.१३२०८०५१६/- मा १०% भन्सार महसुल समावेश गर्दा हुने रकममा ५ प्रतिशत अन्तःशुल्क रु.७२६४४३२/- र सो को मूल्य अभिवृद्धि कर रु. ९४४३७६/- समेत रु.८२०८८०८/- छुट हुन गएको छ । अत उक्त अन्तःशुल्क र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेत असूल गरी दाखिला गर्नुपर्ने भन्ने समेत व्यहोराको महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन पठाएको वारेको मिसिल संलग्न प्रतिवेदनको प्रकरण १७ मा उल्लेख भएको पाइन्छ ।

२. सोही बमोजिम आर्थिक ऐनले नदिएको सुविधा लिएको कारणले कारोबार मूल्यमा दश प्रतिशत भन्सार महसुल समावेश गर्दा हुने रकममा पाँच प्रतिशत अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि कर समेत छुट हुन गएको हुँदा कायम हुन आएको उक्त वेरुजु रकम ७(सात) दिन भित्र यस कार्यालयमा दाखिला गर्नुहुन आदेशानसार अनुरोध छ भन्ने समेत व्यहोराको वीरगञ्ज भन्सार कार्यालयको मिति २०७३/०४/३१, प.सं. ०७३/०७४, च.नं.६ को पुनरावेदक श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि.लाई छुट अन्तःशुल्क र कर रु.६०६१४९/- उल्लेख गरी जारी गरिएको विरगञ्ज भन्सार कार्यालयको पत्र ।

३. आ.व. २०७१/०७२ को आर्थिक विधेयकमा **H.S. code 3920.10.00** मा अन्तःशुल्क लगाएको छ तर हाम्रो पैठारी गरेको सहायक कच्चा पदार्थ **Calcium Carbonate (FMB)** उल्लेख नभएको र भाग ३९२० मा तयारी पदार्थ प्लाष्टिक सीटमा मात्र स्पष्ट रुपमा उल्लेख गरिएको देखिन्छ । तसर्थ **Calcium Carbonate (FMB)** मा अन्तःशुल्क लाग्नु नपर्ने व्यहोरा अनुरोध छ भन्ने समेत व्यहोराको पुनरावेदकबाट वीरगञ्ज भन्सार कार्यालयमा दर्ता गराएको मिसिल संलग्न मिति २०७३/०५/२४ को पत्रबाट देखिन्छ।

४. मिति २०७३/४/३१ को पत्र प्राप्त भई सो पत्रको जवाफ दिएतापनि विपक्षी कार्यालयले सो पश्चात हामीलाई लिखित रुपमा कुनै जानकारी नगराई कुनै निर्णय समेत नगरी पूर्व पत्रानुसार कारोबार एवं एजेन्ट इजाजतपत्र समेत रोक्का गरी पूर्व पत्र अनुसारको रकम विपक्षीले हामीबाट मिति २०७३/१२/३१ मा असूल उपर गरी लिएका छन् ।अन्तःशुल्क नलाग्ने वस्तु आयात पैठारी गरेको हुँदा सो मा अन्तःशुल्कको निर्धारण र असूलउपर गर्न

मिल्ने अधिकार पनि भन्सार अधिकृतलाई थिएन । आर्थिक ऐन,२०७१ उल्लेख गरी विपक्षीबाट भएको प्रस्तुत निर्धारण त्रुटिपूर्ण छ । महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखा परीक्षण प्रतिवेदन सि.नं. १७ त्रुटिपूर्ण छ । विपक्षीबाट न्यायिक मनको प्रयोग भएको छैन ।अतः विपक्षी भन्सार कार्यालयको मिति २०७३/१२/३१को निर्धारण असूल उपर तथा विपक्षी कार्यालयको सम्पूर्ण कामकारवाही बदर गरी दाखिल गराउन लगाएको रकम फिर्ता पाउने गरी हक इन्साफ पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि.को मिति २०७४/०१/२८ को पुनरावेदनपत्र।

५. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७५/०५/२६ को यस न्यायाधिकरणको आदेश ।

## ठहर खण्ड

६. नियमबमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक तर्फबाट उपस्थित हुन भएका विद्वान अधिवक्ता श्री सीताराम अग्रवालले पुनरावेदकले ल्याएको सामानमा आर्थिक ऐन,२०७१ अनुसार अन्तःशुल्क लाग्दैन। विपक्षी कार्यालयबाट कुनै निर्णय नगरी अन्तःशुल्क असूल गर्न मिल्दैन।अतः विपक्षी भन्सार कार्यालयको मिति २०७३/१२/३१ को निर्धारण असूल उपर तथा विपक्षी कार्यालयको सम्पूर्ण कामकारवाही बदर भई मेरा पक्षलाई दाखिल गराउन लगाएको रकम फिर्ता हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. त्यसैगरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईले महालेखा परीक्षकलाई संविधान बमोजिम वेरुजु औल्याउने अधिकार रहेको विषय सम्मानित सर्वोच्च अदातलबाट समेत स्थापित भई सकेको छ । पुनरावेदकले आयात गरेको सामान महालेखा परीक्षकको कार्यालयले वेरुजु बमोजिम कै रहेको र सो वेरुजुको आधारमा असूल गरिएको करलाई त्रुटिपूर्ण भन्न नमिल्ने हुँदा पुनरावेदकको माग बमोजिम गर्न मिल्ने होईन, शुरु कार्यालयको काम कारवाही सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम दुबै पक्षको बहस जिकिर सुनी मिसिल प्रमाणको अध्ययन गर्दा यसमा निम्न लिखित विषयमा निर्णय दिनु पर्ने देखियोः-

क) महालेखापरीक्षकको कार्यालयलाई सरकारी कार्यालयहरुले गरेको आर्थिक कारोबार परीक्षण गर्न पाउने अधिकार छ छैन ?

ख) शुरु वीरगञ्ज कार्यालयले महालेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदनको आधारमा जारी गरेको पत्रादेश अर्थात निर्णय मिलेको छ छैन ?

ग) पुनरावेदक माथि परेको आर्थिक दायित्ववाट पुनरावेदकले पूर्ण उन्मुक्ति पाउने हुन वा मुद्दा पुनः निर्णयार्थ शुरु कार्यालयमा पठाउनु पर्ने के हो ?

९. प्रथम प्रश्नको सम्बन्धमा विचार गर्दा महालेखा परीक्षकको कार्यालय सबै सरकारी कार्यालयहरुले गरेको आर्थिक कारोबार कानुन सम्मत छ छैनन ? प्रचलित कानूनको रित पुर्‍याइ काम कारवाहीहरु भएका छन छैनन ? भन्ने सम्बन्धमा जाँच परीक्षण गर्ने संवैधानिक निकाय हो । यसले भन्सार कार्यालयले करदाताले पैठारी गरेको मालवस्तुमा कम भन्सार दर लगाएको देखेमा बेरुजू औंल्याउने अधिकार राख्दछ । नेपालको संविधान २०७२ को भाग-२२ को धारा २४१ को उपधारा (१) मा *राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेख परीक्षकबाट हुनेछ ।*" भनी महालेखा परीक्षकको काम,कर्तव्य, अधिकारको व्यवस्था गरेको पाइन्छ । यसरी संविधानले नै महालेखा परीक्षकलाई सरकारी कार्यालयको लेखापरीक्षण गर्ने गरी अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा लेखा परीक्षण गर्ने अधिकार अन्तर्गत लेखा परीक्षणका क्रममा देखिएको त्रुटी औंल्याउने, बेरुजू जनाउने, त्यस्तो त्रुटी सच्याउन र बेरुजू असुल उपर गर्न निर्देशन दिने समेत अधिकार अन्तरनिहित हुने हुँदा संविधान प्रदत्त अधिकारमा संकुचन हुने गरी भन्सार अधिकृतले जाँचपास गरेको सम्बन्धमा बेरुजू औंल्याउने अधिकार महालेखा परीक्षकलाई छैन भनी मान्न मिलेन । यससम्बन्धमा जावालखेल डिस्टलरी प्रा. लि. बिरुद्द मन्त्रिपरिषद सचिवालय समेत भएको उत्प्रेषण समेत बिषयमा सम्मानित सर्वोच्च अदालतबाट *संविधानले नै महालेखा परीक्षकलाई सरकारी कार्यालयको लेखा परीक्षण गर्ने गरी अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा लेखा परीक्षण गर्ने अधिकारअन्तर्गत लेखा परीक्षणका क्रममा देखिएका त्रुटि औंल्याउने, बेरुजु जनाउने, त्यस्तो त्रुटि सच्याउन र बेरुजु असूलउपर गर्नु भनी निर्देशन दिने समेतको अधिकार अन्तर्निहीत हुने हुँदा संविधानप्रदत्त त्यस्तो अधिकारमा संकुचन ल्याउने गरी यस अदालतबाट व्याख्या हुन नसक्ने ।* भनी ने.का.प. २०६८, अङ्क

१०, निर्णय नं. ८६९४ मा सिद्धान्त प्रतिपादन भएको समेतबाट महालेखा परीक्षकले बेरुजू औंलाएकोलाई अन्यथा भन्न मिल्ने देखिएन ।

१०. अब दोस्रो प्रश्न तर्फ विचार गर्दा माथि पहिलो बूदाँमा उल्लेख भएअनुसार पुनरावेदकले पैठारी गरेका मालसामानहरु भन्सार दरबन्दी सङ्केत उपशिर्षक (**HSCODE**)३९२०९९०० थप ५% अन्तःशुल्क लगाउने निर्णय प्रत्यर्थी वीरगञ्ज भन्सार कार्यालयले गरेको भन्ने छुट्टै निर्णय पर्चा देखिदैन । महालेखा परीक्षकको कार्यालयले च.नं. ४ मिति ०७२।११।१८ को पत्रद्वारा वीरगञ्ज भन्सार कार्यालयलाई लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन पठाएको भन्ने विषयमा प्रतिवेदनमा उल्लेखित व्यहोरा सम्बन्धमा ३५ दिन भित्र असुल फछ्यौट भएको प्रमाण वा बेरुजू कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जवाफ पठाउनु हुन अनुरोध भनी जानकारी गराएको र सोही आधारमा वीरगञ्ज भन्सार कार्यालयले च. नं. ६ मिति ०७३।४।३१ को पत्रद्वारा उक्त बेरुजू रकम दाखिला गर्न भनी पुनरावेदकलाई पत्राचार गरेको भन्ने पुनरावेदनपत्र साथ पेश उक्त पत्रको प्रतिलिपीबाट देखिन्छ । महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन बमोजिम बेरुजू कायम हुने नहुने के हो भन्ने बारे वीरगञ्ज भन्सार कार्यालयले कुनै प्रतिकृया लेखा परीक्षक समक्ष पठाएको नपठाएको भन्ने कुरा प्राप्त शुरु मिसिलबाट खुल्न आएको पाइदैन र शुरु मिसिलमा वीरगञ्ज भन्सार कार्यालयको उक्त च.नं. ६ मिति २०७३/०४/३१ को पत्र समेत देखिंदैन ।

११. महसुल निर्धारणको सम्बन्धमा भन्सार अधिकृतबाट हुने निर्णय शुद्ध प्रशासकीय नभई अर्धन्यायिक प्रकृतिको निर्णय हो । अर्धन्यायिक अधिकारीले गर्ने निर्णयमा निर्णयकर्तालाई न्यायिक मनको प्रयोग गरी निर्णयमा पुग्ने आधार र कारण खुलाइएको हुनुपर्छ। अरु कुनै अधिकारी वा निकायले लाए अराए अनुसार वा लेखेको पत्र अनुसारको कार्य गर्ने प्रशासकीय अधिकारी बाहेकका अर्धन्यायिक अधिकारीले कसैको जीउ, धन र वैयक्तिक स्वतन्त्रतामा असर पर्ने निर्णय गर्दा आफै आधार र कारण खोली बुझ्नुपर्ने प्रमाण भए बुझी न्यायिक मनको प्रयोगका साथ गर्नु पर्छ । अर्काको आदेश तामेल गर्ने दृष्टिले गरिएको आफ्नो विश्लेषण विवेचना र मूल्याङ्कन बिनाको निर्णयले न्यायिक निर्णयको स्थान लिन सक्दैन । न्यायिक मनको प्रयोग विना भएको निर्णयलाई कानूनसम्मत निर्णय मान्न मिल्दैन । प्रत्यर्थीले पुनरावेदक माथि भन्सार महसुलको भार बढी पर्ने पत्राचार गर्दा सो अनुसार नगरी महालेखा परीक्षकको पत्रको कार्यान्वयन गर्ने शैली र तरिकाबाट मात्र गरेको देखिदा उक्त निर्णयमा न्यायका आधारभूत मान्यताको ठाडो उलंघन भएको भन्ने देखिन आयो । यस आधारमा उक्त निर्णय मिलेको देखिएन ।

१२. त्यसैगरी तेस्रो प्रश्न भन्सार अधिकृतबाट भएको पत्रादेश मिलेको नदेखिएको परिप्रेक्ष्यमा

उक्त निर्णयबाट पुनरावेदक माथि परेको आर्थिक दायित्ववाट पुनरावेदकले पूर्ण उन्मुक्ति पाउने हुन वा पुनः निर्णयार्थ शुरु कार्यालयमा पठाउनु पर्ने के हो ? भन्ने सम्बन्धमा विचार गर्दा अधिकार प्राप्त कुनै अधिकारीले गरेको निर्णयमा कुनै कार्यविधिगत त्रुटी भएको भन्ने इन्साफ जाँचको रोहमा माथिल्लो निकाय वा अदालत वा न्यायाधिकरणलाई लागेमा ततसम्बन्धमा आफैले प्रमाण बुझी इन्साफ गर्न मनासिब देखेको अवस्थामा बाहेक तत्सम्बन्धमा बुझ्नुपर्ने प्रमाण बुझी पुनः निर्णय गर्नु वा गराउनु भनी सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउन सक्ने माथिल्लो निकाय वा अदालत वा न्यायाधिकरणको अधिकार पुनरावेदकीय अधिकार क्षेत्रकै बिषय हो । शुरु निकाय वा अधिकारीले गर्नुपर्ने निर्णय पुनरावेदन तहले आफै गर्दा सम्बन्धित पक्षको एकतह पुनरावेदन गर्ने अधिकार संकुचित हुन जाने र प्रस्तुत मुद्दामा शुरु कार्यालय भन्सार अधिकृतले आफै गर्नुपर्ने निर्णय नगरी महालेखा परीक्षकको बेरुजू पत्रको आधारमा पुनरावेदक माथि थप व्ययभार पर्ने पत्राचार गरेको विषयवस्तु देखिएको प्रस्तुत मुद्दाको सन्दर्भबाट पुनः निर्णयार्थ सोही कार्यालयमा पठाउनु कानुन एवम् न्यायसंगत हुने देखिन्छ ।

१३. अधिकार प्राप्त प्रशासकीय वा अर्धन्यायिक अधिकारीले गरेको न्यायिक निर्णयमा भएको कार्यविधिगत त्रुटीबाट करदाताले करको दायित्वबाट पूर्ण उन्मुक्ति पाउने भन्न मिल्लैन । पुनः निर्णय हुँदाका अवस्थामा ठहरेबमोजिम हुने र सो पश्चात पुनरावेदक करदाताले चित्त नबुझाएको अवस्थामा पुनः यस न्यायाधिकरणमा पुनरावेदन गर्ने अधिकार निजमा सुरक्षित रहने समेत हुँदा प्रत्यर्थीको कार्यविधिगत त्रुटीबाट भएको पत्रादेशको कारणबाट पुनरावेदकले थप महसुल तिर्न नपर्ने वा पुनरावेदकको जिकिर अनुसार कै भन्सार दरबन्दी कायम हुने भन्न मिलेन । उक्त पत्रादेश बदर गरी यस सम्बन्धमा पुनरावेदक करदाताले पैठारी गरेका मालवस्तु निजले जिकिर लिएअनुसारको भन्सार दरबन्दी भित्र पर्ने वा नपर्ने के हो ? नपर्ने भए के कति कारण र आधारमा भिन्न दरबन्दी कायम हुने हो ? तत्सम्बन्धमा, थप जो जे बुझ्नुपर्ने हो बुझी पुनः निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ को उपदफा (२) को देहाय (ख) अनुसार पुनः निर्णयार्थ शुरु कार्यालय अर्थात वीरगञ्ज भन्सार कार्यालयमा पठाउनु पर्ने देखिन आयो ।

१४. अतः बिबेचित आधार र कारणबाट भन्सार कार्यालय, वीरगञ्जबाट पुनरावेदक करदाताको हकमा च.नं. ६ मिति २०७३/०४/३१ को पत्रद्वारा बेरुजू रकम दाखिला गर्ने सम्बन्धमा दिएको पत्रादेश मिलेको नदेखिँदा उक्त पत्रादेश बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्छ बुझी न्यायिक मनको प्रयोग गरी ३(तीन) महिना भित्र निर्णय गर्नू भनी प्राप्त शुरु मिसिल वीरगञ्ज भन्सार कार्यालय पर्सा वीरगञ्जमा पठाइदिने ठहर्छ । सो ठहर्नाले अरुमा तपसीलबमोजिम गर्नू ।

## तपसील

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम भन्सार कार्यालय, वीरगञ्जबाट पुनरावेदक करदाताको हकमा च.नं. ६ मिति २०७३/०४/३१ को पत्रद्वारा बेरुजू रकम दाखिला गर्ने सम्बन्धमा दिएको पत्रादेश मिलेको नदेखिँदा उक्त पत्रादेश बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्छ बुझी न्यायिक मनको प्रयोग गरी ३(तीन) महिना भित्र निर्णय गर्नू भनी प्राप्त शुरु मिसिल वीरगञ्ज भन्सार कार्यालय पर्सा वीरगञ्जमा पठाइदिने ठहरेकाले प्रस्तुत फैसलाको प्रतिलिपी राखी शुरु मिसिल फैसलाबमोजिम गर्नु भनी विरगंज भन्सार कार्यालय, पर्सा, वीरगञ्जमा पठाई दिनु साथै तारिखमा रुजु रहेका पुनरावेदक वारेशलाई विरगंज भन्सार कार्यालय, पर्सा, वीरगञ्जमा हाजिर हुन जानु भनी तारेख तोकी पठाई दिनु .......................................................१

फैसलाको प्रतिलिपी विशेष सरकारी वकील कार्यालयलाई दिनु....................................२

सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु..................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिन ........................................................................४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री रवि न्यौपाने

इतिसम्बत २०७५ साल पौष २९ गते रोज १ शुभम.................................................

श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

मानननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्प प्रसाद गुरगाईं

फैसला

२०७७/०७८ सालको निर्णय नं.४४

पुनरावेदन नं. : ०७६-RB-००२८

पुनरावेदन दर्ता मिति : २०७६।०५।१०

का.जि.का.म.न.पा. वडा नं. १४ स्थित खेतान ओभरसिज(स्था.ले. नं.३००१६४६२६) को प्रोपाइटर रामचन्द्र खेतान ..............................१ } पुनरावेदक

**विरुद्ध**

सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज.................................... १
मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ..............................१ } प्रत्यर्थी

मुद्दा : भंसार मूल्य निर्धारण

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः विद्धान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी

शुरु निर्णय गर्ने कार्यालयः- सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज

शुरु निर्णय गर्ने अधिकारीः भन्सार अधिकृत सूर्य प्रसाद सेडाई

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०६।२३

मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

**निर्णय गर्ने कार्यालयः** मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ

**निर्णय गर्ने पदाधिकारी : अध्यक्ष निर्मलहरि अधिकारी, सदस्य तर्कराज भट्ट, सदस्य शिव प्रसाद भण्डारी**

निर्णय मितिः–२०७६।०३।१९

पुनरावेदक खेतान ओभरसिजका हकमा सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंज**बाट भएको** मिति **२०७५।०६।२३** को भंसार मूल्य निर्धारणको निर्णय उपर मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौमा **मूल्य पुनरावलोकन**का लागि निवेदन दिएकोमा मूल्यांकन पुनरावलोकन समितिबाट शुरु कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा ऐ.ऐनको दफा ९ को उपदफा (२) बमोजिम तोकिएको धरौटी दाखिला भए/नभएको एकिन गर्ने जिम्मेवारी राजस्व न्यायाधिकरण नियमावली,२०३० को नियम ४ अनुसार स्रेस्तेदारलाई तोकिएको छ। स्रेस्तेदारको काम,कदायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पैठारी कर्ता खेतान ओभरसिजले चीनको ZHONGSHAN ZHENGFENG DRIED FRUIT FOODSTUFFS I & ECO LTD. बाट पैठारी गरेको MIX FRUIT JELLY CANDY को मूल्य सम्बन्धमा पैठारीकर्तालाई थप कागजात प्रमाण पेश गर्न मिति २०७५।०३।०५, मिति २०७५।०३।१४ तथा मिति २०७५।०५।१२ मा भएको पत्राचार।

२. मिति २०७५।०६।१५ मा भन्सार अधिकृत विष्णुप्रसाद शर्मालाई यस सम्बन्धमा राय सहित प्रतिवेदन पेश गर्न भनिएकोमा मिति २०७५।०६।१६ मा राय सहितको प्रतिवेदन प्राप्त भएको मिसिल संलग्न कागजातबाट देखियो।

३. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट मिति २०७४।१०।२१ मा घोषित मूल्यलाई मान्यता दिई भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा ४ बमोजिम भन्सार मूल्य निर्धारण गरी कारोबार मूल्य कायम गरिएको सन्दभर्मा भन्सार विभागको मिति २०७४।११।१४ को पत्र अनुसार पुनः मूल्य निर्धारण गर्न सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०३।०५ को निर्णयबाट पुनः मूल्य निर्धारणको प्रकृयामा पैठारीकर्तासँग घोषित मूल्यलाई मान्यता दिने कागजात र प्रमाणहरु भए पेश गर्न पत्राचार गरिए अनुसार मिति२०७५।०३।०६, मिति२०७५।०३।२७ तथा मिति२०७५।०६।१५ मा पेश गरेको कागजातहरुबाट पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नदेखिएकोले भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम मालबस्तुसँग मिल्दो जुल्दो मालववस्तु(Similar Goods) को कारोबार मुल्यको आधारमा निर्धारण गर्दा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD 2.25 कायम गर्दा बृद्धि भएको मूल्य USD 9307.35 को महशुल छुट हुन गएको हुँदा उक्त छुट भएको मूल्यको तत्कालको Exchange Rate अनुसार रु.९,६१,८२२।— को भन्सार महशुल र मु.अ.कर गरी जम्मा

रु.६,१४,१२४।— दाखिला गराउनु भन्ने सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०६।२३ को निर्णय।

४. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजले **मिति २०७५।०६।२३ मा गरेको** भन्सार मूल्य निर्धारणको **निर्णय चित्त नबुझाई पैठारीकर्ता** खेतान ओभरसिज **ले मूल्य पुनरावलोकनका लागि मिति २०७५।०७।१९ मा मूल्याङ्कन पुनरावलोकन समितिमा पेश गरेको निवेदन।** निवेदकको निवेदन, शुरु कार्यालयको निर्णय एवम् मिसिल संलग्न कागजातको अध्ययन गर्दा सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति **२०७५।०६।२३** को निर्णय र सो बमोजिम जारी महशुल भन्सार ऐनमा तोकेको म्यादभित्र भन्सार कार्यालयले पुनःमूल्याङ्कनको निर्णय नगरेकै कारणले मात्र निजको प्रति किलो अमेरिकी डलर १.६० को कारोवार मूल्य बास्तविक मान्न सकिने अवस्था नदेखिएकोले उक्त निर्णय कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७६।०३।१९ मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौ बाट भएको निर्णय।

५. सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट हाम्रो प्रज्ञापन पत्र नं. M2714बाट Mixed Fruit Jelly Candy परिमाण १४२१९ के.जी. आयात गरी सोको विजक मूल्य U.S.D 1.60 per Kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागको पत्रानुसार भनि सो मूल्यलाई मान्यता नदिई U.S.D 2.25 per Kg मूल्य कायम गरी सोमा भंसार महसूल निर्धारण गर्ने गरी भएको निर्णय कानून लाई आधार लिईएको हो विपक्षीले खुलाउन सकेको पनि देखिदैन। केवल हाम्रो विल मूल्यलाई यथार्थ मान्न नसकिएकोले U.S.D 2.25 per Kg मूल्य निर्धारण भएको भन्ने उल्लेख छ। भंसार मूल्यांकन निर्देशिका,२०६८ को मर्म, भावना र यथार्थ विपरित हुँदा पनि प्रस्तुत मूल्य U.S.D 2.25 per Kgको आधारमा हाम्रो मूल्य कायम गर्न मिल्दैन। U.S.D 2.25 per Kgकायम हुनेगरी गरिएको विपक्षीहरुको मूल्य निर्धारण कानूनतः कायम रहन सक्दैन। हाम्रो विजक मूल्य U.S.D 1.60 per Kg नै कायम गरी न्याय निरोपण गरी पाउँ **भन्नेसमेत जिकिर लिई पैठारी कर्ताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०५।१० मा दर्ता भएको पुनरावेदन पत्र।**

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री तारादेव जोशीले China बाट **Mixed Fruit Jelly Candy** प्रज्ञापनपत्र नं.M२७१४ बाट १४२१९ के.जी.आयात गरि विक्री वितरण गर्ने गरेको, विगत वर्षदेखि आयात समेत गरेको सामानको विजक मूल्य U.S.D.१.६० Per kg, सोको

विजक मूल्य U.S.D.१.६० Per kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागले महानिर्देशकको आदेश बमोजिम लिएर मूल्यलाई मान्यता नदिई U.S.D.२.२५ Per kg मूल्य निर्धारण गरियो। यसरी निर्णय भएको ७ दिनभित्र जानकारी गराउनुपर्नेमा सो समेत विपक्षी कार्यालयबाट भएको पाइदैन। भंसार ऐन,२०६४ को दफा १३ को उपदफा (८) र (९) बमोजिम कारोबार मूल्य विश्लेषण गर्दा स्वचालित भंसार प्रणाली Asycuda Data Base बाट उपलब्ध भएसम्मको पछिल्लो ९० दिनभित्रको तथ्यांक समेत लिई विश्लेषण गर्नपर्नेमा विपक्षी कार्यालयबाट कुनै निश्चित आधार कायम गरि जाँचपास भएको देखिदैन। यसरी आधार र कारण प्रष्ट खुलाएर निर्णय गर्नुपर्नेमा महानिर्देशकको आदेश अनुसार भएको निर्णय कानुन सम्मत नभएकोले बदर हुनुपर्ने र **विपक्षी तर्फबाट उपस्थित शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले पुनरावेदक खेतान ओभरसिजले पैठारी गरेको Jelly Candy China हुंदै कोलकत्ताबाट ल्याएको देखिन्छ। मूल्य तोकिएको अमेरिकी डलर १.६० मिलेट भनि जिकिर समितिले गरेको निर्णय मिलेन भनेकोमा सो सम्बन्धी कुनै कागजात समेत पेश गरेको स्थिति छैन। आशिक्यूडा मापदण्ड अनुसार हुने भनि खुलाइएको छ। उक्त पैठारी गरेको सामान १.६० प्रति किलो मान्यता दिन मिल्दैन, २.२५ नै कायम हुने गरि भएको निर्णय सदर हुनुपर्छ भन्ने व्यहोरा बहस प्रस्तुत गर्नुभयो।**

७. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

८. **निर्णय तर्फ विचार गर्दा** पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नदेखिएकोले भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम मालबस्तुसँग मिल्दो जुल्दो मालवस्तु(Similar Goods) को कारोबार मुल्यको आधारमा निर्धारण गर्दा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD २.२५ कायम गर्दा बृद्धि भएको मूल्य USD 9307.35 को महशुल छुट हुन गएको, उक्त छुट भएको मूल्यको तत्कालको Exchange Rate अनुसार रु.९,६१,८२२।— को भन्सार महशुल र मु.अ.कर गरी जम्मा रु.६,१४,१२४।— दाखिला गराउनु भन्ने सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजको मिति २०७५।०६।२३ को **निर्णय भएको देखियो।**

९. त्यस्तै भन्सार कार्यालयले पुनःमूल्याङ्कनको निर्णय नगरेकै कारणले मात्र पैठारीकर्ताले पैठारी गरेको **Mixed Fruit Jelly Candy** सामानको प्रति किलो अमेरिकी डलर १.६० को कारोवार मूल्य बास्तविक मान्न सकिने अवस्था नदेखिएकोले उक्त निर्णय कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७६।०३।१९ मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाण्डौबाट निर्णय भएको पाइयो।

१०. यी पुनरावेदक करदाताले सुख्खा बन्दरगाह भंसार कार्यालय, पर्सा विरगंजबाट प्रज्ञापन पत्र नं. M2714 बाट **Mixed Fruit Jelly Candy** परिमाण १४२१९ के.जी. आयात गरि

सोको विजक मूल्य U.S.D १.६० per Kg घोषणा गरिएकोमा विपक्षी कार्यालयबाट भंसार विभागको पत्रानुसार भनि सो मूल्यलाई मान्यता नदिई U.S.D २.२५per Kg मूल्य कायम गरी सोमा मूल्य निर्धारण गर्ने सिलसिलामा भन्सार ऐन,२०६४ को दफा १३(९) बमोजिम आशिक्यूडा डाटावेससमेतको आधारमा मूल्य निर्धारण गरेको देखिन्छ। यसरी मालवस्तुको जाँचपासको सम्बन्धमा मिति २०७४/११/१४ मा महानिर्देशकबाट पुनः मूल्यांकनको लागि आदेश भै सो आदेश बमोजिम पुनः मूल्य निर्धारण भएको निर्णय बदरभागी रहेको भनि पैठारीकर्ताले लिएको दावी समेत युक्ति संगत मान्न नसकी पैठारी गरेको सामान प्रति किलो अमेरिकी डलर १.६० को कारोबार मूल्य वास्तविक मान्यता दिन नसकी २.२५ कायम गर्ने गरि मूल्याङ्कन पुनरावलोकन समितिबाट गरेको निर्णय कानुन सम्मत नै देखिन आयो।

११. माथी उल्लेखित आधार कारणबाट पुनरावेदक पैठारीकर्ता खेतान ओभरसिजलाई भन्सार महसुल निर्धारण गर्ने गरी मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौबाट मिति २०७६/०३/१९ मा गरेको निर्णय मिलेको देखिदाँ सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू-------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू----------------------------३

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

उक्त रायमा हामी सहमति छौ।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>

शाखा अधिकृतःसनिता लामा

टिपोट गर्नेः डिठ्ठा मनोज फुयाँल

ईति सम्बत् २०७७ साल पुष २७ गते रोज २ शुभम्-----------------------------।

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नर नाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ९२

पुनरावेदन नं. : ०७५-RB-००९४

थापाथली, काठमाण्डौं स्थित स्थायी लेखा नं. ३०३८५५३५६ को The Leaf Hospitality Pvt.Ltd. को तर्फबाट अधिकारप्राप्त संचालक बिजय कुमार अग्रवाल...१ } पुनरावेदक

**विरूद्ध**

श्री भंसार जाँचपास परिक्षण कार्यालय, तीनकुने काठमाण्डौं.......................१ } प्रत्यर्थी

**मुद्दाः भंसार महसुल र मू.अ. कर निर्धारण**

शुरु निर्णय गर्ने अधिकारी :श्री किशोर जोशी

शुरु निर्णय गर्ने कार्यालय :- भंसार जाँचपास परिक्षण कार्यालय, तीनकुने काठमाण्डौं

शुरु निर्णय मिति : २०७५।०५।२६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

भंसार जाँचपास परिक्षण कार्यालय, तीनकुने काठमाण्डौंबाट भएको मिति २०७५।०५।२६ कोनिर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१)बमोजिम पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

**मुद्दाको तथ्य**

१. भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौं को कार्यक्षेत्र

अन्तरगतका पैठारीकर्ता श्री The Leaf Hospitality Pvt.Ltd. ले त्रि.वि.स्थल र वीरगंज भन्सार कार्यालयबाट प्रज्ञापनपत्र नं. विभिन्न मिति (सन्) २०१६।०५।११ देखि २०१६।०८।११ सम्म पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुदाँ उक्त पैठारीसंग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनि भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौंबाट च.नं. २९४ मिति २०७३।०६।१३ को पत्रमार्फत पत्राचार ।

२. उक्त प्रज्ञापन पत्रहरुवाट पैठारी भएका मालवस्तुहरुको लागि यस कार्यालयबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत पैठारीकर्ताले बर्गिकरण फरक पारी घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (३) बमोजिम थप महशुल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (६) बमोजिम पैठारीकर्तालाई मिति २०७५।०५।०५ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना पठाइएकोमा उक्त पत्र को जवाफ मिति २०७५।०५।१९ मा पेश भएको ।

३. पैठारीकर्ताले लिखित जवाफमा Performa Invoice र Commercial Invoice मा तोकिएकै दरबन्दी प्रयोग गरी घोषणा गरेको, उक्त मालवस्तुमा मु.अ.कर लाग्नु नपर्ने देखिएकाले मु.अ.कर नलगाईएको हो । कम्पनिले राजस्व छली गर्ने अभिप्रायले मु.अ.कर तिर्न छुटाएको होइन भन्ने समेत व्यहोराको पैठारीकर्ता The Leaf Hospitality Pvt.Ltd. को तर्फबाट मिति २०७५।०५।१९ मा भंसार जाँचपास परिक्षण कार्यालय सुविधानगर, तिनकुने, काठमाडौं मा पेश भएको जवाफ ।

४. पैठारी भएको समयमा सो मालवस्तुमा मु.अ.कर लाग्नु नपर्ने भन्ने कही कतै ऐन, नियममा उल्लेख भएको नदेखिएको र घोषित मालवस्तुको दरबन्दि नै फरक पारी घोषणा गरेकोले पैठारीकर्ताको जवाफ चित्त बुझ्दो र प्रमाण (तथ्य) मा आधारित नभएकोले मिति २०७५।०५।०५ मा जारी गरीएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप महशुल निर्धारण मनासिव नै भएको पाइएकाले पैठारीकर्ताले दाखिला गर्नुपर्ने भन्सार महशुल रु.१२,३७६।— तथा भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (३) बमोजिम शतप्रतिशत जरिवाना रु.१२,३७६।— समेत जम्मा भन्सार महसुल रु.२४,७५२।-, मू.अ.कर ५,५९,६५५।— तथा सोही ऐनको दफा ३४ को उपदफा (३) बमोजिम शतप्रतिशत जरिवाना रु.५,५९,६५५।— समेत जम्मा

मू.अ.कर रु.११,१९,३१०।— समेत कुल जम्मा राजस्व रु.११,४४,०६२।— को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महशुल निर्धारण आदेश जारी गर्नु भन्ने भन्सार जाँचपास परीक्षण कार्यालय काठमाण्डौंबाट मिति २०७५।०५।२६ मा भएको निर्णय ।

५. पुनरावेदकले प्र.द.नं. ६६८७४ अन्तर्गत पैठारी गरेको सि.नं. १, २ र ६ का सामानहरु हार्मोनाइज्ड कोड नं. ८४३८८००० रहेको र सो मोल रकम निर्विवाद रहेको तथ्य सम्वन्धित निर्यातकर्ता Sinmag Equipment WUXI co. Ltd. को Proforma Invoice र भंसार प्र.द.नं. ६६८७४ मा बीरगंज भंसार कार्यालयको मिति २०७३।०३।१३ को निर्णय समेतवाट प्रमाणित रहेको, प्र.द.नं. १७४२९ अन्तर्गत पैठारी गरेको निर्यातकर्ता MBM ITW FOOD EQUIPMENT GROUP को Commerccial Invoice No.008210 मा उल्लेखित आइटम नं. १, २, ३, ४, ५, ६, ७ र ८ का समानहरु हार्मोनाइज्ड कोड नं. ८४१९८१ अन्तर्गतको रहेको र आइटम नं. ९ को समान हार्मोनाइज्ड कोड नं. ८४२२१९०० अन्तर्गतको रहेको तथा त्यसमा उल्लिखित मोल रकम निर्विवाद रहेको तथ्य सम्वन्धित निर्यातकर्ता MBM ITW Food Equipment Group को Commercical Invoice र भंसार प्र.द.नं. १७४२९ मा त्रिभुवन विमानस्थल भंसार कार्यालयवाट Fiscal Varification तथा मिति २०७३।०१।२९ को निर्णय समेतवाट प्रमाणित छ ति मालवस्तु घरेलु शीर्षक ८५०९ वा ८५१६६० का विद्युत यान्त्रिक घरेलु उपकरणहरु (होमेष्टिक अप्लायन्सेस) पैठारी गरेको नभएकाले प्रत्यर्थी भन्सार जाँचपास परीक्षण कार्यालयवाट भएको मिति २०७५।०५।२६ को निर्णय गैरकानूनी र अन्यायपुर्ण हुँदा बदरभागी छ, बदर गरी पाउँ र प्रत्यर्थी कार्यालयको निर्णयानुसारको थप भन्सार महसुल र मू.अ.कर तिर्नु बुझाउनु नपर्ने ठहर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक The Leaf Hospitality Pvt.Ltd. का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०७।१४ मा पेश भएको पुनरावेदन पत्र ।

६. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५।०९।०५ मा भएको आदेश ।

## ठहर

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

८. पुनरावेदक The Leaf Hospitality Pvt.Ltd को तर्फबाट उपस्थित हुनु भएका विद्धान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले पुनरावेदक प्रा.लि. पर्यटन उद्योग हो । प्रा.लि. ले

होटल व्यवसाय संचालन गर्नको लागि आवश्यक पर्ने सामानहरु आयात गर्नका लागि पर्यटन विभागबाट भन्सार छुट सुविधा दिनु भनी सिफारिस भएको छ । सोही सिफारिस बमोजिम पुनरावेदक प्रा.लि. ले सन २०१६।५।११ देखि २०१६।८।११ सम्म त्रिभुवन विमानस्थल भन्सार कार्यालय र विरगंज भन्सार कार्यालयबाट प्र.द.नं. ६६८७४८ र १७४२९ बाट पैठारी गरिएका सामानहरु भन्सार वर्गिकरण शिर्षक नम्बर ८४३८८०९०, ८४१७२०००, ८४१९८१०० मा पर्ने हुँदा सोही बमोजिम घोषणा गरी भन्सारबाट जाँचपास समेत गराई ऐनले पाउने छुटसमेत लिई भन्सार जाँचपास गरिएकोमा वर्गिकरण शिर्षक नम्बर ८५१६६००० मा पर्ने भनी मूल्य अभिवृद्धि कर नै नलाग्नेमा मूल्य अभिवृद्धि कर थप भन्सार महसूल र जरिवाना समेत लगाउने गरी भएको भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुनजे काठमाडौंको निर्णय कानून प्रतिकूल हुँदा बदर गरी कम्पनीले भन्सार कार्यालयमा गरेको घोषणालाई कायम गरिनु पर्दछ भनी गर्नु भएको बसह समेत सुनियो ।

९. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले पुनरावेदक कम्पनीले भन्सार महसूल दरबन्दी शिर्षक नम्बर ८५०९ र ८५१६६० बाट ५ प्रतिशत भन्सार महसूल बुझाई सामान पैठारी गर्नुपर्नेमा भन्सार दरबन्दी शिर्षक नम्बर ८४१९ बाट ४ प्रतिशत मात्र भन्सार महसूल लाग्ने भनी गलत दरबन्दी शिर्षक नम्बर उल्लेख गरी कम भन्सार महसूल बुझाएको देखिएको हुँदा सो कम बुझाएको भन्सार महसूल र मूल्य अभिवृद्धि कर लगाउने गरी भएको भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौंको मिति २०७५।५।२६ मा भएको निर्णय मनासिव हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१०. निर्णय तर्फ विचार गर्दा पुनरावेदकले प्र.द.नं. ६६८७४ अन्तर्गत पैठारी गरेको सि.नं. १, २ र ६ का सामानहरु हार्मोनाइज्ड कोड नं. ८४३८८००० रहेको र सो मोल रकम निर्विवाद रहेको तथ्य सम्वन्धित निर्यातकर्ता Sinmag Equipment WUXI co. Ltd. को Proforma Invoice र भंसार प्र.द.नं. ६६८७४ मा बीरगंज भंसार कार्यालयको मिति २०७३।०३।१३ को निर्णय समेतवाट प्रमाणित रहेको, प्र.द.नं. १७४२९ अन्तर्गत पैठारी गरेको निर्यातकर्ता MBM ITW FOOD EQUIPMENT GROUP को Commerccial Invoice No.008210 मा उल्लेखित आइटम नं. १, २, ३, ४, ५, ६, ७ र ८ का समानहरु हार्मोनाइज्ड कोड नं. ८४१९८१ अन्तर्गतको रहेको र आइटम नं. ९ को समान हार्मोनाइज्ड कोड नं. ८४२२१९०० अन्तर्गतको रहेको तथा त्यसमा उल्लिखित मोल रकम निर्विवाद रहेको तथ्य सम्वन्धित निर्यातकर्ता MBM ITW Food Equipment

Group को Commercical Invoice र भंसार प्र.द.नं. १७४२९ मा त्रिभुवन विमानस्थल भंसार कार्यालयवाट Fiscal Varification तथा मिति २०७३।०१।२९ को निर्णय समेतवाट प्रमाणित छ ति मालवस्तु घेरलु शीर्षक ८५०९ वा ८५१६६० का विद्युत यान्त्रिक घेरलु उपकरणहरु (होमेष्टिक अप्लायन्सेस) पैठारी गरेको नभएकाले प्रत्यर्थी भन्सार जाँचपास परीक्षण कार्यालयवाट भएको मिति २०७५।०५।२६ को निर्णय गैरकानूनी र अन्यायपुर्ण हुँदा बदरभागी छ, बदर गरी पाउँ र प्रत्यर्थी कार्यालयको निर्णयानुसारको थप भन्सार महसुल र मू.अ.कर तिर्नु बुझाउनु नपर्ने ठहर गरी पाउँ भनी पुनरावेदनमा जिकिर लिएको देखिन्छ ।

११. आर्थिक ऐन २०७२ को दफा २ मा भन्सार महसूल लाग्ने व्यवस्था गरेको र सोको उपदफा (१) मा नेपाल भित्र पैठारी हुने मालबस्तुमा अनुसूची १ बमोजिम भन्सार लगाइने र असूल उपर गरिने व्यवस्था गरेको पाइन्छ । अनुसूची १ को दफा १४ को उपदफा ३ को खण्ड (ग) मा भाग ८४ को पाँच प्रतिशत भन्सार महसूल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल, मेसिनरी एवं यन्त्रउपकरणहरुमा मात्र चार प्रतिशत भन्सार लाग्ने व्यवस्था रहेको देखिन्छ । सोही अनुसूचीको दफा १५ को उपदफा (३) को खण्ड (छ) बमोजिम उपखण्ड (अ) मा उल्लिखित मालबस्तुहरुमा पाँच प्रतिशत मात्र भन्सार महसूल लाग्ने व्यवस्था रहेको पाइन्छ ।

१२. पुनरावेदकले प्र.द.नं. १७४२९ मिति २०७३।१।२९ को प्रज्ञापनपत्रबाट पैठारी गरेको मालबस्तु आर्थिक ऐन २०७२ को अनुसूची १ को दफा १५(३)(छ) मा पर्ने हुँदा पाँच प्रतिशत भन्सार महसूल लाग्ने देखिन्छ । आर्थिक ऐन २०७२ ले मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची १(कर छुट हुने बस्तु तथा सेवाको सूची) मा गरेको संशोधन बमोजिम उक्त पैठारी गरेका बस्तुहरु भन्सार उपशिर्षक ८५०९८०० र ८५१६६००० बाट पैठारी हुने देखिएको र मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची १ को समूह ११ अन्य बस्तु तथा सेवाको (अ) मालबस्तुहरुको सूचीमा परेको नदेखिएकोले सो बस्तुहरुमा मूल्य अभिवृद्धि कर लाग्ने देखिन्छ ।

त्यस्तै गरी आर्थिक ऐन २०७३ को दफा २ को उपदफा (१), अनुसूची १ को दफा १४ को उपदफा (३) को खण्ड (ग) बमोजिम भाग ८४ को पाँच प्रतिशत भन्सार महसूल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल मेशिनरी एवं यन्त्रोउपकरणहरुमा चार प्रतिशत भात्र भन्सार महसूल लाग्ने व्यवस्था रहेको र दफा १५ को उपदफा (३) को खण्ड (छ) को उपखण्ड (अ) मा उल्लेखित मालबस्तुहरूमा ५ प्रतिशत भन्सार महसूल लाग्ने व्यवस्था गरेको र सो अवस्थाबाट पुनरावेदक कम्पनीले पैठारी गरी ल्याएका मालबस्तुहरू भन्सार दरबन्दी शिर्षक नम्बर ८५१६६० अन्तर्गत पर्ने देखिएको

र सो अन्तर्गत पर्ने मालसामानको पैठारीमा ५ प्रतिशत भन्सार महसूल महसूल लाग्ने स्पष्ट कानूनी व्यवस्था रहेको साथै पैठारी गरिएका मालबस्तुमा आर्थिक ऐन २०७३ बमोजिम मूल्य अभिवृद्धिकर ऐन २०५२ को अनुसूची १ अन्तर्गत कर छुट हुने बस्तु तथा सेवामा नपरेको हुँदा ती बस्तुहरूमा मु.अ.कर समेत लाग्ने कानूनी व्यवस्था भएको समेतबाट थप भन्सार महसूल र मु.अ.कर लगाउने भनी भएको भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

१३. यसमा स्थायी लेखा नं. ३०३८५५३५६ भएका पुनरावेदक करदाता द लिफ हस्पिटालिटी प्रा.लि. को कर निर्धारणको सम्वन्धमा शुरु भन्सार जाँचपास परिक्षण कार्यालय, तिनकुने, काठमाण्डौबाट मिति २०७५।५।२६ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरूमा तपसिल बमोजिम गर्नु ।

**तपशिल**

१४. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ।

१५. सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ।

१६. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

नरनाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७६ साल माघ ६ गते रोज २ शुभम......

# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवनकुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की

**फैसला**

२०७५ सालको मुद्दा नं. ०७५-RB- ०१३३

निर्णय नं. ९७

मुद्दाः- सुन चोरी पैठारी ।

**3-11 BAGAPPA SHETTY HOUSE PADEBETTU PADUBIDRI BANGALORE, INDIA** स्थाई ठेगाना भएको **India** को राहदानी नं. **R2342388** वाहक **VINOD NARAYAN SHETTY**..............................................१ } पुनरावेदक

**विरुद्ध**

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री चुडाराज सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार.........................................१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने पदाधिकारीः– प्रमुख भन्सार प्रशासक गजेन्द्र कुमार ठाकुर।
शुरु निर्णय मितिः– २०७५/०७/१५

शुरु निर्णय गर्ने कार्यालयः- श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाण्डौ ।

यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक गजेन्द्र कुमार ठाकुरले मिति २०७५।७।१५ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम प्रतिवादीको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

**मुद्दाको तथ्य**

१. मिति २०७५/०२/०३ गतेका दिन बेलुकाको करिब ९:३० बजेको समयमा **FLY DUBAI** को उडान नं. **FZ 575** द्वारा **DUBAI** बाट काठमाडौं आएका **INDIA** स्थायी

ठेगाना भएका **INDIA** को राहदानी नं. **R2342388** वाहक **INDIA** को नागरिक **VINOD NARAYAN SHETTY** लाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाकथ्रु एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको साथबाट ४१० (चार सयदश) ग्राम तौल भएको २० (बीस) थान (रिङ १० चेन ३ ब्रासलेट ५ लकेट १ बाला १ समेत आकारको) सुन बरामद भएको देखिन्छ । यसरी बरामद भएको माथि उल्लेखित सुन प्रतिग्राम रु.५,००६.८५ को दरले ४१० ग्रामको जम्मा मूल्य रु.२०,५२,८०९/-( अक्षेरुपी बीस लाख बाउन्न हजार आठसय नौ रुपैयाँ) भएको र प्रचलित कानून उलंघन गरी चोरी पैठारी गरेको देखिएको भन्ने समेत व्यहोराको वरामदी मुचुल्का ।

२. मिति २०७५/०२/०३ गतेका दिन बेलुकाको करिब ९:३० बजेको समयमा **FLY DUBAI** को उडान नं. **FZ 575** द्वारा **DUBAI** बाट काठमाडौं आएका **INDIA** स्थायी ठेगाना भएका **INDIA** को राहदानी नं. **R2342388** वाहक **INDIA** को नागरिक **VINOD NARAYAN SHETTY** लाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाकथ्रु एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको साथबाट मूल्य रु.२०,५२,८०९।- बरावरको गहना आकारको सुन थान बीस (४१० ग्राम) फेला परेको विवरण सहित निजलाई र निजको साथबाट बरामद भएको सुन साथ रितपूर्वकको बरामदी मुचुल्का तयार गरी निजलाई पक्राउ गरी भन्सार ऐन,२०६४ बमोजिम आवश्यक कारवाहीको लागि पेश गरेका छौ भन्ने समेत व्यहोराको प्रमुख भन्सार अधिकृत श्री चुडाराज सापकोटा समेतको प्रतिवेदन ।

३. उजुरी प्रतिवेदन, बरामदी मुचुल्का, बरामदित सुनको गहना आकारको बीस थान र मानिस सहित दाखिला हुन आएकोले भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा (३) बमोजिम कारबाहीको लागि मुद्दा दर्ता गर्ने र **VINOD NARAYAN SHETTY** को बयान तथा अन्य कानूनी कारबाही अगाडि बढाउने भन्ने समेत व्यहोराको मिति २०७५।०२।०४ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आदेश ।

४. त्रिभुवन विमानस्थल भन्सार कार्यालयको यात्रु जाँचपास तथा सहजीकरण शाखाको वाकथ्रु एरियामा भन्सारका कर्मचारीहरुले एक्सरेमा चेकजाँच गर्दा मेरो साथबाट रिंग १०, चेन ३, ब्रासलेट ५, लकेट १, बाला १ गरी जम्मा बीस थान सुन र सुनमा जडित पत्थर समेतको जम्मा (कुल तौल ४१० ग्राम) बरामद गरेका हुन। सो सुनको गहना आफैले दुबईमा किनी ल्याएको हुँ। अरु कसैले मगाएको वा पठाएको होइन। नेपालको कानुनको बारेमा मलाई थाहा भएन। अनजानवश भएको कार्यलाई मनन गरी माफ पाँउ भन्ने समेत व्यहोराको प्रतिवादी **VINOD NARAYAN SHETTY** ले अनुसन्धान अधिकृत समक्ष गरेको वयान।

५. प्रतिवादीको कार्य भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिँदा भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम बरामद भएको ४१० ग्राम सुन जफत गरी निजलाई सोही भन्सार ऐनको २०६४, को दफा ५७ को उपदफा (१) बमोजिम मूल्य रु.२०,५२,८०९।— वरावर जरिवाना र दफा ५७(१) को खण्ड (क) बमोजिम हदैसम्मको कैद सजाय समेत हुन र प्रतिवेदकलाई पुरस्कारको व्यवस्था हुन मागदावी भएको अभियोगपत्र ।

६. मिति २०७५/०२/०४ गते प्रमुख भन्सार अधिकृत चुडाराज सापकोटा समक्ष गरेको वयानलाई कायम गरी पाउँ भन्ने प्रतिवादी **VINOD NARAYAN SHETTY** ले प्रमुख भन्सार प्रशासक समक्ष मिति २०७५/०२/०६ मा गरेको वयान कागज ।

७. बुझ्दै जाँदा ठहरे बमोजिम प्रचलित कानून बमोजिम हुने गरी हाललाई प्रतिवेदनमा उल्लेख भए बमोजिम निज प्रतिवादी **VINOD NARAYAN SHETTY** बाट जम्मा रु.२०,५४,३३०।- नगद धरौटी माग गर्नु, माग बमोजिम धरौटी रकम दाखिला गरे तारिखमा र धरौटी रकम दाखिला नगरे दफा ४१ को उपदफा (२) बमोजिम थुनुवा पूर्जि कारागार कार्यालय, जगन्नाथदेवल,काठमाडौंमा राख्नु भन्ने समेत व्यहोराको मिति २०७५/०२/०६ को थुनछेक आदेश ।

८. प्रतिवादीको बयानमा कही कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएकोले प्रतिवादीबाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहर्छ। सो ठहर्नाले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम जरिवाना र उपदफा (१) को खण्ड (क) बमोजिम प्रतिवादीबाट बरामद भएको ४१० ग्राम सुनको गहना बीस थान जफत हुन्छ र भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम प्रतिवादीबाट जफत भएको सुनको विगो मूल्य रु.२०,५२,८०९।- जरिवाना गरी सोही उपदफाको खण्ड (क) बमोजिम तीन दिन कैद हुने ठहर्छ भन्ने समेत व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७५/०७/१५ को निर्णय ।

९. मबाट वरामदित सुनका गहनाहरु चोरी पैठारीको नभई मेरो नितान्त व्यक्तिगत सम्पत्ति भएका कारण ती गहनाहरु जफत गर्ने हचुवाको आधारमा भएकोले मलाई अतिनै अन्याय भयो । अतः मिति २०७५/०७/१५ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकले गरेको फैसला उल्टी गरी अभियोग मागदावीबाट सफाई दिलाई जफत गरिएका मेरा सुनका गहना थान २० फिर्ता दिलाई सो कार्यालयमा मैले दाखिल गरेका धरौटी रकम दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी **VINOD NARAYAN SHETTY** को पुनरावेदन पत्र।

१०. पुनरावेदकले यस न्यायाधिकरणबाट तोकिपाएको मिति २२०७५/०८/२१को तारेख गुजारी थाम्ने थमाउने म्याद समेत व्यतित भइसकेको देखियो ।

## ठहर खण्ड

११. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकले यस न्यायाधिकरणबाट तोकिपाएको तारेख गुजारी बसेको देखिएतापनि राजस्व न्यायाधिरण नियमावली, २०३० को नियम १२(७) मा दैनिक मुद्दा पेशी सूचीमा चढीसकेपछि तारेख गुजारेको कारणबाट मुद्दा डिसमिस हुँदैन र ठहरेबमोजिम फैसला हुनेछ भनी उल्लेख हुँदा शुरु मिसिल र पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी हेर्दा, यसमा शुरु कार्यालयबाट मिति २०७५।७।१५ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट यी पुनरावेदकलाई निजबाट वरामद भएको सुन जफत गरी सो सुनको विगो वरावरको रु.२०,५२,८०९।- जरिवाना र ३ (तीन) दिन कैद सजाय गर्ने गरी भएको निर्णय उपर चित्त नबुझाई पुनरावेदक/प्रतिवादीको यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१३. पुनरावेदकले आफूले उक्त गहना दुबईमा खरिद गरेको भगवानका मूर्ति सहितका सुनका गहनाहरु आफुले धारण गरेको, मबाट वरामदित सुनका गहनाहरु चोरी पैठारीको नभई मेरो नितान्त व्यक्तिगत सम्पत्ति भएका कारण ती गहनाहरु जफत गरी जरिवाना र कैद समेत हुने गरी भएको निर्णय उल्टी हुनुपर्छ भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा मिसिल संलग्न बरामदी मुचुल्का हेर्दा यी पुनरावेदक कै रोहवरमा सुन वरामद भएको देखिनुका साथै आफूबाट नै उक्त मुचुल्कामा उल्लेख गरेबमोजिमका सुन वरामद भएको कुरामा स्वीकार गरी पुनरावेदकले वरामदी मुचुल्कामा सहिछाप गरिदिएको अवस्था छ । पुनरावेदकले अनुसन्धान अधिकृत समक्ष त्रिभुवन विमानस्थल भन्सार कार्यालयको यात्रुजाँचपास तथा सहजीकरण शाखाको वाकथ्रु एरियामा भन्सारका कर्मचारीहरुले एक्सरेमा चेकजाँच गर्दा मेरो साथबाट रिंग १०, चेन ३, ब्रासलेट ५, लकेट १, बाला १ गरी जम्मा बीस थान सुन र सुनमा जडित पत्थर समेतको जम्मा (कुल तौल ४१० ग्राम) बरामद गरेका हुन। सो सुनको गहना आफैले दुबईमा किनी ल्याएको हुँ। अरु कसैले मगाएको वा पठाएको होइन। नेपालको कानुनको बारेमा मलाई थाहा भएन। अनजानवश भएको कार्यलाई मनन गरी माफ पाँउ भन्ने समेत व्यहोरा उल्लेख गरी वयान गर्नुको अतिरिक्त शुरु निर्णय गर्ने अधिकारी समक्ष उक्त वयानलाई कायम गरी पाउँ भनी उल्लख गरिदिएको पाइन्छ।

१४. प्रतिवादीबाट वरामदित उक्त सुन आफूले भन्सार कार्यालयमा प्रज्ञापनपत्र भरी घोषणा गरी ल्याएको भनी भन्न सकेको पाइदैन। उक्त वरामदित सुन नेपालको विद्यमान कानूनले ल्याउन पाउने भन्दा बढी परिणामको देखिनुका अतिरिक्त कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तका आधारमा प्रतिवादीले आफूलाई कानून थाहा नभएको भनी लिएको जिकिर समेत विधिसम्मत देखिन आएन । मूलतः कुनै व्यक्तिसँग गैरकानूनी सुन वरामद हुन्छ र निजले उक्त सुन मैले कानूनसम्मत तरिकाबाट ल्याएको हुँ भनी कुरा प्रमाणद्वारा

प्रमाणित गर्न सक्नु पर्दछ । यसरी मिसिल संलग्न वरामदी मुचुल्काबाट वरामदित सुन प्रतिवादीबाट वरामद भएकोमा विवाद नदेखिएको, प्रतिवादीले अनुसन्धान अधिकृत र शुरु मुद्दा हर्ने अधिकारी समक्ष उक्त सुन आफ्नो भएको कुरालाई स्वीकार गरिदिएको तथ्यलाई नै कसूर पुष्टि गर्ने प्रमुख आधारको रुपमा लिनुपर्ने देखिन आयो । अतएवः वरामद सुन जफत गरी विगो बमोजिम जरिवाना र कैद सजाय समेत गर्ने गरी भएको शुरु कार्यालयको निर्णय मनासिब नै देखिन आयो । उक्त शुरु निर्णय बदर गरी आफूलाई अभियोग दावीबाट सफाई होस भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१५. तसर्थ, माथि विवेचित सिद्धान्त एवं कारण समेतको आधारमा प्रतिवादीले भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी गरेको ठहर्‍याई सोही ऐनको दफा ५७(१) खण्ड (क) बमोजिम वरामद सुन जफत भई प्रतिवादीलाई वरामद सुनको विगो मूल्य रु. २०,५२,८०९/- जरिवाना एवं ३(तीन) दिन कैद गर्ने गरी शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५/०७/१५ मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू।

## तपसील

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ...........................................................................१

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु ....................................................२

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः - श्री रबि न्यौपाने (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल चैत्र महिना १० गते रोज १ शुभम् ...........................

राजस्व न्यायाधिकरण काठमाडौ

<u>इजलास</u>

मानवीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवनकुमार घिमिरे

लेखा सदस्य श्री डम्बर बहादुर कार्की

<u>फैसला</u>

२०७५ सालको मुद्दा नं. ०७५-RB-००९३

निर्णय नं. ९८

मुद्दाः- सुन चोरी पैठारी ।

| | |
|---|---|
| बंगलादेश स्थाई बसोबास (घर) भई हाल कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वर काठमाण्डौ अन्तर्गत भद्रबन्दी गृहमा थुनामा रहेका बंगलादेशी नागरिक राहदानी नं. **AE4052096** वाहक **MD Khalilur Rahman**........................१ | पुनरावेदक |

<u>विरुद्ध</u>

| | |
|---|---|
| महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय प्र.ना.म.नी. गोविन्दप्रसाद निरौला समेतको प्रतिवेदनले नेपाल सरकार......................................................१ | प्रत्यर्थी |

शुरु निर्णय गर्ने पदाधिकारीः- प्रमुख भन्सार प्रशासक योगेन्द्र गौचन।

शुरु निर्णय मितिः- २०७३/०१/३०

शुरु निर्णय गर्ने कार्यालयः- श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाण्डौ ।

यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक योगेन्द्र गौचनले मिति २०७३।१।३० मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम प्रतिवादीको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

<u>मुद्दाको तथ्य</u>

१. राहदानी नं. **AE** ४०५२०९६ बाहक **MD KHALILUR RAHMAN** ले मलद्वारमा **SUISSE 100g 999.9** लेखिएको सुनको टुक्रा थान ३ र **100g FINE GOLD 999.9**

**Switzerland** लेखिएको सुनको टुक्रा थान एक गरी जम्मा सुनको टुक्रा थान ४(चार) ले हुन आउने तौल ४००(चारसय) ग्राम सुनको मूल्य रु.१९,०३,६००।– बराबरको सुन वरामद भएको भन्ने समेत व्यहोराको मिति २०७२/११/०८ को वरामदी मुचुल्का ।

२. मिति २०७२/११/७ गतेका दिन अन्दाजी २३:०० बजेको समयमा मलेसियन एअरको उडान नं. **MH 114** द्वारा मलेसियाबाट काठमाडौं आगमन भएका राहदानी नं. AE ४०५२०९६ बाहक बंगलादेशी नागरिक **MD KHALILUR RAHMAN** लाई शंका लागि यस त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय उडानतर्फको आगमन प्रि-पेड ट्याक्सी काउन्टर अगाडि प्रहरी चेकिङ्ग एरियामा नियन्त्रणमा लिई चेकजाँच गर्दा केही फेला नपरेकोले निजहरुलाई नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा लगि एक्सरे गर्दा मलद्वारमा सेतो बस्तु देखिएकोले आकस्मिक कक्ष नजिकै रहेको पुरुष शौचालयमा लगी दिशा गर्न लगाँउदा **SUISSE 100g 999.9** लेखिएको सुनको टुक्रा थान ३ र **100g FINE GOLD 999.9 Switzerland** लेखिएको सुनको टुक्रा थान ४(चार) ले हुन आउने ४००(चारसय) ग्राम सुनको मूल्य रु.१९,०३,६००।–(उन्नाईस लाख तीन हजार छ सय) बराबरको सुन लुकाई छिपाई भन्सार छली लिई आएको अवस्थामा फेला पारिएको हुँदा कानूनबमोजिम आवश्यक कारवाही हुन बरामद सुन सहित मानिसलाई यसै प्रतिवेदन साथ पेश गरेका छौं भन्ने समेत व्यहोराको महानगरिय प्रहरी विमानस्थल सुरक्षा कार्यालय, गौचरको प्र.ना.म.नि. गोविन्द प्रसाद निरौला समेतको मिति २०७२/११/०८ को प्रतिवेदन ।

३. महानगरिय प्रहरी विमानस्थल सुरक्षा कार्यालय, गौचरका प्र.ना.म.नी. गोविन्दप्रसाद निरौला समेतको प्रतिवेदन बमोजिम सुन समेत चोरी पैठारी भन्ने व्यहोराको उजुरीलाई भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा (३) बमोजिम आवश्यक कारवाहीको लागि मुद्दा दर्ता गर्ने र पक्राउ परेका प्रतिवादी **MD KHALILUR RAHMAN** को वयान तथा अन्य कानूनी कारवाही अगाडि बढाउने र प्रतिवेदन साथ दाखिल हुन आएको सुन समेत यस कार्यालयको मुद्दा शाखामा सुरक्षित साथ राख्नु भन्ने व्यहोरो मिति २०७२।११।०९ को शुरु कार्यालयबाट आदेश भएको ।

४. मिति २०७२/११/०७ गतेका दिन अं. २३:०० बजेको समयमा मलेसियएन एअरको उडान नं. **MH 114** द्वारा मलेसियाबाट काठमाण्डौ एअरपोर्ट आउँदा भन्सार क्षेत्र पार गरी बाहिर निस्कने क्रममा प्रहरी चेकिङ्ग एरियामा प्रहरीले मेटल फ्रि गराउदा पनि मेशिन बजेपछि के छ भनेर सोध्नु भयो । मैले सुरक्षाका लागि सुन चार टुक्रा (४०० ग्राम) सुन मलद्वार भित्र राखेको छु भनेपछि हस्पिटल लगि दिसा गराएर निकालेको र पछि मलाई यस कार्यालयमा दाखिल गर्न ल्याउनु भएको हो । बंगलादेशबाट मलेसिया घुम्न

जाँदा बचेको रकमबाट आफैल मलेसियाको बजारबाट किनेर ल्याएको सुन हो । सो सुन आफ्नो बंगलादेशको घरमा प्रयोग गर्न र आवश्यक परेको खण्डमा बंगलादेशको बजारमा विक्री गर्नको लागि ल्याएको सुन हो । नेपालको कानूनले विदेशीले सुन ल्याउन पाइदैन भन्ने थाहा थिएन । अन्जानमा गल्ती भयो तसर्थ सुन फिर्ता गरी बंगलादेश लैजान पाउँ । एकपटक भएकोले सजाय माफ गरी सजायबाट मुक्ति गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादीले शुरु कार्यालयमा गरेको वयान ।

५. पछि बुझ्दै जाँदा ठहरे बमोजिम प्रचलित नेपाल कानून बमोजिम हुने गरी हाललाई प्रतिवेदनमा उल्लेख भए बमोजिम निज प्रतिवादी **MD KHALILUR RAHMAN** बाट बरामद भएको जम्मा खुद तौल ४०० ग्राम सुनको प्रतिवेदन मूल्य रु.१९,०३,६००।— बिगो कायम हुने प्रस्तुत मुद्दामा प्रतिवादीबाट जम्मा रु. १९,२१,८५०।— नगद धरौटी माग गर्नु, माग बमोजिम धरौटी रकम दाखिला गरे तारिखमा र धरौटी रकम दाखिला नगरे थुनुवा पुर्जी दिई कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा नियमानुसार सिदा खाना पाउने गरी दैनिक रु.५० दरले कट्टी हुने गरी प्रचलित नेपाल कानून बमोजिम अधिकतम कैद भन्दा बढी नहुने गरी थुनामा राखी मुद्धाको अग्रिम कारबाही गर्नु भन्ने समेत व्यहोराको मिति २०७५/११/११ को थुनछेक आदेश ।

६. प्रस्तुत मुद्दासँग पेश हुन आएको बरामदी मुचुल्का, प्रतिवेदन र प्रतिवादीको बयानमा कही कतै पनि भन्सारमा आफूले ल्याएको सुन सहितको प्रज्ञापनपत्र वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएकोले प्रतिवादी **MD KHALILUR RAHMAN** बाट बरामद भएको ४०० ग्राम सुन भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी ठहर्छ । सो ठर्हनाले वरामद भएको ४०० ग्राम सुन भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम जफत हुन्छ। सोही उपदफा बमोजिम प्रतिवादी **MD KHALILUR RAHMAN** लाई निजबाट बरामद भएको ४०० ग्राम सुनको मोल रु.१९,०३,६००।— बमोजिम जरिवाना र सोही उपदफाको खण्ड (ख) बमोजिम तिन महिना कैद हुन्छ । प्रतिवेदकहरुले भन्सार नियमावली, २०६४ को नियम ४७ को उपनियम (१) को खण्ड (ख) बमोजिम पुरस्कार पाउने ठहर्छ भन्ने समेत व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७३/०१/३० को निर्णय ।

७. प्रस्तुत मुद्दामा पहिलो प्रतिवादीले आफ्नो निजि प्रयोजनको लागि ४०० ग्राम सुन मलेसियाबाट खरिद गरी आफ्नो देश बंगलादेश लान नपाउने भनी विभिन्न आशंका गरी गरेको फैसला मिलेन। दोश्रो जवरजस्ती ऐन कानूनको व्याख्या गरी भएको फैसलाको कानूनबमोजिम प्रतिवादीलाई पुनरावेदनको म्याद दिनै पर्ने कानूनी व्यवस्थाको वर्खिलाप गरियो र अन्तिम प्रतिवादीलाई मुलुकी ऐन दण्ड सजायको ३८ नं. विपरीत कैदी पूर्जी

थमाइयो । जुन प्रतिदिन ५०/- रुपैयाँ जरिवाना वापत कट्टा गरी कति वर्ष जेल वस्ने हो । अधिकतम कैद ननाघ्ने भनेको कैदी पूर्जी जारी गर्नेले पनि नबुझेको कुरा कैदीबन्दीले कसरी बुझ्ने हो । अतः शुरु फैसला कानून विपरीत भएकोले उल्टी गरी झुठा मुद्दाबाट सफाई दिई वरामद वस्तु फिर्ता पाउने गरी फैसला गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी **MD KHALILUR RAHMAN** को पुनरावेदनपत्र।

## ठहर खण्ड

८. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा शुरु मिसिल र पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी प्रतिवादी तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री मोहन बहादुर बन्जारा क्षेत्रीले प्रतिवादीलाई दिईएको कैदीपूर्जी वेरितको छ, के कति कैदमा वस्नु पर्ने हो खुल्दैन भनी वहस प्रस्तुत गर्नु भयो ।

९. यसमा पुनरावेदक/ प्रतिवादीले शुरु फैसला कानून विपरीत भएकोले उल्टी गरी झुठा मुद्दाबाट सफाई दिई वरामद वस्तु फिर्ता पाउने गरी फैसला गरी पाउँ भनी जिकीर लिएको भएता पनि मुद्दा शुरु कार्यालयबाट मिति २०७३।१।३० मा निर्णय भएको देखिन्छ भनी निज पुनरावेदको यस न्यायाधिकरण समक्ष मिति २०७५/०७/१२ मा पुनरावेदनपत्र दर्ता हुन आएको सन्दर्भमा प्रस्तुत पुनरावेदन कानूनको म्याद भित्र दर्ता हुन आएको छ, छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम निर्णय गर्नुपर्ने हो होईन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

१०. सर्वप्रथम यी पुनरावेदकको पुनरावेदनपत्र कानूनको म्याद भित्र छ छैन भनी विचार गर्दा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट यी पुनरावेदकलाई निजबाट वरामद भएको सुन जफत गरी सो सुनको विगो वरावरको रु.१९,०३,६००।— बमोजिम जरिवाना र तिन महिना कैद सजाय गर्ने गरी मिति २०७३/०१/३० मा निर्णय गरी निज पुनरावेदकलाई उक्त निर्णयमा उपर चित्त नबुझे भन्सार ऐन, २०६४ बमोजिम म्याद भित्र पुनरावेदन गर्नु जानु भनी निर्णय सुनिपाएको कागज गराएको मिसिलबाट देखिन आएको छ । सोही मिति २०७३/०१/३० मा नै प्रहरी हिरासतमा रहेको मिति २०७२/११/०७ देखि सिदा खाना खान पाउने पाउने गरी तीन महिना कैद र रु.१९,०३,६००/- जरिवाना नबुझाएमा जरिवाना वापत दैनिक रु.५०/- दरले कट्टी हुने गरी प्रचलित नेपाल कानूनबमोजिम अधिकतम कैद भन्दा बढी नहुने गरी नियमानुसार सिदा खाना पाउने गरी थुनामा राख्नु भनी थुनुवा पूर्जी दिनुको साथै उक्त व्यहोराको पत्र सोही मितिमा यी पुनरावेदकलाई पनि दिएको देखिन्छ । त्यसैगरी यी पुनरावेदकले मिति २०७३/१२/०९ मा म निवेदकको जरिवाना दाखिल गर्ने क्षमता नभएकोले सोको जानकारीको लागि भनी उल्लिखित शुरु फैसला अनुसार आफूलाई मिति

२०७३/०१/३० मा कैद एवं जरिवाना भएको भन्दै निवेदन गरी उक्त निवेदन प्रमुख भन्सार प्रशासकको सचिवालयमा मिति २०७३/१२/२० द.नं. २३०८ मा दर्ता भएको मिसिल संलग्न कारागार कार्यालय काठमाण्डौको पत्रबाट देखिन आएको छ । उपरोक्त तथ्य शुरु मिसिलबाट देखिएकोमा पुनरावेदकले पुनरावेदनको म्याद नदिएकोले कारागार मार्फत फैसलाको नक्कल माग गरी मिति २०७५/४/२४ मा प्राप्त गरी मुलुकी ऐन, अ.बं. ५९ नं. बमोजिम गुज्रेको म्याद थामी पुनरावेदन दर्ता गरेको देखिन्छ ।

११. भन्सार ऐन,२०६४ को दफा ६२ को उपदफा (१) मा दफा १३ बमोजिम निर्णय वा आदेशबाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय ... उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतिस दिनभित्र राजस्व न्यायाधिकरण पुनरावेदन दिन सक्नेछ भनी कानूनी व्यवस्था गरेको पाइन्छ । यसरी उक्त ऐनमा पुनरावेदन गर्ने कार्यविधि सम्बन्धमा उल्लेख नगरे तापनि मुद्दा निर्णय हुँदाका अवस्थामा प्रचलित मुलुकी ऐनको पुनरावेदन गर्ने कार्यविधि सम्बन्धमा हेर्दा उक्त ऐनको अदालती बन्दोबस्तको १९५ नं.मा थुनिएको मानिसले आफू थुनिएको अड्डा मार्फत पुनरावेदन दिन सक्ने व्यवस्था गरेतापनि सो पुनरावेदन गर्ने म्यादको प्रारम्भ सोही ऐन सोही महलको १९३ नं. बमोजिम फैसला सुनिपाएको व्यहोराको कागज गरेको मितिबाट वा प्रतिवादी हाजिर नरहेको अवस्थामा जारी हुने म्याद तामेल भएको मितिबाट हुने र त्यसरी म्याद नै जारी नभएको अवस्थामा सोही महलको १९७ नं. बमोजिम प्रतिवादीले आफूलाई लागेको दण्ड सजाय तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अघिल्ला मितिमा भए गरेको छ सोहि मितिले पुनरावेदनको म्याद कायम गर्नुपर्ने हुन्छ ।

१२. अब प्रस्तुत मुद्दाको तथ्य र उपरोक्त उल्लिखित कानून व्यवस्थाको सन्दर्भमा पुनरावेदकको पुनरावेदन म्याद भित्रको छ छैन भनी विचार गर्दा पुनरावेदकलाई निर्णय हुँदाका वखत नै निर्णय सुनिपाएको कागज गराएको, सोही निर्णय मितिमा नै थुनुवा पूर्जी दिनुको साथै सो व्यहोराको पत्र सोही मितिमा यी पुनरावेदकलाई पनि दिएको देखिन्छ । त्यसैगरी यी पुनरावेदकले मिति २०७३/१२/०९ मा म निवेदकको जरिवाना दाखिल गर्ने क्षमता नभएकोले सोको जानकारीको लागि भनी उल्लिखित शुरु फैसला अनुसार आफूलाई मिति २०७३/०१/३० मा कैद एवं जरिवाना भएको भन्दै निवेदन दिएको समेतका मिसिल संलग्न प्रमाण कागजबाट देखिंदा यी पुनरावेदक/प्रतिवादीलाई पुनरावेदनको म्याद नदिएकोले निजले कारागार मार्फत फैसलाको नक्कल माग गरी मिति २०७५/४/२४ मा प्राप्त गरी पुनरावेदन दर्ता गरेको भन्ने व्यहोरा विश्वनीय देखिन आएन । तसर्थ

पुनरावेदनको म्याद नाघी दायर हुन आएको प्रस्तुत पुनरावेदनपत्रमा पुनरावेदकको जिकिरमा प्रवेश गरी इन्साफ गर्न मिलेन । प्रतिवादीको पुनरावेदनपत्र कायम रहन सक्ने अवस्थाको देखिएन ।

१३. तसर्थ, माथि विवेचित आधार एवं कारण समेतबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७३/०१/३० मा पुनरावेदकलाई भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिमको कसूर ठहर गरी सजाय गर्ने गरी भएको निर्णय यी पुनरावेदक स्वंयले मिति २०७३/१२/०९ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालय समक्ष निवेदन दिँदा नै उक्त फैसलाको जानकारी पाएको भन्ने पुष्टि हुँदा फैसलाको नक्कल मिति २०७५/०४/२४ मा मात्र प्राप्त भएको भनी सो मितिलाई थाहा पाएको मिति कायम गरी मिति २०७५/०७/१२ मा दर्ता गरेको प्रस्तुत पुनरावेदनपत्र म्याद नघाई दर्ता भएको देखिँदा खारेज हुने ठहर्छ । अरु तपसील बमोजिम गर्नू।

## तपसील

प्रस्तुत फैसलाको जानकारी प्रतिवादीलाई निज थुनामा रहेको सम्बन्धित कारागार कार्यालय मार्फत दिनु ...........................................................१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ....................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु ......................................................२

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः —श्री रबि न्यौपाने (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल चैत्र महिना ११ गते रोज २ शुभम् ............................

**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नर नाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. १३२
पुनरावेदन नं. ९७–०७५-RB-०२६५

मुद्दाः– आयकर (२०६७/०६८) ।

| | |
|---|---|
| का.जि..का.म.न.पा. वडा नं. ३० डिल्लीबजारस्थित त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. (स्थायी लेखा नं. ३०१२१८४०७) को तर्फबाट ऐ.को अधिकार प्राप्त प्रमुख उदयश्वर श्रेष्ठ........................................................................१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ............................................................... १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ
श्री तुलसी भट्ट, अधिवक्ता श्री नारायण नेपाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः** ×

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली**
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कमल कुमार भट्टराई
शुरु कर्यालयको निर्णय मितिः–२०७३/१०/२४

## प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः **२०७५/०५/२८**

पुनरावेदक कम्पनीका हकमा **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट** मिति **२०७३/१०/२४** को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

### तथ्य खण्ड

१. पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले आ.व. २०६७/०६८ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ४७,८४,७२,५६४।७८ देखाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीमा मिति २०६८/०९/२९ मा विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको राजस्व अनुसन्धान विभागको मिति २०७१।२।१८ मा स्वीकृत प्रारम्भिक अनुसन्धान प्रतिवेदन तथा आन्तरिक राजस्व विभागको मिति २०७३।५।६ को निर्णयको आधारमा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भई, आ.व. २०६७/०६८ को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटबारी, प्रमाणहरु तथा करदाताका आधिकारिक प्रतिनिधिले अनुसन्धानका क्रममा दिएको बयान समेतको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको यस आ.व. को लागि करयोग्य आय रु. ४९,४१,१०,८३६।८९ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट करदाताको नाममा मिति २०७३/०९/२९ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/०९/२९ मा जारी भएको सूचना करदाताले मिति २०७३/०९/२९ मा नै बुझी लिएको ।

४. करदाताले मिति २०७३/०९/२९ मा बुझी लिएको सूचनाको जवाफ मिति

२०७३/१०/१४ मा पेश गरेको ।

५. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेश गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले पेश गरेको लिखित जवाफ र सो साथ पेश भएका प्रमाणहरु समेतलाई मध्यनजर राखी आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाउने खर्चहरु खर्च कट्टा नगरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम देहाय अनुसार करदाताको आ.व. २०६७।०६८ को लागि जम्मा रु. ४९४११०८३६।८९ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम करको गणना गर्ने र सोही अनुसार संशोधित कर निर्धारण आदेश जारी गर्ने भनी आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/१०/२४ मा खडा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/१०/२८ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/११/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले दावी गरेको प्रशासनिक खर्च, ट्राभल्स एण्ड टुर्स खर्चको प्रमाणको अभावमा खर्च कट्टिको दावी अमान्य गर्ने, दशै पेश्कीको अवितरित रकमलाई कम्पनीको आय कायम गर्ने, आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० को व्याज शुल्क र जरिवाना लगाउने र हदम्याद नघाई कर निर्धारण भयो भन्ने दावी उपरको जिकिर नपुग्ने भनी शुरु कर कार्यालयबाट भएको निर्णय सदर हुने र संचालकलाई पेश्की दिएको सापटी रकमको सम्बन्धमा कम्पनीले बैंकबाट ऋण लिएको भए सो ऋणमा तिरेको व्याज र बैंकबाट ऋण नलिएको भए बजारको सामान्य औषत दर अनुसार व्याज कायम पुनः छानविन गरी कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाउने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।५।२८ मा भएको निर्णय ।

८. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । कम्पनीको प्रशासनिक खर्चलाई विना आधार कारण अमान्य गर्ने कार्य भएको छ ।

कम्पनीको ट्राभल्स एण्ड टुर खर्चलाई अमान्य गर्ने कम्पनीको दशैं पेश्कीको अवितरित रकमलाई समेत कम्पनीको करयोग्य आय कायम गरी कर लगाउने कार्य गैर कानूनी छ । आयकर ऐन २०५८ को दफा ११७ ११८,११९, १२० क वा ख बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने भन्ने व्यहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/६ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । कम्पनीको प्रशासनिक खर्चलाई विना आधार कारण अमान्य गर्ने कार्य भएको छ । कम्पनीको ट्राभल्स एण्ड टुर खर्चलाई अमान्य गर्ने कम्पनीको दशैं पेश्कीको अवितरित रकमलाई समेत कम्पनीको करयोग्य आय कायम गरी कर लगाउने कार्य गैर कानूनी छ । आयकर ऐन २०५८ को दफा ११७ ११८,११९, १२० क वा ख बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले आयकर ऐन २०५८ को दफा १०१(३) ले कर निर्धारण गरिसक्नु पर्ने अवधि ४ वर्षे भनी तोकिएको भएपनि गलत ढंगबाट कर निर्धारण भएको देखिएको अवस्थामा जुनसुकै बखत विभागले कर निर्धारण संशोधन गर्न सक्ने प्रावधान बमोजिम कर निर्धारण भएको हुँदा ४ वर्षे हदम्याद नघाई कर निर्धारण भयो भन्ने जिकिर कानून प्रतिकूल छ । कम्पनीले संचालकलाई सापटी दिएको रकममा व्याज लगाएको कानून सम्मत छ । कम्पनीको प्रशासनिक खर्च दशैं पेश्कीको अवितरित रकम र ट्राभल्स एण्ड टुर्स खर्चको विल भरपाईबाट प्रमाणित हुन नसकेको हुँदा आय कायम गरिएको हो । साथै आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० (क) र (ख) व्याज शुल्क र जरिवाना निर्धारण गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले पेश गरेको आय विवरण गलत भयो भनी आयकर ऐन २०५८ को दफा १०१ (३) को हदम्याद ४ वर्ष नघाई थप करको भार बहन गराउने गरी भएको आदेश गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १०१ (४) मा जालसाजी वा गलत ढंगबाट कर निर्धारण भएको रहेछ भने विभागले त्यस्तो निर्धारित करमा संशोधन गर्न सक्ने कानूनी व्यवस्था भएको र सोही कानूनी व्यवस्थाको अधिनमा रही कर निर्धारण भएको देखिएको हुँदा हदम्याद नघाई कर निर्धारण भयो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरलाई कानून सम्मत मान्न नमिल्ने हुँदा प्रत्यर्थी कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नु पर्ने देखिन आएन ।

१५. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले Administrative Expenses अन्तर्गत दावी गरेको खर्चहरु, ट्राभल्स एण्ड टुर्स खर्च अन्तर्गतको थाइल्याण्ड भिजिट खर्च र स्टेशनरी कम्यूनिकेशन खर्च बास्तविक हो भनी खर्चका विल भरपाई पेश गरी प्रमाणित गर्ने दायित्व पुनरावेदक कम्पनीमा रहनेमा विवाद देखिदैन । कम्पनीले ती शिर्षकहरुमा दावी गरेको खर्चको औचित्यता पुष्टि हुन सक्ने प्रमाण पेश गर्न नसकेको हुँदा खर्च कट्टि नपाउने भनी कर कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

१६. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले दशै पेश्कीको रुपमा लिएको रकम मध्ये रु. ७,७७,००६। – वाडफाड गरेको देखिदैन । के कति कारणले बाडफाड नगरी अवितरित

अवस्थामा राखिएको हो भन्ने कुराको प्रमाणित गर्ने भार पनि पुनरावेदक कम्पनीमा रहने देखिन्छ । कम्पनीले दशै पेश्कीको रकम यो यस कारणबाट बाँकी रहन गएको हो भनी स प्रमाण पुष्ट्याई गर्न नसकेको हुँदा सो रकमलाई आयमा समावेश गर्ने गरी शुरु कार्यालय समेतबाट भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

१७. पनुरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैंक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने तथा सोमा लगानी गर्ने कम्पनी भएको र सो कम्पनीले शेयर तथा डिभेन्चर खरिदको लागि संचालकलाई Advance दिएको रकमलाई ऋण सापटी मानी Advance दिएको रकममा पुनरावेदक प्रा.लि.ले बैंकबाट दिएको ऋण र निज प्रा.लि. सम्बद्ध भएको त्रिशक्ति केवल इण्डष्ट्रिजले लिएको बैंक ऋणको व्याजदर समेतको औषत व्याजदर १०.५० प्रतिशतलाई आधार मानी उक्त सापटी रकमको व्याजलाई करयोग्य आयमा समावेश गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पुनरावेदक प्रा.लि.ले संचालकलाई दावीको रकम ऋण सापटी दिएको हो होइन ? र ऋण सापटी नै हो भने व्याज आयको गणना कानून सम्मत छ छैन ? सो समेत हेरिनु पर्ने हुन्छ । पुनरावेदक कम्पनीको आ.व. २०६७/०६८ को वित्तीय विवरणमा देखाइएको Trade & other Receivables भनी रु. ४६,०५,३०,४९६। - देखाएको र सो रकम कम्पनीको संचालकबाट लिनु पर्ने पेश भएको तथ्यांक वित्तीय विवरणबाट देखिन्छ । सो रकम संचालकलाई शेयर डिभेन्चर खरिदको लागि पेश्की दिएको हो र संचालकहरुले समय समयमा फिर्ता समेत गरिसकेका छन् भनी एकातिर जिकिर लिएको छ भने अर्को तर्फ संचालक समितिको मिति २०६८।१०।२७ को निर्णय अनुसार भनी घोषित लाभांश रु. ३४ करोडमा लाग्ने कर मिति २०७२।१२।२२ मा रु. १,७०,००,०००। - र सो समय सम्मको व्याज रु. ८८,४२,८९४। - समेत जम्मा रु. २,५८,४२,८९४। - दाखिला गरेको कुरा स्वीकार गरी पुनरावेदनको निवेदनको प्रकरण नं. ११ मा उल्लेख भएबाट सो रकम संचालकलाई लाभांशको रुपमा भुक्तानी भएको कुरा पुष्टि हुन जान्छ। सोही संचालकलाई पछिल्ला आ.व.हरुमा समेत Trade & other Receivables भनी ठूला रकम लिनु पर्ने देखिन्छ । त्यस्तो रकम आ.व. २०६८।०६९ मा रु. ४०,९५,३०,७३९। - आ.व. २०६९।०७० मा रु. ३८,३६,८९,४५१। - आ.व. २०७०।०७१ मा रु. ३८,९०,०७,०३५। - र आ.व. २०७१।०७२ मा रु. ३८,९०,०७,०३५। - रहेको देखिन्छ । यसरी कम्पनीको रकम कम्पनीको संचालकलाई शेयर डिवेन्चर खरिद गर्न पेश्की सापटी दिएको भनी जिकिर लिए पनि सो रकमबाट शेयर डिवेन्चर खरिद गर्नमा प्रयोग नभई संचालले नै उपयोग गरिरहेको देखिन्छ । संचालकले लिएको पेश्की रकमबाट कम्पनीको लागि शेयर खरिद गरेको प्रमाण समेत पेश भए गरेको देखिदैन । कम्पनी आफैमा कानूनी व्यक्ति भएको र कम्पनीले आफ्नो लागि उचित समयमा उत्तम निर्णय गर्न सक्ने नै हुँदा संचालकलाई यति ठूलो रकम पेश्की सापटी दिनु पर्ने अवस्था समेत स्वाभाविक एवं व्यवसायिक

मान्यता अनुरुप देखिंदैन ।

अतः पुनरावेदकले यस आ.व. मा संचालकलाई पेश्की दिएको भनिएको रकम रु. ४६,०५,३०,४९६।- मध्ये घोषित लाभांश रु. ३४ करोड भन्दा बढी हदसम्मको रकम रु. १,२०,५३,४९६।- संचालकलाई पेश्की दिएको र सो रकम संचालकले आफ्नो निजी काममा प्रयोग गरेको देखिन्छ ।

१८. सामान्य अवस्थामा कुनै पनि कम्पनीको नगद तथा बैंक मौज्दाद (cash and bank balance) रहन्छ नै । तर उक्त नगद मौज्दात कम्पनी भन्दा अर्को पक्षले आफ्नो हितका लागि प्रयोग गर्दछ भने यस अवस्थामा अवसर आय (opportunity Income) सम्बन्धी विश्लेषण गर्न जरुरी देखियो । कम्पनीसँग रहेको नगद मौज्दात वित्तीय संस्थामा मुद्दती खातामा निक्षेप गरेको भए व्याज आय हुने देखिन्छ तर मुद्धती निक्षेप सामान्यतयाः लामो अवधिको हुने र व्यवसायमा तरलताको व्यवस्थापनमा कठिनाई पर्ने हुँदा व्यवसायिक फर्मलाई यसै गर्नुपर्थ्यो भनी ठहर गर्न सक्ने अवस्था देखिदैन । कम्पनीले संचालकलाई नगद सापटी दिएको र संचालकले समेत विभिन्न समयमा नगद कम्पनीलाई नै फिर्ता गरेको भन्ने कार्यालयको भनाई रहेको अवस्थामा माथि उल्लेख गरे जस्तो संचालकले पनि लामो अवधिका लागि मुद्धती खातामा निक्षेप गरेको भन्न मनासिव देखिदैन । तर यस परिप्रेक्ष्यमा उक्त सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने नै देखिन्छ ।

१९. प्रस्तुत आ.व. मा कम्पनीले संचालकलाई प्रदान गरेको सापटी मध्ये बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण बराबरको रकममा तिरेको व्याजलाई अनुपातिक रुपमा अमान्य गरी बाँकी सापटीमा, तथा त्यस्तो बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम नरहेको अवस्थामा उक्त सापटीमा बजारको सामान्य औषत दर अनुसार व्याज आय गणना गरी आयकर ऐन, २०५८ को दफा ७(२)(ज) बमोजिम कम्पनीको करयोग्य आयमा समावेश गर्न कार्यालयबाट पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण हुनुपर्छ भनी आन्तरिक राजस्व विभागबाट समेत निर्णई भई सकेको देखिदा पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. कानून बमोजिम स्थापित कानूनी व्यक्ति भएको र यसले आफ्नो हकाधिकारको प्रयोग कानूनी व्यक्ति सरह गर्न सक्नेमा कुनै सन्देह देखिदैन । प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुऱ्याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक

व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्ने बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो ।

२०. प्रत्यर्थी कार्यालयबाट करको गणनामा आयकर ऐन २०५८ को दफा १२० (क)(ख) बमोजिम शुल्क निर्धारण गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० (क) बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा बदर गरी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीमा पठाइदिनुपर्ने देखिन आयो ।

२१. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०१२१८४०७ भएका पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. को आ.व. २०६७।०६८ को आयकर तर्फको कर निर्धारण सम्बन्धमा साविक करदाता सेवा कार्यालय, बत्तिसपुतली, हाल आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट मिति २०७३।१०।१४ मा भएको निर्णय र सोलाई केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।५।२८ मा भएको प्रशासकीय पुनरावलोकनको निर्णयमा व्याज आय समावेश गर्नेतर्फ पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण गर्नु भनी उल्लेख भएको देखिंदा सो आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० पूतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ । अब जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसला प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र पुनः संशोधित कर निर्धारण गर्नु भनी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाइदिने ठहर्छ । अन्यमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## तपशिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम आयकर ऐन २०५८ को दफा १२०(क) को गणना र संचालकलाई सापटी दिएको रकमको सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्न शुरू कर कार्यालयमा पठाउने ठहरी फैसला भएको हुँदा फैसलाको प्रतिलिपी सहित सो विषयमा पुनः निर्णयको लागि मिसिल शुरू कर कार्यालयमा पठाईदिनू.................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.........................................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.........................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल **नियमानुसार** गरी बुझाई दिनू...........................................................४

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७६ साल माघ २८ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नर नाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

**२०७६।०७७ सालको निर्णय नं. १३३**

**पुनरावेदन नं. ९७-०७५-RB-०२६६**

**मुद्दाः– आयकर (२०६८/०६९) ।**

का.जि..का.म.न.पा. वडा नं. ३० डिल्लीबजारस्थित त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. (स्थायी लेखा नं. ३०१२१८४०७) को तर्फबाट ऐ.को अधिकार प्राप्त प्रमुख उदयश्वर श्रेष्ठ ..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ ................................................................ १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ

श्री तुलसी भट्ट, अधिवक्ता : श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली**

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कमल कुमार भट्टराई

शुरु कर्यालयको निर्णय मितिः–२०७३/१०/२४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/०५/२८

पुनरावेदक कम्पनीका हकमा **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट** मिति २०७३/१०/२४ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले आ.व. २०६८/०६९ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार नोक्सानी रू. ९५९६४।१२ देखाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीमा मिति २०६९/०९/२५ मा आय विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको राजस्व अनुसन्धान विभागको मिति २०७१।२।१८ मा स्वीकृत प्रारम्भिक अनुसन्धान प्रतिवेदन तथा आन्तरिक राजस्व विभागको मिति २०७३।५।६ को निर्णयको आधारमा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भई, आ.व. २०६८/०६९ को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटबारी, प्रमाणहरु तथा करदाताका आधिकारिक प्रतिनिधिले अनुसन्धानका क्रममा दिएको बयान समेतको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको यस आ.व. को लागि करयोग्य आय रु. ७२,०४,७६३।४८ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट करदाताको नाममा मिति २०७३/०९/२९ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/०९/२९ मा जारी भएको सूचना करदाताले मिति २०७३/०९/२९ मा नै बुझी लिएको ।

४. करदाताले मिति २०७३/०९/२९ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/१०/१४ मा पेश गरेको ।

५. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेश गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले पेश गरेको लिखित जवाफ र सो साथ पेश भएका प्रमाणहरु समेतलाई मध्यनजर राखी आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाउने खर्चहरु खर्च कट्टा नगरी

आयकर ऐन २०५८ को दफा १०१ बमोजिम देहाय अनुसार करदाताको आ.व. २०६८।०६९ को लागि जम्मा रु. ७२,०४,७६३।४८ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम करको गणना गर्ने र सोही अनुसार संशोधित कर निर्धारण आदेश जारी गर्ने भनी आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/१०/२४ मा खडा भएको निर्णय पर्चा ।

६. करदाता सेवा कार्यालय, बत्तीसपुतलीले मिति २०७३/१०/२८ मा जारी गरेको आ.व. २०६८/०६९ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/११/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० बमोजिमको व्याज, शुल्क र जरिवाना लगाउने र हदम्याद नघाई कर निर्धारण भयो भन्ने दावी उपरको जिकिर नपुग्ने भनी शुरु कर कार्यालयबाट भएको निर्णय सदर हुने र संचालकलाई पेश्की दिएको सापटी रकमको सम्बन्धमा कम्पनीले बैंकबाट ऋण लिएको भए सो ऋणमा तिरेको व्याज र बैंकबाट ऋण नलिएको भए बजारको सामान्य औषत दर अनुसार व्याज कायम पुनः छानविन गरी कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाउने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।५।२८ मा भएको निर्णय ।

८. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज कायम गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) वा (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने भन्ने **व्यहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।**

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको

प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/६ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज कायम गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८ ,११९, १२० (क) वा (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले आयकर ऐन २०५८ को दफा १०१(३) ले कर निर्धारण गरिसक्नु पर्ने अवधि ४ वर्ष भनी तोकिएको भएपनि गलत ढंगबाट कर निर्धारण भएको देखिएको अवस्थामा जुनसुकै बखत विभागले कर निर्धारण संशोधन गर्न सक्ने प्रावधान बमोजिम कर निर्धारण भएको हुँदा ४ वर्षे हदम्याद नघाई कर निर्धारण भयो भन्ने जिकिर कानून प्रतिकूल छ । कम्पनीले संचालकलाई सापटी दिएको रकममा व्याज लगाएको कानून सम्मत छ । साथै आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० (क) र (ख) बमोजिम व्याज शुल्क र जरिवाना निर्धारण गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले पेश गरेको आय विवरण गलत भयो भनी आयकर ऐन २०५८ को दफा १०१ (३) को हदम्याद ४ वर्ष नघाई थप करको भार बहन गराउने गरी भएको आदेश गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १०१ (४) मा जालसाजी वा गलत ढंगबाट कर निर्धारण भएको रहेछ भने विभागले त्यस्तो निर्धारित करमा संशोधन गर्न सक्ने कानूनी व्यवस्था भएको र सोही कानूनी व्यवस्थाको अधिनमा रही कर निर्धारण भएको देखिएको हुँदा हदम्याद नघाई कर निर्धारण भयो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरलाई कानून सम्मत मान्न नमिल्ने हुँदा प्रत्यर्थी कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नु पर्ने देखिन आएन ।

१५. पनुरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने तथा सोमा लगानी गर्ने कम्पनी भएको र सो कम्पनीले शेयर तथा डिभेन्चर खरिदको लागि संचालकलाई Advance दिएको रकमलाई ऋण सापटी मानी Advance दिएको रकममा पुनरावेदक प्रा.लि.ले बैंकबाट दिएको ऋण र निज प्रा.लि. सम्बद्ध भएको त्रिशक्ति केवल इण्डष्ट्रिजले लिएको बैंक ऋणको व्याजदर समेतको औषत व्याजदर १०.५० प्रतिशतलाई आधार मानी उक्त सापटी रकमको व्याजलाई करयोग्य आयमा समावेश गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पुनरावेदक प्रा.लि.ले संचालकलाई दावीको रकम ऋण सापटी दिएको हो होइन ? र ऋण सापटी नै हो भने व्याज आयको गणना कानून सम्मत छ छैन ? सो समेत हेरिनु पर्ने हुन्छ । पुनरावेदक कम्पनीको आ.व. २०६८।०६९ को वित्तीय विवरणमा देखाएको Trade & other Receivables भनी रु. ४०,९५,३०,७३९।- देखाएको र सो रकम कम्पनीको संचालकबाट लिनु पर्ने देखिन्छ । सो रकम संचालकलाई शेयर डिवेन्चर खरिदको लागि पेश्की दिएको र संचालकले समय समयमा फिर्ता समेत गरेको छ भनी जिकिर लिएको भए पनि कम्पनीको संचालकले यस्तो पेश्की लिएको रकमबाट कम्पनीको लागि शेयर खरिद गरेको प्रमाण समेत पेश भए गरेको देखिदैन । कम्पनी आफैमा कानूनी व्यक्ति भएको र कम्पनी आफ्नो लागि उचित समयमा उत्तम निर्णय गर्न सक्ने नै हुँदा संचालकलाई यति ठूलो रकम पेश्की सापटी दिनु पर्ने अवस्था समेत स्वाभाविक एवं व्यवसायिक मान्यता अनुरुप देखिदैन । संचालकलाई आ.व. २०६७।०६८ मा पेश्की दिएको भनिएको रकम रु. ४६,०५,३०,४९६।- मध्ये घोषित

लाभांश रु. ३४ करोड बराबरको लाग्ने लाभांस कर र व्याज समेतको रकम मिति २०७२।१२।२२ मा दाखिला गरेको व्यहोरा पुनरावेदकको आ.व. २०६७।०६८ को निवेदनको प्रकरण नं. ११ मा उल्लेख भएबाट पनि सो पेश्की रकम भन्दा बढी भएको रकम संचालकलाई ऋण दिएको मानी सो वर्ष ऋणमा तिरेको व्याजदरले हुने रकम बराबर रकम खर्च अमान्य गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको कर निर्धारण मिलेकै देखिन्छ भनी यसै इजलासबाट आजै फैसला समेत भएको छ ।

१६. पुनरावेदकले यस आ.व. मा संचालकलाई पेश्की दिएको भनिएको रकम रु. ४०,९५,३०,७३९।- मध्ये घोषित लाभांश रु. ३४ करोड भन्दा बढी हदसम्मको रकम रु. ६,९५,३०,७३९।- पुनरावेदक कम्पनीले संचालकलाई पेश्की दिएको र सो रकम संचालकले आफ्नो नीजि काममा प्रयोग गरेको देखिन्छ । सामान्य अवस्थामा कुनै पनि कम्पनीको नगद तथा बैंक मौज्दाद (cash and bank balance) रहन्छ नै । तर उक्त नगद मौज्दात कम्पनी भन्दा अर्को पक्षले आफ्नो हितका लागि प्रयोग गर्दछ भने यस अवस्थामा अवसर आय (opportunity Income) सम्बन्धी विश्लेषण गर्न जरुरी देखियो । कम्पनीसँग रहेको नगद मौज्दात वित्तीय संस्थामा मुद्दती खातामा निक्षेप गरेको भए व्याज आय हुने देखिन्छ तर मुद्धती निक्षेप सामान्यतयाः लामो अवधिको हुने र व्यवसायमा तरलताको व्यवस्थापनमा कठिनाई पर्ने हुँदा व्यवसायिक फर्मलाई यसै गर्नुपथ्र्यो भनी ठहर गर्न सक्ने अवस्था देखिदैन । कम्पनीले संचालकलाई नगद सापटी दिएको र संचालकले समेत विभिन्न समयमा नगद कम्पनीलाई नै फिर्ता गरेको भन्ने कार्यालयको भनाई रहेको अवस्थामा माथि उल्लेख गरे जस्तो संचालकले पनि लामो अवधिका लागि मुद्धती खातामा निक्षेप गरेको भन्न मनासिव देखिदैन । तर यस परिप्रेक्ष्यमा उक्त सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने नै देखिन्छ ।

१७. प्रस्तुत आ.व. मा कम्पनीले संचालकलाई प्रदान गरेको सापटी मध्ये बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण बराबरको रकममा तिरेको व्याजलाई अनुपातिक रुपमा अमान्य गरी बाँकी सापटीमा, तथा त्यस्तो बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम नरहेको अवस्थामा उक्त सापटीमा बजारको सामान्य औषत दर अनुसार व्याज आय गणना गरी आयकर ऐन, २०५८ को दफा ७(२)(ज) बमोजिम कम्पनीको करयोग्य आयमा समावेश गर्न कार्यालयबाट पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण हुनुपर्छ भनी आन्तरिक राजस्व विभागबाट समेत निर्णई भई सकेको देखिदा पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. कानून बमोजिम स्थापित कानूनी व्यक्ति भएको र यसले आफ्नो हकाधिकारको प्रयोग

कानूनी व्यक्ति सरह गर्न सक्नेमा कुनै सन्देह देखिदैन । प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुऱ्याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो ।

१८. प्रत्यर्थी कार्यालयबाट करको गणनामा आयकर ऐन २०५८ को दफा १२० (क)(ख) बमोजिम शुल्क निर्धारण गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० (क) बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा बदर गरी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीमा पठाइदिनुपर्ने देखिन आयो।

१९. **अतः** माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. **३०१२१८४०७** भएका पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. को आ.व. २०६८।०६९ को आयकर तर्फको कर निर्धारण सम्बन्धमा साविक करदाता सेवा कार्यालय, बत्तिसपुतली, हाल आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट मिति २०७३।१०।२४ मा भएको निर्णय र सोलाई केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।५।२८ मा भएको प्रशासकीय पुनरावलोकनको निर्णयमा व्याज आय समावेश गर्नेतर्फ पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण गर्नु भनी उल्लेख भएको देखिंदा सो आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा निर्णय गर्ने

अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ । अब जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसला प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र पुनः संशोधित कर निर्धारण गर्नु भनी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाइदिने ठहर्छ । अन्यमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

**तपशिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्कको गणना र संचालकलाई सापटी दिएको रकमको सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्न शुरू कर कार्यालयमा पठाउने ठहरी फैसला भएको हुँदा फैसलाको प्रतिलिपी सहित सो विषयमा पुनः निर्णयको लागि मिसिल शुरू कर कार्यालयमा पठाईदिनू............१

**फैसलाको** प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.............................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ..............................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल **नियमानुसार** गरी बुझाई दिनू..........................................................४

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल माघ २८ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नर नाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

**२०७६।०७७ सालको निर्णय नं. १३४**
**पुनरावेदन नं. ९७–०७५-RB-०२६७**

**मुद्दाः– आयकर (२०६९/०७०)।**

| | |
|---|---|
| का.जि..का.म.न.पा. वडा नं. ३० डिल्लीबजारस्थित त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. (स्थायी लेखा नं. ३०१२१८४०७) को तर्फबाट ऐ.को अधिकार प्राप्त प्रमुख उदयश्वर श्रेष्ठ .........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ ............................................................... १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ
श्री तुलसी भट्ट, अधिवक्ता : श्री नारायण नेपाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली**
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कमल कुमार भट्टराई
शुरु कर्यालयको निर्णय मितिः–२०७३/१०/२४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**
निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मितिः २०७५/०५/२८

पुनरावेदक कम्पनीका हकमा **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट** मिति २०७३/१०/२४ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>**तथ्य खण्ड**</u>

१. पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले आ.व. २०६९/०७० को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रू. ११३४०।२१ देखाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीमा मिति २०७०/०९/२८ मा आय विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको राजस्व अनुसन्धान विभागको मिति २०७१।२।१८ मा स्वीकृत प्रारम्भिक अनुसन्धान प्रतिवेदन तथा आन्तरिक राजस्व विभागको मिति २०७३।५।६ को निर्णयको आधारमा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भई, आ.व. २०६९/०७० को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटबारी, प्रमाणहरु तथा करदाताका आधिकारिक प्रतिनीधिले अनुसन्धानका क्रममा दिएको बयान समेतको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको यस आ.व. को लागि करयोग्य आय रु. ४५,७६,०५२।१५ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट करदाताको नाममा मिति २०७३/०९/२९ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/०९/२९ मा जारी भएको सूचना करदाताले मिति २०७३/०९/२९ मा नै बुझी लिएको ।

४. करदाताले मिति २०७३/०९/२९ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/१०/१४ मा पेश गरेको ।

५. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेश गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले पेश गरेको लिखित जवाफ र सो साथ पेश भएका प्रमाणहरु समेतलाई मध्यनजर राखी आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाउने खर्चहरु

खर्च कट्टा नगरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम देहाय अनुसार करदाताको आ.व. २०६९।०७० को लागि जम्मा रु. ४५,७६,०५२।१५ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम करको गणना गर्ने र सोही अनुसार संशोधित कर निर्धारण आदेश जारी गर्ने भनी आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/१०/२४ मा खडा भएको निर्णय पर्चा ।

६. करदाता सेवा कार्यालय, बत्तीसपुतलीले मिति २०७३/१०/२८ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/११/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले गैरकानूनी रूपमा आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० को व्याज शुल्क र जरिवाना लगायो भन्ने दावी उपरको जिकिर नपुग्ने भनी शुरु कर कार्यालयबाट भएको निर्णय सदर हुने र संचालकलाई पेश्की दिएको सापटी रकमको सम्बन्धमा कम्पनीले बैंकबाट ऋण लिएको भए सो ऋणमा तिरेको व्याज र बैंकबाट ऋण नलिएको भए बजारको सामान्य औषत दर अनुसार व्याज कायम पुनः छानविन गरी कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाउने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।५।२८ मा भएको निर्णय ।

८. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७ ११८,११९, १२० क वा ख बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने भन्ने **व्यहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र** ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम

छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/६ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७ ११८,११९, १२० क वा ख बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले आयकर ऐन २०५८ को दफा १०१(३) ले कर निर्धारण गरिसक्नु पर्ने अवधि ४ वर्षे भनी तोकिएको भएपनि गलत ढंगबाट कर निर्धारण भएको देखिएको अवस्थामा जुनसुकै बखत विभागले कर निर्धारण संशोधन गर्न सक्ने प्रावधान बमोजिम कर निर्धारण भएको हुँदा ४ वर्षे हदम्याद नघाई कर निर्धारण भयो भन्ने जिकिर कानून प्रतिकूल छ । कम्पनीले संचालकलाई सापटी दिएको रकममा व्याज लगाएको कानून सम्मत छ । साथै आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० क र ख व्याज शुल्क र जरिवाना निर्धारण गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु

कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले पेश गरेको आय विवरण गलत भयो भनी आयकर ऐन २०५८ को दफा १०१ (३) को हदम्याद ४ वर्ष नघाई थप करको भार बहन गराउने गरी भएको आदेश गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १०१ (४) मा जालसाजी वा गलत ढंगबाट कर निर्धारण भएको रहेछ भने विभागले त्यस्तो निर्धारित करमा संशोधन गर्न सक्ने कानूनी व्यवस्था भएको र सोही कानूनी व्यवस्थाको अधिनमा रही कर निर्धारण भएको देखिएको हुँदा हदम्याद नघाई कर निर्धारण भयो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरलाई कानून सम्मत मान्न नमिल्ने हुँदा प्रत्यर्थी कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नु पर्ने देखिन आएन ।

१५. पनुरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैंक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिवेन्चर खरिद गर्ने तथा सोमा लगानी गर्ने कम्पनी भएको र सो कम्पनीले शेयर तथा डिभेन्चर खरिदको लागि संचालकलाई Advance दिएको रकमलाई ऋण सापटी मानी Advance दिएको रकममा पुनरावेदक प्रा.लि.ले बैंकबाट दिएको ऋण र निज प्रा.लि. सम्बद्ध भएको त्रिशक्ति केवल इण्डष्ट्रिजले लिएको बैंक ऋणको व्याजदर समेतको औषत व्याजदर १०.५० प्रतिशतलाई आधार मानी उक्त सापटी रकमको व्याजलाई करयोग्य आयमा समावेश गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पुनरावेदक प्रा. लि.ले संचालकलाई दावीको रकम ऋण सापटी दिएको हो होइन ? र ऋण सापटी नै हो भने व्याज आयको गणना कानून सम्मत छ छैन ? सो समेत हेरिनु पर्ने हुन्छ । पुनरावेदक कम्पनीको आ.व. २०६९।०७० को वित्तीय विवरणमा देखाएको Trade & other Receivables भनी रु. ३८,३६,८९,४५१।- देखाएको र सो रकम कम्पनीको संचालकबाट लिनु पर्ने देखिन्छ । सो रकम संचालकलाई शेयर डिवेन्चर खरिदको लागि पेश्की दिएको र संचालकले समय समयमा फिर्ता समेत गरेको छ भनी जिकिर लिएको भए पनि कम्पनीको संचालकले यस्तो पेश्की लिएको रकमबाट कम्पनीको लागि शेयर खरिद गरेको प्रमाण समेत पेश भए गरेको देखिदैन । कम्पनी आफैमा कानूनी व्यक्ति भएको र कम्पनी आफ्नो लागि उचित समयमा उत्तम निर्णय गर्न सक्ने नै हुँदा संचालकलाई यति ठूलो रकम पेश्की सापटी दिनु पर्ने अवस्था समेत स्वाभाविक एवं व्यवसायिक मान्यता अनुरुप देखिदैन । संचालकलाई आ.व. २०६९।०७० मा पेश्की दिएको भनिएको रकम रु. ४,३६,८९,४५१।- मध्ये घोषित लाभांश रु. ३४ करोड बराबरको लाग्ने लाभांस कर र व्याज समेतको रकम मिति २०७२।१२।२२ मा दाखिला गरेको व्यहोरा

पुनरावेदकको आ.व. २०६७।०६८ को निवेदनको प्रकरण नं. ११ मा उल्लेख भएबाट पनि सो पेश्की रकम भन्दा बढी भएको रकम संचालकलाई ऋण दिएको मानी सो वर्ष ऋणमा तिरेको व्याजदरले हुने रकम बराबर रकम खर्च अमान्य गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको कर निर्धारण मिलेकै देखिन्छ भनी यसै इजलासबाट आजै फैसला समेत भएको छ ।

१६. पुनरावेदकले यस आ.व. मा संचालकलाई पेश्की दिएको भनिएको रकम रु. ३८,३६,८९,४५१।- मध्ये घोषित लाभांश रु. ३४ करोड भन्दा बढी हदसम्मको रकम रु. ४,३६,८९,४५१।- पुनरावेदक कम्पनीले संचालकलाई पेश्की दिएको र सो रकम संचालकले आफ्नो नीजि काममा प्रयोग गरेको देखिन्छ । सामान्य अवस्थामा कुनै पनि कम्पनीको नगद तथा बैंक मौज्दाद (cash and bank balance) रहन्छ नै । तर उक्त नगद मौज्दात कम्पनी भन्दा अर्को पक्षले आफ्नो हितका लागि प्रयोग गर्दछ भने यस अवस्थामा अवसर आय (opportunity Income) सम्बन्धी विश्लेषण गर्न जरुरी देखियो । कम्पनीसँग रहेको नगद मौज्दात वित्तीय संस्थामा मुद्दती खातामा निक्षेप गरेको भए व्याज आय हुने देखिन्छ तर मुद्धती निक्षेप सामान्यतयाः लामो अवधिको हुने र व्यवसायमा तरलताको व्यवस्थापनमा कठिनाई पर्ने हुँदा व्यवसायिक फर्मलाई यसै गर्नुपर्थ्यो भनी ठहर गर्न सक्ने अवस्था देखिदैन । कम्पनीले संचालकलाई नगद सापटी दिएको र संचालकले समेत विभिन्न समयमा नगद कम्पनीलाई नै फिर्ता गरेको भन्ने कार्यालयको भनाई रहेको अवस्थामा माथि उल्लेख गरे जस्तो संचालकले पनि लामो अवधिका लागि मुद्धती खातामा निक्षेप गरेको भन्न मनासिव देखिदैन । तर यस परिप्रेक्ष्यमा उक्त सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने नै देखिन्छ ।

१७. प्रस्तुत आ.व. मा कम्पनीले संचालकलाई प्रदान गरेको सापटी मध्ये बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण बराबरको रकममा तिरेको व्याजलाई अनुपातिक रुपमा अमान्य गरी बाँकी सापटीमा, तथा त्यस्तो बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम नरहेको अवस्थामा उक्त सापटीमा बजारको सामान्य औषत दर अनुसार व्याज आय गणना गरी आयकर ऐन, २०५८ को दफा ७(२)(ज) बमोजिम कम्पनीको करयोग्य आयमा समावेश गर्न कार्यालयबाट पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण हुनुपर्छ भनी आन्तरिक राजस्व विभागबाट समेत निर्णई भई सकेको देखिदा पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. कानून बमोजिम स्थापित कानूनी व्यक्ति भएको र यसले आफ्नो हकाधिकारको प्रयोग कानूनी व्यक्ति सरह गर्न सक्नेमा कुनै सन्देह

देखिदैन । प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुऱ्याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो ।

१८. प्रत्यर्थी कार्यालयबाट करको गणनामा आयकर ऐन २०५८ को दफा १२० (क)(ख) बमोजिम शुल्क निर्धारण गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० (क) बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा बदर गरि पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीमा पठाइदिनुपर्ने देखिन आयो ।

१९. **अतः** माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. **३०१२१८४०७** भएका पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. को आ.व. २०६९।०७० को आयकर तर्फको कर निर्धारण सम्बन्धमा साविक करदाता सेवा कार्यालय, बत्तिसपुतली, हाल आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट मिति २०७३।१०।२४ मा भएको निर्णय र सोलाई केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।५।२८ मा भएको प्रशासकिय पुनरावलोकनको निर्णयमा व्याज आय समावेश गर्नेतर्फ पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण गर्नु भनी उल्लेख भएको देखिंदा सो आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा

निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारणको आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ। अब जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसला प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र पुनः संशोधित कर निर्धारण गर्नु भनी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाइदिने ठहर्छ । अन्यमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## <u>तपशिल</u>

माथि इन्साफ खण्डमा लेखिए बमोजिम आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्कको गणना र संचालकलाई सापटी दिएको रकमको व्याजलाई आयमा समावेश गर्ने सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्न शुरू कर कार्यालयमा पठाउने ठहरी फैसला भएको हुँदा फैसलाको प्रतिलिपी सहित सो विषयमा पुनः निर्णयको लागि मिसिल शुरू कर कार्यालयमा पठाईदिनू.............................................................१

**फैसलाको** प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु....................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू....................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल **नियमानुसार** गरी बुझाई दिनू...........................................................४

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

<u>शाखा अधिकृतः श्री लेख बहादुर कोइराला</u>

<u>कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी</u>

इतिसम्बत २०७६ साल माघ २८ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नर नाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

# फैसला

**२०७६।०७७ सालको निर्णय नं. १३५**
**पुनरावेदन नं. ९७–०७५-RB-०२६८**

**मुद्दाः– आयकर (२०७०/०७१) ।**

का.जि..का.म.न.पा. वडा नं. ३० डिल्लीबजारस्थित त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. (स्थायी लेखा नं. ३०१२१८४०७) को तर्फबाट ऐ.को अधिकार प्राप्त प्रमुख उदयश्वर श्रेष्ठ ...............................................................................१ } पुनरावेदक

**विरुद्ध**

साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ ............................................................... १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ श्री तुलसी भट्ट, अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली**

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कमल कुमार भट्टराई

शुरु कर्यालयको निर्णय मितिः–२०७३/१०/२४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/०५/२८

पुनरावेदक कम्पनीका हकमा **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट** मिति २०७३/१०/२४ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले आ.व. २०७०/०७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ७५८७९।८३ देखाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीमा मिति २०७१/०६/३१ मा विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको राजस्व अनुसन्धान विभागको मिति २०७१।२।१८ मा स्वीकृत प्रारम्भिक अनुसन्धान प्रतिवेदन तथा आन्तरिक राजस्व विभागको मिति २०७३।५।६ को निर्णयको आधारमा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भई, आ.व. २०७०/०७१ को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटबारी, प्रमाणहरु तथा करदाताका आधिकारिक प्रतिनिधिले अनुसन्धानका क्रममा दिएको बयान समेतको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको यस आ.व. को लागि करयोग्य आय रु. ५०६९८५८।८५ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट करदाताको नाममा मिति २०७३/०९/२९ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/०९/२९ मा जारी भएको सूचना करदाताले मिति २०७३/०९/२९ मा नै बुझी लिएको ।

४. करदाताले मिति २०७३/०९/२९ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/१०/१४ मा पेश गरेको ।

५. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेश गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले पेश गरेको लिखित जवाफ र सो साथ पेश भएका प्रमाणहरु समेतलाई मध्यनजर राखी आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाउने खर्चहरु खर्च कट्टा नगरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम देहाय अनुसार करदाताको आ.व.

२०७०।०७१ को लागि जम्मा रु. ५०,६९,८५८।८५ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम करको गणना गर्ने र सोही अनुसार संशोधित कर निर्धारण आदेश जारी गर्ने भनी आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/१०/२४ मा खडा भएको निर्णय पर्चा ।

६. करदाता सेवा कार्यालय, बत्तीसपुतलीले मिति २०७३/१०/२८ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/११/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० बमोजिमको व्याज शुल्क र जरिवाना लगायो भन्ने दावी उपरको जिकिर नपुग्ने भनी शुरु कर कार्यालयबाट भएको निर्णय सदर हुने र संचालकलाई पेश्की दिएको सापटी रकमको सम्बन्धमा कम्पनीले बैंकबाट ऋण लिएको भए सो ऋणमा तिरेको व्याज र बैंकबाट ऋण नलिएको भए बजारको सामान्य औषत दर अनुसार व्याज कायम गर्न भनी पुनः छानविन गरी कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाउने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।५।२८ मा भएको निर्णय ।

८. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैंक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने भन्ने **व्यहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र** ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/६ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर निर्धारण गर्नुपर्ने ४ वर्षे समयावधि (हदम्याद) नघाई थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य आयकर ऐन २०५८ को दफा १०१ (३) र ८१(२) को प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । कम्पनीको प्रशासनिक खर्चलाई विना आधार कारण अमान्य गर्ने कार्य भएको छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले आयकर ऐन २०५८ को दफा १०१(३) ले कर निर्धारण गरिसक्नु पर्ने अवधि ४ वर्षे भनी तोकिएको भएपनि गलत ढंगबाट कर निर्धारण भएको देखिएको अवस्थामा जुनसुकै बखत विभागले कर निर्धारण संशोधन गर्न सक्ने प्रावधान बमोजिम कर निर्धारण भएको हुँदा ४ वर्षे हदम्याद नघाई कर निर्धारण भयो भन्ने जिकिर कानून प्रतिकूल छ । कम्पनीले संचालकलाई सापटी दिएको रकममा व्याज लगाएको कानून सम्मत छ । साथै आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) व्याज शुल्क र जरिवाना निर्धारण गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय मिलेको छ वा छैन ?

पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले पेश गरेको आय विवरण गलत भयो भनी आयकर ऐन २०५८ को दफा १०१ (३) को हदम्याद ४ वर्ष नघाई थप करको भार बहन गराउने गरी भएको आदेश गैर कानूनी छ भनी पुनरावेदनमा जिकिर लिएको तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १०१ (४) मा जालसाजी वा गलत ढंगबाट कर निर्धारण भएको रहेछ भने विभागले त्यस्तो निर्धारित करमा संशोधन गर्न सक्ने कानूनी व्यवस्था भएको र सोही कानूनी व्यवस्थाको अधिनमा रही कर निर्धारण भएको देखिएको हुँदा हदम्याद नघाई कर निर्धारण भयो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरलाई कानून सम्मत मान्न नमिल्ने हुँदा प्रत्यर्थी कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा मान्नु पर्ने देखिन आएन ।

१५. पनुरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैंक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने तथा सोमा लगानी गर्ने कम्पनी भएको र सो कम्पनीले शेयर तथा डिभेन्चर खरिदको लागि संचालकलाई Advance दिएको रकमलाई ऋण सापटी मानी Advance दिएको रकममा पुनरावेदक प्रा.लि.ले बैंकबाट दिएको ऋण र निज प्रा.लि. सम्बद्ध भएको त्रिशक्ति केवल इण्डष्ट्रिजले लिएको बैंक ऋणको व्याजदर समेतको औषत व्याजदर १०.५० प्रतिशतलाई आधार मानी उक्त सापटी रकमको व्याजलाई करयोग्य आयमा समावेश गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पुनरावेदक प्रा.लि.ले संचालकलाई दावीको रकम ऋण सापटी दिएको हो होइन ? र ऋण सापटी नै हो भने व्याज आयको गणना कानून सम्मत छ छैन ? सो समेत हेरिनु पर्ने हुन्छ । पुनरावेदक कम्पनीको आ.व. २०७०।०७१ को वित्तयी विवरणमा देखाएको Trade & other Receivables भनी रु. ३८,९०,०७,०३५।- देखाएको र सो रकम कम्पनीको संचालकबाट लिनु पर्ने देखिन्छ । सो रकम संचालकलाई शेयर डिवेन्चर खरिदको लागि पेश्की दिएको र संचालकले समय समयमा फिर्ता समेत गरेको छ भनी जिकिर लिएको भए पनि कम्पनीको संचालकले यस्तो पेश्की लिएको रकमबाट कम्पनीको लागि शेयर खरिद गरेको प्रमाण समेत पेश भए गरेको देखिदैन । कम्पनी आफैमा कानूनी व्यक्ति भएको र कम्पनी आफ्नो लागि उचित समयमा उत्तम निर्णय गर्न सक्ने नै हुँदा संचालकलाई यति ठूलो रकम पेश्की सापटी दिनु पर्ने अवस्था समेत स्वाभाविक एवं व्यवसायिक मान्यता अनुरुप देखिदैन । संचालकलाई आ.व. २०७०।०७१ मा पेश्की दिएको भनिएको रकम रु. ४,९०,०७,०३५।- मध्ये घोषित लाभांश रु. ३४ करोड बराबरको लाग्ने लाभांस कर र व्याज समेतको रकम मिति २०७२।१२।२२ मा दाखिला गरेको व्यहोरा पुनरावेदकको आ.व. २०६७।०६८ को निवेदनको प्रकरण नं. ११ मा उल्लेख भएबाट पनि सो पेश्की रकम भन्दा बढी भएको

रकम संचालकलाई ऋण दिएको मानी सो वर्ष ऋणमा तिरेको व्याजदरले हुने रकम बराबर रकम खर्च अमान्य गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको कर निर्धारण मिलेकै देखिन्छ भनी यसै इजलासबाट आजै फैसला समेत भएको छ ।

१६. पुनरावेदकले यस आ.व. मा संचालकलाई पेश्की दिएको भनिएको रकम रु. ३८,९०,०७,०३५।- मध्ये घोषित लाभांश रु. ३४ करोड भन्दा बढी हदसम्मको रकम रु. ४,९०,०७,०३५।- पुनरावेदक कम्पनीले संचालकलाई पेश्की दिएको र सो रकम संचालकले आफ्नो नीजि काममा प्रयोग गरेको देखिन्छ । सामान्य अवस्थामा कुनै पनि कम्पनीको नगद तथा बैंक मौज्दाद (cash and bank balance) रहन्छ नै । तर उक्त नगद मौज्दात कम्पनी भन्दा अर्को पक्षले आफ्नो हितका लागि प्रयोग गर्दछ भने यस अवस्थामा अवसर आय (opportunity Income) सम्बन्धी विश्लेषण गर्न जरुरी देखियो । कम्पनीसँग रहेको नगद मौज्दात वित्तीय संस्थामा मुद्दती खातामा निक्षेप गरेको भए व्याज आय हुने देखिन्छ तर मुद्धती निक्षेप सामान्यतयाः लामो अवधिको हुने र व्यवसायमा तरलताको व्यवस्थापनमा कठिनाई पर्ने हुँदा व्यवसायिक फर्मलाई यसै गर्नुपर्थ्यो भनी ठहर गर्न सक्ने अवस्था देखिदैन । कम्पनीले संचालकलाई नगद सापटी दिएको र संचालकले समेत विभिन्न समयमा नगद कम्पनीलाई नै फिर्ता गरेको भन्ने कार्यालयको भनाई रहेको अवस्थामा माथि उल्लेख गरे जस्तो संचालकले पनि लामो अवधिका लागि मुद्धती खातामा निक्षेप गरेको भन्न मनासिव देखिदैन । तर यस परिप्रेक्ष्यमा उक्त सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने नै देखिन्छ ।

१७. प्रस्तुत आ.व. मा कम्पनीले संचालकलाई प्रदान गरेको सापटी मध्ये बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण बराबरको रकममा तिरेको व्याजलाई अनुपातिक रुपमा अमान्य गरी बाँकी सापटीमा, तथा त्यस्तो बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम नरहेको अवस्थामा उक्त सापटीमा बजारको सामान्य औषत दर अनुसार व्याज आय गणना गरी आयकर ऐन, २०५८ को दफा ७(२)(ज) बमोजिम कम्पनीको करयोग्य आयमा समावेश गर्न कार्यालयबाट पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण हुनुपर्छ भनी आन्तरिक राजस्व विभागबाट समेत निर्णई भई सकेको देखिदा पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. कानून बमोजिम स्थापित कानूनी व्यक्ति भएको र यसले आफ्नो हकाधिकारको प्रयोग कानूनी व्यक्ति सरह गर्न सक्नेमा कुनै सन्देह देखिदैन । प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुऱ्याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने

जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो ।

१८. प्रत्यर्थी कार्यालयबाट करको गणनामा आयकर ऐन २०५८ को दफा १२० (क)(ख) बमोजिम शुल्क निर्धारण गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० (क) बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा बदर गरि पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीमा पठाइदिनुपर्ने देखिन आयो।

१९. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०१२१८४०७ भएका पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. को आ.व. २०७०।०७१ को आयकर तर्फको कर निर्धारण सम्बन्धमा साविक करदाता सेवा कार्यालय, बत्तिसपुतली, हाल आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट मिति २०७३।१०।१४ मा भएको निर्णय र सोलाई केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।५।२८ मा भएको प्रशासकिय पुनरावलोकनको निर्णयमा व्याज आय समावेश गर्नेतर्फ पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण गर्नु भनी उल्लेख भएको देखिंदा सो आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ । अब जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसला प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र पुनः संशोधित कर निर्धारण गर्नु भनी

आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाइदिने ठहर्छ । अन्यमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

**तपशिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्कको गणना र संचालकलाई सापटी दिएको रकमको सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्न शुरू कर कार्यालयमा पठाउने ठहरी फैसला भएको हुँदा फैसलाको प्रतिलिपी सहित सो विषयमा पुनः निर्णयको लागि मिसिल शुरू कर कार्यालयमा पठाईदिनू......... १

**फैसलाको** प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु..................................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू .......................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल **नियमानुसार** गरी बुझाई दिनू...........................................................................४

नर नाथ गिरी

(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई

(लेखा सदस्य)

किशोर सिलवाल

(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल माघ २८ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नर नाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**

**फैसला**

**२०७६।०७७ सालको निर्णय नं. १३६**
**पुनरावेदन नं. ९७–०७५-RB-०२६९**

**मुद्दाः– आयकर (२०७१/०७२) ।**

| | |
|---|---|
| का.जि..का.म.न.पा. वडा नं. ३० डिल्लीबजारस्थित त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. (स्थायी लेखा नं. ३०१२१८४०७) को तर्फबाट ऐ.को अधिकार प्राप्त प्रमुख उदयश्वर श्रेष्ठ ..........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, बत्तीसपुतली (हाल आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, काठमाण्डौ .................................................................. १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ
श्री तुलसी भट्ट, अधिवक्ता श्री नारायण नेपाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**
शुरु निर्णय गर्ने कार्यालयः- **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली**
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कमल कुमार भट्टराई
शुरु कर्यालयको निर्णय मितिः–२०७३/१०/२४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**
निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मितिः **२०७५/०५/२८**

पुनरावेदक कम्पनीका हकमा **आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट** मिति **२०७३/१०/२४** को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## <u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.ले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार नोक्सानी रू. १०१५५७१।४७ देखाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीमा मिति २०७३/०६/१३ मा आय विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको राजस्व अनुसन्धान विभागको मिति २०७१।२।१८ मा स्वीकृत प्रारम्भिक अनुसन्धान प्रतिवेदन तथा आन्तरिक राजस्व विभागको मिति २०७३।५।६ को निर्णयको आधारमा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भई, आ.व. २०७१/०७२ को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटबारी, प्रमाणहरु तथा करदाताका आधिकारिक प्रतिनीधिले अनुसन्धानका क्रममा दिएको बयान समेतको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको यस आ.व. को लागि करयोग्य आय रु. ४२,०६,४०७।०४ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट करदाताको नाममा मिति २०७३/०९/२९ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/०९/२९ मा जारी भएको सूचना करदाताले मिति २०७३/०९/२९ मा नै बुझी लिएको ।

४. करदाताले मिति २०७३/०९/२९ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/१०/१४ मा पेश गरेको ।

५. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेश गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले पेश गरेको लिखित जवाफ र सो साथ पेश भएका प्रमाणहरु समेतलाई मध्यनजर राखी आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाउने खर्चहरु खर्च कट्टा नगरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम देहाय अनुसार करदाताको आ.व. २०७०।०७१ को लागि जम्मा रु. ४२०६०४७।०४ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम करको गणना गर्ने र सोही अनुसार संशोधित

कर निर्धारण आदेश जारी गर्ने भनी आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीबाट मिति २०७३/१०/२४ मा खडा भएको निर्णय पर्चा ।

६. करदाता सेवा कार्यालय, बत्तीसपुतलीले मिति २०७३/१०/२८ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/११/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. ले आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० बमोजिमको व्याज शुल्क र जरिवाना लगायो भन्ने दावी उपरको जिकिर नपुग्ने भनी शुरु कर कार्यालयबाट भएको निर्णय सदर हुने र संचालकलाई पेश्की दिएको सापटी रकमको सम्बन्धमा कम्पनीले बैंकबाट ऋण लिएको भए सो ऋणमा तिरेको व्याज र बैंकबाट ऋण नलिएको भए बजारको सामान्य औषत दर अनुसार व्याज कायम गर्न भनी पुनः छानविन गरी कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाउने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।५।२८ मा भएको निर्णय ।

८. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी कर थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य कानून प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने भन्ने **व्यहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।**

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/६ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक

त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने र सोमा लगानी गर्ने कारोबार गर्दछ । कारोबारको कानून बमोजिम कर बुझाई आएकोमा आय विवरणमा पेश गरिएको कर योग्य आय कम भएको भनी थप करको भार बहन गराउने कार्य भएको छ, सो कार्य कानूनको प्रतिकूल छ । शेयर डिभेन्चर खरिद गर्न संचालकलाई पेश्की दिएको रकमलाई सापटी नामाकरण गरी बैंकको ऋणको सम्बन्धमा बैंकको व्याज र बैंकको ऋण नभएको बजारको सामान्य औषत व्याज माग गर्ने कार्य ऐनको दफा १४ को प्रतिकूल छ । आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९, १२० (क) र (ख) बमोजिमको शुल्क दस्तुर जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७३।१०।२८ को संशोधित कर निर्धारण आदेश, सोलाई समर्थन गर्ने गरी मिति २०७५।५।२८ को आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर शुल्क र व्याजको दायित्वबाट मुक्त गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले कम्पनीले संचालकलाई सापटी दिएको रकममा व्याज लगाएको कानून सम्मत छ । साथै आयकर ऐन २०५८ को दफा ११७, ११८, ११९ र १२० (क) र (ख) बमोजिम व्याज शुल्क र जरिवाना निर्धारण गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१३. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. पनुरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. बैक तथा वित्तिय संस्थाहरुको शेयर तथा डिभेन्चर खरिद गर्ने तथा सोमा लगानी गर्ने कम्पनी भएको र सो कम्पनीले शेयर तथा डिभेन्चर खरिदको लागि संचालकलाई Advance दिएको रकमलाई ऋण सापटी मानी Advance दिएको रकममा पुनरावेदक प्रा.लि.ले बैंकबाट दिएको ऋण र निज प्रा.लि. सम्बद्ध भएको त्रिशक्ति केवल इण्डष्ट्रिजले लिएको बैंक ऋणको व्याजदर समेतको औषत व्याजदर १०.५० प्रतिशतलाई आधार मानी उक्त सापटी रकमको व्याजलाई करयोग्य आयमा समावेश गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पुनरावेदक प्रा.लि.ले संचालकलाई दावीको रकम ऋण सापटी दिएको हो होइन ? र ऋण सापटी नै हो भने व्याज आयको गणना कानून सम्मत छ छैन ? सो समेत हेरिनु पर्ने हुन्छ । पुनरावेदक कम्पनीको आ.व. २०७१।०७२ को वित्तीय विवरणमा देखाएको Trade & other Receivables भनी रु. ४,९०,०७,०३५।- देखाएको र सो रकम कम्पनीको संचालकबाट लिनु पर्ने देखिन्छ । सो रकम संचालकलाई शेयर डिवेन्चर खरिदको लागि पेश्की दिएको र संचालकले समय

समयमा फिर्ता समेत गरेको छ भनी जिकिर लिएको भए पनि कम्पनीको संचालकले यस्तो पेश्की लिएको रकमबाट कम्पनीको लागि शेयर खरिद गरेको प्रमाण समेत पेश भए गरेको देखिँदैन । कम्पनी आफैमा कानूनी व्यक्ति भएको र कम्पनी आफ्नो लागि उचित समयमा उत्तम निर्णय गर्न सक्ने नै हुँदा संचालकलाई यति ठूलो रकम पेश्की सापटी दिनु पर्ने अवस्था समेत स्वाभाविक एवं व्यवसायिक मान्यता अनुरुप देखिँदैन । संचालकलाई आ.व. २०७१।०७२ मा पेश्की दिएको भनिएको रकम रु. ३८,९०,०७,०३५।- मध्ये घोषित लाभांश रु. ३४ करोड बराबरको लाग्ने लाभांस कर र व्याज समेतको रकम मिति २०७२।१२।२२ मा दाखिला गरेको व्यहोरा पुनरावेदकको आ.व. २०६७।०६८ को निवेदनको प्रकरण नं. ११ मा उल्लेख भएबाट पनि सो पेश्की रकम भन्दा बढी भएको रकम संचालकलाई ऋण दिएको मानी सो वर्ष ऋणमा तिरेको व्याजदरले हुने रकम बराबर रकम खर्च अमान्य गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको कर निर्धारण मिलेकै देखिन्छ भनी यसै इजलासबाट आजै फैसला समेत भएको छ ।

१५. पुनरावेदकले यस आ.व. मा संचालकलाई पैश्की दिएको भनिएको रकम रु. ४,९०,०७,०३५।- मध्ये घोषित लाभांश रु. ३४ करोड भन्दा बढी हदसम्मको रकम ३८,९०,०७,०३५।- पुनरावेदक कम्पनीले संचालकलाई पेश्की दिएको र सो रकम संचालकले आफ्नो नीजि काममा प्रयोग गरेको देखिन्छ । सामान्य अवस्थामा कुनै पनि कम्पनीको नगद तथा बैंक मौज्दाद (cash and bank balance) रहन्छ नै । तर उक्त नगद मौज्दात कम्पनी भन्दा अर्को पक्षले आफ्नो हितका लागि प्रयोग गर्दछ भने यस अवस्थामा अवसर आय (opportunity Income) सम्बन्धी विश्लेषण गर्न जरुरी देखियो । कम्पनीसँग रहेको नगद मौज्दात वित्तीय संस्थामा मुद्दती खातामा निक्षेप गरेको भए व्याज आय हुने देखिन्छ तर मुद्धती निक्षेप सामान्यतयाः लामो अवधिको हुने र व्यवसायमा तरलताको व्यवस्थापनमा कठिनाई पर्ने हुँदा व्यवसायिक फर्मलाई यसै गर्नुपर्थ्यो भनी ठहर गर्न सक्ने अवस्था देखिँदैन । कम्पनीले संचालकलाई नगद सापटी दिएको र संचालकले समेत विभिन्न समयमा नगद कम्पनीलाई नै फिर्ता गरेको भन्ने कार्यालयको भनाई रहेको अवस्थामा माथि उल्लेख गरे जस्तो संचालकले पनि लामो अवधिका लागि मुद्धती खातामा निक्षेप गरेको भन्न मनासिव देखिँदैन । तर यस परिप्रेक्ष्यमा उक्त सापटी रकम कुनै व्यक्तिले कुनै वित्तीय संस्थामा सामान्य अवस्थामा निक्षेप गर्दा तत्काल बजारको सामान्य औषत व्याजदर अनुसार हुने व्याज आयलाई संचालकबाट कम्पनीले सोही आधारमा व्याज आय प्राप्त गरेको मानी कम्पनीको करयोग्य आयमा समावेश गर्दा स्वाभाविक तथा उपयुक्त हुने नै देखिन्छ । प्रस्तुत आ.व. मा कम्पनीले संचालकलाई प्रदान गरेको सापटी मध्ये बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण बराबरको रकममा तिरेको व्याजलाई अनुपातिक रुपमा अमान्य गरी बाँकी सापटीमा, तथा त्यस्तो बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम नरहेको अवस्थामा उक्त सापटीमा बजारको सामान्य औषत दर अनुसार व्याज आय गणना गरी आयकर ऐन, २०५८ को दफा ७(२)(ज) बमोजिम कम्पनीको करयोग्य आयमा समावेश

गर्न कार्यालयबाट पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण हुनुपर्छ भनी आन्तरिक राजस्व विभागबाट समेत निर्णाई भई सकेको देखिदा पुनरावेदक त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. कानून बमोजिम स्थापित कानूनी व्यक्ति भएको र यसले आफ्नो हकाधिकारको प्रयोग कानूनी व्यक्ति सरह गर्न सक्नेमा कुनै सन्देह देखिदैन । प्राकृतिक व्यक्ति सरह आफ्नो व्यवसायको संचालनबाट भएको नाफा नोक्सानको भागीदार समेत हुने हुँदा आफूलाई नोक्सान र अरुलाई फाइदा पुर्‍याउने उद्देश्य समेत कानूनी व्यक्तिमा रहन्छ भनी अर्थ गर्न मिल्ने समेत देखिदैन । कानून बमोजिम स्थापित कानूनी व्यक्तिको हकाधिकारको रक्षा गर्ने जिम्मेवारी समेत कम्पनीको संचालक कानूनी व्यक्तिमा रहने हुन्छ र संचालकले संस्थाको हित प्रतिकूल कुनै पनि प्रकारको कार्य गर्दछ भने सो कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिदैन । प्राकृतिक व्यक्ति सरह कानूनी व्यक्तिले समेत आफ्नो व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने हुन्छ र ती संस्थाबाट लिएको ऋण सापटीको संस्थाको नियमानुसार व्याज शुल्क बुझाउनु पर्ने हुन्छ । आफूले व्यवसाय संचालन गर्दा अन्य संस्थाबाट लिएको ऋणमा व्याज भुक्तानी गर्ने र आफूले आफ्ना संचालकहरुलाई पेश्की दिएको रकम संस्थाको भुक्तानी कार्यको लागि हो भन्ने सबुत प्रमाणबाट पुष्टि नहुँदा सम्म कानून बमोजिम व्याज लगाउनु पर्ने नै हुन्छ । संचालकलाई सापटी दिएको रकममा सो आय वर्षमा प्रचलित व्याजदर कति थियो के कति व्याजदर कायम गरी व्याजलाई आयमा समावेश गर्न सकिन्छ भनी सो विषयमा प्रचलित व्याजदरको आधारमा समेत जो जे बुझ्नु पर्दछ बुझी पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाई दिनु पर्ने देखिन आयो ।

१६. प्रत्यर्थी कार्यालयबाट करको गणनामा आयकर ऐन २०५८ को दफा १२० (क)(ख) बमोजिम शुल्क निर्धारण गरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन २०५८ को दफा १२०(क) मा जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत शुल्क लाग्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्था विपरित १२० क बमोजिम ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा शतप्रतिशत गणना गरेको निर्णय मिलेको नदेखिंदा बदर गरि पुनः निर्णयको लागि आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीमा पठाइदिनुपर्ने देखिन आयो।

१७. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०१२१८४०७ भएका पुनरावेदक करदाता त्रिशक्ति इन्भेष्टमेन्ट प्रा.लि. को आ.व. २०७१।०७२ को आयकर तर्फको कर निर्धारण सम्बन्धमा साविक करदाता सेवा कार्यालय, बत्तिसपुतली, हाल आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट मिति २०७३।१०।१४ मा भएको निर्णय र सोलाई केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।५।२८ मा भएको प्रशासकिय पुनरावलोकनको निर्णयमा व्याज आय समावेश गर्नेतर्फ पुनः छानविन तथा विश्लेषण गरी संशोधित कर निर्धारण गर्नु भनी उल्लेख भएको देखिंदा सो आय वर्षको प्रचलित व्याजदरको आधार समेतलाई दृष्टिगत गरी एवं शुरु निर्णय पर्चामा

निर्णय गर्ने अधिकारीले आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क उल्लेख गरेकोमा सो बमोजिम संशोधित कर निर्धारण आदेशमा करको गणना गर्दा ५० प्रतिशत शुल्क गणना गर्नुपर्नेमा दफा १२०(क) उल्लेख गरी शतप्रतिशत गणना गरेको हदसम्म उक्त शुरु निर्णय मिलेको नदेखिंदा सो हदसम्म निर्णय बदर हुने ठहर्छ । अब जो जे बुझ्नु पर्छ बुझी प्रस्तुत फैसला प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र पुनः संशोधित कर निर्धारण गर्नु भनी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीमा पठाइदिने ठहर्छ । अन्यमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## तपशिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम आयकर ऐन २०५८ को दफा १२०(क) को शुल्कको गणना र संचालकलाई सापटी दिएको रकमको सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्न शुरू कर कार्यालयमा पठाउने ठहरी फैसला भएको हुँदा फैसलाको प्रतिलिपी सहित सो विषयमा पुनः निर्णयको लागि मिसिल शुरू कर कार्यालयमा पठाईदिनू......................१

**फैसलाको** प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.........................................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ........................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल **नियमानुसार** गरी बुझाई दिनू.............................................................४

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७६ साल माघ २८ गतेरोज ३ शुभम......

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

२०७४/७५ सालको निर्णय नं. ३०३
पुनरावेदन नं. : ९७-०७४-००११९

| | |
|---|---|
| रौतहट गौर नगरपालिका वडा नं २ बस्ने सहदेव साहको नाति नथुनी साहको छोरा वर्ष २५ को दिनानाथ प्रसाद गुप्ता ..........................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| प्र. उ. यज्ञ विनोद पोखरेल समेतको प्रतिवेदनले नेपाल सरकार ............१ | प्रत्यर्थी |

**मुद्दा : सुन चोरी पैठारी**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री जगदेव चौधरी
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल
अविलम्वित नजिर :

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, वारा
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख अनुसन्धान अधिकृत श्री दिव्य राज पोखरेल
शुरु निर्णय मिति : २०७४।१०।२८

राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, वाराबाट पुनरावेदक प्रतिवादीलाई सुनचोरी पैठारीको कसूरमा संलग्न रहेको ठहराई मिति २०७४।१०।२८ मा भएको निर्णय उपर पुनरावेदक प्रतिवादीको यस न्यायाधिकरण समक्ष

पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. मिति २०७४।४।१२ गते अन्दाजी २१:३० बजेको समयमा रौतहट जिल्ला गौर नगरपालिका साविक वडा नं ७ हाल गौर नगरपालिका वडा नं ४ स्थित वीरेन्द्र राजमार्ग सडक खण्डमा चन्द्रनिगाहपुर तर्फबाट गौरतर्फ आइरहेको BR05PA-0912 नम्बरको टाटासुमो गाडी रोकी चेकजाँच गर्दा गाडीको अगाडि सिटमा बसी आएका सरोज राय यादवको साथबाट १ केजी बिस्कुट आकारका २ वटा सुनका टुक्रा फेला परी वरामद गरी निज सरोज राय यादव र गाडी चालक पुनरावेदक प्रतिवादी दिनानाथ प्रसाद गुप्तालाई कारवाहीका लागि पेश भएको रहेछ । उक्त सुन भन्सार चोरी पैठारी गरी ल्याएको भन्ने कसूरमा कारबाही हुँदा राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, वाराका प्रमुख अनुसन्धान अधिकृतबाट वरामद भएको सुन जफत हुने र प्रतिवादी मध्येका सरोज राय यादवलाई वरामदी सुनको विगो बमोजिम रु ४६,९८,५००।- जरिवाना गरी ३ महिना कैद समेत गर्ने, प्रतिवादी मध्येका यी पुनरावेदकलाई भन्सार ऐन, २०६४ को दफा ५७(२) बमोजिम रु ५०००।- जरिवाना गर्ने तथा प्रतिवादी मध्येका गाडी धनी त्रिलोकी झालाई निजको गाडी जफत गरी १ वर्षमा नबढाई कैद गर्ने गरी मिति २०७४।१०।२८ मा निर्णय भए उपर चित्त नबुझाई प्रतिवादीहरु मध्येका पुनरावेदक दिनानाथ प्रसाद गुप्ताको तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष दायर हुन आएको देखियो ।

२. पुनरावेदक प्रतिवादीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. प्रतिवादी सरोज राय यादवले बयान गर्दा म गाडी चालकलाई पहिले नचिनेको भनी बयान गरेकोबाट म निर्दोष रहेको र गाडी जानी जानी चोरी पैठारीको कार्यमा प्रयोग नभएको देखिएको छ,

ख. गाडी धनी त्रिलोकी झासंग गाडी मागी ससुरा र सालोलाई चन्द्रनिगाहपुर पुर्याई चन्द्रनिगाहपुरबाट फर्कने क्रममा सरोज राय यादवलाई गाडीमा बस्न दिएको सम्म हो। निज सरोज राय यादवको साथबाट सुन वरामद भएको कारणले मात्र मेरो संलग्नता प्रमाणित हुने होइन,

ग. नेपालको संविधान जारी भए पछि बढी कैदको मुद्दा सुनुवाइ र निर्णय गर्ने अधिकार न्यायाधीश बाहेक अर्ध न्यायिक निकायलाई नरहेकोमा राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालयका प्रमुख अनुसन्धान अधिकृतबाट भएको निर्ण क्षेत्राधिकारविहिन छ,

घ. तसर्थ मलाई जरिवाना गरी मैले चलाएको गाडी समेत जफत हुने गरी प्रमुख अनुसन्धान अधिकृतबाट मिति २०७४।१०।२८ मा भएको निर्णय उल्टी गरी इन्साफ पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगदेव चौधरी र प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| पुनरावेदक प्रतिवादी तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालय तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – सुन गाडीबाट वरामद भएको नभई प्रतिवादी मध्येका सरोज राय यादवको शरीरबाट वरामद भएको अवस्था देखिएको,<br>– गाडी भन्सार विन्दुमा प्रवेश गरेको र सुन वरामद भएको समयको अन्तरालले मात्र अपराध कायम हुन सक्ने नभएको,<br>– पुनरावेदकको संलग्नता प्रमाणित हुने अन्य कुने प्रमाण नभएको<br>– तसर्थ कसूरदार ठहराई भएको शुरु फैसला उल्टि गरी मेरो पक्षलाई इन्साफ दिलाई पाउँ। | – सुन यी पुनरावेदकको साथबाट वरामद भएको नभए पनि निजले चलाएको गाडीमा सवार प्रतिवादी सरोज राय यादवको साथबाट वरामद भएको,<br>– गाडी भन्सार विन्दुबाट प्रवेश गरेको र उक्त गाडीबाट सुन वरामद भएको समयको अन्तराललाई बिचार गर्दा उक्त सुन ल्याउन कै लागि गाडी प्रवेश गरेको देखिन आएको,<br>– आफ्नो संलग्नता नभएको प्रमाणित हुने अन्य कुनै प्रमाण पेश गर्न नसकेको,<br>– तसर्थ कसूरदार ठहराई भएको शुरु फैसला सदर गरी पाउँ । |

४. पुनरावेदक प्रतिवादीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. प्रस्तुत कसूरमा यी पुनरावेदक प्रतिवादीको संलग्नता रहेको देखिन्छ वा देखिंदैन ?
ख. यी पुनरावेदकलाई कसूरमा संलग्न रहेको ठहराई भएको शुरु फैसला मिलेको छ वा छैन ?

५. प्रस्तुत कसूरमा यी पुनरावेदक प्रतिवादीको संलग्नता रहेको देखिन्छ वा देखिंदैन भन्ने सम्बन्धमा बिचार गर्दा मिसिल संलग्न कागजातको अध्ययनबाट मिति २०७४।४।१२ गते अन्दाजी २१:३० बजेको समयमा यी पुनरावेदकले चलाएको भारतीय BR-05PA-0912 नम्वरको टाटा सुमो गाडी चेकजाँच गर्ने सिलसिलामा सोही गाडीमा सवार प्रतिवादी मध्येका सरोज राय यादवको साथबाट १ केजी बिस्कुट आकारका २ वटा टुक्रा सुन वरामद भएकोले यी प्रतिवादी समेत पक्राउमा परी कारवाहीका लागि प्र. उ. यज्ञ विनोद पोखरेलको प्रतिवेदन साथ राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, वारामा पेश भएको देखिन्छ ।यी पुनरावेदकले बयान गर्दा प्रतिवादी सरोज राय यादवसंग पूर्व चिनजान छैन, गाडी त्रिलोकी झाको भएको, ससुरा र सालोलाई चन्द्रनिगाहपुर

पुर्‍याउनको लागि १ दिनको लागि अस्थायी भन्सार पैठारी गरी गाडी लिएर आएकोमा फर्कने क्रममा प्रतिवादी सरोज राय यादवलाई चन्द्रनिगाहपुरमा भेटेको र गौरसम्म लगिदिनु भनेकोले गाडीमा चढाई गौरसम्म पुर्‍याउन गाडीमा राखी लिई गइरहेको बखत पक्राउमा परेको भनी बयान गरेको पाइन्छ ।यसैगरी प्रतिवादी सरोज राय यादवले बयान गर्दा पनि यी पुनरावेदकसंग पूर्व चिनजान नरहेको र मैले सुन बोकेको कुरा गाडी चालकलाई थाहा थिएन भनी बयान गरेको पाइन्छ । तर यी पुनरावेदकले को ससुरा र सालोलाई पुर्‍याउन चन्द्रनिगाहपुर आएको हो भनी ससुरा र सालोको नाम थर वतन खुलाउन सकेको पाइदैन । यदि निजको बयान बमोजिम ससुरा र सालोलाई पुर्‍याउनै आएको भए निजहरुलाई साक्षीको रुपमा प्रस्तुत गरी आफ्नो बयान व्यहोरालाई प्रमाणित गराउनु पर्नेमा सो बमोजिम प्रमाणित गर्न सकेको पनि पाइदैन ।बयानमा जिकिर लिनु एउटा कुरा हो तर आफ्नो बयान व्यहोरालाई अरु प्रमाणबाट प्रमाणित नगरेसम्म मौखिक बयानलाई नै अकाट्य प्रमाण मान्न सकिने अवस्था हुँदैन ।

६. मिसिल संलग्न सम्पूर्ण कागजातहरु र तत्कालको परिस्थितिलाई मूल्याङ्कन गर्दा यी पुनरावेदक प्रतिवादीले भारतीय नम्वरको गाडी लिई गौर भन्सार कार्यालयबाट १ दिनको अस्थायी प्रवेश अनुमति लिएर नेपाल प्रवेश गरेको कुरा गौर भन्सार कार्यालयबाट प्रदान गरिएको मिति २०७४।४।१२ को प्रज्ञापनपत्र नं ८२४ बाट देखिएको छ । प्रवेश अनुमति लिंदा मिति २०७४।४।१२ गते रातको २०:२४ बजे लिएको देखिन्छ । ससुरा र सालोलाई चन्द्रनिगाहपुर पुर्‍याउन प्रवेश गरेको भनी बयान गरेकोमा ससुरा र सालोको नाम थर सम्म पनि वताएको देखिंदैन । कहाँ गएका ससुरा र सालोलाई पुर्‍याउनु पर्ने भएको हो सो पनि बयानमा खुलाउन सकेको देखिंदैन । ससुरा र सालोलाई चन्द्रनिगाहपुर पुर्‍याउन आएको भनी बयान गरेकोमा निजका ससुरा र सालोको वतन चन्द्रनिगाहपुर मै रहेको भन्ने पनि देखिएको छैन ।रातको २०:२४ बजे प्रवेश अनुमति लिएर प्रवेश गरेको गाडी निज कै भनाइ अनुसार चन्द्रनिगाहपुर पुगेर आएको भनेकोमा करिब १ घण्टाको अन्तरालमा गौर मै पक्राउ परीसकेको अवस्था देखिन्छ । १ घण्टाको समयमा गौर भन्सार कार्यालयबाट चन्द्रनिगाहपुर पुगेर पुनः गौर मै फर्कीसकेको अवस्था स्वयंमा पनि स्वाभाविक देखिंदैन ।गाडी धनी त्रिलोकी झाले बयान गर्दा आफन्त बिरामी भएकोले चन्द्रनिगाहपुर सम्म पुर्‍याउँछु भनी प्रतिवादी दिनानाथ प्रसाद गुप्ताले गाडी लगेको भनी बयान गरेकोमा पुनरावेदक प्रतिवादीले ससुरा र सालो बिरामी भएको कुरा खुलाएको देखिंदैन ।कसूरमा इन्कार रहनु अस्वाभाविक होइन तर इन्कारी बयान व्यहोरा प्रमाणित गराउनु अर्को कुरा हो । प्रमाण ऐन बमोजिम कुनै अभियुक्त सावित भए त्यस्तो साविती निजको विरुद्धमा प्रमाण लाग्ने हो तर इन्कारी भएको अवस्थामा इन्कारी बयान निजको पक्षमा प्रमाण लाग्ने स्थिति होइन । इन्कारी बयान निजको पक्षमा प्रमाणको रुपमा ग्राह्य हुन त्यस्तो इन्कारी बयान व्यहोरा अन्य प्रमाणहरुबाट समर्थित भएको हुनुपर्ने हुन्छ ।प्रस्तुत मुद्दामा यी पुनरावेदकको इन्कारी बयान व्यहोरा अन्य कुनै तथ्ययुक्त प्रमाणबाट समर्थित हुन आएको अवस्था देखिएन ।

७. पुनरावेदक प्रतिवादीले आफू उपर राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालयबाट भएको कारवाही संविधान विपरीत भएको भन्ने जिकिर पनि लिएको देखिएको छ । संविधानको धारा १५२(२) मा १ वर्ष भन्दा बढी कैद हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टिकृत अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा पर्ने छैन भनी भएको व्यवस्थाको सन्दर्भमा यो प्रश्न उठाएको हुनसक्छ तर पुनरावेदक प्रतिवादीले आफू उपर १ वर्ष भन्दा बढी कैद भएको भन्ने जिकिर लिएको अवस्था देखिंदैन र निजलाई कैद सजाय हुने निर्णय भएको अवस्था पनि देखिंदैन ।अन्य प्रतिवादीहरुको पुनरावेदन नै पर्न नआएको अवस्था देखिन्छ ।

८. यसप्रकार यी पुनरावेदक प्रतिवादी कसूरमा इन्कार रहेको भए पनि आफ्नो इन्कारी बयान व्यहोरालाई तथ्ययुक्त प्रमाण पेश गरी प्रमाणित गराउन सकेको नदेखिएको, मिसिल संलग्न सम्पूर्ण कागजातहरुको अध्ययनबाट प्रस्तुत कसूरमा निजको संलग्नता नरहेको भन्न सकिने अवस्था नभएको, गाडी भन्सार विन्दुबाट प्रवेश गरेको समय र पक्राउ परेको समय बीचको अन्तराललाई बिचार गर्दा तथा भन्सार विन्दुबाट चन्द्रनिगाहपुर पुगी पक्राउ परेको समयमा पुनः गौर आइपुगेको देखिएको समयको अन्तराल स्वाभाविक नदेखिएको अवस्थालाई बिचार गर्दा यी पुनरावेदक प्रतिवादीको पनि प्रस्तुत कसूरमा संलग्नता रहेको मान्नु पर्ने देखिंदा यी पुनरावेदक प्रतिवादीका हकमा भन्सार ऐन, २०६४ को दफा ५७(२) बमोजिम रु ५०००।- जरिवाना गर्ने गरी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, वाराका प्रमुख अनुसन्धान अधिकृतबाट मिति मिति २०७४।१०।२८ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु.......................................................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..............................................................................२

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इतिसम्बत २०७५ साल बैशाख २० गतेरोज ५ शुभम......

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३१५**
**पुनरावेदन नं. : ९७-०७३-००५७०**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला का. म. न. पा. वडा नं १३ अवस्थित स्थायी लेखा नं. ३०२८८८५६० भएको वेष्टार प्रोपर्टिज प्रा.लि. को तर्फबाट अधिकार प्राप्त शक्ति कुमार गोल्यण ..........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर ...............................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट ..............................................१ | प्रत्यर्थी |

**<u>मुद्दा : मूल्य अभिवृद्धि कर (आ.व. २०६६/६७ देखि २०७२/७३</u>**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री दिपक घिमिरे
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल
अविलम्वित नजिर :

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु कर निर्धारण गर्ने कार्यालयः राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर
शुरु कर निर्धारण गर्ने अधिकारीः उपमहानिर्देशक श्री गोविन्द वहादुर बानियां
शुरु कर निर्धारण मिति : २०७३।५।२१

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
पुनरावलोकनको निर्णय मिति : २०७३।१०।२४

पुनरावेदक कम्पनीका हकमा राजस्व अनुसन्धान विभाग, हरिहर भवनले मूल्य अभिवृद्धि कर र जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट समेत केही विषयमा सम्म आंशिक उल्टी भएको भए पनि ब्याज तथा थप दस्तुरका हकमा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कम्पनीले व्यावसायिक अपार्टमेन्टको रुपमा निर्माण कार्य शुरु गरी हाल होटल तथा मोटल सञ्चालन गर्नको लागि व्यावसायिक भवन निर्माण गरिरहेको रहेछ । यसै बीच आ. व. २०६६/६७ देखि आ. व. २०७२।७३ को बैशाख महिनासम्मको भवन निर्माणको क्षुए तर्फको कारोबारको अनुसन्धान तथा छानविन हुँदा पुनरावेदक कम्पनीले निर्माण गरेको भवन रु. पचासलाख भन्दा बढीको भएको र मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट निर्माण नगराई आफैले निर्माण गरेको देखिई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुने भन्दै राजस्व अनुसन्धान विभागबाट कर, जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रु. ४,०७,१७,५०७।०० कर निर्धारण भएको रहेछ । राजस्व अनुसन्धान विभागबाट भएको उक्त निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा निर्णय हुँदा मिति २०७०।७।३ को परिपत्रबाट मात्र कर दाखिला गर्ने अवधि तोकिएको स्थितिमा जरिवाना गर्न नमिल्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को विषयमा परिपत्र भएको महिना २०७० कार्तिकलाई कर अवधि मानी २०७० मंसिर देखि कर दाखिला भएको मितिसम्मको मात्र थप दस्तुर र ब्याज लाग्ने हुँदा भन्दै सोही अनुसार पुनः कर निर्धारण गर्नु पर्ने गरी निर्णय भएको पाइन्छ । आन्तरिक राजस्व विभागबाट मिति २०७३।८।२४ मा भएको उक्त निर्णय उपर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) का हकमा परामर्श सेवा लिए वापत भुक्तानी गरेको रकमको अङ्क गलत उल्लेख भएको र दफा ८(३) का हकमा ब्याज तथा थप दस्तुर लगाएको हदसम्म चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष दायर हुन आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) अनुसारको कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना वा ब्याज वा थप दस्तुर असूल गर्न नमिल्ने भन्ने कुरालाई निर्णयमा स्वीकार गर्दा गर्दै पनि आफ्नै निर्णय विपरीत मिति २०७०।७।३ मा भएको परिपत्रलाई आधार मानी ब्याज तथा थप दस्तुरमा पुनः कर निर्धारण गर्ने गरी भएको निर्णय कानूनसंगत नरहेको,

ख. कर कुन समयमा दाखिला गर्नुपर्ने हो भन्ने विषय सारभूत विषय भएको र यस्तो विषयमा परिपत्रबाट नियमित गर्न नमिल्ने भएको,

ग. परिपत्रहरु प्रभावकारी हुनको लागि मूल्य अभिवृद्धि कर ऐनको दफा ३२ख(२) बमोजिम सार्वजनिक माध्यमद्वारा प्रकाशित गर्नुपर्नेमा मिति २०७०।७।३ को परिपत्र मिति २०७३।१०।२१ को गोरखापत्रमा प्रकाशित पनि गरिएको तर सो प्रकाशित हुनु पूर्वको अवधिको ब्याज तथा थपदस्तुर गणान गर्ने गरी भएको निर्णय न्यायको मान्य सिद्धान्तको प्रतिकूल रहेको,

घ. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) का हकमा भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क गलत उल्लेख गरी कर निर्धारण भएको,

घ. तसर्थ आन्तरिक राजस्व विभागबाट भएको निर्णय मध्ये मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) को विषयमा २०७० मंसिर देखि कर दाखिला गरेको मितिसम्मको मात्र थप दस्तुर र ब्याज लाग्ने गरी पुनः कर निर्धारण गर्ने गरी भएको निर्णय र मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) को हकमा राजस्व अनुसन्धान विभागको निर्णय सदर गर्ने गरी भएको विभागको निर्णय उल्टि गरी नलाग्ने थपदस्तुर तथा ब्याज दायित्वबाट मुक्त गरी पाउँ ।

<u>ठहर</u>

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपक घिमिरे र प्रत्यर्थी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयहरु तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – पुनरावेदक कम्पनीले भवन निर्माण गरिरहेको र मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने कुरामा विवाद रहेको नभए पनि निर्माण सम्पन्न भएपछि वा निर्माण हुँदाहुँदै पनि कर दाखिला गर्नु पर्ने हो भन्ने सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था नभएको,<br>– मूल्य अभिवृद्धि कर ऐनको दफा ३२ख मा यस ऐनको कार्यान्वयनका लागि सम्बन्धमा परिपत्र जारी गर्न सकिने व्यवस्था भएको भए पनि त्यस्तो परिपत्र सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था भएको,<br>– कर अवधि तोकी मिति २०७०।७।३ मा परिपत्र जारी गरेको भए पनि उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक पत्रिकामा प्रकाशन गरेको देखिएको,<br>– परिपत्र सार्वजनिक रुपमा प्रकाशन गरे पछि मात्र लागू हुनुपर्नेमा उक्त परिपत्र सार्वजनिक हुनु भन्दा अगाडि परिपत्रले तोकेको कर अवधिलाई नै आधार मानी थप दस्तुर र ब्याज लाग्ने गरी भएको निर्णय कानूनसंगत नभएको,<br>– भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क विभागको निर्णयमा गलत उल्लेख भएको । | – पुनरावेदक कम्पनी मूल्य अभिवृद्धि करमा दर्ता भएको अवस्था भए पनि निर्माण शुरु गरेको धेरै पछि मात्र दर्ता भएको देखिंदा कम्पनीको नियत सफा नदेखिएको,<br>– पुनरावेदक कम्पनी विरुद्धमा अनुसन्धान प्रारम्भ भए पछि केही कर रकम बुझाएकोमा विवाद नभए पनि पुनरावेदक कम्पनीलाई परिपत्रका बारेमा जानकारी रहेको देखिएको हुँदा परिपत्र सार्वजनिक नभई जानकारी नहुने भन्ने तर्क यथार्थपरक नरहेको,<br>– भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क पनि गलत उल्लेख भएको नदेखिएको,<br>– तसर्थ आन्तरिक राजस्व विभागको निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) बमोजिमको कर दाखिला गर्नु पर्ने अवधि मिति २०७०।७।३ को परिपत्रबाट तोकी उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरेकोमा उक्त परिपत्र जारी हुँदा कै मिति देखि लागू हुने हो वा सार्वजनिक भएको मिति पछि मात्र लागू हुने हो ?

ख. मिति २०७०।७।३ को परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरिएकोमा परिपत्र सार्वजनिक हुनुभन्दा अगाडिको अवधिलाई आधार मानी बुझाउनु पर्ने कर रकम म्याद भित्र नबुझाएको भनी थपदस्तुर र ब्याज लाग्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेको छ वा छैन ?

ग. मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) का हकमा भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क पुनरावेदकले जिकिर लिए जस्तो गलत उल्लेख भएको हो वा होइन ?

५. निरुपण हुनुपर्ने प्रश्नका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा पुनरावेदक कम्पनीले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा उल्लेख भए बमोजिम व्यावसायिक प्रयोजनका लागि भवन निर्माण गरिरहेको र सोही दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने भएको कुरामा स्वीकारै गरेको देखिएको छ ।केवल दफा ८(३) बमोजिमको कर दाखिला गर्नु पर्ने अवधिका बारेमा ऐन नियममा व्यवस्था नभएको र त्यस्तो अवधि आन्तरिक राजस्व विभागको मिति २०७०।७।३ को परिपत्रबाट तोकी मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरेको हुँदा सो बमोजिमको अवधि सम्बन्धी व्यवस्था कहिले देखि लागू हुने हो भन्ने सम्बन्धमा प्रश्न उठाई प्रस्तुत पुनरावेदन यस न्यायाधिकरण समक्ष आइपुगेको देखिन्छ । खासमा कर दाखिला अवधि सम्बन्धी व्यवस्था परिपत्र सार्वजनिक भए पछि मात्र लागू हुनुपर्ने भन्दै परिपत्र सार्वजनिक हुनुभन्दा अगाडिको अवधिलाई आधार मानी म्याद भित्र कर दाखिला नगरेको कारण देखाई लगाएको थप दस्तुर र ब्याज नलाग्नु पर्ने भन्ने पुनरावेदकको जिकिर रहेको पाइन्छ ।आन्तरिक राजस्व विभागको निर्णयमा उल्लिखित व्यहोरा हेर्दा पुनरावेदकले जिकिर लिए जस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिमको कर दाखिला गर्ने सम्बन्धमा ऐन नियमावलीमा अवधि नतोकिएको कुरामा विभागको पनि स्वीकारोक्ति नै रहेको पाइन्छ । तर मिति २०७०।७।३ को परिपत्रबाट कर दाखिला अवधि तोकिएको हुँदा उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरिएको भए पनि सो बमोजिम कर दाखिला अवधि सम्बन्धी व्यवस्था परिपत्र भएकै मितिबाट लागू हुने कुरा उल्लेख गरेको पाइन्छ । त्यसैले मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) बमोजिमको कर दाखिला गर्नु पर्ने अवधि मिति २०७०।७।३ को परिपत्रबाट तोकी उक्त परिपत्र मिति २०७३।१०।२१ मा मात्र सार्वजनिक गरेकोमा उक्त परिपत्र जारी हुँदा कै मिति देखि लागू हुने हो वा सार्वजनिक भएको मिति पछि मात्र लागू हुने हो ? भन्ने प्रश्न प्रस्तुत मुद्दामा निरुपणको मुख्य विषय बन्न आएको पाइन्छ ।

६. आजको प्रशासकीय युगमा परिपत्र जारी गर्ने अभ्यास हामीकँहा मात्र प्रचलनमा रहेको नभई संसारका सबैजसो मुलुकहरुमा प्रचलनमा रहेको अभ्यास हो ।प्रशासकीय काम कारबाहीहरुमा एकरुपता ल्याउन, ऐन नियमवलीमा रहेका अस्पष्टताहरुमा स्पष्टता ल्याउन र समयको अन्तरालसंगै सिर्जना हुनसक्ने परिस्थितिजन्य आवश्यकताहरुको तत्काल सम्वोधन गर्न परिपत्रको अभ्यास प्रभावकारी हुने विश्वासमा यस सम्बन्धी अभ्यासहरुले मान्यता पाएका हुन् । तर परिपत्र भन्दैमा सबै परिपत्रहरुको उत्तिकै कानूनी मान्यता हुन्छ भन्ने होइन ।त्यसैले कुनै परिपत्रको विषयलाई लिएर न्यायिक परीक्षण गर्नु पर्दा सर्वप्रथमतः त्यस्तो परिपत्रको कानूनी हैसियतका बारेमा स्पष्ट हुनु जरुरी हुन्छ ।कतिपय परिपत्रहरु मन्त्रालय वा विभाग स्तरका कार्यालयहरुलाई प्राप्त सामान्य प्रशासकीय अधिकार अन्तर्गत जारी भएका हुन्छन् ।यस्ता परिपत्रहरु आदेश र नियन्त्रण (Command and Control) को प्रशासकीय सिद्धान्त अन्तर्गत जारी हुने भएकोले कानूनी सन्दर्भमा खासै महत्व राख्दैनन् । अन्य कतिपय परिपत्रहरु भने ऐन नियमावलीमा भएका अस्पष्टता, रिक्तता र मौनताहरुलाई हटाई ऐन र नियमावलीको कार्यान्वयनलाई सहज तुल्याउने उद्देश्यले जारी भएका हुन्छन् । यस्ता परिपत्रहरुले व्यक्तिका हक अधिकारहरुलाई संकुचन गर्ने वा पाइरहेको सुविधाहरु कटौती गर्ने वा थप दायित्व थोपर्ने पनि हुनसक्छ ।यो अवस्था हो भने यस्ता परिपत्रहरुले नियम कानून कै प्रभाव राख्दछन्। त्यसैले यस्ता परिपत्रहरु न्यायिक परीक्षणको विषय बन्न आउँछन् र न्यायिक निकायहरुले पनि प्रत्यायोजित विधायन कै एउटा पक्षको रुपमा हेरी परीक्षण गर्नु पर्ने हुन आउँछ ।Patchett v Leathem को मुद्दामा उल्लिखित यी वाक्याँशहरु मननीय छन् ( "In some instances circulars provide mere administrative guidelines and have no legal effect. However, where circulars give effect to statutory requirements, they will have legal effect. In such cases circulars are subject to judicial review. Whether or not a particular circular has legal effect depends on the interpretation of the legislation in terms of which it was issued". (Patchett v Leathem [1949] 65 TLR 69; Gillick v West Norfolk and Wisbech Area Health Authority [1986] 1 AC 112 (http://oxfordindex.oup.com/view/10.1093/oi/authority.20110803095901899) ।

७. प्रस्तुत मुद्दामा विवादमा रहेको मिति २०७०।७।३ को परिपत्र हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को कार्यान्वयन सम्बन्धमा जारी भएको देखिएको र उक्त परिपत्रमा भएका प्रावधानहरु हेर्दा कतिपय व्यवस्थाहरु ऐनमा भएकै व्यवस्थाहरुलाई थप स्पष्ट गर्ने व्याख्यात्मक (Interpretative) प्रकृतिको रहेका, कर अवधि लगायतका

कतिपय व्यवस्थाहरु ऐन नियमावलीमा रहेका रिक्तता र मौनता (Gaps and Silence) लाई पूर्ति गर्ने प्रकृतिको रहेका तथा केही व्यवस्थाहरु जरिवाना तोक्ने दण्डात्मक (Punitive) प्रकृतिको रहेको देखिन्छ ।यो स्थितिमा विवादित परिपत्र सामान्य प्रशासकीय प्रकृतिको मात्र नभएर नियम कानून कै प्रभाव राख्ने कानूनी प्रकृतिको रहेको मान्नुपर्ने देखिन आयो।

८. अब मिति २०७०।७।३ को विवादित परिपत्रको कानूनी वैधताका सम्बन्धमा बिचार गरौं ।नियम कानूनको प्रभाव राख्ने कुनै पनि परिपत्रले वैधता प्राप्त गर्नको लागि मुख्यरुपमा तीनवटा पूर्वशर्त पूरा गरेको हुनुपर्छ (१) परिपत्र कानूनले दिएको अख्तियारी अन्तर्गत जारी भएको हुनुपर्छ, (२) परिपत्र कानूनले तोकेको सीमा भित्र रहेर जारी भएको हुनुपर्छ र (३) त्यस्तो परिपत्र कानूनले तोकेको कार्यविधि पूरा गरी जारी भएको हुनुपर्छ ।विवादित परिपत्र हेर्दा कुन कानूनले दिएको अख्तियारी अन्तर्गत जारी भएको हो भनी परिपत्रमा स्पष्ट उल्लेख भएको पांइदैन ।तथापि परिपत्रमा समावेश भएका व्यवस्थाहरु, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. मा भएका व्यवस्थाहरु र मिति २०७३।१०।२१ को गोरखापत्रमा प्रकाशित सूचनालाई आधार मान्दा उक्त परिपत्र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. ले दिएको अधिकार अन्तर्गत जारी भएको देखिन आउँछ ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. को उपदफा (१) मा "यस ऐनको कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउन ... विभागले यस ऐनमा भएका व्यवस्थाको सम्बन्धमा व्याख्या सहित लिखित सार्वजनिक परिपत्रहरु जारी गर्न सक्नेछ" भन्ने व्यवस्था भएको देखिंदा उल्लिखित परिपत्र कानूनी अख्तियारी बिना जारी भएको भन्न मिल्ने देखिंदैन ।कानूनी अख्तियारीको सीमाभित्र रहेर जारी भए नभएको विषयमा बिचार गर्दा मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) बमोजिमको कर दाखिला गर्ने अवधिका सम्बन्धमा ऐन र नियमावलीमा व्यवस्था नभएको बारे पुनरावेदक स्वयंले स्वीकारै गरेको अवस्था भएको, प्रस्तुत मुद्दामा पुनरावेदकले मुख्यतः कर दाखिला अवधि कै विषयलाई आधार बनाई जिकिर लिएको देखिएको र ऐन नियमावलीमा मौन रहेका विषयमा अन्यत्र पनि परिपत्र जारी गर्न सकिने अदालती अभ्यासहरु विकसित भएको (P. M. Mohammed Ali v Union of India, AIR 1975 Ker. 157; Uttar Pradesh v Chandra Mohan, AIR 1977 SC 2411) पांइदा कर दाखिला अवधिको विषयको हदसम्म विवादित परिपत्र कानूनको सीमाभन्दा बाहिर गएर जारी भएको भन्न पनि मिल्ने देखिएन ।जहाँसम्म उक्त परिपत्र कानूनको कार्यविधि पूरा गरेर जारी भएको छ वा छैन भन्ने प्रश्न छ सो सम्बन्धमा बिचार गर्दा परिपत्र जारी गर्ने अख्तियारी दिने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख को व्यवस्था हेर्दा

उपदफा (१) मा "... सार्वजनिक परिपत्रहरु जारी गर्न सक्नेछ" भन्ने र उपदफा (२) मा "विभागले उपदफा (१) बमोजिम जारी गरेका परिपत्रहरु सर्वसाधारणको जानकारीको लागि विभागको आफ्नो वेवसाइटमा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्न सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ । आन्तरिक राजस्व विभागबाट "मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ८(३) मा रहेको व्यवस्थालाई स्पष्ट पारी यस विभागबाट मिति २०७०।७।३ मा जारी गरिएको परिपत्र यस विभागको वेवसाइटमा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ" भनी मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेको देखिंदा सो मिति भन्दा पछिको अवधिको लागि दफा ३२ख. (२) मा उल्लिखित सार्वजनिक गर्नुपर्ने शर्त पनि पूरा भएको देखिन्छ ।वास्तवमा गोरखापत्रमा सूचना प्रकाशन भए पछिको अवधिलाई लिएर पुनरावेदकले कुनै अन्यथा जिकिर लिएको अवस्था पनि छैन ।प्रस्तुत मुद्दामा मिति २०७०।७।३ मा परिपत्र जारी भएपछि तर मिति २०७३।१०।२१ मा सार्वजनिक सूचना प्रकाशन हुनुभन्दा अगाडिको अवधिलाई लिएर विवाद उठाइएको हुँदा सो सम्बन्धमा सम्म यो फैसलामा बोल्नुपर्ने हुन आएको छ ।

९. माथि प्रकरण ८ मा उल्लेख भए बमोजिम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. (१) ले परिपत्र जारी गर्ने अधिकार दिएको भए पनि त्यसरी जारी हुने परिपत्र सोही दफाको ३२ख. (२) बमोजिम वेवसाइटमा वा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गर्नु पर्ने व्यवस्था भएको स्पष्ट छ ।परिपत्रको सार्वजनिकीकरणको अनिवार्यता प्राकृतिक न्यायको सिद्धान्तमा आधारित छ ।किनभने परिपत्रका कुनै कुराको पालना नभएको कारण कसैले जरिवाना वा थप आर्थिक दायित्व व्यहोर्नु पर्ने कुरा आउँछ भने उसले सो बारेमा पूर्व जानकारी पाएको हुनुपर्छ ।आफूले गल्ती गरेको छु भन्ने कुराको जानकारी बिनै दण्डित हुनुपर्ने अवस्थालाई प्राकृतिक न्यायको सिद्धान्तले मान्यता दिन सक्दैन ।यसै गरी कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने न्यायको अर्को सर्वमान्य सिद्धान्त पनि रहेको छ । कानूनको अज्ञानता क्षम्य हुँदैन भन्नुको अर्थ कानून सर्वसाधारण सबैको जानकारी हुनसक्ने गरी तिनीहरुको पहुँचमा पुर्‍याइएको हुन्छ र यदि यति गर्दा पनि जानकारी छैन भनी कसैले जिकिर लिन्छ भने त्यस्तो जिकिरलाई मान्यता प्राप्त हुँदैन भन्ने हो । BLACKPOOL CORPORATION V LOCKER को मुद्दामा न्यायाधीश Scott ले भनेका थिए ( the very justification for that basic maxim is that the whole of our law, written or unwritten, is accessible to the public – in the sense, of course, that, at any rate, its legal advisers have access to it, at any moment, as of right' (BLACKPOOL CORPORATION V LOCKER [1948] 1 KB 349,

[1948] 1 All ER 85) । यी सिद्धान्तहरुका सन्दर्भमा बिचार गर्दा नियम कानूनको प्रभाव राख्ने परिपत्र कानूनले अनिवार्य नगरेकै अवस्थामा पनि सार्वजनिक गर्नुपर्ने मान्यता राखिन्छ । जस्तो भारतको Maharashtra v. George को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको थियो ( ‰n a situation where there was no statutory requirement for publication of rules, it was necessary to publish the rules in the usual form, in such media as was generally adopted to notify to all persons concerned. (AIR 1965 SC 722) । तर प्रस्तुत मुद्दामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. (२) ले नै स्पष्टतः राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नु पर्ने व्यवस्था गरेबाट राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन हुनुभन्दा अगाडि देखि नै परिपत्रको व्यवस्था लागू भइसकेको मान्न सकिने अवस्था देखिएन । यसका अतिरिक्त परिपत्र सार्वजनिक गर्नु पर्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ख. ले गरेको अनिवार्यतालाई मिति २०७०।७।३ मा जारी गरिएको परिपत्र मिति २०७३।१०।२१ मा गोरखापत्रमा प्रकाशित गरिएकोबाट आन्तरिक राजस्व विभाग स्वयंले पनि महशुस गरेको देखिन्छ ।

१०. जहाँसम्म यी पुनरावेदकले परिपत्र भएको अवस्था मै थाहा पाइसकेको भनी लिइएको आधारको कुरा छ सो सम्बन्धमा बिचार गर्दा निर्णयपर्चामा उल्लेख गरिए जस्तो पुनरावेदकले पहिल्यै थाहा पाएको मान्दा यस्तै अवस्थाका अरु करदाताका हकमा सूचना लागू हुने मिति एउटा र यी करदाताका हकमा सूचना लागू हुने मिति अर्कै हुन गई सूचनाको सामान्यता (Generality) मा आँच आउने र यस्तै अवस्थाका करदाताहरु बीच असमानता पनि सिर्जना हुने स्थिति हुनजान्छ । किनभने विवादित परिपत्रको प्रकृति हेर्दा पुनरावेदक एकजनाका हकमा मात्र लागू हुने किसिमको विशेष सूचना यो देखिंदैन । सामान्य प्रकृतिका यस्ता सूचनाहरुका बारेमा अमुक कुनै करदाताले वास्तव मै थाहा पाएको थियो कि थिएन भन्ने कुरा भन्दा पनि त्यस्तो परिपत्र लागू हुनका लागि आवश्यक पूर्वशर्तको रुपमा रहेको प्रकाशन गर्नु पर्ने अनिवार्यता तत्व पूरा भएको छ वा छैन भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । कानूनले अनिवार्य गरेको सार्वजनिकीकरणको शर्त पूरा नभएको अवस्थामा अमुक व्यक्तिले कुनै माध्यमबाट थाहा पाएको थियो भन्ने कुरालाई मान्यता दिई निजका हकमा परिपत्र सार्वजनिक हुनु अगाडि देखि नै लागू हुने गरी परिपत्रले सिर्जना गरेको थप दायित्व व्यहोर्नु पर्छ भन्न विवेकसंगत देखिएन ।

११. पुनरावेदकको अर्को जिकिर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) का हकमा भारतीय कम्पनीसंग परामर्श सेवा लिए वापत भुक्तानी भएको भनी उल्लिखित रकमको अङ्क गलत उल्लेख गरी कर निर्धारण भएको भन्ने रहेको छ । मिसिल संलग्न

कागजातहरु अध्ययन गर्दा राजस्व अनुसन्धान विभागको मिति २०७३।५।२१ को अन्तिम कर निर्धारण आदेशमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा व्यवस्था भए विपरीत भारतीय कम्पनीलाई भुक्तानी गरेको परामर्श शुल्क भनी रु ९८,१०,०००७।०० उल्लेख भएको पाइन्छ भने आन्तरिक राजस्व विभागको मिति २०७३।१०।२४ को निर्णयमा पनि दफा ८(२) अनुसारको करका हकमा राजस्व अनुसन्धान विभागको निर्णय कानूनसम्मत रहेको देखिएको भनी सोही निर्णयलाई सदर ठहराएको पाइन्छ । शुरु अनुसन्धान प्रतिवेदनमा पनि भारतीय कम्पनीलाई परामर्श वापत भुक्तनी गरेको रकम भनी यही अङ्क उल्लेख भएको पाइन्छ ।यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) का हकमा पुनरावेदकले लिएको जिकिर पुग्न सक्ने देखिएन ।

१२. यसमा स्थायी लेखा नं. ३०२८८५६० भएका करदाता सिटी होटल प्रा.लि. को आ.व. ०६६।०६७(२०७२।०७३ सम्मको मूल्य अभिवृद्धिकर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको दफा ८(३) बमोजिम मूल्य अभिवृद्धिकर दाखिला गर्ने सम्बन्धमा मू.अ.कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएको कुरामा आन्तरिक राजस्व विभागको निर्णयपर्चामा पनि स्वीकारै गरेको देखिएको, दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो पपित्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रभावित भइरहेको र यस्ता विषयमा मू.अ.कर ऐन २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि थप दस्तुर र व्याज लगाएको हदसम्म राजस्व अनुसन्धान विभाग, ललितपुरको मिति २०७३।५।२१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार गोरखापत्रमा प्रकाशित उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि थप दस्तुर र व्याज लगाएको हदसम्म राजस्व अनुसन्धान विभाग, ललितपुरको मिति २०७३।५।२१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।२४ मा भएको निर्णय सो हदसम्म उल्टी हुने ठहरेकोले थप दस्तुर र व्याजको रकम यकिन गरी पुनरावेदकलाई कानूनले तोकेको अवधि भित्र नियमानुसार फिर्ता दिनु...........................................................................१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...........................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...........................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना ३ गते रोज ०५ शुभम् ..........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

२०७४/७५ सालको निर्णय नं. ३२१
पुनरावेदन नं. : ९७-०७३-००५६९

| | |
|---|---|
| काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ३२ मा रजिष्टर्ड कार्यालय रहेको कास ट्रेडिङ्ग हाउस प्रा. लि. को तर्फबाट ऐ. का अख्तियार प्राप्त सञ्चालक श्री राजन लाल श्रेष्ठ ....................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १, बबरमहल................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ ...............................१ | प्रत्यर्थी |

<u>मुद्दा : आयकर (आ. व. २०७१/०७२)</u>

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

अविलम्वित नजिर : ×

**शुरु निर्णय गर्ने कार्यालय र पदाधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १, बबरमहल

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री चन्द्रकला पौडेल

शुरु निर्णय मिति : २०७३।०४।११

आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ, क्षेत्र नं १ बाट पुनरावेदक कम्पनीको आ.व. २०७१/०७२ को संशोधित आयकर निर्धारण गर्ने गरी मिति २०७३।४।११ मा खडा भएको निर्णय पर्चा उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र ९ बमोजिम भनी पुनरावेदक कास ट्रेडिङ्ग हाउस प्रा. लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कास ट्रेडिङ्ग हाउस प्रा.लि. ले आ.व. २०७१।०७२ का लागि आयकर ऐन २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु. ३७३२१४६।२३ करयोग्य आय कायम गरी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ मा मिति २०७२।९।३० मा आय विवरण पेश गरेकोमा उक्त कम्पनीको आय विवरण पूर्ण कर परीक्षणको लागि छनौटमा परेको रहेछ ।परीक्षणका क्रममा कारोबारलाई प्रमाणित गर्ने कागजात फाँटबारी तथा प्रमाणहरु पेश गर्न आयकर ऐन २०५८ को दफा ८३ बमोजिमको सूचना मिति २०७२।११।२८ मा जारी भएकोमा सो सूचना बमोजिम करदाताबाट पेश भएका कागजात तथा प्रमाणहरुको अध्ययन एवं छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदनबाट प्रस्तुत करदाताको आ.व. २०७१।०७२ को लागि आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि रु. ८६,१५,००१।— करयोग्य आय कायम गर्नु पर्ने देखिएको भन्दै सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भनी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७३।३।३१ मा लिखित सूचना जारी गरिएको देखिन्छ । करदाताले उक्त पत्र सोही मितिमा बुझिलिई लिफ्टमा दावी गरेको ह्रास खर्च सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १९ अनुसार कम्पनीले प्रयोग गर्ने लिफ्टमा पुँजीगत खर्च गरी जडान गरेको लिफ्टमा ह्रास खर्च दिनुपर्ने हुन्छ, लिफ्ट बन्द वा नचलेको आधारमा ह्रास खर्च नपाइने होइन साथै न्यून मौज्दातको रु. ४८,०६,२५०।६१ लाई आय विवरणमा समावेश नगरिएको सम्बन्धमा मूल्य अभिवृद्ध कर निर्धारण निर्णयमा चित्त नबुझी आन्तरिक राजस्व विभागमा विचाराधिन भएकोले आय विवरणमा समावेश नगरिएको हो भनी मिति २०७३।४।२० मा जवाफ पेश गरेको देखिन्छ ।

पुनरावेदक कम्पनीले पेश गरेको जबाफ बिना आधार प्रमाणको मनगढन्ते रहेको भन्दै प्रत्यर्थी कार्यालयबाट जारी भएको प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै कर निर्धारण गर्ने गरी मिति २०७३।४।११ मा अन्तिम कर निर्धारणको निर्णय पर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व कार्यालयको उक्त आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि पुनरावेदक कम्पनीले आन्तरिक राजस्व विभागमा मिति २०७३।६।५ मा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय

नगरेको हुँदा भनी आयकर ऐन, २०५८ को दफा ११५(९) बमोजिम विभागलाई जानकारी दिई आन्तरिक राजस्व कार्यालयबाट भएको मिति २०७३।४।११ को निर्णय वदर गरी पाउन माग गरी पुनरावेदक कम्पनी कास ट्रेडिङ्ग हाउस प्रा. लि. का तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. लिफ्ट जडान भएकोमा लिफ्ट प्रयोगमा आएको नदेखिएको भनी ह्रास खर्च रु. ७६,६०४।- अमान्य गरेको कानूनसंगत नभएको,

ख. न्यून मौज्दात देखिएको मूल्य रु. ४८,०६,२५०।६१ लाई आय विवरण पेश गर्दा आयमा समावेश नगरेको भन्ने उल्लेख भएको सम्बन्धमा यसैसंग सम्बन्धित मूल्य अभिवृद्धि कर निर्धारणको विषयलाई लिएर पुनरावलोकनका लागि निवेदन परेकोमा सो निवेदनमा निर्णय भइनसकेको अवस्थाको कारण समावेश नभएको अवस्था रहेको,

ग. आयकर ऐन, २०५८ को दफा १२० बमोजिम भनी शुल्क वापत रु ६,१०,३५७।- लगाएको पनि कानून विपरीत भएको,

घ. तसर्थ आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय बदर गरी पाउँ ।

## <u>ठहर</u>

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कास ट्रेडिङ्ग हाउस प्रा. लि. का तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो। वहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता एवं शाखा अधिकृतबाट देहाय बमोजिमका जिकिरहरु प्रस्तुत हुन आएको छ :-

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयकातर्फबाट उपस्थित विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – स्थलगत निरीक्षणका क्रममा मौज्दात विवरण किताबबाट मौज्दात स्थिति हेर्नुपर्नेमा सो नगरी पहिले मौज्दात स्थिति हेरी वारेण्टीका सामानहरुको समेत मौज्दात स्थिति देखाई गलत प्रतिवेदन तयार गरेको र यस्तो गलत मौज्दात प्रतिवेदन बमोजिमको सामानहरुलाई बिक्री भइसकेको भनी मूल्य अभिवृद्धि कर लगाई आयमा समावेश गरिएको निर्णय त्रुटिपूर्ण छ, | – स्टक बुक पनि पुनरावेदकले नै देखाएको र मालवस्तुको स्टक पनि पुनरावेदकले नै देखाए अनुसार प्रतिवेदन तयार भएको अवस्था रहेको र सोलाई आधार मानी गरिएको आयकर निर्धारण मिलेकै देखिन्छ,<br>– लिफ्ट जडान गरेकोमा सो लिफ्टबाट सेवा सुविधा प्राप्त भएको स्थिति नहुँदा बन्द भएको कारण ह्रास खर्च नदिएको अवस्था देखिएको, |

| | |
|---|---|
| – अमुक समयमा लिफ्ट नचलेको भन्ने आधारमा लिफ्ट जडान ह्रासखर्च कट्टी नगरेको मिलेको छैन,<br>– तसर्थ आन्तरिक राजस्व कार्यालय र विभागबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ । | – तसर्थ आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय मिलेकै देखिंदा सदर हुनुपर्छ । |

५. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहसबुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयोः-

क. पुनरावेदक करदाताले जडान गरेको लिफ्टको ह्रास खर्च कट्टी गर्न नपाउने भनी गरेको निर्णय मिलेको छ वा छैन ?

ख. आ.व. २०७१/०७२ को अनुसन्धनात्मक कर लेखा परिक्षणबाट न्यून मौज्दात देखाएको मूल्य रू. ४८,०६,२५०।६१ लाई आयमा समावेश गरी कर निर्धारण गरिएको निर्णय कानूनसम्मत छ वा छैन ?

६. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गर्दा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ को मिति २०७१।८।२६ को पत्रानुसार खटिएका कर अधिकृतहरुको टोलीले कास ट्रेडिङ्ग हाउस प्रा. लि. को कारोबार स्थल पुतलीसडकमा आकस्मिक निरीक्षण गर्दा पुनरावेदक प्रा.लि. को लिज होल तर्फको लिफ्ट प्रयोग (संचालन) मा आएको नदेखिएको भन्ने आधारमा कर निर्धारण गर्दा उक्त लिफ्टको ह्रास खर्च आयकर ऐन, २०५८ को दफा १९ बमोजिम खर्च कट्टि नपाउने भनी उल्लेख भएको देखिन्छ ।स्थलगत निरीक्षणका क्रममा लिफ्ट जडान नै नभएको भन्न सकिएको अवस्था देखिंदैन ।लिफ्ट ह्रासयोग्य सम्पत्ति होइन भनी उल्लेख भएको पनि पांइदैन ।आयकर ऐन, २०५८ को दफा १९ अध्ययन गर्दा "कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भए बापत अनुसूची-२ बमोजिम ह्रास खर्च कट्टी गर्नुपर्नेछ" भनी उल्लेख भएको देखिन्छ । यो दफामा "प्रयोग गरेको" भन्ने शब्दावली प्रयोग भएको र निरीक्षणका बखत लिफ्ट प्रयोग गर्न नसकिएको कारणले प्रत्यर्थी कार्यालयले ह्रास खर्च अमान्य गरेको हुनसक्छ । उक्त दफामा प्रयुक्त "प्रयोग गरेको" भन्ने शब्दावलीले अमुक समयमा सञ्चालनमा आउन नसकेको कुरालाई जनाउने नभई व्यवसायका लागि प्रयोग गर्न कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति बुझ्नुपर्ने हुन्छ। यदि कर कार्यालयले ब्याख्या गरे जस्तो हरसमय सञ्चालनमा रहनु पर्ने कुरालाई मान्नु पर्ने हो भने लिफ्ट लगायतका अन्य सम्पत्तिहरु बिग्रन पनि नहुने, हरसमय चालु

हालतमा रहनु पर्ने भनी बुझ्नु पर्ने हुन्छ जुन संधै सम्भव हुने कुरा होइन । अमुक समयमा बिग्रन गएको वा विधुत शक्तिको आपूर्ति नभएको वा अन्य कारणले पनि कुनै खास समयमा सञ्चालनमा आउन नसकेको हुनसक्छ तर अमुक समयमा सञ्चालनमा नआएको कुराले व्यवसायको प्रयोगमा नरहेको तर्क गर्नु मनासिब हुने देखिंदैन ।लिफ्ट जडान नै नगरी त्यसै राखेको भन्ने भनाइ पनि छैन । त्यसैले तत्कालको समयमा लिफ्ट सञ्चालन हुन नसकेको कारण देखाई प्रयोग मै नरहेको मानी सो को ह्रासखर्च नपाउने भनी लिफ्टको ह्रास खर्च नदिएको हदसम्म आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ बाट भएको निर्णय मिलेको देखिएन ।

७. अव आय विवरण पेश नभएको भनी उल्लेखित रु. ४८,०६,२५०।६१ लाई आयमा समावेश गरी कर निर्धारण गरिएको कानूनसम्मत छ वा छैन ? भन्ने तर्फ हेर्दा प्रस्तुत मुद्दामा स्थलगत निरीक्षण भई सामानको मौज्दात गणना सम्पन्न भएको भोलिपल्टै पुनरावेदक कम्पनीले केही सामानहरु गणनामा छुटेका र केही फिर्ता आएका सामानहरु पनि परेका भनी निवेदन दिएको र पछि प्रारम्भिक कर निर्धारण आदेशका सन्दर्भमा जबाफ दिंदा पनि सामान गणना गर्न बाँकी छ छैन भनी नसोधिएको भनी उल्लेख गरेकोमा प्रत्यर्थी कार्यालयको कर निर्धारण आदेशमा पुनरावेदक कम्पनीको ती निवेदन व्यहोरा र जबाफका सम्बन्धमा केही बोलिएको अवस्था देखिंदैन । प्रस्तुत मुद्दामा सामानहरुको विवरण मै प्रश्न उठिरहेको छ र पुनरावेदक कम्पनीले राखेका भनाइहरु उपर उपयुक्त तवरबाट ध्यान दिइएको छ भन्ने कुरा देखिएको छैन । आकस्मिक निरीक्षण भए पछि सो सम्बन्धमा करदाताले दिएको निवेदन व्यहोरा र जबाफका सम्बन्धमा कुनै सुनुवाइ भएन भन्ने किसिमको भावना करदातामा पर्न दिनु राज्यका निम्ति शोभायमान कुरा होइन । मूल्य अभिवृद्धि करका सन्दर्भमा त झन् मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले कर निर्धारण गर्दा प्रमाणको भार पुर्‍याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ भनी स्पष्ट व्यवस्था गरेको अवस्था पनि छ ।त्यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनिएकोमा उक्त दफामा उल्लेख भए मध्येको कुन अवस्था परी कर निर्धारण गर्नु परेको हो सो नखोलेको, कर निर्धारण गर्नु पर्नाको कारण र आधार पनि पर्याप्त नखोलेको तथा पुनरावेदक कम्पनीले मौकामा लिएको जिकिरहरुका सम्बन्धमा पनि कुनै बिचार गरी तथ्ययुक्त प्रमाणहरुबाट खण्डन गर्न सकेको अवस्था नदेखिंदा विवादित मूल्य अभिवृद्धि कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने पुनरावलोकनको निर्णयलाई मान्यता दिन सकिएन भनी आज यसै इजलासबाट यसै लगाउको यिनै पुनरावेदक र प्रत्यर्थी भएको निर्णय नं. ३२० को पुनरावेदन नं. ९७-०७३-००२८३ को मूल्य अभिवृद्धिकर मुद्दामा पुनः निर्णय गर्न पठाउने ठहरी फैसला भएको अवस्था छ । प्रस्तुत आयकरको विवाद

पनि सोही मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने भन्ने विषयसंग सम्बन्धित भएको र उक्त मुद्दामा पुनः निर्णयका लागि पठाउने फैसला भएकोले सोही आधार प्रमाणबाट समेत प्रस्तुत मुद्दा पनि आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ को निर्णयलाई सदर गर्न मिल्ने देखिएन ।

८. यसप्रकार प्रस्तुत मुद्दामा लिफ्ट जडान नभएको भन्न नसकिएको अवस्थामा संचालनमा नरहेको भन्ने आधारमा मात्र ह्रासखर्च कट्टि गर्न नपपाउने भन्न मिल्ने नदेखिंदा लिफ्टको ह्रासखर्च नदिएको हदसम्म आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ काठमाडौंका प्रमुख कर प्रशासकबाट भएको मिति २०७३।४।११ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ । आय विवरण पेश नगरेको भनी उल्लेखित रु. ४८,०६,२५०।६१ का हकमा यो विषय यसै मुद्दासँग लगाउको मुद्दा ९७-०७३-००२८३ सँग सम्बन्धीत रहेको र उक्त मुद्दामा आज यसै न्यायाधिकरणबाट पुनः निर्णय गर्न पठाउने ठहर भएकोले सो मुद्दामा पुनः निर्णय हुँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दामा पनि प्रमुख कर प्रशासकबाट मिति २०७३।४।११ मा भएको निर्णय बदर भई पुनः तीन महिना भित्र कानून बमोजिम निर्णय गर्नु भनी मिसिल र पक्ष सहित आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ मा लेखी पठाइ दिने ठहर्छ ।अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ का प्रमुख कर प्रशासकबाट मिति २०७३।४।११ मा भएको निर्णय मिलेको नदेखिंदा वदर हुने ठहरेकोले पुनः तीन महिना भित्र निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ लाई लेखी पठाइदिनु.....१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.........................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..............................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना १३ गते रोज १ शुभम् ................................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३२६**
**पुनरावेदन नं. : ९७-०७३-००१९८**

| | |
|---|---|
| करण मोटर कम्पनी प्रा. लि. ललितपुरका तर्फबाट ऐ. का अध्यक्ष एवं प्रबन्ध सञ्चालक काठमाण्डौ जिल्ला काठमाण्डौ म. न. पा. वडा नं २९ बस्ने अरुण कुमार चौधरी ........१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| विरगञ्ज भन्सार कार्यालय, पर्सा, विरगञ्ज ...............................................१<br>मूल्याङ्कन पुनरावलोकन समिति, भन्सार विभाग, काठमाण्डौ ..........................१ | प्रत्यर्थी |

**मुद्दा : बढी भन्सार महशुल फिर्ता**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर : ×

**शुरु निर्णय गर्ने कार्यालय र मिति**

शुरु निर्णय गर्ने कार्यालयः वीरगञ्ज भन्सार कार्यालय, पर्सा
शुरु निर्णय मिति : २०७१।८।१

**पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीहरु**

निर्णय गर्ने कार्यालय : मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाण्डौ
निर्णय गर्ने पदाधिकारीहरु : लक्ष्मण अर्याल - अध्यक्ष
मुक्ति प्रसाद पाण्डे - सदस्य
छविन्द्र पराजुली - सदस्य
निर्णय मिति : २०७२।११।१३

पुनरावेदक कम्पनीले पैठारी गरेको मालवस्तु (मोटर) को भन्सार मूल्य निर्धारणका क्रममा वीरगञ्ज भन्सार कार्यालय, पर्साले मिति २०७१।८।१ मा गरेको निर्णय उपर पुनरावलोकनका लागि अर्थ मन्त्रालय, मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिएकोमा उक्त समितिबाट समेत वीरगञ्ज भन्सार कार्यालयबाट भएको निर्णय सदर हुने ठहराई मिति २०७२।११।१३ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. स्थायी लेखा नम्वर ५०००२६७०० भएका पुनरावेदक कम्पनी करण मोटर कम्पनी प्रा. लि. ले बिजक नम्बर ३०७२४३० बाट मोटरहरु पैठारी गरी ल्याउँदा प्रज्ञापनपत्र नं M-१४९६१० मार्फत Maruti EECO 5 STR AC गाडीको प्रतिगाडी भा. रु. २,६९,५८६।०० का दरले २ थानको भा. रु. ५,३९,१७२।००, Maruti EECO 7 STR गाडीको प्रतिगाडी भा. रु. २,५९,१९९।०० का दरले १७ थानको भा. रु. ४४,०६,३८३।०० तथा WAGON R गाडीको प्रतिगाडी भा. रु. ३,१०,९०१।०० का दरले ३ थानको भा. रु. ९,३२,७०३।०० गरी जम्मा भा. रु. ५८,७८,२५८।०० भन्सार मूल्य घोषणा गरी प्रज्ञापनपत्र पेश गरेको रहेछ ।पुनरावेदक कम्पनीले पेश गरेको उक्त प्रज्ञापनपत्रमा कारवाही हुँदा प्रत्यर्थी मध्येका वीरगञ्ज भन्सार कार्यालय, पर्साबाट थप कागजातबाट समेत निजले घोषणा गरेको मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित नभएको भन्दै पुनरावेदक कम्पनीले घोषणा गरेको मूल्यलाई मान्यता नदिई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम भनी पुनरावेदक कम्पनीले घोषणा गरेको मूल्यमा भाडा र वीमा वापतको थप रकम जोडी कारोबार मूल्य कायम गर्ने गरी मिति २०७१।८।१ मा निर्णय भएको रहेछ। वीरगञ्ज भन्सार कार्यालयबाट भएको उक्त निर्णय उपर पुनरावलोकनका लागि अर्थ मन्त्रालय, मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिएकोमा मूल्याङ्कन पुनरावलोकन समितिबाट पनि वीरगञ्ज भन्सार कार्यालयले निर्धारण गरेको मूल्यलाई नै सदर हुने ठहराई मिति २०७२।११।१३ मा भएको निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम भनी पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा मुख्यतः देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. निर्णय गर्दा कारण र आधार खुलाउनु पर्नेमा पुनरावेदकले निवेदन गर्दा Commercial Invoice मा CNF Value उल्लेख गरिएको र सोमा भाडा रकम समेत जोडिएको तथ्य उल्लेख गरेकोमा प्रत्यर्थी कार्यालयबाट निर्णय हुँदा आधारहिन कुरा उल्लेख गरी निर्णय भएको,

ख. पुनरावलोकन समितिले ९० दिन भित्र निर्णय दिनुपर्नेमा सो अवधि भित्र निर्णय दिन नसकेको,

ग. Commercial Invoice मा CNF Raxaul भनी मूल्य उल्लेख भएको र CNF Rate मा Freight पनि समाहित हुने भएकोमा सो मूल्यलाई मान्यता नदिई उक्त मूल्यमा भाडा रकम समावेश नभएको भनी निर्णय गरेको नमिलेको,

घ. यस भन्दा पूर्व CNF Rate मा Freight पनि समावेश भैसकेको मानी भन्सार मूल्य निर्धारण गर्ने कार्य भैसकेकोमा हाल के कति कारणले मान्यता नदिनु परेको हो सो को कुनै कारण नखुलेको,

ङ. भन्सार कार्यालयबाट मिति २०७१।८।१ मा विवादित माल वस्तुको मूल्य कायम गरेको सूचना पाएकै दिन जाँचपास गराएकोमा पनि विलम्व शुल्क लगाएको भन्सार ऐन, २०६४ को दफा ७२ विपरीत भएको

च. तसर्थ पुनरावेदकले घोषणा गरेको कारोबार मूल्य भित्रै भाडा रकम समेत समावेश भइसकेकोमा प्रत्यर्थीहरुबाट भाडा रकम थप गरी गैरकानूनी रुपमा विलम्व शुल्क समेत लगाई भएको निर्णय वदर गरी पुनरावेदक कम्पनीले बुझाएको धरौटी तथा विलम्व शुल्क फिर्ता दिलाई भराई पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो ।वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमको वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत वहस बुँदाहरु | प्रत्यर्थी तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस बुँदाहरु |
|---|---|
| – LC खोलेर Invoice बमोजिमको रकम तिरेको स्थिति छ, Invoice मा CNF Raxual भनेर उल्लेख भएको छ । CNF Raxual भने पछि रक्सौलसम्मको भाडा रकमा त्यसैमा समावेश भइसकेको मान्नु पर्ने,<br>– प्रस्तुत मुद्दामा ऋक्ष्ँ को दावी नभई ऋल्ँ को दावी रहेकोमा निर्णय गर्दा दावी नै नभएको ऋक्ष्ँ को दावी पुग्न सक्दैन भनी निर्णय भएको, | – अन्तशुल्क मूल्य Factory Door मा लाग्ने हो, त्यसैले ARE-1 फाराममा उल्लिखित मूल्य भित्र भाडा र वीमा वापतको रकम समावेश भइसकेको भनी मान्न मिल्दैन,<br>– Commercial Invoice मा CNF भनी उल्लेख भएको भए पनि Checklist मा FOB Price भनी उल्लेख भएको देखिएको छ, |

| | |
|---|---|
| – निर्यातकर्ता कम्पनी मारुती सुजुकीले ARE- 1 मा उल्लिखित मूल्य भित्र भाडा रकम पनि समावेश भएको भनी २७ अक्टुबर २०१४ मा लेखेको पत्र संलग्न रहेको,<br>– मूल्याङ्कन पुनरावलोकन समितिमा निवेदन गर्दा डेमरेज चार्ज गैरकानूनी रुपमा लगाएको भनी जिकिर लिएकोमा सो तर्फ निर्णयमा केही नबोलेको,<br>– तसर्थ वीरगञ्ज भन्सार कार्यालयको निर्णय र सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय वदर गरी पाउँ । | – डेमरेज चार्जको विषय प्रशासनिक विषय भएकोले पुनरावलोकन लाग्ने अवस्था नभएको,<br>– तसर्थ वीरगञ्ज भन्सार कार्यालयको निर्णय र सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय सदर गरी पाउँ। |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै पक्षका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

क. निर्णय गर्दा पुनरावेदकले जिकिर लिए जस्तो पर्याप्त कारण र आधार नखुलेको अवस्था हो वा होइन र कारण एवं आधार नखुलेको आधारमा निर्णय अमान्य हुन सक्ने हो वा होइन ?

ख. Commercial Invoice मा CNF Raxaul भनी मूल्य उल्लेख भएको र CNF Rate मा Freight पनि समाहित हुने भएकोमा सो मूल्यलाई मान्यता नदिई उक्त मूल्यमा भाडा रकम थप गरी भएको भन्सार मूल्य निर्धारण मिलेको छ वा छैन ?

ग. पुनरावेदकले जिकिर लिए जस्तो भन्सार कार्यालयबाट विवादित माल वस्तुको मूल्य कायम गरेको सूचना पाएकै दिन जाँचपास गराएको हो वा होइन र यसरी सोही दिन जाँचपास गरएको भए विलम्व शुल्क लाग्ने अवस्था हो वा होइन ?

५. निरुपण गर्नुपर्ने उपर्युक्त प्रश्नहरु मध्ये निर्णय गर्दा पुनरावेदकले जिकिर लिए जस्तो पर्याप्त कारण र आधार नखुलेको अवस्था हो वा होइन र कारण एवं आधार नखुलेको आधारमा निर्णय अमान्य हुन सक्ने हो वा होइन ? भन्ने पहिलो प्रश्नमा बिचार गरौं ।निर्णय गर्न अख्तियार प्राप्त कुनै अधिकारीले कसैको हक अधिकारमा प्रतिकूल असर पर्ने वा थप आर्थिक दायित्व व्यहोर्नुपर्ने वा कुनै दण्ड जरिवाना हुने गरी निर्णय गर्दछ भने त्यस्तो निर्णय गर्दा किन, के आधारमा र कुन कानून बमोजिम त्यस्तो निर्णयमा पुगिएको हो सो कुराको आधार र कारण खुलाउनु पर्ने कुरा न्यायिक प्रक्रियाको सर्वमान्य सिद्धान्तको रुपमा स्वीकारिएको विषय हो ।कुनै आदेश वा निर्णय गरिन्छ भने त्यस्तो आदेश वा निर्णयको

समर्थनमा आधार र कारण खुलाउनु पर्ने कुरालाई प्राकृतिक न्यायको तेस्रो सिद्धान्तको रुपमा पनि मान्यता प्राप्त छ (V. G. Ramachandran's Law of Writs; Revised by Justice C. K. Thakker and Mrs. M. C. Thakker, 6th ed. Vol. 1, P. 384 (Eastern Book Company, 2006) । वास्तवमा कुनै आदेश वा निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने कुरा असल प्रशासन (good administration) को पनि आधारभूत मान्यता हो (Lord Denning in Breen v. Amalgamated Engineering Union (1971) 1 All E R 1148) । किनभने निर्णयकर्ताहरुबाट हुनसक्ने सम्भावित अन्याय र स्वेच्छाचारिताका विरुद्ध यही अनिवार्यताले सुरक्षाकवचको रुपमा काम गरेको हुन्छ । निर्णयमा आधार र कारण खुलाउनु पर्ने अनिवार्यताले निर्णयकर्ताहरुलाई आफूसमक्ष पेश हुन आएको फाइलमा संलग्न तथ्यहरु उपर बिचार गर्न र सोही आधारमा निष्कर्षमा पुग्नुपर्ने वाध्यता सिर्जना गर्दछ । यदि तथ्य र निष्कर्ष बीचको सम्बन्ध स्थापित हुन सकेन भने निजले त्यस सम्बन्धमा या त आफ्नो न्यायिक विवेकको स्वच्छ प्रयोग नगरेको वा या त फाइल संलग्न तथ्य र प्रमाण भन्दा पनि अन्य बाह्य कुराबाट प्रभावित भएर निष्कर्षमा पुगेको कुराको प्रमाण बन्दछ र पुनरावेदन तहबाट त्यस्तो निर्णयले मान्यता नपाउने स्थिति बन्दछ । खासमा कुनै व्यक्तिको हक हित प्रतिकूल हुने गरी कुनै आदेश वा निर्णय गरिन्छ भने आफ्नो हक हित प्रतिकूल निर्णय हुनुको आधार र कारण थाहा पाउनु त्यसबाट प्रभावित हुने व्यक्तिको अधिकार नै हुने कुरा सामान्य समझको पनि विषय हो । De Smith भन्छन् - Basic fairness and respect for the individual requires that those in authority over others should tell them why they are subject to some liability or have been refused some benefit (De Smith's Judicial Review; 6th ed, P. 414-415, Sweet & Maxwell, London (2007) । न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ भन्ने न्यायको सर्वमान्य मान्यताका सन्दर्भमा पनि यदि निर्णयबाट प्रभावित व्यक्तिले आफूलाई के कारणले असर पर्ने गरी निर्णय भएको हो सो को कारण बुझ्न नसक्ने तर निर्णयकर्ता आफूले मात्र बुझ्ने गरी कुनै मनोगत निर्णय हुन्छ भने त्यस्तो निर्णय कायम रहनु प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत हुन जान्छ । त्यसैले Siemens Engineering v. Union of India (AIR 1976 SC 1785) को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको थियो - "The rule requiring reasons to be given in support of an order is, like the audi alteram partem, a basic principle of natural justice which must inform every quasi-judicial process and this rule must be observed in its proper spirit." निर्णयमा आधार र कारण नखुलाउनु 'अभिव्यक्त आदेश' (Speaking Order) को सिद्धान्तको पनि विपरीत हुन्छ । आधार र कारण बिनाको निर्णय पनि गलत नरहेको हुनसक्दछ तर गलत नरहेको भन्ने कुराको पुष्ट्याइका लागि पनि आधार र कारण खुलाइएकै हुनु पर्दछ ता कि पुनरावेदन तहबाट कारणको परीक्षण हुनसकोस् । यसैले भन्ने गरिन्छ - आधार र कारण बिनाको निर्णय उपर पुनरावेदनको अधिकारको पनि कुनै सार्थकता रहंदैन । N. M

Desai v. The Testeels Ltd and Anr को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको छ - Unless reasons are given it would not be possible for the appellate authority to examine the correctness of the decision (AIR 1980 SC 2124)। यहाँनिर बिचार गर्नु पर्ने कुरा के हुन्छ भने केवल कानूनी दफाको उल्लेखनले मात्र पनि कारणको अनिवार्यताको स्थान ग्रहण गर्न सक्दैन (रमेश प्रसाद सर्राफ वि. कर कार्यालय जनकपुर, नेकाप २०५१ नि. नं. ४८७२ पृ १२९) । कानूनको दफाको उल्लेखनले कारणको स्थान ग्रहण गर्न त्यस्तो कानूनको प्रयोगको सान्दर्भिकतालाई पुष्टि गरेको हुनुपर्छ । सम्मानित सर्वोच्च अदालतबाट पनि यिनै मान्यताहरुलाई आत्मसात गरी "कुनै पनि न्यायिक निर्णय गर्दा निर्णयमा पुगेको कारण व्यक्त हुनुपर्ने सर्वमान्य न्यायिक परम्परा हो, सो को अभावमा भएको निर्णयमा न्यायिक मनको प्रयोग भएको भन्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ (रामकृत यादव वि. भूमि सुधार कार्यालय, महोत्तरी, नेकाप २०४४ नि. नं. ३१७४ पृ. ८२५) ।

६. माथि उल्लिखित सिद्धान्त र पृष्ठभूमिका सन्दर्भमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा पुनरावेदक कम्पनीका तर्फबाट मिति २०७१।८।१ मा प्रज्ञापन पत्र नं. १४९६१० मार्फत बिजक नं. ३०७२४३०/१६-०९-२०१४ मा २२ वटा गाडीको CNF Value ५८,७८,२५८।- उल्लेख भएको आधारमा सोही मूल्यलाई भाडा सहितको मूल्य मानी भन्सार मूल्य घोषणा गरेको पाइन्छ । मिसिल संलग्न बिजक नं. ३०७२४३०/१६-०९-२०१४ अध्ययन गर्दा पनि २२ वटा गाडीको Delivery Term मा C and F RAXAUL र Amount मा CNF RAXAUL IRS ५८,७८,२५८।- उल्लेख भएको देखिन्छ ।तर मिति २०७१।८।१ मा वीरगन्ज भन्सार कार्यालयबाट पुनरावेदक कम्पनीले पेश गरेको ब्यापारिक बिजक मूल्य शंकास्पद भएको भन्दै ब्यापारिक बिजकमा उल्लिखित मूल्य नै वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप आधार प्रमाण पेश गर्न भनी भन्सार ऐन, २०६४ को दफा १३(६) बमोजिम पत्राचार गर्दा "ARE-1 ... मा उल्लिखित मालवस्तुको मूल्यमा भाडा, वीमा र अन्य खर्चहरु जोडिनु पर्नेमा सो नगरी उल्टै ARE-1 मा देखाइएको मूल्य भन्दा ब्यापारिक बिजकको मूल्य घटी देखाई सो घटी मूल्यमा भाडा जोडी ब्यापारिक बिजक बनेको देखियो" भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ ।मिसिल संलग्न ARE-1 फाराम र ब्यापारिक बिजक हेर्दा उक्त पत्रमा उल्लेख भए जस्तो ARE-1 मा देखाइएको मूल्य भन्दा ब्यापारिक बिजकको मूल्य घटी देखाई सो घटी मूल्यमा भाडा जोडी ब्यापारिक बिजक बनेको अवस्था देखिंदैन ।प्रस्तुत मुद्दामा मुख्य प्रश्न भनेको ब्यापारिक बिजकमा उल्लिखित मूल्य CNF Value भएकोले भाडा रकम सोही मूल्यमा समावेश भइसकेको भन्ने पुनरावेदकको भनाइ रहेको पाइन्छ ।यस हिसाबले हेर्दा वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७१।८।१ मा लेखिएको पत्रमा उल्लिखित व्यहोरा विवादित विषय र तथ्यभन्दा बाहिर गएर उल्लेख भएको देखिन्छ ।

७. वीरगन्ज भन्सार कार्यालयबाट थप प्रमाण पेश गर्नका लागि पत्राचार भए अनुसार पुनरावेदक कम्पनीले मिति २०७१।८।१ मा जबाफ पेश गरेको देखिन्छ । उक्त जबाफमा पनि ब्यापारिक बिजकमा CNF Value उल्लेख गरेको, CNF Value भनेपछि भाडा पनि सोही मूल्यमा समावेश भएको बुझ्नुपर्ने, ब्यापारिक बिजकको मूल्य नै ARE-1 मा उल्लेख भएको तथा भारतको The Central Excise Act, 1944 को दफा ४ मा उल्लेख भए अनुसार ARE-1 मा FOB, CNF वा CIF मध्ये कुनै पनि मूल्य उल्लेख हुनसक्ने भनी उल्लेख गरेको देखिन्छ ।यी जबाफ व्यहोरालाई मान्यता नदिई मिति २०७१।८।१ मा निर्णय हुँदा यी कुराहरुको खण्डन गरेको वा यो यति कारणले तथ्यहिन रहेको भनी केही उल्लेख भएको देखिंदैन ।

८. वीरगन्ज भन्सार कार्यालयको निर्णय उपर पुनरावलोकनका लागि मूल्याङ्कन पुनरावलोकन समितिमा निवेदन दिंदा CNF मा भाडा रकम पनि समावेश भइसकेको हुने कुरा र डेमरेज शुल्क लगाएको कुरा भन्सार ऐन, २०६४ को दफा ७२ विपरीत भएको भनी जिकिर लिएको देखिन्छ ।तर मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७२।११।१३ मा निर्णय हुँदा " CIF हो भन्ने दावी युक्तिसंगत मान्न सकिएन" भन्ने उल्लेख गरी विवादमा रहेको CNF को विषयमा नबोली विवाद मै नरहेको CIF का सम्बन्धमा बोलेको देखिन्छ ।डेमरेजको सम्बन्धमा पुनरावेदकले जिकिर लिए जस्तो भन्सार मूल्य कायम भएको मिति मै जाँचपास गराई सामान छुटाएको हो वा होइन र कानून बमोजिम निजले डेमरेज शुल्क तिर्नु पर्ने वा तिरेको अवस्था हो वा होइन भन्ने सम्बन्धमा निर्णयमा केही बोलेको देखिंदैन ।यो स्थितिमा वीरगन्ज भन्सार कार्यालयको निर्णय र मूल्याङ्कन पुनरावलोकन समितिको निर्णयमा पुनरावेदक कम्पनीले मौकामा उठाएका विषयहरुमा प्रवेश गरी तथ्ययुक्त रुपमा कारण र आधार खोलेको मान्न मिल्ने नदेखिंदा सदर गर्न सकिएन । पुनरावेदकले उठाएका कतिपय विषयहरुमा कारण र आधार खोली निर्णय हुंदाका बखत विवेचना हुने विषय भएको र यी विषयहरुमा मूल्याङ्कन पुनरावलोकन समितिबाटै पनि आवश्यकता अनुसार बुझी निर्णय हुन सक्ने अवस्था देखिएको तथा पुनः निर्णय हुँदा लाग्नसक्ने समायवधिलाई समेत बिचार गर्दा पुनः निर्णयका लागि मूल्याङ्कन पुनरावलोकन समितिमा पठाउन मनासिब देखिन आयो ।पुनरावेदकले वदर गरी पाउन माग गरेको निर्णय सदर नभई पुनः निर्णयका लागि पठाउने अवस्था सिर्जना हुन आएकोले पुनरावेदन पत्रमा उठाइएका अन्य विषयहरुमा हाल यो पुनरावेदनपत्रबाट केही बोलिरहन पर्ने देखिएन ।

९. यसप्रकार पुनरावेदकले मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिंदा ब्यापारिक बिजकमा उल्लेख भएको मूल्य CNF Rate भएको भनी जिकिर लिएको देखिएकोमा निर्णय गर्दा CIF हो भन्ने दावी युक्तिसंगत मान्न मिलेन भनी दावी जिकिर भन्दा बाहिर गई बोलेको देखिएको र डेमरेज वापतको रकम भन्सार ऐन, २०६४ को दफा ७२ विपरीत असूल

गरिएको भनी जिकिर लिएको देखिएकोमा सो तर्फ केही नबोली मूल्याङ्कन पुनरावलोकन समिति भन्सार विभागबाट मिति २०७२।११।१३ मा भएको निर्णय मिलेको नदेखिंदा वदर गरिदिएको छ । पुनरावेदकले निवेदनमा लिएको जिकिरका सम्बन्धमा बोली कारण र आधार सहित पुनः मिसिल प्राप्त भएको मितिले तीन महिना भित्र निर्णय गर्नु भनी तारेखमा रहेका पक्ष र मिसिल सहित मूल्याङ्कन पुनरावलोकन समिति भन्सार विभागका नाममा लेखी पठाइदिने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा लेखिए अनुसार पुनरावेदकले मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिंदा ब्यापारिक बिजकमा उल्लेख भएको मूल्य CNF Rate भएको भनी जिकिर लिएको देखिएकोमा निर्णय गर्दा CIF हो भन्ने दावी युक्तिसंगत मान्न मिलेन भनी दावी जिकिर भन्दा बाहिर गई बोलेको देखिएको र डेमरेज वापतको रकम भन्सार ऐन, २०६४ को दफा ७२ विपरीत असूल गरिएको भनी जिकिर लिएको देखिएकोमा सो तर्फ केही नबोली मूल्याङ्कन पुनरावलोकन समिति भन्सार विभागबाट मिति २०७२।११।१३ मा भएको निर्णय मिलेको नदेखिंदा वदर हुने ठहरेकोले पुनरावेदकले निवेदनमा लिएको जिकिरका सम्बन्धमा बोली कारण र आधार सहित पुनः मिसिल प्राप्त भएको मितिले तीन महिना भित्र निर्णय गर्नु भनी तारेखमा रहेका पक्ष सहित विरगञ्ज भन्सार कार्यालय पर्सा विरगञ्जलाई लेखी पठाइदिनु.......................................................................१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.......................................................................................................३

**तिल प्रसाद श्रेष्ठ**

**(अध्यक्ष)**

**उक्त रायमा मेरो सहमति छ ।**

**जीवन कुमार घिमिरे**

**(राजस्व सदस्य)**

इति सम्वत् २०७५ साल जेठ महिना २४ गते रोज ५ शुभम् .................................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३४०**
**पुनरावेदन नं. : ९७-०७३-००२११**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला काठमाण्डौ म. न. पा. वडा नं १ स्थित गैरीधारा काठमाण्डौमा अवस्थित लाइफ अटोमोबाइल प्रा. लि. को तर्फबाट अख्तियारवाला अध्यक्ष विष्णु कुमार अग्रवाल..........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| विरगञ्ज भन्सार कार्यालय, पर्सा, विरगञ्ज ..........................................१<br>मूल्याङ्कन पुनरावलोकन समिति, भन्सार विभाग, काठमाण्डौ.........................१ | प्रत्यर्थी |

<u>मुद्दा : भन्सार मूल्याङ्कन</u>

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सीताराम अग्रवाल
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर : ×

<u>शुरु निर्णय गर्ने कार्यालय र मिति</u>

शुरु निर्णय गर्ने कार्यालयः वीरगञ्ज भन्सार कार्यालय, पर्सा
शुरु निर्णय मिति : २०७१।११।२९

**पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीहरु**

निर्णय गर्ने कार्यालयः मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाण्डौ
निर्णय गर्ने पदाधिकारीहरुः लक्ष्मण अर्याल - अध्यक्ष
मुक्ति प्रसाद पाण्डे - सदस्य
छविन्द्र पराजुली - सदस्य
निर्णय मिति : २०७३।३।२०

पुनरावेदक कम्पनीले पैठारी गरेको मालवस्तुको भन्सार मूल्य निर्धारणका क्रममा वीरगञ्ज भन्सार कार्यालय, पर्साले मिति २०७१।११।२९ मा गरेको निर्णय उपर पुनरावलोकनका लागि अर्थ मन्त्रालय, मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिएकोमा उक्त समितिबाट समेत वीरगञ्ज भन्सार कार्यालयबाट भएको निर्णय सदर हुने ठहराई मिति २०७३।३।२० मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. स्थायी लेखा नम्बर ६०१८३६९७० भएका पुनरावेदक कम्पनी लाइफ अटोमोबाइल प्रा. लि. ले बिजक नम्बर G713/NEM/0083 to 0092, 0095 to 99 र 102 मिति 20/02/2015 बाट १६ थान गाडी पैठारी गरी ल्याउँदा प्रज्ञापनपत्र नं M-३३४५४ मार्फत जम्मा भा. रु. ६५,५९,९९२।( कारोबार मूल्य घोषणा गरी प्रज्ञापनपत्र पेश गरेको रहेछ ।पुनरावेदक कम्पनीले पेश गरेको उक्त प्रज्ञापनपत्रमा कारवाही हुँदा प्रत्यर्थी मध्येका वीरगञ्ज भन्सार कार्यालय, पर्साबाट थप कागजातबाट समेत निजले घोषणा गरेको मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित नभएको भन्दै पुनरावेदक कम्पनीले घोषणा गरेको मूल्यलाई मान्यता नदिई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम भनी पुनरावेदक कम्पनीले पेश गरेको ARE-1 र Tax Invoice मा उल्लिखित मूल्यलाई वास्तविक मूल्य मानी सो मूल्यमा भाडा र वीमा तथा अन्य खर्चहरु जोडी कारोबार मूल्य कायम गर्ने गरी मिति २०७१।११।२९ मा निर्णय भएको रहेछ। वीरगञ्ज भन्सार कार्यालयबाट भएको उक्त निर्णय उपर पुनरावलोकनका लागि अर्थ मन्त्रालय, मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिएकोमा मूल्याङ्कन पुनरावलोकन समितिबाट पनि वीरगञ्ज भन्सार कार्यालयले निर्धारण गरेको मूल्यलाई नै सदर हुने ठहराई मिति २०७३।३।२० मा भएको निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. Invoice मै गाडीको मूल्य, भाडा र वीमा रकम छुट्टा छुट्टै देखाई ती सबै रकमलाई एकैठाउँमा जोडी जम्मा मुल्य उल्लेख भएकोमा सोलाई मान्यता नदिई Invoice मा

उल्लिखित जम्मा मूल्यमा भाडा र वीमाको रकम भनी छुट्टै थप गरी भन्सार मूल्य कायम गरेको निर्णय त्रुटिपूर्ण रहेको,

ख. Check List मा FOB Value उल्लेखै नभएकोमा Check List मा FOB Value उल्लेख भएको भनी सो मूल्यमा भाडा र वीमा रकम जोडी भन्सार मूल्य निर्धारण गरेको कार्य कानूनसंगत नभएको,

ग. भन्सार ऐन, २०६४ को दफा १३ का अन्य उपदफाहरु बमोजिम भन्सार मूल्य निर्धारण हुन नसकेको अवस्थामा मात्र उपदफा (१२) बमोजिम भन्सार मूल्य निर्धारण हुनेमा सो बमोजिम गर्न नसकिएको पुष्ट्याइ बेगर उपदफा (१२) बमोजिम गरिएको मूल्य निर्धारण मान्य हुने अवस्था नभएको,

घ. तसर्थ वीरगञ्ज भन्सार कार्यालयबाट कायम गरेको बढी भन्सार मूल्य र सो निर्णयलाई सदर ठहर्‍याएको मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय समेत वदर गरी खरिद बिजक बमोजिमको मोल कायम गर्ने ठहर गरी थप भन्सार महशुल वापतको बढी धरौट रकम फिर्ता पाउने गरी इन्साफ पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सीताराम अग्रवाल र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो ।वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमको वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत वहस बुँदाहरु | प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ताबाट प्रस्तुत वहस बुँदाहरु |
|---|---|
| –आयातित माल वस्तुको भन्सार मूल्य निर्धारण गर्दा भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (१) (२) र (३) बमोजिम हुन नसक्ने अवस्थामा मात्र उपदफा (१२) बमोजिम गर्नुपर्नेमा सो बमोजिम नभएको<br>–कानून बमोजिम मात्र कर लाग्ने मुलभूत कानूनी सिद्धान्त रहेकोमा सो विपरीत भन्सार महशुल लगाउने गरी निर्णय भएको | – निर्यात बिजकमा पुनरावेदकले भने जस्तै गाडीको मूल्य, भाडा रकम र वीमा रकम भनी छुट्टाछुट्टै देखाई बिजक बनेको कुरा सही भए पनि Tax Invoice र Check List मा सोही मूल्यलाई FOB Value भनी उल्लेख भएको देखिएको, |

| | |
|---|---|
| –निर्यात बिजक मै गाडीको मूल्य, भाडाको रकम र वीमाको रकम भनी छुट्टाछुट्टै देखाई जम्मा मूल्य उल्लेख भएकोमा सो लाई मान्यता नदिई बिजकमा उल्लिखित मूल्यमा पुनः भाडा र वीमा वापतको रकम थप गरी भन्सार मूल्य कायम गरेबाट भाडा र वीमा वापतको रकम दोहोरो तिर्नुपर्ने भएको,<br>–Check List मा FOB मूल्य भनी उल्लेखै नभएकोमा पनि Check List मा FOB मूल्य उल्लेख भएको भनी निर्णयाधार बनाएको नमिलेको,<br>–तसर्थ वीरगञ्ज भन्सार कार्यालयको निर्णय र सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय वदर गरी पाउँ । | – पुनरावेदकले नै पेश गरेको बिल बिजक र Tax Invoice मा भिन्न भिन्न किसिमबाट मूल्य उल्लेख भएको अवस्था भएको हुँदा भन्सार ऐन, २०६४ को दफा १३(१२) बमोजिम मूल्य निर्धारण गर्नु पर्ने हुन आएको,<br>– कानून बमोजिम मात्र कर लाग्ने कुरा सही हो तर प्रस्तुत मुद्दामा कर लाग्ने नलाग्ने भन्ने विवाद नभई कारोबार मूल्य कसरी निर्धारण गर्ने भन्ने विषयको विवाद रहेको देखिएको,<br>– तसर्थ वीरगञ्ज भन्सार कार्यालयको निर्णय र सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय सदर गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै पक्षका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

क. कुनै मालवस्तु पैठारी गर्दा भन्सार मूल्य निर्धारण गर्ने सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) कस्तो अवस्थामा आकर्षित हुने हो ? र

ख. प्रस्तुत मुद्दामा पैठारीकर्ताले घोषित गरेको मूल्यलाई मान्यता नदिई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम भनी पैठारीकर्ताले घोषणा गरेको मूल्यमा भाडा र विमा वापतको रकम थप गरी निर्धारण गरेको भन्सार मूल्य कानूनसंगत छ वा छैन ?

५. निरुपण गर्नुपर्ने उपर्युक्त प्रश्नहरु मध्ये सर्वप्रथम कुनै मालवस्तु पैठारी गर्दा भन्सार मूल्य निर्धारण गर्ने सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) कस्तो अवस्थामा आकर्षित हुने हो ? भन्ने पहिलो प्रश्नमा बिचार गरौं ।भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१) मा पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्व व्यापार सङ्गठनको भन्सार महशुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता, १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरु अवलम्वन गरिने व्यवस्था भएको पाइन्छ । उक्त दफा १३(१) मा व्यवस्था भए अनुसार भन्सार महशुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता, १९९४

को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न सम्झौताको धारा १(१) मा The customs value of imported goods shall be the transaction value, that is the price actually paid or payable for the goods when sold for export to the country of importation भनी कारोबार मूल्यलाई मान्यता दिनुपर्ने गरी उल्लेख भएको पाइन्छ । सोही सम्झौताको धारा २ र ३ मा धारा १ बमोजिम कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण हुन नसक्ने अवस्था भएमा समरुप (Identical) को मालवस्तु वा विवादित मालवस्तुसंग मिल्दोजुल्दो (Similar) मालवस्तुको कारोबार मूल्यलाई आधार मान्नुपर्ने व्यवस्था भएको पाइन्छ । यसैगरी समरुपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा पनि भन्सार मूल्य निर्धारण हुन नसकेमा Deductive Value Method को आधारमा र यो तरिकाले पनि निर्धारण हुन नसकेमा Computed Value Method बाट भन्सार मूल्य निर्धारण गर्नुपर्ने गरी धारा ५ र ६ मा व्यवस्था भएको पाइन्छ भने धारा ७ मा धारा १ देखि ६ सम्मको तरिका अवलम्वन गर्दा पनि भन्सार मूल्य निर्धारण हुन नसकेमा मनासिब आधार (Reasonable Means) मा निर्धारण गर्नुपर्ने उल्लेख छ । यसै सम्झौताको अनुसूची-१ मा गरिएको व्याख्यात्मक टिप्पणीको दफा १ मा Articles 1 through 7 define how the customs value of imported goods is to be determined under the provisions of this Agreement. The methods of valuation are set out in a sequential order of application भन्ने उल्लेख भई भन्सार मूल्य निर्धारणका लागि विभिन्न दफाहरुमा भएका व्यवस्थाहरु ती दफाहरुको उल्लेखनको क्रममा लागू हुने व्यवस्था भएको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३ मा उल्लिखित भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्थाहरुलाई अध्ययन गर्दा पनि सारतः भन्सार महशुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता, १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न सम्झौतामा उल्लिखित यी सिद्धान्तहरुलाई नै अवलम्वन गरिएको पाइन्छ । उक्त ऐनको दफा १३ को उपदफा (२) मा पैठारी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा त्यस्तो मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने, उपदफा (२) बमोजिम कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा उपदफा (८) बमोजिम समरुप (Identical) को मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने, उपदफा (८) बमोजिम समरुपको मालवस्तुको कारोबार मुल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा उपदफा (९) बमोजिम मिल्दोजुल्दो (Similar) मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने, उपदफा (९) बमोजिम मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा उपदफा (१०) बमोजिम डिडक्टिभ भ्यालु मेथडको आधारमा निर्धारण गर्नुपर्ने, उपदफा (१०) बमोजिमको तरिकाबाट पनि भन्सार मूल्य निर्धारण गर्न नसकिएमा उपदफा (११) बमोजिम कम्प्युटेड भ्यालु मेथडको आधारमा निर्धारण गर्नुपर्ने र उपदफा (११) बमोजिम कम्प्युटेड भ्यालु मेथडको आधारमा पनि भन्सार मूल्य निर्धारण गर्न नसकिएमा अन्तिम उपायको रुपमा

उपदफा (१२) बमोजिम मनासिव आधारमा भन्सार मूल्य निर्धारण गरिने व्यवस्था भएको पाइन्छ ।उल्लिखित यी व्यवस्थाहरुको क्रमलाई हेर्दा भन्सार मूल्य निर्धारणका सम्बन्धमा कारोबार मूल्यलाई पहिलो क्रममा राखिएको पाइन्छ भने उपदफा (१२) को व्यवस्थालाई हेर्दा पनि माथिका अन्य उपदफाहरुमा उल्लिखित आधार र तरिकाबाट भन्सार मूल्य निर्धारण गर्न नसकिएमा मात्र मनासिव आधारमा भन्सार मूल्य निर्धारण गरिने गरी अन्तिम क्रमका रुपमा उल्लेख भएको पाइन्छ । यसरी दफा १३ को उपदफा (१२) बमोजिम मनासिव आधारमा भन्सार मूल्य निर्धारण गरिने व्यवस्था सामान्य व्यवस्था नभई दफा १३ का अन्य उपदफाहरुमा उल्लिखित आधारमा हुन नसकेको अवस्थामा प्रयोग हुने अन्तिम अपवादात्मक व्यवस्था रहेको भनी पुनरावेदनपत्रमा लिइएको सैद्धान्तिक जिकिरको हदसम्म असहमति हुनुपर्ने देखिंदैन ।

६. जहांसम्म प्रस्तुत मुद्दामा पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई मान्यता नदिई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम भनी पैठारीकर्ताले घोषणा गरेको मूल्यमा भाडा र विमा वापतको रकम थप गरी निर्धारण गरेको भन्सार मूल्य कानूनसंगत छ वा छैन ? भन्ने प्रश्न छ त्यसतर्फ बिचार गर्दा सर्वप्रथम विवादित मालवस्तुका सम्बन्धमा मिसिल संलग्न बिलबिजक लगायतका प्रमाणहरुको अध्ययन हुनु सान्दर्भिक देखिन आउँछ । मिसिल संलग्न निर्यात बिजकमा हेर्दा निम्नानुसारका १६ वटा बिजकसंख्याबाट १६ वटा गाडी पैठारी गरिएकोमा निम्नानुसार गाडीको मूल्य, भाडा रकम र वीमा रकम भनी छुट्टाछुट्टै उल्लेख गरी जम्मा मूल्य उल्लेख भएको देखिन्छ :

| बिजक नं | गाडीको मूल्य | भाडा रकम | वीमा रकम | जम्मा |
|---|---|---|---|---|
| ०८३ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०८४ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०८५ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०८६ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०८७ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०८८ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०८९ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०९० | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०९१ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०९२ | ३७०६८०।९८ | २१७२२ | ९७।०२ | ३९२५००।०० |
| ०९५ | ४३५६६४।९१ | २१७२२ | ११३।०९ | ४५७५००।०० |
| ०९६ | ४३५६६४।९१ | २१७२२ | ११३।०९ | ४५७५००।०० |
| ०९७ | ४३५६६४।९१ | २१७२२ | ११३।०९ | ४५७५००।०० |
| ०९८ | ४३५६६४।९१ | २१७२२ | ११३।०९ | ४५७५००।०० |
| ०९९ | ४३५६६४।९१ | २१७२२ | ११३।०९ | ४५७५००।०० |
| ०१०२ | ३२५६९२।१० | २१७२२ | ८५।९० | ३४७५००।०० |

माथि उल्लेख भए बमोजिम Export Invoice मा गाडीको मूल्य, भाडा रकम र वीमा रकम छुट्टा छुट्टै देखाई बिजक बनेको आधारमा पुनरावेदक कम्पनीले भन्सार कार्यालयमा मूल्य घोषणा फाराममा भन्सार भूल्य घोषणा गर्दा पनि गाडीको मुल्य भा रु ६२,१०,८२०।००, भाडा रकम ३,४७,५५२।०० र वीमा रकम १६२०।०० गरी जम्मा ६५,५९,९९२।०० घोषणा गरेको पाइन्छ । तर निजै पुनरावेदक कम्पनीले पेश गरेको E-Annex Checklist र Tax Invoice दुवै कागजातमा निज पुनरावेदकले भाडा र वीमा रकम सहितको मुल्य हो भनी घोषणा गरेको मूल्य (तीन मोडलका गाडीहरुको ३,९२,५००।००, ३,४७,५००।०० र ४,५७,५००।००) लाई क्रमशः FOB Value र Assessable Value भनी उल्लेख भएको पाइन्छ । Check List र Tax Invoice मा FOB Value र Assessable Value भनी उल्लेख भएको तर बिजकमा भाडा र वीमा सहितको रकम भनी उल्लेख भएको आधारमा बिजकमा उल्लिखित मूल्य शंकास्पद देखिएको भन्दै भन्सार कार्यालय वीरगञ्जबाट पुनरावेदक कम्पनीका नाममा थप आधार प्रमाण पेश गर्न मिति २०७१।११।२८ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) बमोजिम पत्राचार भएको देखिन्छ । सो पत्राचार भए बमोजिम पुनरावेदक कम्पनीका तर्फबाट मिति २०७१।११।२९ मा स्पष्टिकरण पत्र पेश भएको देखिए पनि शुरुमा पेश भए भन्दा थप कागज प्रमाणहरु पेश गरेको देखिन आउँदैन ।

७. माथि उल्लिखित बिलबिजक र प्रमाणहरुका सन्दर्भमा पुनरावेदकले Invoice मा उल्लिखित मूल्य भित्र भाडा र वीमा वापतको रकम समेत समावेश भइसकेको भनी सोही मूल्यलाई भन्सार मूल्य कायम गर्नुपर्ने जिकिर लिएको पाइन्छ भने प्रत्यर्थी कार्यालयहरुले E-Annex Checklist र Tax Invoice मा उल्लिखित मूल्य भाडा र वीमा रकम बाहेकको मूल्य हुँदा उक्त मूल्यमा भाडा र वीमा वापतको रकम थप गरी भन्सार मूल्य कायम गर्ने निर्णय गरेको पाइन्छ । सामान्यतया व्यापारिक क्षेत्रमा FOB भन्नाले Freight on Board अथवा Free on Board भन्ने बुझिन्छ । यसको अर्थ निर्यात कम्पनीले निर्यात गर्ने मालवस्तुहरु नजिकको निर्यातविन्दु सम्म पुर्‍याइदिने जिम्मा मात्र निर्यात कम्पनीको हुन्छ । निर्यातविन्दु पछिको लाग्ने भाडा र वीमा रकम आयातकर्ताले व्यहोर्नु पर्ने भन्ने बुझिन्छ । यदि बिजक मूल्यमा भाडा र वीमा वापतको रकम पनि समावेश हुने हो भने त्यस्तो मूल्य CIF भनी उल्लेख हुने, वीमा बाहेक भाडाको रकमसम्म समावेश हुने भए त्यस्तो मूल्य CNF भनी उल्लेख हुने र भाडा तथा वीमा रकम दुवै समावेश नहुने भए FOB भनी उल्लेख हुने अभ्यास प्रचलनमा रहेको पाइन्छ ।यसैले यदि FOB Value भन्ने उल्लेख भएको देखिन्छ भने उक्त मूल्यमा भाडा र वीमा वापतको रकम समावेश नभएको भन्ने बुझिने आधारमा आयात विन्दुमा भन्सार मूल्य निर्धारण गर्दा FOB Value मा भाडा र वीमा वापतको रकम थप जोडी भन्सार मूल्य निर्धारण गर्ने गरिन्छ । FOB Value मा भाडा रकम र वीमा वापतको रकम समावेश भएको हुन्छ भन्ने पुनरावेदकको जिकिर रहेको पनि छैन । संलग्न Export Invoice मा बिजक बन्दा गाडीको मूल्य, भाडा रकम र वीमा रकम

छुट्टाछुट्टै उल्लेख गरी जम्मा मूल्य उल्लेख भएको देखिएको तर भाडा रकम र वीमा रकम सहित भनी बिजकमा उल्लेख भएको मूल्यलाई E-Annex Checklist र Tax Invoice मा FOB Value भनी उल्लेख भएको सन्दर्भमा पैठारीकर्ताले मूल्य घोषणा फाराममा घोषणा गरेको मूल्य शङ्कास्पद देखिनु अस्वाभाविक भएन । भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (२) बमोजिम भन्सार मूल्य निर्धारण गर्दा कारोबार मूल्यको आधारमा गर्नुपर्ने कुरा सही हो तर पैठारीकर्ता स्वयंले पेश गरेको विभिन्न विवरण र कागजातबाट निजले घोषणा गरेको कारोबार मूल्यमा शङ्का देखिन आउँछ भने सोही दफा १३ को उपदफा (६) बमोजिम निजले घोषणा गरेको मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण माग गर्न सकिने अधिकार भन्सार अधिकृतलाई प्राप्त भएकै देखिन्छ । सोही अधिकार अन्तर्गत भन्सार कार्यालयबाट मिति २०७१।११।२८ मा थप कागज प्रमाण पेश गर्न पत्राचार पनि भएको देखिन्छ तर निज पैठारीकर्ताले मिति २०७१।११।२९ मै जबाफ दिएको अवस्था देखिए पनि थप कागज प्रमाण केही पेश गरेको देखिंदैन ।

८. अब Export Invoice मा एक किसिमको मूल्य उल्लेख भएको र E-Annex Checklist तथा Tax Invoice मा अर्को किसिमको मूल्य उल्लेख भएको अवस्था देखिंदा कुन मूल्यलाई मान्यता दिनुपर्ने हो भन्ने प्रश्नको निराकरण हुनुपर्ने देखिन आउँछ ।संलग्न कागजातहरुको प्रकृति हेर्दा Export Invoice बिक्रेता कम्पनीले जारी गरेको देखिन्छ भने E-Annex Checklist तथा Tax Invoice आधिकारिक निकायबाट जारी हुने प्रकृतिको देखिन्छ । यो स्थितिमा आधिकारिक निकायबाट जारी भएका प्रमाणहरुलाई नजरअन्दाज गरी बिक्रेता कम्पनीले जारी गरेको प्रमाणलाई मान्यता दिनु उचित र विवेकसंगत हुने देखिंदैन ।

९. यसका अतिरिक्त E-Annex Checklist मा FOB Value भनी ३,९२,५००।००, ३,४७,५००।०० र ४,५७,५००।०० उल्लेख भएको देखिई Freight र Insurance महलमा ० (शुन्य) उल्लेख भएको देखिएको छ । यसैगरी Tax Invoice मा पनि Assessable Value भनी E-Annex Checklist मा जस्तै ३,९२,५००।००, ३,४७,५००।०० र ४,५७,५००।०० उल्लेख भएको देखिई Freight र Insurance महलमा ० (शुन्य) उल्लेख भएको देखिएको छ । लाग्ने कर दस्तुर तिर्दा FOB Value वा Assessable Value भनी उल्लिखित ३,९२,५००।००, ३,४७,५००।०० र ४,५७,५००।०० को रकम मै कर दस्तुर तिरेको देखिन्छ । यदि पुनरावेदकले दावी गरे जस्तो निजले घोषणा गरेको मूल्य भित्र भाडा र वीमा वापतको रकम पनि समावेश भएको मान्ने हो भने कर दस्तुर तिर्दा वस्तुको मूल्यका अतिरिक्त भाडा र वीमा रकमको पनि कर दस्तुर तिरेको मान्नुपर्ने हुन्छ जुन कुनै पनि दृष्टिकोणबाट स्वाभाविक मान्न सकिने अवस्था देखिंदैन ।साथै निज पुनरावेदकले मूल्य घोषणा फाराममा जम्मा वीमा रकम घोषणा गर्दा १६२०।०० घोषणा गरेको देखिन्छ तर निजले वीमा गरेको वीमा कम्पनी

प्रिमियर इन्स्योरेन्स कम्पनीले १२-२-२०१५ मा जारी गरेको वीमापत्र अनुसार रु ३४६१९।८१ अङ्क देखिएको छ । यस सम्बन्धमा पुनरावेदकका तर्फबाट प्रष्ट पारिएको अवस्था देखिंदैन ।

१०. यस प्रकार पैठारीकर्ता पुनरावेदकले आफूले पेश गरेको Export Invoice मा उल्लेख भएको मूल्य भित्रै भाडा रकम र वीमा रकम पनि समावेश भइसकेको भनी मूल्य घोषणा फाराममा उल्लिखित मूल्यलाई मान्यता दिई भन्सार मूल्य निर्धारण गर्नुपर्ने भनी जिकिर लिएको भए पनि E-Annex Checklist र Tax Invoice मा पुनरावेदकले उल्लेख गरेको मूल्यलाई FOB Value र Assessable Value को रुपमा उल्लेख भएको देखिएको, FOB Value र Assessable Value मा भाडा र वीमा वापतको रकम समावेश भएको भनी मान्न मिल्ने नदेखिएको, बिक्रेताले जारी गरेको Invoice को तुलनामा E-Annex Checklist र Tax Invoice लाई बढी विश्वासनीय मान्नुपर्ने देखिएको अवस्था हुँदा E-Annex Checklist र Tax Invoice मा उल्लिखित मूल्यमा भाडा र वीमा वापतको रकम थप जोडी भन्सार मूल्य कायम गरेको वीरगञ्ज भन्सार कार्यालयको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७३।३।२० को निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु............................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू....................................................२

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना १५ गते रोज ०३ शुभम् ..........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

**२०७४/७५ सालको निर्णय नं. ३४३**
**पुनरावेदन नं. : ९७-०७३-००६०१**

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ११ स्थित फर्निचरल्याण्ड स्टोर प्रा. लि. को तर्फबाट ऐ. का अख्तियार प्राप्त प्रबन्ध निर्देशक श्री मदन लाल जोशी .......१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २, बबरमहल .........................१ } प्रत्यर्थी

**मुद्दा : मूल्य अभिवृद्धि कर (२०७१ जेठ)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नारायण नेपाल
: विद्वान अधिवक्ता श्री राजेश्वर श्रेष्ठ
प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर : ×

**शुरु निर्णय गर्ने कार्यालय र पदाधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २,बबरमहल
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री किशोर जङ्ग कार्की
शुरु निर्णय मिति : २०७१।८।१७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
निर्णय मिति : २०७३।३।१०

आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ, क्षेत्र नं २ बाट मूल्य अभिवृद्धि कर अवधि २०७१ जेठको मूल्य अभिवृद्धि कर निर्धारण गरी मिति २०७१।८।१७ मा कर, जरिवाना, थप दस्तुर र ब्याज समेत तोकेकोमा कार्यालयको उक्त आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको तर आन्तरिक राजस्व विभागबाट पनि शुरु कार्यालयको कर निर्धारण आदेश कानूनसम्मत रहेको ठहराई मिति २०७३।३।१० मा खडा भएको निर्णयपर्चा उपर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम भनी पुनरावेदक फर्निचर ल्याण्ड स्टोर प्रा. लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक फर्निचरल्याण्ड स्टोर प्रा. लि. घर तथा अफिसको लागि आवश्यक पर्ने फर्निचर तथा सजावटका सामानहरु विभिन्न मुलुकबाट आयात गरी बिक्री वितरण गर्ने कम्पनी रहेछ । कम्पनीले त्रिपुरेश्वर, माइतीघर, महाराजगञ्ज र पोखराको न्यूरोडमा कारोबार गरी आएकोमा मिति २०७१।२।१२ मा आन्तरिक राजस्व कार्यालयका कर्मचारीहरु खटिई गई मौज्दात निरीक्षणको कार्य भएको रहेछ । मौज्दात विवरण भिडान गर्दा करदाता कम्पनीको उक्त दिनको मौज्दात विवरण भन्दा मौज्दात गणना प्रतिवेदन अनुसारको विवरणमा कम मौज्दात देखिन आएको व्यहोराको प्रतिवेदन पेश भएको रहेछ । यसै प्रतिवेदनलाई आधार मानी प्रत्यर्थी कार्यालयबाट न्यून मौज्दातका रुपमा उल्लेख भएका सामानहरुलाई २०७१ जेठ महिनामा बिक्री भैसकेको मानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) र दफा २९(२) बमोजिम भन्दै मिति २०७१।७।२० मा कर, जरिवाना र सो मा ब्याज तथा थप दस्तुर समेत गरी रु ५८,०३,१९२।०० को प्रारम्भिक कर निर्धारण गरी सो बमोजिम गर्नु नपर्ने कुनै कारण भए पेश गर्न पुनरावेदक कम्पनीलाई मिति २०७१।७।२० मा पत्र पनि जारी भएको रहेछ । सो पत्र अनुसार पुनरावेदक कम्पनीले मिति २०७१।८।४ मा आफ्नो जबाफ पेश गरेको देखिन्छ । पुनरावेदक कम्पनीले पेश गरेको जबाफ तथ्ययुक्त मान्न सकिने नदेखिएको भन्दै प्रत्यर्थी कार्यालयबाट जारी भएको प्रारम्भिक कर निर्धारण उपर हाल केही गरिरहनु परेन भनी मिति २०७१।८।१७ मा अन्तिम कर निर्धारणको निर्णय पर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व कार्यालयको उक्त आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि पुनरावेदक कम्पनीले आन्तरिक राजस्व विभागमा मिति २०७१।१०।१४ मा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।१० मा निर्णय पर्चा खडा हुँदा आन्तरिक राजस्व कार्यालयको निर्णय कानूनसम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भनी निर्णय भएको पाइन्छ ।

आन्तरिक राजस्व कार्यालयबाट भएको मिति २०७१।८।१७ को निर्णय र आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।१० मा भएको निर्णय वदर गरी पाउन माग गरी पुनरावेदक फर्निचरल्याण्ड स्टोर प्रा. लि. का तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. विपक्षी कार्यालयबाट माग भएको सम्पूर्ण विवरण पेश गरी बयान समेत दिएकोमा बयानको व्यहोरा बङ्ग्याई कर निर्धारण गरेको र सो उपर पुनरावलोकनका लागि निवेदन दिएकोमा निवेदनमा उठाइएको कुनै पनि तथ्यगत र कानूनी प्रश्नमा विवेचना नगरी एकतर्फी रुपमा कार्यालयको प्रतिक्रियालाई मात्र आधार बनाई निर्णय भएको,

ख. निरीक्षण गर्दा स्टक बुकसंग भिडान गरी भौतिक रुपमा गन्ती गरी मौज्दात विवरण तयार गर्नु पर्नेमा सो नगरी एकतर्फी रुपमा सामानको गणना गरेको तथा बेरितको कारबाही सच्याइपाउन मिति २०७१।४।१ मा निवेदन दिएकोमा सोको सुनुवाइ नभएको,

ग. कम्पनीको चारवटा शाखाहरु र एउटा गोदाम रहेकोमा कुन कुन शाखामा कुन कुन सामान कति परिमाणमा गणना गरिएको हो र ती प्रत्येक स्थानमा के कति सामान नभिडेको हो भन्ने नखुलाई हचुवाको आधारमा मौज्दात विवरण तयार गरेको,

घ. कर निर्धारण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनी कर निर्धारण गरेको तर उक्त दफा २०(१) अन्तर्गतको कुन अवस्था परी कर निर्धारण भएको हो निर्णयपर्चामा केही नखुलाइएकोले सोही ऐनको दफा २०(३) को विपरीत भएको,

ङ. तसर्थ आन्तरिक राजस्व कार्यालय र आन्तरिक राजस्व विभागबाट भएको निर्णय वदर गरी थप कर दायित्वबाट मुक्ति पाउँ ।

## <u>ठहर</u>

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक फर्निचरल्याण्ड स्टोर प्रा. लि. का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपाल र श्री राजेश्वर श्रेष्ठ तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो ।वहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु र शाखा अधिकृतबाट देहाय बमोजिमका जिकिरहरु प्रस्तुत हुन आएको छ :-

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयकातर्फबाट उपस्थित विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
| --- | --- |
| –स्थलगत निरीक्षणका क्रममा मौजदात विवरण किताबबाट मौजदात स्थिति हेर्नुपर्नेमा सो नगरी बिलबिजकबाट बिक्री भैसकेका सामानहरु पनि नभेटिएको सूचीमा राखी गलत प्रतिवेदन तयार गरेको,<br>–कम्पनीले कुनै पनि सामान स्थानीय बिक्रेताबाट खरिद गर्ने नभई भन्सार विन्दुबाट मात्र आयात गर्ने भएकोमा प्रज्ञापनपत्रबाट पनि प्रमाणिकरण गर्न सकिने अवस्था भएकोमा सो नगरेको,<br>–आयकर प्रयोजनका लागि यही बिक्रीले मान्यता पाउने तर मूल्य अभिवृद्धि कर प्रयोजनका लागि मान्यता नपाउन नमिल्ने,<br>–सबुद प्रमाण पेश गर्न मौका दिइए बमोजिम जबाफ दिइएकोमा जबाफको व्यहोरा निर्णयमा उल्लेख नभएकोले पत्र औपचारिकताका लागि मात्र दिएको देखिएको,<br>–मूल्य अभिवृद्धि कर ऐनको दफा २०(१) सम्म उल्लेख गरेको तर उक्त दफा अन्तर्गतको कुन अवस्था परेको हो सो नखुलाइएको तथा दफा २०(३) बमोजिम प्रमाणको भार पुर्‍याउने अभिभारा कर अधिकृत कै हुने व्यवस्था भएकोमा सो बमोजिम प्रमाणको भार नपुर्‍याएको,<br>–तसर्थ आन्तरिक राजस्व कार्यालय र विभागबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा वदर गरी पाउँ । | –निरीक्षण मुचुल्कामा शाखा प्रमुखले दस्तखत गरेको देखिएको छ । शाखा प्रमुख बाहेक स्टोरका बारेमा जानकारी भएको आधिकारिक व्यक्ति को हुने हो नखुलाइएको,<br>–मौजदात किताब अनुसारको विवरण र मौजदात स्थिति फरक परेको कुरा स्वीकारेकै अवस्था छ,<br>–मूल्य अभिवृद्धि कर ऐनको दफा २०, २१ र २९(२) मा कर असूल गर्ने र जरिवाना गर्ने व्यवस्था रहेकै छ,<br>–तसर्थ आन्तरिक राजस्व कार्यालय र विभागबाट भएको निर्णय मिलेकै देखिंदा सदर हुनुपर्छ । |

४. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहसबुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयोः-

क. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनी लगाइएको कर जरिवाना सदर हुनु पर्ने हो वा होइन ?

ख. करदाता कम्पनीको स्थलगत निरीक्षणबाट सामानहरु न्यून मौजदात भनी देखाई पेश भएको प्रतिवेदनलाई पुनरावेदकको जिकिर बमोजिम गलत मान्न मिल्ने हो वा होइन?

ग. कर जरिवाना समेत निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं २ बाट मिति २०७१।८।१७ मा भएको आदेश र सो आदेशलाई कानूनसम्मत ठहराई आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको छ वा छैन ?

५. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गर्दा आन्तरिक राजस्व विभागको मिति २०७१।२।१२ को पत्रानुसार खटिएका कर अधिकृतहरुको टोलीले फर्निचरल्याण्ड स्टोर प्रा. लि. को कारोबार स्थल त्रिपुरेश्वर समेतका स्थानहरुमा आकस्मिक निरीक्षण गरी सामानहरुको मौजदात गणना कार्य सम्पन्न गरेको देखिन्छ ।मिति २०७१।३।२९ मा पुनरावेदक कम्पनीका तर्फबाट प्रतिनिधि विनिशमान स्थापितले बयान गर्दा सवाल १६ को जबाफमा "टोलीले भौतिक गणना गर्दा सबै सामानहरु छुट्टाछुट्टै रुपमा एक एक गरी छुट्याई गणना गर्नु पर्नेमा सरसर्ती रुपमा मात्र गणना गरेकोले सबै सामानहरु पूर्ण रुपमा गणना नगरेकोले उक्त १५११६ को परिमाणमा घटी देखिएको हो, साथै हामीसंग रहेका स-साना सामानहरु र प्याकिङ्गमा रहेका सामानहरुको गणना समेत टोलीले गरेको थिएन । यस कार्यालयको माग अनुसार हामीसंगै रहेको मौज्दातको पूर्ण विवरण र परिमाण सहित कागजात पेश गरेको छु, सोही पेश गरेको मौज्दात विवरण अनुसारको सामानहरु अहिले पनि शाखाहरु र गोदाममा रहेको छ" भनी बयान गरेको र सवाल १७ को जबाफमा "सबै सामानको स्टक विवरण माग गरी सो अनुसार सामान मौज्दात रहे नरहेको अनुसन्धान गर्नुपर्नेमा सो अनुसार नभएको र सबै सामानहरुको गणना नगरिएको हुनाले सामानको गणना प्रक्रिया नै गलत भएको" भनी उल्लेख गरेको देखिन्छ । मिति २०७१।४।१ मा आन्तरिक राजस्व विभागका महानिर्देशकलाई सम्वोधन गरी लेखिएको पत्रमा भौतिक गन्ती गरी मौज्दात विवरण तयार गर्नु पर्नेमा सो नगरी कर्मचारीहरुले अगाडि भएको र देखिएका सामानहरुको मात्र सूचीमा उल्लेख गरेकोले पुनः गणनाका लागि निर्देशन जारी गरी पाउँ भनी उल्लेख गरेको देखिन्छ । प्रारम्भिक कर निर्धारण आदेशका सम्बन्धमा सोधिएको प्रतिक्रियामा पनि बयान र पूर्व अनुरोध पत्रहरुको सन्दर्भ उल्लेख गर्दै पूरा सामानहरु गणना नगरिएकोले घटी देखिएको व्यहोरा समेत उल्लेख गरी मिति २०७१।८।४ मा जबाफ पेश गरेको देखिन्छ । मिति २०७१।८।१७ मा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ बाट प्रारम्भिक कर निर्धारण उपर हाल केही गरिरहनु नपर्ने ठहर्छ भनी निर्णय पर्चा खडा भएको र आन्तरिक राजस्व विभागबाट पनि मिति २०७३।३।१० मा शुरु कार्यालयबाट भएको कर निर्धारण कानूनसम्मत रहेको भनी निर्णय भएको पाइन्छ।

६. आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ को मिति २०७१।८।१७ को निर्णय पर्चा हेर्दा "आन्तरिक राजस्व विभाग अनुसन्धान तथा विकास शाखाबाट लेखी आए बमोजिम र विभागबाट छानविन भई पेश भएको प्रतिवेदन अनुसार सिफारिश भई आए बमोजिमको न्यून मौज्दातका रुपमा देखिएको सामानहरुलाई २०७१ जेष्ठ महिनामा बिक्री भइसकेको मानी जम्मा रु २७,५६,९०६।०० लाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण र सोमा सोही ऐनको दफा २९(२) बमोजिम कर रकमको शतप्रतिशत जरिवाना गरी सोमा ब्याज तथा थप दस्तुर गरी जम्मा रु ५८,०३,१९२।०० को प्रारम्भिक कर निर्धारण आदेश जारी भएकोमा यस कार्यालयबाट भएको कर निर्धारण नियम कानूनसम्मत नै भएको देखिन आएको सन्दर्भमा जारी प्रारम्भिक कर निर्धारण उपर हाल केही गरिरहनु नपर्ने ठहर्छ" भनी उल्लेख भएको देखिन्छ । तर उक्त दफा २०(१) मा खण्ड (क) देखि खण्ड (ट) सम्मका जम्मा ११ वटा अवस्थाहरु उल्लेख भएको पाइएकोमा ती मध्ये कुन अवस्था, कारण र आधार परी कर र जरिवाना लगाउनु परेको हो भन्ने सम्बन्धमा शुरु कार्यालयको निर्णय पर्चामा र आन्तरिक राजस्व विभागको निर्णयपर्चामा समेत केही खुलेको पांइदैन ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) मा कर विगोको शतप्रतिशत रकम जरिवाना गर्न सकिने व्यवस्था भएको पाइन्छ तर उक्त दफा २९(२) मा पनि खण्ड (क) देखि (ङ) सम्मका अवस्थाहरुको उल्लेख भएकोमा यी पुनरावेदक करदाताका हकमा ती मध्ये कुन अवस्था परी शतप्रतिशत जरिवाना गर्नु परेको हो सो सम्बन्धमा पनि निर्णयपर्चामा केही उल्लेख भएको देखिंदैन ।

७. निर्णय गर्न अख्तियार प्राप्त कुनै अधिकारीले कसैको हक अधिकारमा प्रतिकूल असर पर्ने वा थप आर्थिक दायित्व व्यहोर्नुपर्ने वा कुनै दण्ड जरिवाना हुने गरी निर्णय गर्दछ भने त्यस्तो निर्णय गर्दा किन, के आधारमा र कुन कानून बमोजिम त्यस्तो निर्णयमा पुगिएको हो सो कुराको आधार र कारण खुलाउनु पर्ने कुरा न्यायिक प्रक्रियाको सर्वमान्य सिद्धान्तको रुपमा स्वीकारिएको विषय हो ।कुनै आदेश वा निर्णय गरिन्छ भने त्यस्तो आदेश वा निर्णयको समर्थनमा आधार र कारण खुलाउनु पर्ने कुरालाई प्राकृतिक न्यायको तेस्रो सिद्धान्तको रुपमा पनि मान्यता प्राप्त छ (V. G. Ramachandran's Law of Writs; Revised by Justice C. K. Thakker and Mrs. M. C. Thakker, ६th ed. Vol. १, P. ३८४ (Eastern Book Company, २००६) ।वास्तवमा कुनै आदेश वा निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने कुरा असल प्रशासन (good administration) को पनि आधारभूत मान्यता हो (Lord Denning in Breen v. Amalgamated Engineering Union (१९७१) १ All E R ११४८) ।किनभने निर्णयकर्ताहरुबाट हुनसक्ने सम्भावित अन्याय र स्वेच्छाचारिताका विरुद्ध यही अनिवार्यताले सुरक्षाकवचको रुपमा काम गरेको हुन्छ ।

निर्णयमा आधार र कारण खुलाउनु पर्ने अनिवार्यताले निर्णयकर्ताहरुलाई आफूसमक्ष पेश हुन आएको फाइलमा संलग्न तथ्यहरु उपर बिचार गर्न र सोही आधारमा निष्कर्षमा पुग्नुपर्ने वाध्यता सिर्जना गर्दछ । यदि तथ्य र निष्कर्ष बीचको सम्बन्ध स्थापित हुन सकेन भने निजले त्यस सम्बन्धमा या त आफ्नो न्यायिक विवेकको स्वच्छ प्रयोग नगरेको वा या त फाइल संलग्न तथ्य र प्रमाण भन्दा पनि अन्य बाह्य कुराबाट प्रभावित भएर निष्कर्षमा पुगेको कुराको प्रमाण बन्दछ र पुनरावेदन तहबाट त्यस्तो निर्णयले मान्यता नपाउने स्थिति बन्दछ । खासमा कुनै व्यक्तिको हक हित प्रतिकूल हुने गरी कुनै आदेश वा निर्णय गरिन्छ भने आफ्नो हक हित प्रतिकूल निर्णय हुनुको आधार र कारण थाहा पाउनु त्यसबाट प्रभावित हुने व्यक्तिको अधिकार नै हुने कुरा सामान्य समझको पनि विषय हो । De Smith भन्छन् - Basic fairness and respect for the individual requires that those in authority over others should tell them why they are subject to some liability or have been refused some benefit (De Smith's Judicial Review; ६th ed, P. ४१४-४१५, Sweet & Maxwell, London (२००७) । न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ भन्ने न्यायको सर्वमान्य मान्यताका सन्दर्भमा पनि यदि निर्णयबाट प्रभावित व्यक्तिले आफूलाई के कारणले असर पर्ने गरी निर्णय भएको हो सो को कारण बुझ्न नसक्ने तर निर्णयकर्ता आफूले मात्र बुझ्ने गरी कुनै मनोगत निर्णय हुन्छ भने त्यस्तो निर्णय कायम रहनु प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत हुन जान्छ । त्यसैले Siemens Engineering v. Union of India (AIR १९७६ SC १७८५) को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको थियो - "The rule requiring reasons to be given in support of an order is, like the audi alteram partem, a basic principle of natural justice which must inform every quasi-judicial process and this rule must be observed in its proper spirit." निर्णयमा आधार र कारण नखुलाउनु 'अभिव्यक्त आदेश' (Speaking Order) को सिद्धान्तको पनि विपरीत हुन्छ । आधार र कारण बिनाको निर्णय पनि गलत नरहेको हुनसक्दछ तर गलत नरहेको भन्ने कुराको पुष्टयाइका लागि पनि आधार र कारण खुलाइएकै हुनु पर्दछ ता कि पुनरावेदन तहबाट कारणको परीक्षण हुनसकोस् । यसैले भन्ने गरिन्छ - आधार र कारण बिनाको निर्णय उपर पुनरावेदनको अधिकारको पनि कुनै सार्थकता रहंदैन । N. M Desai v. The Testeels Ltd and Anr को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको छ - Unless reasons are given it would not be possible for the appellate authority to examine the correctness of the decision (AIR १९८० SC २१२४) । यहाँनिर बिचार गर्नु पर्ने कुरा के हुन्छ भने केवल कानूनी दफाको उल्लेखनले मात्र पनि कारणको अनिवार्यताको स्थान ग्रहण गर्न सक्दैन (रमेश प्रसाद सर्राफ वि. कर कार्यालय जनकपुर, नेकाप २०५१ नि. नं. ४८७२ पृ १२९) ।

कानूनको दफाको उल्लेखनले कारणको स्थान ग्रहण गर्न त्यस्तो कानूनको प्रयोगको सान्दर्भिकतालाई पुष्टि गरेको हुनुपर्छ । सम्मानित सर्वोच्च अदालतबाट पनि यिनै मान्यताहरुलाई आत्मसात गरी "कुनै पनि न्यायिक निर्णय गर्दा निर्णयमा पुगेको कारण व्यक्त हुनुपर्ने सर्वमान्य न्यायिक परम्परा हो, सो को अभावमा भएको निर्णयमा न्यायिक मनको प्रयोग भएको भन्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ (रामकृत यादव वि. भूमि सुधार कार्यालय, महोत्तरी, नेकाप २०४४ नि. नं. ३१७४ पृ. ८२५)।

८. कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो भन्ने कुरालाई हाम्रो सम्मानित सर्वोच्च अदालतबाट स्वीकारी सकिएको अवस्था छ। कर अधिकृत कर निर्धारणको प्रकृयामा छानबिन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत आरोपी एवं निर्णयकर्ता दुवै हुने, कर सम्बन्धी विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ। कर लाग्ने आय हो भन्ने कुराको प्रमाण पुर्‍याउने भार कर कार्यालय वा कर अधिकृत उपर नै हुने भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको अवस्था पनि छ (कर कार्यालय विराटनगर वि. महेन्द्र कुमार गोल्छा, नेकाप २०६३ नि. नं. ७७३० पृ ८७१) । त्यसैले कुनै करदाताका हकमा कर निर्धारण गर्नु भन्दा अगाडि सुनुवाइको मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको अवलम्वन गर्नु अनिवार्य हुन्छ। सुनुवाइको मौका दिनु भनेको करदातालाई प्रस्तावित कर निर्धारणको विषयमा आफ्नो भनाइ राख्ने मौका दिनु मात्र पर्याप्त हुँदैन, यस सम्बन्धमा निजको कुनै भनाइ वा जिकिर प्राप्त हुन्छ भने ती भनाइ र जिकिरको सुनुवाइ हुनुपर्ने कुरा पनि पर्दछ ।प्रस्तुत मुद्दामा स्थलगत निरीक्षण भई सामानको मौजदात गणना सम्पन्न भए पछि सामानहरु पूरा गणना नगरिएकोले घटी देखिएको हो भनी बयान दिइरहेको अवस्था देखिएको छ भने सोही व्यहोरा समेत उल्लेख गरी सामान पुनः गणनाको व्यवस्थाको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएको देखिएको छ ।प्रारम्भिक कर निर्धारणका सम्बन्धमा जबाफ दिंदा पनि सोही कुरा उल्लेख गरेको देखिएको छ ।साथै पुनरावेदक कम्पनीले उल्लेख गरेको यी व्यहोराका सम्बन्धमा स्थलगत निरीक्षण भैसकेपछि पनि सामान थपी पूरा देखाउन सक्ने संभावनाको दृष्टिकोणबाट पनि हेर्न सकिएला तर पुनरावेदक कै भनाइमा आफूकहाँ कुनै पनि सामान स्थानीय खरिद नरहेको र सबै सामान आयात हुने प्रकृतिको रहेको भनी उल्लेख गरेको सन्दर्भलाई बिचार गर्दा यस्तो संभावना पनि रहने देखिंदैन वा भन्सार विन्दु मार्फत सहजै प्रमाणीकरण हुन सक्ने अवस्था देखिन्छ । निवेदन र जबाफमा उल्लेख गरेको यी व्यहोराका सम्बन्धमा प्रत्यर्थी कार्यालयको कर निर्धारण आदेशमा केही बोलिएको अवस्था देखिंदैन ।कर छली हुनसक्ने प्रवृत्तिलाई निरुत्साहित

गर्नु जति जरुरी छ, करका माध्यमबाट राज्यलाई योगदान गर्ने करदाताहरुको सम्मान हुनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।निश्चय पनि कर प्रणाली र करदाताको नियमन हुनु स्वयंमा गैरकानूनी र अनुचित कार्य होइन तर यस्तो नियमन स्वीकार्य विधि र प्रक्रियाको आधारमा हुनुपर्ने कुरालाई नजरअन्दाज गर्न सकिंदैन । राज्यको प्रतिनिधिको रुपमा कर प्रशासकहरु करदाताका अभिभावक पनि हुन् ।त्यसैले राज्य शक्तिको प्रयोग गर्दा करदाताहरुलाई आतंकित पार्ने भन्दा पनि वाञ्छित संयमता र गम्भीर सतर्कता अपनाउनु पर्ने हुन्छ ता कि त्यस्तो प्रक्रियामा स्वच्छता (Fairness) को सुनिश्चितता हुन सकोस् र स्वेच्छाचारिता (Arbitrariness) को अलिकति पनि गन्ध नआओस् ।प्रस्तुत मुद्दामा सामानहरुको विवरण मै प्रश्न उठिरहेको छ र पुनरावेदक कम्पनीले राखेका भनाइहरु उपर उपयुक्त तवरबाट ध्यान दिई बिचार गरिएको छ भन्ने कुरा निर्णयपर्चाबाट देखिएको छैन । आकस्मिक निरीक्षण भए पछि सो सम्बन्धमा करदाताले दिएको निवेदन व्यहोरा र जबाफका सम्बन्धमा कुनै सुनुवाइ भएन भन्ने किसिमको भावना करदातामा पर्न दिनु राज्यका निम्ति शोभायमान कुरा होइन ।अझ मूल्य अभिवृद्धि करका सन्दर्भमा त झन् मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले कर निर्धारण गर्दा प्रमाणको भार पुर्‍याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ भनी स्पष्ट व्यवस्था गरेको अवस्था पनि छ ।त्यसैले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम भनिएकोमा उक्त दफामा उल्लेख भए मध्येको कुन अवस्था परी कर निर्धारण गर्नु परेको हो सो नखुलेको, कर निर्धारण गर्नु पर्नाको कारण र आधार पनि पर्याप्त नखुलेको तथा पुनरावेदक कम्पनीले मौकामा लिएको जिकिरहरुका सम्बन्धमा पनि कुनै बिचार गरी तथ्ययुक्त प्रमाणहरुबाट खण्डन गर्न सकेको अवस्था नदेखिंदा विवादित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने पुनरावलोकनको निर्णयलाई मान्यता दिन सकिने अवस्था देखिएन ।उल्लिखित आधारमा कर निर्धारणको आदेशले मान्यता पाउन नसक्ने भई पुनः निर्णय गर्न पठाउने ठहरेकोले पुनरावेदनमा उठाइएका अन्य प्रश्नहरुमा अहिले यो फैसलाबाट बोलिरहन परेन ।

९. यस प्रकार आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा खडा भएको निर्णय पर्चा हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम समेत कर जरिवाना निर्धारण गरिएको भनी उल्लेख भएको देखिएको तर उक्त दफा २०(१) मा उल्लेख भएका विभिन्न अवस्थाहरु मध्ये कुन अवस्था परी कर निर्धारण गरिएको हो भन्ने कुरा खुलाइएको नपाइएको र केवल कानूनको दफाको उल्लेखनले मात्र कर लगाउनु पर्ने अवस्थाको पुष्टि भएको मान्न मिल्ने नदेखिंदा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट

मिति २०७१।८।१७ मा भएको कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको नदेखिंदा वदर गरी दिएको छ । उल्लिखित अनुसन्धान प्रतिवेदनका सम्बन्धमा पुनरावेदक कम्पनीले मिति २०७१।४।१ मा दिएको निवेदन, मौकामा गरेको बयान र मिति २०७१।८।४ मा पेश गरेको जबाफ व्यहोरा कुन कारण र आधारले पुष्टि नहुने हो ? सम्बन्धित कानूनी व्यवस्था र कारण एवं आधार सहित ३ महिना भित्र पुनः निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं २ मा लेखी पठाइदिने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

## <u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ का प्रमुख कर प्रशासकबाट मिति २०७१।८।१७ मा भएको कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।३।१० मा भएको निर्णय मिलेको नदेखिंदा वदर हुने ठहरी फैसला भएकोले उल्लिखित अनुसन्धान प्रतिवेदनका सम्बन्धमा पुनरावेदक कम्पनीले मिति २०७१।४।१ मा दिएको निवेदन, मौकामा गरेको बयान र मिति २०७१।८।४ मा पेश गरेको जबाफ व्यहोरा कुन कारण र आधारले पुष्टि नहुने हो ? सम्बन्धित कानूनी व्यवस्था र कारण एवं आधार सहित ३ महिना भित्र पुनः निर्णय गर्नु भनी मिसिल र तारेखमा रहेका पक्ष सहित आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं २ मा लेखी पठाइदिनु........१

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु.................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...................................................................................३

तिल प्रसाद श्रेष्ठ

(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की<br>(लेखा सदस्य)

जीवन कुमार घिमिरे<br>(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २० गते रोज १ शुभम् ...........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३४९**
**पुनरावेदन नं. : ९७-०७३-००४३४**

| | |
|---|---|
| मोरङ्ग जिल्ला टंकिसिनुवारी गा. वि. स. वडा नं ६ मा कारखाना र ऐ विराटनगर उपमहानगरपालिका वडा नं ६ मा रजिष्टर्ड कार्यालय रहेको प्रिमियर वायर्स प्रा. लि. (स्थायीलेखा नं ३००२१२७८९) को हकमा ऐ का अधिकार प्राप्त संचालक श्रीनिवास शारडा......................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर ........................... १<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट ............................................१ | प्रत्यर्थी |

**मुद्दा : मूल्य अभिवृद्धिकर (आ.व. २०६९/०७०)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री दिपक घिमिरे
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर :

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल
शुरु कर निर्धारण मिति : २०७१।११।२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
पुनरावलोकनको निर्णय मिति : २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवनले **मूल्य अभिवृद्धिकर** र जरिवाना समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट समेत शुरु मूल्य अभिवृद्धि कर निर्धारण आदेश कानूनसम्मत रहेको भनी भएको निर्णय उपर **मूल्य अभिवृद्धिकर** ऐन, २०५२ को दफा ३२ (१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कम्पनीले भारत तथा अन्य मुलुकबाट औधोगिक कच्चा पदार्थ पैठारी गरी H B Wires/MS Wires Rods (Torkati) उत्पादन गरी आएको रहेछ ।आर्थिक वर्ष २०६९/०७० को आय विवरण पेश भएकोमा प्रत्यर्थी कार्यालयबाट कर परीक्षण हुँदा पुनरावेदक कम्पनीले उत्पादन गरेको H B Wires/MS Wires Rods (Torkati) को बिक्रिमा अन्तशुल्क असूल उपर गर्नु पर्नेमा अन्तशुल्क असूलउपर नगरी बिक्री गरेको देखिएको भन्दै ठूला करदाता कार्यालय, ललितपुरका प्रमुख कर प्रशासकबाट मिति २०७१।११।२९ मा अन्तःशुल्क रकम रु २६,२२,७८४।०० दाखिला गर्नु पर्ने गरी निर्णय भएको रहेछ। सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर असूल हुनुपर्ने भएको भनी सो रकमको १३ प्रतिशतले हुने **मूल्य अभिवृद्धिकर** रू. ३,४०,९५८।०० र उक्त रकमको शत प्रतिशत जरिवाना समेत जम्मा रू. ६,८१,९१६।- असुल उपर गर्नु पर्ने गरी मिति २०७१।११।२९ मै अन्तिम कर निर्धारण आदेशको निर्णयपर्चा खडा भएको रहेछ । उक्त आदेश उपर मिति २०७२।१।७ मा पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट पनि मिति २०७३।३।८ मा शुरु कार्यालयको **मूल्य अभिवृद्धिकर** निर्धारण आदेश कानूनसम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भनी निर्णयपर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको उक्त निर्णय उपर **मूल्य अभिवृद्धिकर** ऐन, २०५२ को दफा ३२ (१) बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष दायर हुन आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. आर्थिक ऐन बमोजिम अन्तःशुल्क अनुसूचीमा ७२१३, ७२१४ र ७२१५ को फलामे डण्डीमा मात्र अन्तःशुल्क लाग्ने उल्लेख भएकोमा परिपत्र बमोजिम भनी वायर्सलाई

पनि फलामे डण्डी मानी अन्तःशुल्क निर्धारण गरेको र अन्तशुल्कको सोही रकमलाई मूल्यमा समावेश गरी १३ प्रतिशत **मूल्य अभिवृद्धिकर** र **सो**को शतप्रतिशत जरिवाना समेत लाग्ने गरी भएको निर्णय कानून विपरीत भएको,

ख. विभागीय परिपत्र कानून नभएको हुँदा परिपत्रको आधार लिई अन्तःशुल्क नलाग्ने वस्तुलाई अन्तःशुल्क लगाइ अन्तशुल्कको सो रकमलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर असूल गर्ने गरी निर्णय गर्न मिल्ने नदेखिंएको,**

ग. तसर्थ, **मूल्य अभिवृद्धिकर** लाग्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय उल्टि गरी विवादित **मूल्य अभिवृद्धिकर** र जरिवाना तिर्न बुझाउन नपर्ने व्यहोराको निर्णय गरी पाउँ ।

ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपक घिमिरे र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयहरु तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – आर्थिक ऐनको अनुसूची क्र. सं. २० मा फलामे डण्डीमा मात्र अन्तःशुल्क लाग्ने गरी व्यवस्था भई वायर्समा अन्तःशुल्क लाग्ने व्यवस्था नभएको,<br>– पुनरावेदक कम्पनी फलामे डण्डी उत्पादन गर्ने कम्पनी नभई वायर्स उत्पादन गर्ने कम्पनी भएको,<br>– वायर्स र डण्डी उत्पादनको प्रक्रिया नै फरक भएको,<br>– परिपत्रले कानूनको मान्यता पाउन नसक्ने हुँदा परिपत्रको आधारमा अन्तःशुल्क लगाउन मिल्ने नदेखिएको,<br>– अन्तशुल्कलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर र शतप्रतिशत जरिवाना निर्धारण गरेको निर्णय त्रुटिपूर्ण देखिएको,** | – कार्यालयको कार्यसम्पादनमा सहजताको लागि परिपत्र जारी गर्न नसकिने अवस्था नहुने,<br>– पुनरावेदकको सामान २० गेज भन्दा बढीको रहेको र २० गेज भन्दा बढीको वायर्सलाई भारतमा पनि रड मान्ने गरेको देखिएको,<br>– तसर्थ शुरु ठूला करदाता कार्यालयको निर्णय र आन्तरिक राजस्व विभागको निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. पुनरावेदक कम्पनीले उत्पादन गरेको वायर्सलाई परिपत्रको आधारमा फलामे डण्डी मानी अन्तःशुल्क कायम गरी सो अन्तःशुल्कलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर** लगाएको कार्य कानूनसंगत छ वा छैन ?

ख. पुनरावेदक कम्पनीले उत्पादन गरी बिक्री गरेको विवादित वस्तुहरुमा अन्तशुल्क लाग्ने निर्णय गरी सोही आधारमा **मूल्य अभिवृद्धिकर** र जरिवाना लगाउने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ वा छैन ?

५. निरुपण हुनुपर्ने प्रश्नका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा आर्थिक ऐन, २०६९ बमोजिम व्यवस्था भएको अन्तःशुल्क दरबन्दीको क्र सं २० मा शीर्षक/ उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ अन्तर्गत फलामे डण्डी उल्लेख भई उक्त वस्तुमा प्रति मे. टन रु १०००।०० का दरले अन्तःशुल्क लाग्ने उल्लेख भएको पाइन्छ । उक्त क्रमसंख्यामा वायर्स भन्ने उल्लेख भएको पाइदैन । साथै २० गेज भन्दा बढीको वायर्सलाई डण्डी मानिने गरी कुनै परिभाषा वा व्यवस्था भएको पनि देखिंदैन। भन्सार दरबन्दी शीर्षक उपशीर्षक हेर्दा फलाम वा अमिश्रित स्पातका तारहरु (वायर) भन्सार शीर्षक उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा नपरी भन्सार शीर्षक नं ७२१७ मा परेको देखिन्छ ।फलामे डण्डीहरु भन्सार शीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा पर्ने तथा वायर भन्सार शीर्षक नं ७२१७ मा पर्ने गरी छुट्टै वर्गीकरण गर्नुको मतलब डण्डी र वायर एउटै वस्तु नभई फरक फरक वस्तु भएको कुरा यो व्यवस्थाले स्वीकार गरेको देखिएको छ ।यो स्थितिमा वायर्सलाई पनि फलामे डण्डी मानी फलामे डण्डीमा लाग्ने गरी भएको अन्तःशुल्कको व्यवस्था वायर्सका हकमा पनि लागू हुने गरी भएको निर्णयलाई कानूनसंगत मान्न मिलेन भनी यिनै पुनरावेदक र प्रत्यर्थी भएको यसै लगाउको पुनरावेदन नं. ९७-०७३-००४३६ नि.नं. ३४८ को अन्तःशुल्क मुद्दामा आज यसै न्यायाधिकरणबाट निर्णय भएको पाइन्छ । जुन वस्तुको बिक्रीमा अन्तशुल्क लाग्ने भन्ने ठहराई सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर लाग्ने भनी निर्णय भएको हो अन्तशुल्क लाग्ने गरी भएको सो निर्णय नै कानूनसंगत नभएको भनी उल्टि भएको अवस्थामा अन्तशुल्क लाग्ने रकमलाई आधार बनाई मूल्य अभिवृद्धि कर लगाउने गरी भएको निर्णयलाई पनि कानूनसंगत मान्न मिलेन ।

६. अतः यसमा यसै लगाउको ९७-०७३-००४३६ को पुनरावेदनमा अन्तःशुल्क लाग्ने गरी भएको **ठूला करदाता कार्यालय र आन्तरिक राजस्व विभागको निर्णय उल्टी हुने ठहरी अन्तःशुल्क नलाग्ने गरी आज यसै इजलाशबाट फैसला भएको हुँदा सोही आधार र कारण बमोजिम मूल्य अभिवृद्धिकर लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टी भई यी मालबस्तुमा मूल्य अभिवृद्धिकर नलाग्ने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।**

तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार **मूल्य अभिवृद्धिकर लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टी** भई मालबस्तुमा मूल्य अभिवृद्धि कर नलाग्ने ठहरेकोले उक्त कर रकम पुनरावेदकलाई ऐनको म्यादभित्र फिर्ता दिनु वा अर्को आ.व.को कर रकममा मिलान गरिदिनु भनी सम्बन्धित ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरलाई लेखी पठा इदिनु........................................................................................ १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु..........................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...................................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २२ गते रोज ३ शुभम् ..........................

**राजस्व न्यायाधिकरण काठमाण्डौ**
**इजलास**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

२०७४/७५ सालको निर्णय नं. ३५१
पुनरावेदन नं. : ९७-०७३-००४३७

मोरङ्ग जिल्ला टंकिसिनुवारी गा. वि. स. वडा नं ६ मा कारखाना र ऐ विराटनगर उपमहानगरपालिका वडा नं ६ मा रजिष्टर्ड कार्यालय रहेको प्रिमियर वायर्स प्रा. लि. (स्थायीलेखा नं ३००२१२७८९) को हकमा ऐ का अधिकार प्राप्त संचालक श्रीनिवास शारडा........................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर ........................... १

आन्तरिक राजस्व विभाग, लाजिम्पाट ...........................................१ } प्रत्यर्थी

मुद्दा : मूल्य अभिवृद्धिकर (आ.व. २०७०/०७१)

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री दिपक घिमिरे
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर :

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल
शुरु कर निर्धारण मिति : २०७१।११।२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग
पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा
पुनरावलोकनको निर्णय मिति : २०७३।३।८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवनले **मूल्य अभिवृद्धिकर** र जरिवाना समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट समेत शुरु मूल्य अभिवृद्धि कर निर्धारण आदेश कानूनसम्मत रहेको भनी भएको निर्णय उपर **मूल्य अभिवृद्धिकर** ऐन, २०५२ को दफा ३२ (१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पुनरावेदक कम्पनीले भारत तथा अन्य मुलुकबाट औधोगिक कच्चा पदार्थ पैठारी गरी H B Wires/MS Wires Rods (Torkati) उत्पादन गरी आएको रहेछ ।आर्थिक वर्ष २०७०/०७१ को आय विवरण पेश भएकोमा प्रत्यर्थी कार्यालयबाट कर परीक्षण हुँदा पुनरावेदक कम्पनीले उत्पादन गरेको H B Wires/MS Wires Rods (Torkati) को बिक्रिमा अन्तशुल्क असूल उपर गर्नु पर्नेमा अन्तशुल्क असूलउपर नगरी बिक्री गरेको देखिएको भन्दै ठूला करदाता कार्यालय, ललितपुरका प्रमुख कर प्रशासकबाट मिति २०७१।११।२९ मा अन्तःशुल्क रकम रु ३५,४८,२६०।०० दाखिला गर्नु पर्ने गरी निर्णय भएको रहेछ । सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर असूल हुनुपर्ने भएको भनी सो रकमको १३ प्रतिशतले हुने **मूल्य अभिवृद्धिकर** रू. ४६१,२७४।०० र उक्त रकमको शत प्रतिशत जरिवाना समेत जम्मा रू. ९,२२,५४८।- असुल उपर गर्नु पर्ने गरी मिति २०७१।११।२९ मै अन्तिम कर निर्धारण आदेशको निर्णयपर्चा खडा भएको रहेछ । उक्त आदेश उपर मिति २०७२।१।७ मा पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट पनि मिति २०७३।३।८ मा शुरु कार्यालयको **मूल्य अभिवृद्धिकर** निर्धारण आदेश कानूनसम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भनी निर्णयपर्चा खडा भएको देखिन्छ । आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको उक्त निर्णय उपर **मूल्य अभिवृद्धिकर** ऐन, २०५२ को दफा ३२ (१) बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष दायर हुन आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. आर्थिक ऐन बमोजिम अन्तःशुल्क अनुसूचीमा ७२१३, ७२१४ र ७२१५ को फलामे डण्डीमा मात्र अन्तःशुल्क लाग्ने उल्लेख भएकोमा परिपत्र बमोजिम भनी वायर्सलाई पनि फलामे डण्डी मानी अन्तःशुल्क निर्धारण गरेको र अन्तशुल्कको सोही रकमलाई

मूल्यमा समावेश गरी १३ प्रतिशत **मूल्य अभिवृद्धिकर** र **सो**को शतप्रतिशत जरिवाना समेत लाग्ने गरी भएको निर्णय कानून विपरीत भएको,

ख. विभागीय परिपत्र कानून नभएको हुँदा परिपत्रको आधार लिई अन्तःशुल्क नलाग्ने वस्तुलाई अन्तःशुल्क लगाइ अन्तशुल्कको सो रकमलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर असूल गर्ने गरी निर्णय गर्न मिल्ने नदेखिंएको,**

ग. तसर्थ, **मूल्य अभिवृद्धिकर** लाग्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय उल्टि गरी विवादित **मूल्य अभिवृद्धिकर** र जरिवाना तिर्न बुझाउन नपर्ने व्यहोराको निर्णय गरी पाउँ ।

**<u>ठहर</u>**

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपक घिमिरे र प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालयहरु तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – आर्थिक ऐनको अनुसूची क्र. सं. २० मा फलामे डण्डीमा मात्र अन्तःशुल्क लाग्ने गरी व्यवस्था भई वायर्समा अन्तःशुल्क लाग्ने व्यवस्था नभएको,<br>– पुनरावेदक कम्पनी फलामे डण्डी उत्पादन गर्ने कम्पनी नभई वायर्स उत्पादन गर्ने कम्पनी भएको,<br>– वायर्स र डण्डी उत्पादनको प्रक्रिया नै फरक भएको,<br>– परिपत्रले कानूनको मान्यता पाउन नसक्ने हुँदा परिपत्रको आधारमा अन्तःशुल्क लगाउन मिल्ने नदेखिएको,<br>– अन्तशुल्कलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर र शतप्रतिशत जरिवाना निर्धारण गरेको निर्णय त्रुटिपूर्ण देखिएको,** | – कार्यालयको कार्यसम्पादनमा सहजताको लागि परिपत्र जारी गर्न नसकिने अवस्था नहुने,<br>– पुनरावेदकको सामान २० गेज भन्दा बढीको रहेको र २० गेज भन्दा बढीको वायर्सलाई भारतमा पनि रड मान्ने गरेको देखिएको,<br>– तसर्थ शुरु ठूला करदाता कार्यालयको निर्णय र आन्तरिक राजस्व विभागको निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. पुनरावेदक कम्पनीले उत्पादन गरेको वायर्सलाई परिपत्रको आधारमा फलामे डण्डी मानी अन्तःशुल्क कायम गरी सो अन्तःशुल्कलाई मूल्यमा समावेश गरी **मूल्य अभिवृद्धिकर** लगाएको कार्य कानूनसंगत छ वा छैन ?

ख. पुनरावेदक कम्पनीले उत्पादन गरी बिक्री गरेको विवादित वस्तुहरुमा अन्तशुल्क लाग्ने निर्णय गरी सोही आधारमा **मूल्य अभिवृद्धिकर** र जरिवाना लगाउने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ वा छैन ?

५. निरुपण हुनुपर्ने प्रश्नका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा आर्थिक ऐन, २०७० बमोजिम व्यवस्था भएको अन्तःशुल्क दरबन्दीको क्र सं २० मा शीर्षक/ उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ अन्तर्गत फलामे डण्डी उल्लेख भई उक्त वस्तुमा प्रति मे. टन रु १०००।०० का दरले अन्तःशुल्क लाग्ने उल्लेख भएको पाइन्छ । उक्त क्रमसंख्यामा वायर्स भन्ने उल्लेख भएको पाइदैन । साथै २० गेज भन्दा बढीको वायर्सलाई डण्डी मानिने गरी कुनै परिभाषा वा व्यवस्था भएको पनि देखिंदैन। भन्सार दरबन्दी शीर्षक उपशीर्षक हेर्दा फलाम वा अमिश्रित स्पातका तारहरु (वायर) न्सार शीर्षक उपशीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा नपरी भन्सार शीर्षक नं ७२१७ मा परेको देखिन्छ ।फलामे डण्डीहरु भन्सार शीर्षक नं ७२१३, ७२१४ र ७२१५ मा पर्ने तथा वायर भन्सार शीर्षक नं ७२१७ मा पर्ने गरी छुट्टै वर्गीकरण गर्नुको मतलब डण्डी र वायर एउटै वस्तु नभई फरक फरक वस्तु भएको कुरा यो व्यवस्थाले स्वीकार गरेको देखिएको छ ।यो स्थितिमा वायर्सलाई पनि फलामे डण्डी मानी फलामे डण्डीमा लाग्ने गरी भएको अन्तःशुल्कको व्यवस्था वायर्सका हकमा पनि लागू हुने गरी भएको निर्णयलाई कानूनसंगत मान्न मिलेन भनी यिनै पुनरावेदक र प्रत्यर्थी भएको यसै लगाउको पुनरावेदन नं. ९७-०७३-००४३९ नि.नं. ३५० को अन्तःशुल्क मुद्दामा आज यसै न्यायाधिकरणबाट निर्णय भएको पाइन्छ । जुन वस्तुको बिक्रीमा अन्तशुल्क लाग्ने भन्ने ठहराई सोही अन्तशुल्क रकमलाई मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर लाग्ने भनी निर्णय भएको हो अन्तशुल्क लाग्ने गरी भएको सो निर्णय नै कानूनसंगत नभएको भनी उल्टि भएको अवस्थामा अन्तशुल्क लाग्ने रकमलाई आधार बनाई मूल्य अभिवृद्धि कर लगाउने गरी भएको निर्णयलाई पनि कानूनसंगत मान्न मिलेन ।

६. अतः यसमा यसै लगाउको ९७-०७३-००४३९ को पुनरावेदनमा अन्तःशुल्क लाग्ने गरी भएको **ठूला करदाता कार्यालय र आन्तरिक राजस्व विभागको निर्णय उल्टी हुने ठहरी अन्तःशुल्क नलाग्ने गरी आज यसै इजलाशबाट फैसला भएको हुँदा सोही आधार र कारण बमोजिम मूल्य अभिवृद्धिकर लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टी भई यी मालबस्तुमा मूल्य अभिवृद्धिकर नलाग्ने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।**

तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार **मूल्य अभिवृद्धिकर लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०७१।११।२९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टी** भई मालबस्तुमा मूल्य अभिवृद्धि कर नलाग्ने ठहरेकोले उक्त कर रकम पुनरावेदकलाई ऐनको म्यादभित्र फिर्ता दिनु वा अर्को आ.व.को कर रकममा मिलान गरिदिनु भनी सम्बन्धित ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरलाई लेखी पठा इदिनु.................................................................................................. १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.....................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..................................................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २२ गते रोज ३ शुभम् ...........................

**राजस्व न्यायाधिकरण**

**काठमाण्डौ**

**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३५४**

**पुनरावेदन नं. : ९७-०७२-००२७०**

| | |
|---|---|
| वारा जिल्ला लिपनीमाल गा. वि. स. वडा नं ८ मा अवस्थित ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. को तर्फबाट अख्तियार प्राप्त संचालक प्रदिप कुमार रुङ्गटा.............१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा .............................१ | प्रत्यर्थी |

**मुद्दा : बढी भन्सार महसुल असूल उपर**

**उपस्थित कानून व्यवसायीहरु**

| | | |
|---|---|---|
| पुनरावेदकका तर्फबाट | : | विद्वान अधिवक्ता श्री नारायण नेपाल |
| | : | विद्वान अधिवक्ता श्री उज्वल रायमाझी |
| प्रत्यर्थीको तर्फबाट | : | विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई |
| अविलम्वित नजिर | : | |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

| | | |
|---|---|---|
| शुरु निर्णय गर्ने कार्यालय | : | सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा |
| शुरु निर्णय मिति | : | २०७३।१।२३ |

पुनरावेदक कम्पनीले पैठारी गरेको मालवस्तुको भन्सार महसुल निर्धारणका क्रममा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साले मिति २०७३।१।२३ मा गरेको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. स्थायी लेखा नम्बर ३०२६६१६८६ भएका पुनरावेदक कम्पनी ओम चाबो बिरो फिड इन्डस्ट्रिज प्रा. लि. ले विदेशबाट भटमासको गेडा आयात गरी सो गेडाबाट पिना उत्पादन गर्ने कार्य गरी आएको रहेछ ।यसै बीच पुनरावेदक उद्योगले मिति २०७३।१।२३ (सन् २०१६।५।४) मा प्रज्ञापनपत्र नं M-६७६१ मार्फत भटमासको गेडा (Soya bean Seed) पैठारी गरेकोमा १० प्रतिशतले भन्सार महसुल माग गरेकोले सो बमोजिमको भन्सार महसुल धरौटीमा राखी सामान जाँचपास गराएको रहेछ । सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट १० प्रतिशत भन्सार महसुल लिने गरी भएको उक्त निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

   क. पुनरावेदक कम्पनीले आयात गरेको भटमास कृषिजन्य वस्तु भएको र यस्तो वस्तुमा आर्थिक ऐन, २०७२ को भन्सार दरबन्दीको सि. नं. १४(३)(थ) बमोजिम भन्सार महसुलमा ५० प्रतिशत छुट हुने व्यवस्था भएकोमा शतप्रतिशत (१० प्रतिशत) भन्सार महसुल लिनु भन्सार ऐन,२०६४ को दफा ९(३) विपरीत भएको,

   ख. भन्सार कार्यालयले यही मालवस्तु साविकमा आयात गर्दा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिई आएको,

   ग. तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयले ५० प्रतिशत छुट सुविधा प्रदान गरी सामान जाँचपास गर्नु पर्नेमा शतप्रतिशत भन्सार महसुल लिएर मात्र जाँचपास गरेको हुँदा भन्सार कार्यालयले लिएको बढी भन्सार महसुल रकम फिर्ता पाउने गरी निर्णय गरी पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु द्वय श्री नारायण नेपाल र श्री उज्वल रायमाझी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय,

काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमको वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताहरुबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालय तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| –पुनरावेदक कम्पनी कुखुराको दाना उत्पादन गर्ने कम्पनी भएकोमा विवाद नभएको,<br>–आयात गरिएको वस्तु भटमास भएको कुरामा पनि विवाद नभएको,<br>–प्रस्तुत मुद्दामा भन्सार मूल्यको प्रश्न नभई भन्सार महसुल दरको प्रश्न रहेको र भन्सार सुविधको दुरुपयोग भएको भन्न सकेको नदेखिएको,<br>–तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय वदर गरी पाउँ । | –प्रस्तुत मुद्दामा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम भन्सार मूल्य निर्धारण भएको विषय विवादमा रहेकोले दफा १३ अन्तर्गत भएको निर्णयको विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था नभएको,<br>–पुनरावेदन नै नलाग्ने विषयमा पुनरावेदन आएकोले मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी निर्णय गर्न मिल्ने नदेखिएको,<br>–तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय उपर परेको प्रस्तुत पुनरावेदन खारेज गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै पक्षका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

क. सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? र

ख. पुनरावेदन लाग्ने हो भने पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ?

५. निरुपण गर्नुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा पुनरावेदक उद्योगले प्रज्ञापनपत्र नं. M ६७६१ बाट भटमासको गेडा (Soya Bean Seed) पैठारी गरेको देखिन्छ । उक्त वस्तुमा भन्सार छुट नहुने भनी पूरै भन्सार महसुल लाग्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भए अनुसार मिति २०७३।१।२३ मा दरबन्दी अनुसारको महसुल दाखिल गरी धरौटमा जाँचपास गराएको पाइन्छ । पुनरावेदकको भनाइमा निजले पैठारी गरेको मालवस्तुमा ५० प्रतिशत भन्सार छुट हुनुपर्ने भन्ने जिकिर रहेको देखिन्छ भने प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान शाखा अधिकृतले यो विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन नै लाग्न नसक्ने हुँदा मुद्दाको

विषयवस्तुमा प्रवेश गरी शुरु निर्णय मिले नमिलेको तर्फ बिचारै गर्न नमिल्ने भन्ने भनाइ राख्नु भएको देखिन्छ ।

६. अब सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? भन्ने पहिलो प्रश्नमा बिचार गरौं ।पुनरावेदकले पुनरावेदन गर्दा आधार लिएको कानूनी व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६२(१) मा "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको मितिले ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ ।यो दफा ६२(१) मा परेको "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक" भन्ने वाक्याँशलाई आधार बनाइ प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सरकारी वकीलले प्रस्तुत विषयमा यस न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्दैन भन्ने तर्क राख्नु भएको पाइन्छ ।भन्सार ऐन, २०६४ को दफा १३ हेर्दा यो दफाको व्यवस्था पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारणको विषयसंग सम्बन्धित नभएर भन्सार मूल्य निर्धारण गर्ने विषयसंग सम्बन्धित रहेको देखिन्छ र भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि सोही ऐनको दफा ६१(१) बमोजिम मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था भएको पाइन्छ ।मूल्याङ्कन पुनरावलोकन समितिले निर्णय गरे पछि मात्र सो निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्ने व्यवस्था भएको पाइन्छ ।तर प्रस्तुत मुद्दामा दफा १३ बमोजिम भन्सार मूल्य निर्धारणको विषय नभएर दफा २२(२) बमोजिम भन्सार महसुल निर्धारणको विषय समावेश भएको देखिन्छ । भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुलको निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने प्रष्ट व्यवस्था रहेको पाइन्छ ।

७. माथिको प्रकरणमा उल्लेख भए बमोजिम पुनरावेदन लाग्ने अवस्था देखिंदा अब पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ? भन्ने दोस्रो प्रश्नमा बिचार गरौं ।आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल

लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन ।

८. यस प्रकार आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) को खण्ड (थ) बमोजिम भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने व्यवस्था भएकोमा प्रज्ञापनपत्र नं. M ६७६१ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।१।२३ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रज्ञापनपत्र नं. M ६७६१ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।१।२३ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहरेकोले उक्त रकम यकिन गरी ऐनका म्यादभित्र पुनरावेदकलाई नियमानुसार फिर्ता दिनु................ १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु....२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.........३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २३ गते रोज ४ शुभम् ........

**राजस्व न्यायाधिकरण**

**काठमाण्डौ**

**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

# फैसला

**२०७४/७५ सालको निर्णय नं. ३५५**

**पुनरावेदन नं. : ९७-०७२-००२७४**

वारा जिल्ला लिपनीमाल गा. वि. स. वडा नं ८ मा अवस्थित ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. को तर्फबाट अख्तियार प्राप्त संचालक प्रदिप कुमार रुङ्गटा.............१ } पुनरावेदक

**विरुद्ध**

सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा ............................१ } प्रत्यर्थी

**मुद्दा : बढी भन्सार महसुल असूल उपर**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नारायण नेपाल
: विद्वान अधिवक्ता श्री उज्वल रायमाझी
प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर :

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा

शुरु निर्णय मिति : २०७३।२।०३

पुनरावेदक कम्पनीले पैठारी गरेको मालवस्तुको भन्सार महसुल निर्धारणका क्रममा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साले मिति २०७३।२।०३ मा गरेको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. स्थायी लेखा नम्वर ३०२६६१६८६ भएका पुनरावेदक कम्पनी ओम चाबो बिरो फिड इन्डस्ट्रिज प्रा. लि. ले विदेशबाट भटमासको गेडा आयात गरी सो गेडाबाट पिना उत्पादन गर्ने कार्य गरी आएको रहेछ ।यसै बीच पुनरावेदक उद्योगले मिति २०७३।२।०३ (सन् २०१६।५।१६) मा प्रज्ञापनपत्र नं M-७३८९ मार्फत भटमासको गेडा (Soya bean Seed) पैठारी गरेकोमा १० प्रतिशतले भन्सार महसुल माग गरेकोले सो बमोजिमको भन्सार महसुल धरौटीमा राखी सामान जाँचपास गराएको रहेछ । सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट १० प्रतिशत भन्सार महसुल लिने गरी भएको उक्त निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. पुनरावेदक कम्पनीले आयात गरेको भटमास कृषिजन्य वस्तु भएको र यस्तो वस्तुमा आर्थिक ऐन, २०७२ को भन्सार दरबन्दीको सि. नं. १४(३)(थ) बमोजिम भन्सार महसुलमा ५० प्रतिशत छुट हुने व्यवस्था भएकोमा शतप्रतिशत (१० प्रतिशत) भन्सार महसुल लिनु भन्सार ऐन,२०६४ को दफा ९(३) विपरीत भएको,

ख. भन्सार कार्यालयले यही मालवस्तु साविकमा आयात गर्दा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिई आएको,

ग. तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयले ५० प्रतिशत छुट सुविधा प्रदान गरी सामान जाँचपास गर्नु पर्नेमा शतप्रतिशत भन्सार महसुल लिएर मात्र जाँचपास गरेको हुँदा भन्सार कार्यालयले लिएको बढी भन्सार महसुल रकम फिर्ता पाउने गरी निर्णय गरी पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु द्वय श्री नारायण नेपाल र श्री उज्वल रायमाझी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो ।वहसका

क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमको वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताहरुबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालय तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – पुनरावेदक कम्पनी कुखुराको दाना उत्पादन गर्ने कम्पनी भएकोमा विवाद नभएको,<br>– आयात गरिएको वस्तु भटमास भएको कुरामा पनि विवाद नभएको,<br>– प्रस्तुत मुद्दामा भन्सार मूल्यको प्रश्न नभई भन्सार महसुल दरको प्रश्न रहेको र भन्सार सुविधको दुरुपयोग भएको भन्न सकेको नदेखिएको,<br>– तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय वदर गरी पाउँ । | – प्रस्तुत मुद्दामा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम भन्सार मूल्य निर्धारण भएको विषय विवादमा रहेकोले दफा १३ अन्तर्गत भएको निर्णयको विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था नभएको,<br>– पुनरावेदन नै नलाग्ने विषयमा पुनरावेदन आएकोले मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी निर्णय गर्न मिल्ने नदेखिएको,<br>– तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय उपर परेको प्रस्तुत पुनरावेदन खारेज गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै पक्षका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

क. सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? र

ख. पुनरावेदन लाग्ने हो भने पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ?

५. निरुपण गर्नुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा पुनरावेदक उद्योगले प्रज्ञापनपत्र नं. M ७३८९ बाट भटमासको गेडा (Soya Bean Seed) पैठारी गरेको देखिन्छ । उक्त वस्तुमा भन्सार छुट नहुने भनी पूरै भन्सार महसुल लाग्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भए अनुसार मिति २०७३।२।०३ मा दरबन्दी अनुसारको महसुल दाखिल गरी धरौटमा जाँचपास गराएको पाइन्छ । पुनरावेदकको भनाइमा निजले पैठारी गरेको मालवस्तुमा ५० प्रतिशत भन्सार छुट हुनुपर्ने भन्ने जिकिर रहेको देखिन्छ भने प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान शाखा अधिकृतले यो विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन नै लाग्न नसक्ने हुँदा मुद्दाको विषयवस्तुमा प्रवेश गरी शुरु निर्णय मिले नमिलेको तर्फ बिचारै गर्न नमिल्ने भन्ने भनाइ राख्नु भएको देखिन्छ ।

६. अब सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत

पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? भन्ने पहिलो प्रश्नमा बिचार गरौं ।पुनरावेदकले पुनरावेदन गर्दा आधार लिएको कानूनी व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६२(१) मा "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको मितिले ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ ।यो दफा ६२(१) मा परेको "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक" भन्ने वाक्याँशलाई आधार बनाइ प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सरकारी वकीलले प्रस्तुत विषयमा यस न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्दैन भन्ने तर्क राखु भएको पाइन्छ ।भन्सार ऐन, २०६४ को दफा १३ हेर्दा यो दफाको व्यवस्था पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारणको विषयसंग सम्बन्धित नभएर भन्सार मूल्य निर्धारण गर्ने विषयसंग सम्बन्धित रहेको देखिन्छ र भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि सोही ऐनको दफा ६१(१) बमोजिम मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था भएको पाइन्छ ।मूल्याङ्कन पुनरावलोकन समितिले निर्णय गरे पछि मात्र सो निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्ने व्यवस्था भएको पाइन्छ ।तर प्रस्तुत मुद्दामा दफा १३ बमोजिम भन्सार मूल्य निर्धारणको विषय नभएर दफा २२(२) बमोजिम भन्सार महसुल निर्धारणको विषय समावेश भएको देखिन्छ । भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुलको निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने प्रष्ट व्यवस्था रहेको पाइन्छ ।

७. माथिको प्रकरणमा उल्लेख भए बमोजिम पुनरावेदन लाग्ने अवस्था देखिंदा अब पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ? भन्ने दोस्रो प्रश्नमा बिचार गरौं ।आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था

भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन ।

८. यस प्रकार आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) को खण्ड (थ) बमोजिम भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने व्यवस्था भएकोमा प्रज्ञापनपत्र नं. M ७३८९ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।२।०३ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रज्ञापनपत्र नं. M ७३८९ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।२।०३ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहरेकोले उक्त रकम यकिन गरी ऐनका म्यादभित्र पुनरावेदकलाइ्र नियमानुसार फिर्ता दिनु.................. १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु.........................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...............................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २३ गते रोज ४ शुभम् ............................

**राजस्व न्यायाधिकरण**

**काठमाण्डौ**

**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**फैसला**

**२०७४/७५ सालको निर्णय नं. ३५६**

**पुनरावेदन नं. : ९७-०७२-००२७५**

| | |
|---|---|
| वारा जिल्ला लिपनीमाल गा. वि. स. वडा नं ८ मा अवस्थित ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. को तर्फबाट अख्तियार प्राप्त संचालक प्रदिप कुमार रुङ्गटा.........................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा ...............................१ | प्रत्यर्थी |

**मुद्दा : बढी भन्सार महसुल असूल उपर**

**उपस्थित कानून व्यवसायीहरु**

| | |
|---|---|
| पुनरावेदकका तर्फबाट | : विद्वान अधिवक्ता श्री नारायण नेपाल |
| | : विद्वान अधिवक्ता श्री उज्वल रायमाझी |
| प्रत्यर्थीको तर्फबाट | : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई |
| अविलम्वित नजिर | : |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा

शुरु निर्णय मिति : २०७३।२।०६

पुनरावेदक कम्पनीले पैठारी गरेको मालवस्तुको भन्सार महसुल निर्धारणका क्रममा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साले मिति २०७३।२।०६ मा गरेको निर्णय उपर भन्सार ऐन,

२०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. स्थायी लेखा नम्वर ३०२६६१६८६ भएका पुनरावेदक कम्पनी ओम चाबो बिरो फिड इन्डस्ट्रिज प्रा. लि. ले विदेशबाट भटमासको गेडा आयात गरी सो गेडाबाट पिना उत्पादन गर्ने कार्य गरी आएको रहेछ ।यसै बीच पुनरावेदक उद्योगले मिति २०७३।२।०६ (सन् २०१६।५।१९) मा प्रज्ञापनपत्र नं M-७५५३ मार्फत भटमासको गेडा (Soya bean Seed) पैठारी गरेकोमा १० प्रतिशतले भन्सार महसुल माग गरेकोले सो बमोजिमको भन्सार महसुल धरौटीमा राखी सामान जाँचपास गराएको रहेछ। सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट १० प्रतिशत भन्सार महसुल लिने गरी भएको उक्त निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. पुनरावेदक कम्पनीले आयात गरेको भटमास कृषिजन्य वस्तु भएको र यस्तो वस्तुमा आर्थिक ऐन, २०७२ को भन्सार दरबन्दीको सि. नं. १४(३)(थ) बमोजिम भन्सार महसुलमा ५० प्रतिशत छुट हुने व्यवस्था भएकोमा शतप्रतिशत (१० प्रतिशत) भन्सार महसुल लिनु भन्सार ऐन,२०६४ को दफा ९(३) विपरीत भएको,

ख. भन्सार कार्यालयले यही मालवस्तु साविकमा आयात गर्दा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिई आएको,

ग. तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयले ५० प्रतिशत छुट सुविधा प्रदान गरी सामान जाँचपास गर्नु पर्नेमा शतप्रतिशत भन्सार महसुल लिएर मात्र जाँचपास गरेको हुँदा भन्सार कार्यालयले लिएको बढी भन्सार महसुल रकम फिर्ता पाउने गरी निर्णय गरी पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु द्वय श्री नारायण नेपाल र श्री उज्वल रायमाझी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमको वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताहरुबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालय तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – पुनरावेदक कम्पनी कुखुराको दाना उत्पादन गर्ने कम्पनी भएकोमा विवाद नभएको,<br>– आयात गरिएको वस्तु भटमास भएको कुरामा पनि विवाद नभएको,<br>– प्रस्तुत मुद्दामा भन्सार मूल्यको प्रश्न नभई भन्सार महसुल दरको प्रश्न रहेको र भन्सार सुविधको दुरुपयोग भएको भन्न सकेको नदेखिएको,<br>– तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय वदर गरी पाउँ । | – प्रस्तुत मुद्दामा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम भन्सार मूल्य निर्धारण भएको विषय विवादमा रहेकोले दफा १३ अन्तर्गत भएको निर्णयको विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था नभएको,<br>– पुनरावेदन नै नलाग्ने विषयमा पुनरावेदन आएकोले मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी निर्णय गर्न मिल्ने नदेखिएको,<br>– तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय उपर परेको प्रस्तुत पुनरावेदन खारेज गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै पक्षका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

क. सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? र

ख. पुनरावेदन लाग्ने हो भने पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ?

५. निरुपण गर्नुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा पुनरावेदक उद्योगले प्रज्ञापनपत्र नं. M ७५५३ बाट भटमासको गेडा (Soya Bean Seed) पैठारी गरेको देखिन्छ । उक्त वस्तुमा भन्सार छुट नहुने भनी पूरै भन्सार महसुल लाग्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भए अनुसार मिति २०७३।२।०६ मा दरबन्दी अनुसारको महसुल दाखिल गरी धरौटमा जाँचपास गराएको पाइन्छ । पुनरावेदकको भनाइमा निजले पैठारी गरेको मालवस्तुमा ५० प्रतिशत भन्सार छुट हुनुपर्ने भन्ने जिकिर रहेको देखिन्छ भने प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान शाखा अधिकृतले यो विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन नै लाग्न नसक्ने हुँदा मुद्दाको विषयवस्तुमा प्रवेश गरी शुरु निर्णय मिले नमिलेको तर्फ बिचारै गर्न नमिल्ने भन्ने भनाइ राखु भएको देखिन्छ ।

६. अब सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत

पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? भन्ने पहिलो प्रश्नमा बिचार गरौं ।पुनरावेदकले पुनरावेदन गर्दा आधार लिएको कानूनी व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६२(१) मा "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको मितिले ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ ।यो दफा ६२(१) मा परेको "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक" भन्ने वाक्यांँशलाई आधार बनाइ प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सरकारी वकीलले प्रस्तुत विषयमा यस न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्दैन भन्ने तर्क राखु भएको पाइन्छ।भन्सार ऐन, २०६४ को दफा १३ हेर्दा यो दफाको व्यवस्था पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारणको विषयसंग सम्बन्धित नभएर भन्सार मूल्य निर्धारण गर्ने विषयसंग सम्बन्धित रहेको देखिन्छ र भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि सोही ऐनको दफा ६१(१) बमोजिम मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था भएको पाइन्छ ।मूल्याङ्कन पुनरावलोकन समितिले निर्णय गरे पछि मात्र सो निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्ने व्यवस्था भएको पाइन्छ ।तर प्रस्तुत मुद्दामा दफा १३ बमोजिम भन्सार मूल्य निर्धारणको विषय नभएर दफा २२(२) बमोजिम भन्सार महसुल निर्धारणको विषय समावेश भएको देखिन्छ । भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुलको निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने प्रष्ट व्यवस्था रहेको पाइन्छ ।

७. माथिको प्रकरणमा उल्लेख भए बमोजिम पुनरावेदन लाग्ने अवस्था देखिंदा अब पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ? भन्ने दोस्रो प्रश्नमा बिचार गरौं ।आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार

महसुल लाग्ने गरी तोकिएको पाइन्छ । यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११००० बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन ।

८. यस प्रकार आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) को खण्ड (थ) बमोजिम भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने व्यवस्था भएकोमा प्रज्ञापनपत्र नं. M ७५५३ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।२।०६ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रज्ञापनपत्र नं. M ७५५३ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।२।०६ मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहरेकोले उक्त रकम यकिन गरी ऐनका म्यादभित्र पुनरावेदकलाई नियमानुसार फिर्ता दिनु.................. १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु.............................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...............................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २३ गते रोज ४ शुभम् ....................

**राजस्व न्यायाधिकरण**
**काठमाण्डौ**
**माननीय अध्यक्ष श्री तिल प्रसाद श्रेष्ठ**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**
**फैसला**
**२०७४/७५ सालको निर्णय नं. ३५७**
**पुनरावेदन नं. : ९७-०७२-००२७६**

| | |
|---|---|
| वारा जिल्ला लिपनीमाल गा. वि. स. वडा नं ८ मा अवस्थित ओम चाबो बिरो फिड इण्डस्ट्रिज प्रा. लि. को तर्फबाट अख्तियार प्राप्त संचालक प्रदिप कुमार रुङ्गटा.............१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा ..................................१ | प्रत्यर्थी |

**मुद्दा : बढी भन्सार महसुल असूल उपर**

**उपस्थित कानून व्यवसायीहरु**

| | | |
|---|---|---|
| पुनरावेदकका तर्फबाट | : | विद्वान अधिवक्ता श्री नारायण नेपाल |
| | : | विद्वान अधिवक्ता श्री उज्वल रायमाझी |
| प्रत्यर्थीको तर्फबाट | : | विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई |
| अविलम्वित नजिर | : | |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

| | | |
|---|---|---|
| शुरु निर्णय गर्ने कार्यालय | : | सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा |
| शुरु निर्णय मिति | : | २०७३।२।१० |

पुनरावेदक कम्पनीले पैठारी गरेको मालवस्तुको भन्सार महसुल निर्धारणका क्रममा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साले मिति २०७३।२।१० मा गरेको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. स्थायी लेखा नम्बर ३०२६६१६८६ भएका पुनरावेदक कम्पनी ओम चाबो बिरो फिड इन्डस्ट्रिज प्रा. लि. ले विदेशबाट भटमासको गेडा आयात गरी सो गेडाबाट पिना उत्पादन गर्ने कार्य गरी आएको रहेछ ।यसै बीच पुनरावेदक उद्योगले मिति २०७३।२।१० (सन् २०१६।५।२३) मा प्रज्ञापनपत्र नं M-७७८१ मार्फत भटमासको गेडा (Soya bean Seed) पैठारी गरेकोमा १० प्रतिशतले भन्सार महसुल माग गरेकोले सो बमोजिमको भन्सार महसुल धरौटीमा राखी सामान जाँचपास गराएको रहेछ। सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट १० प्रतिशत भन्सार महसुल लिने गरी भएको उक्त निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. पुनरावेदक कम्पनीले आयात गरेको भटमास कृषिजन्य वस्तु भएको र यस्तो वस्तुमा आर्थिक ऐन, २०७२ को भन्सार दरबन्दीको सि. नं. १४(३)(थ) बमोजिम भन्सार महसुलमा ५० प्रतिशत छुट हुने व्यवस्था भएकोमा शतप्रतिशत (१० प्रतिशत) भन्सार महसुल लिनु भन्सार ऐन,२०६४ को दफा ९(३) विपरीत भएको,

ख. भन्सार कार्यालयले यही मालवस्तु साविकमा आयात गर्दा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिई आएको,

ग. तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयले ५० प्रतिशत छुट सुविधा प्रदान गरी सामान जाँचपास गर्नु पर्नेमा शतप्रतिशत भन्सार महसुल लिएर मात्र जाँचपास गरेको हुँदा भन्सार कार्यालयले लिएको बढी भन्सार महसुल रकम फिर्ता पाउने गरी निर्णय गरी पाउँ ।

## ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु द्वय श्री नारायण नेपाल र श्री उज्वल रायमाझी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमको वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :

| पुनरावेदक कम्पनी तर्फका विद्वान अधिवक्ताहरुबाट प्रस्तुत वहस जिकिरहरु | प्रत्यर्थी कार्यालय तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु |
|---|---|
| – पुनरावेदक कम्पनी कुखुराको दाना उत्पादन गर्ने कम्पनी भएकोमा विवाद नभएको,<br>– आयात गरिएको वस्तु भटमास भएको कुरामा पनि विवाद नभएको,<br>– प्रस्तुत मुद्दामा भन्सार मूल्यको प्रश्न नभई भन्सार महसुल दरको प्रश्न रहेको र भन्सार सुविधको दुरुपयोग भएको भन्न सकेको नदेखिएको,<br>– तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय वदर गरी पाउँ । | – प्रस्तुत मुद्दामा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम भन्सार मूल्य निर्धारण भएको विषय विवादमा रहेकोले दफा १३ अन्तर्गत भएको निर्णयको विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था नभएको,<br>– पुनरावेदन नै नलाग्ने विषयमा पुनरावेदन आएकोले मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी निर्णय गर्न मिल्ने नदेखिएको,<br>– तसर्थ सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय उपर परेको प्रस्तुत पुनरावेदन खारेज गरी पाउँ । |

४. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै पक्षका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

क. सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? र

ख. पुनरावेदन लाग्ने हो भने पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ?

५. निरुपण गर्नुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गर्दा पुनरावेदक उद्योगले प्रज्ञापनपत्र नं. M ७७८१ बाट भटमासको गेडा (Soya Bean Seed) पैठारी गरेको देखिन्छ । उक्त वस्तुमा भन्सार छुट नहुने भनी पूरै भन्सार महसुल लाग्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भए अनुसार मिति २०७३।२।१० मा दरबन्दी अनुसारको महसुल दाखिल गरी धरौटमा जाँचपास गराएको पाइन्छ । पुनरावेदकको भनाइमा निजले पैठारी गरेको मालवस्तुमा ५० प्रतिशत भन्सार छुट हुनुपर्ने भन्ने जिकिर रहेको देखिन्छ भने प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान शाखा अधिकृतले यो विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन नै लाग्न नसक्ने हुँदा मुद्दाको विषयवस्तुमा प्रवेश गरी शुरु निर्णय मिले नमिलेको तर्फ बिचारै गर्न नमिल्ने भन्ने भनाइ राख्नु भएको देखिन्छ ।

६. अब सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय उपर पर्न आएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरणमा लाग्ने अवस्था हो वा होइन ? भन्ने पहिलो प्रश्नमा बिचार गरौं ।पुनरावेदकले पुनरावेदन गर्दा आधार लिएको कानूनी व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६२(१) मा "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको मितिले ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ ।यो दफा ६२(१) मा परेको "दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक" भन्ने वाक्याँशलाई आधार बनाइ प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सरकारी वकीलले प्रस्तुत विषयमा यस न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्दैन भन्ने तर्क राखु भएको पाइन्छ ।भन्सार ऐन, २०६४ को दफा १३ हेर्दा यो दफाको व्यवस्था पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारणको विषयसंग सम्बन्धित नभएर भन्सार मूल्य निर्धारण गर्ने विषयसंग सम्बन्धित रहेको देखिन्छ र भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि सोही ऐनको दफा ६१(१) बमोजिम मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था भएको पाइन्छ ।मूल्याङ्कन पुनरावलोकन समितिले निर्णय गरे पछि मात्र सो निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न सक्ने व्यवस्था भएको पाइन्छ ।तर प्रस्तुत मुद्दामा दफा १३ बमोजिम भन्सार मूल्य निर्धारणको विषय नभएर दफा २२(२) बमोजिम भन्सार महसुल निर्धारणको विषय समावेश भएको देखिन्छ । भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुलको निर्णय उपर दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने प्रष्ट व्यवस्था रहेको पाइन्छ ।

७. माथिको प्रकरणमा उल्लेख भए बमोजिम पुनरावेदन लाग्ने अवस्था देखिंदा अब पुनरावेदकले जिकिर लिए जस्तो निजले पैठारी गरेको भटमासको गेडामा ५० प्रतिशत भन्सार महसुल छुट पाउन सक्ने हो वा होइन ? भन्ने दोस्रो प्रश्नमा बिचार गरौं ।आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) मा उल्लिखित "भन्सार महसुल आंशिक रुपमा छुट हुने" शीर्षक अन्तर्गत खण्ड (थ) मा "भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गरेको भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ" भनी उल्लेख भएको पाइन्छ ।भन्सार दरबन्दी शीर्षक नं १२०१ मा "दलेको वा नदलेको भटमास" भन्ने उल्लेख भई उपशिर्षक नं १२०११००० मा "बिऊ" भन्ने उल्लेख भएको तथा सार्क मुलुक बाहेक अन्य मुलुकबाट पैठारी हुँदा त्यस्तो वस्तुमा १० प्रतिशतले भन्सार महसुल लाग्ने गरी तोकिएको पाइन्छ ।यसरी भन्सार दरबन्दी उपशीर्षक नं १२०११०००

बमोजिम भटमासको गेडा पैठारी गर्दा १० प्रतिशतका दरले भन्सार लाग्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०७२ को माथि उल्लिखित व्यवस्था बमोजिम ५० प्रतिशत छुट हुँदा जम्मा ५ प्रतिशतको दरले भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार महसुलमा छुट नदिई पूरै भन्सार महसुल लगाएको निर्णयलाई कानूनसंगत मान्न मिल्ने देखिएन ।

८. यस प्रकार आर्थिक ऐन, २०७२ बमोजिम संशोधित भन्सार ऐन, २०६४ को अनुसूची-१ को दफा १४ को उपदफा (३) को खण्ड (थ) बमोजिम भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने व्यवस्था भएकोमा प्रज्ञापनपत्र नं. M ७७८१ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।२।१० मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रज्ञापनपत्र नं. M ७७८१ मार्फत पुनरावेदकले पैठारी गरेको भटमास को गेडामा शतप्रतिशत भन्सार महसुल लगाउने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७३।२।१० मा भएको निर्णय मिलेको नदेखिंदा उल्टि भई पचास प्रतिशत भन्सार महसुल लाग्ने ठहरेकोले उक्त रकम यकिन गरी ऐनका म्यादभित्र पुनरावेदकलाई नियमानुसार फिर्ता दिनु............. १

प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु.......................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.......................................................................३

तिल प्रसाद श्रेष्ठ
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

इति सम्वत् २०७५ साल जेठ महिना २३ गते रोज ४ शुभम् ...................

श्री

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## फैसला

२०७७/०७८ सालको निर्णय नं. ०८

पुनरावेदन नं. : ०७५-RB-०२८४

पुनरावेदन दर्ता मितिः २०७५।१२।१४

**मुद्दाः अग्रिमकर कट्टि ।(२०७०/०७१)**

का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम ..........................................................................................१ } पुनरावेदक

**विरूद्ध**

ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ..........................................१

आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं .........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक धनीराम शर्मा

शुरु निर्णय मिति : २०७५।०३।२७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री भोलानाथ ढुगांना

प्रत्यर्थीको तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद वास्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७५।०३।२७ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१०।१७ मा भएको आदेश उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

**मुद्दाको तथ्य**

१. करदाता श्री सिद्धार्थ बैंकले आर्थिक वर्ष २०७०।०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।२३ मा पेश भएको आय विवरण।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०७०/०७१ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रु. २७,७६,३३८।०० (सत्ताईस लाख छयहत्तर हजार तीन सय अठतीस रुपैयाँ मात्र) (शुल्क तथा ब्याज समेत) आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम माग गर्नुपर्ने देखिएकोले सो बामोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।०८ मा लिखित सूचना जारी भएको ।

३. सो सूचनाको सम्बन्धमा करदाताले आ.ब. २०७०/७१ को अन्तीम आषाढ महिनामा खर्चको सम्बन्धित बिल उपलब्ध भई नसकेको अवस्थामा लेखाङ्कनको प्रोदभावी आधार मानी गरिएको व्यवस्था हो। उक्त व्यवस्था गरी खर्च लेखांकना गरे पश्चात २०७० श्रावण महिनामा सम्बन्धित TDS रकम अन्य विविध शीर्षर्क अन्तर्गत जम्मा भई सकेको परिप्रेक्षमा उक्त TDS पुनः माग गर्नु न्याय संगत नहुने, ब्याज खर्च अग्रिम कर कट्टि सम्बन्धमा पशुपति विकास कोष ऐन बामोजिम स्थापना भएकोले भुक्तानीमा आयकर छुट पाउने भएकोले उक्त संस्थाहरुको ब्याजमा करकट्टि दाखिला गर्नु नपर्ने, पोशाक खर्च र कर्मचारी कर्जामा कर कट्टि गर्नु नपर्ने, लेखापरीक्षण खर्च र बोनसमा पनि कर कट्टि गर्नु नपर्ने, प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस रकममा कर कट्टि गर्न नपर्ने भनी मिति २०७५।०३।२४ मा ठूला करदाता कार्यालय, ललितपुरमा दिएको जवाफ ।

४. करदाताले कर्मचारीलाई उपलब्ध गराएको ओभरटाईम भत्ता बापतको खर्चामा अग्रिम कर कट्टी गरी दाखीला भएको भनी जिकिर लिएको भएता पनि उक्त दाखिलाको प्रमाण पेश नभएको, करदाताले पशुपति क्षेत्र विकास कोषका सम्बन्धमा लिएको जिकिरमा आयकर छुट पाउने संस्थालाई अग्रिम कर कट्टी रकम छुट नहुने भएकोले करदाताको जिकिर पुग्न नसक्ने, पोशाक खर्चका सम्बन्धमा उपलब्ध गराएको पोशाक कर्मचारीको व्यक्तिगत प्रयोजन भन्दा पनि नितान्त व्यवसायिक प्रयोजनको लागि बैंकमा लगाउने हो भनि जिकिर

लिए तापनि सो पोशाक खर्चलाई व्यक्तिगत प्रयोजनमा प्रयोग हुन नसक्ने अर्थात बैंकभन्दा अन्य स्थानमा प्रयोग गर्न नसक्ने भनी प्रमाण पेश गर्न नसकेको, लेखा परीक्षणसँग सम्बन्धित अन्य खर्चहरु लेखा परिक्षण सम्पन्न गर्नका लागि भुक्तानी गरिने भएको र एकमुष्ट रुपमा लेखा परीक्षण सम्पन्न गर्नका लागि सम्झौता भएकोले यस्ता रकमहरु सो सम्झौतामा नै समावेश भएको हुने तथा ती खर्च लेखा परीक्षक कै सुविधा अन्तरगत समावेश भएकोले कुल रकममा नै अग्रिम कर कट्टी गर्नु पर्ने, बोनस तथा कर्मचारी कल्याण कोषको सम्बन्धमा बैंकले बोनस ऐन, २०३० अनुसार कर्मचारीहरुलाई वितरण गरी बाँकी रहेको रकम प्रतिष्ठान स्तरको कल्याणकारी कोरमा रकमान्तर गर्दा श्रोतमै प्राकृतिक व्यक्तिको आयमा लाग्ने उपल्लो कर (हाल २५ प्रतिशत) काट्ने र कल्याणकारी कोषले सो रकम कर्मचारीलाई वितरण गर्दा यसरी कटाईएको रकमको कर हिसाब मिलान गर्न पाईने व्यवस्था रहेकोले बैंकको जिकिर पुग्न नसक्ने हुँदा रु. २७,७६,३३८।०० (सत्ताईस लाख छयहत्तर हजार तीन सय अठतीस रुपैयाँ मात्र) दाखिला गर्नुहुन करदातालाई आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२७ मा आदेश जारी भएको।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०३।२७ मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिमकर कट्टी माग आदेशमा चित्त नबुझी सिद्धार्थ बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।२९ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

६. आर्थिक वर्ष २०७०।०७१ को लागि कर परिक्षण गरी करदाताबाट पेश हुन आएको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया, कर निर्धारण निर्णयको व्यहोरा एवं फाईलसाथ संलग्न कागजात तथा प्रमाण समेतको अध्ययन, बिश्लेषण गर्दा कार्यालयबाट कर निर्धारण गर्दा विभागीय परिपत्रको आधारमा रही कर निर्धारण गरेको नदेखिएकोले कर्मचारीलाई वितरण गरेको तथा कल्याणकारी कोषमा पठाएको रकम बाहेक बाँकी अवितरित रहेको बोनस रकमलाई आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा २५(१)(ग) बामोजिम आयमा समावेश गर्ने गरी पुनः संशोधित कर निर्धारण गर्नु पर्ने सो बाहेकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको कर निर्धारण आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभाग काठमाण्डौंबाट मिति २०७५।१०।१७ मा भएको निर्णय।

७. आन्तरिक राजश्व बिभागबाट करदाताले नाफा नोक्सान हिसाबमा देखाएको अपलेखन खर्चालाई अग्रिम कर तर्फ खर्च कट्टी देखाएता पनि आयकर ऐनले प्रदान गरेको सुविधा अन्तर्गत जोखिम व्यहोर्नुपर्ने कोषमा कानुन बामोजिम खर्च कट्टी लिन मिल्ने सीमा भित्र रहेको देखिएकोले सो खर्चलाई अमान्य गरी गरेको कर निर्धारण सम्बन्धमा छानबीन तथा एकित गरी पुनः संशोधित  कर निर्धारण गर्नको लागि कार्यालयमा पठाउनु पर्ने ठहर्छ निर्णयमा बाहेक अरु निर्णय व्यहोरामा चित्त नबुझेको हुँदा ठूला करदाता कार्यालय,

ललितपुरको मिति २०७५।०३।२७ कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१०।१७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७६।०४।२२ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री  भोलानाथ ढुगांनाले कर्मचारीलाई बोनस वितरण गरि बांकी रकम सम्बन्धमा पुनरावेदक बैंकले पहिले नै करकट्टी गरि दाखिला गरिसकेकोमा अघिल्लो आ.व. मा नै दाखिला गर्नुपर्ने भनि पुनः करकट्टी माग गरि करदातालाई  दोहोरो करको भारमा राख्नु न्याय संगत नरहेको त्यस्तै सहुलियत कर्जा सुविधाको सम्बन्धमा बैंकले कर्मचारी सापटीमा ८ प्रतिशत र १० प्रतिशत का दरले व्याज लिने गरिएको जुन बैंकको निक्षेप लागत बराबर रहेकोमा सापटी लगानीको आधार व्याजदर १५.२९ प्रतिशत बराबर गरि शूरु कार्यालय तथा विभागबाट भएको निर्णय बदर हुनुपर्छ भन्ने बहस समेत प्रस्तुत गर्नुभयो।

१०. विपक्षी कार्यालयको तर्फबाट उपस्थित प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान उपन्यायधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले आयकर ऐन,२०५८ को व्यवस्थालाई थप प्रष्ट पार्न आयकर प्रयोजनको लागि आन्तरिक राजश्व विभागको मिति ०७२/११/२८ को परिपत्रबाट नै बोनस रकम सो आय वर्षको तत्काल पछिल्लो आय वर्षमा वितरण गरि सक्नुपर्ने व्यवस्था रहेको, वितरण नभएको वा हुन नसकेको बोनस रकम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा दाखिला भएको हदसम्मको रकमलाई आयमा समावेश गर्नु नपर्ने र अवितरणीय रहेको बोनस रकमलाई आयकर ऐन,२०५८ को दफा २५ १(ग) बमोजिम आयमा समावेश गर्नुपर्ने व्यवस्था रहेकोमा विभागिय परिपत्रको आधारमा रही कर निर्धारण गरेको नदेखिएकोले शूरु कार्यालय तथा विभागबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने बहस समेत प्रस्तुत गर्नुभयो ।

११. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुंदाहरु र मिसिल संलग्न कागजप्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो ?

आयकर तर्फ

क. Car Vehicle Scheme बमोजिम कर्मचारीलाई सुविधामा प्रदान गरेको सवारी साधनको

स्वामित्व, प्रयोग तथा Possession Right सम्बन्धी विवादका कारण ह्रास खर्च, बीमा र सवारी साधन कर खर्च पाउने/ नपाउने सन्दर्भ

१२. निरुपण गर्नुपर्ने उपरोक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा प्रचलित कानूनको आधार र लेखांकन समेतका मापदण्डहरुबाट निम्नानुसार देखिन आयो।

**आयकर सम्बन्धमा**

**(क) vehicle scheme का सम्बन्धमाः–**

बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार सम्बन्धित कर्मचारीमा नै रहने, उक्त सवारी साधन ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको निश्चित अवधि पुरा भएपछि कर्मचारीले नै सवारी साधन लैजान पाउने देखिंदा लामो अवधि सेवामा रहने कर्मचारीले २/३ पटक नै सवारी साधनको स्वामित्व बहन गर्न पाउने समेत देखिन आएको र कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले उक्त सवारी साधन माथि बैंकको पूर्ण स्वामित्व रहेको मान्न सकिने अवस्था देखिएन।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसा-यको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

१) **<u>ह्रास खर्च कट्टी दावीः–</u>** आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ  भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो ।

२) **<u>बीमा खर्चः–</u>** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च  अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

३) **<u>सवारी साधन करः–</u>** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर  खर्च  अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**<u>अग्रिम कर सम्बन्धमा</u>**

क. कर्मचारीलाई उपलब्ध गराइएको ओभरटाइम भत्ता सम्बन्धमा

ख. व्याज खर्च सम्बन्धमा

ग. कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने ?

घ. बोनस रकम सम्बन्धमा

**<u>(क) ओभरटाइम भत्ता सम्बन्धमाः-</u>**

पुनरावेदकले आ.०७०/०७१ को खर्चको सम्बन्धित विल उपलब्ध नभएको अवस्थामा लेखाङ्कन प्रोदभावी आधार मानी T.D.S. रकम जम्मा गरि वित्तिय विवरणको अनुसूची ४.२३ मा कर्मचारी खर्च अन्तर्गत ओभरटाइम भत्ता शिर्षकमा उल्लेख भएअनुसारको रकम कर्मचारीको पारिश्रमिक आयमा समावेश नगरी फरक पर्न गएको रकमको कार्यालयबाट करकट्टी माग गरेतापनि सो रकम दाखिला प्रमाण पेश गर्न नसकि अग्रिम करकट्टी गरेको लिएको देखिन आयो। यसरी पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज रकम र दफा १२०(क) शुल्क लाग्ने गरि गरिएको निर्णय कानुन सम्मत नै देखिन्छ।

(ख) ब्याज खर्च सम्बन्धमाः–

आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम संस्थाहरुको भुक्तानी गरेको व्याज रकममा १५प्रतिशतका दरले करकट्टी गर्नुपर्ने उल्लेख भएतापनि पशुपति विकास कोष ऐन बमोजिम स्थापना भएको पशुपति विकास कोष आयकर छुट पाउने संस्था भएकोले व्याजमा करकट्टी गर्नुपर्नेमा आयकर ऐन,२०५८को दफा २(ध)(१) बमोजिम नाफा नकमाउने उद्देश्य स्थापना भएको संस्थाको ऐ ऐनको दफा १० को खण्ड छ बमोजिम रकमहरुमा मात्र कर छूट हुने र अग्रिम करकट्टी रकममा छुट नपाइने अवस्थामा समेत त्यस्ता संस्थाहरुलाई भुक्तानी गरेको व्याज रकममा ऐ ऐनको दफा ८८ बमोजिम १५ प्रतिशत अग्रीम करकट्टी गरि दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिएकोले अग्रिम कर तथा सोको व्याज र शुल्क माग गर्ने गरि प्रत्यर्थीको कर निर्धारण आदेश मिलेकै देखिन आयो।

(ग) कर्मचारीको पोशाक वितरणमा अग्रिम आयकर सम्बन्धमाः—

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८८ (२ )(क) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन तथापी उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर गरी यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ ।

(घ) लाभांश आम्दानीको बोनस व्यवस्था सम्बन्धमा

करदाताले परिपत्रका सम्बन्धमा जिकिर लिएतापनि बोनस तथा कर्मचारी कल्याण कोषको सम्बन्धमा बैंकले बोनस ऐन,२०३० अनुसार कर्मचारीहरुलाई वितरण गरि आ.व.०७०/०७१ मा बोनस रकम मध्ये कम्पनीलको कल्याणकारी कोषमा पठाएको रकम मध्ये रु.६,३४,६१८/- मा अग्रिम करकट्टी नगरि कम्पनीको कल्याणकारी कोषमा पठाएको देखिएको उल्लेखित रकमको २५ प्रतिशतले हुने अग्रिम कर रकम रु.१,५८,६५४/५० सोमा लाग्ने आयकर ऐन,२०५८ को दफा ११९ बमोजिम लाग्ने जरिवाना र ऐ ऐनको दफा १२०(क) बमोजिमको ५० प्रतिशत समेत शुल्क गर्ने गरि शूरु कार्यालय तथा विभागबाट भएको निर्णय मिलेकै देखिन आयो।

माथि उल्लेखित आधार र कारणका आधारमा स्थायी लेखा नं.३००४३३३५०४ भएका पुनरावेदक करदाता सिद्धार्थ बैंक लिमिटेडको आ.व.०७०/०७१ को अग्रिमकर निर्धारण-का सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७५/०३/२७ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१०/१७ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सकिदैन।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू--------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू------------------------------३

(पुष्प प्रसाद गुरागाईं)

लेखा सदस्य

उक्त रायमा हामी सहमत छौं।

(राजेन्द्र पौडेल) (विनोद शर्मा)

राजस्व सदस्य अध्यक्ष

फैसला तयार पार्न सहयोग गर्नेः

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्नेः हेमन्त फुयाँल

इति सम्बत् २०७७ साल पुष ६ गते रोज २ शुभम्-----------------------------।

श्री

# राजस्व न्यायाधिकरण काठमाडौ

## इजलास

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## फैसला

२०७७/०७८ सालको निर्णय नं. ९

पुनरावेदन नं. : ०७५-RB-०२८६

पुनरावेदन दर्ता मितिः २०७५।१२।१४

**मुद्दाः आयकर।(२०७०/०७१)**

का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम........................................................................................१ } पुनरावेदक

**विरूद्ध**

ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर .......................................१ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं .......................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक धनीराम शर्मा

शुरु निर्णय मिति : २०७५।०३।२७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री भोलानाथ ढुंगाना

प्रत्यर्थीको तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी, शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७५।०३।२७ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१०।१७ उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

<u>मुद्दाको तथ्य</u>

१. सिद्धार्थ बैंक लिमिटेडबाट आर्थिक वर्ष २०७०।०७१ को आय विवरण आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. १,०१,८१,५६,१७३।०० देखाई मिति २०७१।०९।२३ मा पेश भएको आय विवरण ।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको विवरण तथा कागजातको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आयकर ऐन, २०५८(संशोधन सहित) बमोजिम आयमा समावेश गर्नुपर्ने आय समावेश नगरेको कट्टी गर्न नपाईने खर्च दाबी भएको देखिएकोले सोही ऐनको दफा १०१ बामोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो वमोजिम नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाताका नाममा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।०८ मा लिखित सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुरबाट मिति २०७५।०३।०८ मा जारी भएको सूचना करदाताले सोही दिन बुझी उक्त सूचना उपर करदाताले मिति २०७५।०३।२४ मा जवाफ पेश गरेको।

४. करदाताले पेश गरेको जवाफमा लिएको जीकिर समेतलाई अध्ययन गर्दा कुनै पनि सवारी साधन बैंकको नाममा दर्ता हुँदैमा बैंकको स्वामित्वमा हुन्छ भन्न् कानूनतः मिल्ने नदेखिएको हुँदा निज करदाताले ह्रास खर्च मान्य गर्नूपर्ने भनी लिएको जीकिर कानून सम्मत नभएको, Staff Vehicle Scheme अन्तर्गतको सवारी साधनहरुको सवारी साधन बीमा र सवारी कर खर्चलाई आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १३(ग) बामोजिम खर्च मान्न सकिने आधार नभएको, कर्जा अपलेखन भएको रकमको लागि विगत आर्थिक वर्षमा शत प्रतिशत रकम करयोग्य आयमा कट्टी भैसकेको हुने हुँदा सो रकमलाई आयकर प्रयोजनको लागि आम्दानी तर्फ समावेश नगरी पुनः खर्च कट्टी दिँदा दोहोरो खर्च कट्टी हुने अवस्था रहने भएकोले करदाता बैंकको जीकिर कानून सम्मत

नभएको हुँदा करयोग्य आय रु. १,०२,४३,८५,१८४।०० (एक अर्ब दुई करोड त्रिचालिस लाख पचासी हजार एकसय चौरासी रुपैयाँ मात्र) मा आयकर ऐन, २०५८ (सं.स.) वमोजिम संशोधित कर निर्धारण हुने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२७ मा संशोधित कर निर्धारण आदेश जारी भएको।

५. करदाताले ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२७ मा भएको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई पुनरावलोकनको लागि आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा आन्तरिक राजश्व विभागले प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस सम्बन्धमा कार्यालयबाट कर निर्धारण गर्दा विभागीय परिपत्रको आधारमा रही कर निर्धारण गरेको नदेखिएकोले कर्मचारीलाई वितरण गरेको र राष्ट्रिय स्तरको कल्याणकारी कोषमा पठाएको रकम बाहेक बाँकी अवितरित रहेको वोनस रकमलाई आयकर ऐन,२०५८ (संशोधन सहित) को दफा २५(१ग) बामोजिम आयमा समावेश गर्ने गरि पुनः संशोधन कर निर्धारण गर्न कार्यालयमा पठाउनु बाँकि अन्य विषयमा भने शुरु ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुरबाट मिति २०७५।०३।२७ मा भएको संशोधन कर निर्धारण सम्बन्धी निर्णय कानून सम्मत नै भएकोले निवेदन जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजश्व विभागका महानिर्देशकबाट मिति २०७५।१०।१७ मा भएको निर्णय।

६. यसमा शुरु ठूला करदाता कार्यालयले मिति मिति २०७५।०३।२७ मा भएको संशोधन कर निर्धारण सम्बन्धी निर्णय र राजश्व विभागको *करदाताले नाफा नोक्सान हिसाबमा देखाएको अपलेखन खर्चलाई अग्रिम कर तर्फ खर्च कट्टी देखाएता पनि आयकर ऐनले प्रदान गरेको सुविधा अन्तर्गत जोखिम व्यहोर्नुपर्ने कोषमा कानुन बामोजिम खर्च कट्टी लिन मिल्ने सीमा भित्र रहेको देखिएकोले सो खर्चलाई अमान्य गरी गरेको कर निर्धारण सम्बन्धमा छानबीन तथा एकित गरी पुनः संशोधित कर निर्धारण गर्नको लागि कार्यालयमा पठाउनु पर्ने ठहर्छ* भन्ने निर्णयमा बाहेक अरु निर्णय व्यहोरामा चित्त नबुझेको हुँदा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७५।०३।२७ कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१०।१७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायधिकरणमा परेको पुन-रावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७६।०४।२२ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भोलानाथ ढुंगानाले आ.ब.२०७०/०७१ मा आयकर तर्फ बैंकको रु.१,०१,८१,५६,१७३/- करयोग्य आय विपक्षी कार्यालयले रु.१,०२,४३,८५,१८४/- करयोग्य आय कायम गरि सोही बमोजिम खर्च कट्टि गरि कर निर्धारण गरेको, सवारी साधनको विमा खर्च रु.२,९५,७९९ र सवारी साधन कर रु.३०,१७७/८७ समेत गरी जम्मा रु.३,२५,९७७/- बैंकको नाफा नोक्सान हिसाबको अनुसूची ४.२४ खर्च बैंककै प्रयोजनको लागि प्रयोग गर्ने गरि कर्मचारीलाई उपलब्ध गराइएको अवस्था हुदाँ समेत कानून विपरीत शूरु कार्यालय तथा विभागबाट उक्त खर्च दावीलाई मान्यता दिन मिल्दैन भनि कर निर्धारण आदेश बदरभागी छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले करदाताले भुलवश रकम समायोजन भएको भनि स्वीकार गरेको अवस्थामा आयकर ऐन,२०५८ को दफा १९ बमोजिम ह्रास खर्च दावी प्रयोजनको लागि करदाताले नै पेश गरेको विवरण अनुसार नै रु.३०,३२,४६३/२९ मात्र ह्रास खर्च कट्टी दावी गर्नुपर्नेमा रु.३०,८२,९६१/- खर्च दावी गरेको देखिएकोले बढी दावी भएको ह्रास खर्च रु.५०,४९७/७१ ऐ.ऐनको दफा १९(१) बमोजिम खर्च मान्न सकिने आधार नभएकोले शूरु कार्यालय तथा विभागबाट भएको कर निर्धारण आदेश सदर हुनुपर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

### आयकर तर्फ

(क) Car Vehicle Scheme बमोजिम कर्मचारीलाई सुविधामा प्रदान गरेको सवारी साधनको स्वामित्व, प्रयोग तथा Possession Right सम्बन्धी विवादका कारण ह्रास खर्च, बीमा र सवारी साधन कर खर्च पाउने/ नपाउने सन्दर्भ

### आयकर सम्बन्धमा

#### (क) vehicle scheme का सम्बन्धमाः–

बैकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध

रुपमा उपयोग गर्ने अधिकार सम्बन्धित कर्मचारीमा नै रहने, उक्त सवारी साधन ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको निश्चित अवधि पुरा भएपछि कर्मचारीले नै सवारी साधन लैजान पाउने देखिंदा लामो अवधि सेवामा रहने कर्मचारीले २/३ पटक नै सवारी साधनको स्वामित्व बहन गर्न पाउने समेत देखिन आएको र कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले उक्त सवारी साधन माथि बैंकको पूर्ण स्वामित्व रहेको मान्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets,  if and only it,  (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन। ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

<u>**१) ह्रास खर्च कट्टी दावीः–**</u> आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ  भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो।

**<u>२) बीमा खर्चः–</u>** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखि-एको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**<u>३) सवारी साधन करः–</u>** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

११. माथि विवेचित आधार र कारणबाट पुनरावेदक करदाता सिद्धार्थ बैंक लिमिटेडको आ.व.०७०/०७१ को आयकर निर्धारणका सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७५/०३/२७ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१०/१७ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सकिदैन।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू------------------------------३

(पुष्प प्रसाद गुरागाई)
लेखा सदस्य

उक्त रायमा हामी सहमत छौ।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>
शाखा अधिकृतः सनिता लामा

इति सम्बत् २०७७ साल पुष ६ गते रोज २ शुभम्-------------------------।

श्री

# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## फैसला

२०७७/०७८ सालको निर्णय नं. १०

पुनरावेदन नं. : ०७५-RB-०२८३

पुनरावेदन दर्ता मितिः २०७५।१२।१४

**मुद्दाः अग्रिमकर कट्टि ।(२०६९/०७०)**

| | |
|---|---|
| साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. हाल का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम ............................१ | पुनरावेदक |

**विरूद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर .........................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं .........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक बलराम रिज्याल

शुरु निर्णय मिति : २०७४।०३।२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री भोलानाथ ढुंगाना

प्रत्यर्थीको तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७४।०३।२९ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१०।१७ उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

<u>मुद्दाको तथ्य</u>

१. करदाता साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक हाल सिद्धार्थ बैंकले आर्थिक वर्ष २०६९।०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०२।२५ मा पेश भएको आय विवरण ।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०६९/०७० मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रु. १५,१८,४३६।२२ (पन्ध्र लाख अठार हजार चार सय छत्तीस पैसा बाइस) (शुल्क तथा ब्याज सहित) आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम माग गर्नुपर्ने देखिएकोले सो बामोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।२४ मा लिखित सूचना जारी भएको ।

३. सो सूचनाको सम्बन्धमा करदाताले माहिला कर्मचारीहरुलाई लाग्ने करमा आ.ब. २०६९/७० मा १० प्रतिशत छुट प्रदान गरिएको र दम्पती सुविधा लिएका महिला कर्मचारीहरुलाई पनि उक्त छुट प्रदान गरिएकोमा हाल आयकर निर्देशिका, २०६६ बामोजिम दम्पती सुबिधा लिएका महिला कर्मचारीहरुलाई १० प्रतिशतको उक्त छुट प्रदान नगरिने व्यवस्था गरिएको, बैंकको लेखापरीक्षण शुल्कमा अग्रिम कर कट्टी गरी दाखिला गरेको तर अन्य खर्चहरुमा लेखापरीक्षकको खाना, होटल तथा यातायात सम्बन्धी खर्चको वास्तविक खर्च बैंकद्वारा नै सोझै बिल बामोजिम भुक्तानी गरिएकोले सोमा अग्रिम कर कट्टी नगरिएको हो, कर्मचारीलाई बोनस वितरण गरी बाँकी रहेको रकमको सम्बन्धमा अर्को वर्ष करकट्टी गरी दाखिला गरिसकेकोमा अघिल्लो आ.व.मा नै गर्नुपर्ने भनी पुनः करकट्टी रकम माग गर्नु दोहोरो कर हुने देखिन्छ, कर्माचारीको सापटीमा लगानीको आधार ब्याजदर सामान्यतया ८ प्रितिशत र १० प्रतिशतको हाराहरीमा हुनेमा १५.२९ प्रतिशत बराबर हुनुपर्ने जीकिर न्यायसंगत नहुने भनी मिति

२०७४।०३।१६ मा ठूला करदाता कार्यालय, ललितपुरमा दिएको जवाफ ।

४. कुनै वासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ साथै आयकर निर्देशिका, २०६६ मा दम्पती सुविधा लिएको महिलाले यो छुटको सुविधा पाउँदैनन् भन्ने प्रावधान अनुसार करदाताले दम्पती सुविधा लिएको महिला कर्मचारीलाई दिएको कर सुविधा रकम समेत कट्टी गरी कम कर दाखिला गरेको देखिएको, लेखा परीक्षणसँग सम्बन्धित अन्य खर्चहरु लेखा परीक्षण सम्पन्न गर्नका लागि भुक्तानी गरिने भएको र एकमुष्ठ रुपमा लेखा परीक्षण सम्पन्न गर्नका लागि सम्झौता भएकोले यस्ता रकमहरु सो सम्झौतामा नै समावेश भएको हुने तथा ती खर्च लेखा परीक्षककै सुबिधा अन्तरगत समाबेश भएकोले कुल रकममा नै अग्रिम कर कट्टी गर्नुपर्ने हुन्छ, कर्मचारीलाई बोनस बितरण गरी बाँकी रहेको रकमको सम्बन्धमा करदाताले नेपाल बैंकर्स संघसँग आफ्नो बैंकको सम्बन्ध नभएकोले उक्त सम्झौता लागू नहुने भनी लिएको जिकिरसँग सहमत हुन नसकिने, सहुलियत दरमा उपलब्ध गराईएको कर्जा सुविधा सम्बन्धमा आयकर ऐन, २०५८ को दफा २७ को उपदफा १घ अनुसार कुनै व्यक्तिले ऋण वापत तिरेको ब्याज प्रचलित ब्याजदर अनुसार तिर्नुपर्ने रकम भन्दा कम भएमा सो कम भए जति रकम निजको आयमा समावेश गर्नुपर्ने व्यवस्था रहेको हुँदा रु. १५,२७,५२९।४७ (पन्ध्र लाख सत्ताईस हजार पाँच सय उनान्तिस रुपैयाँ पैसा सत्चालिस) दाखिला गर्न करदातालाई आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम दाखिला गर्नु भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०३।२९ मा भएको आदेश।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।०३।२९ मा जारी गरेको आ.व. २०६९/०७० को अग्रिमकर कट्टी माग आदेशमा चित्त नबुझी साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक हाल सिद्धार्थ बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।२८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आर्थिक वर्ष २०६९।०७० को लागि कर परिक्षण गरी करदाताबाट पेश हुन आएको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया, कर निर्धारण निर्णयको व्यहोरा एवं फाईलसाथ संलग्न कागजात तथा प्रमाण समेतको अध्ययन, बिश्लेषण गर्दा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट कर्मचारीलाई बोनस बितरण गरि बाँकी रहेको रकम सम्बनधमा कर निर्धारण गर्दा विभागीय परिपत्रको आधारमा रही कर निर्धारण गरेको नदखिएकोले कर्मचारीलाई वितरण गरेको तथा राष्ट्रिय स्तरको कल्याणकारी कोषमा पठाएको रकम बाहेक बाँकी अवितरित रहेको बोनस रकमलाई आयकर ऐन २०५८

(संशोधान सहित) को दफा २५(१)(ग) बामोजिम आयमा समावेश गर्ने गरी पनुः संशोधन कर निर्धारण गर्नुपर्ने र अन्य विषयमा कार्यालयले मिति २०७४।०३।२९ मा गरेको आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभाग काठमाण्डौंबाट मिति २०७५।१०।१७ मा भएको निर्णय।

७. कर्मचारीलाई बोनस वितरण गरी बाँकी रहेको रकम सम्बन्धमा विपक्षी ठूला करदाता कार्यालयबाट भएको निर्णयलाई आन्तरिक राजश्व विभागबाट प्रशासकीय पुनरावलोकनको रोहमा निर्णय हुँदा पुनः संशोधन कर निर्धारण गर्नुपर्ने भन्नेमा यस बैंकको सहमति रहेको तर उक्त निर्णयमा उल्लेखित *बाँकी रहेको अवितरित रहेको बोनस रकमलाई आयकर ऐन, २०५८ को दफा २५(१)(ग) बामोजिम आयमा समावेश गर्ने* भन्ने निर्णयाधारमा भने यस बैंकको असहमति रहेकोले सो सम्बन्धमा यस बैंकले पहिले नै कर कट्टी गरी दाखीला गरिसकेकोमा अघिल्लो आ.व.मा नै गर्नुपर्ने मा भनी पुन कर कट्टी माग गर्नु भनेको करदालतालाई दोहोरो करको भार पर्नु हो जुन करको सामान्य सिद्धान्त अनुसार समेत नहुने, विपक्षी ठूला करदाता कार्यलयको संशोधित कर निर्धारण आदेशको सहुलियत दरमा उपलब्ध गराईएको कर्जा सुविधा सम्बन्धमा बैंकले आफ्ना कर्मचारीको लागि सहुलियत ब्याजदरमा सापटी दिने गरेको छ। बैंकले कर्मचारीलाई उपलब्ध गराएको कर्मचारी सापटीमा ८ प्रतिशत र १० प्रतिशतका दरले ब्याज लिने गरिएको, जुन बैंकको निक्षेप लागत बराबर रहेको कर्मचारी सापटीमा लगानीको आधारमा ब्याजदर १५.२९ प्रतिशत बारबर हुनु पर्ने भन्ने जीकिर न्याय संगत देखिँदैन। साबिक बिजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लि. को लगानीको आधार ब्याजदर १५.२९ प्रतिशत भए तापनि बजारमा अन्य बैंकहरुको लगानीको आधारमा ब्याजदर ८ प्रतिशत र १० प्रतिशतको हाराहारीमा नै रहेकोले बजारको दरमा नै कर्मचारी सापटीमा ब्याज लिने गरिएको छ। बैंक लागत तथा कर्मचारी सापटीमा भिन्नता नरहेकाले सुविधा मान्न नमिल्ने भएकोले उक्त कर्मचारी सापटीको ब्याजलाई कर्मचारीको आयमा समावेश नगरिएको हो। सो सम्बन्धमा ठूला करदाता कार्यालयको दाबी तर्क संगत नभएकोले ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७४।०३।२९ कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१०।१७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७६।०४।२२ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री भोलानाथ ढुंगानाले कर्मचारीलाई बोनस वितरण गरि बांकी रकम सम्बन्धमा पुनरावेदक बैंकले पहिले नै करकट्टी गरि दाखिला गरिसकेकोमा अघिल्लो आ.व. मा नै दाखिला गर्नुपर्ने भनि पुनः करकट्टी माग गरि करदातालाई दोहोरो करको भारमा राख्नु न्याय संगत नरहेको त्यस्तै सहुलियत कर्जा सुविधाको सम्बन्धमा बैंकले कर्मचारी सापटीमा ८ प्रतिशत र १० प्रतिशत का दरले व्याज लिने गरिएको जुन बैंकको निक्षेप लागत बराबर रहेकोमा सापटी लगानीको आधार व्याजदर १५.२९ प्रतिशत बराबर गरि शूरु कार्यालय तथा विभागबाट भएको निर्णय बदर हुनुपर्छ भन्ने बहस समेत प्रस्तुत गर्नुभयो।

१०. विपक्षी कार्यालयको तर्फबाट उपस्थित प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी ले आयकर ऐन,२०५८ को व्यवस्थालाई थप प्रष्ट पार्न आयकर प्रयोजनको लागि आन्तरिक राजश्व विभागको मिति ०७२/११/२८ को परिपत्रबाट नै बोनस रकम सो आय वर्षको तत्काल पछिल्लो आय वर्षमा वितरण गरि सक्नुपर्ने व्यवस्था रहेको , वितरण नभएको वा हुन नसकेको बोनस रकम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा दाखिला भएको हदसम्मको रकमलाई आयमा समावेश गर्नु नपर्ने र अवितरणीय रहेको बोनस रकमलाई आयकर ऐन,२०५८ को दफा २५ १(ग) बमोजिम आयमा समावेश गर्नुपर्ने व्यवस्था रहेकोमा विभागिय परिपत्रको आधारमा रही कर निर्धारण गरेको नदेखिएकोले शूरु कार्यालय तथा विभागबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने बहस समेत प्रस्तुत गर्नुभयो ।

११. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजप्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो ?

१२. <u>आयकर तर्फ</u>

(क) सम्पत्तिको समूहिकरण भएकोमा (ख) र (घ) मा पर्ने बस्तुहरुको समूहिकरण विवाद सम्बन्धमा,

(ख) लाभांश वापत प्राप्त रकमबाट बोनस व्यवस्था गर्न पाउने वा नपाउने सन्दर्भ

(ग) Car Vehicle Scheme बमोजिम कर्मचारीलाई सुविधामा प्रदान गरेको सवारी साधनको स्वामित्व, प्रयोग तथा Possession Right सम्बन्धी विवादका कारण ह्रास खर्च, बीमा र सवारी साधन कर खर्च पाउने/ नपाउने सन्दर्भ

(घ) ब्याज दायित्व दावी सन्दर्भ,

अग्रिम कर तर्फ

(क) कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने ?

१. निरुपण गर्नुपर्ने उपरोक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा प्रचलित कानूनको आधार र लेखांकन समेतका मापदण्डहरुबाट निम्नानुसार देखिन आयो ।

आयकर सम्बन्धमा

(क) लाभांश आम्दानीको बोनस व्यवस्था सम्बन्धमा

लाभांश आय तर्फ एक मुष्ट रकम देखाई सकेपछि आयकर ऐन २०५८ को दफा ९२ (१)(क) बमोजिम बासिन्दा व्यक्तिले भुक्तानी गरेको लाभांश अन्तिम रुपमा करकट्टी हुने भुक्तानी भएको र दफा ७(३) अनुसार अन्तिम रुपमा करकट्टी हुने भुक्तानीहरु व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नु नपर्ने कानूनी प्रावधान स्पष्टै रहेकाले सो लाभांश आय समेत समावेश गरी नाफा नोक्सान हिसावमा सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफामा कर्मचारी बोनस व्यवस्था गरी दावी गरेकाले अन्तिम रुपमा कर कट्टी हुने लाभांश आय समेत समावेश गरी दावी गरेको लाभांश आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टि पाउने देखिएन ।

(घ) vehicle scheme का सम्बन्धमाः–

बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार सम्बन्धित कर्मचारीमा नै रहने, उक्त सवारी साधन ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन

सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको निश्चित अवधि पुरा भएपछि कर्मचारीले नै सवारी साधन लैजान पाउने देखिंदा लामो अवधि सेवामा रहने कर्मचारीले २/३ पटक नै सवारी साधनको स्वामित्व बहन गर्न पाउने समेत देखिन आएको र कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले उक्त सवारी साधन माथि बैंकको पूर्ण स्वामित्व रहेको मान्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

<u>१) ह्रास खर्च कट्टी दावीः–</u> आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो ।

<u>२) बीमा खर्चः–</u> माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व

नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

३) <u>सवारी साधन करः–</u> माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

(ड) <u>ब्याज दायित्व सम्बन्धमाः–</u>

पुनरावेदकले नाफा नोक्सान विवरण अनुसार चालु आ.व. को अन्त्यमा भुक्तान गर्न बाँकी ब्याज दायित्व रकम रु. ८५६४८०३८।०० मात्र रहेकोमा पुनरावेदकबाट रु. १२६४२५९७१।००। देखाएको हुँदा रु.४०७७७९३३।०० भुक्तानी गर्नु नपर्ने ब्याज दायित्वलाई समेत लेखाकंन गरेको भनी दावी लिएकोमा जिम्मेवारी सारेको रकम यकिन भैसकेको र भुक्तानी गरिसकेको अवस्थामा बढी दायित्व भन्नु आधारहिन तथ्य भएको । चालु वर्षमा देखिएको दायित्व मध्ये रु. २,५५,३८,४७,४९७।०० नगद भुक्तानी गरेको वित्तीय विवरणबाट देखिन्छ । तसर्थ वास्तविक रुपमा भुक्तानी गर्न नपर्ने ब्याज वापतको दायित्व रकमलाई आयकर ऐन,२०५८ को दफा २५(१) बमोजिम आयमा समायोजन गरी ऐनको दफा ७(२)(ज) अनुसार आय कायम गर्ने गरी भएको प्रत्यर्थीको कर निर्धारण आदेश मिलेकै देखिन आयो ।

<u>अग्रिम कर सम्बन्धमा</u>

(क) बहाल कर सम्बन्धमा

(ख) कर्मचारीलाई उपलब्ध गराइएको ओभरटाइम भत्ता सम्बन्धमा

(ग) कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने ?

<u>क) बहाल कर सम्बन्धमाः–</u>

घर बहाल सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ८८(१)(५) बमोजिम भाडा वापतको रकम भुक्तानी गर्दा १० प्रतिशतले दाखिला गर्नुपर्ने स्पष्ट व्यवस्था रहेकोमा पुनरावेदक बैंकले कम दाखिला गरेको देखिन आयो। पुनरावेदक बैंकले लेखांकन गरेपश्चात दफा ८८(१) बमोजिम करकट्टी गरिएको रकम दफा ९०(१) ले दिएको समय सिमा T.D.S. रकम अन्य विविध शिर्षक अन्तर्गत जम्मा गरेतापनि सो रकम पृष्टी गर्ने प्रमाण समेत दाखिला गरेको पाइएन्न।

**ख) ओभरटाइम भत्ता सम्बन्धमाः-**

पुनरावेदकले आ.०६९/०७० को खर्चको सम्बन्धित विल उपलब्ध नभएको अवस्थामा लेखाङ्कन प्रोदभावी आधार मानी T.D.S. रकम जम्मा गरि वित्तिय विवरणको अनुसूची ४.२३ मा कर्मचारी खर्च अन्तर्गत ओभरटाइम भत्ता शिर्षकमा उल्लख भएअनुसारको रकम कर्मचारीको पारिश्रमिक आयमा समावेश नगरी फरक पर्न गएको रकमको कार्यालयबाट करकट्टी माग गरेतापनि सो रकम दाखिला प्रमाण पेश गर्न नसकि अग्रिम करकट्टी गरेको लिएको देखिन आयो। यसरी पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज रकम र दफा १२०(क) शुल्क लाग्ने गरि गरिएको निर्णय कानुन सम्मत नै देखिन्छ। _

**ग) कर्मचारीको पोशाक वितरणमा अग्रिम आयकर सम्बन्धमाः—**

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८८ (२ )(क) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन तथापी उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर गरी यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ ।

१३. माथि उल्लेखित आधार र कारणका आधारमा स्थायी लेखा नं.३०१७००९४२ भएका पुनरावेदक करदाता सावित युनिभर्सल डेभलपमेन्ट बैंकको हाल सिद्धार्थ बैंक लिमिटेडको आ.व.०६९/०७० को अग्रिमकर निर्धारणका सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७४/०३/२९ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१०/१७ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू--------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू----------------------------------३

(पुष्प प्रसाद गुरागाईं)

लेखा सदस्य

उक्त रायमा हामी सहमत छौं।

(राजेन्द्र पौडेल)

राजस्व सदस्य

(विनोद शर्मा)

अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्नेः हेमन्त फुयाँल

इति सम्बत् २०७७ साल पुष ६ गते रोज २ शुभम्--------------------------------।

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## <u>फैसला</u>

२०७७/०७८ सालको निर्णय नं. ११

पुनरावेदन नं. : ०७५-RB-०२८५

पुनरावेदन दर्ता मितिः २०७५।१२।१४

**<u>मुद्दाः आयकर। (२०६९/०७०)</u>**

| | |
|---|---|
| साविक बजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. हाल का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम..............................१ | पुनरावेदक |

**<u>विरूद्ध</u>**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ......................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं .....................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक बलराम रिज्याल

शुरु निर्णय मिति : २०७४।०३।२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री भोलानाथ ढुंगाना

प्रत्यर्थीको तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी शाखा अधिकृत श्री ठाकुर प्रसाद वास्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७४।०३।२९ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१२।२९ उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. साविकको विजनेश युनिभर्सल डेमलपमेण्ट बैंक लि. बाट आर्थिक वर्ष २०६९।०७० को आय विवरण आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. ३,२०,८०,९९०।०० देखाई मिति २०७१।०२।२५ मा पेश भएको आय विवरण ।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको विवरण तथा कागजातको अध्ययन, छानविन तथा हिसाब किताब छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतका आधारमा प्रस्तुत करदाताले आयकर ऐन, २०५८(संशोधन सहित) बमोजिम आयमा समावेश गर्नपर्ने आय समावेश नगरेको कट्टी गर्न नपाईने खर्च दाबी भएको देखिएकोले सोही ऐनको दफा १०१ बामोजिम संशोधित करयोग्य आय रु. ४,७७,७४,२३१।३९ (चार करोड सतहत्तर लाख चौहत्तर हजार दुई सय एकतिस रुपैयाँ पैसा उनन्चालिस) कायम गर्नुपर्ने भएको हुँदा सो वमोजिम नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाताका नाममा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।२३ मा लिखित सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुरबाट मिति २०७४।०२।२३ मा जारी भएको सूचना मिति २०७४।०३।०१ मा बुझिलिई उक्त सूचना उपर करदाताले मिति २०७४।०३।१६ मा जवाफ पेश गरेको।

४. करदाताले गत आ.व.को नोक्सानी खर्च कट्टी सम्बन्धमा भुलवश रकम समायोजन भएको भनी स्विकार गरेकोले साविकमा युनिभर्सल फाईनान्स तथा विजिनेश डेभेलप्मेन्ट बैंक मर्जर भई २०६८।११।२२ मा बिजिनेश युनिभर्सल डेभेलप्मेन्ट बैंक कायम भएको र यूनिभर्सल फाईनान्स कम्पनीले संचित नोकुसान आ.व. २०६८।०६९ मा करदाताले पेश गरेको आय विवरण अनुसार रु. १,१५,५०,५३०।०० मध्ये आर्थिक ऐन २०६८ तथा आयकर निर्देशिका २०६८ बामोजिम यस आ.व. मा रु. १६,५०,०४२।८५ लाई नाफामा समायोजन गर्नुपर्नेमा करदाताले रु.

१८,०१,३९०।९४ खर्च कट्टि(समायोजन) गरेकोले पाउने भन्दा बढी खर्च कट्टी गरेको रकम रु. १,५१,३४७।६८ लाई आयकर ऐन २०५८ को दफा १३(१) अनुसारको खर्च मान्न सकिने आधार नभएको, कर्जा अपलेखन गरेको रकम नाफा नोक्सानी हिसाबको अनुसूचि ४.१३ मा समायोजन गरेको पाईएन साथै नाफा नोक्सानी हिसाब र कर प्रयोजनको लागि गणना गरिएको विवरण समेत उक्त कर्जा अपलेखनको रकम फिर्ता आम्दानी जनाउनु पर्नेमा खर्च दाबी गरेको पाइयो उक्त कर्जा अपलेखन भएको रकमको लागि विगत आर्थिक वर्षमा शतप्रतिशत रकम करयोग्य आयमा कट्टी भैसकेको हुने हुँदा सो रकमलाई आयकर प्रयोजनको लागि आम्दानी तर्फ समावेश नगरी पुनः खर्च कट्टी दिँदा दोहोरो खर्च कट्टी हुने अवस्था रहने भएकोले करदाता बैंकले जीकिर कानून सम्मत छैन, ह्रास खर्च कट्टि दाबी सम्बन्धमा पनि करदाताले भूल स्विकार गरेकोले आयकर ऐन, २०५८ दाफ १९ बामोजिम ह्रास खर्च कट्टी दाबि प्रयोजनका लागि बैंकले पेश गरेको विवरण अनुसार समुह ङ Software and Leashold समूहमा रु. ३०,३२,४६३।२९ मात्र ह्रास खर्च कट्टी गर्नुपर्नेमा रु. ३०,८२,९६१।०० खर्च दाबी गरेको देखिएकोले बढी दाबी भएको ह्रास खर्च रु. ५०,४९७।७१ आयकर ऐन, २०५८ को दफा १९(१) बामोजिमको खर्च मान्न सकिने आधार नभएको हुँदा यस करदाताको आ.ब. २०६९।७० को लागि करयोग्य आय रु. ४,७७,७४,२३१।३९ (चार करोड सतहत्तर लाख चौहत्तर हजार दुई सय एकतिस रुपैयाँ पैसा उनन्चालिस) मा आयकर ऐन, २०५८ (सं.स.) वमोजिम संशोधित कर निर्धारण हुने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।२३ मा संशोधित कर निर्धारण आदेश जारी भएको।

५. करदाताले ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।२३ मा भएको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई पुनरावलोकनको लागि आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा गत आर्थिक वर्षको नोक्सानी खर्च कट्टी सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको निर्णय कानून सम्मत देखिएकोले निवेदन जीकिर पुग्न नसक्ने तर सम्भावित कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा करदाताले नाफा नोक्सान हिसाबमा देखाएको कर्जा अपलेखन खर्चलाई आयकर तर्फ खर्चकट्टी देखाएता पनि आयकर ऐनले प्रदान गरेको सुविधा अन्तर्गत जोखिम व्यहोर्ने कोष कानून बमोजिम खर्चकट्टी दाबी लिई बढी भएको खर्चलाई आयकर प्रयोजन आयमा समावेश गरेको देखिएकोले कार्यालयले सोही खर्चलाई अमान्य गरी गरेको कर निर्धारण सम्बन्धमा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ५९(१क) र आयकर निर्देशिका, २०६६ (दोश्रो संशोधन, २०७३ सहित) को प्रावधान समेतको आधारमा पुनः छानवीन तथा यकिन गरी संशोधित कर निर्धारण गर्नुपर्ने ठहर्छ भनी आन्तरिक राजश्व

विभागका महानिर्देशकबाट मिति २०७५।१०।१७ मा भएको निर्णय।

६. करदाताले आफुले पेश गरेको विवरण समेतको समग्र अध्ययन, मूल्याङ्कन नगरी विपक्षी कार्यालयले मिति २०७४।०३।२९ मा शुरुमा जे निर्धारण गरेको हो सोही बामोजिम अन्तीम संशोधित कर निर्धारण आदेशमा समेत कुनै सुनुवाई नगरेकोले यस बैंकले सो उपर चित्त नबुझी श्री आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन गरिएकोमा विभागबाट सम्भावित कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा र कर्मचारीलाई बोनस वितरण गरि बाँकी रहेको रकमको दाबी सम्बन्धमा भएको निर्णय बाहेक अन्य विषयमा शुरु ठूला करदाता कार्यालयकै निर्णयलाई सदर गर्नेगरी मिति २०७५।१०।१७ मा निर्णय भएको, नोक्सानी खर्च कट्टी सम्बन्धमा भुलबस नाफामा समायोजन भएको रकमलाई खर्च मानी सोही ऐनको दफा २०(१ख) खर्च कट्टी गर्नुपर्नेमा सो नगरी विपक्षी ठूला करदाता कार्यालयबाट अन्यायपूर्ण निर्णय भएको र सो निर्णयलाई विभागले पनि यथावत सदर गरी आ.ब. २०६९।०७० मा यस बैंकको ३,२०,८०,९९०।०० करयोग्य आय भएकोमा विपक्षी ठूला करदाता कार्यालयले रु. ४,७७,७४,२३१।३९ (चार करोड सतहत्तर लाख चौहत्तर हजार दुई सय एकतिस रुपैयाँ पैसा उनन्चालिस) कायम गरी सोही बामोजिम गैरकानुनी तरिकाले खर्च कट्टी गरी कर निर्धारण गर्ने गरी गरेको मिति मिति २०७४।०३।२९ को कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१०।१७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नू भनी मिति २०७६।०४।२२ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री ...............ले आ.ब.२०६९/०७० मा आयकर तर्फ बैंकको रु.३,२०,८०,९९०/- करयोग्य आय विपक्षी कार्यालयले रु.४,७७,७४,२३१/३९ करयोग्य आय कायम गरि सोही बमोजिम खर्च कट्टि गरि कर निर्धारण गरेको, साविक युनिभर्सल फाइनान्स लि र साविक विजनेश डेभलपमेन्ट बैंक एक आपसमा मर्जर भई आ.ब.०६९/०७० को करयोग्य आयको गणना गर्दा नाफामा समायोजन गर्दा भुलबस रु.१,५१,३४७/६८ बढी देखिन आई उक्त रकमलाई खर्च मानी विपक्षी कार्यालयबाट आयकर ऐन,२०५८ को दफा १(ख) बमोजिम खर्च

कट्टी गर्नुपर्नेमा सो नगरी कानून विपरीत शूरु कार्यालय तथा विभागबाट भएको कर निर्धारण आदेश बदरभागी छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायधिवक्ता श्री ले करदाताले भुलवश रकम समायोजन भएको भनि स्वीकार गरेको अवस्थामा आयकर ऐन,२०५८ को दफा १९ बमोजिम ह्रास खर्च दावी प्रयोजनको लागि करदाताले नै पेश गरेको विवरण अनुसार नै रु.३०,३२,४६३/२९ मात्र ह्रास खर्च कट्टी दावी गर्नुपर्नेमा रु.३०,८२,९६१/- खर्च दावी गरेको देखिएकोले बढी दावी भएको ह्रास खर्च रु.५०,४९७/७१ ऐ.ऐनको दफा १९(१) बमोजिम खर्च मान्न सकिने आधार नभएकोले शूरु कार्यालय तथा विभागबाट भएको कर निर्धारण आदेश सदर हुनुपर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

आयकर तर्फ

(क) नोक्सानी खर्च कट्टी सम्बन्धमा

(ख) सम्भावित कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा

क) नोक्सानी खर्च कट्टी सम्बन्धमाः–

करदाताले भुलवश रकम समायोजन भएको भनि स्वीकार गरेको साविक युनिभर्सल फाईनान्स तथा विजिनेश डेभलप्मेन्ट बैंक मर्जर भई संचित नोक्सानी आ.ब.०६८/०६९ मा करदाताले पेश गरेको आय विवरण रु.१,१५,५०,५३०/- मध्ये आर्थिक ऐन,२०६८ तथा आयकर निर्देशिका,२०६८ बमोजिम रु.१६,५०,०४२/८५ लाई नाफामा समायोजन गर्नुपर्नेमा करदाताले रु.१८,०१,३४०/५४ खर्च कट्टी गरेको पाउने भन्दा बढी खर्च कट्टी गरेको रकम रु.१,५१,३४७/६८ आयकर ऐन,२०५८ को दफा १३(१) बमोजिम खर्च मान्न सकिने आधार नभएको देखिदाँ करयोग्य आय कायम गरि खर्च कट्टी गरि कर निर्धारण गर्ने गरि शूरु कार्यालयको निर्णय मिलेकै देखिन आयो।

ख) सम्भावित कर्जा नोक्सानी व्यवस्था सम्बन्धमाः-

बैंकले कर्जा अपलेखन गरेको रकम नाफा नोक्सान हिसाबको अनुसूची ४.१३ मा

समायोजन गरेको पाइएको साथै नाफा नोक्सानी र कर प्रयोजनको लागि गणना गरिएको विवरणमा समेत कर्जा अपलेखनको रकम फिर्ता आम्दानी जनाउनुपर्नेमा खर्च दावी गरेको पाइयो। कर्जा अपलेखन भएको रकमको शतप्रतिशत रकम करयोग्य आयमा कट्टी भैसकेको सो रकमलाई आयकर प्रयोजनको लागि आम्दानी तर्फ समावेश नगरि पुनः खर्च कट्टी दिदां दोहोरो खर्च कट्टी हुने अवस्था देखिएको हुदां कर्जा अपलेखन रकम खर्चकट्टी नहुने गरि आयमा समावेश गर्ने गरि गरेको निर्णय कानुन सम्मत भएकाले मिलेकै देखिन आयो।

११. माथि उल्लेखित आधार र कारण पुनरावेदक करदाता सिद्धार्थ बैंक लिमिटेडको आ.व.०६९/०७० को आयकर निर्धारणका सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७४/०३/२९ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१०/१७ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू---------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-----------------------------------३

(पुष्प प्रसाद गुरागाई)
लेखा सदस्य

उक्त रायमा हामी सहमत छौं।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>
शाखा अधिकृतः सनिता लामा
टिपोट गर्नेः हेमन्त फुयाँल
इति सम्बत् २०७७ साल पुष ६ गते रोज २ शुभम्--------------------------------।

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## फैसला

२०७७/०७८ सालको निर्णय नं. १२

पुनरावेदन नं. : ०७५-RB-०३६६

पुनरावेदन दर्ता मितिः २०७६।०२।१४

**मुद्दाः आयकर।(२०६९/०७०)**

| | |
|---|---|
| का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम.....................................................................................१ | पुनरावेदक |

**विरूद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ....................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ..................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक बलराम रिज्याल

शुरु निर्णय मिति : २०७४।०१।१३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भोलानाथ ढुंगाना

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी,शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७४।०१।१३ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१२।२९ उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. सिद्धार्थ बैंक लिमिटेडबाट आर्थिक वर्ष २०६९।०७० को आय विवरण आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. ७२,१८,३६,६२४।०० देखाई मिति २०७०।०९।२५ मा पेश भएको आय विवरण ।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको विवरण तथा कागजातको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आयकर ऐन, २०५८(संशोधन सहित) बमोजिम आयमा समावेश गर्नपर्ने आय समावेश नगरेको कट्टी गर्न नपाईने खर्च दाबी भएको देखिएकोले सोही ऐनको दफा १०१ बामोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो वमोजिम नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाताका नाममा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।१२।२० मा लिखित सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुरबाट मिति २०७३।१२।२० मा जारी भएको सूचना उपर करदाताले मिति २०७४।०४।१८ मा जवाफ पेश गरेको।

४. करदाताले पेश गरेको जवाफमा लिएको जीकिर समेतलाई अध्ययन गर्दा कुनै पनि सवारी साधन बैंकको नाममा दर्ता हुँदैमा बैंकको स्वामित्वमा हुन्छ भन्न् कानूनतः मिल्ने नदेखिएको हुँदा निज करदाताले ह्रास खर्च मान्य गर्नूपर्ने भनी लिएको जीकिर कानून सम्मत नभएको, Staff Vehicle Scheme अन्तर्गतको सवारी साधनहरुको सवारी साधन बीमा र सवारी कर खर्चलाई आयकर ऐन,२०५८ (संशीधन सहित) को दफा १३(ग) बामोजिम खर्च मान्न सकिने आधार नभएको, करदाताले अन्य सम्पत्तीमा गरीएको व्यवस्थाको खर्च रकममा आयकर ऐन, २०५८ को दफा ५९(१क) बामोजिमको खर्च कट्टि नहुने हुँदा करयोग्य आय रु. ७४,१५,५२,५३४।७५ (चौहत्तर करोड पन्ध्र लाख बाउन्न हजार पाँच सय चौंतिस पैसा पचहत्तर मात्र) मा आयकर ऐन, २०५८ (सं.स.) वमोजिम संशोधित कर निर्धारण हुने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।१३ मा

संशोधित कर निर्धारण आदेश जारी भएको।

५. करदाताले ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।१३ मा संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई पुनरावलोकनको लागि आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा आन्तरिक राजश्व विभागले प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस सम्बन्धमा कार्यालयबाट कर निर्धारण गर्दा विभागीय परिपत्रको आधारमा रही कर निर्धारण गरेको नदेखिएकोले कर्मचारीलाई वितरण गरेको र राष्ट्रिय स्तरको कल्याणकारी कोषमा पठाएको रकम बाहेक बाँकी अवितरित रहेको वोनस रकमलाई आयकर ऐन,२०५८ (संशोधन सहित) को दफा २५(१ग) बामोजिम आयमा समावेश गर्ने गरि पुनः संशोधन कर निर्धारण गर्न कार्यालयमा पठाउनु बाँकि अन्य विषयमा भने शुरु ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुरबाट मिति २०७४।०१।१३ मा भएको संशोधन कर निर्धारण सम्बन्धी निर्णय कानून सम्मत नै भएकोले निवेदन जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजश्व विभागका महानिर्देशकबाट मिति २०७५।१२।२९ मा भएको निर्णय।

६. यसमा शुरु ठूला करदाता कार्यालयले मिति मिति २०७४।०१।१३ मा भएको संशोधन कर निर्धारण सम्बन्धी निर्णय र राजश्व विभागको *करदाताले नाफा नोक्सान हिसाबमा देखाएको अपलेखन खर्चलाई अग्रिम कर तर्फ खर्च कट्टी देखाएता पनि आयकर ऐनले प्रदान गरेको सुविधा अन्तर्गत जोखिम व्यहोर्नुपर्ने कोषमा कानुन बामोजिम खर्च कट्टी लिन मिल्ने सीमा भित्र रहेको देखिएकोले सो खर्चलाई अमान्य गरी गरेको कर निर्धारण सम्बन्धमा छानबीन तथा एकित गरी पुनः संशोधित  कर निर्धारण गर्नको लागि कार्यालयमा पठाउनु पर्ने ठहर्छ* भन्ने निर्णयमा बाहेक अरु निर्णय व्यहोरामा चित्त नबुझेको हुँदा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७४।०१।१३ कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१२।२९ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७६।०६।०८ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भोलानाथ ढुंगानाले आ.ब.२०६९/०७० मा आयकर तर्फ बैंककोरु.७२,१८,३६,६२४/-करयोग्यआयविपक्षीकार्यालयलेरु.७४,१५,५२,५३४/७५ करयोग्य आय कायम गरि सोही बमोजिम खर्च कट्टि गरि कर निर्धारण गरेको, मार्केटिगंका कर्मचारीलाई बजार प्रर्वद्धधनका लागि सवारी साधन दिने गरेको , बैकको स्वामित्व र

प्रयोजनको लागि प्रयोग गर्ने गरि कर्मचारीलाई उपलब्ध गराइएको बीमा तथा सवारीसाधन कर वापतको रकम बैंकले खर्च दावी गरेको बेमनासिव हुने कानूनी ब्यबस्था छैन । त्यसैगरी बोनस रकम प्रचलित बोनस ऐन बमोजिम वितरण र बाँकी रकम विभिन्न कोषहरुमा जम्मा गरिसकेको अवस्थामा पुनः आयमा समावेश गर्ने तर्क कानून विपरीत भएकाले शूरु कार्यालय तथा विभागबाट भएको कर निर्धारण आदेश बदरभागी छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले कर्मचारीले उपयोग गरेका सवारी साधनहरु कर्मचारीको रोजाईमा खरिद गरिने, कर्मचारीले आफ्नो तजवीजले उपयोग गर्ने र अन्त्यमा कर्मचारीलाई नै हस्तान्तरण गरिने भएकाले बैंकको एकल स्वामित्व रहेको र ब्यबसायिक आय आर्जन संग मात्र सम्बन्धित भएको नदेखिदां शूरु कार्यालय तथा विभागबाट भएको कर निर्धारण आदेश सदर हुनुपर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

<u>आयकर तर्फ</u>

क Vehicle Scheme बमोजिम कर्मचारीलाई सुविधामा प्रदान गरेको सवारी साधनको स्वामित्व, प्रयोग तथा Possession Right सम्बन्धी विवादका कारण बीमा र सवारी साधन कर खर्च पाउने/ नपाउने सन्दर्भ

ख अवितरित बोनस वापतको रकम आयमा समावेश गरेको सन्दर्भमा

क) **<u>vehicle scheme का सम्बन्धमाः–</u>**

कर्मचारीलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, संस्थाको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र संस्थाको स्वामित्व कायम राख्न सवारी साधन संस्थाकोनाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार Possession Right सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको निश्चित अवधि पुरा भएपछि कर्मचारीले नै सवारी साधन लैजान पाउने देखिंदा लामो अवधि सेवामा रहने कर्मचारीले

पटकपटक नै सवारी साधनको स्वामित्व बहन गर्न पाउने समेत देखिन आएको र कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व हो भन्न सकिने अवस्था देखिएन।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन संस्थाको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

- **<u>बीमा खर्चः–</u>** माथि विवेचित आधारमा सवारी साधनमा संस्थाको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत संस्थाका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।
- **<u>सवारी साधन करः–</u>** माथि विवेचित आधारमा सवारी साधनमा संस्थाको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत संस्थाका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**ख) <u>बोनस सम्बनधमा:-</u>**

आ.व.०६९/०७० मा छुट्याइको बोनस मध्ये कर्मचारीलाई वितरण गरि बाँकी रहेको रकम राष्ट्रियस्तरको कल्याणकारी कोष र श्रम ऐन बमोजिम भएको प्रतिष्ठानस्तरीय कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था रहेको र आन्तरिक राजश्व विभागको मिति २०७२/११/२८ को परिपत्रबाट बोनस रकम सो आय वर्षको तत्काल पछिल्लो आय वर्षमा वितरण गरिसक्नु पर्ने व्यवस्था गरेको, त्यसैगरि बोनस वापत छुट्याइएको रकम मध्ये आंशिक वा पुरै रकम उल्लेखित समय भित्र वितरण नभएका आयकर

ऐन,२०५८ को दफा २५(१) (ग) बमोजिम वितरण नभएजति रकम बोनस खर्च कट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा आयमा समावेश गर्नुपर्ने प्रावधान रहेको छ। पुनरावेदकले बोनस वितरण र राष्ट्रियस्तरको कोषमा जम्मा गरि अवितरित रुपमा रहेको बाँकी रकम मात्र आयमा समावेश गर्ने गरि गरेको निर्णय आयकर ऐन,२०५८ को दफा २५(१)(ग) बमोजिम कानुन सम्मत भएकाले मिलेकै देखिन आयो।

११. माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं.३००४३३५०४ भएका पुनरावेदक करदाता सिद्धार्थ बैंक लिमिटेडको आ.व.०६९/०७० को आयकर निर्धारणका सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७४/०१/१३ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१२/२९ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सकिदैन।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू------------------------------३

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

उक्त रायमा हामी सहमत छौ।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्ने:</u>
शाखा अधिकृतः सनिता लामा
टिपोट गर्ने ना.सुःहेमन्त फुयाँल
इति सम्बत् २०७७ साल पुष ६ गते रोज २ शुभम्--------------------------------।

**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## <u>फैसला</u>

२०७७/०७८ सालको निर्णय नं. १३

पुनरावेदन नं. : ०७५-RB-०३६७

पुनरावेदन दर्ता मितिः २०७६।०२।१४

<u>मुद्दाः अग्रिमकर कट्टि ।(२०६९/०७०)</u>

का.जि. का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयका तर्फबाट अख्तियार प्राप्त प्रमूख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम............................................................................१ } पुनरावेदक

<u>विरूद्ध</u>

ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर .......................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं .....................................१ } प्रत्यर्थी

<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक बलराम रिज्याल

शुरु निर्णय मिति : २०७४।०१।१३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री ..........................

प्रत्यर्थीको तर्फबाट : विद्धान शाखा अधिकृत श्री .........................

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७४।०१।१३ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।१२।२९ उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. करदाता श्री सिद्धार्थ बैंकले आर्थिक वर्ष २०६९।०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०।०९।१९ मा पेश भएको आय विवरण।

२. उक्त आ.व.को आय विवरण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०६९/०७० मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रु. ३१,९६,७८४।३८ (शुल्क तथा ब्याज सहित) आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम माग गर्नुपर्ने देखिएकोले सो बामोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।१२।२० मा लिखित सूचना जारी भएको ।

३. सो सूचनाको सम्बन्धमा करदाताले आ.ब. २०६९/७० को अन्तीम आषाढ महिनामा खर्चको सम्बन्धित बिल उपलब्ध भई नसकेको अवस्थामा लेखाङ्कनको प्रोदभावी आधार मानी गरिएको व्यवस्था हो। उक्त व्यवस्था गरी खर्च लेखांकना गरे पश्चात २०७० श्रावण महिनामा सम्बन्धित TDS रकम अन्य विविध शीषर्क अन्तर्गत जम्मा भई सकेको परिप्रेक्षमा उक्त TDS पुनः माग गर्नु न्याय संगत नहुने, ब्याज खर्च अग्रिम कर कट्टि सम्बन्धमा अधिकांश भुक्तानीमा आयकर छुट पाउने संस्था भएकोले उक्त संस्थाहरुको ब्याजमा करकट्टि दाखिला गर्नु नपर्ने, पोशाक खर्च र कर्मचारी कर्जामा कर कट्टि गर्नु नपर्ने, लेखापरीक्षण खर्च र बोनसमा पनि कर कट्टि गर्नु नपर्ने भनी मिति २०७४।०१।०७ मा ठूला करदाता कार्यालय, ललितपुरमा दिएको जवाफ ।

४. करदाताले पेश गरेको जवाफमा आ.व. २०६९।०७० को अन्तिम आषाढ महिनाको खर्चको बिल उपलब्ध नभएको भनी जिकिर लिएको देखिन्छ। बहाल रकम बुझाउन बिल प्राप्त हुन पर्ने र खर्च लेखिएपछि सो रकममा अग्रिम कर कट्टि गरी दाखिला गर्नुपर्ने, कर्मचारीलाई उपलब्ध गराईएको ओभरटाईम भत्तामा कर कट्टि गरी दाखिला गरिएको भनिएता पनि उक्त दाखिलाको प्रमाण पेश नभएको, आयकर छुट हुने संस्थालाई अग्रिम कर

कट्टी रकम छुट नहुने साथै नेपाल राष्ट्र बैंकबाट सिमित कारोबार गर्ने इजाजत लिएका भनिएका संस्थाहरुको सम्बन्धमा समेत सोलाई पुष्टि गर्ने प्रमाण पेश हुन नआएको, पोशाक खर्चालाई व्यक्तिगत प्रयोजनमा प्रयोग हुन नसक्ने अर्थात बैंकभन्दा अन्य स्थानमा प्रयोग गर्न नसकिने भनी प्रमाण पेश गर्न नसकेको, लेखा परीक्षणसँग सम्बन्धित अन्य खर्चहरु लेखा परीक्षण सम्पन्न गर्नका लागि भुक्तानी गरिने भएको र एकमुष्ठ रुपमा लेखा परीक्षण सम्पन्न गर्नका लागि सम्झौत भएकोले यस्ता रकमहरु सो सम्झौतामा नै समावेश भएको हुने तथा ती खर्च लेखा परीक्षक कै सुबिधा अनुतरगत समावेश भएकोले कुल रकममा नै अग्रिम करकट्टि गर्नुपर्ने, प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा स्थानान्तरण गरेको बोनस रकमका सम्बन्धमा लिईएको जीकिर कानून सम्मत नरहेको हुँदा रु. ३२,१९,५७०।०८ (बत्तिस लाख उन्नाईस हजार पाँच सय सत्तरी रुपैयाँ पैसा आठ मात्र) दाखिला गर्न करदातालाई आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ८ बामोजिम आदेश दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।१३ मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।०१।१३ मा जारी गरेको आ.व. २०६९/०७० को अग्रिमकर कट्टी माग आदेशमा चित्त नबुझी सिद्धार्थ बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०३।११ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आर्थिक वर्ष २०६९।०७० को लागि कर परिक्षण गरी करदाताबाट पेश हुन आएको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया, कर निर्धारण निर्णयको व्यहोरा एवं फाईलसाथ संलग्न कागजात तथा प्रमाण समेतको अध्ययन, बिश्लेषण गर्दा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको कर निर्धारण आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभाग काठमाण्डौंबाट मिति २०७५।१२।२९ मा भएको निर्णय।

७. आन्तरिक राजश्व बिभागबाट *करदाताले नाफा नोक्सान हिसाबमा देखाएको अपलेखन खर्चालाई अग्रिम कर तर्फ खर्च कट्टी देखाएता पनि आयकर ऐनले प्रदान गरेको सुविधा अन्तर्गत जोखिम व्यहोर्नुपर्ने कोषमा कानुन बामोजिम खर्च कट्टी लिन मिल्ने सीमा भित्र रहेको देखिएकोले सो खर्चलाई अमान्य गरी गरेको कर निर्धारण सम्बन्धमा छानबीन तथा एकित गरी पुनः संशोधित कर निर्धारण गर्नको लागि कार्यालयमा पठाउनु पर्ने ठहर्छ* निर्णयमा बाहेक अरु निर्णय व्यहोरामा चित्त नबुझेको हुँदा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७४।०१।१३ कर निर्धारण आदेश र सोहि निर्णयलाई सदर ठहराई भएको विभागको २०७५।१२।२९ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भनी प्रत्यर्थीका तर्फबाट यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७६।०६।०८ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भोलानाथ ढुंगाना र प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान उपन्यायधिवक्ता श्री दिपक भण्डारी र शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटीले गर्नुभएको बहस सुनियो । बहसका क्रममा पुनरावेदक तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता र सरकारी वकिलबाट देहाय बमोजिम जिकिर बहस प्रस्तुत गर्नुभयो ।

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्धान अधिवक्ताबाट प्रस्तुत बहस जिकिरहरु | प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्धान सरकारी वकिलबाट प्रस्तुत बहस जिकिरहरु |
|---|---|
| – बैंक संचालनमा उपयोग भएका उपकरणहरु समूह (घ) मा पर्न सक्ने अवस्थाका छैनन् । आयकर ऐन २०५८ को दफा १९ सँग सम्बन्धित अनुसूचीमा बर्गिकरण गर्दा उपकरणलाई समूह (ख) मा राखेको स्पष्टै देखिन्छ ।<br>– सवारी साधनको व्यवस्थापन सम्बन्धमा Car Scheme Agreement को प्रावधान, सम्झौता आदिबाट बैंकको स्वामित्व स्थापित भएको छ कर्मचारीलाई Transfer नभएसम्म बैंकमा नै रहने हुँदा ती सामानको ह्रास कट्टी, बीमा खर्च र सवारी साधन कर पुनरावेदक बैंकले खर्च कट्टी पाउनु पर्ने कानून सम्मत व्यवस्था हो ।<br>–बैंकले लाभांश रकम समेत जोडी रकम बोनसमा ऐन अनुसार नै खर्च लेखेको वास्तविक खर्च भएकाले आयकर ऐन अनुसार रकम दावी योग्य भएको ।<br>अग्रिम करकट्टी तर्फ आयमा करकट्टी नहुने कानूनी— प्रावधान रहेको, कार्यालय समयमा मात्र लगाउन मिल्ने कपडा पोशाकको रुपमा प्रदान गरेकोमा यसमा कुनै प्रकारको भुक्तानी नै नभएकोले अग्रिम करको सन्दर्भ नै नउठ्ने, कानूनले प्रावधान गरेको छुटहरू अमान्य गर्नु कानून विपरित भएकाले बदरभागी छ भन्नुभयो । | – व्याजखर्चको सन्दर्भमा, सवारी साधनको Scheme, सम्पत्ति समूहिकरण गरेकोमा यस अघि नै धेरै मुद्दाहरु फैसला भै सकेको हुँदा यस इजलास समक्ष थप बहस जिकिर गरिरहनु सान्दर्भिक नहुने,<br><br>-सवारी साधन लिएर Holiday Visit, Personal Activities मा उपयोग गर्ने अनि कसरी ह्रास कट्टा गर्ने ? ५ वर्ष पछि २५ प्रतिशत रकम तिरेर सवारी साधन कर्मचारीले लैजाने भएपछि सम्पत्तिको निसर्गमा व्यवसायले प्रतिफल पाउने देखिंदैन । तसर्थ, ह्रास खर्च, बिमा, कर आदि व्यवसायको खर्चमा राख्नु उपयुक्त नहुने,<br>तसर्थ, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय मिलेकै देखिंदा सदर हुनु पर्छ । |

पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजप्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो ?

आयकर तर्फ

(क) सम्पत्तिको समूहिकरण भएकोमा (ख) र (घ) मा पर्ने बस्तुहरुको समूहिकरण विवाद सम्बन्धमा,

(ख) लाभांश वापत प्राप्त रकमबाट बोनस व्यवस्था गर्न पाउने वा नपाउने सन्दर्भ

(ग) Car Vehicle Scheme बमोजिम कर्मचारीलाई सुविधामा प्रदान गरेको सवारी साधनको स्वामित्व, प्रयोग तथा Possession Right सम्बन्धी विवादका कारण ह्रास खर्च, बीमा र सवारी साधन कर खर्च पाउने/ नपाउने सन्दर्भ

(घ) ब्याज दायित्व दावी सन्दर्भ,

अग्रिम कर तर्फ

(क) कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने ?

१. निरुपण गर्नुपर्ने उपरोक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा प्रचलित कानूनको आधार र लेखांकन समेतका मापदण्डहरुबाट निम्नानुसार देखिन आयो ।

आयकर सम्बन्धमा

(क) लाभांश आम्दानीको बोनस व्यवस्था सम्बन्धमा

लाभांश आय तर्फ एक मुष्ट रकम देखाई सकेपछि आयकर ऐन २०५८ को दफा ९२ (१)(क) बमोजिम बासिन्दा व्यक्तिले भुक्तानी गरेको लाभांश अन्तिम रुपमा करकट्टी हुने भुक्तानी भएको र दफा ७(३) अनुसार अन्तिम रुपमा करकट्टी हुने भुक्तानीहरु व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नु नपर्ने कानूनी प्रावधान स्पष्टै रहेकाले सो लाभांश आय समेत समावेश गरी नाफा नोक्सान हिसावमा सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफामा कर्मचारी बोनस व्यवस्था गरी दावी गरेकाले अन्तिम रुपमा कर कट्टी हुने लाभांश आय समेत समावेश गरी दावी गरेको लाभांश आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टि पाउने देखिएन ।

(घ) vehicle scheme का सम्बन्धमाः–

बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार सम्बन्धित कर्मचारीमा नै रहने, उक्त सवारी साधन ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा

माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको निश्चित अवधि पुरा भएपछि कर्मचारीले नै सवारी साधन लैजान पाउने देखिंदा लामो अवधि सेवामा रहने कर्मचारीले २/३ पटक नै सवारी साधनको स्वामित्व बहन गर्न पाउने समेत देखिन आएको र कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले उक्त सवारी साधन माथि बैंकको पूर्ण स्वामित्व रहेको मान्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

१) <u>ह्रास खर्च कट्टी दावीः–</u> आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो ।

२) <u>बीमा खर्चः–</u> माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र

प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च  अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

३) **सवारी साधन करः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर  खर्च  अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

(ङ) **ब्याज दायित्व सम्बन्धमाः–**

पुनरावेदकले नाफा नोक्सान विवरण अनुसार चालु आ.व. को अन्त्यमा भुक्तान गर्न बाँकी ब्याज दायित्व रकम रु. ८५६४८०३८।०० मात्र रहेकोमा पुनरावेदकबाट रु. १२६४२५९७१।००। देखाएको हुँदा रु.४०७७७९३३।०० भुक्तानी गर्नु नपर्ने ब्याज दायित्वलाई समेत लेखाकंन गरेको भनी दावी लिएकोमा जिम्मेवारी सारेको रकम यकिन भैसकेको  र भुक्तानी गरिसकेको अवस्थामा बढी दायित्व भन्नु आधारहिन तथ्य भएको । चालु वर्षमा देखिएको दायित्व  मध्ये रु. २,५५,३८,४७,४९७।०० नगद भुक्तानी गरेको वित्तीय विवरणबाट देखिन्छ । तसर्थ वास्तविक रुपमा भुक्तानी गर्न नपर्ने ब्याज वापतको दायित्व रकमलाई आयकर ऐन,२०५८ को दफा २५(१) बमोजिम आयमा समायोजन गरी ऐनको दफा ७(२)(ज) अनुसार आय कायम गर्ने गरी भएको प्रत्यर्थीको कर निर्धारण आदेश मिलेकै देखिन आयो ।

**अग्रिम कर सम्बन्धमा**

(क) बहाल कर सम्बन्धमा

(ख) कर्मचारीलाई उपलब्ध गराइएको ओभरटाइम भत्ता सम्बन्धमा

(ग) कर्मचारीलाई पोशाक वितरण गरेकोमा अग्रिम कर कट्टि गर्नु पर्ने वा नपर्ने ?

क) **बहाल कर सम्बन्धमाः–**

घर बहाल सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ८८(१)(५) बमोजिम भाडा वापतको रकम भुक्तानी गर्दा १० प्रतिशतले दाखिला गर्नुपर्ने स्पष्ट व्यवस्था रहेकोमा पुनरावेदक बैंकले कम दाखिला गरेको देखिन आयो। पुनरावेदक बैंकले लेखांकन गरेपश्चात दफा ८८(१) बमोजिम करकट्टी गरिएको रकम दफा ९०(१) ले दिएको समय सिमा T.D.S. रकम अन्य विविध शिर्षक अन्तर्गत जम्मा गरेतापनि सो रकम पृष्टी गर्ने प्रमाण समेत दाखिला गरेको पाइएन्न।

ख) **<u>ओभरटाइम भत्ता सम्बन्धमाः-</u>**

पुनरावेदकले आ.०६९/०७० को खर्चको सम्बन्धित विल उपलब्ध नभएको अवस्थामा लेखाङ्कन प्रोदभावी आधार मानी T.D.S. रकम जम्मा गरि वित्तिय विवरणको अनुसूची ४.२३ मा कर्मचारी खर्च अन्तर्गत ओभरटाइम भत्ता शिर्षकमा उल्लख भएअनुसारको रकम कर्मचारीको पारिश्रमिक आयमा समावेश नगरी फरक पर्न गएको रकमको कार्यालयबाट करकट्टी माग गरेतापनि सो रकम दाखिला प्रमाण पेश गर्न नसकि अग्रिम करकट्टी गरेको लिएको देखिन आयो। यसरी पारिश्रमिक आयमा समावेश नगरिएको फरक रकममा आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर र सो रकममा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने व्याज रकम र दफा १२०(क) शुल्क लाग्ने गरि गरिएको निर्णय कानुन सम्मत नै देखिन्छ। _

ग) **<u>कर्मचारीको पोशाक वितरणमा अग्रिम आयकर सम्बन्धमाः—</u>**

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८८ (२ )(क) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन तथापी उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर गरी यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ ।

१०. माथि विवेचित आधार र कारणबाट पुनरावेदक करदाता सिद्धार्थ बैंक लिमिटेडको आ.व.०६९/०७० को अग्रिमकर निर्धारणका सम्बन्धमा शूरु ठूला करदाता कार्यालयबाट मिति २०७४/०१/१३ मा भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/१२/२९ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सकिदैन।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-------------------------------३

(पुष्प प्रसाद गुरागाई)
लेखा सदस्य

उक्त रायमा हामी सहमत छौ।

(राजेन्द्र पौडेल)
राजस्व सदस्य

(विनोद शर्मा)
अध्यक्ष

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने ना.सुःहेमन्त फुयाँल

इति सम्बत् २०७७ साल पुष ६ गते रोज २ शुभम्---------------------------------।